
वैदिक धर्मशास्त्र र सम्पत्तिमा महिलाको अधिकार



आमोदवर्धन कौण्डिन्न्यायन

वैदिक धर्मशास्त्र
र
सम्पत्तिमा महिलाको अधिकार

(महिला-सम्बद्ध विविध विषयहरूसमेत)

आमोदवर्धन कौण्डिन्न्यायन

साझा प्रकाशन

प्रकाशक : साझा प्रकाशन
संस्करण : प्रथम, २०६३ (११०० प्रति)
आवरणकला : टेकवीर मुखिया
मूल्य : रु. १९७–
मुद्रक : साझा प्रकाशनको छापाखाना, पुलचोक, ललितपुर
फोन : ५५२१०२३, फ्याक्स : ५५४४२३६
ISBN: 978-99933-2-544-4

प्रकाशकीय

गोरखा भाषा प्रकाशिनी समितिबाट रूपान्तरित नेपाली भाषा प्रकाशिनी समितिको उत्तराधिकारीको रूपमा भाषासाहित्यको विकासमा महती सेवा पुऱ्याउने उद्देश्यले स्थापित साझा प्रकाशनले आफ्नो स्थापनाकालदेखि नै देशभरिका अनेक लेखक-साहित्यकारहरूका उत्कृष्ट ग्रन्थहरू प्रकाशन गर्दै आइरहेको कुरा सर्वविदित छ। विभिन्न पक्ष, आयाम र दृष्टिकोणहरूबाट प्रकाश्य र नेपाली साहित्यको श्रीवृद्धिमा टेवा पुऱ्याउन सक्ने नयाँ र पुराना लेखक-साहित्यकारहरूका कृतिहरूको प्रकाशन गरेर राष्ट्रको सबभन्दा ठूलो प्रकाशन साझा प्रकाशनले आफ्नो ठाउँमा गरेको योगदान उल्लेख्य छ नै। नेपाली भाषा प्रकाशिनी समितिको उद्देश्य बोकेर हिँडिरहेको साझा प्रकाशन प्रकाशनको माध्यमबाट बौद्धिक विकासमा सक्रिय रही योगदान गर्दै आएको संस्था भएकाले यसले भाषासाहित्यका विभिन्न विधामा अनेकौं महत्त्वपूर्ण पुस्तकहरूको प्रकाशन गरी प्रकाशनको इतिहासमा नयाँ प्रतिमान स्थापित गरिसकेको छ।

देशभरि रहेका प्रतिभाहरूको भाव, भाषा र अनुभूतिलाई लिपिमा राखी सुरक्षित गर्ने र नेपाली साहित्यको संरक्षण गर्दै लाने ध्येयका साथ अगाडि बढिरहेको साझा प्रकाशन साहित्य, सङ्गीत, कलाको विकास गर्ने लक्ष्यमा पुग्न क्षमताले भ्याएसम्म पुस्तक प्रकाशन गर्ने आफ्नो उत्तरदायित्व वहन गर्दै आइरहेछ। साझा प्रकाशन देशभरिका लेखकहरूको साझा भएकाले यसको ध्येय बहुआयामिक र उद्देश्यमूलक छ।

साहित्य समाजको प्रतिबिम्ब हो। स्रष्टाहरू साहित्यमार्फत मानवीय संवेदना तथा भावानुभूतिहरूलाई समाजअगाडि राख्दछन्। साहित्यको शाश्वत पक्ष यही हो। साहित्यसाधक-लेखक-पाठकहरूको रुचिलाई ध्यानमा राखी देशमा सांस्कृतिक, साहित्यिक र शैक्षिक जागरण अभिवृद्धि गर्दै अनेक आयामबाट योगदान पुऱ्याउने काममा अहम् भूमिका निर्वाह गर्दै आएको साझा प्रकाशन वाङ्मयका अनेक क्षेत्रमा क्रियाशील छ र यसले नयाँनयाँ ग्रन्थहरूको प्रकाशन गर्दै आइरहेछ।

यस सन्दर्भमा यस पटक हामीले लेखक आमोदवर्धन कौण्डिन्न्यायनको अनुसन्धानमूलक ग्रन्थ **वैदिक धर्मशास्त्र र सम्पत्तिमा महिलाको अधिकार** पाठकमाझ राखेका छौँ । विद्वान् लेखकले अति परिश्रमपूर्वक तयार गर्नुभएको प्रस्तुत ग्रन्थ विशेष महत्त्वपूर्ण बनेको छ । सन्दर्भअनुसार स्त्रीधनसम्बन्धी शास्त्रीय प्रमाणहरू त यसमा छँदै छन्, त्यसको अलावा वैदिक वाङ्मय, पुराण, धर्मसूत्रहरूको र अरू स्मृति आदिको पनि यथास्थान परिचय दिइएकाले पुस्तक बहुउपयोगी बन्न सकेको छ । सम्बन्धित विषयका विद्यार्थीका लागि मात्र होइन वैदिक वाङ्मय र सम्पत्तिमा महिलाअधिकारको विवेचनात्मक अध्ययनमा रुचि राख्ने आमपाठक र अनुसन्धानकर्ताहरूका लागि समेत प्रस्तुत ग्रन्थ उत्तिकै उपयोगी हुने हामीले ठानेका छौँ । यस ग्रन्थको प्रकाशनले नेपाली वाङ्मयमा आफ्नै किसिमले योगदान पुऱ्याउनेछ भन्ने आशा एवम् विश्वासका साथ प्रकाशनको अवसर हामीलाई दिनुभएकोमा हामी यसका लेखकप्रति कृतज्ञता व्यक्त गर्दछौँ ।

फागुन, २०६३ **साझा प्रकाशन**

समर्पण

यो ग्रन्थ आफ्नै देश, जाति, धर्म, संस्कृति, दर्शन, रीतिथिति, वेषभूषा,
आचारविचार, खानपान इत्यादिका आदर्शरूप मूल्यमान्यतालाई
विवेकपूर्ण रूपमा आदर गर्दै तिनमा गौरवानुभूतिसमेत
गरेर आफ्नो जीवनयात्रा चलाउन चाहने,

आफ्नै मातृभूमिलाई कर्मभूमि मानेर त्यसलाई नै विश्वसामु
एउटा समुन्नत, विकसित र उदाहरणीय राष्ट्रका रूपमा
स्थापितसमेत गर्ने अभिलाषाका साथ आफ्ना
योग्यता र क्षमताले भ्याएसम्म
निरन्तर क्रियाशील हुने

तथा

उक्त प्रकारका उदात्त र आदर्शरूप विचारलाई हार्दिक
रूपले आदर गर्दै यथाशक्ति अँगालेर क्रियाशील हुन
चाहने सम्पूर्ण स्वगौरवानुभूतिशाली नेपाली
महिला तथा पुरुषहरूमा
समर्पित छ।

सङ्क्षेप-सूची

अनु.= अनुवादक
अनुशा.= अनुशासनपर्व (महाभारतको)
अनु. सं.= अनूदित संस्करण
आदि.= आदिपर्व (महाभारतको)
आ.भा.= आरण्यक-भाष्य
इ.= इत्यादि
ई.पू.= ईशापूर्व (ईशवीय संवत् प्रारम्भ हुनुभन्दा अघि)
उप.= उपनिषद्
उप.सं.= उपनिषत्-सङ्ग्रह
ऋ.सं.= ऋग्वेद-संहिता
औशनस.= औशनसस्मृति (उशनसस्मृति)
कात्या.= कात्यायन
का.वा.= काण्व-वाजसनेयि-
का.वा.बृ.उ.= काण्व-वाजसनेयि-बृहदारण्यकोपनिषद्
कौ.अ.= कौटलीय अर्थशास्त्र
कौ.शि.= कौण्डिन्न्यायनशिक्षा
गृ.सू.= गृह्यसूत्र
चौ.सं.सि.अ.= चौखम्बा संस्कृत सिरिज अफिस
जै.ध.मी.सू.= जैमिनीय धर्ममीमांसासूत्र
टि.= टिप्पणी
डी.एन्.ए.= डीऑक्सिराइबो-न्यूक्लीइक् एसिड्
डी.लिट्.= डॅक्टर् अव् लेटर्ज्
तृ.भा.= तृतीय भाग
तृ.सं.= तृतीय (तेस्रो) संस्करण
त्रि.वि.वि.= त्रिभुवन विश्वविद्यालय
दाय.= दायभाग
द्र.= द्रष्टव्य (हेर्नुहोस्)
द्वि.भा.= द्वितीय भाग
द्वि.सं.= द्वितीय (दोस्रो) संस्करण
ध.मी.सू.= धर्ममीमांसासूत्र
धर्मको.= धर्मकोश
ध.सू.= धर्मसूत्र
नं.= नम्बर
नारद.= नारदस्मृति (नारदीयमनुस्मृति)
नि.= निरुक्त
ने.ए.अ.के.= नेपाल र एसियाली अनुसन्धान केन्द्र
ने.रा.= नेपाल राजकीय
नेराप्रप्र.= नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान
पं.= पण्डित
पाराशरमा.= पाराशरमाधवीय
पा.वि.के.= पाठ्यक्रम विकास केन्द्र
पा.व्या.भा.= पाणिनीय-व्याकरणभाष्य

पि.सू.= पितृमेधसूत्र
पीएच्.डी.= डक्टर् अव् फिलोसफी
पु.= पुराण
पुनर्मु.= पुनर्मुद्रित (पुनर्मुद्रण)
पृ.= पृष्ठसङ्ख्या (-हरू)
प्रका.= प्रकाशक (प्रकाशिका)
प्र.भा.= प्रथम भाग
प्र.सं.= प्रथम (पहिलो) संस्करण
प्रस्ता.= प्रस्ताविका
ब्रा.= ब्राह्मण (ग्रन्थ)
ब्राह्म.= ब्राह्मखण्ड (स्कन्दपुराणको)
भू.= भूमिका
मनु.= मनुस्मृति
मन्वर्थ.= मन्वर्थमुक्तावली
म.सं.वि.वि.= महेन्द्र संस्कृत विश्वविद्यालय
महाभा.= महाभारत
मा.वा.= माध्यन्दिनीय-वाजसनेयि-
मा.वा.श.ब्रा.= माध्यन्दिनीय-वाजसनेयि-शतपथ-ब्राह्मण
मिता.= मिताक्षरा (याज्ञवल्क्यस्मृति-व्याख्या)
मै.सं.= मैत्रायणीय-संहिता
यजुर्वेद.= यजुर्वेदखण्ड
याज्ञवल्क्य.= याज्ञवल्क्यस्मृति
वा.= वाल्मीकि-
वि.पू.= विक्रम संवत् प्रारम्भ हुनुभन्दा पूर्व (अघि)
विवादर.= विवादरत्नाकर
विष्णु.= विष्णुस्मृति (विष्णुधर्मसूत्र)
वि.सं.= विक्रम संवत्
वी.मि.= वीरमित्रोदय
वृद्धहारीत.= वृद्धहारीतस्मृति
व्य.का.= व्यवहार-काण्ड
व्य.प्र.= व्यवहारप्रकाश
व्या.भा.= व्याकरणभाष्य
व्यास.= (वेद)व्यासस्मृति
श.= शताब्दी (शतक)
शङ्ख.=शङ्ख-लिखित-धर्मसूत्र
शान्ति.= शान्तिपर्व (महाभारतको)
शा.भा.= शाबरभाष्य
शुक्र.= शुक्रनीति
श्रौ.सू.= श्रौतसूत्र
श्लो.= श्लोकसङ्ख्या (-हरू)
सं.= संस्करण / संहिता
संस्कार.= संस्कार-काण्ड
सम्.= सम्पादक (-हरू)
सरस्वती.= सरस्वतीविलास
साझा प्र.= साझा प्रकाशन
स्मृतिच.= स्मृतिचन्द्रिका
स्मृतिस.= स्मृतिसमुच्चय
स्मृतिसन्.= स्मृतिसन्दर्भ
CD= compact disc
DNA= deoxyribonucleic acid
ed.= edited
etc.= etcetera
FWLD= Forum for Women, Law and Development
p.= page (-number)
pp.= pages (page-numbers)
ROM= read only memory
Vol.= Volume

विषयानुक्रमणिका

(यस ग्रन्थको अन्त्यमा रहेको अनुक्रमणिकामा विषयहरूको उल्लेख विस्तृत रूपले भएको छ)

भूमिका

प्रथम अध्याय

(हिन्दु विधिशास्त्र र हिन्दु विधिसंहिता तथा हिन्दु न्यायको अवधारणा र हिन्दु न्यायप्रदानप्रक्रिया)

द्वितीय अध्याय

(हिन्दु समाजको संरचना र धनको उपयोगसम्बन्धी मूल आदर्श)

तृतीय अध्याय

(वैदिक [हिन्दु] धर्ममा स्त्रीको स्थान)

चतुर्थ अध्याय

(वैदिक धर्मशास्त्रमा स्त्रीधनसम्बन्धी व्यवस्था)

पञ्चम अध्याय

परिशिष्ट

भूमिका

वैदिक वाङ्मय र राष्ट्रव्यवस्था

प्राचीन कालदेखि नै हिन्दुहरूको जीवनको सबै पक्ष वैदिक वाङ्मयबाट अनुप्राणित हुँदै आएको देखिन्छ। पौराणिक मान्यताअनुसारको सांस्कृतिक भारतवर्षअन्तर्गत पर्ने हिमवत्खण्डमा अवस्थित नेपाल[1] देश पनि वैदिक विद्याको अध्ययनअनुशीलन गर्ने ऋषिमुनिहरूको तपोभूमि वा वासस्थान रहेको कुरा वैदिक वाङ्मयका साक्ष्यबाट प्रमाणित हुन्छ[2]। अतः प्राचीन कालदेखि नै नेपाली समाजको धर्म, दर्शन, आचार, विचार, व्यवहार, संस्कृति इत्यादि प्रत्येक पक्षमा वैदिक वाङ्मयको पूर्ण प्रभाव रहँदै आएको छ। यहाँको राजनीति, अर्थनीति, शिक्षानीति इत्यादिको मूल स्रोत पनि वैदिक वाङ्मय नै भएकाले शासकहरूले ऐनकानुन बनाउँदा पनि शास्त्रीय व्यवस्थालाई पूर्णतः मान्यता दिँदै आएको कुरा इतिहासबाट बुझिन्छ[3]। वैदिकधर्मानुयायीहरूको राष्ट्रव्यवस्था अघिअघि वेदले बताएको शाश्वत

---

१. खण्डाः पञ्च हिमालयस्य कथिता नेपाल-कूर्माचलौ।
केदारोऽथ जलन्धरश्च कथितः कश्मीरसंज्ञोऽन्तिमः॥—द्र.– नेपाल निरुक्त, २०४०, पृ.२७।

२. ऋग्वेदमा "यस्येमे हिमवन्तो महित्वा" (१०।१२१।४) भनेर परमात्माका महिमाका रूपमा उल्लेख गरिएका, यजुर्वेदमा "हिमवते हस्ती" (माध्यन्दिनीय-वाजसनेयि-शुक्लयजुर्वेद-संहिता, २४।३०) भनेर यजनीय देवताका रूपमा मानिएका, संस्कृतका महाकवि कालिदासका कुमारसम्भव-महाकाव्यमा "अस्त्युत्तरस्यां दिशि देवतात्मा" (१।१) भनेर उल्लेख गरिएका र चरकसंहितामा (१।१।७) लोककल्याणको चाहना राख्ने महर्षिहरूको सम्मेलनको क्षेत्र मानिएका हिमालयका काखमा रहेको नेपाल देश अनादिकालदेखि नै वैदिक आर्यहरूको तपोभूमि-निवासभूमिका रूपमा रहेको देखिन्छ।

३. द्रष्टव्य– श्री ५ सुरेन्द्रविक्रम शाहदेवका शासनकालमा बनेको मुलुकी ऐन (दत्तगुठी-प्रकरण)। त्यहाँ "हिदुंःराज गोहत्या नहुन्या. स्त्रिहत्या नहुन्या. व्रह्महत्या नहुन्या. एस्तो ऐन भयाको दर्वार हिमवत् षंड वासुकी क्षेत्र आर्ज्यातिर्थ योतिर्मय श्रीपशुपति लिंग श्रीगुह्येश्वरी. पिठ यस्तो पुण्यभुमी. आफनु मुलुक छदा छदै कलिमा हिंदुको राज येही मुलकमात्रैछ." (पृ.८), "शास्त्रले नीतिले लोकका अनुभवले वनायाको ऐन हो" (पृ.९) इत्यादि भनिएको छ।

धर्मका आधारमा नै चल्दथ्यो। किन्तु युगभ्रंशले मानिसमा कमजोरीहरू बढ्न थालेपछि स्मृतिशास्त्रले व्यवस्था गरेको व्यवहारका आधारमा पनि राष्ट्रव्यवस्था चल्न थाल्यो भन्ने कुरा स्मृतिमा उल्लिखित देखिन्छ[१]। पृथ्वीनारायण शाहका पालामा पनि शास्त्रअनुसारै न्यायव्यवस्था सञ्चालन गरिन्थ्यो भन्ने कुरा उनकै दिव्योपदेशबाट बुझिन्छ[२]। पछिपछिका शासकहरूले पनि धर्मशास्त्रसित सोझै विरोध पर्ने कुरा ऐनकानुनमा समाविष्ट नगरिराखेकामा आधुनिक कालमा आएर पाश्चात्त्य संस्कृतिको बढ्दो प्रभावका कारण हाम्रा प्राचीन परम्परामा धेरै नै परिवर्तन गर्ने चेष्टासमेत ऐनकानुनले गरेको छ। किन्तु सुदीर्घ परम्पराबाट आएका धर्मसंस्कृतिका व्यवस्थाहरू व्यवहारमा सहसा परिवर्तित हुन नसकेका पनि छन्।

अंशबण्डासम्बन्धी आधुनिक कानुन

आजभोलि नेपालमा प्रचलित मुलुकी ऐनले गरेको अंशबण्डासम्बन्धी व्यवस्था समयसुहाउँदो नभएकाले त्यसमा परिवर्तन गरी छोरीले पनि छोरासरह अंश पाउने व्यवस्था गर्नुपर्छ भन्ने भनाइ विभिन्न क्षेत्रबाट उठाइराखिएको देखिन्छ। हिन्दु धर्मशास्त्रले छोरा र छोरीमा विभेद गरेको हुनाले त्यसैका आधारमा निर्माण गरिएको नेपालको कानुनले पनि अंशबण्डासम्बन्धी व्यवस्थामा छोरा र छोरीमा विभेद गरेको हो भन्ने तर्क पनि उठाइएको पाइन्छ। त्यसैले हिन्दु धर्मशास्त्रमा गरिएको स्त्रीधन र स्त्रीअंशसम्बन्धी व्यवस्थाहरूको गम्भीरताका साथ अध्ययन गरेर त्यहाँ स्त्रीअंशका विषयमा केकस्ता दृष्टिले केकस्तो व्यवस्था गरिएको छ भन्ने कुरा राम्ररी बुझेर मात्र त्यसको अनुसरण गर्ने वा नगर्ने भन्ने विषयमा सामान्य जनताले, शासनको अधिकार चाहने दलहरूले र विधायकहरूले धारणा बनाउन पर्ने आवश्यकता देखिएको छ। यस विषयमा गम्भीर रूपमा विवेचना नगरीकन कुनै पनि नवीन निष्कर्षमा सहसा पुग्न नहुने देखिन्छ। अन्यथा हाम्रा कौटुम्बिक (पारिवारिक) संरचनाका सुदृढ भित्तिहरू (पृष्ठभूमिहरू)

• द्र.– संवैधानिक हिन्दुराज्यको चरित्र र आवश्यकता के कस्तो?– शिवराज आचार्य कौण्डिन्न्यायन, स्वाद्ध्यायशाला, लाजिम्पाट्, काठमाण्डु, वि.सं.२०४७; पृ.१–६।

१. प्रयत्नसाध्ये विच्छिन्ने धर्माख्ये न्यायविस्तरे।
साध्यमूलस्तु यो वादो व्यवहारः स उच्यते॥
—अपरार्कटीका, कृत्यकल्पतरु (व्य.का.), स्मृतिचन्द्रिका, पाराशरमाधवीय इत्यादिमा उद्धृत कात्यायनको वचन (द्र.– कात्यायनमतसङ्ग्रह, सन् १९२७, श्लो.१)।

२. "कचहरि पिच्छे यक यक पण्डीत. राषी निजा. सास्त्र. वमोजिम्. अदालथ. चलाउनु."
—दिव्य उपदेश=पृथ्वीको अर्ति, सम्. योगी नरहरि नाथ, योगप्रचारिणी महासभा, गोरक्षटिल्ला, वाराणसी, वि.सं.२०१६, सातौं 'उप्रान्त'को प्रघट्टकमा (पृ.१८)।

आधुनिकताका नाममा धराशयी हुँदै गएर हाम्रो कौटुम्बिक सम्बन्ध पनि अत्यन्त शिथिल हुनुका साथै हाम्रो समाज पनि अत्यन्त अव्यवस्थित भै समुचित कौटुम्बिक सम्बन्ध नभएको पाश्चात्त्य समाजजस्तै विशृङ्खलित हुन पनि धेरै बेर लाग्ने छैन[१]।

पाश्चात्त्य शिक्षासंस्कृतिको प्रभाव

यस सम्बन्धमा लेख तथा निबन्धहरू लेख्ने, बोल्ने, भाषण गर्ने र विचारगोष्ठी आयोजन गर्ने व्यक्तिहरूमा प्रायः हाम्रा श्रुति (वेद), स्मृति, पुराण इत्यादि वैदिक वाङ्मयको गहिरो अध्ययन र मनन नगरेका केवल पाश्चात्त्य विधिविधान र अनुदानका भरमा चल्ने व्यक्तिहरूकै बाहुल्य देखिनाले र विनाविवेचन गतानुगतिक भै दगुर्नाले तथा रेडियो, टेलिभिजन, पत्रपत्रिका इत्यादिमा र शिक्षामा पनि हाम्रा मूल परम्पराका गम्भीर विषयहरूले पनि स्थान नपाउने हुन जानाले समेत हाम्रा सुदीर्घ कालदेखि चलिआएका वेदादिशास्त्रसम्मत धार्मिकसांस्कृतिक परम्पराका मूल्य र मान्यताका गहिराइमा ध्यान नपुगी हाम्रा धार्मिक-सांस्कृतिक भित्तिहरू (पृष्ठभूमिहरू) भत्किने हुन् कि भन्ने खतरा पैदा भएको देखिन्छ[२]।

पाश्चात्त्यहरूले भूमण्डलमा आफ्नो आर्थिक, वैज्ञानिक र सैनिक श्रेष्ठता स्थापित गरिसकेका भए पनि उनीहरूसित आफ्ना धार्मिक, सांस्कृतिक, दार्शनिक र सामाजिक श्रेष्ठता स्थापित गर्न सक्ने आधारहरूचाहिँ देखिँदैनन्। त्यसैले सबै पक्षमा आफ्नै श्रेष्ठता स्थापित गर्न चाहने पाश्चात्त्यहरूले बुझेर वा नबुझेर पनि हिन्दुहरूका उक्त पक्षमा रहेका अखण्डनीय विशिष्टतालाई र श्रेष्ठतालाई पनि असहन गर्ने, अवमूल्यन गर्ने, तिनलाई हीन देखाउन प्रयास गर्ने र आलोचनाद्वारा दूषित पार्न चेष्टा गर्ने इत्यादि कामसमेत गरिरहेको देखिन्छ। त्यसका निम्ति उनीहरूले कतिपय आधुनिक भारतीय र नेपाली व्यक्तिहरूलाई धनमान दिएर तिनीहरूलाई आफ्नै धर्मसंस्कृतिको आलोचना गर्न प्रेरित गरिरहेको पनि अनुभव भैरहेको छ।

---

१. पाश्चात्त्य शिक्षादीक्षा र संस्कृतिका अत्यधिक प्रभावले गर्दा अहिले नै पनि नेपालका शिक्षित र सम्पन्न व्यक्तिहरूमा प्रायः कौटुम्बिक सम्बन्ध धेरै नै शिथिल भैसकेको र दूलादूला समस्याले ग्रस्त हुन पुगेको भन्ने गुनासो पनि आउन थालेको देखिन्छ।

२. 'हामीहरूमध्येका धेरैजसो अधिकारवादीहरू पश्चिमाहरूका डलरबाट परिचालित र प्रभावित हुँदै सामाजिक संरचनालाई र विवाहसंस्थालाई तहसनहस पारिरहेका छन् तथा राष्ट्रियताका विरुद्ध गइरहेका छन् भनी आलोचित भैरहेको' भन्ने अधिवक्ता सपना प्रधान मल्लले वँउ (**VOW**, Voice of Women– महिलाहरूको आवाज) भन्ने अङ्ग्रेजी पत्रिकामा (अप्रिल, २००६, पृ.४८) उल्लेख गरेको कुरा (Many of us working as activists are being criticised of destroying social structure, marriage institution, being dollar driven, going against nationalism, and being influenced by the west.) यस सन्दर्भमा स्मरणीय देखिन्छ।

कतिपय पाश्चात्त्यहरूले हिन्दुहरूको वैदिक वाङ्मय, धर्म, दर्शन, संस्कृति इत्यादिको अध्ययन गरेपछि त्यसका विशिष्टतासामु आफू नतमस्तक भएको बताएका पनि छन्। तथापि तीमध्ये कतिपय व्यक्तिले चाहिँ नतमस्तक भएकोजस्तो देखाएर हिन्दुहरूको आफूप्रति सकारात्मक भावना आकर्षित गर्न मात्र प्रयास गरेको समेत देखिन्छ। त्यसैले अन्ततोगत्वा उनीहरूले हिन्दुहरूका उक्त पक्षमा कतिपय दोष देखाउने र तिनलाई दूषित गर्ने नै लक्ष्य राखी उक्त काम गरेको भन्ने बुझिन्छ। अन्य कतिपय पाश्चात्त्य लेखकहरूले पनि हिन्दुहरूका धर्मसंस्कृतिका विविध पक्षको आलोचना गरिरहेकै छन्। आजभोलि त्यस्तै पाश्चात्त्य लेखकहरूको अनुकरण र अनुसरण गर्दै, मानवशास्त्र र समाजशास्त्रको हवाला दिँदै तथा वैज्ञानिक विकासवादको उल्लेख गर्दै बडो विद्वत्ता छाँटेर आफ्नै धर्म, संस्कृति र परम्पराका आलोचनामा कलम चलाउने धेरै भारतीय र नेपाली लेखकहरूले हाम्रा धर्मसंस्कृतिका शाश्वत मूल्य र मान्यतामा अन्तर्निहित लोककल्याणकारी भावनालाई सूक्ष्म रूपले मनन गर्न नसकेको वा पूर्वाग्रहपीडित भएर लेखेको स्पष्ट बुझिन्छ। त्यस्ता लेखकहरूमध्ये कतिपय नेपाली लेखकहरूको संस्कृत भाषामा सोझै पहुँच नभएकाले उनीहरू आफैँ स्वयं मूल ग्रन्थ हेर्न र त्यसको अध्ययन तथा विवेचन गर्न पनि असमर्थ भएका देखिन्छन्। त्यसैले पनि होला उनीहरूका ग्रन्थमा धेरै भद्दा त्रुटिहरूसमेत पर्न गएका छन्। तिनका केही उदाहरणहरू तल प्रस्तुत गरिँदै छन्।

कतिपय ग्रन्थमा रहेका केही त्रुटिहरू

"नेपालको सामाजिक इतिहास र धार्मिक मतहरू" (प्रेम खत्री, द्वि.सं. २०४९) भन्ने ग्रन्थमा **मनुष्यऋण** भन्न उचित देखिएकामा **'अतिथिऋण'** भनिएको (पृ.१४, १५, ३९), **बौधायन** भन्नुपर्नेमा **'बौद्धायन'** भनिएको (पृ.२९, ३१[२], ३४, ४१, ४३), सय अध्याय भएकाले शुक्लयजुर्वेदको ब्राह्मणग्रन्थलाई शतपथब्राह्मण भनिएको हो भन्ने कुरामा दृष्टि नपुग्नाले शतपथलाई उक्त ग्रन्थका रचयिता मुनि मानिएको (पृ.३०), चौध मनुहरू प्रसिद्ध भएकामा 'स्वयंभूव (स्वायंभुव?) र अन्य ६ मनु हुने' कुरा बताइएको (पृ.५७), गृहस्थाश्रममा प्रतिदिन स्वाध्यायाध्ययन (ब्रह्मयज्ञ) गरेर चुकाउनुपर्ने ऋषिऋणलाई ब्रह्मचर्याश्रममै चुक्ता भएको मानिएको (पृ.१५, २६, ४७), नग्निकालाई 'नागनिका (नांगी)' भनिएको (पृ.३०[२]) इत्यादि धेरै त्रुटिपूर्ण कुराहरू परेका देखिन्छन्।

"आधुनिक नेपालको सामाजिक इतिहास" (प्रेमकुमार खत्री र पेशल दाहाल, साझा प्र., २०५३) भन्ने ग्रन्थमा पनि नग्निकालाई 'नागनिका' नै भनिएको (पृ.१८२), विषु(वत्)सङ्क्रान्ति भन्नुपर्नेमा **'विष्णु संक्रान्ति'** भनिएको (पृ.१३२) इत्यादि त्रुटिहरू देखिन्छन्।

"हिन्दू सामाजिक संगठनको प्रारूप" (वासु बराल, साझा प्र., परिमार्जित दोस्रो संस्करण, २०५०) भन्ने ग्रन्थमा पनि रजस्वला नभएकी सानी केटीलाई **नग्निका** भन्नुपर्नेमा **'१६ वर्ष पुगेकी नग्निका'** भनिएको (पृ.११७), **दायभाग र मिताक्षरा** भन्नुपर्नेमा **'दाहिने भाग र निताक्षण मिताक्षरी'** भनिएको (पृ.१०४), **मनुष्ययज्ञ** भन्नुपर्नेमा **अतिथियज्ञ** भनिएको (पृ.१७२), रामायण **सात** काण्डमा विभाजित भएकामा **नौ** काण्डमा विभाजित भनिएको (पृ.२१८) इत्यादि धेरै त्रुटिहरू देखिन्छन्।

"वेदपुराणका केही रत्नहरू" (वीणा पौड्याल, साझा प्र., २०६२) भन्ने ग्रन्थमा पनि वाचक्नवी गार्गीका पिता **वचक्नुलाई 'वाचक्नु'** (पृ.२५[२], २६), मन्त्रद्रष्ट्री ऋषि **शश्वतीलाई 'सासवती'** (पृ.२६), दुष्यन्तका बाबु[१] **रैभ्यलाई 'रैम्य'** (पृ.२९, ३०[२]) इत्यादि रूपमा धेरै अशुद्ध नामहरू दिइएका छन्।

"नेपाल निरुक्त" (ज्ञानमणि नेपाल, नेराप्रप्र., २०४०) भन्ने ग्रन्थमा सत्रयाग (विशेष प्रकारको सोमयाग) सोमयाजीले (सोमयाग गरिसकेकाले) मात्र गर्ने हो भन्नुपर्नेमा 'अग्निहोत्रीले गर्ने कुरो' बताइएको (पृ.१०३[२], १०४[३], १२१ इ.), **"योऽनाहिताग्निः शतगुः"** इत्यादि श्लोकको (मनु.११।१४) अत्यन्तै नमिल्दो अर्थ गरिएको (पृ.१२८), राजाका चारथरी चारओटी पत्नीलाई अत्यन्तै अनुचित र नमिल्दो रूपमा 'अश्वमेध यज्ञ गर्ने राजाका **चार जातका** चारवटी रानी' भनिएको (पृ.२१०) इत्यादि अशुद्धिहरू देखिन्छन्।

"नेपालको कानूनी इतिहासको रूपरेखा" (रेवतीरमण खनाल, २०५९) भन्ने ग्रन्थमा याज्ञवल्क्यस्मृतिका टीकाकार विज्ञानेश्वर(बाह्रौं शताब्दी)लाई पहिलो शताब्दीका भन्ने भ्रम पर्ने गरी विक्रमादित्यका आश्रयमा रहेका भनिएको (पृ.५), विभिन्न वैदिक ग्रन्थमा उल्लिखित याज्ञवल्क्यका सम्बन्धमा "शतपथ ब्राह्मणका अतिरिक्त याज्ञवल्क्यको नाम अरू कुनै वैदिक ग्रन्थमा आउँदैन" भनिएको (पृ.६), "ऋषिहरूले बनाएका स्मृतिग्रन्थलाई ..... राजाबाट स्वीकृत भएपछि मात्र लागू गरिन्थ्यो" भनी (पृ.७) अत्यन्त अवास्तविक कुरा लेखिएको, धेरै संस्कृतका उद्धरणहरू अशुद्ध दिइएको र तिनको गलत अर्थ दिइएको इत्यादि थुप्रै आलोचनीय विषय परेका देखिन्छन्।

त्यसै गरी **"हाम्रो समाज : एक अध्ययन"** (जनकलाल शर्मा, साझा प्र., द्वि.सं.२०४९), **"पश्चिम नेपालको खश अधिराज्य"** (सूर्यमणि अधिकारी,

---

१. दुष्यन्तका बाबुको नाम श्रीमद्भागवतमा (९।२०।७) रैभ्य उल्लिखित छ भने महाभारतमा (आदिपर्व ९४।१७) ईलिन उल्लिखित छ।

त्रि.वि.वि., ने.ए.अ.के., २०५३) **“नेपालको सांस्कृतिक परम्परा र राजमुकुट”** (कुलचन्द्र कोइराला, नेराप्रप्र., २०४५) **“नेपालको सांस्कृतिक परम्परा”** (बाबुराम आचार्य, २०५४), **“कर्मकाण्डभास्कर”** (दधिराम मरासिनी, म.सं.वि.वि. २०५४, २०५७), **“आशौचविवेचन”** (रामचन्द्र गौतम, म.सं.वि.वि., २०५३) **“वेदमा के छ?”** (प्रपन्नाचार्य, साझा प्र., पाँचौं सं. २०५७) इत्यादि ग्रन्थहरूमा पनि वैदिक धर्म, संस्कृति, परम्परा र कर्मकाण्डका विषयमा थुप्रै त्रुटिपूर्ण कुराहरू लेखिएका देखिन्छन्। तिनको समीक्षा **“वैदिक धर्म मूल रूपमा”** भन्ने ग्रन्थमा पनि द्रष्टव्य छ (द्वि.सं.२०६२, पृ.१७८, १९८, २३४, २५२, ३३६–३३७, ५३३, ५४४, ७१२ इत्यादि)। त्यसै ग्रन्थमा प्राचीन तथा आधुनिक कतिपय भारतीय विद्वान्हरूले वैदिक धर्मसंस्कृतिका विविध पक्षमा अन्यथा प्रतिपादन गरेका विषयहरूको पनि सप्रमाण खण्डन गरिएको पनि देखिन्छ।

आजभोलि धेरै ग्रन्थहरू लेख्ने, प्रकाशित गर्ने र तिनलाई छिटोभन्दा छिटो पाठ्यक्रममा समावेश गर्ने हतारो पनि कतिपय लेखकलाई भएको देखिन्छ। ग्रन्थसङ्ख्या बढी बनाउन वा देखाउन हतारहतारमा लेख्ने र प्रकाशित गर्ने क्रम पनि बढ्दो छ। यसबाट ग्रन्थहरूको गुणस्तरमा चाहिँ ह्रास आएको पनि देखिन्छ। **जजस्को जुनजुन विषयमा गम्भीर अध्ययन, चिन्तन, मनन र साधना छ, त्यसत्यस व्यक्तिले तीती विषयमा पर्याप्त समय दिएर परिश्रमपूर्वक विशिष्ट ग्रन्थहरू तयार गर्ने र तिनलाई विशेष सावधानीका साथ प्रकाशित गर्ने-गराउने प्रवृत्ति लेखकहरूमा र प्रकाशकहरूमा बढिदिएमा तथा प्रामाणिक ग्रन्थलाई नै विशेष ग्राह्यता दिने र सम्मान गर्ने प्रवृत्ति पाठकहरूमा पनि विकसित भएमा विद्याका क्षेत्रमा राम्रै योगदान हुन सक्ने र नेपाली वाङ्मयको स्तर पनि उच्च हुँदै जान सक्ने परिस्थिति बन्दो हो भन्ने अनुभव हुन्छ। यसतर्फ सबै लेखक, प्रकाशक तथा पाठकहरूको ध्यान जानुपर्ने देखिन्छ।**

वर्तमान परिस्थितिमा मूल ग्रन्थसम्म सोझै पहुँच नभएका र विदेशीका अनुचित प्रभावबाट प्रेरित भएका आधुनिक लेखकहरूले लेखेका ग्रन्थहरूबाट वैदिक धर्म, संस्कृति, दर्शन, परम्परा इत्यादिका सूक्ष्म, गहन र शाश्वत पक्षको यथार्थ ज्ञान उद्घाटित हुन सक्ने देखिँदैन। वेद, वेदाङ्ग, स्मृति, पुराण, रामायण, महाभारत इत्यादि शास्त्रको आफैँले गहन अध्ययन गरेका व्यक्तिले तिनै शास्त्रका आधारमा लेखेका ग्रन्थबाट मात्र वैदिक धर्म, संस्कृति, दर्शन इत्यादिको महत्ता र गम्भीरता पनि बुझ्न सकिन्छ।

हिन्दुधर्मको महत्त्व र वैशिष्ट्य

वैदिक सनातन वर्णाश्रम धर्मलाई आजभोलि हिन्दुधर्म पनि भन्दछन्। व्यवस्थित कर्मकाण्डपद्धति र गहन दार्शनिक चिन्तनको समन्वय भएको तथा मानवजीवनपद्धतिलाई पूर्ण रूपले निर्देशित गर्ने महान् धर्म विश्वमा हिन्दुधर्म मात्र छ भन्दा अत्युक्ति हुने देखिँदैन। हिन्दुधर्मभित्रै विश्वनीति, राष्ट्रनीति, समाजनीति, अर्थनीति, शिक्षानीति इत्यादि सम्पूर्ण नीतिहरू अन्तर्भूत हुन्छन्। अतः कसैले हिन्दु धर्मलाई विश्वका अरू धर्म वा सम्प्रदायको वैकल्पिक धर्मका रूपमा मात्र चिन्दछ वा यसलाई कोरा कर्मकाण्ड मात्र वा विविध विश्वासहरूमा आधारित पद्धति मात्र ठान्दछ भने उसले सोह्रै आना गल्ती गरेको ठहर्दछ। हिन्दुधर्मका मूल स्रोतका रूपमा रहेका ४ वेद, ४ उपवेद, ६ वेदाङ्ग, ६ वेदोपाङ्ग, ५६ प्रमुख स्मृति, १८ महापुराण, रामायण, महाभारत इत्यादि असङ्ख्य ग्रन्थहरूको विशाल वाङ्मय विश्वमै अद्वितीय र ज्ञानविज्ञानको सागरले भरिपूर्ण देखिन्छ। यो धर्म अरू कुनै धर्म वा सम्प्रदायजस्तो नभएर मानवजीवनका सम्पूर्ण पक्षहरूलाई निर्देशित गर्ने गहन तत्त्व भएकाले कतिपय आधुनिक व्यक्तिका सतही बुद्धिले ठम्याएजस्तो हल्काफुल्का रूपको यो धर्म होइन, यो त सम्पूर्ण जीवनपद्धति नै हो भन्ने बुझ्न आवश्यक देखिन्छ। यसमा हिन्दुहरूले विश्वका अगाडि सधैँ शिर ठाडो पारेर रहन र गौरवानुभूति गर्न सक्ने आधार पाइन्छ। हिन्दुधर्ममा विभिन्न व्यक्तिका निम्ति उनीहरूको तहअनुसार विविध प्रकारले धार्मिक-आध्यात्मिक उन्नति गर्ने मार्ग देखाइएको हुनाले यहाँ बौद्धिक चेतनाका दृष्टिले तल्लो तहदेखि उच्च तहसम्मका व्यक्तिका निम्ति उपयोगी विधिविधान, जीवनपद्धति र चिन्तनपद्धति निर्देशित गरिएको पाइन्छ।

प्रस्तुत ग्रन्थको परिचय

यस परिप्रेक्ष्यमा प्रस्तुत सानो ग्रन्थमा वैदिक धर्मशास्त्रमा प्रतिपादित स्त्रीधन र स्त्रीअंशसम्बन्धी व्यवस्थाहरूको प्रामाणिक र विवेचनात्मक अध्ययन प्रस्तुत गरी त्यसको औचित्यप्रति सबैको ध्यानाकर्षण गर्न प्रयास गरिएको छ। स्त्रीधनका विषयमा स्मृतिहरूमा र धर्मशास्त्रनिबन्धग्रन्थहरूमा विस्तृत रूपले चर्चापरिचर्चा गरिएको छ। त्यसैले यहाँ सबै स्मृतिवचनहरूको विवेचना गर्न सम्भव नभएकाले स्मृतिहरूमा प्रतिपादित मूल दृष्टिकोण र सारांशलाई प्रस्तुत गर्ने प्रयास गरिएको छ। त्यसका निम्ति वर्णाश्रमव्यवस्थाका आधारमा सङ्गठित हिन्दुहरूको धार्मिक, सांस्कृतिक तथा सामाजिक संरचनाको पृष्ठभूमि, हिन्दु न्यायिक प्रक्रिया र अंशबण्डासम्बन्धी मूल सिद्धान्त तथा निर्देशक आदर्शको समेत संक्षिप्त चर्चा यहाँ गरिएको छ। साथै स्त्रीधर्म, स्त्रीशिक्षा र स्त्रीसम्बद्ध अन्य कतिपय आनुषङ्गिक विषयहरू पनि यहाँ समाविष्ट गरिएका छन्। यस ग्रन्थमा प्रसङ्ग पर्दा आधुनिक

ऐनकानुनले गरेका कतिपय नयाँ व्यवस्थाहरूको धर्मशास्त्रीय दृष्टिबाट तथा व्यावहारिक र वैज्ञानिक दृष्टिबाट समेत समीक्षा पनि गरिएको छ। त्यसैले यस ग्रन्थबाट वैदिक (हिन्दु) धर्म, संस्कृति र परम्पराका विषयमा सामान्य ज्ञान प्राप्त हुनुका साथै वैदिक धर्मशास्त्रमा प्रतिपादित स्त्रीधर्म, स्त्रीशिक्षा, स्त्रीधन र स्त्रीअंशका व्यवस्थाहरूको अलि विशिष्ट ज्ञान प्राप्त हुन सक्ला भन्ने अपेक्षा गरिएको छ। कतिपय विषयमा महिलाहरूलाई आधुनिक ऐनकानुनले भन्दा पनि बढी अधिकार र सुविधा धर्मशास्त्रले दिएको कुरासमेत यस ग्रन्थबाट बुझ्न सकिन्छ। धर्मशास्त्रमा प्रतिपादित स्त्रीसम्बन्धी कतिपय विषयहरू यस लघुग्रन्थमा अहिले समावेश गर्न सकिएको छैन। तथापि यस ग्रन्थका आगामी संस्करणहरूमा त्यस्ता छुटफुट विषयहरू पनि यथासम्भव समावेश गर्न प्रयास गरिनेछ।

यो ग्रन्थ सुरुमा **"वैदिक वाङ्मयमा स्त्रीधनसम्बन्धी व्यवस्था : एक अध्ययन"** (२०५४) भन्ने शीर्षकमा विश्वविद्यालय अनुदान आयोगको लघुअनुसन्धान-परियोजनाअन्तर्गत तयार गरिएको थियो। त्यसैलाई व्यापक रूपले परिष्कृत र परिवर्धित गरी यो ग्रन्थ **वैदिक धर्मशास्त्र र सम्पत्तिमा महिलाको अधिकार** भन्ने शीर्षकमा पाठकसमक्ष प्रस्तुत गरिएको छ।

यो ग्रन्थ समाजशास्त्र, मानवशास्त्र, राजनीतिशास्त्र, धर्मशास्त्र, इतिहास, संस्कृति, महिलासम्बन्धी अध्ययन, कानुन इत्यादि विषयका प्राध्यापक र विद्यार्थीहरूलाई सम्बद्ध विषयको अध्ययन-अध्यापनमा सन्दर्भग्रन्थका रूपमा पनि उपयोगी हुन सक्ने गरी तयार गरिएको छ। साथै यस विषयमा रुचि राख्ने अन्य शिक्षित व्यक्तिहरूले समेत सम्बद्ध विषयको प्रामाणिक जानकारी यस ग्रन्थबाट प्राप्त गर्न सक्ने अपेक्षा पनि गरिएको छ। यी उद्देश्यहरूको प्राप्तिमा यस ग्रन्थको लेखक कति सफल हुन सकेको छ भन्ने मूल्याङ्कन पाठकहरूबाट नै हुनेछ भन्ने आशा राखिएको छ। यस ग्रन्थमा सकेसम्म सरल भाषाको प्रयोग गर्ने प्रयास गरिएको छ तापनि विषयगत कारणले गर्दा कताकति भाषाको कठिनता हटाउन सकिएको छैन। विशेष कठिन शब्दहरूको प्रयोग गर्न अत्यावश्यक हुँदा प्रायः तिनको अर्थ कोष्ठकमा दिइएको छ र अर्थ स्पष्ट पार्न कहीँ-कहीँ दुई-तीनोटा पर्यायवाची शब्दको प्रयोग पनि गरिएको छ। कतिपय महत्त्वपूर्ण विशेष शब्दहरूको अर्थ परिशिष्टमा सङ्गृहीत शब्दसङ्ग्रहमा समेत दिइएको छ।

कृतज्ञताज्ञापन

विश्वविद्यालय अनुदान आयोगले आफ्नो लघुअनुसन्धान-परियोजनाअन्तर्गत सम्पन्न भएको यस कृतिलाई परिष्कृत गरी प्रकाशित गर्न लेखकलाई स्वीकृति दिएकामा उक्त संस्थाप्रति म यस अवसरमा हार्दिक कृतज्ञता व्यक्त गर्दछु।

यस ग्रन्थको रचना गर्दा र परिष्कार गर्दा पनि निरन्तर निर्देशन दिएर यस ग्रन्थलाई प्रस्तुत रूपमा सम्पन्न गर्न प्रेरित गर्नुहुने श्रुति-स्मृति-पुराणको गम्भीर अध्ययनमा लाग्नुभएका नेपालका विशिष्ट विद्वान् पूज्य पिताज्यू श्रीशिवराज आचार्य कौण्डिन्न्यायनबाट म अत्यन्त अनुगृहीत छु। यस ग्रन्थको रचना गर्दा र परिष्कार गर्दा पनि उहाँले संस्कृतभाषामा र नेपाली भाषामा रचना गर्नुभएका अनेक ग्रन्थहरूबाट र निबन्धहरूबाट धेरै सहयोग लिइएको छ।

साथै यस ग्रन्थको रचना गर्दा जुनजुन ग्रन्थबाट प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहायता लिइएको छ, ती ग्रन्थका लेखकहरूप्रति पनि म कृतज्ञता व्यक्त गर्दछु। आधारग्रन्थ र सन्दर्भग्रन्थका निर्देशबाट यस ग्रन्थको रचना गर्दा कुनकुन ग्रन्थबाट विशेष सहायता लिइएको छ भन्ने कुरा स्पष्ट हुन्छ।

कतिपय लेखकका कुनै ग्रन्थमा रहेका केही त्रुटिहरूको निदर्शनार्थ उल्लेख पनि यस ग्रन्थका भूमिकामा र प्रसङ्ग पर्दा कतैकतै मूल ग्रन्थमा पनि गरिएको छ। यसको उद्देश्य सर्वप्रथम त प्रस्तुत ग्रन्थमा पनि त्रुटि हुन गएमा अरूहरूले पनि त्यसको खण्डन वा आलोचना गर्न सक्छन् भनी आफैँलाई बढी सचेत बनाएर यसै ग्रन्थलाई सकेसम्म त्रुटिरहित बनाउन प्रयास गर्नु नै हो। साथसाथै सम्बद्ध लेखक तथा अन्य लेखकहरूलाई पनि सावधान भै लेख्न र पाठकलाई पनि विभिन्न ग्रन्थहरूको प्रामाणिकतामा सावधान भै अध्ययन गर्न सचेत गराउनु पनि यसको अर्को प्रमुख उद्देश्य हो। यसबाट समग्रमा विद्यामा नै अभिवृद्धि भै अधिकतम लोकहितका निम्ति उपयुक्त वातावरण तयार होला भन्ने अपेक्षा गरिएको छ। तसर्थ यस्ता कार्यलाई उपर्युक्त दृष्टिकोणले नै हेरिदिनुहुन समस्त पाठकवर्गलाई र लेखकवर्गलाई समेत हार्दिक अनुरोध गर्दछु। युक्तिरहित र वस्तुस्थितिका प्रतिकूल कुराका प्रचारले लोकलाई हानि हुने हुनाले त्यस्ता कुराको खण्डन वा निराकरण गर्नु उचित हो। हाम्रा परम्परामा ईर्ष्याले वा द्वेषले वा अहङ्कारले मात्रै अर्काको खण्डन गर्नु नराम्रो कुरा मानिन्छ[1] तापनि लोकहितका निम्ति वास्तविक कुराको प्रचार गर्ने लक्ष्यले अरूका युक्तिरहित कुराको खण्डन गर्नु उचित र राम्रै मानिन्छ। यो कुरा *"जसको प्राणीहरूमा अत्यन्तै दया र तत्त्वज्ञानको रक्षा गर्ने इच्छा हुन्छ, तिनीहरूको बुद्धि युक्तिरहित सिद्धान्तका खण्डनमा अत्यन्त रमाउँछ"*[2] भनेर आयुर्वेदका आचार्य चरकमुनिले पनि मानेका छन्। संस्कृतवाङ्मयका प्राचीन तथा

---

१. अधीयानः पण्डितं मन्यमानो यो विद्यया हन्ति यशः परेषाम्।
तस्याऽन्तवन्तश्च भवन्ति लोका न चाऽस्य तद् ब्रह्म फलं ददाति॥–महाभा., आदिपर्व ९०।२३।

२. परो भूतेष्वनुक्रोशस् तत्त्वज्ञाने परा दया।
येषां तेषामसद्वादनिग्रहे निरता मतिः॥–चरकसंहिता, सूत्रस्थान ३०।८१।

अर्वाचीन धेरै लेखकहरूले यस कुराको अनुसरण गरेको र त्यसबाट धेरै ग्रन्थहरूको परिष्कार भएको पनि देखिएको छ। अतः यस ग्रन्थमा पनि युक्तिरहित वा त्रुटिपूर्ण कुराहरू पर्न गएका भए विद्याको अभिवृद्धि र प्रचार होस् भन्ने सज्जनहरूबाट तिनको खण्डन हुनै पर्छ भन्ने कुरा पाठकहरूसमक्ष राख्दछु।

यस ग्रन्थको रचना गर्दादेखि परिष्कार गर्दासम्म पनि यसलाई सकेसम्म शुद्ध, परिष्कृत, प्रामाणिक र उपयोगी बनाउन हरतरहले अविस्मरणीय सहयोग पुऱ्याउने चिरञ्जीवी भाइहरू श्रीप्रमोदवर्धन कौण्डिन्न्यायनलाई र श्रीसुमोदवर्धन कौण्डिन्न्यायनलाई हार्दिक धन्यवाद दिन्छु। घरमा पढ्ने-लेख्ने वातावरण बनाउनमा तथा गृहकार्य गर्दागर्दै पनि यस ग्रन्थको अक्षराऽशुद्धि-(प्रुफ)संशोधनमा सहायता पुऱ्याएर यस ग्रन्थलाई परिष्कृत रूपमा प्रस्तुत गर्न सहयोग गर्ने सौभाग्यवती धर्मपत्नी श्रीमती उर्मिला घिमिरेलाई (वेदवती आचार्यानी काश्यपीलाई) पनि म यस अवसरमा साधुवाद दिन्छु।

अन्त्यमा समय, साधन र सामग्रीका न्यूनताबाट तथा मानवीय कमजोरीबाट समेत यस ग्रन्थमा रहन गएका न्यूनता र त्रुटिहरूका निमित्त पाठकहरूसमक्ष क्षमाप्रार्थना गर्दै, यस ग्रन्थलाई प्रकाशित गरी पाठकसमक्ष पुऱ्याइदिने साझा प्रकाशनलाई हार्दिक धन्यवाद दिँदै तथा प्रस्तुत ग्रन्थको अध्ययनबाट पाठकवर्गलाई आफ्ना परम्परागत मूल्य र मान्यताका उच्च आदर्श र लोककल्याणकारी भावना बुझ्न सहयोग पुग्ला भन्ने आशा गर्दै लेखनीलाई विश्राम दिन्छु।

२०६३।१०।९

आमोदवर्धन कौण्डिन्न्यायन
स्वाद्ध्यायशाला, १६८, शिवभक्तमार्ग,
लाजिम्पाट, काठमाडौँ–२
फोन ४४३३३२७।
svadhyaya@hotmail.com

प्रथम अध्याय

हिन्दु विधिशास्त्र र हिन्दु विधिसंहिता

तथा

हिन्दु न्यायको अवधारणा र हिन्दु न्यायप्रदानप्रक्रिया

हिन्दु विधिशास्त्रको संक्षिप्त परिचय

हिन्दु[1] विधिशास्त्रको परिचय प्राप्त गर्न सर्वप्रथम 'हिन्दु' शब्दको अर्थ र तात्पर्य बुझ्नुपर्ने हुन्छ। साथै त्यसका निम्ति हिन्दु विधि र विधिशास्त्रको परिभाषा पनि बुझ्नुपर्छ। तसर्थ सर्वप्रथम यहाँ यिनै विषयलाई स्पष्ट पार्न प्रयास गरिन्छ।

हिन्दु

हिन्दु शब्द वेद, वेदाङ्ग, स्मृति इत्यादि प्राचीन ग्रन्थहरूमा प्रयुक्त भएको देखिँदैन। अर्वाचीन (आधुनिक) ग्रन्थहरूमा मात्र यस शब्दको प्रयोग भएको देखिन्छ। सुभाषितरत्नभाण्डागारमा[2] सङ्गृहीत–

यवनैरवनिः क्रान्ता हिन्दवो विन्ध्यमाविशन्।
बलिना वेदमार्गोऽयं कलिना कवलीकृतः ॥[3]

---

१. शब्दकोशहरूमा हिन्दु शब्दलाई दीर्घान्त देखाइएको भए तापनि भानु, पशु, शिशु इत्यादि शब्दझैं हिन्दु शब्द पनि संस्कृतमा ह्रस्वान्त नै प्रयोग हुने हुनाले यस ग्रन्थमा यो शब्द संस्कृतबाट आएको तत्सम शब्द मानी ह्रस्वान्त प्रयोग गरिएको छ। पुंलिङ्गी ह्रस्वान्त मात्र प्रयुक्त हुने संस्कृतको अञ्जलि शब्दलाई नेपाली बृहत् शब्दकोशले (नेराप्रप्र., २०४०, २०५०, २०५२, २०५५, २०५८) र अरू नेपाली शब्दकोशहरूले दीर्घान्त (अञ्जली) पनि देखाएका हुँदा शब्दकोशहरू पनि सबै ठाउँमा भर पर्दा नहुने रहेछन् भन्ने बुझिन्छ। यस विषयमा विज्ञ पाठकको ध्यान जानुपर्ने देखिन्छ।

२. प्रकरण २, कलिमहिमा, श्लोक १, पृ.९८ (निर्णयसागर प्रेस, सप्तम सं., सन् १९३५)।

३. यो पद्य शार्ङ्गधरपद्धतिमा छ भनी प्राचीन हिन्दू विज्ञान भन्ने ग्रन्थमा (प्रपन्नाचार्य, प्र.सं., वि.सं. २०३९, पृ.३८) र वेदमा के छ? भन्ने ग्रन्थमा (प्रपन्नाचार्य, साझा प्र., छैटौं सं.,

(यवनहरूबाट भूमि आक्रान्त भइन्, हिन्दुहरू विन्ध्यपर्वतका वनमा पसे, बलियो कलिले वैदिक धर्मलाई एक गाँस बनायो)

भन्ने पद्यले हिन्दुहरू भनेका वैदिकधर्मका अनुयायीहरू हुन् भन्ने सङ्केत गरेको छ। पृथ्वीनारायण शाहका दिव्योपदेशबाट[1] र वर्तमान प्रसिद्धिबाट तथा १९१० सालदेखिका नेपालका ऐनहरूका प्रयोगबाट पनि हिन्दु भनेका मुख्य रूपमा वैदिक सनातन वर्णाश्रमधर्मका अनुयायी हुन् भन्ने बुझिन्छ।

यस सन्दर्भमा भारतवर्षको प्रसिद्ध महान् नदी (नद) 'सिन्धु'को नामबाट हिन्दु शब्द विकसित भएको कुरा विवेचकहरू बताउँछन्। पाण्डुरङ्ग वामन काणेले 'धर्मशास्त्र का इतिहास' भन्ने ग्रन्थमा सिन्धु-नदीदेखि पूर्वपश्चिमका निवासीलाई र भूमिलाई फारसका सम्राट् दाराले (५२२-४८६ ई.पू.) तथा जेर्क्सेजले (४८६-४६५ ई.पू.) 'हिन्दू (हिदु)' नामले पुकारेको र यूनानीहरूले त्यस क्षेत्रका व्यक्तिलाई 'इण्डोई' भनेको कुरा उल्लेख गरेका छन्[2]। राधाकुमुद मुखर्जीले आफ्नो 'हिंदू सभ्यता' भन्ने ग्रन्थमा सिन्धुलाई इरानीहरूले 'हिंदु' र यूनानीहरूले हकारको लोप गरेर 'इंडोस' भनेको कुरा उल्लेख गरेका छन्[3]। त्यसैले आजभोलि अङ्ग्रेजीमा सिन्धुलाई इण्डस् (Indus) भन्ने गरिएको देखिन्छ[4]। यसरी हिन्दु शब्द ऋग्वेदमा पनि प्रयुक्त भएको सिन्धु शब्दको विकसित रूप हो भन्ने मानिएको छ। आजभोलि यो शब्द मुख्यतया जाति र धर्मका विशेषणका रूपमा प्रयुक्त भइरहेको पाइन्छ।

२०६०, पृ.१२२) लेखिएको देखिन्छ। किन्तु यो पद्य उक्त ग्रन्थमा (शार्ङ्गधरपद्धति, सम्. पीटर पीटर्सन, पुनर्मुद्रित सं., चौखम्बा संस्कृत प्रतिष्ठान, दिल्ली, सन् १९८७) देखिँदैन। उक्त दुवै ग्रन्थमा हिन्दु शब्दको उल्लेख भएका संस्कृतका धेरै वचनहरू र ग्रन्थहरू देखाइएका (पृ.- पूर्ववत्) भए पनि तीमध्ये कतिपय वचन अप्रामाणिक देखिन्छन्।

१. • "यो फुल्वारि को छोटा. वडा. चारै जात. छतिसै वर्न ले यो असिल्. हिन्दुस्थाना हो, आपना कुलाधर्म. न छोड्नु."– **दिव्य उपदेश = पृथ्वीको अर्ति**, सम्. योगी नरहरि नाथ, योगप्रचारिणी महासभा, गोरक्षटिल्ला, मन्दाकिनी, वाराणसी, वि.सं.२०१६, पाँचौं 'उप्रान्त'को प्रघट्टकमा (अनुच्छेदमा, पृ.१४)।

• पृथ्वीनारायणको दिव्योपदेशको पहिलो प्रघट्टकमा (पृ.१) र पाँचौं 'उप्रान्त'को प्रघट्टकमा (पृ.१३) पनि "हिन्दुपतिको राज" भन्ने पदावलीको उल्लेख देखिन्छ।

२. **धर्मशास्त्र का इतिहास**, पञ्चम भाग, अनुवादक अर्जुन चौबे काश्यप, हिन्दी समिति, उत्तर प्रदेश शासन, लखनऊ, सन् १९७३, पृ.३८७।

३. **हिंदू सभ्यता**, ('हिन्दू सिविलाइजेशन्'को) अनूदित संस्करण, अनुवादक वासुदेवशरण अग्रवाल, राजकमल प्रकाशन, नयाँ दिल्ली, सप्तम सं., पुनर्मु. सन् १९९४, पृ.७३।

४. "Sindhu or Indus" (pp. 10, 339), "Hindu (i.e. Sindhu or India meaning the land on the river Indus)" (p. 25) – **Studies in the Geography of Ancient and Medieval India**, by D.C. Sircar, Motilal Banarsidass, Delhi, 1971.

नेपाली, हिन्दी, उर्दू र अङ्ग्रेजी भाषाका प्रचलित विभिन्न शब्दकोशहरूले पनि वेद, स्मृति, पुराण इत्यादि वैदिक वाङ्मयलाई आफ्नो धर्मग्रन्थ मान्ने, त्यस वाङ्मयमा बताएअनुसारका वर्णाश्रमव्यवस्थामा चल्ने र आर्यावर्तमा बस्ने व्यक्तिहरूलाई हिन्दु भनेको देखिन्छ[1]। नेपालका विशिष्ट धार्मिक विद्वान्हरू सम्मिलित भएको विद्वत्सभा-(काठमाडौं)को प्रथम सन्देशले (२०४७।७।१३) पनि "वैदिक सनातन वर्णाश्रम धर्मलाई हिन्दुधर्म पनि भनिन्छ" भन्ने उल्लेख गरेको छ। तसर्थ मुख्य रूपमा वैदिक सनातन वर्णाश्रमधर्मका अनुयायी भारतवर्षका निवासीहरूलाई 'हिन्दु' शब्दले जनाउने कुरा स्पष्ट हुन्छ। त्यसैले यहाँ पनि हिन्दु विधि भन्नाले तिनैको वेदादि वाङ्मयमा आश्रित विधिलाई लिइएको छ।

हिन्दु विधि

विधि भन्नाले आधुनिक अर्थमा कानुन भन्ने बुझिन्छ। हिन्दु विधिसंहिताअनुसार ऋणको लेनदेन, निक्षेप (नासो), क्रयविक्रयको (किनबेचको) विवाद, चोरी इत्यादि अठार वा त्यसभन्दा बढी प्रकारका व्यवहारसित (मुद्दामामिलासित)[2] सम्बन्ध राख्ने आदेशहरूलाई नै विधि भन्दछन्। तसर्थ

---

१. • "हिन्दू– ना. [फा.] वेद, धर्म-शास्त्र, पुराण आदिलाई आफ्ना धर्म-ग्रन्थ मान्ने व्यक्ति वा धर्म"– रायल नेपाल एकेडेमीद्वारा प्रकाशित **नेपाली शब्द-कोश**, वि.सं.२०१९।

• ने.रा.प्रज्ञाप्रतिष्ठानले प्रकाशित गरेको **नेपाली बृहत् शब्दकोशमा** (वि.सं.२०४०) पनि हिन्दु शब्दको अर्थ पूर्ववत् दिइएको छ।

• "हिन्दू (ने.ना.) यो हिन्दू शब्द सर्वप्रथम अवेस्ता नामक पार्सीका धर्म ग्रन्थमा देखिएको हो। आदौमा हिन्दूको अर्थ सिन्धु देश छ। कालक्रममा तेस देशमा वस्ने मान्छेको नाउँ हुन आयो र अचेल श्रुति स्मृति मान्ने सनातन धर्मको नाम हिन्दू धर्म भयो"– महानन्द सापकोटाको **नेपाली शब्द परिचय**, विराटनगर, वि.सं.२०३४, पृ.४५४ ('सिन्धु' शब्दमुनि हिन्दू शब्दको परिचयमा)।

• "हिन्दू– (सं.पुं.) आर्यावर्तवासी, वर्णाश्रमधर्मी"– **भार्गव आदर्श हिन्दी शब्दकोश**, सम्. पण्डित रामचन्द्र पाठक, वाराणसी, षष्ठ संस्करण, सन् १९६४।

• "हिंदू फा.पुं.– हिंदुस्तान का वह व्यक्ति जो मूर्तिपूजा करता (है) और वैदिक धर्मावलंबी है"– **उर्दू-हिन्दी शब्दकोश**, सङ्कलनकर्ता मुहम्मद मुस्तफा खाँ 'मद्दाह', प्रकाशन शाखा, सूचना विभाग, उत्तर प्रदेश, सन् १९५९।

• "Hindu : a believer in a form of Brahmanism."– **Chambers's Twentieth Century Dictionary**, ed. by William Geddie, First Indian Edition, 1964.

• "Hinduism– the common religion of India, based upon the religion of the original Aryan settlers as expounded and evolved in the Vedas, the Upanishads, the Bhagavad-Gita etc. ...."– **Webster's Encyclopedic Unabridged Dictionary of the English Language**, New Revised Edition, USA, 1996.

२ यसै ग्रन्थको ४१औं पृष्ठ हेर्नुहोस्।

हिन्दुहरूको ऐहलौकिक (यस लोकको) सुव्यवस्थाको स्थापनाका निम्ति मनु, याज्ञवल्क्य, नारद, बृहस्पति, कात्यायन इत्यादि धर्मशास्त्रकारले गरेका आदेशहरूलाई हिन्दु विधि भन्दछन्। ती आदेश विधानात्मक र निषेधात्मक दुईथरी हुनाले ती दुवैथरी आदेश हिन्दु विधिभित्र पर्दछन्। साथै पारलौकिक (परलोकसम्बन्धी) वा पारमार्थिक (मोक्षसम्बन्धी) सुखप्राप्तिका निम्ति वेदवेदाङ्गादिशास्त्रले निर्देश गरेका धार्मिक आदेशहरू पनि हिन्दु विधि नै हुन्[१]। ती पनि विधानात्मक र निषेधात्मक दुईथरी हुन्छन्। तथापि यस सन्दर्भमा व्यवहारसित सम्बद्ध आदेशहरूलाई नै मुख्य रूपमा हिन्दु विधि मानिएको छ।

विधिको व्याख्याको आवश्यकता

कहिलेकाहीँ शास्त्रका विधिनिषेधरूप विभिन्न वचनहरूका भनाइमा भेद भएको, परस्पर विरोध परेको, भनाइ अपूर्ण वा अस्पष्ट भएको र अनुसरण गर्नुपर्ने मार्गसमेत अनिश्चित भएको प्रतीति हुन सक्छ। तसर्थ विधिको तात्पर्य स्पष्ट गर्न त्यसको व्याख्या गर्ने आवश्यकता पनि पर्छ। त्यसका निम्ति विधिव्याख्याताहरूले विधिशास्त्रको अर्थात् एक निश्चित विधिविचारपद्धतिको आश्रय लिएको देखिन्छ। हिन्दुहरूको विधिशास्त्रको विकास मूल रूपमा वेद, वेदाङ्ग र स्मृतिहरूका धार्मिक विधिनिषेधको व्याख्याका निम्ति विकसित भएको देखिन्छ। त्यही विधिशास्त्रका आधारमा लौकिक व्यवहारको पनि व्याख्या गर्न सकिन्छ।

हिन्दु विधिशास्त्र (धर्ममीमांसा)

विधिका विविध पक्षको प्रतिपादन र व्याख्यान गर्ने शास्त्रलाई विधिशास्त्र भन्दछन्। त्यसैलाई कानुनको सिद्धान्त पनि भन्न सकिन्छ। विश्वमा आआफ्नो राष्ट्रको परम्पराका र मानवीय तर्कका आधारमा विशिष्ट आदर्शलाई र विचारलाई परिष्कृत गरेर विधिशास्त्रको विकास भएको पाइन्छ। विधिशास्त्रबाट निश्चित भएको मूल सिद्धान्त वा आदर्शको अनुकूल हुने गरेर नै विधिहरू स्थापित गरिने हुँदा विधिसंस्थापनकार्यमा र न्यायप्रदानकार्यमा पनि विधिशास्त्रको महत्त्वपूर्ण भूमिका रहने देखिन्छ।

हिन्दु विधिशास्त्र वा वैदिक विधिशास्त्र भन्नाले **धर्ममीमांसा** वा **पूर्वमीमांसा** भन्ने बुझिन्छ[२]। यसलाई **मीमांसा** मात्रै पनि भन्ने गरिएको छ। यो शास्त्र मुख्यतः श्रुति(वेद)वाक्यका अर्थ, तात्पर्य इत्यादिको निर्णय गर्न उपयोगी न्यायहरूको

---

१. यसै ग्रन्थको नवौँ पृष्ठमा हिन्दु विधिका विशेषता देखाइएका छन्।

२. आधुनिक लेखकहरूले वेद, स्मृति, पुराण इत्यादि धर्मशास्त्रलाई हिन्दु विधिशास्त्र भनेका छन् तापनि तिनलाई यथोचित रूपमा हिन्दु विधिसंहिताका स्रोत र हिन्दु विधिसंहिता भन्न तथा धर्ममीमांसाशास्त्रलाई हिन्दु विधिशास्त्र भन्न उचित देखिएकाले प्रस्तुत ग्रन्थमा यिनै अर्थमा उक्त शब्दहरूको प्रयोग गरिएको छ।

समुदायरूप शास्त्र हो। यस शास्त्रको विकास धेरै अघिदेखि भएको हो। यस शास्त्रका पुराना धेरै प्रणेताहरूको वा विचारकहरूको जैमिनि मुनिले **"अथातो धर्मजिज्ञासा"** भनी प्रारम्भ गरिएको आफ्नो धर्ममीमांसासूत्रमा उल्लेख गरेका छन्[1]। ती विचारकहरू (१) आत्रेय, (२) आलेखन, (३) आश्मरथ्य, (४) ऐतिशायन, (५) औडुलोमि, (६) कामुकायन, (७) कार्ष्णाजिनि, (८) बादरायण, (९) बादरि र (१०) लावुकायन हुन्। पाणिनीय-व्याकरणको पतञ्जलिद्वारा रचित भाष्यमा काशकृत्स्न भन्ने मीमांसाप्रवक्ताको पनि उल्लेख पाइन्छ[२]। उपर्युक्त मुनिहरूका चिन्तनमननबाट विकसित भएका मीमांसान्यायहरूको क्रमबद्ध र वर्गीकृत सङ्ग्रह गरी मीमांसाशास्त्रलाई अन्तिम रूपमा संहिताबद्ध गर्ने विधिशास्त्री जैमिनि मुनि हुन्। उनको समय आधुनिक विचारकहरूका मतमा ३०० ई.पू.भन्दा अघिको हो[३]। प्राच्य परम्पराअनुसार भने उनको समय द्वापरयुग र कलियुगको सन्धिकाल भएकाले आजभन्दा करिब ५००० वर्षजति अघिको हो[४]।

जैमिनिद्वारा रचित १२ अध्यायको **मीमांसासूत्र** (धर्ममीमांसासूत्र) यस शास्त्रको अहिले पाइने मूल ग्रन्थ हो। यसको व्याख्या शबरस्वामी (तेस्रो शताब्दी) र कुमारिल भट्ट(सातौँ शताब्दी)ले राम्रोसित गरेका छन्[५]। त्यसपछि पनि पार्थसारथि मिश्र, माधवाचार्य, खण्डदेव इत्यादि थुप्रै विद्वान्हरूले मीमांसाशास्त्रसम्बन्धी व्याख्याग्रन्थहरूको रचना गरेका छन्। जैमिनिकै **'सङ्कर्षकाण्ड'** पनि

---

१. जै.ध.मी.सू. (i) ४।३।१८, ५।२।१८, ६।१।२६; (ii) ६।५।१७, १४।४।४१, १६।२।१; (iii) ६।५।१६, १४।४।४२, १६।२।२; (iv) ३।२।४३, ३।४।२४, ६।१।६; (v) १५।१।१२; (vi) ११।१।५८, ११।१।६३; (vii) ४।३।१७, ६।७।३५, १३।१।११; (viii) १।१।५, ५।२।१९, ६।१।८, १०।८।४४, ११।१।६५, १५।२।३८; (ix) ३।१।३, ६।१।२७, ८।३।६, ९।२।३३, (x) ६।७।३७।

२. काशकृत्स्निना प्रोक्ता मीमांसा काशकृत्स्नी... ।– पाणिनीयव्याकरणभाष्य ४।१।१४ [५] (कील्होर्न्को संस्करण, पृ.२०६), ४।१।९३ [९] (पृ.२४९), ४।३।१५५ [५] (पृ.३२५)।

३. द्र.– **धर्मशास्त्र का इतिहास**, प्रथम भाग, पाण्डुरङ्ग वामन काणे, अनु. अर्जुन चौबे काश्यप, लखनऊ, पृ.१४; यस ग्रन्थका अरू भागका प्रारम्भतिर पनि विभिन्न ग्रन्थहरूको सम्भावित काल देखाइएको छ (ती कालहरू सबै प्रामाणिक भने देखिँदैनन्)।

४. वेदव्यासका शिष्यहरूमध्ये सामवेदको एक शाखाका प्रवक्ता जैमिनि मुनि नै मीमांसासूत्रका पनि रचयिता मानिएकाले उनको समय पनि तिनै ताकाको मानिएको हो।

५. कुमारिल भट्टलाई **नेपाली बृहत् शब्दकोशमा** (नेराप्रप्र., २०४०, २०५०, २०५२, २०५५, २०५८) "शाबर भाष्यका रचयिता तथा अन्य श्रौतसूत्रका प्रख्यात टीकाकार" भनी अयथार्थ रूपमा चिनाइएको देखिन्छ। नेपाली बृहत् शब्दकोशकै अनुकरण गरेर वसन्त कुमार शर्म्मा नेपालको **नेपाली शब्दसागरमा** (वि.सं.२०५७) पनि कुमारिल भट्टलाई उक्त प्रकारले नै चिनाइएको छ। शाबरभाष्यका रचयिता त शबरस्वामी हुन्। कुमारिल भट्ट त शाबरभाष्यकै व्याख्याग्रन्थ श्लोकवार्तिक, तन्त्रवार्तिक र टुप्टीकाका रचयिता हुन्। कुमारिल भट्टले रचना गरेको श्रौतसूत्रको कुनै पनि टीका अहिले अज्ञात छ।

धर्ममीमांसाशास्त्रकै परिशेष-(परिशिष्ट)रूप ग्रन्थ नै हो भन्ने बुझिन्छ। यसका चार अध्यायमा धर्ममीमांसाकै सङ्कीर्ण (फुटकर) विषयहरू प्रतिपादित छन्। यसको देवस्वामीद्वारा रचित भाष्य पनि उपलब्ध छ। यसप्रकार जैमिनिद्वारा रचित १२ अध्यायको धर्ममीमांसासूत्र र ४ अध्यायको सङ्कर्षकाण्डसमेत गरेर १६ अध्यायमा धर्ममीमांसाशास्त्र फैलिएको देखिन्छ।

वेद, वेदाङ्ग र स्मृतिहरूद्वारा प्रतिपादित धार्मिक विधि तथा निषेधका व्याख्याका निम्ति सुरुमा मीमांसाको रचना गरिएको भए तापनि पछि मुनिहरूद्वारा प्रणीत व्यावहारिक स्मृतिहरूका विधि र निषेधहरूको तात्पर्य स्पष्ट गर्न समेत यसको उपयोग गर्न थालिएको देखिन्छ। यस कुराको विशेष ज्ञान धर्मसूत्रहरूका र मनु, याज्ञवल्क्य, नारद, पराशर इत्यादिका स्मृतिहरूको व्याख्याका तथा कृत्यकल्पतरु, धर्मरत्न, स्मृतिचन्द्रिका, पाराशरमाधवीय, वीरमित्रोदय, भगवन्तभास्कर इत्यादि धर्मशास्त्रनिबन्धग्रन्थहरूका अवलोकनबाट गर्न सकिन्छ।

विधिको व्याख्या गर्ने धर्ममीमांसाको सिद्धान्त

विधि (आदेश, अरोट), अर्थवाद[1], निषेध, नामधेय (नाम), कर्मभेद, अङ्गाङ्गिभाव (प्रधान र अङ्गको सम्बन्ध) पुरुषार्थत्व-क्रत्वर्थत्व(यज्ञार्थत्व), क्रम, अधिकार, अतिदेश, ऊह, बाध, तन्त्र र प्रसङ्ग यी पारिभाषिक विषयहरूको[2] प्रतिपादन गरी तिनका आधारमा श्रुति(वेद)वाक्यको व्याख्या गर्ने शैली धर्ममीमांसाले अँगालेको देखिन्छ। अङ्गाङ्गिभाव बुझाउने श्रुति (शब्द), लिङ्ग (सामर्थ्य), वाक्य, प्रकरण (दुवै पक्षको आकाङ्क्षा), स्थान र समाख्या (यौगिकशब्द) यी छ प्रमाणहरूको परस्पर विरोध परेमा क्रमशः पछिल्लापछिल्ला प्रमाण कमजोर ठहर्ने सिद्धान्त धर्ममीमांसाले देखाएको छ। श्रुति, अर्थ, पाठ, स्थान, मुख्य र प्रवृत्ति यिनका क्रमहरूमा पनि पाठको क्रमभन्दा श्रुतिको र अर्थको क्रम बलियो ठहर्ने, मुख्यको क्रमभन्दा पाठको क्रम बलियो ठहर्ने इत्यादि व्यवस्था भएको हुनाले अनुष्ठेय पदार्थको (गर्नुपर्ने कर्मको) क्रमनिर्धारण गर्दा यिनको विचार राख्नुपर्ने कुरा पनि मीमांसाले बताएको छ।

श्रुति (वेद) र स्मृतिको व्याख्याका सम्बन्धमा मीमांसाको जस्तो व्यवस्थित न्याय वा पद्धति अरू शास्त्रमा देखिँदैन। तथापि कतिपय स्मृतिहरूमा

---

१. विधान गरिएका कर्मको प्रशंसा (अतिरञ्जनापूर्ण भए पनि) गर्ने र निषेध गरिएका कर्मको निन्दा (अतिरञ्जनापूर्ण भए पनि) गर्ने श्रुतिवाक्यलाई (ब्राह्मणग्रन्थका वाक्यलाई) अर्थवाद भन्दछन्। उक्त प्रकारका अन्यत्रका वाक्यलाई पनि गौण (अमुख्य) रूपमा अर्थवाद भन्न सकिन्छ।

२. यी विषयहरू जैमिनिको बाह्र अध्यायमा विभक्त मीमांसासूत्रमा विस्तृत रूपमा प्रतिपादित छन्। चार अध्यायको सङ्कर्षकाण्डमा भने अन्य आवश्यक फुटकर विषयहरूमा विचार गरिएको छ।

श्रुतिस्मृतिहरूको व्याख्याका सम्बन्धमा केही सिद्धान्त बताइएको देखिन्छ। मनुस्मृतिमा श्रुति र स्मृतिले बताएका विषयमा श्रुतिस्मृतिको मर्यादा नै नराख्ने गरेर लौकिक तर्क गर्न हुँदैन, समुचित ढङ्गले मात्र तर्क गर्नुपर्छ[1], दुई वेदमा परस्परमा विरोध परेमा दुवै वैकल्पिक रूपमा प्रामाणिक हुन्छन्[2] इत्यादि भनिएको छ। त्यहाँ वेदलाई पूर्ण सम्मान गर्दै वेदशास्त्रसित विरोध नपर्ने गरी तर्क गरेर वेदको तात्पर्य ठम्याउन प्रयास गर्नुपर्ने निर्देश पनि दिइएको छ–

आर्षं धर्मोपदेशं च वेदशास्त्राऽविरोधिना।
यस् तर्केणाऽनुसन्धत्ते स धर्मं वेद नेतरः ॥–(मनुस्मृति १२।१०६)

(जसले ऋषिहरूद्वारा उपदेश गरिएको धर्मतत्त्वको [वेदको तत्त्वको] वेदशास्त्रको अविरोधी तर्कद्वारा अनुसन्धान गर्दछ, त्यसैले मात्र धर्मतत्त्व जान्न सक्छ, अरूले सक्तैन।)

याज्ञवल्क्यस्मृतिले दुई स्मृतिमा विरोध परे वृद्धव्यवहारबाट (पुराना शिष्टहरूको व्यवहारबाट) ज्ञात न्याय बलियो हुने र अर्थशास्त्रभन्दा (राजनीतिशास्त्रभन्दा) धर्मशास्त्र बलियो हुने कुरा देखाएको छ[3]। श्रुति, स्मृति र पुराणका बीच परस्पर विरोध परेमा श्रुति (वेद) प्रामाणिक हुने तथा स्मृति र पुराण परस्पर बाझिएमा स्मृति प्रामाणिक हुने कुरा व्यासस्मृतिमा उल्लिखित देखिन्छ[4]। यो कुरा देवीभागवतपुराणमा पनि राम्ररी स्पष्ट पारिएको छ[5]।

यसप्रकार छिटफुट रूपमा धर्मशास्त्रको व्याख्या गर्ने सिद्धान्त स्मृतिपुराणहरूमा पाइए पनि यसको व्यवस्थित पद्धति (धर्म)मीमांसामा पाइन्छ।

हिन्दु विधिसंहिताको संक्षिप्त परिचय

वेदका रूपमा प्रसिद्ध मन्त्रसंहिता र ब्राह्मणग्रन्थमध्ये ब्राह्मणग्रन्थको लक्षण बताउँदा मीमांसाशास्त्रले ब्राह्मणग्रन्थको एउटा प्रमुख काम विधि (अरोट)

---

१. श्रुतिस्तु वेदो विज्ञेयो धर्मशास्त्रं तु वै स्मृतिः।
ते सर्वार्थेष्वमीमांस्ये ताभ्यां धर्मो हि निर्बभौ॥–मनुस्मृति २।१०।

२. श्रुतिद्वैधं तु यत्र स्यात् तत्र धर्मावुभौ स्मृतौ।
उभावपि हि तौ धर्मौ सम्यगुक्तौ मनीषिभिः॥–मनुस्मृति २।१४।

३. स्मृत्योर् विरोधे न्यायस् तु बलवान् व्यवहारतः।
अर्थशास्त्रात् तु बलवद् धर्मशास्त्रमिति स्थितिः॥–याज्ञवल्क्यस्मृति २।२१।

४. श्रुति-स्मृति-पुराणानां विरोधो यत्र दृश्यते।
तत्र श्रौतं प्रमाणं स्यात् (तु) तयोर् द्वैधे स्मृतिर् वरा॥–(वेद)व्यासस्मृति १।४।

५. द्र.– देवीभागवत ११।१।२१–२९।

हो भनेको छ[1]। तसर्थ हिन्दु विधिशास्त्रले वेदको विधानलाई नै मुख्यतया विधि वा कानुनको स्रोतका रूपमा ग्रहण गर्दछ। वेदको अनुकूल रूपमा वेदाङ्ग, पुराण, रामायण, महाभारत इत्यादि ग्रन्थले दिएको आज्ञा पनि हिन्दु विधिको स्रोतका रूपमा ग्रहण गरिन्छ। त्यसैले वेद, वेदाङ्ग, धर्मसूत्र, विविध स्मृति[2], पुराण, रामायण, महाभारत इत्यादि ग्रन्थहरू नै हिन्दु विधिका मूल स्रोत मानिन्छन्। हिन्दु विधिलाई नै **वैदिक विधि** वा **वैदिक धर्मशास्त्र** वा **धर्मशास्त्र** वा **धर्मसंहिता** वा **स्मृति** मात्रै भनेर व्यवहार गर्ने गरिएको पनि देखिन्छ। विधिहरूको सुव्यवस्थित सङ्ग्रहलाई नै **विधिसंहिता** भनिने हुनाले मुख्य रूपमा मनु, याज्ञवल्क्य, नारद, बृहस्पति, कात्यायन इत्यादि विधिप्रवक्ताका स्मृतिहरू विधिसंहिता भनिन्छन्[3]।

हिन्दुहरूका धर्मशास्त्रीय ग्रन्थले सम्पूर्ण हिन्दुलाई वर्णाश्रमव्यवस्थामा व्यवस्थित गरेर प्रत्येक वर्णको र आश्रमको छुट्टाछुट्टै कर्तव्यसमेत तोकेका छन्। धर्म, अर्थ, काम, मोक्ष यी चारै पुरुषार्थप्रति सन्तुलित दृष्टिकोण राखेर जीवनयात्रा चलाउँदै जीवनको अन्तिम लक्ष्य मोक्षप्राप्तिका निम्ति राष्ट्रका सबै नागरिकहरूलाई न्यायपूर्ण तथा शान्तिपूर्ण तरिकाले प्रयत्नशील हुने अवसर प्रदान गर्नु हिन्दु विधिसंहिताहरूको मूल उद्देश्य रहेको देखिन्छ। त्यसैले हिन्दु विधिसंहिताहरूमा यस लोकमा सुव्यवस्थाको स्थापना र परलोकमा स्वर्गसुखको वा पारमार्थिक सुखको (मोक्षको) प्राप्ति दुवैका निम्ति उपयोगी विधानहरू पाइन्छन्। केवल ऐहलौकिक सुव्यवस्थालाई मात्र ध्यान दिएर मानवद्वारा निर्माण गरिएका आधुनिक विधिका तुलनामा उपर्युक्त दुवै उद्देश्य राखी अलौकिक आर्ष (ऋषिको) प्रज्ञाद्वारा निर्मित हिन्दु विधिसंहिताहरूमा मौलिक भिन्नता रहेको देखिन्छ।

हिन्दु विधिसंहिताहरूको प्रकृति

हिन्दु विधिसंहिताहरू वेदमूलक भएको र वेद अपौरुषेय[4] वा पुरुषदोषले रहित मानिएको हुँदा हिन्दु विधिसंहिताहरूलाई शाश्वत न्यायका आधारमा सबैको

१. हेतुर् निर्वचनं निन्दा प्रशंसा संशयो विधिः।
परक्रिया पुराकल्पो व्यवधारणकल्पना॥
उपमानं दशैते तु विधयो ब्राह्मणस्य तु।–जैमिनीय-धर्ममीमांसासूत्र शा.भा.२।१।३३।

२. आचारविचार र प्रायश्चित्तका विषय मात्रै भएका स्मृतिलाई विधिसंहिताको स्रोत र व्यवहारका विषयहरू पनि भएका स्मृतिलाई विधिसंहिता (विधिहरूको एकीकृत सङ्ग्रह वा सङ्कलन) भन्न उपयुक्त हुन्छ।

३. वैदिक वाङ्मयको परिचय दिने क्रममा यी स्मृतिहरूको संक्षिप्त परिचय यसै ग्रन्थमा दिइएको छ (पृ. २२–२७)।

४. "मनुष्य द्वारा न रचे जाने और इश्वरकृत होने के कारण ही वेदों को अपौरुषेय कहते हैं" भन्ने भनाइ (हिन्दू धर्मकोश, राजबली पाण्डेय, उत्तर प्रदेश हिन्दी संस्थान, लखनऊ, द्वि.सं., सन् १९८८, पृ.५९८) र "वेदलाई अपौरुषेय अर्थात् मानिसले हैन ईश्वरले रचना गरेको मानिन्छ" भन्ने भनाइ (**वेदपुराणका केही रत्नहरू**, वीणा

कल्याणका निम्ति अनादि परम्परादेखि चलिआएको शास्त्रका रूपमा स्वीकार गरिएको छ। आधुनिक परिभाषामा कानुन केवल शक्तिशाली व्यक्तिको वा शक्तिशाली समुदायको आदेश मात्र मानिएको छ[1]। किन्तु हिन्दु विधिशास्त्रले विधि(कानुन)लाई राजा (राज्यको सर्वोच्च शासक) वा अन्य कुनै शक्तिशाली तत्त्वले पनि परिवर्तन गर्न नपाउने शाश्वत धर्मका आधारमा चलाइने नियमका रूपमा व्याख्या गरेको देखिन्छ। बृहदारण्यकोपनिषद्मा भनिएको छ– **'ब्रह्मले कल्याणस्वरूप धर्म राम्ररी सृष्टि गरे, त्यो धर्म क्षत्रिय(राजा)को पनि नियामक हो, त्यसैले धर्मभन्दा उत्तम वस्तु अर्को छैन, अतः दुर्बलले पनि बलियालाई धर्मद्वारा जित्न खोज्दछ'**[2]। यसबाट राजादेखि रङ्कसम्म सबैलाई हिन्दु विधिले शासन गर्ने कुरा स्पष्ट हुन्छ। त्यसैले हिन्दु विधिभन्दा माथि कोही पनि हुन सक्तैन र यस विधिलाई कुनै पनि शक्तिशाली व्यक्ति वा समुदायले परिवर्तन गर्न पनि सक्तैन। शासकले शास्त्रका (विधिसंहिताका) विकल्पमध्ये कुनै एकलाई आफ्ना शासनक्षेत्रमा चलाउन र शास्त्रसँग नबाझिने गरी लौकिक व्यवस्था बाँध्न मात्र सक्तछ।

हिन्दु विधिसंहिताअनुसार विधि (कानुन), नैतिकता र धर्म फरकफरक तत्त्व होइनन्। धर्मअन्तर्गत नै विधि (कानुन) र नैतिकता पनि पर्दछन्। त्यसैले व्यक्तिले कुनै पनि नकाम गरेमा त्यो अपराध र पाप दुवै ठहर्ने हुँदा उसले यस लोकमा दण्डको र परलोकमा नरकको भोग गर्नुपर्ने कुरा हिन्दु विधिसंहिताहरूले देखाएका छन्। यसबाट यदि कुनै अपराधी यस लोकमा राजदण्डलाई (शासकले दिने दण्डलाई) कदाचित् छल्न सफल भइहाल्यो भने पनि ऊ परलोकमा यमराजको दण्डबाट केही गरे पनि बच्न सक्तैन भन्ने सिद्धान्त बताएर हिन्दु विधिसंहिताहरूले मानवलाई अपराध वा पापबाट सर्वथा निवृत्त गर्न खोजेको देखिन्छ। राजदण्डले मात्र अपराध निवृत्त गर्न खोज्ने आधुनिक कानुनभन्दा यसै अर्थमा हिन्दु विधि

पौड्याल, साझा प्रकाशन, वि.सं.२०६२, पृ.– 'आलेख'को पहिलो पृष्ठ) अलि नमिल्दा देखिन्छन्। किनभने धर्ममीमांसकहरू वेदमा ईश्वरको पनि कर्तृत्व स्वीकार गर्दैनन्। वेद शाश्वत अथवा नित्य हुनाले अनादि मानिन्छ। अनादि मानिएको वस्तुको रचना हुन सक्तैन। परमात्माको निःश्वासस्वरूप नित्य वेदलाई मन्त्रद्रष्टा ऋषिहरूले आफ्नो अलौकिक प्रज्ञाले साक्षात्कार गरेर आफ्ना शिष्य-प्रशिष्यहरूद्वारा प्रसारित गरेका हुन् भन्ने सिद्धान्त धर्ममीमांसाले प्रतिपादित गरेको छ।

१. • "कानून प्रभुशक्तिबाट आफ्नो प्रजाको नाममा के गर्ने र के नगर्ने भन्ने सम्बन्धमा गरिएको आदेश हो"– हब्स (द्र.– कानूनी शब्दकोष, टोपबहादुर सिंह, पाठ्यक्रम विकास केन्द्र, त्रि.वि.वि., कीर्तिपुर, द्वि.सं.२०४५, पृ.१५८)।

• "विधिशास्त्री अष्टिनका अनुसार राज्यका संप्रभुको आदेश नै कानून हो"– नेपालको कानूनी इतिहासको रूपरेखा, रेवतीरमण खनाल, २०५९, पृ.– भूमिका– ग।

२. तच् छ्रेयोरूपमत्यसृजत धर्मं तदेतत् क्षत्रस्य क्षत्रं यद् धर्मस् तस्माद् धर्मात् परं नास्त्यथो अबलीयान् बलीयांसमाशंसते धर्मेण।–का.वा.बृहदारण्यकोपनिषद् १।४।१४।

पृथक् वा विशिष्ट रहेको छ। यसरी हिन्दु विधिसंहिताहरूले व्यक्ति, कुटुम्ब, समाज र राष्ट्र सबैको ऐहलौकिक तथा पारलौकिक कल्याणको मार्ग निर्दिष्ट गरेको देखिन्छ। यो नै हिन्दु विधिसंहिताहरूको आफ्नो विशेषता वा मूल प्रकृति हो।

हिन्दु विधिसंहिताहरूको स्रोत

धर्मको मूल स्रोत वेद हो भनेर सबै हिन्दु धर्मशास्त्रकारहरूले मानेको देखिन्छ[१]। त्यसैले वेदज्ञहरूबाट शास्त्रका आधारमा उपदिष्ट कुरा मात्र धर्ममा प्रमाण हुन सक्छन् भन्ने मानिन्छ। वेदका अनुकूल हुनाले नै वेदाङ्ग, विभिन्न स्मृति[२], पुराण, रामायण, महाभारत इत्यादि ग्रन्थहरू पनि धर्मशास्त्रका प्रामाणिक ग्रन्थ मानिन्छन्। त्यसैले यी ग्रन्थहरू हिन्दु विधिसंहिताहरूका स्रोत मानिन्छन्।

वेदमा विवाह र विवाहका प्रकार[३], पुत्र र पुत्रका प्रकार, दायविभाग (अंशबण्डा), स्त्रीधन इत्यादि विषयहरूसित सम्बद्ध उल्लेख पनि पाइन्छन्। वेद भन्नाले मन्त्रसंहिता र ब्राह्मणग्रन्थ (आरण्यक र उपनिषद्समेत) दुवै बुझिन्छन्। वेदकै व्याख्याका निम्ति ऋषिमुनिहरूले वेदाङ्गहरूको रचना गरेको कुरा निरुक्तमा उल्लिखित छ[४]। वेदका अङ्गमध्येको एक अङ्ग कल्पशास्त्रभित्रै श्रौतसूत्र र गृह्यसूत्रहरू पर्दछन्। वेदवेदाङ्गादि वैदिक वाङ्मयको इतिहासको अध्ययनबाट हिन्दु विधिसंहिताहरूको र तिनको स्रोतको शृङ्खला बुझ्न सकिन्छ।

यद्यपि प्राच्य सिद्धान्त-(मीमांसाशास्त्र)अनुसार वेद अनादि, नित्य र अपौरुषेय मानिएकाले वेदको कालनिर्धारण गर्न खोज्नु असङ्गत देखिन्छ, तथापि पाश्चात्त्य तथा आधुनिक भारतीय विचारकहरूले वैदिक वाङ्मयको यथासम्भव कालनिर्धारण गर्ने प्रयास गरेको देखिन्छ। आधुनिक दृष्टिले नै विचार गर्ने हो भने पनि वेद प्राग्ऐतिहासिक वाङ्मय भएकाले यसको ठीकठीक कालनिर्धारण गर्न सम्भव देखिँदैन। आधुनिक विचारकका अनुसार वैदिक संहिता, ब्राह्मणग्रन्थ, वेदाङ्ग, स्मृति, पुराण, टीकाग्रन्थ, धर्मशास्त्रनिबन्ध इत्यादि क्रमशः विकसित भएका मानिन्छन्। हिन्दु विधिसंहिताहरूको परिचय प्राप्त गर्न र तिनका

---

१. • वेदो धर्ममूलम्।—गौतम-धर्मसूत्र १।१।१।
   • वेदोऽखिलो धर्ममूलम्।—मनुस्मृति २।६।
   • वेदप्रणिहितो धर्मो ह्यधर्मस् तद्विपर्ययः।
   वेदो नारायणः साक्षात् स्वयम्भूरिति शुश्रुम॥—श्रीमद्भागवत ६।१।४०।

२. यसै ग्रन्थको आठौं पृष्ठको दोस्रो टिप्पणी हेर्नुहोस्।

३. वेदमा विवाहका प्रकारहरूको स्पष्ट परिभाषा पाइँदैन, तिनको सङ्केत मात्र पाइन्छ।

४. साक्षात्कृतधर्माण ऋषयो बभूवुः। तेऽवरेभ्योऽसाक्षात्कृतधर्मभ्य उपदेशेन मन्त्रान् सम्प्रादुः। उपदेशाय ग्लायन्तोऽवरे बिल्मग्रहणायेमं ग्रन्थं समाम्नासिषुर् वेदं च वेदाङ्गानि च।–१।२०।

स्रोतहरूलाई बुझ्न समेत सहायक हुने हुँदा वैदिक वाङ्मयका प्रमुख ग्रन्थहरूको वर्गीकरण गरी तिनको संक्षिप्त परिचय क्रमशः तल दिइन्छ[1]।

वेद

अनादि, अपौरुषेय, नित्य तथा ऋग्वेद, यजुर्वेद, सामवेद र अथर्ववेद गरी चार भागमा विभक्त, अनेक शाखा भएको, गुरुशिष्यपरम्पराबाट आएको तथा मन्त्र र ब्राह्मणका रूपमा रहेको शब्दराशिलाई शास्त्रज्ञहरू वेद भन्दछन्[2]। आफूले चाहेको कुरा प्राप्त गर्न र आफूले नचाहेको कुरा पन्छाउन अलौकिक उपाय देखाउने ग्रन्थलाई वेद भन्दछन् भनी प्राचीन आचार्यहरूले शास्त्रका आधारमा बताएका छन्[3]। प्राच्य परम्परामा वेद मन्त्रद्रष्टा ऋषिहरूको योगज प्रज्ञाले साक्षात्कार गरिएको शब्दराशि मानिन्छ। वेदमा मुख्य रूपमा धर्म र मोक्षको विषय तथा गौण (अमुख्य) रूपमा अर्थ र कामको विषय पनि प्रतिपादित छ[4]।

सेनापतिको कार्यभार सम्हाल्न, राज्यसञ्चालन गर्न, दण्डव्यवस्थाको नेतृत्व लिन र सम्पूर्ण लोकको आधिपत्य ग्रहण गर्न पनि वेदशास्त्रको ज्ञाता विद्वान्‌ले नै सक्तछ भनी मनुस्मृतिले वेदको व्यावहारिक महत्त्वलाई र विशेषतालाई स्पष्ट पारेको देखिन्छ–

सेनापत्यं च राज्यं च दण्डनेतृत्वमेव च।
सर्वलोकाऽधिपत्यं च वेदशास्त्रविदर्हति॥–(मनुस्मृति १२।१००)

यसबाट वेदविद्या राज्यसञ्चालनका निम्ति पनि उपयोगी भएको कुरा बुझ्न सकिन्छ।

वेदलाई नै श्रुति, त्रयी, आम्नाय, अनुश्रव, अध्याय इत्यादि पनि भन्दछन्। धेरै वैदिक ग्रन्थहरूमा सायण(निधनतिथि– वि.सं.१४४४)ले भाष्य (व्याख्या) लेखेका छन्। सायणभन्दा पनि धेरै पुराना स्कन्दस्वामी, उद्‌गीथ, हरिस्वामी,

---

१. यस प्रकरणमा प्रमुख रूपले प्रस्तुत ग्रन्थमा उपयोग गरिएका आधारग्रन्थहरूको संक्षिप्त परिचय समाविष्ट गरिएको छ। वैदिक वाङ्मयका यी र अन्य ग्रन्थहरूको पनि अलि विस्तृत र सारपूर्ण परिचयका निम्ति **वैदिक धर्म मूल रूपमा** भन्ने ग्रन्थ द्रष्टव्य छ (द्वि.सं.२०६२, पृ.१२९–२०४)।

२. प्रमाणका निम्ति द्रष्टव्य– **वेदाध्ययनविधि**, आमोदवर्धन कौण्डिन्न्यायन, मर्यादा पत्रिका, २०५३, वाल्मीकि विद्यापीठ, प्रदर्शनीमार्ग, काठमाडौं।

३. **इष्टप्राप्त्यनिष्टपरिहारयोरलौकिकमुपायं यो ग्रन्थो वेदयति स वेदः।**
प्रत्यक्षेणाऽनुमित्या वा यस्तूपायो न बुध्यते।
एनं विदन्ति वेदेन तस्माद् वेदस्य वेदता॥–सायण (तैत्तिरीयसंहिताभाष्यभूमिका)।

४. द्र.– **वैदिक धर्म मूल रूपमा**, शिवराज आचार्य कौण्डिन्न्यायन, स्वाद्ध्यायशालाकुटुम्ब, लाजिम्पाट, काठमाडौं, प्र.सं.२०४५, पृ.१; द्वि.सं.२०६२, पृ.१२९।

वेङ्कटमाधव, भट्टभास्कर, उव्वट (उवट) इत्यादि विद्वान्हरूले पनि विभिन्न शाखाका वैदिक ग्रन्थहरूमा भाष्य लेखेका छन्। वेदका अनेक शाखाको[1] परम्परागत रूपमा अध्ययन-अध्यापन हुँदै आइरहेको छ। आधुनिक विचारकहरूले वेदको समयनिर्धारण गर्न प्रयास गरेका भए पनि तिनमा एक मत देखिँदैन। वेद आजभन्दा करिब ३२–३३ सय वर्ष पुरानो हो भन्ने म्याक्स मूलरको (Friedrich Max. Muller) मत त खण्डित पनि भैसकेको छ। कतिपय विचारकको मतअनुसार वेद ६၇०० वर्षदेखि ८००० वर्ष पुरानो मानिन्छ। प्राच्य दृष्टिकोणअनुसार त वेद अनादि हो भन्ने मानिन्छ। आधुनिक लौकिक दृष्टिकोणबाट विचार गर्दा यस भनाइको तात्पर्य वेदको कालनिर्धारण हुन नसक्ने मानिएको भन्ने बुझिन्छ।

मन्त्रसंहिता

प्रायः यज्ञमा गर्नुपर्ने कर्म सम्झाउने र कर्ममा प्रयुक्त गरिने वेदवाक्यलाई मन्त्र भन्दछन्। छन्दोबद्ध मन्त्रलाई ऋचा, ऋचामा चढाइने गीति(भाका)लाई साम र गद्यवाक्यस्वरूप मन्त्रलाई यजुः भन्दछन्। अथर्ववेदमा पनि यी तीनथरी मन्त्रभन्दा अरू प्रकारका मन्त्र छैनन्। मन्त्रहरूको सङ्ग्रहलाई मन्त्रसंहिता वा संहिता मात्र पनि भन्दछन्[2]। ऋग्वेद, यजुर्वेद, सामवेद र अथर्ववेदका छुट्टाछुट्टै अनेक मन्त्रसंहिताहरू छन्। यी मन्त्रसंहिताहरूलाई ऋग्वेद, ऋग्वेदसंहिता, ऋग्वेदमन्त्रसंहिता इत्यादि प्रकारले नामोल्लेख गरी व्यवहार गर्ने गरिएको देखिन्छ।

(१) ऋग्वेदसंहिता

ऋग्वेदका विभिन्न शाखाका अमुद्रित संहिताहरू उपलब्ध भए पनि अहिले मुद्रित रूपमा पाइने ऋग्वेदसंहिता शैशिरीय-शाकलशाखाको भएको बुझिन्छ। दश मण्डलमा विभक्त यस संहितामा दश हजारभन्दा बढी ऋचाहरू छन्[3]। विश्वको

---

१. कुनै पनि वेदको शाखा भन्नाले मुख्य रूपमा मन्त्रसंहिता र ब्राह्मणग्रन्थ (आरण्यक र उपनिषद्समेत) बुझिन्छन् भने गौण रूपमा श्रौतसूत्र, गृह्यसूत्र, पितृमेधसूत्र, धर्मसूत्र र परिशिष्टहरूसमेत बुझिन्छन्।

२. संहिता भनेको एकीकृत सङ्ग्रह वा सङ्कलन भनेको हो।

३. प्रत्येक मण्डलभित्र अनेक अनुवाकहरू, प्रत्येक अनुवाकभित्र अनेक सूक्तहरू र प्रत्येक सूक्तभित्र अनेक ऋचाहरू छन्। ऋग्वेदको अर्को प्रकारको विभाजनअनुसार ऋग्वेदमा ८ अष्टक, प्रत्येक अष्टकमा ८–८ अध्याय, प्रत्येक अध्यायमा अनेक वर्ग र प्रत्येक वर्गमा एक वा अनेक ऋचा छन्। त्यसैले “ऋग्वेदमा जम्मा दश मण्डल छन्। प्रत्येक मण्डलमा अष्टक, अध्याय, वर्ग, अनुवाक्, सूक्तरूपमा विभाजित गरिएका छन्। प्रत्येक सूक्तमा पनि कैयौं मन्त्र हुन्छन्” भन्ने वर्णन (वेदमा के छ?, प्रपन्नाचार्य, द्वि.सं. २०४३, पृ.३१; साझा प्रकाशन, छैटौं संस्करण २०६०, पृ. ध) नमिल्दो र भ्रमपूर्ण देखिन्छ। त्यसै गरी “सम्पूर्ण ऋग्वेदलाई आठ अष्ठकहरूमा विभाजित गरिएको छ। प्रत्येक अष्ठकमा आठ अध्यायहरू छन् र प्रत्येक अध्यायमा अनेक सर्गहरू छन्। अनि प्रत्येक सर्गमा पाँच-पाँच मन्त्रहरू छन्” भन्ने लेखाइ (हिन्दू सामाजिक संगठनको प्रारूप, वासु बराल,

सर्वप्राचीन ग्रन्थ मानिएको ऋग्वेद एउटा ग्रन्थ मात्र नभएर एउटा सिङ्गो पुस्तकालय र एउटा सिङ्गो वाङ्मयसमेत हो भन्ने आधुनिक विचारकहरूको मत छ[1]। ऋग्वेदका अध्ययनबाट वैदिक समाजका धर्म, दर्शन, संस्कृति, कृषि, वाणिज्य, सामाजिक रीतिरिवाज, भौतिक उन्नति इत्यादि अनेक विषयको ज्ञानसमेत गर्न सकिने हुँदा अनेक दृष्टिकोणले ऋग्वेदको ठूलो महत्त्व रहेको कुरा आधुनिक विचारकहरूले स्वीकार गरी बताएका छन्। विश्वतत्त्वसम्बन्धी गम्भीर चिन्तन ऋग्वेदका पुरुषसूक्तमा (१०।९०।१–१६) र नासदीयसूक्तमा (१०।१२९।१–७) विशेष रूपमा गरिएको पाइन्छ। प्रस्तुत ग्रन्थसित सम्बद्ध स्त्रीधर्म, स्त्रीशिक्षा, स्त्रीधन, बूढीकन्याको र दाजुभाइ नभएकी स्त्रीको पैतृक सम्पत्तिमा अधिकार इत्यादि विषय पनि ऋग्वेदसंहितामा स्पष्ट रूपमा वा साङ्केतिक रूपमा आएका छन्।

(२) यजुर्वेदसंहिता

यजुर्वेद यज्ञप्रधान वेद हो। यसका शुक्लयजुर्वेद र कृष्णयजुर्वेद गरी दुई भेद छन्। मन्त्र र ब्राह्मण मुख्य रूपमा छुट्टाछुट्टै भएको यजुर्वेदलाई शुक्लयजुर्वेद भन्दछन्। यसका काण्वशाखा र माध्यन्दिनीयशाखा गरी दुई प्रमुख शाखा अहिले उपलब्ध छन्। वाजसनेयले (याज्ञवल्क्यले) प्रवचन गरेको वेद पढ्ने वाजसनेयका शिष्यहरूलाई वाजसनेयी भन्दछन्। वाजसनेयीहरूले पढ्ने शाखा हुनाले शुक्लयजुर्वेदका सबै शाखालाई वाजसनेयिशाखा पनि भन्दछन्। मन्त्र र ब्राह्मणभाग छ्यासमिस भएको यजुर्वेदलाई कृष्णयजुर्वेद भन्दछन्। यसका तैत्तिरीयशाखा, मैत्रायणीयशाखा, कठशाखा र कपिष्ठलकठशाखा (अपूर्ण) अहिले पाइन्छन्। नेपालका ब्राह्मणहरू प्रायः शुक्लयजुर्वेदको माध्यन्दिनीयशाखाका अध्येता छन्। त्यसैले नेपालमा परम्परागत रूपमा यसै वेदशाखाको मात्र पठनपाठन चलेको देखिन्छ। ४० अध्यायमा र १९७५ कण्डिकामा विभक्त यस शाखाका मन्त्रसंहितामा दर्शपूर्णमास, अग्न्याधान, अग्निहोत्र, चातुर्मास्य, निरूढपशुबन्ध, अग्निष्टोम सोमयाग, राजसूय, वाजपेय, अश्वमेध इत्यादि वैदिक कर्ममा (यज्ञमा) प्रयुक्त हुने मन्त्रहरू र ईशावास्योपनिषद् सङ्गृहीत छन्। प्रस्तुत ग्रन्थका सन्दर्भमा कृष्णयजुर्वेदका तैत्तिरीयसंहिता, मैत्रायणीयसंहिता, काठकसंहिता र कपिष्ठलकठसंहिता यी ग्रन्थहरूमा पत्नीहरू गृहसामग्रीका स्वामिनी हुने कुरा उल्लिखित भएको र मैत्रायणीयसंहितामा छोरो अंशको अधिकारी हुने तथा छोरी अंशकी अधिकारिणी नहुने कुरा उल्लिखित भएको कुरा ध्यान दिन योग्य देखिन्छ।

साझा प्रकाशन, द्वि.सं.२०५०, पृ.२०८) पनि अयथार्थ नै देखिन्छ। अरू पनि धेरै ग्रन्थमा ऋग्वेदका खण्डहरूको विभागलाई अयथार्थ रूपमा प्रस्तुत गरिएको देखिन्छ।

१. "The Rigveda is not a book, but a library and a literature....."– **Vedic Metre in its Historical Development**, by E. Vernon Arnold, Reprinted : Motilal Banarsidass, Delhi, 1967, preface, p. ix.

(३) सामवेदसंहिता

गीतिविशेषमा (कुनै भाकामा) ढालेर गाइने ऋचाहरूकै सङ्ग्रहका रूपमा मूल सामवेदसंहिता रहेको हुनाले सामवेदका धेरैजसो ऋचा ऋग्वेदका ऋचासँग मिल्ने खालका नै छन्[१]। साम भनेको गीति (लय) हो र यसका गायत्र, श्यैत, वारवन्तीय, वामदेव्य इत्यादि अनेक प्रकारहरू हुन्छन्[२]। यज्ञहरूमा उद्गाताहरूले (उद्गातृगणका ऋत्विक्हरूले) सामगान गर्ने विधान गरिएको पाइन्छ। अहिले सामवेदका कौथुमशाखाका र जैमिनीयशाखाका ग्रन्थहरू मात्र प्रधान रूपमा पाइन्छन्[३]। यी दुवै शाखाका मन्त्रसंहिता मुद्रित छन्।

(४) अथर्ववेदसंहिता

अथर्वा ऋषिले वा उनका कुलका ऋषिहरूले आफ्ना अलौकिक प्रज्ञाद्वारा साक्षात्कार गरेर प्रकाशित गरेका मन्त्रहरूको प्रमुखता भएकाले यस वेदलाई अथर्ववेद भनिएको बुझिन्छ। कतिपय स्थानमा यस वेदलाई अथर्वाङ्गिरस पनि भन्ने गरिएको छ। अन्य तीन वेदहरूभन्दा छुट्टै विशेषताहरू भएको यस वेदमा शान्ति, पुष्टि, अभिचार[४] इत्यादिसित सम्बन्ध राख्ने कर्महरूको विधान पाइन्छ। साथै यहाँ आयुर्वेदसम्बन्धी र ब्रह्मज्ञानसम्बन्धी विषयहरू पनि धेरै नै आएका छन्। राजाले अथर्ववेद जान्ने ब्राह्मणलाई पुरोहित बनाउनू भन्ने विधान पाइन्छ[५]। अहिले अथर्ववेदका पैप्पलादशाखाका र शौनकिशाखाका मन्त्रसंहितादि ग्रन्थ मुद्रित रूपमा उपलब्ध छन्। पैप्पलादशाखाका मन्त्रसंहितामा ८००० भन्दा केही कम र शौनकिशाखाका मन्त्रसंहितामा करिब ६००० मन्त्रहरू (ऋचाहरू) छन्।

---

१. सामवेदका कौथुमसंहितामा १८७५ ऋचा र जैमिनीयसंहितामा १६९३ ऋचा छन्।

२. सामानि गीतयो भेदा गायत्रं च बृहत् तथा॥ रथन्तरं च वैरूपं वैराजं शाक्वरं ततः।...
श्यैतं च वारवन्तीयं यज्ञायज्ञियमत्र तु॥ अग्निष्टोमं चेति साम्नां दिङ्मात्रमिह दर्शितम्।
—वेदभाषानिघण्टु, ब्रह्मवर्ग, शिवराज आचार्य कौण्डिन्न्यायन, स्वाद्ध्यायशाला, काठमाडौं, वि.सं.२०५०, पृ.३४ (श्लो.४७३, ४७४, ४७६, ४७७)।

३. सामवेदको राणायनीयशाखाका ग्रन्थहरू पनि पाइन्छन् भन्ने वैदिक-वाङ्मयेतिहास-लेखकहरूको भनाइको समीक्षा **वैदिक धर्म मूल रूपमा** भन्ने ग्रन्थमा द्रष्टव्य छ (द्वि.सं.२०६२, पृ.१५१–१५३)।

४. मन्त्रको प्रयोग गरेर शत्रुलाई वा अरूलाई मारण (मार्ने काम), मोहन (मुग्ध पार्ने काम), उच्चाटन (टाढा हटाउने काम) इत्यादि गर्ने कार्यलाई अभिचार भन्छन्। अथर्ववेदमा यस्ता आभिचारिक कर्मका विधान विशेष रूपमा भएकाले यस वेदलाई कतिपय आधुनिक विचारकहरूले रहस्यपूर्ण विषयवस्तुले भरिएको वेद पनि भनेका छन्।

५. पुरोहितं प्रकुर्वीत दैवज्ञमुदितोदितम्।
दण्डनीत्यां च कुशल*मथर्वाङ्गिरसे* तथा॥—याज्ञवल्क्यस्मृति १।३१३।

ब्राह्मणग्रन्थ

ब्रह्म अर्थात् यज्ञ वा मन्त्रको व्याख्या गर्ने ग्रन्थलाई ब्राह्मण[1] भन्दछन्। ब्राह्मणग्रन्थमा यज्ञको स्वरूप, फल, द्रव्य (हवन गरिने वस्तु) देवता इत्यादि विषयको प्रतिपादन गरिएको पाइन्छ। विहित कर्मको (गर्नुपर्ने कामको, कर्तव्यको) प्रशंसा र निषिद्ध कर्मको (गर्न नहुने कामको, अकर्तव्यको) निन्दा गरेर मनुष्यलाई विहित कर्ममा प्रवृत्त र निषिद्ध कर्मबाट निवृत्त गराउनु पनि ब्राह्मणग्रन्थको एउटा प्रमुख उद्देश्य रहेको देखिन्छ। यस्ता प्रशंसापरक तथा निन्दापरक वाक्यलाई अर्थवाद भन्दछन्। ब्राह्मणग्रन्थहरूमा कतिपय विषय कथाहरूका माध्यमबाट पनि स्पष्ट पारिएका देखिन्छन्। कतिपय पौराणिक कथाको मूल स्रोत पनि ब्राह्मणग्रन्थमा पाइन्छ।

ऋग्वेदका ऐतरेयि(य)ब्राह्मण, कौषीतकिब्राह्मण र शाङ्खायनब्राह्मण; **कृष्णयजुर्वेद**को तैत्तिरीयब्राह्मण; **शुक्लयजुर्वेद**को शतपथब्राह्मण (काण्वशाखाको र माध्यन्दिनीयशाखाको गरी दुईथरी); **सामवेद**का ताण्ड्यब्राह्मण, षड्विंशब्राह्मण, सामविधानब्राह्मण, आर्षेयब्राह्मण, देवताध्यायब्राह्मण, छान्दोग्यब्राह्मण (मन्त्रब्राह्मण), संहितोपनिषद्ब्राह्मण, वंशब्राह्मण; जैमिनीयब्राह्मण, जैमिनीयार्षेयब्राह्मण र जैमिनीयोपनिषद्ब्राह्मण तथा **अथर्ववेद**को गोपथब्राह्मण (केही भाग मात्र) अहिले उपलब्ध छन्।

आरण्यक

गुरुसित घरमा पढ्न नहुने र अरण्यमा (वनमा) गएर पढ्न पर्ने वेदका भागलाई आरण्यक भन्दछन्[2]। यस्ता वेदभाग मन्त्ररूप र ब्राह्मणरूप दुवैथरी हुन सक्छन्। तथापि प्रायः ब्राह्मणग्रन्थका वनमा पढ्नुपर्ने भाग नै आरण्यकका नामले प्रसिद्ध देखिन्छन्। त्यसैले ब्राह्मणग्रन्थभित्रै आरण्यकहरू पनि समाविष्ट भएका पाइन्छन्। आरण्यकमा यज्ञमा निहित दार्शनिक तत्त्वको मनन गर्ने पक्ष पनि पाइन्छ। आरण्यकहरूमा ऐतरेया(य्या)रण्यक, शाङ्खायनारण्यक, तैत्तिरीयारण्यक, मैत्रायणीयारण्यक र बृहदारण्यक प्रमुख छन्।

---

१. संस्कृतमा मुख्यतया जातिवाचक, ग्रन्थवाचक र विशेषणबोधक रूपमा ब्राह्मण शब्द प्रयुक्त भएको पाइन्छ।

२. • अरण्याध्ययनादेतदारण्यकमितीर्यते।
अरण्ये तदधीयीतेत्येवं वाक्यं प्रवक्ष्यते॥—सायण (तैत्तिरीय आ.भा., प्रारम्भमा, श्लो.६)।

• "अरण्यों में उपार्जित ज्ञान आरण्यक नामक विशेष ग्रंथों में उपनिबद्ध हुआ था" भन्ने भनाइ (हिंदू सभ्यता, राधाकुमुद मुखर्जी, अनु. वासुदेवशरण अग्रवाल, राजकमल प्रकाशन, सप्तम सं., पुनर्मु. सन् १९९४, पृ.१२३) नमिल्दो देखिन्छ।

उपनिषद्

जीवात्मा र परमात्माको एकता बुझाउने आरण्यकलाई वा आरण्यकको नै कुनै एक भागलाई उपनिषद् भन्ने नामले चिनाइने गरेको पाइन्छ। वेदको अन्तिम भाग वा सारभूत भित्री भाग हुनाले उपनिषद्लाई वेदान्त पनि भन्दछन्। उपनिषद्मध्ये केही मन्त्रसंहिताअन्तर्गत र केही ब्राह्मणग्रन्थअन्तर्गत पर्दछन्[1]। ईश, केन, कठ, प्रश्न, मुण्डक, माण्डूक्य, तैत्तिरीय, ऐतरेय (ऐतरेयि), छान्दोग्य र बृहदारण्यक नामका दस उपनिषद्हरू दशोपनिषद्का नामले प्रसिद्ध छन्। यिनमा आद्य शङ्कराचार्यको भाष्य (व्याख्या) पनि उपलब्ध छ। अन्य प्रसिद्ध उपनिषद्हरूमा श्वेताश्वतरोपनिषद्, कौषीतकिब्राह्मणोपनिषद्, मैत्रायणीयोपनिषद् इत्यादि प्रमुख छन्। प्रस्तुत ग्रन्थका प्रसङ्गले हेर्दा बृहदारण्यकोपनिषद्मा पतिका धनमा पत्नीहरूको अधिकार हुने कुरा आएकाले यो विषय विशेष उल्लेख्य देखिन्छ।

वेदाङ्ग

वेदको स्वरूप, प्रयोग, अर्थ र रहस्य बुझ्न सहायता पुऱ्याउने शिक्षा, कल्प, व्याकरण, निरुक्त, छन्द र ज्योतिष यी छओटा शास्त्र वेदाङ्ग (वेदका अङ्ग) वा षडङ्ग भनिन्छन्।

---

१. कतिपय आधुनिक व्यक्तिहरू वैदिक मन्त्रसंहितामा प्रतिपादित यज्ञयागादिका (कर्मकाण्डका) विरुद्धमा उपनिषद्को आध्यात्मिक चिन्तन (ज्ञानकाण्ड) उदाएको हो भन्ने ठान्दछन्। नेपालका इतिहासशिरोमणि बाबुराम आचार्यले पनि यस विषयमा टिप्पणी गर्दै यस्तो लेखेका छन्– "एकातिर वैदिक-कर्मकाण्डहरूमा अनावश्यक आडम्बरहरू चल्न थालेका थिए भने अर्कातिर उपनिषद्वादको आध्यात्मिक तत्त्वचिन्तनले कर्मकाण्डको विरुद्धमा विद्रोह गर्न प्रारम्भ गरिसकेको थियो।" (**नेपालको सांस्कृतिक परम्परा**, सम्. तथा प्रका. श्रीकृष्ण आचार्य, वि.सं.२०५४, पृ.१८)। यस्तै आशय ज्ञानमणि नेपालका लेखाइमा पनि देखिन्छ (**नेपाल निरुक्त**, नेराप्रप्र., २०४०, पृ.११६)। किन्तु सम्पूर्ण वैदिक कर्मकाण्डको सम्बन्ध आध्यात्मिक तत्त्वचिन्तनसितै रहेको हुनाले यिनका बीचमा परस्पर विरोध नभै सुसमन्वय नै भएको कुरा नेपालका र भारतका विशिष्ट विद्वान्हरूको अनुसन्धानपूर्ण शास्त्रीय व्याख्याबाट स्पष्टसँग बुझ्न सकिन्छ। त्यसंका निम्ति द्रष्टव्य केही ग्रन्थहरू यसप्रकार छन्–

(१) **वैदिकयज्ञा औपनिषदमात्मज्ञानञ्च**, शिवराज आचार्य कौण्डिन्न्यायन, विद्यावारिधि (पीएच्.डी.) उपाधिका निम्ति स्वीकृत अमुद्रित शोधप्रबन्ध, सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय, वाराणसी, सन् १९८६।

(२) **वैदिक विश्वदर्शन** (भाग ३), हरिशङ्कर जोशी, काशी हिन्दू विश्वविद्यालय, वाराणसी, सन् १९७०।

(३) **अग्निचयन**, विश्वम्भरनाथ त्रिपाठी, सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय, वाराणसी, सन् १९९०। इत्यादि।

शिक्षा

वर्ण, स्वर, मात्रा, बल, साम र सन्तान यी छ विषय[१] शिक्षाशास्त्रमा प्रतिपादित हुन्छन्[२]। यी विषयहरूको उपदेशद्वारा मुख्यतया वेदको शुद्ध उच्चारण गर्न सिकाउने शास्त्र नै शिक्षा वा शिक्षाशास्त्र हो[३]। वेदशाखासित सम्बद्ध ऋग्वेदप्रातिशाख्य, तैत्तिरीयप्रातिशाख्य, शुक्लयजुर्वेदप्रातिशाख्य इत्यादि शिक्षाग्रन्थ पाश्चात्त्यहरूका मतमा पनि विक्रम संवत् प्रारम्भ हुनुभन्दा लगभग सात-आठ सय वर्ष पुराना मानिन्छन्[४]। शिक्षाशास्त्रका याज्ञवल्क्यशिक्षा, पाणिनीयशिक्षा, नारदीयशिक्षा इत्यादि अरू धेरै ग्रन्थ पनि उपलब्ध छन्। पाँच हजार वर्षको संस्कृत वाङ्मयको इतिहासमा शिक्षाशास्त्रका सम्पूर्ण विषयहरूको प्राचीन ग्रन्थहरूकै आधारमा क्रमबद्ध र साङ्गोपाङ्ग प्रतिपादन र विवेचनासमेत समाविष्ट गरिएको पहिलो र एकमात्र ग्रन्थ कौण्डिन्न्यायनशिक्क्षा पनि यसै युगमा नेपालमा नै रचिएको र प्रकाशित पनि गरिएको छ[५]। पाश्चात्त्यहरूले संस्कृतशिक्षाशास्त्रको

---

१. शिक्षाशास्त्रअनुसार अ, आ, इ, ई ... क्, ख्, ग् इत्यादिलाई **वर्ण**; अकारादिको उदात्त, अनुदात्त वा स्वरित रूपमा गरिने उच्चारणप्रकारलाई **स्वर**; अकारादि स्वरको परिमाण-विशेषलाई **मात्रा** (ह्रस्व, दीर्घ तथा प्लुत स्वरलाई क्रमशः एकमात्र, द्विमात्र र त्रिमात्र); वर्णहरूको उच्चारण गर्ने स्थान र प्रयत्नलाई **बल**; अत्यन्त छिटो वा अत्यन्त ढिलो गरेर गरिने उच्चारणका दोषले रहित तथा माधुर्य, पदच्छेद, लय इत्यादि उच्चारणका गुणले सहित उच्चारणलाई **साम** र दुई वर्णका बीचका सन्धिलाई (वर्णको लोप वा वर्णको आगम वा वर्णको विकार वा वर्णको प्रकृतिभाव हुने योगलाई) संहिता वा **सन्तान** भन्छन्।

२. • **शीक्षां व्याख्यास्यामः। वर्णः स्वरः। मात्रा बलम्। साम सन्तानः। इत्युक्तः शीक्षाध्यायः।**
—तैत्तिरीयारण्यक ७।२।१ (तैत्तिरीयोपनिषद् १।२।१)।

• **वर्णानाञ्च स्वराणाञ्च मात्राया बलसाम्ययोः।**
पदान्ताऽऽद्योः संहिताया विचारो यत्र लभ्यते॥
तत्सम्बद्धाश् चाऽपरेऽपि विषया यत्र वर्णिताः।
भवन्ति सा हि प्रथमा विद्या शिक्क्षेति भाषिता॥—कौ.शि.१।२-३ (पृ.८९)।

३. संस्कृतमा शिक्षा वा शिक्षाशास्त्र भनेर व्यवहार गरिएका शास्त्रलाई आजभोलि ध्वनिविज्ञान वा वर्णोच्चारणविज्ञान (Phonetics) भन्ने गरिएको छ। आजभोलि शिक्षा वा शिक्षाशास्त्र भनेर व्यवहार गरिएको शास्त्रलाई शिक्षणशास्त्र (Pedagogy) भन्नु उचित देखिन्छ। संस्कृतशिक्षाशास्त्रमा शिक्षणशास्त्रसँग अर्थात् सिक्ने-सिकाउने कुरासित सम्बन्ध राख्ने आधुनिक विद्यासित सम्बन्ध भएका मानिने कतिपय कुराहरू पनि प्रसङ्गात् आएका छन्।

४. अतः "ती सबै (शिक्षाका) ग्रन्थहरू धेरै पछाडिका हुन्" भन्ने भनाइ (**हिन्दू सामाजिक संगठनको प्रारूप**, वासु बराल, साझा प्र., द्वि.सं.२०५०, पृ.२१६) निराधार देखिन्छ।

५. यस ग्रन्थमा अहिलेसम्म प्राप्त मुद्रित तथा अमुद्रित सबै प्रातिशाख्य र संस्कृतशिक्षाग्रन्थहरूको समीक्षापूर्ण सार ११५८ कारिकाहरूमा (श्लोकहरूमा) प्रतिपादन गर्नुका साथै कारिकाहरूको प्रमाणवचनहरूसहित संस्कृतमै व्याख्या पनि

अध्ययन गरेपछि त्यसैका आधारमा आधुनिक ध्वनिविज्ञानको विकास गरेको तथ्य सबैले स्वीकार गरेका छन्।

कल्प

वेदविहित कर्महरूको आनुपूर्वीको (प्रयोगका क्रमको) कल्पनाद्वारा वैदिक यज्ञको वा कर्मकाण्डको प्रयोगलाई व्यवस्थित रूपमा देखाउने शास्त्र नै कल्प वा कल्पशास्त्र भनिन्छ[1]। यसका प्रमुख दुई विभाग छन्। अग्न्याधान, अग्निहोत्र, दर्शपूर्णमास, चातुर्मास्य इत्यादि श्रौत (वैदिक) कर्मका (यज्ञका) प्रयोग देखाउने शाङ्खायन, आश्वलायन, आपस्तम्ब, कात्यायन, लाट्यायन, द्राह्यायण इत्यादि मुनिले रचेका **श्रौतसूत्र**हरू र पाकयज्ञ, संस्कार तथा श्राद्ध इत्यादिको प्रयोग देखाउने शाङ्खायन, आश्वलायन, आपस्तम्ब, पारस्कर[2] गोभिल इत्यादि मुनिले रचेका **गृह्यसूत्र**हरू कल्पशास्त्रभित्र पर्दछन्[3]। साथै दिवङ्गत व्यक्तिका और्ध्वदेहिक क्रियाको प्रतिपादन गर्ने **पितृमेधसूत्र**हरू पनि कल्पशास्त्रभित्रै पर्दछन्। श्रौतसूत्रहरू पाश्चात्त्य संस्कृतज्ञहरूका मतमा पनि विक्रम संवत् प्रारम्भ हुनुभन्दा लगभग आठ-नौ सय वर्ष पुराना मानिन्छन्।

व्याकरण

प्रकृतिप्रत्ययहरूको कल्पना र तिनमा वर्णहरूको लोप, आगम, विकार र प्रकृतिभावको प्रदर्शनद्वारा पदस्वरूप तथा त्यसको अर्थसम्बन्धादिको निरूपण गरी वाक्यको र वाक्यार्थको सम्बन्धको व्याख्या गर्ने शास्त्र व्याकरण भनिन्छ[4]।

गरिएको देखिन्छ। यस ग्रन्थमा कतिपय पाश्चात्त्य र भारतीय विद्वान्हरूका शिक्षाशास्त्रसम्बन्धी त्रुटिपूर्ण प्रतिपादनको समीक्षा पनि प्रस्तुत गरिएको पाइन्छ। यो ग्रन्थ वाराणसीको सम्पूर्णानन्द संस्कृत विश्वविद्यालयबाट वाचस्पति (डी.लिट्.) उपाधिका लागि स्वीकृत भएको देखिन्छ (रचयिता– शिवराज आचार्य कौण्डिन्न्यायन, प्रकाशक– स्वाद्ध्यायशाला, लाजिम्पाट, काठमाडौं, वि.सं.२०४९)।

१. "कल्पो वेदविहितानां कर्मणामानुपूर्व्येण कल्पनाशास्त्रम्"– विष्णुमित्रद्वारा रचित वर्गद्वयवृत्ति (द्र.– ऋग्वेदप्रातिशाख्य, उवटभाष्यसहित, काशी हिन्दू विश्वविद्यालय, सन् १९७०, चौथो सूत्रको व्याख्यामा, पृ.२४)।

२. अधिकांश नेपाली ब्राह्मणहरू माध्यन्दिनीय-वाजसनेयि-शुक्लयजुर्वेद-शाखाका अध्येता भएकाले यस शाखाको गृह्यसूत्र पारस्करगृह्यसूत्र नै हाम्रा सदाचारकर्म, व्रतबन्ध-विवाहादि-संस्कारकर्म र श्राद्धकर्महरूको मुख्य आधारग्रन्थ हो।

३. कतिपय लेखकले धर्मसूत्रलाई पनि कल्पशास्त्रकै एउटा भेद मानेका छन् तापनि धर्मसूत्रहरू धर्मशास्त्रनामक वेदोपाङ्गभित्र पर्ने हुनाले यिनलाई वेदाङ्गअन्तर्गत गणना गर्न उचित देखिँदैन। धर्मसूत्रहरूमा मनुस्मृति-याज्ञवल्क्यस्मृतिहरूमा जस्तै सदाचार, व्यवहार र प्रायश्चित्तका कुराहरू मुख्य रूपमा प्रतिपादित भएकाले यिनमा कल्पशास्त्रको प्रमुख लक्षण राम्ररी समन्वित हुँदा पनि हुँदैन।

४. द्र.– **वैदिक धर्म मूल रूपमा**, प्र.सं.२०४५, पृ.१३; द्वि.सं.२०६२, पृ.१६०।

संस्कृत व्याकरणमा पाश्चात्त्यहरूका मतमा पनि विक्रम संवत् प्रारम्भ हुनुभन्दा पूर्व पाँचौं शताब्दीतिरका मानिएका पाणिनिको व्याकरण (अष्टाध्यायी) बढी प्रचलित र वेदाङ्गका रूपमा मान्यताप्राप्त देखिन्छ। यसमा आठ अध्याय, प्रत्येक अध्यायमा चार पाउ (जम्मा ३२ पाउ) र तिनमा जम्माजम्मी ४००० भन्दा केही कम सूत्रहरू छन्। कात्यायनको वार्तिकद्वारा र पतञ्जलिको भाष्यद्वारा यसको विस्तृत र समालोचनात्मक व्याख्या भएपछि यसको बढी महत्त्व, प्रामाणिकता र प्रचार भएको बुझिन्छ[1]। संसारका विभिन्न भाषाका व्याकरणहरूमध्ये संस्कृत भाषाको पाणिनीय व्याकरण अत्यन्त वैज्ञानिक र मानवीय उच्चतम मस्तिष्कको प्रतिफल भएको कुरा अहिले विश्वले नै निर्विवाद रूपमा स्वीकार गरिसकेको छ।

निरुक्त

व्याकरणले व्युत्पत्ति देखाउन नसकेका पदहरूको र देवतावाचक पदहरूको समेत निर्वचन गर्ने शास्त्र निरुक्त भनिन्छ। निरुक्त निर्वचनविज्ञान, भाषाविज्ञान र शब्दार्थविज्ञानको प्राचीनतम ग्रन्थ हो। विश्वको सर्वप्राचीन शब्दकोषका रूपमा रहेको निघण्टुकै व्याख्या निरुक्तले गर्ने हुँदा निघण्टुसमेत निरुक्तनामक वेदाङ्गभित्रै पर्ने देखिन्छ। यास्कमुनिद्वारा प्रणीत निरुक्तको समय आधुनिक विचारकहरूले विक्रम संवत् प्रारम्भ हुनुभन्दा प्रायः ८०० वर्षपूर्व मानेको देखिन्छ। निरुक्तले लगभग ६०० ऋचाहरूको व्याख्यासमेत गरेकाले वेदको अर्थ बुझ्न निरुक्त अत्यन्त सहायक हुने मानिन्छ। १२ अध्यायमा विभाजित निरुक्तमा नैघण्टुक काण्ड, नैगम काण्ड र दैवत काण्ड गरी तीन काण्ड छन्। परिशिष्ट रूपका अरू २ अध्याय पनि यसमा संलग्न छन्। यस ग्रन्थका सन्दर्भमा हेर्दा निरुक्तले पैतृक सम्पत्तिमाथि छोरीको अधिकारका विषयमा व्यापक छलफल गरेर निष्कर्ष दिएको हुनाले निरुक्तको यो विषय विशेष मननीय हुन आएको छ। सातौं शताब्दीतिरका दुर्ग सिंहले रचना गरेको निरुक्तको व्याख्या (वृत्ति) पूर्ण रूपमा उपलब्ध छ।

छन्द

गलाको स्वरको परिमाणविशेषलाई छन्द भनिन्छ। मा, प्रमा, प्रतिमा, गायत्री, उष्णिक्, अनुष्टुप् इत्यादि छन्दहरू वैदिक ऋचामा प्रयुक्त देखिन्छन्। वैदिक छन्दहरूबाटै अनुष्टुप् (श्लोकवृत्त), इन्द्रवज्रा, उपेन्द्रवज्रा, वंशस्थ, वसन्ततिलका इत्यादि लौकिक वृत्तहरूको विकास भएको बुझिन्छ[2]। यिनै

---

१. पाणिनिपछिका शर्ववर्माको कातन्त्रव्याकरण, चन्द्रगोमीको चान्द्रव्याकरण, देवनन्दीको (जिनेन्द्रबुद्धिको) जैनेन्द्रव्याकरण, पाल्यकीर्तिको जैनशाकटायनव्याकरण, राजा भोजको सरस्वतीकण्ठाभरण, हेमचन्द्रको सिद्धहैमानुशासन इत्यादि व्याकरणग्रन्थ पनि संस्कृतमा उपलब्ध छन्।

२. कतिपय व्यक्तिहरू छन्द र वृत्तको परिभाषामा र तिनका भेदमा भ्रान्त वा संशयग्रस्त भैरहेको पनि देखिन्छ। छन्द र वृत्तको स्पष्ट परिभाषा नेपाली भाषामा सर्वप्रथम

छन्दहरूको र वृत्तहरूको प्रतिपादन गर्ने शास्त्र छन्द वा छन्दःशास्त्र भनिन्छ। वैदिक तथा लौकिक दुवैथरी छन्दहरूको प्रतिपादन गरिएको पिङ्गल मुनिद्वारा प्रणीत छन्दःसूत्र यस विषयको स्वतन्त्र ग्रन्थ हो। यसमा आठ अध्याय छन् र अध्यायभित्र सूत्रहरू छन्। पिङ्गलको समय आधुनिक विचारकका मतमा विक्रम संवत् आरम्भ हुनुभन्दा लगभग ८०० वर्षजति अघिको हो भन्ने मानिएको छ। पद्यबद्ध रचना स्वर मिलाएर (भाका हालेर) वाचन गर्न पनि लौकिक छन्द-वृत्तहरूको ज्ञान आवश्यक हुन्छ।

ज्योतिष

सूर्यको र चन्द्रको गतिको तथा नक्षत्र, तिथि, पक्ष, मास, ऋतु, अयन, संवत्सर (वर्ष), युग इत्यादि कालविशेषको निरूपण गर्ने शास्त्र ज्योतिष भनिन्छ। यो वेदाङ्ग कालानुपूर्व (तीती कालमा गर्नुपर्ने र तीती कालअनुसारको) यज्ञको विधान बुझ्नका निम्ति आवश्यक देखिन्छ। वेदाङ्गज्योतिषका लगध मुनिद्वारा रचित आर्चवेदाङ्गज्योतिष र याजुषवेदाङ्गज्योतिष तथा अज्ञातकर्तृक (अज्ञात व्यक्तिद्वारा रचिएको) आथर्वणज्योतिष यी तीन ग्रन्थ अहिले पनि पाइन्छन्। लगधको काल आधुनिक विचारकहरूले पनि विक्रम संवत् आरम्भ हुनुभन्दा पूर्व चौधौँ शताब्दीतिर मानेको देखिन्छ[1]।

लगध मुनिद्वारा प्रणीत वेदाङ्गज्योतिषका र आजभोलि प्रचलित सिद्धान्तज्योतिषका कालगणनासिद्धान्तमा धेरै अन्तर भएको, भारतमा यवनहरूको आक्रमण भएपछि उनीहरूका ज्योतिषविद्याबाट यहाँको मौलिक वेदाङ्गज्योतिषानुसारी कालगणनापद्धति ओझेलमा परेको, त्यसपछि रचिएका आर्यभटीय, सूर्यसिद्धान्त, ब्राह्मस्फुटसिद्धान्त, सिद्धान्तशिरोमणि इत्यादि भारतीय सिद्धान्तज्योतिषका ग्रन्थहरूमा यवनहरूको ज्योतिषविद्याको धेरै प्रभाव परेको, यसरी प्रभाव पर्नुभन्दा पहिले नै भारतको वैशालीबाट नेपाल प्रवेश गरेका लिच्छविहरूले नेपालमा वेदाङ्गज्योतिषानुसारी कालगणनापद्धति चलाएको र त्यो पद्धति मल्लकालसम्म पनि प्रचलित रहेको देखिन्छ[2]।

वृत्तनक्षत्रमाला (छन्दोग्रन्थ) भन्ने ग्रन्थमा दिइएको देखिन्छ (शिवराज आचार्य, काठमाडौँ, वि.सं.२०२८, प्रस्तावना, पृ. [क]–[ख])।

१. द्र.– भारतीय ज्योतिष, शङ्कर बालकृष्ण दीक्षित, अनु. शिवनाथ झारखण्डी, प्रका. हिन्दी समिति, उत्तर प्रदेश शासन, लखनऊ, तृ.सं., सन् १९७५, पृ.१२२।

२. यी र यस्ता धेरै अनुसन्धानपूर्ण नयाँ तथ्यहरू स्वाद्ध्यायशालाकुटुम्बद्वारा विगत दश-बाह्र वर्षदेखि प्रकाशमा आइरहेका देखिन्छन् (द्र.– **वैदिक धर्म मूल रूपमा**, द्वि.सं.२०६२, पृ.१६३–१६५)। साथै यस कुटुम्बको हालै मात्र प्रकाशित वेदाङ्गज्योतिषको विस्तृत र विवेचनात्मक संस्कृत तथा हिन्दी व्याख्यामा पनि उक्त तथ्यहरू स्पष्ट पारिएका देखिन्छन् (चौखम्वा विद्याभवन, वाराणसी, सन् २००५)।

लौकिक कार्यका निम्ति कालगणना गर्दा पनि ज्योतिषशास्त्रको उपयोग गरिने हुनाले यस शास्त्रको लोकव्यवहारसित अत्यन्त बढी सम्बन्ध रहेको देखिन्छ। कुनै विषयमा मुद्दा हाल्दा तयार गरिने आवेदनपत्रमा (भाषापत्रमा) वर्ष, महिना, पक्ष (शुक्लपक्ष वा कृष्णपक्ष) र तिथिको उल्लेख गर्नुपर्ने कुरा याज्ञवल्क्यका विधिसंहितामै बताइएको छ[1]।

उपाङ्ग

वेदका उपाङ्गहरूको (वेदोपाङ्गहरूको) उल्लेख विभिन्न ग्रन्थहरूमा पाइन्छन्। शौनकीयचरणव्यूहसूत्रमा **प्रतिपद, अनुपद, छन्दोभाषा, धर्मशास्त्र, मीमांसान्याय र तर्क** यी छ उपाङ्गहरू उल्लिखित छन्[2]। यी उपाङ्गहरूमध्ये धर्मशास्त्र तथा मीमांसान्याय मात्र प्रसिद्ध र प्रस्तुत ग्रन्थका सन्दर्भमा प्रासङ्गिक भएकाले यिनैको संक्षिप्त परिचय तल दिइन्छ।

धर्मशास्त्र

वेदलाई श्रुति र धर्मशास्त्रलाई स्मृति भन्दछन्[3]। स्मृतिहरू विभिन्न प्रकृतिका र विभिन्न कोटिका छन्। वेदाङ्ग, वेदोपाङ्ग र पुराणलाई समेत स्मृति भनेर व्यवहार गरिएको पनि पाइन्छ। वेदाङ्गस्मृतिको विशिष्ट महत्त्व भएकाले यसलाई महास्मृति र अरूलाई अनुस्मृति पनि भनिएको देखिन्छ। तथापि वेदाङ्गबाहेकका धर्मसूत्रलाई, मनुस्मृति, याज्ञवल्क्यस्मृति इत्यादि स्मृतिलाई र अग्निपुराण, कूर्मपुराण इत्यादि पुराणलाई तथा अन्य यस्तै ग्रन्थलाई मात्र धर्मशास्त्रअन्तर्गत मान्ने गरिएको देखिन्छ। यो धर्मशास्त्ररूप उपाङ्ग कल्पशास्त्ररूप अङ्गको अनुगामी मानिएको छ। धर्मशास्त्रअन्तर्गतका स्मृतिहरूको संक्षिप्त परिचय तल प्रस्तुत गरिन्छ।

धर्मसूत्र

श्रौत (वैदिक) यज्ञमा र गृह्य कर्महरूमा (पाकयज्ञ, गर्भाधानादि संस्कार र श्राद्धादि कर्महरूमा) अपेक्षित सदाचारको र वर्णाश्रमधर्मको प्रतिपादन गरिएका गद्यरूप सूत्रविशेष (शास्त्रविशेष) धर्मसूत्र भनिन्छन्। यी ग्रन्थ मनुस्मृति, याज्ञवल्क्यस्मृति इत्यादिजस्तै भएकाले धर्मशास्त्रभित्र पर्दछन्। वेदका प्रत्येक शाखाका धर्मसूत्र हुने भए पनि अहिले वसिष्ठ, आपस्तम्ब, बौधायन[4],

---

१. प्रत्यर्थिनोऽग्रतो लेख्यं यथाऽऽवेदितमर्थिना।
समा-मास-तदर्धा-ऽहर्-नाम-जात्यादि-चिह्नितम्॥—याज्ञवल्क्यस्मृति २।६।

२. तथा प्रतिपदमनुपदं छन्दोभाषा धर्मो मीमांसान्यायस् तर्क इत्युपाङ्गानि।—यजुर्वेद. पृ.३२।

३. श्रुतिस् तु वेदो विज्ञेयो धर्मशास्त्रं तु वै स्मृतिः।—मनुस्मृति २।१०।

४. बोधायन मुनिका श्रौतसूत्र, गृह्यसूत्र, पितृमेधसूत्र, धर्मसूत्र र शुल्बसूत्रलाई बोधायनश्रौतसूत्र, बोधायनगृह्यसूत्र इत्यादि नामले उल्लेख गर्ने गरिएको पनि हुन सक्छ। त्यसैले **'बोधायनस्य (बोधायनको) गृह्यसूत्रम्'** यस्ता व्युत्पत्तिका आधारमा होला

विष्णु[1], वैखानस, गौतम इत्यादि मुनिका नामका मात्र केही धर्मसूत्र उपलब्ध छन्। धर्मसूत्रहरूमा स्त्रीधन र सम्पत्तिका उत्तराधिकारका विषयहरू पनि आएका छन्। धेरैजसो धर्मसूत्रहरू आधुनिक विचारकहरूका मतमा विक्रमपूर्व लगभग ३०० देखि ६०० वर्षसम्म पुराना मानिएका छन्।

स्मृति

स्मृति, स्मृतिसंहिता वा धर्मसंहिता भन्नाले मनुस्मृति, याज्ञवल्क्यस्मृति इत्यादि पद्यबद्ध स्मृतिहरू बुझिन्छन्। स्मृतिलाई धर्मशास्त्र पनि भन्दछन्। वेदका विभिन्न शाखाहरूमा छरिएर रहेका वर्णाश्रमधर्मसम्बन्धी, व्यवहारसम्बन्धी र प्रायश्चित्तसम्बन्धी विषयहरूको सङ्ग्रह स्मृतिहरूमा क्रमबद्ध रूपले गरिएको पाइन्छ। स्मृतिपुराणादिका वेदमूलक कुरा मात्र प्रमाण मानिन्छन्, त्यहाँ वेदविरुद्ध केही कुरा आएका खण्डमा तिनलाई वैदिक धर्ममा प्रमाण मानिँदैन[2]। केही प्रमुख स्मृतिहरूको संक्षिप्त परिचय तल दिइन्छ।

मनुस्मृति

ब्रह्माजीद्वारा प्रणीत[3] मनुद्वारा उपदिष्ट[4] तथा भृगुद्वारा प्रोक्त[5] स्मृतिलाई मनुस्मृति मानिएको छ। धर्मशास्त्रप्रवर्तक मनुको नाम वेद, पुराण, रामायण र महाभारतमा पनि आएको छ। मनुस्मृतिलाई स्मृतिहरूमध्ये सर्वाधिक प्रामाणिक र महत्त्वपूर्ण मानिन्छ। यस स्मृतिमा १२ अध्याय र २६८४ श्लोक छन्[6]। मनुस्मृतिमा

बोधायनगृह्यसूत्रम् भन्ने नामले ग्रन्थ प्रकाशित गरिएको पनि देखिन्छ। तथापि **'बोधस्य गोत्रापत्यं युवा** (बोधका गोत्रज युवा सन्तति)' यस्ता व्युत्पत्तिका आधारमा मुनिकै नाम बौधायन (बोध+इञ्+फक् [आयन]) भएको पनि हुन सक्ने देखिन्छ। धेरैजसो स्थानमा मुनिकै नाम बौधायन भनेर उल्लेख गरिएको पाइन्छ। त्यसैले प्रायः बौधायनश्रौतसूत्र, बौधायनगृह्यसूत्र इत्यादि प्रकारले ग्रन्थहरूको नाम ग्रहण गर्ने गरिएको देखिन्छ।

१. विष्णुधर्मसूत्र गद्य र पद्यको मिश्रणले युक्त भएकाले यसलाई कतै धर्मसूत्र र कतै स्मृति भनिएको देखिन्छ। अन्य धर्मसूत्रहरूमा त कताकति मात्र पद्यहरू छन्।

२. स्मृतिः पुराणमन्यद् वा तन्त्रं वा शास्त्रमेव च।
तन्मूलत्वे प्रमाणं स्यान् नाऽन्यथा तु कदाचन॥–देवीभागवत ११।१।२८–२९।

३. सुरुमा यो स्मृति ब्रह्माजीले बनाएर मनुलाई पढाएको कुरा मनुस्मृतिमै (१।५८) उल्लिखित छ।

४. यो स्मृति मनुले महर्षिहरूलाई धर्मोपदेशका रूपमा सुनाएको कुरा मनुस्मृतिमा नै (१।१–४, १।११८ इत्यादि) उल्लिखित छ।

५. मनुबाट सुनेर भृगुले अरू ऋषिहरूलाई यस स्मृतिको प्रवचन गरेको कुरा मनुस्मृतिमै (१।५९, ६०, ११९ इत्यादि) बताइएको छ।

६. कुल्लूक भट्टले व्याख्या गरेको मनुस्मृतिका पाठमा २६८४ श्लोक छन्। मेधातिथिको प्राप्त मनुभाष्यमा भने १३ श्लोक कम छन्।

सृष्टि, संस्कार, आचार, आश्रमधर्म, राजधर्म, व्यवहारनिर्णय, वर्णजातिविचार, आपद्धर्म, प्रायश्चित्त, जीवगति, कर्ममार्ग र मोक्षमार्गसमेतका विषयहरूको प्रतिपादन गरिएको छ। आधुनिक विचारकहरूले मनुस्मृतिको वर्तमान रूपलाई विक्रमपूर्व लगभग २०० वर्षसम्म पुरानो मानेको देखिन्छ। यस स्मृतिका व्याख्याहरूमा मेधातिथिको मनुभाष्यनामक व्याख्या (नवौँ शताब्दी) र कुल्लूक भट्टको मन्वर्थमुक्तावलीनामक व्याख्या (तेह्रौँ शताब्दी) बढी प्रसिद्ध छन्[1]।

याज्ञवल्क्यस्मृति

मिथिलामा बसेर याज्ञवल्क्यद्वारा उपदेश गरिएका[2] विषयलाई लिएर उनकै शिष्य-प्रशिष्य-परम्पराकै कुनै मुनिले रचेको स्मृति याज्ञवल्क्यस्मृतिका नामले प्रसिद्ध छ[3]। यो स्मृति मनुस्मृतिभन्दा संक्षिप्त किन्तु परिष्कृत देखिन्छ। यसमा लगभग १००० श्लोकहरू छन्। याज्ञवल्क्यस्मृतिको रचनाकाल आधुनिक विचारकहरूका मतमा विक्रम संवत्को प्रारम्भ भएपछि लगभग १०० देखि ३०० वर्षभित्र मानिएको छ। यसमा आचाराध्याय, व्यवहाराध्याय र प्रायश्चित्ताध्याय गरी तीन अध्याय छन्। यो स्मृति शुक्लयजुर्वेदीहरूका निम्ति मनुस्मृतिभन्दा पनि बढी मान्य र अरूका निम्ति मनुस्मृतिपछि दोस्रो मान्य स्मृतिका रूपमा लिइन्छ। यस स्मृतिका टीकाहरूमा (व्याख्याहरूमा) मेधातिथिभन्दा पनि अधिका विश्वरूपको बालक्रीडा टीका (नवौँ शताब्दी), विज्ञानेश्वर भट्टारकको ऋजुमिताक्षरा (मिताक्षरा) टीका (बाह्रौँ शताब्दी) र राजा शिलाहार अपरार्कका नामले रचिएको अपरार्कटीका (बाह्रौँ शताब्दी) बढी प्रसिद्ध छन्। व्यवहारनिर्णयका निम्ति मिताक्षरा टीका भारतवर्षका बङ्गाली र आसामीबाहेक सम्पूर्ण वैदिकधर्मावलम्बीहरूका निम्ति मान्य रहेको बुझिन्छ। मिताक्षराको पनि बालम्भट्टी नामको टीका (व्याख्या) (अठारौँ-उन्नाइसौँ शताब्दी) उपलब्ध छ।

नारदस्मृति

नारदस्मृतिलाई नारदीयमनुस्मृति वा नारदसंहिता[4] पनि भन्दछन्। यस स्मृतिका लघु (थोरै श्लोक भएको) र वृद्ध (बृहद्, धेरै श्लोक भएको) दुई पाठ

---

१. मनुस्मृतिका अन्य व्याख्याहरूमा भारुचि (मेधातिथिभन्दा पनि प्राचीन), गोविन्दराज, सर्वज्ञनारायण, राघवानन्द, नन्दन र रामचन्द्र पनि उल्लेखनीय छन्।

२. द्र.– याज्ञवल्क्यस्मृति १।१–२।

३. मिथिलाको आधुनिक केन्द्र जनकपुर पुरानो जनकपुर भएकै स्थानमा विकसित भएको र यो नेपाल देशअन्तर्गत पर्ने भएकाले याज्ञवल्क्यस्मृतिकारलाई नेपाली मानेर स्वाद्ध्यायशालाकुटुम्बद्वारा प्रकाशित कतिपय-नैपाल-संस्कृतग्रन्थकार-परिचय भन्ने ग्रन्थमा उनको परिचय समाविष्ट गरिएको देखिन्छ (वि.सं. २०४८, पृ.१)।

४. जगदीशचन्द्र रेग्मीद्वारा रचित नेपालको वैधानिक परम्परा (पा.वि.के., त्रि.वि.वि., २०३६) भन्ने ग्रन्थमा डिल्लीरमण रेग्मीको मेडिईवल् नेपाल् (Medieval Nepal, Part I,

छन्। यसका लघुपाठमा लगभग ८७७ श्लोक छन्[1]। यसमा व्यवहारका[2] अर्थात् न्यायपद्धतिका र न्यायनिरूपणका विषय मात्र प्रतिपादित छन्। त्यसैले हिन्दु विधिसंहिताहरूमा यस स्मृतिको महत्त्वपूर्ण स्थान रहेको छ[3]। यसमा लेनदेन, नासो, सहकारिता (साझेदारी), किनबेच, सीमानिर्णय, स्त्रीपुरुषसम्बन्ध, अंशबण्डा, गालीबेइज्जती, चोरी इत्यादि विषय प्रतिपादित छन्। आधुनिक विचारकहरूका मतमा नारदस्मृतिलाई विक्रम संवत्को लगभग पहिलो शताब्दीसम्म पुरानो मानिएको देखिन्छ। यस स्मृतिको सम्पूर्ण भागमा भवस्वामीको र केही भागमा असहायको व्याख्या पनि पाइन्छ। नेपालमा मल्लकालमा यही स्मृति शासकहरूका व्यवहारमा रहेको थियो[4]। स्थिति मल्लका (जयस्थिति मल्लका) [शासनकाल वि.सं.१४३७–१४५२] मन्त्री जयतका आज्ञानुसार मणिकले यस स्मृतिको नेपालभाषामा (नेवारी भाषामा) न्यायविकासिनी नामको टीका (अनुवाद) लेखेका

Calcutta, 1965) भन्ने ग्रन्थका आधारमा लेखिएका "'नारदसंहिता' (मनुस्मृतिको नारदले लेखेको टीका)..." भन्ने कुरा (पृ.१३४) र "'नारदसंहिता' (मानवन्यायशास्त्र)को विशेष महत्त्व देखिन्छ। मनुस्मृतिमा नारदले गरेको टीका व्याख्याको यो पुस्तक..." भन्ने कुरा (पृ.१३४–१३५) वस्तुस्थितिका अत्यन्त विपरीत देखिन्छन्। नारदसंहिता वा नारदस्मृति मनुस्मृतिका आधारमा व्यवहारका विषयलाई मात्र लिएर रचिएको एउटा स्वतन्त्र प्राचीन स्मृतिग्रन्थ हो, टीकाग्रन्थ वा व्याख्याग्रन्थ हैन। त्यसैले डिल्लीरमण रेग्मीका "A commentary of Nārada on the work of Manu called Mānavanyāyaśāstra rendered into Newārī for Mantrindra (Chief Minister) Jayata in the reign of Jaya Sthitimalla." भन्ने भनाइ (p. 638) र "Nāradasaṁhitā, a commentary on Manu's work (Mānavanyāya-śāstra)..." भन्ने भनाइ (p. 340, द्र.– p. 367) पनि भ्रमपूर्ण देखिन्छन्।

१. द्र.– नारदीयमनुस्मृति, स्मृतिसन्दर्भ, प्रथम भाग, मनसुखराय मोर, कलकत्ता, सन् १९५२, पृ.२५०–३३५।

२. यसै ग्रन्थका ४०औँ र ४१औँ पृष्ठ पनि हेर्नुहोस्।

३. धर्मशास्त्रका रूपमा भने यो स्मृति विशेष मान्य नभएको र अर्थशास्त्रका (राजनीतिशास्त्रका) रूपमा मात्र मान्य भएको तथा धर्मशास्त्रसित विरोध पर्दा यो स्मृति अमान्य हुने मानिएको बुझिन्छ (द्र.– वैदिक धर्म मूल रूपमा, द्वि.सं.२०६२, पृ.१७१)।

४. रेवतीरमण खनालले त्यति बेला मनु, याज्ञवल्क्य, नारद इत्यादिका स्मृतिका आधारमा नवीन रचनाका रूपमा सङ्ग्रह वा सम्पादन गरी नयाँ मानवन्यायशास्त्र रचिएको र त्यसैलाई नारदसंहिता पनि भन्ने गरिएको कुरा लेखेका छन् (नेपालको कानूनी इतिहासको रूपरेखा, २०५९, पृ.१, ४३, ४४)। किन्तु जयस्थिति मल्लका शासनकालमा मूल नारदस्मृति (नारदीयमनुस्मृति) वा नारदसंहिताको नेपाल(नेवारी)भाषामा टीका (अनुवाद) मात्र गराइएको र त्यसैलाई मानवन्यायशास्त्र भनिएको हो, मूल ग्रन्थको रचना वा सम्पादन गराइएको होइन। यो कुरा कतिपय-नैपालसंस्कृतग्रन्थकार-परिचय भन्ने ग्रन्थमा (स्वाद्ध्यायशाला, २०४८, पृ.६–७) पनि स्पष्ट गरिएको पाइन्छ। तथापि यस विषयमा अझै पनि धेरै अन्वेषक र अनुसन्धाताहरूले यथार्थ वस्तुस्थितिलाई हृदयङ्गम गर्न नसकिराखेको देखिन्छ।

थिए। त्यो ग्रन्थ अहिले मुद्रित पनि भैसकेको छ[1]। किन्तु त्यसको प्रारम्भको केही भाग टुटेको छ।

बृहस्पतिस्मृति

याज्ञवल्क्यस्मृतिमा बृहस्पतिलाई धर्मशास्त्रकारका रूपमा उल्लेख गरिएको छ[2]। अहिले बृहस्पतिस्मृति भनेर प्रकाशित सानो (जम्मा ८० श्लोक भएको) स्मृतिमा[3] व्यवहारसम्बन्धी विषय छैनन्। व्यवहारसम्बन्धी विषयहरूसमेत भएको बृहस्पतिस्मृति भने अहिले पूर्ण रूपमा उपलब्ध छैन। तथापि मिताक्षरा, अपरार्क, व्यवहारकल्पतरु (कृत्यकल्पतरुको व्यवहारकाण्ड), दायभाग, स्मृतिचन्द्रिका, मन्वर्थमुक्तावली, विवादरत्नाकर, सरस्वतीविलास, पाराशरमाधवीय, वीरमित्रोदय इत्यादि धर्मशास्त्रीय व्याख्याग्रन्थहरूमा र निबन्धग्रन्थहरूमा बृहस्पतिका धेरै नै वचन उल्लिखित देखिन्छन्। यिनै ग्रन्थहरूबाट बृहस्पतिका ७११ श्लोक जुलिअस् जॉलीले (Julius Jolly) एकत्रित गरेको उल्लेख पाण्डुरङ्ग वामन काणेले गरेका छन्[4]। उनको उल्लेखअनुसार यस स्मृतिमा मुख्य रूपले व्यवहारसम्बन्धी (मुद्दामामिलासम्बन्धी) सिद्धान्त र परिभाषा सुन्दर ढङ्गले प्रतिपादित छन्।

बार्हस्पत्यमनुस्मृति पनि भनिने यस स्मृतिका वचनहरूको के.वी. रङ्गस्वामी आयङ्गरले गरेको सङ्ग्रह **बृहस्पतिस्मृति** भन्ने नामले बडोदा राजकीय प्राच्यविद्या विमर्शालयबाट वि.सं. १९९८मा प्रकाशित भएको छ। त्यसमा व्यवहार, संस्कार, आचार, श्राद्ध, आशौच, आपद्धर्म र प्रायश्चित्त विषयका काण्डहरू (प्रकरणहरू) छन्। व्यवहारकाण्डमा जम्मा १२७१ श्लोकहरू सङ्कलित छन्। यस काण्डमा २० व्यवहारपदका प्रकरणहरू छन्, जसमा मनुस्मृतिमा (८।४–७) उल्लिखित १८ व्यवहारपदहरूमध्ये[5] स्वामिपालविवाद भन्ने व्यवहारपदको प्रकरणचाहिँ छैन। मनुस्मृतिमा उल्लेख नगरिएका **अभ्युपेत्याऽशुश्रूषा** (सेवा गर्ने सम्झौता

---

१. न्यायविकासिनी (मानवन्यायशास्त्र), सम्. शान्तहर्ष वज्राचार्य, नेपालभाषापरिषद्, २०४४।

२. द्र.– याज्ञवल्क्यस्मृति १।४–५ (द्र.– यसै ग्रन्थको २७औं पृष्ठको तेस्रो टिप्पणी)।

३. आनन्दाश्रम(पुना)का संस्करणमा ८० श्लोक छन् (स्मृतिसमुच्चय, द्वि.सं., सन् १९२९) भने मनसुखराय मोर(कलकत्ता)का संस्करणमा ८१ श्लोक छन् (स्मृतिसन्दर्भ, तृतीय भाग, सन् १९५२)।

४.• धर्मशास्त्र का इतिहास, प्रथम भाग, पृ.५७।

• ज्ञाइन्द्रबहादुर श्रेष्ठले पनि हिन्दू विधिशास्त्र र नेपालको कानूनी व्यवस्था भन्ने ग्रन्थमा (तृ.सं.२०५६, पृ.३५) काणेको उल्लेखका आधारमा ७११ श्लोकको सङ्कलनको मात्र चर्चा गरेका छन्। के.वी.रङ्गस्वामीले सङ्कलन गरेको बृहस्पतिस्मृतिको (वि.सं. १९९८) उल्लेख गरेका छैनन्। काणेको धर्मशास्त्र का इतिहास भन्ने ग्रन्थमा (प्रथम भाग, पृ.५७) बृहस्पतिस्मृतिको यस संस्करणको उल्लेख छैन।

५. अठार प्रकारका व्यवहारपदहरूको परिचय यसै ग्रन्थको ४१औं पृष्ठमा दिइएको छ।

गरिसकेपछि सेवा नगर्ने काम) र **प्रकीर्णक** (फुटकर विषय) भन्ने दुई व्यवहारपदका प्रकरणहरूचाहिँ यस बृहस्पतिस्मृतिमा छन्। मनुस्मृतिमा द्यूतसमाह्वय भनेर संयुक्त रूपमा उल्लिखित व्यवहारपदलाई यस स्मृतिमा द्यूतम् (जुवा) र समाह्वयः (बाजी [दाउ] लगाउने काम) भन्ने दुई प्रकरणमा विभाजित गरी देखाइएको छ। यस स्मृतिका संस्कारादि अन्य ६ काण्डमा जम्मा १०३७ श्लोक सङ्गृहीत छन्। यसप्रकार बृहस्पतिस्मृतिको यस संस्करणमा कुल २३०८ श्लोकहरू सङ्कलित देखिन्छन्। यस स्मृतिको काल आधुनिक विचारकहरूका दृष्टिमा विक्रमपश्चात् लगभग २०० देखि ४०० वर्षभित्र मानिएको छ।

कात्यायनस्मृति

याज्ञवल्क्यस्मृतिमा कात्यायनलाई पनि धर्मशास्त्रकारका रूपमा उल्लेख गरिएको छ। अहिले कात्यायनस्मृति भनेर प्रकाशित स्मृतिमा केवल आचारविचारका विषयहरू मात्रै छन्। यस स्मृतिलाई गोभिलस्मृति वा कर्मप्रदीप वा छन्दोगपरिशिष्ट पनि भन्ने गरिन्छ। कात्यायनको व्यवहारसम्बन्धी प्रतिपादन भएको स्मृतिचाहिँ अहिले पूर्ण रूपमा उपलब्ध छैन। तथापि विभिन्न धर्मशास्त्रव्याख्याताहरूका ग्रन्थमा उद्धृत कात्यायनका धेरै वचनहरू छरिएर रहेका छन्। तिनको सङ्ग्रह नारायणचन्द्र वन्ध्योपाध्यायले गरेका छन्[1]। यस सङ्ग्रहमा ८२६ श्लोक छन्[2]। कात्यायनले स्त्रीधनको राम्रो निरूपण गरेका छन्। न्यायसम्पादनको कार्यविधि पनि उनले राम्रोसँग प्रतिपादन गरेको देखिन्छ। आधुनिक विचारकका मतमा यस स्मृतिको रचना भएको काल नारदस्मृति र बृहस्पतिस्मृतिभन्दा पछि विक्रम संवत्को चौथो शताब्दीतिर मानिएको छ।

विष्णुस्मृति

विष्णुस्मृतिमा गद्य र पद्यको अत्यधिक मिश्रण भएकाले यसलाई कसैले स्मृतिका नामले र कसैले धर्मसूत्रका नामले उल्लेख गरेका छन्। मनुस्मृतिका विषयहरू संक्षिप्त रूपले यसमा प्रतिपादित देखिन्छन्। यसको रचना आधुनिक विचारकहरूका मतमा विक्रम संवत्को प्रारम्भ भएपछि लगभग १०० देखि ३०० वर्षभित्र भएको मानिन्छ।

---

१. • कात्यायनमतसङ्ग्रह (Kātyāyana-mata-sangraha or A Collection of the Legal Fragments of Kātyāyana, University of Calcutta, 1927)।

• पाण्डुरङ्ग वामन काणेले कात्यायनस्मृतिका व्यवहार-विषयका ९७३ श्लोक सङ्कलित गरेको कुरा ज्ञाइन्द्रबहादुर श्रेष्ठले लेखेका छन् (हिन्दू विधिशास्त्र र नेपालको कानूनी व्यवस्था, तृ.सं.२०५६, पृ.३७)।

२. पाण्डुरङ्ग वामन काणेले धर्मशास्त्र का इतिहास भन्ने ग्रन्थमा (प्रथम भाग, पृ.५८–५९) यस सङ्ग्रहको उल्लेख गरेका छैनन्।

पराशरस्मृति

पराशरस्मृति कलियुगका निम्ति विशेष मान्य हो भन्ने भनाइ[1] भएकाले यसमा धेरैको विशेष ध्यान गएको देखिन्छ। यस स्मृतिमा १२ अध्याय र ५९३ श्लोक छन्। यसमा केवल आचारका र प्रायश्चित्तका विषय मात्र प्रतिपादित छन्। यस स्मृतिका श्लोकहरू धर्मशास्त्रका धेरै व्याख्याताहरूले उद्धृत गरेका छन्। पन्ध्रौँ शताब्दीका प्रसिद्ध विद्वान् माधवाचार्यले यस स्मृतिको विस्तृत व्याख्या गरेका छन्। व्याख्यासहितको यस स्मृतिलाई **'पाराशरमाधवीय'** भन्दछन्[2]। माधवले याज्ञवल्क्यस्मृतिको र मिताक्षराको अनुकरण गरेर आफ्ना व्याख्यामा मूलमा नभएको व्यवहारको प्रकरण पनि थपेका छन्। यस स्मृतिको काल आधुनिक विचारकहरूका मतमा छैटौँ शताब्दीको आसपास मानिएको छ।

अन्य स्मृतिहरू

याज्ञवल्क्यस्मृतिको उल्लेखअनुसार[3] प्रमुख २० स्मृतिहरूमा मनुस्मृति, अत्रिस्मृति, विष्णुस्मृति, हारीतस्मृति, याज्ञवल्क्यस्मृति, उशनस्स्मृति (औशनसस्मृति), अङ्गिरस्स्मृति (आङ्गिरसस्मृति), यमस्मृति, आपस्तम्बस्मृति, संवर्तस्मृति, कात्यायनस्मृति, बृहस्पतिस्मृति, पराशरस्मृति, व्यासस्मृति, शङ्खस्मृति, लिखितस्मृति, दक्षस्मृति, गौतमस्मृति, शातातपस्मृति र वसिष्ठस्मृति पर्दछन्। किन्तु वीरमित्रोदयका परिभाषाप्रकाशमा[4] उद्धृत प्रयोगपारिजातको उल्लेखअनुसार उपर्युक्त २० स्मृतिहरूमध्ये कात्यायनस्मृति, व्यासस्मृति र वसिष्ठस्मृतिलाई छाडेर तथा माथि अनुल्लिखित स्मृतिहरूमध्ये प्रचेतस्स्मृतिलाई चाहिँ लिएर जम्मा १८ स्मृतिलाई प्रधान स्मृतिका रूपमा गणना गरिएको छ। त्यहाँ अरू १८ उपस्मृतिहरूको र अन्य २१ स्मृतिहरूको पनि उल्लेख पाइन्छ। आनन्दाश्रमको स्मृतिसमुच्चय, मनसुखराय मोरको स्मृतिसन्दर्भ इत्यादि स्मृतिसङ्ग्रहहरूमा यी र अरू पनि धेरै स्मृतिहरू प्रकाशित देखिन्छन्[5]।

---

१. कृते तु मानवा धर्मास् त्रेतायां गौतमाः स्मृताः।
द्वापरे शङ्खलिखिताः *कलौ पाराशराः* स्मृताः॥—पराशरस्मृति १।२४।

२. कतिपय लेखकहरूले पाराशरमाधवीय नभनेर पराशरमाधवीय भनेको भए तापनि संस्कृतव्याकरणका दृष्टिले विचार गर्दा पाराशरमाधवीय भन्नु बर्ता उचित हुने देखिन्छ।

३. मन्वत्रि-विष्णु-हारीत-याज्ञवल्क्योशनोऽङ्गिराः।
यमाऽऽपस्तम्ब-संवर्ताः कात्यायन-बृहस्पती॥
पराशर-व्यास-शङ्ख-लिखिता दक्ष-गौतमौ।
शातातपो वसिष्ठश् च धर्मशास्त्रप्रयोजकाः॥—याज्ञवल्क्यस्मृति १।४–५।

४. वीरमित्रोदय, परिभाषाप्रकाश, सम्. नित्यानन्द शर्मा पर्वतीय, सन् १९०६, पृ.१८।

५. • स्मृतिसमुच्चय (स्मृतीनां समुच्चयः), आनन्दाश्रम, पुना, द्वि.सं., सन् १९२९।
• स्मृतिसन्दर्भ, १–६ भाग, मनसुखराय मोर, कलकत्ता, सन् १९५२–१९५७।

पुराण

पुराणमा मुख्य रूपमा सृष्टि, प्रलय, वंश (ऋषिहरूको र राजाहरूको वंश), मन्वन्तर[1] र उक्त वंशमा जन्मेका प्रमुख व्यक्तिहरूको चरित्र यी पाँच कुराको[2] वर्णन गरी वेद नपढ्ने द्विजातिसङ्गृहीतस्त्री[3], शूद्र, व्रात्य[4], पतित[5] इत्यादिका लागि धर्म र आत्मचिन्तनको उपदेश गरिएको पाइन्छ[6]। श्रुतिस्मृतिहरूमा स्पष्ट रूपले व्यक्त नभएका धर्मदर्शनसम्बन्धी अनेक विषयहरू पुराणमा आएका छन्। तसर्थ पुराणको महत्त्व धेरै देखिन्छ। आधुनिक विचारकका मतमा कतिपय पुराणको रचनाकाल लगभग छैटौं शताब्दी मानिएको देखिन्छ। पुराणहरूमध्ये अग्निपुराण, कूर्मपुराण, गरुडपुराण, नारदीयपुराण, पद्मपुराण, ब्रह्मपुराण, ब्रह्मवैवर्तपुराण, ब्रह्माण्डपुराण, भविष्यपुराण, भागवतपुराण, मत्स्यपुराण, मार्कण्डेयपुराण, लिङ्ग-पुराण, वराहपुराण, वामनपुराण, वायुपुराण, विष्णुपुराण र स्कन्दपुराण नामका १८ महापुराणहरू प्रसिद्ध छन्। यी महापुराणबाहेक कालिकापुराण, पराशरपुराण, शिवपुराण इत्यादि उपपुराणहरू र आदित्यपुराण, कल्किपुराण, पशुपतिपुराण

---

१. ७१ चतुर्युगीका (सत्य, त्रेता, द्वापर र कलि चारै युगका ७१ समुदायका) योगले हुने ३०,६७,२०,००० वर्षको समयावधिलाई मन्वन्तर भन्दछन्। यो अवधि एक मनुको शासनावधि मानिन्छ। वामन शिवराम आप्टेको संस्कृत-हिन्दी कोशमा (द्वि.सं., पुनर्मु. सन् १९८७) र **The Student's Sanskrit-English Dictionary** (1968) मा पनि एक मन्वन्तरको काललाई '४३,२०,००० मनुष्यवर्ष' भनिएको छ। किन्तु उनले दिएको वर्षसङ्ख्या एक चतुर्युगीको (चार युगको) मात्र हो (सत्य १७,२८,००० + त्रेता १२,९६,०००+द्वापर ८,६४,०००+कलि ४,३२,०००=४३,२०,००० वर्ष)। ७१ चतुर्युगीलाई १ मन्वन्तर मान्नुपर्नेमा उनले १ चतुर्युगीलाई नै १ मन्वन्तर मानेको हुनाले उनको प्रतिपादन त्रुटिपूर्ण देखिन्छ। अन्य कतिपय ग्रन्थमा र **वाचस्पत्य** भन्ने संस्कृतको ठूलो कोशमा पनि मन्वन्तरको वर्षगणना अन्यथा देखाइएको छ। कालको सूक्ष्म परिमाणदेखि महाकल्पको विशाल परिमाणसम्मको कालगणनाको वर्णन **वैदिक धर्म मूल रूपमा** भन्ने ग्रन्थमा (द्वि.सं.२०६२, पृ.६४०–६४३) द्रष्टव्य छ।

२. सर्गश् च प्रतिसर्गश् च वंशो मन्वन्तराणि च।
वंश्यानुचरितं चैव पुराणं पञ्चलक्षणम्॥—कूर्म पु.१।१।१२, ब्रह्माण्ड पु.१।१।३७–३८, इ.।

३. धार्मिक विधिले समान वर्णकी (आफ्नै जातिकी) स्त्रीसित विवाह गरिसकेका द्विजातिले सङ्ग्रह गरेका (ल्याइते) स्त्रीलाई धर्मशास्त्रमा 'सङ्गृहीता' भनिएको छ।

४. उपनयन संस्कारका निम्ति शास्त्रद्वारा निर्दिष्ट कालमा उपनयन संस्कार नगरिएको द्विजातिसमुदायको व्यक्तिलाई धर्मशास्त्रमा 'व्रात्य' भनिएको छ (द्र.– मनु.२।३९)।

५. त्यसत्यस वर्णका निम्ति शास्त्रद्वारा निर्दिष्ट न्यूनतम सदाचारको पालना नगर्नाले वा ठूलो पापकर्म गर्नाले वैदिक कर्म गर्ने अधिकारबाट च्युत भएको (खसेको) व्यक्ति।

६. • स्त्री-शूद्र-द्विजबन्धूनां न वेदश्रवणं मतम्।
तेषामेव हितार्थाय पुराणानि कृतानि च॥—देवीभागवत १।३।२१।

• द्र.– श्रीमद्भागवत १।४।२५,२९।

इत्यादि औपपुराण पनि उपलब्ध छन्[1]। कसैकसैले देवीभागवत र शिवपुराणलाई महापुराण मान्दछन्। सबै महापुराणका रचयिता वेदव्यास मुनि मानिन्छन्।

इतिहास

पुराना घटनाका रूपमा विषयहरूको वर्णन गरेर धर्म, अर्थ, काम र मोक्षका सम्बन्धमा उपदेश गर्ने **रामायण** र **महाभारत** इतिहासअन्तर्गत पर्ने स्मृतिहरू हुन्।

विभिन्न रामायणहरूमध्ये वाल्मीकीय रामायण प्राचीनतम मानिन्छ। त्यसैले यसलाई आदिकाव्य र वाल्मीकिलाई आदिकवि भन्दछन्। लौकिक संस्कृत वाङ्मयमा यो जेठो महाकाव्य हो। यो प्राच्य धर्म, संस्कृति र दर्शनको महान् निधि हो। रामायणका प्राच्य, पाश्चात्त्य, उदीच्य र दाक्षिणात्य पाठहरू पाइन्छन् र तिनमा सर्गका-सर्ग पाठान्तर पनि देखिन्छन्। रामायणको समीक्षात्मक शोधपूर्ण (विविध पाठान्तर भएको) संस्करण बडोदा राजकीय प्राच्यविद्याविमर्शालयबाट प्रकाशित भएको छ (सन् १९६०–१९७२)। यस आदिकाव्यमा २४ हजार ग्रन्थ[2] (लगभग २४ हजार श्लोक) छन्।

महाभारतमा भने १ लाख ग्रन्थ (लगभग १ लाख श्लोक) छन्। यो प्राच्य धर्म, दर्शन, संस्कृति र नीतिको अथवा धर्म, अर्थ, काम र मोक्ष चारै पुरुषार्थसम्बन्धी विद्याहरूको विश्वकोष हो। महाभारतको महत्त्व देखाउँदै महाभारतमै यस्तो भनिएको छ–

धर्मे चाऽर्थे च कामे च मोक्षे च भरतर्षभ।
यदिहाऽस्ति तदन्यत्र यन् नेहाऽस्ति न तत् क्वचित्॥–(आदिपर्व ६२।५३)

(धर्म अर्थ काम र मोक्ष यी चारै पुरुषार्थका विषयमा जुन कुरा यहाँ छ, त्यही कुरा नै अन्यत्र छ; जुन कुरा यहाँ छैन, त्यो कुरा कहीँ पनि छैन)।

त्यसै कारण महाभारतलाई पञ्चम वेद पनि भन्ने गरिन्छ। यसका रचयिता मुनि कृष्णद्वैपायन वेदव्यास मानिन्छन्। महाभारतका पनि भिन्नभिन्न संस्करणहरूमा धेरै नै पाठभेदहरू देखिन्छन्। पुनाको भाण्डारकर-प्राच्यविद्या-संशोधनमन्दिरबाट महाभारतको शोधपूर्ण संस्करण प्रकाशित भएको छ (सन् १९३३–१९५९) **श्रीमद्भगवद्गीता**का नामले प्रसिद्ध ग्रन्थ महाभारतकै भीष्मपर्वअन्तर्गत पर्दछ।

सात काण्डमा विभक्त वाल्मीकीय रामायण विक्रमपूर्व ५०० वर्षतिरको र अठार पर्वमा विभक्त महाभारत विक्रमपूर्व ४०० वर्षतिरको हो भन्ने आधुनिक विचारकहरूको मत छ। प्राच्य परम्पराअनुसार भने वाल्मीकिरामायण त्रेतायुगका

---

१. अठारै महापुराणहरूको र कतिपय उपपुराण तथा औपपुराणहरूको समेत नेपाली भाषामा संक्षिप्त र सारपूर्ण परिचयका निम्ति **वैदिक धर्म मूल रूपमा** भन्ने ग्रन्थको द्वितीय संस्करण (वि.सं.२०६२, पृ.१७४–१८६) द्रष्टव्य छ।

२. ग्रन्थ भन्नाले ३२ अक्षर अर्थात् १ अनुष्टुप् श्लोक भन्ने बुझिन्छ।

अन्त्यमा र महाभारत द्वापरयुगका अन्त्यमा रचिएका मानिन्छन्। वैदिक धर्मसंस्कृतिका अनुयायीहरूमा यी दुवै ग्रन्थ अत्यन्त भिजेका देखिन्छन्। रामायणको कथा त भारतवर्षभन्दा बाहिर बर्मा, थाइल्यान्ड, इन्डोनेसियाको बाली द्वीप इत्यादि क्षेत्रमा पनि फैलिएको पाइन्छ।

मीमांसान्याय

कुनै पनि विषयको व्यवस्थित प्रकारले विचार गर्ने पद्धतिलाई शास्त्रीय भाषामा मीमांसान्याय भन्दछन्। प्रस्तुत सन्दर्भमा वेद, वेदाङ्ग र स्मृतिहरूका विभिन्न वाक्य र प्रकरणहरूको विचार गरी तिनको मूल प्रतिपाद्य (तिनले बताउन खोजेको) तत्त्वको निर्णय गर्ने पद्धतिहरूको सङ्ग्रह भएको शास्त्र नै मीमांसान्याय हो। यस शास्त्रका धर्ममीमांसा र ब्रह्ममीमांसा गरी दुई शाखा छन्, जसलाई क्रमशः पूर्वमीमांसा (धर्ममीमांसा) र उत्तरमीमांसा (ब्रह्ममीमांसा) पनि भन्दछन्[१]।

धर्मशास्त्रनिबन्धग्रन्थ

सामान्य व्यक्तिहरूलाई मूल धर्मग्रन्थबाट मात्र धर्मकर्म र व्यवहार बुझ्न कठिन हुने भएकाले विद्वान्हरूले विभिन्न धर्मशास्त्रग्रन्थहरूका आधारमा अनुसरण गर्नुपर्ने धर्ममार्ग र व्यवहार स्पष्ट पार्न कुनै ग्रन्थका व्याख्याका रूपमा वा छुट्टै ग्रन्थका रूपमा पनि धर्मशास्त्रनिबन्धग्रन्थहरूको रचना गरेको देखिन्छ। ती ग्रन्थमा अहिले मूल रूपमा पाइने स्मृतिहरूमा अनुपलब्ध (नपाइएका) बृहस्पति, कात्यायन, उशना, वृद्धमनु इत्यादि धेरै स्मृतिकारहरूका असङ्ख्य वचनहरू पनि उद्धृत गरिएका छन्। त्यस्ता ग्रन्थहरूमा लक्ष्मीधरको कृत्यकल्पतरु (बाह्रौँ शताब्दी), जीमूतवाहनको धर्मरत्न[२] (बाह्रौँ श.), श्रीधरको स्मृत्यर्थसार (तेह्रौँ श.) देवण्ण (देवण) भट्टको स्मृतिचन्द्रिका (तेह्रौँ श.), चण्डेश्वर ठक्कुरका[३] स्मृतिरत्नाकर-अन्तर्गतका गृहस्थरत्नाकर, व्यवहाररत्नाकर, विवादरत्नाकर इत्यादि (चौधौँ श.), हेमाद्रिको चतुर्वर्गचिन्तामणि (चौधौँ श.), राजा प्रतापरुद्रमहादेवको (संरक्षणमा

---

१. हिन्दु विधिमा पूर्वमीमांसाको महत्त्वपूर्ण स्थान भएकाले यसको अरू परिचय 'हिन्दु विधिशास्त्र (धर्ममीमांसा)' [पृ.४–६] र 'विधिको व्याख्या गर्ने धर्ममीमांसाको सिद्धान्त' (पृ.६–७) भन्ने प्रकरणहरूमा समाविष्ट गरिएको छ।

२. धर्मरत्नकै तीन खण्डमध्येको एक खण्ड दायभाग भन्ने ग्रन्थ हो, जसमा अंशबण्डाका विषयमा धर्मशास्त्रीय नियमहरू प्रतिपादित छन्।

३. अहिलेको नेपालको बारा जिल्लाअन्तर्गत पर्ने सिम्रौनगढका निवासी चण्डेश्वर ठक्कुर (ठाकुर) त्यहाँका तात्कालिक राजा हरिसिंहदेवका मन्त्री हुन्। उनले संस्कृतमा थुप्रै ग्रन्थहरूको रचना गरेका छन्। साथै उनले आफ्ना धनले सदाचारी ब्राह्मणहरूको राम्रो बन्दोबस्त गरिदिई उनीहरूलाई वेद-वेदाङ्गादि शास्त्र पढ्न लगाएर तथा गार्हस्थ्यमा प्रवेश गर्न समेत लगाएर वैदिक धर्मको जगेर्ना गर्ने प्रयास गरेको देखिन्छ (द्र.– कतिपय-नैपालसंस्कृतग्रन्थकार-परिचय, स्वाद्ध्यायशाला, वि.सं.२०४८, पृ.४)।

सङ्गृहीत) सरस्वतीविलास (चौधौं श.[1]), माधवको पाराशरमाधवीय (पन्ध्रौं श.), वाचस्पति मिश्रको विवादचिन्तामणि (पन्ध्रौं श.), रघुनन्दनको दायतत्त्व (सोह्रौं श.), मित्र मिश्रको वीरमित्रोदय (सत्रौं श.), नीलकण्ठ भट्टको भगवन्तभास्कर (सत्रौं श.) इत्यादि अनेक ग्रन्थ उपलब्ध छन्[2]। धर्मशास्त्रनिबन्धग्रन्थहरूका व्यवहारसम्बन्धी विषयहरूको निरूपण गर्ने भागमा अंशबण्डा र स्त्रीधनसित सम्बद्ध व्यवस्थाहरूको पनि प्रतिपादन गरिएको देखिन्छ। त्यहाँ अठार प्रकारका व्यवहारपदहरूको विचार पनि विस्तृत रूपमा गरिएको देखिन्छ।

उपवेद

अर्थवेद, धनुर्वेद, गान्धर्ववेद र आयुर्वेद क्रमशः ऋग्वेद, यजुर्वेद, सामवेद र अथर्ववेदका उपवेद मानिन्छन्।

अर्थवेद भनेको अर्थशास्त्र हो[3]। प्राचीनकालमा अर्थशास्त्र भन्नाले राजनीतिशास्त्र भन्ने बुझिन्थ्यो। अहिले अर्थशास्त्र भनिने शास्त्रका पनि धेरै विषय प्राचीन राजनीतिशास्त्रभित्रै पर्दछन्। यसअन्तर्गत कौटलीय अर्थशास्त्र, शुक्रनीति, कामन्दकीयनीतिसार, पञ्चतन्त्र, हितोपदेश, चाणक्यनीतिदर्पण इत्यादि ग्रन्थ पर्दछन्।

कौटलीय अर्थशास्त्र– कौटलीय अर्थशास्त्र संस्कृत वाङ्मयको अत्यन्त महत्त्वपूर्ण र विलक्षण ग्रन्थ हो। यसका रचयिता मौर्यसम्राट् चन्द्रगुप्तका मन्त्री तथा गुरु कौटल्य हुन्। उनको मुख्य नाम विष्णुगुप्त र उपनाम कौटल्य तथा चाणक्य भएको बुझिन्छ। वेदवेदाङ्गादि शास्त्रमा, शस्त्रविद्यामा, नीतिशास्त्रमा र ती विद्याको व्यावहारिक प्रयोगमा समेत अद्वितीय क्षमता राख्ने कौटल्यले आफ्ना बुद्धिको र अद्भुत प्रतिभाको प्रयोग गरेर नन्दवंशको राज्यश्री (राज्य) खोसेर चन्द्रगुप्त मौर्यमा ल्याएको इतिहास देखिन्छ। यो कुरा उनले आफ्नै ग्रन्थका

---

१. पाण्डुरङ्ग वामन काणेले प्रतापरुद्र(महा)देवको सम्भावित समय 'सन् १५००–१५२५' भनी उल्लेख गरेका छन्। किन्तु भट्टश्रीलक्ष्मणाचार्यले रचना गरेको जगन्मोहन भन्ने ज्योतिषको ग्रन्थमा (प्र.भा., सम्. देवीप्रसाद लंसाल, प्रका. नेपाल राष्ट्रिय पुस्तकालय, वि.सं.२०२०, पृ.३५) प्रतापरुद्रका नामको संवत्को आरम्भ शाके १२४५ (वि.सं.१३८०) मा भएको बताइएको छ। साथै काव्यप्रकाशको हैमवती-व्याख्याको परिचयखण्डमा 'प्रतापरुद्रयशोभूषणम्' भन्ने ग्रन्थ बनाउने विद्यानाथका परिचयमा "मुहम्मदतुगलकसेनया प्रतापरुद्रः १३२३ खैस्ताब्दे निगृहीतः" भन्ने उल्लेख देखिन्छ (व्याख्याकार शिवराज आचार्य कौण्डिन्न्यायन, प्रका. मोतीलाल बनारसीदास, वाराणसी, सन् १९८०, पृ.३३)। तसर्थ काणेको उक्त उल्लेख विचारणीय देखिन्छ।

२. यी ग्रन्थका ग्रन्थकारहरूको सम्भावित काल धर्मशास्त्र का इतिहास भन्ने ग्रन्थका पाँचै भागका प्रारम्भतिर दिइएको छ (पाण्डुरङ्ग वामन काणे, अनुवादक अर्जुन चौबे काश्यप, हिन्दी समिति, [सूचना विभाग], उत्तर प्रदेश [शासन], लखनऊ)।

३. अर्थशास्त्र उपवेद मानिएको हुँदा यसलाई अर्थशास्त्र भन्नुभन्दा अर्थवेद भन्न उचित देखिन्छ। यस्तो प्रयोग पुरानै ग्रन्थ प्रपञ्चहृदयमा पनि पाइन्छ (सन् १९८७, पृ.१५,१६,३९,४१)।

अन्त्यमा पनि लेखेका छन्[1]। उनको समय वि.पू. चौथो शताब्दीतिर मानिएको छ। कौटल्यका अनुसार अर्थशास्त्रको परिभाषा यस्तो छ– 'अर्थ' भनेको मनुष्यको जीविका अर्थात् जीवनको साधन हो, मनुष्यहरूको निवास भएको भूमि 'अर्थ' हो, यस्तो भूमि प्राप्त गर्ने र प्राप्त भूमिको रक्षा गर्ने उपायहरूको उपदेश गर्ने शास्त्र अर्थशास्त्र हो[2]। अतः उनको अर्थशास्त्रभित्र धेरैथरी व्यावहारिक विद्या अन्तर्भूत देखिन्छन्। १५ अधिकरण, १५० अध्याय र १८० प्रकरणमा विभाजित कौटलीय अर्थशास्त्रमा राजाको कर्तव्य, राज्यका प्रशासकहरूको कर्तव्य, मन्त्री र अन्य कर्मचारीको वेतन (तलब), करसङ्कलनको प्रक्रिया, उद्योगहरूको सञ्चालन, नापतौलको व्यवस्था, मुद्दामामिलाहरूको निर्णयप्रक्रिया, विवाहको नियम, अंशबण्डा, दण्डव्यवस्था, देशको प्रशासनको व्यवस्था, सैन्यव्यवस्था, युद्धनीति, कूटनीति इत्यादि अनेक महत्त्वपूर्ण व्यावहारिक विषयहरूको विशिष्ट प्रकारले प्रतिपादन गरिएको छ। सन् १९०९ मा आर्. शाम शास्त्रीले खोजी गरेर यस ग्रन्थलाई सर्वप्रथम लोकमा प्रचारित गरेका थिए। यस ग्रन्थका विभिन्न व्याख्याहरू पनि प्रकाशित छन्।

शुक्रनीति– प्राच्य राजनीतिशास्त्रको मान्यताप्राप्त एउटा महत्त्वपूर्ण ग्रन्थ शुक्रनीति हो। यस ग्रन्थका मूल प्रवचनकर्ता दैत्यहरूका गुरु शुक्र (शुक्राचार्य) मानिन्छन्। उनका अरू नाम उशना, भार्गव, कवि इत्यादि उल्लिखित देखिन्छन्। उहिल्यै ज्यादै विशाल ग्रन्थका रूपमा रहेको शुक्रनीतिको अहिले पाइने सारभूत संक्षिप्त अर्वाचीन संस्करणमा (शुक्रनीतिसारमा) केवल चार अध्याय र २२सय श्लोक मात्र छन्[3]। तथापि त्यहाँ राजा, युवराज र मन्त्रीहरूका कर्तव्य, न्यायप्रदानप्रक्रिया, दण्डव्यवस्था, मुद्दामामिलासम्बन्धी विषयहरू, तोप, गोला, बन्दुक, बारुद इत्यादिको निर्माण तथा सेना, दुर्ग (किल्ला), कोष (ढुकुटी) इत्यादि राजनीतिशास्त्रका सम्पूर्ण अङ्गहरूको वर्णन र निरूपण राम्ररी गरिएको छ। सामान्यनीति, व्यवहारनीति र अन्य धेरै प्रकीर्ण (फुटकर) विषयहरू पनि त्यहाँ प्रतिपादित छन्। तसर्थ राजनीतिशास्त्रका ग्रन्थहरूमध्ये कौटलीय अर्थशास्त्रपछि शुक्रनीतिको

---

१. येन शास्त्रं च शस्त्रं च नन्दराजगता च भूः।
अमर्षेणोद्धृतान्याशु तेन शास्त्रमिदं कृतम्॥–कौ.अ. १५।१ (नेराप्रप्र. सं., पृ.७४४)।

२. मनुष्याणां वृत्तिरर्थः, मनुष्यवती भूमिरित्यर्थः। तस्याः पृथिव्या लाभपालनोपायः शास्त्रमर्थशास्त्रमिति।–कौटलीय अर्थशास्त्र १५।१ (नेराप्रप्र. सं., पृ.७४१)।

३. मूल शुक्रनीतिसारमा २२ सय श्लोक भएको कुरा त्यहीँ उल्लिखित देखिन्छ–

मन्वाद्यैरादृतो योऽर्थस् तदर्थं भार्गवेण वै।
द्वाविंशतिशतं श्लोका नीतिसारे प्रकीर्तिताः॥–(४।७।४२६)

तसर्थ अहिले परिशिष्टरूप पाचौं अध्यायमा रहेका ९६ श्लोक र अगाडिका चार अध्यायमा रहेका २४६९ श्लोकमध्ये (द्र.– नेराप्रप्र. सं.) २२ सय श्लोकबाहेक अरू श्लोक पछि थपिएका बुझिन्छन्।

महत्त्वपूर्ण स्थान रहेको देखिन्छ। अघिअघि नेपालका चौबीसे राजाहरूका पालामा पनि राजा, मन्त्री र भारदारहरू शुक्रनीति र कामन्दकीयनीतिसार पढ्थे भन्ने कुरा इतिहासलेखकले लेखेका छन्।

धनुर्वेदका (युद्धशास्त्रका) पनि कतिपय सानातिना ग्रन्थ मुद्रित छन्। यस उपवेदमा शस्त्र, अस्त्र, यन्त्र, युद्धनियम इत्यादि विषयको वर्णन पाइन्छ।

गान्धर्ववेदभित्र (सङ्गीतशास्त्रभित्र) भरतनाट्यशास्त्र, नारदीयशिक्षा, सङ्गीतरत्नाकर इत्यादि ग्रन्थ अन्तर्भूत हुन्छन्। यस उपवेदमा गानका षड्ज, ऋषभ, गान्धार इत्यादि सात स्वर, तीन ग्राम, एक्काइस मूर्च्छना, चौरासी तान इत्यादि विषयको प्रतिपादन गरिएको छ।

आयुको ज्ञापक तथा आयुका लागि हित र अहित द्रव्यको र क्रियाको बोधक शास्त्र **आयुर्वेद** भनिन्छ। यसका (१) कायचिकित्सा (सम्पूर्ण शरीरमा लाग्ने रोगको चिकित्सा), (२) शल्यतन्त्र (शल्यचिकित्सा), (३) शालाक्यतन्त्र (नाक, कान, घाँटी र आँखाको चिकित्सा), (४) भूतविद्या (अदृश्यतत्त्वका आवेशले भएका मानसिक रोगहरूको चिकित्सा), (५) कौमारभृत्य (बालकको पालनपोषणविधि तथा बालरोग, स्त्रीरोग र प्रसूतिरोगको चिकित्सा), (६) अगदतन्त्र (विषचिकित्सा), (७) रसायनतन्त्र (विविध रसायनको प्रयोगद्वारा शरीरलाई स्वस्थ राखी आयु, बल र बुद्धि बढाउने चिकित्सा) र (८) वाजीकरणतन्त्र (शरीरलाई हृष्टपुष्ट पार्ने, शरीरमा वीर्यको वृद्धि र शुद्धि गर्ने तथा रतिशक्ति बढाउने चिकित्सा) भन्ने आठ अङ्ग छन्। त्यसैले अष्टाङ्ग आयुर्वेद भन्ने गरिन्छ। आयुर्वेदका चरकसंहिता, सुश्रुतसंहिता, अष्टाङ्गहृदय इत्यादि धेरै ग्रन्थ उपलब्ध छन्। **कामशास्त्र** पनि आयुर्वेदभित्रै पर्ने मानिन्छ। ७ अधिकरण, ३६ अध्याय, ६४ प्रकरण र १२५० सूत्र भएको वात्स्यायनको कामसूत्र विश्वप्रसिद्ध छ। कामशास्त्रका कुचुमारतन्त्र, रतिरहस्य इत्यादि ग्रन्थ पनि संस्कृतमा उपलब्ध छन्।

यसप्रकार वेद, वेदाङ्ग, वेदोपाङ्ग, धर्मशास्त्र इत्यादि रूपमा वैदिक वाङ्मयको विस्तार भएको देखिन्छ। हिन्दु विधिको र विधिशास्त्रको स्रोतका रूपमा रहेको वैदिक वाङ्मयको अध्ययनबाट हिन्दु विधि इहलोक र परलोक दुवैका निम्ति कल्याणकारी मार्ग देखाउने शाश्वत धर्मका आधारमा चलेको कुरा बुझिन्छ।

हिन्दु विधिसंहिताका शाखा

हिन्दु विधिसंहिताका शाखाहरूमा मनुसंहिता[1] याज्ञवल्क्यसंहिता, नारदसंहिता, बृहस्पतिसंहिता, कात्यायनसंहिता, कौटलीयसंहिता (चाणक्यसंहिता)

---

१. यहाँ मनुसंहिता भन्नाले मनुस्मृति, याज्ञवल्क्यसंहिता भन्नाले याज्ञवल्क्यस्मृति, कौटलीयसंहिता भन्नाले कौटलीय अर्थशास्त्र, शुक्रसंहिता भन्नाले शुक्रनीति इत्यादि रूपमा ग्रन्थहरू बुझाइएका छन्। संहिता भनेको एकीकृत सङ्ग्रह वा सँगालो भनेको हो।

र शुक्रसंहिता मूल तथा प्रमुख रूपमा रहेका छन्। तथापि हिन्दुधर्मानुयायीहरूमा अहिले पनि व्यवहारमा प्रभावशाली रहिआएका हिन्दु विधिसंहिताका प्रमुख दुई शाखा धर्मशास्त्रनिबन्धग्रन्थका आधारमा बहुचर्चित छन्– मिताक्षराशाखा र दायभागशाखा। मिताक्षराशाखाको विशेष सम्बन्ध याज्ञवल्क्यसंहितासँग रहेको देखिन्छ। दायभागशाखाको पनि याज्ञवल्क्यसंहितासित नै सम्बन्ध छ भन्ने कुरा विवेचकहरूले बताएका छन्[1] तापनि यो विषय विशेष विवेचनीय देखिन्छ। यी शाखाहरूको संक्षिप्त परिचय तल प्रस्तुत गरिन्छ।

मिताक्षराशाखा

याज्ञवल्क्यस्मृतिको अत्यन्त प्रसिद्ध टीकाको (व्याख्याको) नाम हो ऋजुमिताक्षरा। यसैलाई मिताक्षरा मात्रै पनि भन्दछन्। परिमित अक्षर भएको अर्थात् अक्षरसङ्ख्या वा ग्रन्थसङ्ख्या (ग्रन्थपरिमाण) किटिएको हुनाले यसको नाम मिताक्षरा राखिएको हो भन्ने बुझिन्छ। यसको मूल आधार याज्ञवल्क्यसंहिता तथा त्यसको व्याख्याका रूपमा रचिएको विश्वरूपको बालक्रीडा टीका र त्यसका उपटीकाहरू नै हुन् भन्ने कुरा मिताक्षराका प्रारम्भका पद्यबाट बुझिन्छ। तथापि यसमा आफ्ना विशेषता पनि धेरै नै भएकाले भारतवर्षभरि यो ग्रन्थ अत्यन्त आदरका साथ ग्रहण गरिंदै आएको देखिन्छ। नयाँ ऐनमा समाविष्ट नभएका कुराहरूमा न्यायालयबाट निर्णय गर्न पर्दा केवल बङ्गाल र आसामलाई छाडी अन्यत्र यसले प्राथमिकता पाउने गरेको बुझिन्छ[2]। टीकाग्रन्थ भए पनि हिन्दु विधिमा यसले मूल ग्रन्थ वा स्वतन्त्र ग्रन्थजत्तिकै मान्यता पाएको देखिन्छ। यसका रचयिता विज्ञानेश्वर भट्टारक हुन्। उनको समय विक्रमको बाह्रौं शताब्दी मानिएको छ।

मिताक्षरामा स्त्रीधनलाई व्यापक अर्थमा परिभाषित गरिएको छ। तदनुसार स्त्रीधन भन्नाले स्त्री स्वामिनी हुने सबैथरी धन भन्ने बुझिन्छ। मिताक्षरामा स्त्रीहरूको उत्तराधिकार, पिताका धनमा छोराको जन्मतः अधिकार, रक्तसम्बन्धका (रगतको नाताका) आधारमा अंश पाउने अधिकार इत्यादि दायभागविषयक (अंशबण्डासम्बन्धी विषयका) निष्कर्षहरू पनि प्रस्तुत गरिएका छन्। त्यसैले प्रस्तुत ग्रन्थका सन्दर्भमा पनि मिताक्षरा विशेष उल्लेखनीय देखिन्छ।

---

१. पं. गिरिजाशङ्कर मिश्र(निवृत्त न्यायाधीश, उत्तर प्रदेश)ले आफ्नो हिन्दू विधि भन्ने ग्रन्थमा (सन् १९७०, पृ.१४) दायभागको पनि याज्ञवल्क्यसंहितासितै सम्बन्ध रहेको बताएका छन् (याज्ञवल्क्य स्मृति की पृष्ठभूमि में हिन्दू कानून की दो धाराएँ प्रचलित हुई– एक मिताक्षरा, दूसरी दायभाग)।

२. हाडनातासम्बन्धको निरूपण गर्नुपर्दा अथवा त्यस्तै खालका अन्य कतिपय पारिवारिक विवादमा गम्भीरताका साथ निर्णय दिनुपर्दा न्यायालयलाई हिन्दु धर्मशास्त्रको सहायता लिनै पर्ने आवश्यकता पर्न जाने देखिन्छ।

मिताक्षराशाखाका उपशाखाहरू

मिताक्षराशाखाका लोकमा चर्चित अनेक उपशाखाहरू पनि रहेका छन्[1]। ती उपशाखा र तिनका मान्य प्रमुख ग्रन्थहरूको सङ्ग्रह गरी तिनको विवरण तल प्रस्तुत गरिँदै छ[2]–

उपशाखा	ग्रन्थनाम	ग्रन्थकार
१. वाराणसी(काशी)शाखा	(क) मिताक्षरा (बाह्रौं श.)	विज्ञानेश्वर
	(ख) वीरमित्रोदय (सत्रौं श.)	मित्र मिश्र
	(ग) विवादताण्डव (सत्रौं श.)	कमलाकर भट्ट
२. मिथिलाशाखा	(क) मिताक्षरा (बाह्रौं श.)	विज्ञानेश्वर
	(ख) व्यवहारकल्पतरु (बाह्रौं श.)	लक्ष्मीधर
	(ग) विवादरत्नाकर (चौधौं श.)	चण्डेश्वर ठक्कुर
	(घ) विवादचन्द्र (पन्ध्रौं श.)	मिसरू मिश्र
	(ङ) विवादचिन्तामणि (पन्ध्रौं श.)	वाचस्पति मिश्र
३. महाराष्ट्र(मुम्बई)शाखा	(क) मिताक्षरा (बाह्रौं श.)	विज्ञानेश्वर
	(ख) वीरमित्रोदय (सत्रौं श.)	मित्र मिश्र
	(ग) व्यवहारमयूख[3] (सत्रौं श.)	नीलकण्ठ भट्ट

---

१. धर्मशास्त्र का इतिहास भन्ने ग्रन्थमा (द्वि.भा., पृ.८३८) पाण्डुरङ्ग वामन काणेले मिताक्षराशाखाका वाराणसी, मिथिला, महाराष्ट्र र द्रविड गरी चार उपशाखाको उल्लेख गरेका छन्। ज्ञाइन्द्रबहादुर श्रेष्ठले चाहिँ यसका पन्जाबशाखासहित पाँच उपशाखाको उल्लेख गरेका छन् (हिन्दू विधिशास्त्र र नेपालको कानूनी व्यवस्था, २०५६, पृ.४९–५०)।

२. • द्र.– धर्मशास्त्र का इतिहास, द्वितीय भाग, पाण्डुरङ्ग वामन काणे (अनु.सं.), पृ.८३८।

• ज्ञाइन्द्रबहादुर श्रेष्ठले 'धर्मशास्त्र का इतिहास' भन्ने ग्रन्थकै आधारमा आफ्नो हिन्दू विधिशास्त्र र नेपालको कानूनी व्यवस्था भन्ने ग्रन्थमा (तृ.सं.२०५६, पृ.४९–५०) हिन्दु विधिका विभिन्न शाखाहरूको विवरण दिएका छन् तापनि उनले मिथिलाशाखाको विवादचन्द्र, महाराष्ट्रशाखाको निर्णयसिन्धु र द्रविडशाखाको व्यवहारनिर्णय भन्ने ग्रन्थहरूको चाहिँ उल्लेख गरेका छैनन्। हिन्दू विधि भन्ने ग्रन्थमा पं. गिरिजाशङ्कर मिश्रले सम्बद्ध शाखाका केही थप ग्रन्थहरूको समेत उल्लेख गरेका छन् (सन् १९७०, पृ.३२–३५)। काणेले तथा गिरिजाशङ्करले पनि यस सन्दर्भमा कमलाकर भट्टको निर्णयसिन्धु भन्ने ग्रन्थको उल्लेख गरेका छन् तापनि त्यस ग्रन्थमा व्यवहारको विषय नभएकाले प्रस्तुत सन्दर्भमा त्यसको उल्लेख गर्नु उचित देखिँदैन।

३. भगवन्तभास्करका संस्कारमयूख, आचारमयूख इत्यादि बाह्र मयूखहरूमध्ये व्यवहारमयूख भन्ने एउटा मयूख हो, जसमा व्यवहारविषयका विचारहरू छन्।

४. द्रविड(मद्रास)शाखा	(क) मिताक्षरा (बाह्रौँ श.)	विज्ञानेश्वर
	(ख) स्मृतिचन्द्रिका (तेह्रौँ श.)	देवण्ण भट्ट
	(ग) सरस्वतीविलास (चौधौँ श.)	प्रतापरुद्रमहादेव
	(घ) पाराशरमाधवीय (पन्ध्रौँ श.)	माधवाचार्य
	(ङ) व्यवहारनिर्णय (सोह्रौँ श.)	वरदराज
५. पन्जाबशाखा[1]	(क) मिताक्षरा (बाह्रौँ श.)	विज्ञानेश्वर
	(ख) याज्ञवल्क्यस्मृतिटीका (बाह्रौँ श.)	अपरार्क
	(ग) वीरमित्रोदय (सत्रौँ श.)	मित्र मिश्र

दायभागशाखा

दायभाग भन्ने ग्रन्थ धर्मरत्न भन्ने धर्मशास्त्रनिबन्धग्रन्थका कालविवेक, व्यवहारमातृका र दायभाग भन्ने तीन खण्डमध्येको एक खण्ड हो। यसका रचयिता बङ्गालका प्रसिद्ध धर्मशास्त्रविद् जीमूतवाहन हुन्। उनको समय विक्रमको बाह्रौँ शताब्दी मानिएको छ। यसमा विभिन्न धर्मशास्त्रकारहरूका वचनका आधारमा अंशबण्डासम्बन्धी नियमहरू प्रतिपादित छन्। बङ्गालमा, आसाममा र मिताक्षराको धेरै प्रभाव नपरेका प्रदेशमा अन्यत्र पनि हिन्दुहरूको कुटुम्बन्यायका (पारिवारिक कानुनका) सम्बन्धमा यस ग्रन्थको मान्यता रहिआएको बुझिन्छ।

यस ग्रन्थमा जम्मा पन्ध्र अध्याय छन्, जसमा स्त्रीधनको परिभाषा, स्त्रीधनको विभाग, निःसन्तान स्त्रीको धनको उत्तराधिकार, अपुतो (निःसन्तान) व्यक्तिको धनको उत्तराधिकार इत्यादि अनेक विषयहरूको निरूपण गरिएको छ। यसमा स्त्रीले स्वतन्त्र रूपमा दान र भोग गर्न सक्ने सम्पत्तिलाई मात्र स्त्रीधन भनी परिभाषा दिइएको छ। कतिपय विषयमा मिताक्षरा र दायभागको भिन्नभिन्न दृष्टिकोण रहेको पाइन्छ। मिताक्षराशाखाको झैँ दायभागशाखाका (बङ्गालशाखाका) उपशाखाहरू देखिँदैनन्। यस शाखाका मान्य प्रमुख ग्रन्थ र ग्रन्थकारहरूको विवरण यसप्रकार छ–

---

१. पन्जाब प्रदेशमा प्रचलित कार्षापण-(मुद्रा-, सिक्का-)को परिमाणलाई लिएर नारदीय मनुस्मृतिमा विशेष उल्लेख–

> (पञ्चनद्याः प्रदेशे तु या संज्ञा व्यावहारिकी।
> कार्षापणप्रमाणं तु निबद्धमिह वै तया॥–१८।११७, स्मृतिसन्.–१, पृ.३३०)

भएकाले यस स्मृतिको रचना पन्जाबमा भएको अनुमान गर्न सकिन्छ। त्यसैले प्राचीन कालमा व्यवहारनिर्णय गर्दा पन्जाबमा यस स्मृतिलाई बढी मान्यता दिइने गरेको देखिन्छ।

ग्रन्थनाम	ग्रन्थकार
(क) दायभाग (बाह्रौँ श.)	जीमूतवाहन
(ख) दायतत्त्व (सोह्रौँ श.)	रघुनन्दन भट्टाचार्य
(ग) विवादभङ्गार्णव (उन्नाइसौँ श.)	जगन्नाथ तर्कपञ्चानन
(घ) दायक्रमसङ्ग्रह[1] (उन्नाइसौँ श.)	श्रीकृष्ण तर्कालङ्कार

नेपालमा प्रचलित विधिसंहिताहरू

प्राचीन कालमा नेपालमा धेरैथरी ससाना राज्यहरू भएकाले यहाँ एकै प्रकारको राजकीय परम्परा रहेको देखिँदैन। तथापि अत्यधिक सङ्ख्याका हिन्दुधर्मानुयायी जनसमुदायहरूको नै बसोबास रहेको हुनाले यस क्षेत्रमा वेद, वेदाङ्ग, स्मृति, पुराण इत्यादि शास्त्रको पूरा मान्यता थियो भन्ने कुरा सहजै अनुमान गर्न सकिन्छ।

हाँडीगाउँमा अवस्थित सत्यनारायण मन्दिरको गरुडध्वजको अभिलेखमा अनुपरम(गुप्त)ले[2] द्वैपायन व्यासको स्तुति गर्दा **"... शास्त्रे मनुयमबृहस्पत्युशनसां विधानं ...."**[3] भन्ने उल्लेख गरेका हुनाले काठमाडौँ उपत्यकामा लिच्छविकालमा मनुस्मृति, बृहस्पतिस्मृति र उशनस्स्मृतिको बढी मान्यता रहेको कुरा बुझिन्छ।

अहिलेको बारा जिल्लाअन्तर्गत पर्ने सिम्रौनगढका निवासी तथा राजा हरिसिंहदेवका मन्त्री चण्डेश्वर ठक्कुरले (ठाकुरले) गृहस्थरत्नाकर, विवादरत्नाकर इत्यादि सातोटा धर्मशास्त्रनिबन्धग्रन्थहरू रचेका थिए[4]। उनको विवादरत्नाकर (रचनाकाल शाके १२३६ [वि.सं.१३७१]) मिताक्षराशाखाको उपशाखा मिथिलाशाखाको मान्य ग्रन्थ पनि रहेको देखिएकाले त्यसको रचना भएपछि मिथिलातिर उक्त ग्रन्थअनुसार नै व्यवहारनिर्णय गर्ने गरिएको हुँदो हो भन्ने बुझिन्छ।

वि.सं.१३९३को (शाके १२५८ कार्तिकको) पुण्य मल्लको कनकपत्रमा (स्वर्णपत्रलेखमा) गोल्हणले पुण्य मल्ललाई **गार्ग्यायण, गौतम, अत्रि, हारीत, आपस्तम्ब** इत्यादि शास्त्रकारहरूका धर्मशास्त्रमा र राजनीतिशास्त्रमा निपुण

---

१. ज्ञाइन्द्रबहादुर श्रेष्ठले यस ग्रन्थको नाम 'दायकर्मसंग्रह' भनी अन्यथा लेखेका छन् (**हिन्दू विधिशास्त्र र नेपालको कानूनी व्यवस्था**, तृ.सं.२०५६, पृ.५०)।

२. वि.सं.५९६ भन्दा अघिका अनुपरमको परिचय **कतिपय-नैपालसंस्कृतग्रन्थकार-परिचय** भन्ने ग्रन्थमा (पृ.२) द्रष्टव्य छ।

३. द्र.– **नेपालको प्राचीन अभिलेख**, सम्. हरिराम जोशी, नेराप्रप्र., वि.सं.२०३०, अभिलेख नं.२३ (पृ.७२)।

४. द्र.– **कतिपय-नैपालसंस्कृतग्रन्थकार-परिचय**, स्वाद्ध्यायशाला, २०४८, पृ.४।

(कुशल) भनी वर्णन गरेको देखिएकाले[1] कर्णालीप्रदेशअन्तर्गत पर्ने जुम्लामा त्यति बेला उक्त शास्त्रकारका ग्रन्थहरूका आधारमा शासनव्यवस्था चल्ने गरेको बुझिन्छ।

मल्लकालमा चाहिँ मुख्य रूपमा नारदस्मृति शासकहरूको व्यवहारमा रहेको कुरा स्पष्ट रूपमै अवगत हुन्छ[2]।

पश्चिमी नेपालका चौबीसी राज्यका ससाना राज्यहरूमा पृथ्वीनारायण शाहको पालाभन्दा अघिदेखि नै शुक्रनीति र कामन्दकीयनीति पढ्ने प्रचलन भएको कुरा बाबुराम आचार्यले लेखेका छन्[3]। पृथ्वीनारायण शाहलाई याज्ञवल्क्यस्मृतिको व्याख्या मिताक्षराको व्यवहाराध्याय पढाउन खोज्दा मिताक्षराको पुस्तक गोर्खामा नपाइएकाले तनहुँबाट ल्याइएको कुरा पनि इतिहासमा प्रसिद्धै छ[4]।

यसप्रकार नेपालमा विभिन्न समयमा विभिन्न क्षेत्रहरूमा हिन्दु विधिसंहिताहरूको, तिनका व्याख्याग्रन्थहरूको र धर्मशास्त्रीय निबन्धग्रन्थहरूको मान्यता रहेको तथा तिनको अनुसरण गर्ने गरिएको देखिन्छ।

हिन्दु न्यायको अवधारणा

हिन्दु विधिसंहिताहरूको प्रमुख उद्देश्य राष्ट्रमा न्याय स्थापना गर्नु भएकाले यहाँ हिन्दु न्यायको अवधारणासम्बन्धी चर्चा गर्नु पनि सान्दर्भिक देखिन्छ। हिन्दुहरूको धर्म, अर्थ, काम, मोक्ष यी चारै पुरुषार्थको ज्ञानको मूल स्रोत श्रुति (वेद), स्मृति, पुराण इत्यादि वैदिक वाङ्मय नै भएकाले यसै वाङ्मयका आधारमा हिन्दुहरूको न्यायसम्बन्धी अवधारणा बुझ्न सकिन्छ।

हिन्दु विधिसंहिताअनुसार न्यायको अर्थ

हिन्दु विधिसंहिताहरूको दृष्टिकोणअनुसार वेद तथा धर्मशास्त्रले विधान गरेको कार्य गर्नु र निषेध गरेको कार्य नगर्नु नै धर्म हो[5]। त्यसैले मुख्य रूपमा धर्म नै न्याय हो[6] र गौण रूपमा धर्मकै एउटा भेद न्याय हो भन्न सकिन्छ। अर्थात्

---

१. • गार्ग्यायण-गौतमा-ऽत्रि-हारीता-ऽऽपस्तम्बादि-धर्म-राजनीति-शास्त्र-निपुणः ....।
—इतिहासप्रकाशमा सन्धिपत्रसंग्रह, भाग १, योगी नरहरि नाथ, वि.सं.२०२२, पृ.७६१।
• द्र.– कतिपय-नैपालसंस्कृतग्रन्थकार-परिचय, स्वाद्ध्यायशाला, २०४८, पृ.५।

२. यसै ग्रन्थमा दिइएको नारदस्मृतिको परिचयमा थप विवरण हेर्नुहोस् (पृ. २३–२५)।

३. श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाह (संक्षिप्त जीवनी), भाग १, राजदरबार, वि.सं.२०२४, पृ.१०५।

४. द्र.– श्री ५ बडामहाराज पृथ्वीनारायण शाहको जीवनी, सम्. बुद्धिसागर पराजुली, वीरपुस्तकालय, वि.सं.२०२०, पृ.२९–३०।

५. चोदनालक्षणोऽर्थो धर्मः।—जैमिनीय-धर्ममीमांसासूत्र १।१।२।

६. यस विषयमा यसै ग्रन्थको ४१औं पृष्ठमा पनि थप केही कुरा उल्लेख गरिएको छ।

धर्म व्यापक अर्थमा र न्याय सङ्कुचित अर्थमा प्रयुक्त हुन्छ। धर्मका दृष्ट (देखिने), अदृष्ट (नदेखिने) र दृष्टाऽदृष्ट (देखिने र नदेखिने दुवै) प्रयोजन हुन्छन् भने न्यायको सामान्यतः दृष्ट प्रयोजन मात्र हुन्छ। धर्म इहलोक र परलोक दुवै लोकमा सुख दिने साधन हो भने न्याय मुख्यतया इहलोकमा सुख दिने साधन हो। कुनै अर्थमा धर्म र न्याय शब्द समानार्थी वा पर्यायवाची हुन पनि सक्छन्।

राष्ट्रमा न्यायसंस्थापन गर्न नै हिन्दु विधिसंहिताहरूमा राजा वा राष्ट्रपतिको कर्तव्य र अधिकारको परिकल्पना भएको बुझिन्छ। त्यसैले कुनै विषयको मुद्दा पर्दा निष्पक्ष न्याय दिनु राजाको प्रमुख कर्तव्य हो भन्ने कुरा धर्मशास्त्रमा मानिएको छ। साथै अपराधीलाई दण्ड दिनु पनि राजाको प्रमुख दायित्वभित्र पर्दछ।

हिन्दु विधिसंहिताहरूमा दण्डको अवधारणा

दण्डको उत्पत्ति कसरी र किन भयो भन्ने प्रश्नको समाधान गर्दै मनुस्मृतिमा भनिएको छ– राजाका हितका निम्ति ईश्वरले पहिल्यै नै प्राणीहरूको रक्षक, धर्मरूप तथा ब्रह्मतेजोमय आफ्ना पुत्र दण्डलाई (दमनद्वारा नियमन गर्ने तत्त्वलाई) सृष्टि गरे[1]। यस वचनबाट राजाको कर्तव्य पूरा गर्नका निम्ति र सम्पूर्ण प्राणीको रक्षाका निम्ति दण्डको सृष्टि भएको कुरा स्पष्ट हुन्छ। दण्डका भयले नै चराचर सबै प्राणी आआफ्नो भोग भोग्न समर्थ हुन्छन्, कोही पनि आफ्ना धर्मबाट विचलित हुँदैनन्[2] भनिएको छ। त्यसैले राष्ट्रसञ्चालनमा दण्डको महत्त्वपूर्ण भूमिका रहने देखिन्छ।

तसर्थ राजाले (शासकले) दण्डको प्रयोगमा अत्यन्त सावधान हुनुपर्दछ। यस विषयमा याज्ञवल्क्यस्मृतिमा यस्तो भनिएको छ–

ज्ञात्वाऽपराधं देशं च कालं बलमथाऽपि वा।
वयः कर्म च वित्तं च दण्डं दण्ड्येषु पातयेत्॥–(याज्ञवल्क्य.१।३६८)

(अपराधीको अपराध, देश, काल, बल, उमेर, काम र धनको विचार गरेर तद्नुसार दण्डयोग्य व्यक्तिमा दण्डको प्रयोग राजाले गर्नुपर्दछ।)

दण्डले सबै प्रजाको शासन गर्दछ, दण्डले नै सबै प्राणीको रक्षा गर्दछ, सबै सुतेका बेलामा पनि दण्ड जागा रहन्छ, दण्डलाई पण्डितहरू धर्म मान्दछन्[3], दण्डको ठीकसित प्रयोग नगर्नाले चारै वर्ण दूषित होलान्, सबै शास्त्रीय मर्यादा

---

१. तस्याऽर्थे सर्वभूतानां गोप्तारं धर्ममात्मजम्।
ब्रह्मतेजोमयं दण्डमसृजत् पूर्वमीश्वरः॥–मनुस्मृति ७।१४।

२. तस्य सर्वाणि भूतानि स्थावराणि चराणि च।
भयाद् भोगाय कल्पन्ते स्वधर्मान् न चलन्ति च॥–मनुस्मृति ७।१५।

३. दण्डः शास्ति प्रजाः सर्वा दण्ड एवाऽभिरक्षति।
दण्डः सुप्तेषु जागर्ति दण्डं धर्मं विदुर् बुधाः॥–मनुस्मृति ७।१८।

छिन्नभिन्न होलान् र सबै प्रजामा चोरी इत्यादि दुराचारबाट क्षोभ (उपद्रव) उत्पन्न होला[१] भनेर मनुस्मृतिले दण्डको औचित्य देखाएको छ। न्याय दिन बसेका राजाका निम्ति आफ्ना पिता, माता, आचार्य (गुरु), मित्र, पत्नी, पुत्र र पुरोहित जोसुकै पनि स्वधर्ममा नबसेका अवस्थामा अदण्डनीय हुँदैनन् भनिएको छ[२]। राजा स्वयंले अपराध गरेमा त साधारण व्यक्तिको भन्दा हजार गुना बढी दण्ड उसले पाउने[३] शास्त्रमर्यादा देखाएर वैदिक विधिसंहिताले राजालाई आफू सत्यपरायण, धर्मनिष्ठ र विवेकी भै निष्पक्ष रूपले न्यायसम्पादन गर्न प्रेरणा वा निर्देशन दिएको देखिन्छ। अदण्डनीय व्यक्तिलाई चाहिँ दण्ड गर्ने र दण्डनीय व्यक्तिलाई चाहिँ दण्ड नगर्ने राजाको त ठूलो अपयश हुने र ऊ नरक जाने कुरा शास्त्रमा बताइएको छ[४]।

वैदिक विधिसंहिताहरूले अपराध र दण्डको विस्तृत रूपमा व्याख्या गरेर न्यायसम्पादनमा राजाको (शासकको) पूर्ण र अन्तिम उत्तरदायित्व रहने निष्कर्ष दिएको कुरा विभिन्न धर्मसूत्र र स्मृतिहरूका अध्ययनबाट अवगत हुन्छ। त्यसैले स्मृतिहरूमा मुख्य रूपमा प्रतिपादित अठार प्रकारका व्यवहार(विवाद)पदमा (मुद्दामामिलासम्बन्धी विषयहरूमा)[५] र अन्य फुटकर व्यवहार(विवाद)पदहरूमा पनि अपराधीको अपराधअनुसार दण्डको प्रयोग राजाले गर्नुपर्ने देखिन्छ।

हिन्दु न्यायप्रदानप्रक्रिया

राजाका धर्महरूमध्ये विशेष गरेर व्यवहारदर्शनको (मुद्दा हेर्ने कुराको) छुट्टै विस्तृत प्रतिपादन स्मृतिहरूमा गरिएको देखिन्छ। नारदस्मृति, बृहस्पतिस्मृति र कात्यायनस्मृति यसै विषयमा केन्द्रित देखिन्छन्। यी ग्रन्थहरूमा मुख्य रूपले मनुस्मृतिकै आधारमा न्याय दिने प्रक्रियाको, न्याय दिन आवश्यक अङ्गहरूको र न्यायप्रदानका विषयहरूको विस्तृत रूपमा प्रतिपादन गरिएको छ। विभिन्न धर्मसूत्रहरूमा र मनुस्मृति-याज्ञवल्क्यस्मृतिहरूमा पनि व्यवहारदर्शनको विषय

---

१. दुष्येयुः सर्ववर्णाश् च भिद्येरन् सर्वसेतवः।
सर्वलोकप्रकोपश् च भवेद् दण्डस्य विभ्रमात्॥—मनुस्मृति ७।२४।

२. पिताऽऽचार्यः सुहृन् माता भार्या पुत्रः पुरोहितः।
नाऽदण्ड्यो नाम राज्ञोऽस्ति यः स्वधर्मे न तिष्ठति॥—मनुस्मृति ८।३३५।

३. कार्षापणं भवेद् दण्ड्यो यत्राऽन्यः प्राकृतो जनः।
तत्र राजा भवेद् दण्ड्यः सहस्रमिति धारणा॥—मनुस्मृति ८।३३६।

४. अदण्ड्यान् दण्डयन् राजा दण्ड्यांश् चैवाऽप्यदण्डयन्।
अयशो महदाप्नोति नरकं चैव गच्छति॥—मनुस्मृति ८।१२८।

५. अठार प्रकारका व्यवहारपद केके हुन् भन्ने कुरा यसै ग्रन्थको पृष्ठ ४१मा देखाइएको छ।

विस्तृत रूपमै प्रतिपादित देखिन्छ। कौटलीय अर्थशास्त्रमा पनि यो विषय धर्मस्थीय भन्ने छुट्टै अधिकरणमा प्रतिपादित छ।

न्याय भन्नाले मुख्य रूपमा धर्मनिर्णय भन्ने बुझिन्छ। धर्मको निर्णय गर्न नसक्ता धर्मका अनुकल्पका (कामचलाउ विकल्पका) रूपमा शास्त्रसम्मत व्यवहारनिर्णयलाई पनि न्याय मानिएको हो। धर्म सूक्ष्म भएकाले त्यसको यथार्थ आकलन वा निर्णय गर्ने काम दुष्कर (गाह्रोसँग गर्न सकिने) हुने हुनाले त्यसलाई भन्दा धर्मशास्त्रसम्मत व्यवहारलाई, त्यसलाई भन्दा जीवन्त प्रथालाई र त्यसलाई भन्दा पनि शासकका विवेकसम्मत आज्ञालाई ऐहलौकिक व्यवस्थाका लागि बलियो निर्णायक तत्त्व मानिएको छ। तथापि न्यायव्यवस्थाको मूल आधार धर्म नै मानिन्छ। त्यसैले न्याय माग्ने मान्छेले यदि शासकबाट न्याय पाएन भने पनि ऊ परलोकमा धर्मराजबाट यथार्थ न्याय पाइने आशामा आश्वस्त भएर आफ्नो जीवनलाई सामान्य रूपमा अघि बढाउन सक्छ। त्यसै हुनाले आजभोलि न्यायालय वा अदालत भनिने निकायलाई शास्त्रमा धर्मसभा वा धर्माधिकरण भन्ने गरिएको हो।

न्यायप्रदानका विषयहरूमा **देयाऽप्रदानिक** (देवानी) र **हिंसासमुत्थान** (फौजदारी) दुई वर्ग प्रमुख रूपमा मानिएका छन्[1]। स्मृतिहरूमा मुख्य रूपमा अठार प्रकारका व्यवहारपदहरू (मुद्दामामिलासम्बद्ध विषयहरू) प्रतिपादित छन्।

ती अठार प्रकारका व्यवहार(विवाद)पदहरू यसप्रकार छन्– (१) **ऋणादान** (रिनको लेनदेन), (२) **निक्षेप** (नासो), (३) **अस्वामिविक्रय** (अर्काका वस्तुको बिक्री), (४) **सम्भूय-समुत्थान** (सहकारिता, साझेदारी), (५) **दत्ताऽनप(पा)कर्म** ([वचनले] दिइसकेको वस्तु नदिने काम), (६) **वेतनाऽदान** (तलब नदिने काम), (७) **संविद्-व्यतिक्रम** (सम्झौताको उल्लङ्घन), (८) **क्रयविक्रयाऽनुशय** (किनबेच गरेपछि त्यसमा पश्चात्ताप भएर असहमति), (९) **स्वामिपालविवाद** (स्वामी र पशुपालकका [गोठालाका] बीच झगडा), (१०) **सीमाविवाद** (साँधकीलाको झगडा), (११) **दण्डपारुष्य** (कुटपिट, आक्रमण), (१२) **वाक्पारुष्य** (गाली-बेइज्जती, मानहानि), (१३) **स्तेय** (चोरी), (१४) **साहस** (वध [हत्या], डकैती, आगजनी इत्यादि), (१५) **स्त्रीसङ्ग्रहण** (व्यभिचार, परस्त्रीप्रति दुर्व्यवहार), (१६) **स्त्रीपुं(स)धर्म** (स्त्री र पुरुषको परस्पर व्यवहार), (१७) **विभाग** (दायभाग, सम्पत्ति-विभाजन, अंशबण्डा) र (१८) **द्यूतसमाह्वय** (जुवा तथा बाजी [दाउ] लगाउने काम) [द्र.– मनुस्मृति ८।४–७]। यी अठार विषयबाहेक अरू विषयहरू **प्रकीर्णक** (फुटकर) विषय भनिन्छन्। भिन्नभिन्न स्मृतिहरूमा उपर्युक्त अठार व्यवहारपदका नाममा थोरै भेद रहेको पनि देखिन्छ। कतै प्रकीर्णकसमेत अठार, कतै उन्नाइस र कतै बीस व्यवहारपदहरूको प्रतिपादन गरिएको देखिन्छ।

---

१. **द्र.– वैदिक धर्म मूल रूपमा, द्वि.सं.२०६२, पृ.२८३।**

हिन्दु न्यायव्यवस्थामा न्यायप्रदानका निम्ति एउटा निश्चित प्रक्रिया अवलम्बन गरिएको देखिन्छ[1]। हिन्दु विधिसंहिताहरूले निष्पक्ष न्यायप्रदान गर्नुलाई अत्यन्त महत्त्वपूर्ण कार्य मानेकाले यसमा त्रुटि हुन नदिन त्यहाँ विभिन्न व्यवस्था गरिएको छ। निष्पक्ष भएर जनतालाई न्याय दिनु राजाको एउटा प्रमुख कर्तव्य भएको हुनाले राजाको कर्तव्य सम्पन्न गर्न नै धर्माधिकरणको (धर्मसभाको) पनि व्यवस्था हिन्दु धर्मशास्त्रमा गरिएको हो। उक्त सभाभित्र राजा वा द्रष्टा (प्राड्‌विवाक, न्यायाधिकृत वा डिट्ठा), सभ्य (विचारी) र यथासम्भव अन्य धर्मज्ञहरू पनि समाविष्ट हुन्छन्, जसको चर्चा अगाडि गरिँदै छ।

राजा

वैदिकधर्मानुसार राजा वा राष्ट्रपति हुन त्यस पदमा बस्नका निम्ति आवश्यक पर्ने विशिष्ट सद्‌गुणहरू व्यक्तिमा हुनै पर्छ भन्ने शास्त्रको भनाइ[2] देखिन्छ। यसबाट राजा भनेको शासन गर्ने व्यक्ति (शासक) हो र राजाका निम्ति आवश्यक भनेका गुणहरू पनि जुनसुकै शासकका निम्ति पनि आवश्यक गुण हुन् भनेर बुझ्न पर्ने हुन आउँदछ। वैदिक शास्त्रअनुसारको राजा भन्नाले त मुख्य रूपमा राजसूय यज्ञ गरेको शुद्धकुलीन क्षत्रिय शासक भन्ने बुझिन्छ[3]। त्यसैले अरू शासक त राजाजस्तै हुनाले गौण रूपमा राजा भनिएका हुन्। राजपदमा बस्ने व्यक्तिका कर्तव्यहरू वा धर्महरू उसका इच्छामा निर्भर हुँदैनन्, ती कर्तव्यहरू वेदादिशास्त्रबाट निर्दिष्ट हुन्छन्, त्यस पदमा आरूढ हुँदा उसले शास्त्रको निर्देशअनुसार म आफ्नो कर्तव्य र धर्मको पालन गर्नेछु भनी सदाचारी विद्वान् ब्राह्मणहरूका अगाडि शपथ पनि खानुपर्छ भनी शास्त्रमा बताइएको छ[4]। त्यसैले

---

१. न्यायप्रदानका अङ्गमा प्राड्‌विवाक (न्यायाधिकृत, द्रष्टा वा डिट्ठा), सभ्य (विचारी), शास्त्र (व्यवहारनिर्णयार्थ आवश्यक स्मृतिग्रन्थ), अर्थी (वादी), प्रत्यर्थी (प्रतिवादी) र साक्षी प्रमुख रूपमा शास्त्रमा वर्णित देखिन्छन्।

२. • नित्यं यस् तु सतो रक्षेदसतश् च निवर्तयेत्।
स एव राजा कर्तव्यस् तेन सर्वमिदं धृतम्॥–महाभारत, शान्तिपर्व ७८।४४।

• तस्मात् सर्वप्रयत्नेन राष्ट्रमुख्ये नरेश्वरः।
परीक्ष्य पूर्वैः कर्तव्यो धार्मिकः सत्यसङ्गरः॥–विष्णुधर्मोत्तर पु.२।२।१५; द्र.– २।३।८ इ.।

• धर्मज्ञो गुणवान् दान्तः कृतज्ञः सत्यवाञ् छुचिः।
रामो राजसुतो ज्येष्ठो यौवराज्यमतोऽर्हति॥–वाल्मीकि-रामायण, अयोध्याकाण्ड ८।१४।

३. राजा वै राजसूयेनेष्ट्वा भवति, सम्राड् वाजपेयेन।–मा.वा.शतपथब्राह्मण ५।१।१।१३।

४. राजधर्मको विस्तृत प्रतिपादन र वर्णन वेद, वेदाङ्ग, स्मृति, पुराण इत्यादि शास्त्रका प्रमाणवचनसहित वैदिक धर्म मूल रूपमा भन्ने ग्रन्थका द्वितीय संस्करणमा गरिएको देखिन्छ (२०६२, पृ.२८१–२९३)।

वैदिक धर्मशास्त्रअनुसारको राजा कतिपय आधुनिक व्यक्तिले ठानेजस्तो निरङ्कुश नभएर शास्त्रद्वारा, तपस्वी ऋषिमुनिहरूद्वारा तथा सदाचारी त्यागी विद्वान् ब्राह्मणहरूद्वारा नियन्त्रित र अनुशासित हुन्थ्यो भन्ने कुरा स्पष्ट हुन्छ[१]।

सबैको रक्षाका निम्ति इन्द्र, वायु, यम, सूर्य, अग्नि, वरुण, चन्द्रमा र कुबेरको अंशद्वारा ईश्वरले (ब्रह्माजीले) राजालाई सृष्टि गरेको कुरा मनुस्मृतिमा उल्लिखित छ[२]। यसबाट प्रजाको रक्षा गर्नु नै राजाको मूल कर्तव्य रहेको कुरा पनि स्पष्ट हुन्छ। दुष्टलाई यथायोग्य दण्ड दिई सन्मार्गमा चल्न प्रेरणा दिनु; न्यायपरायण सज्जनको रक्षा, आदर र सत्कार गर्नु; न्यायपूर्वक राष्ट्रिय कोषको अभिवृद्धि गर्नु; राष्ट्रका भूमि, विद्या, धर्म, संस्कृति, कला, कौशल इत्यादिको रक्षा गर्नु; न्याय माग्नेहरूलाई शास्त्रधर्म, देशधर्म, जातिधर्म र कुलधर्मको अनुकूल[३] निष्पक्ष न्याय दिनु तथा राष्ट्रको योगक्षेमका (अप्राप्तको प्राप्ति र प्राप्तको रक्षाका) लागि निरन्तर प्रयत्नशील रहनु हिन्दु राजाका प्रमुख धर्म मानिन्छन्। राजाले न्यायप्रदान गर्दा प्राड्विवाक (द्रष्टा वा न्यायाधिकृत), सभ्य (विचारी) इत्यादिको सहयोग लिने कुरा स्मृतिहरूमा बताइएको छ[४]।

धर्माधिकरण (धर्मसभा)

धर्मशास्त्रमा न्यायप्रदान गर्नका निम्ति सभा वा धर्मसभा वा न्यायसभाको व्यवस्था गरिएको पाइन्छ, जसलाई शास्त्रीय भाषामा धर्माधिकरण भन्दछन्[५]। त्यसैलाई आधुनिक भाषामा न्यायालय (अदालत) भन्न सकिन्छ। यस्ता सभामा वा धर्मसभामा व्यवहार अर्थात् मुद्दा हेर्न ब्राह्मण र मन्त्रीहरूका साथ राजाले

---

१. हिन्दुहरूको विधानको स्रोत वेदादि धर्मशास्त्र भएकाले "राजतन्त्रमा राजा नै विधानको स्रोत हुने हुँदा" भन्ने भनाइ (**नेपालको वैधानिक परम्परा**, जगदीशचन्द्र रेग्मी, पा.वि.के., त्रि.वि.वि., काठमाडौं, २०३६, पृ.२०७) र "राजाको आदेश नै कानून हो" भन्ने भनाइ (**नेपालको कानूनी इतिहासको रूपरेखा**, रेवतीरमण खनाल, २०५९, भूमिका, पृ. ख–ग) पनि हिन्दु विधिसंहिताहरूका दृष्टिले हेर्दा अयथार्थ देखिन्छन्।

२. अराजके हि लोकेऽस्मिन् सर्वतो विद्रुते भयात्।
रक्षार्थमस्य सर्वस्य राजानमसृजत् प्रभुः॥
इन्द्रा-ऽनिल-यमा-ऽर्काणामग्नेश् च वरुणस्य च।
चन्द्र-वित्तेशयोश् चैव मात्रा निर्हृत्य शाश्वतीः॥—मनुस्मृति ७।३–४।

३. देश-जाति-कुलधर्माश् चाऽम्नायैरविरुद्धाः प्रमाणम्।—गौतम-धर्मसूत्र २।२।२०।

४. श्रुताऽध्ययनसम्पन्ना धर्मज्ञाः सत्यवादिनः।
राज्ञा सभासदः कार्या रिपौ मित्रे च ये समाः॥—याज्ञवल्क्यस्मृति २।२।

५. धर्मशास्त्रानुसारेण ह्यर्थशास्त्रविवेचनम्।
यत्राऽधिक्रियते स्थाने धर्माधिकरणं हि तत्॥—शुक्रनीति ४।५।४२ (नेराप्रप्र. सं., पृ.२४५)।

विनीत भावले प्रवेश गर्नुपर्ने कुरा स्मृतिहरूमा बताइएको छ[1]। जहाँ वेदज्ञ तीन ब्राह्मण र राजाका अधिकृत विद्वान् पण्डित बस्छन्, त्यसलाई ब्रह्माको सभा भन्छन् भनी मनुस्मृतिले उल्लेख गरेको छ[2]। धर्मसभा वा न्यायसभाका कर्तव्य र भेदका विषयमा धर्मशास्त्रमा विस्तृत चर्चा गरिएको पाइन्छ।

द्रष्टा (प्राड्विवाक)

मुद्दा हेरेर विवेचना गरी न्यायप्रदान गर्ने व्यवस्था मिलाउने र अन्त्यमा निर्णय सुनाउने व्यक्तिलाई शास्त्रीय भाषामा द्रष्टा[3] भन्दछन्। द्रष्टालाई न्यायप्रवक्ता, न्यायाधिकृत वा प्राड्विवाक पनि भन्न सकिन्छ। न्यायाधिकृतलाई सोध्ने हुनाले प्राट् र विवेचना गर्ने तथा निर्णय बोल्ने हुनाले विवाक अर्थात् प्राड्विवाक भनिएको कुरा शुक्रनीतिमा बताइएको छ[4]। राजाले शास्त्रानुसार व्यवहारसम्बद्ध कामकाज गर्नुपर्ने, यदि सबै काम राजाले स्वयं गर्न नसके त्यस कार्यका निम्ति वेदमा पारङ्गत, इन्द्रियविजयी, कुलीन, पक्षपातरहित, उद्वेगरहित, स्थिर, परलोकदेखि डराउने, धार्मिक, उत्साही र क्रोधरहित ब्राह्मणलाई नियुक्त गर्नुपर्ने, त्यस्ता ब्राह्मण नपाइए धर्मशास्त्रज्ञ क्षत्रियलाई र क्षत्रिय पनि नपाइए धर्मशास्त्रज्ञ वैश्यलाई नियुक्त

---

१. • व्यवहारान् दिदृक्षुस् तु ब्राह्मणैः सह पार्थिवः।
मन्त्रज्ञैर् मन्त्रिभिश् चैव विनीतः प्रविशेत् सभाम्॥—मनुस्मृति ८।१।

• व्यवहारान् नृपः पश्येद् विद्वद्भिर् ब्राह्मणैः सह।
धर्मशास्त्रानुसारेण क्रोधलोभविवर्जितः॥—याज्ञवल्क्यस्मृति २।१।

२. यस्मिन् देशे निषीदन्ति विप्रा वेदविदस् त्रयः।
राज्ञश् चाऽधिकृतो विद्वान् ब्रह्मणस् तां सभां विदुः॥—मनुस्मृति ८।११।

३. नेपाली भाषामा प्रचलित डिट्ठा शब्दले उहिल्यै जुन अर्थ बुझाउँथ्यो, त्यसै अर्थमा प्राचीन कालमा संस्कृतमा द्रष्टा शब्दको प्रयोग हुन्थ्यो भन्ने बुझिन्छ। त्यसैले द्रष्टा भन्नाले शासक वा शासकका प्रतिनिधिका रूपमा रहेर न्यायप्रदान गर्ने प्रक्रियाको व्यवस्थापन गर्ने व्यक्ति भन्ने बुझिन्छ। नेपाली भाषाका आदिकवि भानुभक्त आचार्यले मुद्दा छिन्ने प्रक्रियाका प्रमुख व्यक्तिका रूपमा डिट्ठा र विचारीको उल्लेख गरेका छन्—

बिन्ती डिट्ठा-विचारीसित म कति गरूँ चुप् रहन्छन् न बोली
बोल्छन् ता ख्याल् गऱ्या फैँ अनि पछि दिनदिन् भन्दछन् भोलिभोली।
की ता सक्तीन भन्नू कि तब छिनिदिनू क्यान भन्छन् इ भोली
भोलीभोली हुँदैमा सब घर बितिगो बक्सियोस् आज खोली॥

—(द्र.– आदिकवि भानुभक्त आचार्यको सच्चा जीवनचरित्र,
पं. कविराज नरनाथ आचार्य, द्वि.सं.२०३६, पृ. ६९)।

४. • वादिनौ पृच्छति प्राड् वा विवाको विविनक्त्यतः।
विचारयति सभ्यैर् वा धर्माऽधर्मान् विवक्ति वा॥—शुक्रनीति ४।५।६३।

गर्नुपर्ने कुरा शुक्रनीतिमा उल्लिखित देखिन्छ[1]। राजाले त्यस्तै गुण भएका न्यायाधिकृत नियुक्त गर्नुपर्ने र तिनै न्यायाधिकृतले मुद्दाहरूको विचार र निर्णय गर्ने व्यवस्था मिलाउनुपर्ने कुरा स्मृतिहरूमा पनि बताइएको छ। निर्णय बोल्ने वा सुनाउने काम प्राड्विवाकको (धर्माधिकरणका अध्यक्षको) हो; दण्डसजाय दिने काम राजा वा शासकको हो; कुनै विषयमा मुद्दा पर्दा त्यस विषयको सबै तथ्य केलाएर साक्षीहरूको भनाइको पनि विचार गरेर विवेचना गर्ने र यो शास्त्रअनुसार यसमा यस्तो व्यवस्था हुन्छ भनेर विचार दिने काम सभ्यहरूको हो; यस्ता परिस्थितिमा यसले मुद्दा जित्छ, यसले हार्छ, यसले यति दण्डसजाय पाउँछ भनी निर्णय दिने काम (विषय) स्मृतिशास्त्रको वा विधिसंहिताहरूको हो भन्ने कुरा शुक्रनीतिमा उल्लिखित छ–

> **वक्ताऽध्यक्षो नृपः शास्ता सभ्याः कार्यपरीक्षकाः।**
> **स्मृतिर् विनिर्णयं ब्रूते जयं दानं (जयदानं?) दमं तथा॥**–(शुक्र.४।५।३९)

सभ्य

धर्मसभामा राजालाई वा राजाद्वारा नियुक्त न्यायाधिकृतलाई मुद्दाका विषयमा निष्कर्ष रूपले विचार दिई सघाउने व्यक्तिहरूलाई सभासद् वा सभ्य भन्दछन्[2]। वेदवेदाङ्ग पढेका, धर्मज्ञ, सत्यवादी र शत्रु तथा मित्रमा समान दृष्टि राख्ने व्यक्तिहरूलाई सभासद् (विचारी) बनाउनुपर्ने व्यवस्था याज्ञवल्क्यस्मृतिमा गरिएको छ[3]। यदि राजा आफैँले राजकाजका अत्यावश्यक अन्य कार्यका बोझले गर्दा मुद्दा हेर्न नपाएमा वा रोगले गर्दा वा अन्य शारीरिक दुर्बलताले गर्दा मुद्दा हेर्न नसकेमा अथवा अन्य कुनै कारणले आफैँ मुद्दा हेर्न नचाहेमा उक्त प्रकारका सभ्यहरूका साथै सम्पूर्ण धर्मशास्त्र जान्ने ब्राह्मणलाई सो कार्यमा

---

१. **तस्माच् छास्त्राऽनुसारेण राजा कार्याणि साधयेत्॥**
यदा न कुर्यान् नृपतिः स्वयं कार्यविनिर्णयम्।
तदा तत्र नियुञ्जीत ब्राह्मणं वेदपारगम्॥
दान्तं कुलीनं मध्यस्थमनुद्वेगकरं स्थिरम्।
परत्र भीरुं धर्मिष्ठमुद्युक्तं क्रोधवर्जितम्॥
यदा विप्रो न विद्वान् स्यात् क्षत्रियं तत्र योजयेत्।
वैश्यं वा धर्मशास्त्रज्ञं शूद्रं यत्नेन वर्जयेत्॥–शुक्र.४।५।११–१४ (नेराप्रप्र. सं., पृ.२४१)।

२. भाषा (अभियोग), उत्तर, प्रमाण, साक्षी इत्यादिको विचार गरी विषय केलाएर यस मुद्दामा यो शास्त्रअनुसार यो व्यवस्था हुन्छ भनेर विचार दिने विचारीहरू सभ्य वा सभासद् भनिन्छन्।

३. **श्रुताऽध्ययनसम्पन्ना धर्मज्ञाः सत्यवादिनः।**
राज्ञा सभासदः कार्या रिपौ मित्रे च ये समाः॥–याज्ञवल्क्यस्मृति २।२।

(न्यायाधिकृत[प्राड्विवाक]का रूपमा) नियुक्त गर्नुपर्ने निर्देश पनि याज्ञवल्क्यले दिएका छन्[1]।

सभामा पस्नै हुँदैन, सभामा पसिसकेपछि भने ठीकठीक बोल्नै पर्दछ; जसले केही पनि बोल्दैन अथवा एकथोकको अर्कोथोक बोल्दछ, त्यस्तो व्यक्ति पापको भागी हुन्छ[2] भनेर सभ्यहरूको कर्तव्यको निर्देश मनुले र शुक्राचार्यले गरेका छन्। सभामा गएर चुप लागेर बस्ने तथा परिस्थितिले मागेको कुरा नबोल्ने सभासद् अनृतवादी (झूट बोल्ने) ठहर्छन् भन्ने शास्त्रको भनाइ छ[3]। वैदिक धर्मशास्त्रका उक्त प्रकारका वचनबाट पनि लोकाचार, वेद र धर्मको तत्त्व जान्ने समदर्शी सभ्यहरूको निष्पक्ष न्यायप्रदान गर्ने कार्यमा महत्त्वपूर्ण भूमिका रहने कुरा स्पष्ट हुन्छ। यस्ता सभ्यको सङ्ख्या तीन, पाँच वा सात हुने कुरा शुक्रनीतिमा बताइएको छ[4]।

अन्य धर्मज्ञ

धर्मसभामा राजा वा प्राड्विवाक र सभ्यहरूबाहेक अरू धर्मज्ञको पनि अस्तित्व हुन सक्ने सङ्केत शुक्रनीतिले गरेको छ। त्यहाँ भनिएको छ— नियुक्त नगरिएकै भए पनि धर्म बुझेको व्यक्तिले धर्मसभामा बोल्न हुन्छ, किनभने जो शास्त्रानुसार चल्छ, त्यसले दैवी वाणी (यथार्थ कुरा) बोल्छ[5]। यसरी सभामा प्रवेश गर्ने जोकोहीले पनि यथार्थ कुरा बोल्नै पर्ने, अन्यथा ऊ पापभागी हुने भन्ने मान्यता रहेको देखिन्छ। धर्मसभा (अदालत, इजलास) खुला हुने, त्यहाँ जोसुकै विज्ञले पनि प्रवेश गर्न सक्ने र आफ्नो दृष्टिकोण राख्न सक्ने वा राख्न पाउने समेत मान्यता हिन्दु न्यायपद्धतिमा रहेको देखिन्छ।

कार्यविधि

न्यायप्रदान गर्दा केकस्तो कार्यविधि अपनाउनुपर्छ भन्ने विषयमा हिन्दु विधिसंहिताहरूमा विस्तृत चर्चा गरिएको पाइन्छ। न्यायप्रदान गर्ने दायित्व राजाको

१. अपश्यता कार्यवशाद् व्यवहारान् नृपेण तु।
सभ्यैः सह नियोक्तव्यो ब्राह्मणः सर्वधर्मवित्॥—याज्ञवल्क्यस्मृति २।३।

२. सभां वा न प्रवेष्टव्यं वक्तव्यं वा समञ्जसम्।
अब्रुवन् विब्रुवन् वाऽपि नरो भवति किल्विषी॥—मनुस्मृति ८।१३, शुक्रनीति ४।५।२८।

३. ये तु सभ्याः सभां गत्वा तूष्णीं ध्यायन्त आसते।
यथाप्राप्तं न ब्रुवते सर्वे तेऽनृतवादिनः॥—पद्मपुराण, सृष्टिखण्ड ३७।१०१–१०२।

४. लोकवेदज्ञधर्मज्ञाः सप्त पञ्च त्रयोऽपि वा।
यत्रोपविष्टा विप्राः स्युः सा यज्ञसदृशी सभा॥—शुक्र.४।५।२५ (नेराप्रप्र. सं., पृ.२४३)।

५. अनियुक्तो नियुक्तो वा धर्मज्ञो वक्तुमर्हति।
दैवीं वाचं स वदति यः शास्त्रमुपजीवति॥—शुक्रनीति ४।५।२७ (नेराप्रप्र. सं., पृ.२४३)।

भएको हुनाले यस कार्यमा राजालाई सहयोग पुऱ्याउन धर्मसभा, सभ्य र अन्य धर्मज्ञको व्यवस्था धर्मशास्त्रमा गरिएको कुरा माथि नै उल्लेख गरिसकिएको छ। तसर्थ यहाँ न्यायप्रदान गर्दा अपनाइने कार्यविधिको संक्षिप्त चर्चा गरिन्छ[1]।

ब्राह्मण र मन्त्रीहरूसँगै विनीत भावले सौम्य पहिरनमा धर्मसभामा प्रवेश गरेका राजाले बसेर वा उठेर दाहिने हात उठाएर व्यवहार (मुद्दा) हेर्नुपर्छ[2]। ऋणको लेनदेन, निक्षेप, क्रयविक्रय-विवाद, सीमाविवाद, चोरी इत्यादि अठार प्रकारका समेत सबै व्यवहारपदलाई[3] लौकिक तथा शास्त्रीय कारणद्वारा विचार गरेर शाश्वत धर्मको आश्रय लिई राजाले न्यायप्रदान गर्नुपर्छ[4]। न्यायप्रदान गर्दा सभासद्हरूको र अन्य धर्मज्ञ व्यक्तिहरूको परामर्शलाई पनि राजाले विचार गर्नुपर्छ। यदि सभासद्ले राग (अनुराग), लोभ वा भयले धर्मशास्त्रविरुद्ध काम गरे भने ती पनि दण्डनीय हुन्छन्[5]। त्यसैले राजाले अत्यन्त सावधानीका साथ न्याय दिने काम गर्नुपर्ने देखिन्छ।

याज्ञवल्क्यस्मृतिअनुसार मुद्दाका चार पाउ हुन्छन्– भाषापाद, उत्तरपाद, क्रियापाद र सिद्धिपाद[6]। आवेदन गर्ने कार्यलाई **भाषापाद** भन्दछन्। पहिल्यै आवेदन गर्ने व्यक्तिको (वादीको) भनाइ (अभियोग) प्रतिवादीका समक्षमा नै

---

१. न्यायका प्रक्रियामा अर्थी (वादी), प्रत्यर्थी (प्रतिवादी), भाषा (अभियोग), उत्तर (प्रत्युत्तर), प्रत्याकलित (छलफल), लेख्य (लिखित प्रमाण), साक्षी, क्रिया (कारबाई), सिद्धि (निर्णय), पुनर्वाद (मुद्दा दोहोऱ्याउने काम), निवर्तन (निरसन, खारेजी), सिद्धिपत्र (निर्णयपत्र) इत्यादि कुरा आउँछन् (द्र.– **वैदिक धर्म मूल रूपमा**, द्वि.सं.२०६२, पृ.२८३)।

२. **व्यवहारान् दिदृक्षुस् तु ब्राह्मणैः सह पार्थिवः।**
मन्त्रज्ञैर् मन्त्रिभिश् चैव विनीतः प्रविशेत् सभाम्॥
तत्राऽऽसीनः स्थितो वाऽपि पाणिमुद्यम्य दक्षिणम्।
विनीतवेषाऽऽभरणः पश्येत् कार्याणि कार्यिणाम्॥–मनुस्मृति ८।१–२।

३. अठार प्रकारका व्यवहारपद केके हुन् भन्ने कुरा यसै ग्रन्थको ४१औँ पृष्ठमा देखाइएको छ।

४. **प्रत्यहं देशदृष्टैश् च शास्त्रदृष्टैश् च हेतुभिः।**
अष्टादशसु मार्गेषु निबद्धानि पृथक्पृथक्॥...
एषु स्थानेषु भूयिष्ठं विवादं चरतां नृणाम्।
धर्मं शाश्वतमाश्रित्य कुर्यात् कार्यविनिर्णयम्॥–मनुस्मृति ८।३,८।

५. **रागाल् लोभाद् भयाद् वाऽपि स्मृत्यपेतादिकारिणः।**
सभ्याः पृथक्पृथग् दण्ड्या विवादाद् द्विगुणं दमम्॥–याज्ञवल्क्यस्मृति २।४।

६. द्र.– **मिताक्षरा** (याज्ञवल्क्यस्मृतिको टीका) २।८।

लेख्नुपर्छ[१]। त्यसपछि प्रतिवादीको उत्तर पनि वादीका समक्षमा नै लेख्नुपर्छ[२]। यसरी प्रतिवादीको उत्तर लेख्ने कार्यलाई **उत्तरपाद** भन्दछन्। त्यसपछि वादीले आफूले लगाएको अभियोग सिद्ध गर्ने खालको प्रमाण तत्कालै लेखाउनुपर्दछ[३]। यस कार्यलाई **क्रियापाद** भन्दछन्। छलफलबाट यदि उक्त प्रमाण सिद्ध भयो भने वादी विजयी हुन्छ, अन्यथा ऊ हार्दछ[४]। मुद्दाको निर्णय हुने यस चरणलाई अर्थात निर्णयदानलाई **सिद्धिपाद** भन्दछन्। यसप्रकार व्यवहारका अर्थात् मुद्दाका चार चरणहरू हुन्छन्[५]। विभिन्न धर्मशास्त्रीय ग्रन्थहरूमा व्यवहारका चरणहरूलाई भिन्नभिन्न प्रकारले व्याख्या गरिएको पाइन्छ। साथै न्यायप्रदान गर्दा सूक्ष्मभन्दा सूक्ष्म कुरालाई पनि ध्यान दिनुपर्ने विषयमा समेत स्मृतिहरूमा विस्तृत चर्चा भेटिन्छ।

❁

---

१. • प्रत्यर्थिनोऽग्रतो लेख्यं यथाऽऽवेदितमर्थिना।
समा-मास-तदर्धा-ऽहर्-नाम-जात्यादि-चिह्नितम्॥—याज्ञवल्क्यस्मृति २।६।

• कोही वादी कराउन आएपछि प्रतिवादीलाई झिकाएर उसैका समक्षमा वादीको अभियोग लेखाउने प्रचलन रहेको कुरा यसबाट बुझिन्छ।

• वैदिक धर्मसभामा गएर वादीले आफूलाई परेको अन्याय मौखिक रूपमा सुनाएपछि राजाका अधिकृत लेखकले नै त्यसलाई लिपिबद्ध गर्दथे भन्ने कुरा यसबाट बुझिन्छ। त्यसैले त्यति बेला शासकका समक्ष न्याय माग्न अहिलेको आधुनिक न्यायालयमा न्याय माग्नजस्तो धेरै झन्झटिलो र खर्चिलो प्रक्रिया अपनाउन पर्दैनथ्यो भन्ने कुरा स्पष्ट हुन्छ। यसबाट त्यस बेलाको लोककल्याणकारी शासनव्यवस्थाको स्वरूप पनि बुझ्न सकिन्छ।

२. • श्रुतार्थस्योत्तरं लेख्यं पूर्वाऽऽवेदकसन्निधौ।—याज्ञवल्क्यस्मृति २।७।

• प्रतिवादीले पनि आफ्नो प्रत्युत्तर धर्मसभामा मौखिक रूपमा सुनाएपछि त्यसलाई पनि राजाका अधिकृत लेखकले नै लिपिबद्ध गरिदिन्थे भन्ने कुरा यसबाट बुझिन्छ।

३. ततोऽर्थी लेखयेत् सद्यः प्रतिज्ञाताऽर्थसाधनम्॥—याज्ञवल्क्यस्मृति २।७।

४. तत्सिद्धौ सिद्धिमाप्नोति विपरीतमतोऽन्यथा।—याज्ञवल्क्यस्मृति २।८।

५. चतुष्पाद् व्यवहारोऽयं विवादेषूपदर्शितः॥—याज्ञवल्क्यस्मृति २।८।

द्वितीय अध्याय

हिन्दु समाजको संरचना र धनको उपयोगसम्बन्धी मूल आदर्श

हिन्दु समाजको संरचना

हिन्दु समाजको संरचना र जीवनपद्धति वैदिक विधिसंहिताहरूद्वारा वर्णाश्रमधर्मका आधारमा निर्दिष्ट गरिएको देखिन्छ। तसर्थ हिन्दुहरूको वैयक्तिक, कौटुम्बिक (पारिवारिक), सामाजिक र राष्ट्रिय चरित्र तथा वैशिष्ट्य बुझ्न सर्वप्रथम वर्णाश्रमव्यवस्थामा आधारित हिन्दु समाजको संरचना बुझ्न आवश्यक हुन्छ। यसको संक्षिप्त चर्चा यहाँ गरिँदै छ।

वर्ण

भारतवर्षनिवासी वैदिकधर्मानुयायीहरूलाई मुख्य रूपमा चार वर्गमा विभक्त गरिएको देखिन्छ। यस्तो वर्गीकरणलाई वर्णव्यवस्था भन्दछन्[१]। ब्राह्मण, राजन्य (क्षत्रिय), वैश्य र शूद्र यी चार वर्णलाई विराट् पुरुषका क्रमशः मुख, बाहु (पाखुरा) तथा तिघ्राका रूपमा र पाउबाट जन्मेका रूपमा ऋग्वेदको पुरुषसूक्तमा उल्लेख गरिएको छ[२]। त्यसै आधारमा परमात्माका वा विराट्

---

१. पाश्चात्त्यहरूका मतबाट प्रभावित भै कतिपय आधुनिक भारतीय र नेपाली लेखकहरूले वैदिक वर्णव्यवस्थाको वास्तविक स्वरूपको विपरीत विविध कुराहरू पनि लेखेको देखिन्छ। किन्तु वैदिक वर्णव्यवस्थाको मर्म, औचित्य र त्यसबाट समाजको व्यवस्थापनमा तथा उन्नतिमा पुग्ने लाभका विषयमा भने उनीहरूले विवेचना गरेको देखिँदैन। वैदिक समाजमा वर्णव्यवस्थाको आवश्यकता र औचित्यका विषयमा **वैदिक धर्म मूल रूपमा** भन्ने ग्रन्थको 'वर्ण-जाति-व्यवस्थाबाट समाजलाइ लाभ' भन्ने प्रकरणमा (द्वि.सं.२०६२, पृ.७५-७६) विवेचना गरिएको पाइन्छ।

२. **ब्राह्मणोऽस्य मुखमासीद् बाहू राजन्यः कृतः।**
ऊरू तदस्य यद् वैश्यः पद्भ्यां शूद्रो अजायत॥—ऋग्वेद-संहिता १०।९०।१२।

पुरुषका मुखबाट ब्राह्मण, बाहुबाट क्षत्रिय, तिघ्राबाट वैश्य र पाउबाट शूद्रको उत्पत्ति भएको मानिएको देखिन्छ। ऋग्वेदसंहिताका साथै अन्य वेदमन्त्रसंहिता, ब्राह्मणग्रन्थ, श्रौतसूत्र, गृह्यसूत्र, धर्मसूत्र, स्मृति, पुराण इत्यादि वैदिक ग्रन्थहरूमा समेत चार वर्ण र अरू अवान्तर जातिहरूको पनि उल्लेख पाइन्छ। त्यसैले वैदिक परम्परामा वर्णव्यवस्था सृष्टिसँगै प्रारम्भ भएको मानिन्छ। धर्मसूत्र तथा स्मृति-पुराणहरूमा त वर्ण र जातिका विषयमा विस्तृत विवेचना गर्नुका साथै भिन्नभिन्न वर्ण र जातिका धर्मकर्मका विषयमा पनि विस्तृत रूपमा प्रतिपादन गरिएको समेत देखिन्छ। हिन्दु धर्मशास्त्रको गम्भीर अध्ययन गर्दा जन्म, कर्म, विद्या, चरित्र, आचार, विचार, संस्कार इत्यादि विभिन्न तत्त्वका र गुणका आधारमा सूक्ष्म रूपले विचार गरी वर्ण र जातिको विभाजन गरिएको देखिन्छ[1]। श्रीमद्भगवद्गीतामा पनि **"चातुर्वर्ण्यं मया सृष्टं गुणकर्मविभागशः"** (गीता ४।१३) भनेर सृष्टि गर्दा नै भगवान्‌बाट गुण र कर्मका आधारमा चार वर्णको सृष्टि भएको कुरा उल्लिखित छ।

ब्राह्मण

अनादि परम्पराबाट सिद्ध भएका शुद्ध ब्राह्मण पितामाताबाट धर्मविवाहका सम्बन्धले जन्मेको[2] तथा ब्राह्मणोचित (ब्राह्मणका निम्ति शास्त्रमा बताइएका) धार्मिक संस्कार र आचरण भएको व्यक्ति ब्राह्मण मानिन्छ। श्रुतिस्मृतिपुराणहरूमा ब्राह्मण जातिलाई अत्यन्त उच्च स्थान दिइएको छ। वेदवेदाङ्गमा पारङ्गत, सच्चरित्र, समदर्शी र लोककल्याणकारी ब्राह्मणबाट हिन्दु समाजको ऐहलौकिक र पारलौकिक अभ्युदय (कल्याण) हुन सक्ने हुनाले नै हिन्दु समाजमा ब्राह्मण जातिको[3] विशिष्ट स्थान रहेको कुरा शास्त्रबाट देखिन्छ। उक्त प्रकारका आदर्श चरित्र भएका, त्याग र तपस्याका प्रतिमूर्ति ब्राह्मणहरूलाई उनीहरूको धर्म र

---

१. वैदिक धर्ममा वर्णजातिव्यवस्थाको विस्तृत प्रतिपादन र विवेचन प्रमाणवचनहरूका साथ **वैदिक धर्म मूल रूपमा** भन्ने ग्रन्थमा (प्र.सं.२०४५, पृ.४०–५१; द्वि.सं.२०६२, पृ.२२५–२६३) गरिएको देखिन्छ।

२. 'बृहदारण्यक उपनिषद्को तृतीय अध्यायमा **"जन्मना जायते शूद्र (शूद्रः?) संस्काराद् द्विज उच्यते। वेदाभ्यासाद् भवेद् विप्र (विप्रो?) ब्रह्मं (ब्रह्म?) जानाति ब्राह्मणः"** भनिएको हुनाले जातले ब्राह्मण हुने होइन, कर्मले ब्रह्मज्ञान हुने मात्र ब्राह्मण हुन्' भनी रेवतीरमण खनालको मदन पुरस्कार प्राप्त ग्रन्थ **नेपालको कानूनी इतिहासको रूपरेखामा** (२०५९, पृ.४, द्र.– पृ.५६७) लेखिएको देखिन्छ। किन्तु त्यो लेखाइ अयथार्थ हो। किनभने उक्त श्लोक बृहदारण्यकोपनिषद्मा छँदै छैन। ब्राह्मणका विषयमा कतिपय आधुनिक व्यक्तिहरूमा रहेको भ्रम वा पूर्वाग्रहको निराकरण गर्दै ब्राह्मणको वास्तविक शास्त्रीय रूपको परिचय **'ब्राह्मण : वस्तुस्थिति र भ्रम'** भन्ने लेखमा सप्रमाण प्रस्तुत गरिएको छ (आमोदवर्धन कौण्डिन्न्यायन, **स्पेसटाइम दैनिक**, २०५७।७।३०)।

३. नेपाली ब्राह्मणहरूका विभिन्न श्रेणी र भेदहरूको शास्त्रीय र ऐतिहासिक विवेचना **वैदिक धर्म मूल रूपमा** भन्ने ग्रन्थमा सप्रमाण गरिएको देखिन्छ (२०६२, पृ.२३३–२३८)।

आदर्शको पालन गर्न सहयोग पुऱ्याएर तिनीहरूको संरक्षण गरेमा नै हिन्दु समाजमा धर्म, नैतिकता, चरित्र, कर्तव्य, अनुशासन इत्यादि सद्‌गुणहरूको विकास र न्यायस्थापनसमेत भै समग्रमा लोककल्याणमा अभिवृद्धि हुने हुँदा त्यस प्रकारको कार्यमा सबैले आआफ्नो स्थानबाट योगदान दिनुपर्ने भनिएको देखिन्छ। त्यसैले ब्राह्मणको श्रेष्ठता अनादिकालदेखि स्वीकार गरिँदै आएको हो। तथापि ब्राह्मणका विद्या, कर्म, चरित्र इत्यादिका आधारमा विभिन्न उच्च र नीच श्रेणीहरू हुने कुरासमेत शास्त्रबाटै देखिन्छ। तदनुसार देव-ब्राह्मण, मुनि-ब्राह्मण, ऋषि-ब्राह्मण, भ्रूण-ब्राह्मण, श्रोत्रिय-ब्राह्मण, विप्र-ब्राह्मण, क्षत्रियसम-ब्राह्मण, वैश्यसम-ब्राह्मण, शूद्रसम-ब्राह्मण, चण्डाल-ब्राह्मण, म्लेच्छ-ब्राह्मण, पशु-ब्राह्मण, ब्रह्मराक्षस इत्यादि धेरै श्रेणीहरू ब्राह्मणका हुन्छन्[१]।

क्षत्रिय

अनादि वा साऽऽदि परम्पराबाट सिद्ध भएका शुद्ध क्षत्रिय पितामाताका वैध (शास्त्रीय विधिअनुसारका) विवाहसम्बन्धले जन्मेको र ब्राह्मणले क्षत्रिय स्त्रीमा वैध सम्बन्धले जन्माएको तथा क्षत्रियोचित संस्कार र आचरण भएको व्यक्ति क्षत्रिय मानिन्छ। वैदिक हिन्दु विधिअनुसार मुख्य रूपमा राजा हुने अधिकार शुद्ध क्षत्रियलाई मात्र भएको देखिन्छ। वैदिक वर्णव्यवस्थामा क्षत्रिय जाति ब्राह्मणबाहेक अन्य जातिहरूभन्दा उच्च मानिन्छ।

वैश्य

अनादि वा साऽऽदि परम्पराबाट सिद्ध भएका शुद्ध वैश्य पितामाताका वैध (शास्त्रीय-विधिपूर्वकका) विवाहसम्बन्धले जन्मेको र ब्राह्मण वा क्षत्रियले वैश्य स्त्रीमा वैध प्रकारले जन्माएको तथा वैश्योचित संस्कार र आचरण भएको व्यक्ति वैश्य मानिन्छ। वर्णव्यवस्थाअनुसार वैश्यलाई ब्राह्मण र क्षत्रियभन्दा तल्लो तथा शूद्रभन्दा माथिल्लो कोटिमा राखिएको छ।

शूद्र

अनादि वा साऽऽदि परम्पराबाट सिद्ध भएका शूद्र पितामाताबाट जन्मेको र ब्राह्मणले, क्षत्रियले वा वैश्यले शूद्र स्त्रीमा जन्माएको व्यक्ति शूद्र भनिन्छ। वेदाध्ययनका लागि उपनयनमा (व्रतबन्धमा)[२] वंशपरम्परागत रूपमा नै अधिकार

---

१. द्र.– **वैदिक धर्म मूल रूपमा** (प्र.सं.२०४५, पृ.५५–५७; द्वि.सं.२०६२, पृ.२७५–२८०)।

२. वैदिक धर्मशास्त्रले शूद्रलाई अध्ययन गर्न निषेध गरेको हुनाले प्राचीन कालमा उनीहरू सबै प्रकारका शिक्षाबाट वञ्चित थिए भन्ने भ्रम धेरैजसो आधुनिक व्यक्तिहरूमा र लेखकहरूमा रहेको देखिन्छ। किन्तु उच्च श्रेणीका शूद्रको पनि वेदाध्ययनका निम्ति उपनयन नहुने कुरा शास्त्रमा बताइएको भए तापनि उनीहरूको धनुर्वेदाध्ययनका निम्ति उपनयनजस्तो देखिने वैदिक मन्त्रहरूको प्रयोग नगरीकन गरिने उपनयनचाहिँ हुन सक्ने कुरा शास्त्रका र व्यवहारका विचारबाट बुझिन्छ। आयुर्वेदको अध्ययनका निम्ति

नभएका तथा उपनयनमा र त्यसपछि पनि वेदचाहिँ नपढाइने जाति र व्यक्तिहरू सबै नै शूद्रश्रेणीका मानिन्छन्[1]। शूद्रभित्र पनि विभिन्न श्रेणी भएको बुझिन्छ, जसमा सच्छूद्र (उच्च श्रेणीका शूद्र) र असच्छूद्र (तल्ला श्रेणीका शूद्र), स्पृश्य शूद्र र अस्पृश्य शूद्र इत्यादि पर्दछन्।

अन्य जाति

वैदिक वर्णव्यवस्थामा मूलतः चार वर्ण भए तापनि तिनका केही अरू अवान्तर भेद पनि छन्। वेद, वेदाङ्ग, स्मृति र पुराणहरूमा जन्म, गुण र कर्मका आधारमा विभिन्न जातिको उल्लेख गरिएको पाइन्छ। तसर्थ हिन्दु समाजमा जन्मले नै जाति व्यवस्थित हुने र त्यो गुण तथा कर्मले विशेष रूपमा अलङ्कृत भै उच्चतामा पुग्ने मान्यता रहेको देखिन्छ।

ब्राह्मण, क्षत्रिय र वैश्यका कुलमा जन्मेका तर तोकिएको समयभित्र उपनयनसंस्कार नभएका व्यक्ति र तिनका सन्तानलाई व्रात्य भनिएको पाइन्छ[2]। ब्राह्मणकुलका व्रात्यहरूबाट सवर्णा (आफ्नै वर्णकी) स्त्रीमा जन्मेकालाई भूर्जकण्टक, आवन्त्य इत्यादि; क्षत्रियकुलका व्रात्यहरूबाट सवर्णा स्त्रीमा जन्मेकालाई फल्ल, मल्ल, निच्छिवि (लिच्छवि?), खस, द्रविड इत्यादि र वैश्यकुलका व्रात्यहरूबाट सवर्णा स्त्रीमा जन्मेकालाई सुधन्वाचार्य, कारुष इत्यादि पनि भन्दछन्[3]। व्रात्यहरू शास्त्रले निर्दिष्ट गरेअनुसार प्रायश्चित्त गरेर आआफ्ना जातिमा उक्लन पनि सक्दछन् भन्ने मानिएको छ।

उपनयन संस्कार भएका पुरुषले विवाह संस्कार नभएकी कन्यामा जन्माएको व्यक्ति कानीन, पति जीवितै भएकी स्त्रीमा परपुरुषले जन्माएको व्यक्ति कुण्ड र विधवा स्त्रीमा परपुरुषले जन्माएको व्यक्ति गोलक भनिन्छ। सवर्ण स्त्री-पुरुषबाटै जन्मेका भए तापनि कानीन, कुण्ड र गोलकहरू आआफ्ना मूल जातिबाट च्युत मानिन्छन्।

अमन्त्रक (वैदिक मन्त्र प्रयोग नगरीकन गरिने) उपनयन सच्छूद्रको (उच्च कुलमा जन्मेको गुणवान् शूद्रको) पनि हुन्छ भन्ने मत आयुर्वेदका आचार्य सुश्रुतले उल्लेख गरेका छन् (शूद्रमपि कुलगुणसम्पन्नं मन्त्रवर्जमुपनीतमध्यापयेदित्येके।–सुश्रुतसंहिता १।२।५)। त्यसैले शूद्रहरूलाई कुनै प्रकारका पनि शिक्षामा शास्त्रले अधिकार दिएको छैन भन्नु वस्तुस्थितिको प्रतिकूल कुरा देखिन्छ (यसै ग्रन्थको ५५औं पृष्ठ पनि हेर्नुहोस्)।

१. द्र.– वैदिक धर्म मूल रूपमा, प्र.सं.२०४५, पृ.४६; द्वि.सं.२०६२, पृ.२४८।

२. आ षोडशाद् ब्राह्मणस्य सावित्री नाऽतिवर्तते।
आ द्वाविंशात् क्षत्रबन्धोरा चतुर्विंशतेर् विशः॥
अत ऊर्ध्वं त्रयोऽप्येते यथाकालमसंस्कृताः।
सावित्रीपतिता व्रात्या भवन्त्यार्यविगर्हिताः॥–मनुस्मृति २।३८–३९।

३. द्र.– मनुस्मृति १०।२०–२३।

वैश्य कोटिका अम्बष्ठ र माहिष्य तथा शूद्र कोटिका निषाद[1] उग्र, करण, रथकार[2], सूत इत्यादि अनेक जातिको उल्लेख पनि वेद, स्मृति र पुराणहरूमा पाइन्छ। शूद्रमध्ये पनि चण्डाल, श्वपच, डोम्ब, पुल्कस इत्यादि जातिचाहिँ धर्मशास्त्रमा अस्पृश्य मानिएका छन्।

वर्णधर्म

वैदिक धर्मशास्त्रले हिन्दुहरूलाई चार वर्णमा विभाजित गरेर उनीहरू प्रत्येकको अलगअलग धर्म निर्दिष्ट गरेको छ। साथै सबै वर्णका र वर्णाश्रमबाहिरका मानिसको साझा धर्म पनि धर्मशास्त्रमा बताइएको छ, जसको चर्चा अगाडि गरिँदै छ।

ब्राह्मणधर्म

वेद पढ्नु र पढाउनु, यज्ञ गर्नु र गराउनु, दान दिनु र लिनु यी छ काम ब्राह्मणका प्रमुख कर्म हुन् र यिनको लक्ष्य वेदको रक्षा गर्नु हो भन्ने कुरा बौधायनका वचनबाट देखिन्छ[3]। ती कर्ममध्ये वेद पढ्नु, यज्ञ गर्नु र दान दिनु धर्म हुन् भने वेद पढाउनु, यज्ञ गराउनु र दान लिनु जीविका (जीवनवृत्ति) हुन्। ब्राह्मणले आफ्नो वंशको शुद्धिमा, वेदको अध्ययनमा, धर्म्य (धर्मको अनुकूल) सन्तान जन्माउनमा, यज्ञ गर्नमा र लोककल्याणको साधनामा ध्यान दिनुपर्ने कुरा वेदवेदाङ्गबाट बुझिन्छ। ब्राह्मण इन्द्रियनिग्रह गर्दै केवल स्वाध्यायाध्ययन

---

१. ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्रलाई चार वर्ण भनेझैँ निषादलाई पाँचौँ वर्ण पनि कतै भनिएको देखिन्छ। ऋग्वेदमा (१०।५३।४) आएको **"पञ्च जनाः"** यस पदको निर्वचन गर्दा निरुक्तमा **"चत्वारो वर्णा निषादः पञ्चम इत्यौपमन्यवः"** (३।८) भनिएको छ। ब्राह्मणले शास्त्रानुसार विवाह गरेकी सच्छूद्रामा जन्माएको निषादको पनि उपनयन हुने र एकाध वैदिक कर्ममा अधिकार पनि हुने कुरा शास्त्रबाट देखिएकाले निषाद शूद्रहरूमध्ये अत्यन्त उच्च कोटिको मानिन्छ (**निषादस्थपतिर् गावेधुकेऽधिकृतः।**
—कात्यायन-श्रौतसूत्र १।१।१२; द्र.– बौधायन-धर्मसूत्र १।८[१६]।१३–१४)।

२. रथकार शूद्र भए तापनि ऊ अत्यन्त उच्च कोटिको शूद्र भएकाले उसको वेदाध्ययनका निम्ति उपनयन हुने र एकाध वैदिक कर्ममा अधिकार पनि हुने कुरा शास्त्रबाट देखिन्छ (**वसन्ते ब्राह्मणमुपनयीत ग्रीष्मे राजन्यं शरदि वैश्यं *वर्षासु रथकारमिति,* सवनिव वा वसन्ते।**–बो[बौ]धायन-गृह्यसूत्र २।५।६; **रथकारस्याऽऽधाने।**–कात्यायन-श्रौतसूत्र १।१।९)। त्यसैले शूद्रहरूमध्ये रथकार (वर्धकी) अत्यन्त उच्च श्रेणीको शूद्र मानिन्छ। रथकारको उपनयन हुने कुरा उक्त शास्त्रवचनबाट स्पष्ट रूपमा बुझ्न सकिने हुँदा "वह (रथकार) उपनयन संस्कार नहीं कर सकता था" भन्ने पाण्डुरङ्ग वामन काणेको भनाइ (**धर्मशास्त्र का इतिहास–५,** पृ.१८०) त्रुटिपूर्ण देखिन्छ।

३. **ब्रह्म वै स्वं महिमानं ब्राह्मणेष्वदधादध्ययना-ऽध्यापन-यजन-याजन-दान-प्रतिग्रहयुक्तं वेदानां गुप्त्यै।**—बौधायन-धर्मसूत्र १।१०(१८)।२।

(स्वशाखावेदको अध्ययन) गरेर मात्र पनि कृतकृत्य हुन्छ भन्ने भीष्मको उक्ति महाभारतमा उल्लिखित छ[1]। ब्राह्मणले ब्रह्मवर्चसको (चरित्रबल र वेदाध्ययनबलको) कामना गर्नुपर्ने कुरा वेदले नै निर्देश गरेको छ।

ब्राह्मणले जीविकाका निम्ति कृषिकर्म[2] र आपत्कालमा त क्षत्रियकर्म तथा वैश्यकर्मसमेत गर्न हुने देखिन्छ[3]। तथापि ब्राह्मणले यथासम्भव ब्राह्मणकै आचारमा बस्न प्रयास गर्नुपर्छ भन्ने कुरामा वैदिक धर्मशास्त्रले जोड दिएको देखिन्छ।

क्षत्रियधर्म

हिन्दु धर्मशास्त्रमा वेदको अध्ययन गर्नु, यज्ञ गर्नु, दान दिनु र राष्ट्रको[4] रक्षा गर्नु शुद्धकुलीन क्षत्रियका प्रमुख कर्म हुन् भनिएको छ। ती कर्ममध्ये वेद पढ्नु, यज्ञ गर्नु र दान दिनु धर्म हुन् भने राष्ट्रको रक्षा गर्नु जीविका (जीवनवृत्ति) हो। क्षत्रियले शस्त्रास्त्रको व्यवहारबाट र राष्ट्ररक्षाबाट जीविका चलाउन नसके वैश्यकर्म (कृषि-वाणिज्य) गर्न पनि हुने देखिन्छ। कृषिकर्म, भृति (ज्यालादारी) र पशुपालन सबै वर्णका निम्ति अनिषिद्ध कर्म हुन् भन्ने स्मृतिकारको भनाइ देखिन्छ[5]।

वैश्यधर्म

वेद पढ्नु, यज्ञ गर्नु र दान दिनु शुद्धकुलीन वैश्यका पनि धर्म हुन् भन्ने कुरा धर्मशास्त्रमा बताइएको छ। यसका साथै न्यायपूर्वक अन्न, वस्त्र इत्यादि उपभोग्य सामग्रीको उपार्जन गर्नु वैश्यको मुख्य कर्म हो। जीविकाका लागि वैश्यले कृषि, वाणिज्य र पशुपालन गर्नुपर्ने व्यवस्था धर्मशास्त्रमा गरिएको देखिन्छ। यदि यी कामले वृत्ति नचलेमा शिल्पकर्म (सीपको काम), सेवा इत्यादि शूद्रकर्मले पनि वैश्यले जीवनयात्रा चलाउन हुने देखिन्छ।

---

१. ब्राह्मणस्य तु यो धर्मस् तं ते वक्ष्यामि केवलम्। दममेव महाराज धर्ममाहुः पुरातनम्॥ स्वाध्यायाऽभ्यसनं चैव तत्र कर्म समाप्यते।...परिनिष्ठितकार्यस् तु स्वाध्यायेनैव ब्राह्मणः। कुर्यादन्यन् न वा कुर्यान् मैत्रो ब्राह्मण उच्यते॥—शान्तिपर्व ६०।१०८–९, १२।

२. षट्कर्मनिरतो विप्रः कृषिकर्म च कारयेत्॥—पराशरस्मृति २।२।

३. याजना-ऽध्यापन-प्रतिग्रहाः सर्वेषाम्, पूर्वःपूर्वो गुरुः, तदलाभे क्षत्रवृत्तिः, तदलाभे वैश्यवृत्तिः।—गौतम-धर्मसूत्र १।७।४–७।

४. • राष्ट्र भन्नाले सामान्यतया जनतासहितको देश वा भूमि भन्ने बुझिन्छ। मनुस्मृतिअनुसार स्वामी (राजा), अमात्य (मन्त्री), पुर (दुर्ग, किल्ला), राष्ट्र (जनतासहितको देश, भूमि), कोश (ढुकुटी), दण्ड (सेना) र मित्र (मित्रराष्ट्र) राज्यका सात अङ्ग मानिन्छन् (मनुस्मृति ९।२९४, द्र.– अमरकोश, क्षत्रियवर्ग, श्लो.१७–१८)।
   • विशेष रूपमा विचार गर्दा राष्ट्र भन्नाले साझा भूभागमा सामूहिक कल्याणका निम्ति मिलिजुली बस्ने जनसमुदाय भन्ने बुझिन्छ (द्र.– वैदिक धर्म मूल रूपमा, द्वि.सं. २०६२, पृ.४७६–४८२)।

५. कृषिर् भृतिः पाशुपाल्यं सर्वेषां न निषिध्यते।—वृद्धहारीत.७।१८२ (स्मृतिस., पृ.२७३)।

शूद्रधर्म

द्विजातिको (ब्राह्मण, क्षत्रिय र वैश्यको) सेवा गर्नु शूद्रको मुख्य धर्म र जीविका पनि हो भन्ने कुरा सबैजसो धर्मशास्त्रग्रन्थमा उल्लिखित छ। यसबाट जीविका नचले वाणिज्य, पशुपालन र शिल्पकर्मबाट (धातु, काठ, ढुङ्गा, माटो इत्यादिका काम, चित्रकला, नाचगान, वाद्यवादन इत्यादिबाट) शूद्रले जीविका चलाउन हुने व्यवस्था धर्मशास्त्रमा गरिएको देखिन्छ[1]। वेदाध्ययनका निम्ति उपनयन संस्कार नगरिने हुँदा शूद्रलाई वेदाध्ययन गर्ने र वैदिक यज्ञहरू गर्ने अधिकार धर्मशास्त्रले दिएको छैन[2]। तथापि सच्छूद्रले (उपल्ला तहका शूद्रले) रामायण, महाभारत र पुराणहरू पढ्न र तिनमा बताइएका धर्मकर्महरू गर्नचाहिँ पाउने र हुने देखिन्छ[3]। राजाले चारै वर्णको यथोचित सम्मान गर्नुपर्ने कुरा शास्त्रमा

---

१. • शूद्रस्य द्विजशुश्रूषा तयाऽजीवन् वणिग् भवेत्।
शिल्पैर् वा विविधैर् जीवेद् द्विजातिहितमाचरन्॥—याज्ञवल्क्यस्मृति १।१२०।

• द्र.– मिताक्षरा (याज्ञवल्क्यस्मृतिको व्याख्या) १।१२०।

२. आजभोलि वर्ण, लिङ्ग, धर्म इत्यादि निरपेक्ष भएर देशका संविधान र कानुनअनुसार चलाइएका सरकारी विद्यालय-विश्वविद्यालयहरूबाट जोसुकैलाई पनि प्राप्त हुन सक्ने वेदवेदाङ्गादिको शिक्षा भने त्यस विषयको साधारण ज्ञानका निम्ति मात्र काम लाग्ने हुन्छ। वैदिक धर्मशास्त्रीय मान्यताअनुसार त्यस्तो शिक्षा अलौकिक धार्मिक (अदृष्ट) प्रयोजनका निम्ति काम लाग्ने हुँदैन भन्ने कुरामा धार्मिक व्यक्तिहरूले ध्यान दिनुपर्ने देखिन्छ । धार्मिक रूपमा अदृष्ट प्रयोजनका निम्ति त अधिकारी गुरुबाट अधिकारी चेलाले शास्त्रले बताएका व्रत र नियमहरूको पालना गर्दै शास्त्रीय गुरुशिष्यसम्बन्धले वेदाध्ययन गर्नुपर्दछ। यस विषयको विस्तृत विवेचना **वेदाध्ययनविधि** भन्ने लेखमा द्रष्टव्य छ (आमोदवर्धन कौण्डिन्न्यायन, मर्यादा, वाल्मीकि विद्यापीठ, काठमाडौँ, २०५३)।

३. • वैदिक धर्मले शूद्रलाई अध्ययन गर्न र धर्मकर्म गर्न केकस्तो अधिकार दिएको छ भन्ने विषय **'शास्त्रमा स्त्री-शूद्रशिक्षा र धर्ममा शूद्रको अधिकार'** भन्ने शीर्षकको लेखमा (आमोदवर्धन कौण्डिन्न्यायन, गोरखापत्र, २०६०।१०।३) राम्रोसँग विवेचना गरिएको छ। त्यसैले "शूद्रलाई विद्याग्रहण गर्न नदिई उपनयनबाटै वञ्चित राखियो" भन्ने भनाइ (नेपालको सामाजिक इतिहास र धार्मिक मतहरू, प्रेम खत्री, दोस्रो संस्करण, २०४९, पृ.१९) वस्तुस्थितिको र शास्त्रको विपरीत देखिन्छ । यस सन्दर्भमा कुनै प्रकारको अमन्त्रक उपनयन सच्छूद्रको पनि हुन सक्ने कुरामा समेत ध्यान दिनु उचित देखिन्छ (यसै ग्रन्थको ५१औँ पृष्ठको दोस्रो टिप्पणी पनि हेर्नुहोस्)।

• पठन् द्विजो वागृषभत्वमीयात् स्यात् क्षत्रियो भूमिपतित्वमीयात्।
वणिग्जनः पण्यफलत्वमीयाज् *जनश्च शूद्रोऽपि महत्त्वमीयात्*॥—वा.रामायण १।१।१००।

• ... वैश्यैरपि श्रोतव्योऽधिगम्यश्च, *तथा शूद्रैरपि त्रिवर्णशुश्रूषुभिः श्रद्दधानैरिति* ॥
—महाभारत, आदिपर्व ९५।८७।

• विप्रोऽधीत्याऽऽप्नुयात् प्रज्ञां राजन्योदधिमेखलाम्।
वैश्यो निधिपतित्वं च *शूद्रः शुद्ध्येत पातकात्* ॥—श्रीमद्भागवत १२।१२।६४।

बताइएकाले[1] सदाचारी सच्छूद्र (उच्च तहको शूद्र) पनि उसको गुणअनुसार र आचरणअनुसार यथोचित रूपमा राजाद्वारा सम्मानित हुन सक्ने देखिन्छ[2]।

वर्णाश्रमबाहिरका व्यक्तिहरूको धर्म

बाबु-आमा, स्वास्नी, छोरा-छोरी इत्यादिको भरणपोषण गर्नु; आमा, बाबु र गुरुको सेवा गर्नु; आश्रमवासी र राष्ट्रमुख्यको सेवा गर्नु; पितृयज्ञ गर्नु; कुवा, बगैँचा, तलाउ, पाटी, पौवा, चौतारो इत्यादि बनाउनु; दान दिनु; रोगी, अशक्त, दीनदुःखी र बूढाखाडालाई अन्न, वस्त्र, औषधि इत्यादि दिनु; आफ्ना कुलधर्मको[3] पालन गर्नु इत्यादि वर्णाश्रमबाहिरका व्यक्तिहरूको विशेष धर्म हो भन्ने कुरा महाभारतबाट देखिन्छ[4]।

सबै मानवको साधारण धर्म[5]

प्राणिपीडा नगर्नु, सत्य बोल्नु, चोरी नगर्नु, बाह्य र आभ्यन्तर (बाहिरी र भित्री) रूपमा पवित्र रहनु, इन्द्रियसंयम गर्नु, दान दिनु, अन्तःकरणको (मनको) संयम गर्नु, दुःखीमाथि दया गर्नु र क्षमा गर्नु सबैको (मानवमात्रको) साधारण धर्म हो भन्ने उल्लेख याज्ञवल्क्यस्मृतिमा गरिएको देखिन्छ[6]। साथै अक्रोध (रिसको अभाव), सरलता (सोजोपन), सन्तोष, मृदुता (नरमपन), आफ्नी पत्नीमा सन्तानोत्पादन,

---

१. **ब्राह्मणान् क्षत्रियान् वैश्याञ् छूद्रांश् चैव सहस्रशः।
सम्मानयस्व सत्कृत्य सर्वदेशेषु मानवान्॥**—वाल्मीकि-रामायण, बालकाण्ड १३।२०।

२. आजभोलि विभिन्न सञ्चारमाध्यमद्वारा वैदिक धर्मशास्त्रले शूद्रमाथि ज्यादै अन्याय गरेको छ भन्ने दोषारोपण गरिएका कुराहरूको प्रचार-प्रसार भैरहेको देखिन्छ। तर धर्मशास्त्रले वस्तुतः शूद्रलाई अन्यायपूर्ण व्यवहार गरेको छ वा छैन भन्ने समसामयिक विषयसम्बन्धी धेरै ज्वलन्त प्रश्नहरूको शास्त्रीय प्रमाण दिएर **वैदिक धर्म मूल रूपमा** भन्ने ग्रन्थमा गरिएको विवेचनलाई (द्वि.सं.२०६२, पृ.५४–६४) हृदयङ्गम गर्ने हो भने उक्त प्रकारको प्रचार-प्रसार अनुचित भएको कुरा स्पष्ट हुन्छ।

३. पितापुर्खाका पालादेखि आफ्ना कुलमा चल्दैआएका धर्म, संस्कृति, रीतिरिवाज इत्यादिको पालन गर्नु राम्रो कुरो भएकाले आफूलाई हिन्दुधर्मभन्दा बाहिरका मान्ने नेपालका विभिन्न जातिहरूले पनि विदेशीहरूको अनुकरण गर्नुभन्दा आफ्नै मौलिक परम्परालाई जीवन्त राख्दै त्यसैमा गौरवानुभूति गर्नु उत्तम कार्य हो भन्ने देखिन्छ।

४. द्र.– महाभारत, शान्तिपर्व ६५।१७–२२ (चित्रशालासंस्करण)।

५. वैदिक धर्मशास्त्रले प्रतिपादन गरेका उद्योगी, व्यापारी, चिकित्सक, इन्जिनियर, शिक्षक, कर्मचारी, प्रहरी, सैनिक, वकिल, न्यायाधीश इत्यादि विभिन्न पेसा अँगालेका व्यक्तिहरूको छुट्टाछुट्टै धर्म र कर्तव्य **वैदिक धर्म मूल रूपमा** भन्ने ग्रन्थमा प्रतिपादित देखिन्छ (द्वि.सं.२०६२, पृ.२९९–३०६)।

६. **अहिंसा सत्यमस्तेयं शौचमिन्द्रियनिग्रहः।
दानं दमो दया क्षान्तिः सर्वेषां धर्मसाधनम्॥**—याज्ञवल्क्यस्मृति १।१२२।

अतिथिसत्कार इत्यादि पनि सबै वर्ण र वर्णाश्रमबाहिरका मनुष्यहरूको समेत साधारण धर्म मानिन्छ। मनुले पनि सबै आश्रमीका निम्ति साधारण धर्मका रूपमा नै धैर्य, सत्य इत्यादि दस थोकलाई धर्मको लक्षण बताएका छन्[१]।

आश्रमव्यवस्था

वैदिक धर्मले चार आश्रमको व्यवस्था गरेर मनुष्यलाई मोक्षसम्म पुग्न बाटो देखाएको छ। चार प्रकारका जीवनपद्धतिलाई वा जीवनचर्यालाई आश्रम भन्न सकिन्छ। धर्मशास्त्रमा ब्रह्मचर्याश्रम, गृहस्थाश्रम, वानप्रस्थाश्रम र सन्न्यासाश्रमका विषयमा विस्तृत चर्चा गरिएको पाइन्छ। वेदले **"शतायुर्वै पुरुषः"**[२] भनेकाले सामान्यतया मनुष्यको आयु सय वर्षसम्म मानिएको देखिन्छ। सय वर्षका आयुलाई चार भाग लगाएर २५-२५ वर्षका अवधिलाई क्रमशः ब्रह्मचर्याश्रम, गृहस्थाश्रम[३], वानप्रस्थाश्रम र सन्न्यासाश्रममा विभाजित गरिएको पनि कतैकतै देखिन्छ तापनि त्यो कुरो सबै शास्त्रअनुसार ठ्याक्कैचाहिँ मिल्दैन[४]। यी आश्रमहरूको संक्षिप्त परिचय यहाँ प्रस्तुत गरिँदै छ।

ब्रह्मचर्याश्रम

उपनयनसंस्कारपछि द्विजातिवटुले (ब्राह्मण, क्षत्रिय र वैश्य जातिको बालकले)[५] ब्रह्मचर्याश्रममा बसी वेदवेदाङ्गहरूको अध्ययन गर्नुपर्छ। चारै वेदका एकएक शाखालाई बाह्र-बाह्र वर्ष लगाएर अध्ययन गर्दा अठचालीस वर्षसम्म ब्रह्मचर्यमा बस्नुपर्ने, त्यसो गर्न नसके तीन वेदको अध्ययनका निम्ति छत्तीस वर्षसम्म ब्रह्मचर्यमा बस्नुपर्ने, त्यसो गर्न पनि नसके दुई वेदको अध्ययनका निम्ति चौबीस वर्षसम्म ब्रह्मचर्यमा बस्नुपर्ने र त्यसो गर्न पनि नसके एकै वेदको (स्वशाखावेदको) अध्ययनका निम्ति बाह्र वर्षसम्म ब्रह्मचर्यमा बस्नुपर्ने पक्ष पनि शास्त्रमा देखाइएको छ[६]। साथै प्रत्येक वेदको अध्ययनका निम्ति नौ-नौ वर्षको वा छ-छ वर्षको वा

---

१. धृतिः क्षमा दमोऽस्तेयं शौचमिन्द्रियनिग्रहः।
धीर् विद्या सत्यमक्रोधो दशकं धर्मलक्षणम्॥—मनुस्मृति ६।९२।

२. ऐतरेयि(य)ब्राह्मण, अध्याय ७, खण्ड ७; 'शतायुर्वा अयं पुरुषः'—शतपथ ब्रा.५।४।१।१३।

३. चतुर्थमायुषो भागमुषित्वाऽऽद्यं गुरौ द्विजः।
द्वितीयमायुषो भागं कृतदारो गृहे वसेत्॥—मनुस्मृति ४।१।

४.• षट्त्रिंशदाब्दिकं चर्यं गुरौ त्रैवेदिकं व्रतम्।
तदर्धिकं पादिकं वा ग्रहणान्तिकमेव वा॥—मनुस्मृति ३।१।
• यसै ग्रन्थका ५७औं पृष्ठ (टि.६) र ५८औं पृष्ठ (टि.१) पनि हेर्नुहोस्।

५. कन्याका उपनयन र ब्रह्मचर्यका विषयहरू यसै ग्रन्थमा (पृ.१११-११४) विवेचित छन्।

६.• अष्टाचत्वारिंशद्वर्षं सर्ववेदब्रह्मचर्यम्, तच् चतुर्धा वेदेषु व्यूह्य द्वादशवर्षं ब्रह्मचर्यम्, द्वादशवर्षाण्यवरार्द्धमपि स्नायंश् चरेद्, यथाशक्त्यपरम्।—गोपथब्राह्मण १।२।५।

तीन-तीन वर्षको ब्रह्मचर्यव्रत पालन गर्ने पक्ष पनि शास्त्रमा पाइन्छ[1]। जम्माजम्मी बाह्र वर्षभन्दा कम अवधिको ब्रह्मचर्य पालन गर्ने पक्षचाहिँ मान्य नहुने कुरा पनि शास्त्रमा आएको देखिन्छ[2]। ब्रह्म अर्थात् वेदको अध्ययन गर्दै चल्ने हुनाले त्यस्ता द्विजातिवटुलाई ब्रह्मचारी भन्दछन्[3]। ब्रह्मचारीले पालना गर्नुपर्ने स्नान, सन्ध्योपासन[4], ब्रह्मयज्ञ (स्वाध्यायाध्ययन), तर्पण, दण्डधारण (लौरो लिइराख्ने काम), अग्निपरिचरण (अग्निको सेवा), गुरुशुश्रूषा (गुरुको सेवा), भिक्षाचर्यचरण (भिक्षा माग्ने काम) इत्यादि नियम वा धर्मलाई ब्रह्मचर्य र ब्रह्मचर्यको पालना गर्ने आश्रमलाई (जीवनपद्धतिलाई) ब्रह्मचर्याश्रम भन्दछन्। यस आश्रममा बसेर धर्मशास्त्रको विधि र निषेधको पालना गर्दै वेदवेदाङ्गादि शास्त्रको अध्ययन पूर्ण गर्नुपर्दछ। ब्रह्मचारीले मधु (मह) र मांस (मासु) खान नहुने, स्त्रीका समीपमा जान पनि नहुने इत्यादि धेरै नियमहरूको पालन पनि गर्नुपर्ने शास्त्रविधान छ। ब्रह्मचारीका धर्ममध्येको स्त्रीसंसर्ग नगर्ने पक्षलाई लिएर अविवाहित जोकोहीलाई पनि गौण (अमुख्य) रूपमा ब्रह्मचारी भन्ने चलन पनि छ। तथापि केवल विवाह नगरेकै मात्र आधारमा कसैलाई शास्त्रीय रूपमा ब्रह्मचारी भन्न मिल्ने देखिँदैन।

• **वेदं समाप्य स्नायात्, ब्रह्मचर्यं वाऽष्टाचत्वारिंशकम्, यावद्ग्रहणं वा, द्वादशकेऽप्येके, गुरुणाऽनुज्ञातः।**–पारस्कर-गृह्यसूत्र २।६।१–५।

१. • **अष्टाचत्वारिंशद् वर्षाणि, पादूनम्, अर्धेन, त्रिभिर् वा, द्वादशाऽवरार्ध्यम्।**
—आपस्तम्ब-धर्मसूत्र १।१।२।१२–१६।

• द्र.– **बौधायन-धर्मसूत्र** १।२(३)।१–४।

• द्र.– **मनुस्मृति** ३।१ (यसै ग्रन्थको ५७औं पृष्ठको चौथो टिप्पणी हेर्नुहोस्)।

२. द्र.– यसै ग्रन्थको ५७औं पृष्ठको छैटौं र ५८औं पृष्ठको पहिलो टिप्पणी (गोपथब्राह्मण १।२।५– **द्वादशवर्षाण्यवरार्द्धमपि**; आपस्तम्ब-धर्मसूत्र १।१।२।१६– **द्वादशाऽवरार्ध्यम्**)।

३. मुख्य रूपमा ब्रह्मचारीका चार भेद हुन्छन्– (१) गायत्र ब्रह्मचारी, (२) ब्राह्म ब्रह्मचारी, (३) प्राजापत्य ब्रह्मचारी र (४) नैष्ठिक ब्रह्मचारी (द्र.– **वैदिक धर्म मूल रूपमा**, द्वि.सं. २०६२, पृ.३३२–३३४, ३४४–३४५, ३५७–३६०)। नैष्ठिक ब्रह्मचारीले चाहिँ आजीवन ब्रह्मचर्यमा नै बस्नुपर्ने शास्त्रीय विधान देखिन्छ। यो ब्रह्मचारी विशेष रूपमा मोक्षमार्गमा लागेको ब्रह्मचारी हो।

४. दिनको र रात्रिको, रात्रिको र दिनको तथा सबै देवताको संयोगसमेत हुने पूर्वाह्न र अपराह्नको सन्धि (संयोग) हुने समयमा अर्थात् प्रातःसन्ध्याकालमा, मध्याह्नसन्ध्याकालमा र सायंसन्ध्याकालमा गरिने सवितृ-नारायण परब्रह्म-परमात्माको विधिपूर्वकको उपासनालाई (चिन्तनलाई) सन्ध्योपासन भन्दछन्। ब्रह्मचारीले मध्याह्नकालमा स्नान गर्न नपर्ने हुनाले उसले त्यति बेला सन्ध्योपासन पनि गर्नुपर्दैन, केवल प्रातःकालमा र सायङ्कालमा मात्र सन्ध्योपासन गरे पुग्छ। गृहस्थले भने तीनओटै सन्ध्याकालमा सन्ध्योपासन गर्नुपर्दछ (द्र.– **सन्ध्योपासनपद्धति**, शिवराज आचार्य कौण्डिन्न्यायन, स्वाद्ध्यायशाला, लाजिम्पाट, काठमाडौं, २०५६, भूमिका, पृ.२६–२७, ४०–४५)।

गृहस्थाश्रम

ब्रह्मचर्य पूरा भएपछि शारीरिक रूपले र धनले पनि समर्थ भएको वा गृहस्थाश्रमका धर्मको पालना गर्ने उत्साह भएको व्यक्तिले विवाह गरेर गृहस्थाश्रममा प्रवेश गर्नुपर्छ[१]। गृह (घर) भनेको पत्नी हो[२]। त्यसैले पत्नी साथमा लिएर घरजम गरी बस्ने व्यक्तिलाई गृहस्थ र उसको आश्रमलाई (जीवनपद्धतिलाई) गृहस्थाश्रम भनिएको हो। वैदिक धर्ममा अन्य आश्रमको भन्दा गृहस्थाश्रमको गहन दायित्व र ठूलो महत्त्व रहेको देखिन्छ। अरू तीनै आश्रमीको पालन गर्ने तथा श्रुति, स्मृति र पुराणले बताएका सम्पूर्ण कर्म गर्ने हुनाले गृहस्थलाई श्रेष्ठ मानिएको छ–

सर्वेषामपि चैतेषां वेदस्मृतिविधानतः।
गृहस्थ उच्यते श्रेष्ठः स त्रीनेतान् बिभर्ति हि॥–(मनुस्मृति ६।८९)

गृहस्थाश्रमका पनि तल्ला र माथिल्ला विभिन्न श्रेणी शास्त्रमा प्रतिपादित छन्। वानप्रस्थाश्रममा वा सन्न्यासाश्रममा प्रवेश नगरीकनै पनि ज्ञानवान् विशिष्ट गृहस्थहरूले मुक्ति प्राप्त गर्न सक्ने कुरा पनि शास्त्रबाट देखिन्छ[३]।

गृहस्थले धर्म्य (धर्मको अनुकूल) सन्तानोत्पादन गरेर तथा पितृयज्ञ (तर्पणादि) गरेर पितृऋण[४], यथाशक्ति यज्ञादि गरेर देवऋण, स्वाध्यायाध्ययन[५]

---

१. सामान्यतया ब्रह्मचर्य, गार्हस्थ्य, वानप्रस्थ र सन्न्यास आश्रमहरूको पालना क्रमशः गर्नुपर्ने भए तापनि तीव्र वैराग्य भएमा चाहिँ ब्रह्मचर्यबाट र गार्हस्थ्यबाट पनि सोझै सन्न्यासमा जान सकिने व्यवस्थासमेत शास्त्रमा गरिएको देखिन्छ–

- **स होवाच याज्ञवल्क्यो ब्रह्मचर्यं परिसमाप्य गृही भवेद् गृही भूत्वा वनी भवेद् वनी भूत्वा प्रव्रजेत्। यदि वेतरथा ब्रह्मचर्यादेव प्रव्रजेद् गृहाद् वा वनाद् वा। ... यदहरेव विरजेत् तदहरेव प्रव्रजेत्।**–जाबालोपनिषद्, चतुर्थ खण्ड।
- **सोऽत एव ब्रह्मचर्यवान् प्रव्रजतीत्येकेषाम्।**–बौधायन-धर्मसूत्र २।१०(१७)।२।

२. यसै ग्रन्थको ९५औँ पृष्ठ हेर्नुहोस्।

३. द्र.– **वैदिक धर्म मूल रूपमा**, प्र.सं.२०४५, पृ.९५–९६; द्वि.सं.२०६२, पृ.३५३, ६६३।

४. धर्मको अनुकूल आचरण गर्ने सन्ततिले बाबु-बाजेको काजकिरिया गर्ने, उनीहरूलाई पिण्डपानी दिई उनीहरूको श्राद्ध गर्ने र बाबु-बाजेले गर्दैआएको सम्पूर्ण धार्मिक कार्यको शिरोभारोसमेत लिने हुनाले वैदिक धर्ममा सन्ततिलाई अत्यन्तै महत्त्व दिइएको हो। त्यसैले कुलधर्म पालन नगर्ने सन्ततिलाई भने धर्मशास्त्रले महत्त्व दिएको देखिँदैन।

५. अध्याय भनेको वेद हो। त्यसैले आफ्ना कुलपरम्पराले पढिँदै आएको (आफ्नो शाखाको) वेदलाई स्वाध्याय (स्व+अध्याय) भनिएको हो। त्यस्तो वेदको अध्ययनलाई स्वाध्यायाऽध्ययन वा ब्रह्मयज्ञ भन्दछन्। अतः कतिपय व्यक्तिद्वारा जुनसुकै ग्रन्थको शिक्षकविना आफैँ गरेको अध्ययनलाई पनि स्वाध्याय वा स्वाध्यायाऽध्ययन भनी गरिएको शब्दको प्रयोग उचित देखिँदैन। स्वाध्यायाध्ययनको अर्थ र त्यसको गौरव पनि संस्कृतैका कतिपय शास्त्री-आचार्य-विद्यावारिधिहरूले समेत नबुझिदिनाले यस्तो प्रयोग आजभोलि बढ्दै गएको देखिन्छ। स्वाध्यायाध्ययनका वा ब्रह्मयज्ञका विषयमा

(ब्रह्मयज्ञ) गरेर ऋषिऋण र ब्राह्मण, अतिथि तथा भिक्षुकहरूको सत्कार गरेर मनुष्यऋण चुकाउनुपर्ने शास्त्रीय निर्देश देखिन्छ[1]।

वानप्रस्थाश्रम

गृहस्थले सामान्यतया आफू ५० वर्ष पुगेपछि[2], छोराछोरी आफ्नो जीवनयात्रा चलाउन समर्थ भएपछि, नातिनातिना जन्मेपछि र आफ्नो शरीर चाउरी पर्न थालेपछि वानप्रस्थाश्रममा प्रवेश गर्नुपर्ने देखिन्छ[3]। आत्मज्ञानका निम्ति साधना गर्न नियमित रूपले वनका वस्तुको नै उपयोग गरेर वनमा बस्ने व्यक्तिलाई वानप्रस्थ र उसको. आश्रमलाई (जीवनपद्धतिलाई) वानप्रस्थाश्रम भन्दछन्। इन्द्रियहरूलाई संयममा राखेर पत्नीलाई साथमा लिई वा नलिई वन पसेर वानप्रस्थाश्रममा रही स्वाध्यायको (स्वशाखावेदको) अध्ययन, उपनिषद्हरूको अध्ययन, देवताको यजन, अतिथिको पूजन, व्रत, उपवास, तीर्थयात्रा इत्यादि गर्दै आफूलाई आत्मज्ञानको अधिकारी वा सन्न्यासाश्रमको योग्य बनाउन वानप्रस्थ पुरुषले साधना गर्नुपर्ने शास्त्रनिर्देश पाइन्छ। ब्रह्मचर्याश्रमबाट गृहस्थाश्रममा प्रवेश गरेर वा नगरीकन सोझै पनि वानप्रस्थाश्रममा जान सकिने र त्यसपछि सन्न्यासाश्रममा प्रवेश गर्ने अथवा आजीवन वानप्रस्थाश्रममा नै बस्न पनि सकिने पक्षसमेत शास्त्रमा देखाइएको छ[4]।

सन्न्यासाश्रम

अरू सबै कुरा छोडी केवल मोक्ष मात्रै चाहने व्यक्ति वानप्रस्थाश्रमबाट वा तीव्र वैराग्य भएमा सोझै ब्रह्मचर्याश्रमबाट वा गृहस्थाश्रमबाट पनि सन्न्यासाश्रममा जान सक्ने कुरा शास्त्रमा बताइएको छ[5]। सम्पूर्ण सांसारिक वस्तु

विस्तृत विवेचना **ब्रह्मयज्ञपद्धतिका** भूमिकामा द्रष्टव्य छ (शिवराज आचार्य कौण्डिन्न्यायन, स्वाद्ध्यायशाला, लाजिम्पाट, काठमाडौं, वि.सं.२०५९)।

१. ब्रह्मयज्ञ, देवयज्ञ, भूतयज्ञ (भूतबलि), पितृयज्ञ र मनुष्ययज्ञलाई पञ्चमहायज्ञ वा वैश्वदेवकर्म भन्दछन्। यिनै यज्ञहरूको यथाशक्ति अनुष्ठान गरेर मनुष्य ऋषिऋण, देवऋण, पितृऋण इत्यादि ऋणहरूबाट मुक्त हुन्छ भन्ने शास्त्रको भनाइ देखिन्छ।

२. मनुस्मृतिले (४।१ [द्र.– यसै ग्रन्थको ५७औं पृष्ठको तेस्रो टिप्पणी]) आयुको दोस्रो भागसम्म (२६–५० वर्षसम्म) गृहस्थाश्रममा बस्नू भनेर ५० वर्ष पूरा भएपछि वानप्रस्थाश्रममा प्रवेश गर्ने कुराको सङ्केत गरेको देखिन्छ।

३. **गृहस्थस् तु यदा पश्येद् वलीपलितमात्मनः।**
अपत्यस्यैव चाऽपत्यं तदाऽरण्यं समाश्रयेत्॥–मनुस्मृति ६।२।

४. द्र.– **वैदिक धर्म मूल रूपमा**, प्र.सं.२०४५, पृ.१९३; द्वि.सं.२०६२, पृ.३०७, ५७१।

५. • द्र.– यसै ग्रन्थको ५९औं पृष्ठको पहिलो टिप्पणी।

• बौधायन-धर्मसूत्रमा सामान्यतया सत्तरी वर्ष काटेपछि सन्न्यास ग्रहण गर्ने पक्ष पनि देखाइएको छ।– **"सप्तत्या ऊर्ध्वं सन्न्यासमुपदिशन्ति।"**–२।१०(१७)।६।

त्यागनुलाई[1] सन्न्यास तथा त्यसरी सम्पूर्ण वस्तु त्यागने व्यक्तिको आश्रम वा जीवनपद्धतिलाई सन्न्यासाश्रम भन्दछन्। अतः सन्न्यासीले मन र इन्द्रियलाई संयममा राखी आत्मज्ञान वा मोक्षप्रति मात्र ध्यान दिनुपर्छ। भिक्षा माग्ने त्रबटो, रूखमुनिको वास, फालेका लुगाले बनाएको कन्था (गाँसगुस पारेर बनाएको वस्त्र), सहायकको अभाव र सबै प्राणीप्रति उपेक्षाभाव नै सन्न्यासीका मुख्य लक्षण हुन् भनी महाभारतमा बताइएको छ–

कपालं वृक्षमूलानि कुचैलमसहायता।
उपेक्षा सर्वभूतानामेतावद् भिक्षुलक्षणम्॥–(शान्तिपर्व २४५।७)

वैदिक धर्मअनुसार जीवनको अन्तिम लक्ष्य आत्मज्ञान वा ब्रह्मज्ञान वा मोक्षप्राप्ति नै सन्न्यासाश्रमको एकमात्र उद्देश्य भएकाले सन्न्यासीले अन्य लौकिक प्रपञ्चमा नलागी ब्रह्मज्ञानका निम्ति अनुकूल आचरण मात्र[2] गर्नुपर्ने देखिन्छ[3]। स्त्रीहरूको पनि सन्न्यास हुन सक्ने कुरा बौधायनको वचन उद्धृत गरेर याज्ञवल्क्यस्मृतिका व्याख्याता विज्ञानेश्वरले देखाएका छन्[4]।

हिन्दु संस्कारहरू

जन्मभन्दा अघिदेखि मृत्युपर्यन्त विभिन्न समयमा मनुष्यलाई परिष्कृत पार्न गरिने विशेष कर्महरूलाई संस्कार भन्दछन्। संस्कारले प्राकृतिक रूपमा रहने विभिन्न दोषहरूलाई हटाई मनुष्यलाई परिष्कृत वा सुसंस्कृत पारी योग्य बनाउने काम गर्दछ। मनुष्य जन्मँदा प्रायः पशुसमान प्राणी हुने हुँदा उसमा मनुष्योचित गुणहरूको आधान गर्न र उसलाई आत्मज्ञान गर्ने उदात्त (उच्च) भावभूमिमा पुर्‍याउन समेत गर्भाधानको समयदेखि नै संस्कार गर्नुपर्ने बुझिन्छ। मनुस्मृतिले शास्त्रनिर्दिष्ट गर्भाधानादि संस्कारलाई शरीरको (सूक्ष्मशरीरको समेत)

---

१. ....**ओ३म् भूर् भुवः सुवः सन्न्यस्तं मया** (हे परमात्मन्, मबाट भूलोक अन्तरिक्षलोक स्वर्गलोक [तीनै लोक] त्यागियो)।–नारदपरिव्राजकोपनिषद् ४।३८ (उप.सं., पृ.३१५)।

२. सन्न्यासीलाई विविध धार्मिक क्रिया वा यज्ञ गर्ने अधिकार नभएकाले "यस आश्रमको (सन्न्यासाश्रमको) मुख्य कर्तव्य हुन्थ्यो– विविध धार्मिक यज्ञ, क्रिया तथा व्यवहारले आफूलाई परमात्माको नजिक पुर्‍याउनु" भन्ने भनाइ (नेपालको सामाजिक इतिहास र धार्मिक मतहरू, प्रेम खत्री, दोस्रो संस्करण २०४९, पृ.१६) नमिल्दो र भ्रमजनक देखिन्छ।

३. सन्न्यासीहरूको कर्तव्य र धर्मको विस्तृत रूपमा सप्रमाण निरूपण **'वैदिक-सनातन-वर्णाश्रम-धर्ममा सन्न्यासीको धर्म र वेदादिशास्त्रको प्रामाण्य'** भन्ने शीर्षकका संस्कृतका र नेपालीका लेखहरूमा (सुमोदवर्धन कौण्डिन्न्यायन, उन्नयन त्रैमासिक, काठमाडौं, अङ्क ३३, २०५६; देववाणी, काठमाडौं, संयुक्ताङ्क ५–६, २०६०) द्रष्टव्य छ।

४. **एकारामः प्रव्रजितान्तरेणाऽसहायः सन्न्यासिनीभिः स्त्रीभिश् च। 'स्त्रीणां चैके' इति बौधायनेन स्त्रीणामपि प्रव्रज्यास्मरणात्।**–मिताक्षरा (याज्ञवल्क्यस्मृतिको टीका) ३।५८।

संस्कारका निमित्त गरिने हो भन्ने मानेको देखिन्छ[1]। स्त्रीका कतिपय र शूद्रका सबै संस्कार वैदिक मन्त्रहरूको प्रयोग नगरीकन गर्नुपर्ने कुरा व्यासस्मृतिमा उल्लिखित छ। हिन्दु धर्मशास्त्रमा संस्कारका विषयमा विस्तृत चर्चा गरिएको पाइन्छ।

संस्कारहरूको सङ्ख्याका विषयमा मतभेद भए तापनि षोडश (सोह्र) संस्कारहरू बढी प्रसिद्ध भएका देखिन्छन्। तिनमा गर्भाधान, पुंसवन, सीमन्तोन्नयन, जातकर्म, नामकरण, निष्क्रमण, अन्नप्राशन, चूडाकर्म, कर्णवेध, उपनयन, वेदारम्भ, केशान्त (गोदान), समावर्तन, विवाह, गृह्याग्न्याधान र श्रौताग्निग्रहण पर्दछन् भनी व्यासस्मृतिमा बताइको छ[2]। यसमा अन्त्येष्टिक्रियाको उल्लेख देखिँदैन। जातूकर्ण्यले चाहिँ सोह्र संस्कारभित्र व्यासोक्त संस्कारमध्ये निष्क्रमण, कर्णवेध, गृह्याग्न्याधान र श्रौताग्न्याधानलाई छोडेका छन् भने वेदारम्भको सट्टा (चार वेदको अध्ययनका निम्ति गरिने) चार वेदव्रतादेशलाई ग्रहण गरेका छन्। साथै उनले अन्त्यकर्मलाई (अन्त्येष्टिक्रियालाई) पनि सोह्र संस्कारभित्र गणना गरेका छन्[3]। यहाँ यी संस्कारमध्ये केहीको अतिसंक्षेपमा चर्चा गरिँदै छ।

गर्भाधान

गर्भ राख्ने भाँडाको (पाठेघरको वा पत्नीको) शुद्धिका निम्ति वा परिष्कारका निम्ति गरिने संस्कारलाई गर्भाधानसंस्कार भन्दछन्। अरू वेदशाखामा पत्नीमा बीजाधान गर्ने संस्कारलाई गर्भाधानसंस्कार भनिएको देखिन्छ। किन्तु शुक्लयजुर्वेदीहरूका निम्ति विवाहको चौथो रातमा[4] चतुर्थीकर्म गरेर गरिने पत्नीको संस्कार नै गर्भाधानसंस्कारको स्थानापन्न (सट्टामा गरिने) कर्म हो भन्ने देखिन्छ[5]।

पुंसवन

स्त्रीमा गर्भ रहेको निश्चित भएपछि गर्भाधानको दोस्रो वा तेस्रो महिनामा पेटमा बालक नचल्दै सुसंस्कृत पुत्रको प्राप्तिका निम्ति गरिने संस्कारलाई

---

१. वैदिकैः कर्मभिः पुण्यैर् निषेकादिर् द्विजन्मनाम्।
कार्यः शरीरसंस्कारः पावनः प्रेत्य चेह च॥—मनुस्मृति २।२६।

२. गर्भाधानं पुंसवनं सीमन्तो जातकर्म च। नामक्रिया निष्क्रमोऽन्नप्राशनं वपनक्रिया॥
कर्णवेधो व्रतादेशो वेदारम्भक्रियाविधिः। केशान्तः स्नानमुद्वाहो विवाहाग्निपरिग्रहः॥
त्रेताग्निसङ्ग्रहश्चेति संस्काराः षोडश स्मृताः। नवैताः कर्णविधान्ता मन्त्रवर्जं क्रियाः स्त्रियाः॥
विवाहो मन्त्रतस्तस्याः शूद्रस्याऽमन्त्रतो दश।—व्यास.१।१४–१७ (स्मृतिस., पृ.३५७–३५८)।

३. द्र.– वीरमित्रोदय, संस्कारप्रकाश, मित्र मिश्र, पृ.१३५।

४. आजभोलि अशक्तिले गर्दा व्यावहारिकतालाई हेरेर विवाहकै दिन चतुर्थीकर्म सम्पन्न गर्ने गरिएको देखिन्छ।

५. द्र.– वैदिक धर्म मूल रूपमा, प्र.सं.२०४५, पृ.१३८; द्वि.सं.२०६२, पृ.४८९।

पुंसवन भन्दछन्[1]। गृह्यसूत्र, धर्मसूत्र र स्मृतिहरूमा यसको उल्लेख पाइन्छ। छोरै जन्मियोस् भन्ने चाहना नभएमा यो संस्कार नगरे पनि हुने देखिन्छ।

सीमन्तोन्नयन

गर्भवतीको सौभाग्य र गर्भमा रहेका शिशुको दीर्घायुष्यका (दीर्घ जीवनका) निम्ति गर्भ रहेको छैटौँ वा आठौँ महिनामा विधिविधानका साथ पतिद्वारा पत्नीको केश (कपाल) कोरेर गरिने संस्कारलाई सीमन्तोन्नयन भन्दछन्। पारस्करले यो संस्कार प्रथम गर्भमा मात्रै गर्नुपर्ने बताएका छन्[2]।

आजभोलि यी संस्कार गर्न नसकिएकाले नामकरणका समयमा यिनको त्याग भएकामा प्रायश्चित्त-गोदान गर्ने गरिन्छ।

जातकर्म

बालक जन्मेपछि गरिने कर्मलाई जातकर्म भन्दछन्। बालक जन्मेपछि नाल नकाट्तै मन्त्रको उच्चारण गर्दै बालकलाई मह र घिउ चटाइन्छ। यस कर्मलाई मेधाजननकर्म (बुद्धि जन्माउने कार्य) भन्दछन्। त्यसपछि नवजात बालकका नाभिमा (नाइटोमा) वा कानमा बाबुले विधिपूर्वक मन्त्र जपेर आयुष्यकर्म (आयु बढाउने कार्य) गर्दछन्। अरू पनि केही विधिहरू सम्पन्न गरेपछि जातकर्म पूर्ण हुन्छ। आजभोलि यो कर्म अशक्तिले गर्दा नामकरणसँगै गर्ने गरिन्छ।

नामकरण

नाम राख्ने कार्यलाई नामकरण (न्वारन) भन्दछन्। बालक जन्मेका दश दिनमा सुत्केरीलाई शय्याबाट (ओछ्यानबाट) उठाएर स्नान गराई ब्राह्मणभोजन गराएर बाबुले बच्चाको नाम राख्ने विधान गृह्यसूत्रहरूमा पाइन्छ[3]। याज्ञवल्क्यस्मृतिमा चाहिँ एघारौँ दिनमा नामकरण गर्नुपर्ने बताइएको छ। नेपालमा पनि एघारौँ दिनमा नै न्वारन गर्ने प्रचलन छ। नाम राम्रो र शुद्ध संस्कृत भाषाको हुनुपर्ने कुरामा शास्त्रले जोड दिएको छ। नक्षत्रनाम राख्ने प्राचीनतम पद्धति वेदाङ्गज्योतिषमा पाइन्छ। अर्वाचीन कालमा आएर त्यो पद्धति छोडिएको देखिन्छ। हिन्दुहरूले आफ्नो संस्कृतिअनुरूपको नाम राखेर आफ्नो सांस्कृतिक पहिचान जोगाउनमा ध्यान दिनुपर्ने आवश्यकता देखिन आएको छ।

---

१. अथ पुंसवनम्, पुरा स्पन्दत इति मासे द्वितीये तृतीये वा।—पारस्कर गृ.सू.१।१४।१–२।

२. अथ सीमन्तोन्नयनम्, ... प्रथमगर्भे मासे षष्ठेऽष्टमे वा।—पारस्कर-गृह्यसूत्र १।१५।१,३।

३. दशम्यामुत्थाप्य ब्राह्मणान् भोजयित्वा पिता नाम करोति।—पारस्कर-गृह्यसूत्र १।१७।१।

निष्क्रमणिका

निष्क्रमण वा निष्क्रमणिकाको शाब्दिक अर्थ 'बाहिर निस्कने काम' भन्ने हो। जन्मेका चौथा महिनामा बच्चालाई पहिलो पटक घर-आँगनबाट बाहिर निकालेर मन्त्रोच्चारण गर्दै सूर्यको दर्शन गराउने कार्यलाई निष्क्रमणिका भन्दछन्[१]। आजभोलि व्यावहारिकतालाई हेरेर यो कार्य न्वारनकै दिन गर्ने गरिएको देखिन्छ।

अन्नप्राशन

जन्मेको छैटौँ महिनामा शिशुलाई पहिलो पटक विधिपूर्वक अन्न खुवाउने कर्मलाई अन्नप्राशन (भातखुवाइ, पास्नी) भन्दछन्[२]। छोराको छैटौँ महिनामा र छोरीको पाँचौँ महिनामा अन्नप्राशनसंस्कार गर्नुपर्ने उल्लेख पनि पाइन्छ। शारीरिक रूपले पनि अन्नको आवश्यकता छोरोलाई केही पहिल्यै हुने कुरा वैज्ञानिक रूपले विचार गर्दा समेत देखिन्छ भन्दछन्।

चूडाकर्म

एक वर्ष पुगेदेखि तीन वर्षको उमेरसम्ममा वा आफ्नो कुलको परम्पराअनुसार अरू कुनै समयमा बालकको चूडाकर्म गर्ने विधान पाइन्छ[३]। शास्त्रीय विधिअनुसार शिरको मुण्डन गरी (कपाल खौरिएर) चूडा (शिखा, टुप्पी) राख्ने कार्यलाई चूडाकर्म वा चूडाकरण भन्दछन्। कसैले नेपाली भाषामा यस संस्कारलाई छेवर पनि भनेको देखिन्छ। वेदले शिखालाई अत्यन्त महत्त्व[४]

---

१. **चतुर्थे मासि निष्क्रमणिका, सूर्यमुदीक्षयति तच्चक्षुरिति।**–पारस्कर गृ.सू.१।१७।५-६।

२. **षष्ठे मासेऽन्नप्राशनम्।**–पारस्कर-गृह्यसूत्र १।१९।१।

३. **सांवत्सरिकस्य चूडाकरणम्, तृतीये वाऽप्रतिहते, ... यथामङ्गलं वा सर्वेषाम्।**
–पारस्कर-गृह्यसूत्र २।१।१,२,४।

४. श्रीका निम्ति (सम्पत्ति र शोभाका निम्ति) शिखा (टुप्पी) हो भनेर (**श्रियै शिखा**– मा.वा. शुक्लयजुर्वेदसंहिता १९।९२) वेदले अत्यन्त महत्त्व दिएको र हाम्रा सुदीर्घ परम्पराले पनि हिन्दुहरूको सांस्कृतिक चिह्नका रूपमा स्वीकार गरी धारण गर्दैआएको कुनै पनि पेसाका व्यक्तिको कुनै पनि कार्यमा बाधा नपुऱ्याउने शिखालाई शिरमा धारण गर्दा भने लज्जाको अनुभव गर्ने, किन्तु क्रिस्तान धर्मको चिह्नका रूपमा रहेको हुनाले तथा कुनै पनि पेसाका व्यक्तिको कुनै पनि कार्यमा सहयोग नपुऱ्याउने मात्र होइन, गर्मीमा घाँटी खुला राख्नमा बाधा पुऱ्याउन सक्ने र घाँटी कसिँदा आँखा कमजोर हुन सक्ने (यो कुरा वैज्ञानिक रूपले पुष्टि भैसकेको छ भनी बताइन्छ) हुनाले स्वास्थ्यमा हानि पुऱ्याउन सक्ने समेत देखिएको हुनाले पनि सबैथरी व्यक्तिको कार्यमा बाधा पार्ने 'नेक्-टाइ'लाई (गल-ग्रन्थिलाई) घाँटीमा बाँध्दा भने गौरवको अनुभव गर्ने धेरैजसो आधुनिक शिक्षित हिन्दुहरूको मानसिकताबाट उनीहरूले आफ्नो गौरवमय सांस्कृतिक परम्परामा हीनताबोध गर्ने गरेको र विदेशी संस्कृतिको अनुसरणमा चाहिं गौरवानुभूति

दिएको देखिन्छ। शिखाको भौतिक व्याख्या गरेर त्यसको महत्त्व र उपादेयता दर्साउने काम आधुनिक व्याख्याताहरूले पनि गरेका छन्[1]।

कर्णवेध

विधिपूर्वक कान छेड्ने कार्यलाई कर्णवेध भन्दछन्। यस संस्कारको उल्लेख पारस्करादि धेरै गृह्यसूत्रकारले नगरे तापनि समावर्तनसंस्कारमा कुण्डल लगाउने विधान देखिनाले[2] कान छेड्न पर्नेजस्तो बुझिन्छ। कात्यायनगृह्यसूत्रमा तेस्रो वा पाँचौं वर्षमा र कौषीतकिगृह्यसूत्रमा सातौं वा आठौं महिनामा अथवा आफ्नो कुलको परम्पराअनुसार अरू कुनै समयमा कर्णवेध गर्नुपर्ने बताइएको छ[3]। यो संस्कार बालक र बालिका दुवैको गर्नुपर्ने देखिन्छ।

उपनयन

वेद पढ्नका निम्ति आचार्यका (गुरुका) समीपमा लगी गरिने संस्कारलाई उपनयन भन्दछन्। उपनयनको अर्थ समीप (नजिक) लैजानु हो। गुरुबाट सम्पन्न गरिने उपनयन अत्यन्त महत्त्वपूर्ण संस्कार मानिन्छ। यो संस्कार भएपछि मात्र वैदिक अध्ययन र यज्ञयागादि धार्मिक कार्यमा अधिकार हुने हुनाले नेपाली समाजमा यसलाई कर्म चलाउने संस्कारका रूपमा लिइन्छ। यस संस्कारले पशुसाधारण (पशुसमान) मानवलाई विशिष्ट मानवका रूपमा जन्माउने हुनाले यसपछि ब्राह्मण, क्षत्रिय र वैश्यले द्विजत्व (दोस्रो जन्म) प्राप्त गरेको मानिन्छ। यसै संस्कारका आधारमा उक्त तीन वर्णका मनुष्यलाई द्विजाति पनि भन्ने गरिन्छ। सामान्यतया गर्भाधानदेखि वा जन्मदेखि ८ वर्षमा ब्राह्मणको, ११ वर्षमा क्षत्रियको र १२ वर्षमा वैश्यको उपनयन गर्नुपर्ने तथा त्यसो गर्न नसके

गर्ने गरेको कुरा स्पष्ट हुन्छ। नेपालको सरकार आफैंले नै पनि आफ्ना गरिब जनताले सकिनसकी तिरेको करबाट जम्मा भएको राष्ट्रिय कोषबाट जनतालाई अत्यावश्यक सेवा पुऱ्याउनुको सट्टा त्यस कोषको दुरुपयोग गर्दै यातायात-प्रहरीका घाँटीमा निरर्थक विदेशी 'नेक्-टाइ' (गल-ग्रन्थि) भिराइरहेको देखिन्छ। सरकारले गरेको यस्तो अत्यन्त अनुचित र आलोचनीय कार्यको समेत आलोचना गरिएको कमै मात्र सुनिन्छ। यसबाट अधिकांश शिक्षित र सचेत नेपालीहरूको सांस्कृतिक र वैचारिक धरातल कमजोर हुँदै गएको देखिन आएको छ।

१. द्र.– क्यों? (धर्म दिग्दर्शन पूर्वार्ध), माधवाचार्य शास्त्री, माधव विद्या भवन, दिल्ली, सप्तम संस्करण, सन् १९९१, पृ.४४९–४६३ (शिखा क्यों?)।

२. **अलङ्करणमसि भूयोऽलङ्करणं भूयादिति कर्णवेष्टकौ।**–पारस्कर गृ.सू.२।६।२४।

३. • **अथ कर्णवेधो वर्षे तृतीये पञ्चमे वा।**–कात्यायन-गृह्यसूत्र २।२।१।

• **सप्तमेऽष्टमे वा मासि कर्णवेधनम्, यथाकुलधर्मं वा।**–कौषीतकि गृ.सू.१।२०।१–२।

ब्राह्मणादिको क्रमशः १६, २२ र २४ वर्षभित्र उक्त संस्कार सम्पन्न गर्नुपर्ने विधान देखिन्छ[1]। वेदवेदाङ्गानुसार द्विजातिकन्याको पनि वेदाध्ययनका लागि उपनयन संस्कार गर्न सकिने निष्कर्ष विद्वान्हरूको देखिन्छ[2]।

आजभोलि सार्वजनिक स्थलमा धेरैथरी वटुकहरूको एकै पटक सामूहिक व्रतबन्ध गर्ने-गराउने प्रचलन पनि बढ्दै गएको देखिन्छ। किन्तु त्यस्तो कार्य शास्त्रसम्मत देखिँदैन। तसर्थ आस्तिक द्विजातिहरूले आफ्नै घरमा वा तीर्थमा विधिपूर्वक छोटकरी रूपमै भए पनि योग्य आचार्यद्वारा आफ्ना आश्रित बालकको उपनयनसंस्कार गराउनुपर्ने देखिन्छ। पटक-पटक गरेरै पनि धेरै जनाको व्रतबन्ध गराउने आचार्यको (गुरुको) पनि शास्त्रमा अत्यन्त निन्दा गरिएको छ[3]।

आजभोलि नेपाली समाजमा **चूडाकर्म, उपनयन, वेदारम्भ** र **समावर्तन** यी चारोटै संस्कार एकै दिन सम्पन्न गर्ने गरिएको पाइन्छ। यी चारै संस्कारलाई एकै संस्कारजस्तो मानेर यिनलाई संयुक्त रूपमा **व्रतबन्ध** (बर्तमन) भन्ने गरिन्छ। किन्तु वस्तुतः यी चार छुट्टाछुट्टै समयमा गरिने छुट्टाछुट्टै संस्कार हुन्। आपत्कालमा यी चारै संस्कार एकै पटक गरिएका मात्र हुन्।

यसरी **वेदारम्भ** भनेर व्रतबन्धकै दिन एउटा कर्म गर्ने प्रचलन रहेको देखिन्छ। किन्तु गृह्यसूत्रहरूमा वेदारम्भ भन्ने संस्कारको उल्लेख कतै पनि पाइँदैन। मनुस्मृति, याज्ञवल्क्यस्मृति इत्यादि प्रमुख स्मृतिहरूमा पनि वेदारम्भ भन्ने संस्कारको उल्लेख छैन। (वेद)व्यासस्मृतिमा[4] **वेदारम्भक्रियाविधि** भन्ने संस्कारको उल्लेख छ। किन्तु त्यो व्रतबन्धका दिनमा गरिने संस्कारको नाम नभएर सामान्यतया श्रावणपूर्णिमामा वा भाद्रपूर्णिमामा **अध्यायोपाकर्म (उपाकर्म)** गरी वेद पढ्ने र पढाउने कार्यको प्रारम्भ गरिने भएकाले त्यसैको (उपाकर्मको)

---

१. • अष्टवर्षं ब्राह्मणमुपनयेद् गर्भाष्टमे वा, एकादशवर्षं राजन्यम्, द्वादशवर्षं वैश्यम्।
—पारस्कर-गृह्यसूत्र २।२।१–३।

• आ षोडशाद् ब्राह्मणस्याऽनतीतः कालो भवति, आ द्वाविंशाद् राजन्यस्य, आ चतुर्विंशाद् वैश्यस्य।—पारस्कर-गृह्यसूत्र २।५।३६–३८।

२. • द्विजातिकन्योपनयनविचार, शिवराज आचार्य कौण्डिन्न्यायन, सारस्वती सुषमा (अनुसन्धान-पत्रिका), सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय, वाराणसी, वि.सं.२०४७, मार्गशीर्ष-फाल्गुनपूर्णिमा, ४५।३–४।

• द्विजातिकन्याको उपनयनका सम्बन्धमा अलि विस्तृत चर्चा यसै ग्रन्थको १११औं, ११३औं र ११४औं पृष्ठमा गरिएको छ।

३. श्रद्दधानस्य भोक्तव्यं चोरस्याऽपि विशेषतः।
न त्वेव बहुयाज्यस्य *यश्चोपनयते बहून्*॥—वासिष्ठ धर्मशास्त्र (वसिष्ठ ध.सू.) १४।१७।

४. १।१५ (द्र.– यसै ग्रन्थको ६२औं पृष्ठको दोस्रो टिप्पणी)।

नाम हो भन्ने बुझिन्छ[1]। अध्यायोपाकर्मको उल्लेख गृह्यसूत्रहरूमा पाइन्छ[2]। अध्यायोपाकर्मको वा उपाकर्मको नै लोकप्रचलित अर्को नाम वेदारम्भ हो भनी सूचित गर्ने वचनहरू पनि धर्मशास्त्रमा धेरै नै देखिन्छन्[3]।

तसर्थ उपनयनपछिको पहिलो पटकको अध्यायोपाकर्म नै वेदारम्भसंस्कार हो भन्ने कुरा शास्त्रबाट पुष्ट हुन्छ। वैखानस-गृह्यसूत्रलगायत विभिन्न धर्मशास्त्रीय ग्रन्थहरूमा उपाकर्मलाई छुट्टै संस्कारका रूपमा उल्लेख गरिएको हुनाले पनि उक्त कुराकै पुष्टि हुन्छ।

पुंसवन, सीमन्तोन्नयन, जातकर्म, नामकरण, अन्नप्राशन इत्यादि कतिपय संस्कारहरू दक्षिणायनमा पनि हुन सक्ने भएजस्तै वेदारम्भ वा उपाकर्म पनि दक्षिणायनमा हुन सक्ने नै देखिन्छ। वैश्यको र रथकारको त उपनयन पनि दक्षिणायनमा नै गर्ने शास्त्रको निर्देश पाइन्छ[4]। वर्षाकालमा यात्रामा बाधा पर्ने भए तापनि वेदाध्ययनमा कुनै बाधा नपर्ने हुनाले श्रावणपूर्णिमामा उपाकर्म गरेर लगभग पाँच महिनासम्म वेदको गुरुमुखी अध्ययन गर्ने र त्यसपछि उत्सर्जन (त्यस प्रकारको अध्ययनलाई स्थगित) गर्ने शास्त्रीय विधान गरिएको हुन सक्छ। वाल्मीकिरामायणमा पनि वर्षा ऋतुको वर्णन गर्दा सामवेदीहरूको स्वाध्यायाध्ययन गर्ने समय उपस्थित भएको भनी उल्लेख गरिएको छ[5]।

---

१. धेरै व्यक्तिमा वेदारम्भ र उपाकर्मका सम्बन्धमा भ्रमपूर्ण धारणा रहेको देखिन्छ। त्यस्तो भ्रम निराकरण गर्न **वैदिक धर्म मूल रूपमा** भन्ने ग्रन्थको अध्ययन सहायक सिद्ध हुन सक्ने देखिन्छ (द्र.– प्र.सं.२०४५, पृ.७६–७९; द्वि.सं.२०६२, पृ.३३४–३४१)।

२. अथाऽतोऽध्यायोपाकर्म, ओषधीनां प्रादुर्भावे श्रवणेन श्रावण्यां पौर्णमास्याम्, श्रावणस्य पञ्चमीं हस्तेन वा।—पारस्कर-गृह्यसूत्र २।१०।१–३।

३. • श्र(श्रा?)वणस्य तु मासस्य पौर्णमास्यां द्विजोत्तमः।
आषाढ्यां प्रौष्ठपद्यां वा *वेदोपक्रमणं* स्मृतम्॥—औशनस.३।५५, स्मृतिसन्.-३, पृ.१५६५।

• तस्माद् द्विजो जातमात्रः कृतोपनयनस् ततः।
कृतवेदारम्भणोऽयं श्रावण्यां तु गुरोर् मुखात्॥—मार्कण्डेयस्मृति, स्मृतिसन्दर्भ–६, पृ.७।

• *वेदोपक्रमणं* कुर्यात् कृत्यो(त्वो?)पाकर्म शास्त्रतः।
अकृत्वा तदुपाकर्म न वेदं समुपक्रमेत्॥—लौगाक्षिस्मृति, स्मृतिसन्दर्भ–६, पृ.२३८।

• प्रथमोपाकृतेः पश्चाद् *वेदारम्भः* श्रुतीरितः।
प्रकर्तव्यो वैदिकेन जामितां तत्र चोत्सृजेत्॥—लौगाक्षिस्मृति, स्मृतिसन्दर्भ–६, पृ.४०४।

४. वसन्ते ब्राह्मणमुपनयीत ग्रीष्मे राजन्यं *शरदि वैश्यं वर्षासु रथकारमिति,* सवनिव वा वसन्ते।—बो(बौ)धायन-गृह्यसूत्र २।५।६।

५. मासि प्रौष्ठपदे ब्रह्म ब्राह्मणानां विवक्षताम्।
अयमध्यायसमयः सामगानामुपस्थितः॥—वाल्मीकि-रामायण, किष्किन्धाकाण्ड २८।५४।

समावर्तनचाहिँ वेदवेदाङ्गको अध्ययन सिध्याएर विधिपूर्वक स्नानादि गरी सम्पन्न गरिने संस्कार हो[1]। अशक्तिले गर्दा वेदादि शास्त्रको अध्ययन पूरा नगरीकन व्रतबन्धकै दिन समावर्तन गरेका व्यक्तिले चाहिँ समावर्तनपछि पनि वेदादि शास्त्रको अध्ययन विधिपूर्वक गर्न सक्छन् र लागेपुगेसम्म त्यसो गर्न पनि पर्छ। यो संस्कार भएको व्यक्ति स्नातक भनिन्छ र ऊ विवाह गरी गृहस्थ हुन योग्य पनि मानिन्छ। स्नातकका तीन भेद छन्। वेदाध्ययन पूरा गरेका तर ब्रह्मचर्यको व्रत पूरा नगरेका स्नातकलाई **विद्यास्नातक,** ब्रह्मचर्यको व्रत पूरा गरेका तर वेदाध्ययन पूरा नगरेका स्नातकलाई **व्रतस्नातक** र दुवै पूरा गरेका स्नातकलाई **विद्याव्रतस्नातक** भन्दछन्[2]।

विवाह

हिन्दु संस्कारहरूमध्ये अत्यन्त महत्त्वपूर्ण संस्कारका रूपमा विवाहलाई लिइएको छ, जसको चर्चा अगाडि 'विवाहसम्बन्धी हिन्दु अवधारणा' भन्ने छुट्टै शीर्षकमा गरिँदै छ।

अन्त्येष्टिक्रिया

मानवव्यक्तिका लागि गरिने संस्कारहरूमध्ये अन्तिम संस्कार अन्त्येष्टिक्रिया हो। यसलाई अग्निसंस्कार पनि भन्न सकिन्छ। मर्ने व्यक्तिको उत्तम गति वा परलोकमा सुखप्राप्तिका निम्ति पुत्रादिले[3] यो संस्कार गर्नुपर्ने देखिन्छ। प्रत्येक व्यक्तिका निम्ति जन्मसंस्कार र अन्त्येष्टिसंस्कारलाई अनिवार्य मानिएको पाइन्छ। अन्त्येष्टिसंस्कारभित्र दशदान, वैतरणीदान, उपनिषद्को पाठ वा श्रवण, विधिपूर्वक शवनिर्हरण (श्मशानसम्म शव लैजाने काम), शवदाह, उदककर्म (खल्को हालेर पानी दिने काम), पिण्डदान, एकोद्दिष्टश्राद्ध (एकादशाहश्राद्ध), शुद्धशान्ति इत्यादि कार्यहरू पर्दछन्।

---

१. **वेदं समाप्य स्नायात्।**—पारस्कर-गृह्यसूत्र २।६।१।

२. **त्रयः स्नातका भवन्ति विद्यास्नातको व्रतस्नातको विद्याव्रतस्नातक इति।...**
—पारस्कर-गृह्यसूत्र २।५।३२ (द्र.– २।५।३३–३५)।

३. छोरा नभएका द्विजाति व्यक्तिको अन्त्येष्टिसंस्कार चूडाकर्म वा उपनयन गरिएका (संस्कार गरिएका) छोरीले गर्न हुने कुरा शास्त्रबाट उपपन्न (सिद्ध) हुन सक्ने देखिन्छ—

दुहिता पुत्रवत् कुर्यान् मातापित्रोस् तु संस्कृता।
आशौचमुदकं पिण्डमेकोद्दिष्टं सदा तयोः॥

—भरद्वाजको वचन (द्र.– निर्णयसिन्धु, निर्णयसागर प्रेस, पृ.२७२)।

तथापि आजभोलि छोरीको चूडाकर्म र उपनयन गर्ने प्रचलन नभएको हुनाले अहिलेका परिस्थितिमा त्यस्तो कार्य व्यावहारिक रूपमा गर्न सम्भव भने देखिँदैन।

विवाहसम्बन्धी हिन्दु अवधारणा

स्त्री र पुरुषको धर्मानुकूल यौनसम्बन्धका निम्ति, सन्तानोत्पादनका निम्ति तथा गृहस्थाश्रमको धर्मपूर्वक निर्वाहका निम्ति विवाहसंस्कार गरिने कुरा वेद, वेदाङ्ग, स्मृति र पुराणहरूको अनुशीलनबाट अवगत हुन्छ। विवाहबाट पुरुष सर्वाङ्गपूर्ण[1] भै प्रजनन गर्न र गृहस्थधर्म पालन गर्न समर्थ हुने हुनाले यो संस्कार एउटा अत्यन्त महत्त्वपूर्ण संस्कार मानिन्छ। वंशपरम्परा चलाउन र पितृऋणबाट छुटकारा पाउन पनि पुत्रोत्पादन (छोरा जन्माउन) आवश्यक भएकाले समर्थ व्यक्तिका लागि विवाह अनिवार्यजस्तै देखिन्छ। ऋग्वेद, यजुर्वेद र अथर्ववेदमा विवाहसम्बन्धी उल्लेखहरू प्रशस्त पाइन्छन्। गृह्यसूत्रहरूमा विवाहको पद्धति विस्तृत रूपले देखाइएको छ।

वैदिक शास्त्रीय विवाहजस्तै देखिने सामाजिक सम्झौताको विवाह पनि समाजमा प्रचलित रहिआएको देखिन्छ। किन्तु यस्तो विवाह वैदिक धर्मविवाहभन्दा अत्यन्तै फरक कुरा हो। यस्तो विवाह गरेर बसेका लोग्नेस्वास्नीको विशेष अवस्थामा विवाहविच्छेद हुन पनि सक्छ। किन्तु वैदिक शास्त्रअनुसार अग्नि र ब्राह्मणलाई साक्षी राखेर वैदिक मन्त्रद्वारा वरवधूका प्राण, हाड, मासु र छालाको एकीकरण हुने गरी गरिएको धर्मविवाहको भने कुनै पनि अवस्थामा शास्त्रीय रूपले विच्छेद हुन सक्तैन। यो कुरा स्मृतिपुराणहरूबाट र कौटलीय अर्थशास्त्रबाट पनि स्पष्ट बुझिन्छ[2]। धर्मविवाहबाट जुटेका पतिपत्नीको त सामान्यतया परलोकमा पनि साहचर्य (साथ) हुन्छ भन्ने भनाइ शास्त्रको देखिन्छ[3]।

यसप्रकार हिन्दुहरूको विवाहसम्बन्धी अवधारणा र व्यवहार अत्यन्त उदात्त (उच्च) र आदर्शरूप रहेको देखिन्छ। यस्तै प्रकारको वैवाहिक सम्बन्धका आधारमा नै हिन्दुहरूको सम्पूर्ण जीवनपद्धति उच्च र आदर्शरूप हुन सकेको देखिन्छ। यसैका आधारमा हाम्रो कौटुम्बिक (पारिवारिक) सुसम्बन्ध र सामाजिक संरचनासमेत सुदृढ हुन सक्ने हुनाले समाजका प्रत्येक व्यक्तिको सर्वाङ्गीण विकासका निम्ति हिन्दु आदर्श विवाह अत्यन्त लाभप्रद र अनुसरणीय मानिएको हो। यसैबाट समाजमा धर्म, नैतिकता, कर्तव्य, अनुशासन, त्याग इत्यादि मानवसमाजलाई भौतिक, मनोवैज्ञानिक र आध्यात्मिक रूपमा उन्नत पार्न नभै

---

१. यसै ग्रन्थका ८५–८६, ९३(टि.२),१७४(टि.३) र १७६(टि.१,२) पृष्ठहरू हेर्नुहोस्।

२. अमोक्षो धर्मविवाहानाम्।—कौटलीय अर्थशास्त्र ३।३ (नेराप्रप्र.संस्करण, पृ.२७२)।

३. • संसरन्तमपि प्रेतं विषमेष्वेकपातिनम्। भार्यैवाऽन्वेति भर्तारं सततं या पतिव्रता॥
प्रथमं संस्थिता भार्या पतिं प्रेत्य प्रतीक्षते। पूर्वं मृतं च भर्तारं पश्चात् साध्व्यनुगच्छति॥
—महाभा., आदिपर्व ६८।४४–४५ (सातवलेकर सं.), ७४।४५–४६ (चित्रशाला सं.)।

• श्रुतिर् हि श्रूयते पुण्या ब्राह्मणानां यशस्विनाम्।
इह लोके च पितृभिर् या स्त्री यस्य महामते॥
अद्भिर् दत्ता स्वधर्मेण प्रेत्यभावेऽपि तस्य सा॥—वा.रामायण, अयोध्याकाण्ड २९।१८।

नहुने गुणहरू पनि विकसित हुन सक्ने देखिन्छ। तसर्थ उक्त कुराहरूमा ध्यान नदिई नेपालको न्यायालयले विवाहका सम्बन्धमा वा स्त्रीपुरुषसम्बन्धका विषयमा गरेको टिप्पणी वा निरूपण[1] हाम्रो सामाजिक मूल्य र मान्यताको तथा शास्त्रीय मर्यादाको पनि अत्यन्त विपरीत हुनुका साथै आदर्श दाम्पत्यजीवनको[2] अवमूल्यन गर्ने खालको पनि देखिन्छ। यस्ता टिप्पणीबाट शास्त्रद्वारा निर्देशित हिन्दु समाज प्रभावित हुन नहुने देखिन्छ। विवाहको शास्त्रीय अवधारणामा र आधुनिक न्यायालयको अवधारणामा आकाश-पातालको अन्तर पाइन्छ।

हिन्दु धर्मशास्त्रमा विवाहका प्रकार, वर र वधूका गुण तथा उमेर, अन्तर्जातीय विवाह तथा बहुविवाह इत्यादि विषयहरूको विवेचना गरिएको पाइन्छ।

विवाहका प्रकार

धर्मशास्त्रमा र कौटलीय अर्थशास्त्रमा पनि विवाहका ब्राह्म, दैव, आर्ष, प्राजापत्य, आसुर, गान्धर्व, राक्षस र पैशाच गरी आठ भेद देखाइएको पाइन्छ, जसमध्ये पैशाच विवाहलाई अत्यन्त निन्दनीय मानिएको छ[3]। महाभारतका अनुशासनपर्वमा भने ब्राह्म, क्षात्र, गान्धर्व, आसुर र राक्षस यी पाँच प्रकारका विवाहको उल्लेख छ। यीमध्ये अघिल्ला तीन ग्राह्य र पछिल्ला दुई त्याज्य

---

१. अन्नपूर्ण (अन्नपूर्णा?) राणाले आफ्नी आमा अम्बिका राज्यलक्ष्मी राणा, आफ्ना दाजु गोरखशम्शेर राणा इत्यादिका विरुद्ध सर्वोच्च अदालतमा दिएका रिटका सम्बन्धमा न्यायाधीश अरविन्दनाथ आचार्य र राजेन्द्रराज नाख्वाद्वारा २०५५।२।२५।२ मितिमा दिइएको उत्प्रेषणको आदेशमा यस्तो उल्लेख पाइन्छ— "....कसैकसैले पहिले यौन सम्पर्क राखी त्यसबाट बच्चा समेत जन्मिए पछि मात्र विधिवत् रुपमा लोग्ने स्वास्नीको सम्बन्ध जोड्न सक्छन्। अरु यस भन्दा अगाडि बढेर भन्ने हो भने पनि यौन सम्पर्क तथा अन्य यावत दृष्टिबाट लोग्ने स्वास्नी जस्तो गरी बसे हिडेडुलेको देखिने भएपनि विवाहको शुत्र नजोडी परस्पर स्वतन्त्र (Independent) भएर बर्षौं सम्म सँगै बसी आउन नसक्ने अवस्था पनि देखिदैन। जव यस्तोलाई पनि अव समाजले मान्यता दिदै जान पर्ने स्थिति छ भने कुनै पनि केटीले आफू Girl friend भई कुनै केटा साथी Boy friend बनाएर सबै सन्तुष्टी लिएर हिडडुल गर्न सक्छे वा त्यसबाट बच्चाको जन्म हुन सक्छ भने त्यस्तो भएको हुदैमा कुनै एक केटी र कुनै एक केटाको विवाह नै भयो भनेर मान्न सकिदैन।...."
(द्र.– संवैधानिक विवादमा सर्वोच्च अदालतका फैसला [२०४७–२०५७], भाग १, सम्. नरेन्द्रप्रसाद पाठक र नरेन्द्रप्रकाश खनाल, पैरवी बुक्स एन्ड स्टेसनरी सेन्टर, पुतलीसडक, २०५८, पृ.२८५–२८६)।

२. यसै ग्रन्थका ९२–९७, ९९–१०१, १२४–१२५ पृष्ठहरू हेर्नुहोस्।

३. • ब्राह्मो दैवस् तथैवाऽऽर्षः प्राजापत्यस् तथाऽऽसुरः।
गान्धर्वो राक्षसश् चैव पैशाचश् चाऽष्टमोऽधमः ॥—मनुस्मृति ३।२१।

• कन्यादानं कन्यामलङ्कृत्य *ब्राह्मो* विवाहः। सहधर्मचर्या *प्राजापत्यः*। गोमिथुनाऽऽदाना*दार्षः*। अन्तर्वेद्यामृत्विजे दानाद् *दैवः*। मिथःसमवायाद् *गान्धर्वः*। शुल्काऽऽदानाद*ासुरः*। प्रसह्याऽऽदानाद् *राक्षसः*। सुप्ताऽऽदानात् *पैशाचः*।—कौ.अ.३।२ (नेराप्रप्र. सं., पृ.२६६)।

मानिएका छन्[1]। वस्तुतः आठै प्रकारका विवाह उक्त पाँच प्रकारकै विवाहमा अन्तर्भूत हुन्छन् भन्ने कुरा त्यहाँ 'राक्षस' भन्नुपर्ने ठाउँमा 'पैशाच' पनि भनिएकाले समेत बुझिन्छ। स्कन्दपुराणका नागरखण्डमा चाहिँ प्रातिभ र घातन भन्ने भेदसहित विवाहका दश प्रकारहरू उल्लिखित छन्[2]। अन्य ग्रन्थमा पनि विवाहका प्रकारमा केही फरक उल्लेख पाइन्छ। तर मुख्यतः आठ प्रकारकै विवाह स्मृतिपुराणहरूमा प्रसिद्ध देखिन्छन्। वेदमा पनि यिनको सङ्केत भेटिन्छ। सबै जातिका लागि सबैथरी विवाह ग्राह्य मानिँदैनन्, कुनै जातिका निम्ति कुनै, कुनै जातिका निम्ति कुनै ग्राह्य मानिन्छन्[3]। उपर्युक्त विवाहहरूमध्ये अघिल्ला चार प्रकारका विवाह मात्र प्रायः सबै मुनिका मतमा प्रशंसनीय धर्मविवाह मानिन्छन्[4]। त्यसैले ब्राह्मणका लागि यिनै चार प्रकारका विवाह मात्र प्रशंसनीय हुन्छन्। क्षत्रिय र वैश्यका निम्ति भने आसुर, गान्धर्व[5] र राक्षस विवाह पनि ग्राह्य मानिन्छन्।

ब्राह्म विवाह

जुन विवाहमा योग्य वर बोलाएर वस्त्र (लुगाफाटो), आभूषण (गहना) इत्यादिद्वारा यथाशक्ति अलङ्कृत (सिँगारिएकी) कन्या वरलाई दिइन्छ, त्यो विवाह ब्राह्म (ब्रह्माजीको जस्तो) विवाह भनिन्छ। यस्तो विवाहद्वारा जन्मिएको सदाचारी छोराले एक्काइस पुस्तालाई (आफूभन्दा अघिका दश, पछिका दश र आफ्नो पुस्तालाई) पवित्र पार्दछ भनिएको छ[6]। आजभोलि आम रूपमा प्रचलित धार्मिक विवाह ब्राह्म विवाहसित मिल्ने खालको देखिन्छ।

दैव विवाह

यज्ञ गर्दै रहेका बेलामा ऋत्विक्लाई (पुरोहितलाई) वस्त्र, आभूषण इत्यादिद्वारा यथाशक्ति अलङ्कृत कन्या दिएर गरिने विवाह दैव (देवताको

---

१. ....पञ्चानां तु त्रयो धर्म्या द्वावधर्म्यौ युधिष्ठिर।
पैशाचश् (राक्षसश्) चाऽऽसुरश्चैव न कर्तव्यौ कथञ्चन॥
ब्राह्मः क्षात्रोऽथ गान्धर्व एते धर्म्या नरर्षभ।...—अनुशासनपर्व ४४।९-१० (द्र.–४४।३-१०)।

२. द्र.– स्कन्दपुराण, नागरखण्ड २४१।३३–३६।

३. द्र.– मनुस्मृति ३।२२-२६।

४. चत्वारो धर्म्याः प्रथमाः।—गौतम-धर्मसूत्र १।४।१२।

५. मनुस्मृति, याज्ञवल्क्यस्मृति र कौटलीय अर्थशास्त्रमा तथा अन्यत्र पनि पाँचौं-छैटौं क्रममा मात्र गान्धर्व विवाहको उल्लेख भएकाले "विवाहहरूमध्ये श्रेष्ठ मानिएको विवाह गान्धर्व" भनेर गरिएको उल्लेखले (वेदपुराणका केही रत्नहरू, वीणा पौड्याल, साझा प्रकाशन, २०६२, पृ.३१) भ्रम पार्न सक्ने देखिन्छ। विवाहहरूमध्ये श्रेष्ठ त निर्विवाद रूपमा ब्राह्म विवाह नै मानिन्छ।

६. ब्राह्मो विवाह आहूय दीयते शक्त्यलङ्कृता।
तज्जः पुनात्युभयतः पुरुषानेकविंशतिम्॥—याज्ञवल्क्यस्मृति १।५८।

जस्तो) विवाह भनिन्छ। यस्तो विवाहद्वारा उत्पन्न सदाचारी छोराले (आफ्नो पुस्ताका साथै) आफूभन्दा अघिका सात पुस्ता र पछिका सात पुस्ता गरेर चौध पुस्तालाई पवित्र पार्दछ भन्ने शास्त्रवचन छ[१]।

आर्ष विवाह

एक जोडी गाई र बहर वरसँग लिएर विधिपूर्वक कन्यादान गरिएको विवाह आर्ष (ऋषिको जस्तो) विवाह भनिन्छ। यस्तो विवाहद्वारा उत्पन्न सदाचारी पुत्रले (आफ्नो पुस्ताका साथै) आफूभन्दा अघिका तीन पुस्ता र पछिका तीन पुस्ता गरेर छ पुस्तालाई पवित्र पार्दछ भन्ने शास्त्रवचन छ[२]।

प्राजापत्य विवाह

'सँगै बसेर धर्मको आचरण गर' भनी विवाहका इच्छुक वरलाई कन्यादान गर्नु प्राजापत्य (काय) [प्रजापतिको जस्तो] विवाह मानिन्छ। यसबाट जन्मेको सदाचारी छोराले आफ्नो पुस्ताका साथै आफूभन्दा अघिका छ पुस्ता र पछिका छ पुस्तालाई समेत पवित्र पार्दछ भन्ने शास्त्रको कथन छ[३]।

आसुर विवाह

याज्ञवल्क्यस्मृतिअनुसार वरसित धन लिएर कन्यादान गरिएको विवाह आसुर विवाह मानिन्छ भने मनुस्मृतिअनुसार कन्याका पिता, दाजुभाइ इत्यादिलाई र कन्यालाई पनि यथाशक्ति धन दिएर आफ्नो इच्छाअनुसार वरले कन्यादान लिने विवाह आसुर (असुरको जस्तो) विवाह मानिन्छ[४]।

गान्धर्व विवाह

वर र कन्याको परस्पर प्रेम वा सहमतिद्वारा कामोपभोगका निम्ति हुने संयोगलाई गान्धर्व (गन्धर्वको जस्तो) विवाह भन्दछन्[५]। आजभोलि प्रेमविवाह

---

१. यज्ञस्थऋत्विजे दैव आदायाऽऽर्षस्तु गोद्वयम्।
चतुर्दश प्रथमजः पुनात्युत्तरजश् च षट्॥—याज्ञवल्क्यस्मृति १।५९।

२. यज्ञस्थऋत्विजे दैव आदायाऽऽर्षस्तु गोद्वयम्।
चतुर्दश प्रथमजः पुनात्युत्तरजश् च षट्॥—याज्ञवल्क्यस्मृति १।५९।

३. इत्युक्त्वा चरतां धर्मं सह या दीयतेऽर्थिने।
स कायः पावयेत् तज्जः षट्षड् वंश्यान् सहाऽऽत्मना॥—याज्ञवल्क्यस्मृति १।६०।

४. • आसुरो द्रविणाऽऽदानाद् ...।—याज्ञवल्क्यस्मृति १।६१।
• ज्ञातिभ्यो द्रविणं दत्त्वा कन्यायै चैव शक्तितः।
कन्याऽऽप्रदानं स्वाच्छन्द्यादासुरो धर्म उच्यते॥—मनुस्मृति ३।३१।

५. • ...गान्धर्वः समयान् मिथः।—याज्ञवल्क्यस्मृति १।६१।
• इच्छयाऽन्योऽन्यसंयोगः कन्यायाश्च वरस्य च।
गान्धर्वः स तु विज्ञेयो मैथुन्यः कामसम्भवः॥—मनुस्मृति ३।३२।

भनिने विवाह यसै प्रकारको विवाह हो भन्ने ठानिएको पाइन्छ। किन्तु शास्त्रीय गान्धर्व विवाहमा बाबु-आमाले कन्यादान दिए पनि नदिए पनि वर र कन्याको सहवास हुनुभन्दा अघि नै विवाहको धार्मिक विधि भने सम्पन्न गर्नै पर्ने कुरा धर्मशास्त्रबाट बुझिन्छ[१]।

राक्षस विवाह

याज्ञवल्क्यको मतअनुसार युद्धमा हरण गरेर ल्याइएकी कन्यासितको विवाह राक्षस (राक्षसको जस्तो) विवाह भनिन्छ भने मनुको मतअनुसार घरवालालाई मारेर, काटेर वा घाइते पारेर चिच्याउँदै तथा रुँदै गरेकी कन्यालाई घरबाट बलपूर्वक हरेर लगी विवाह गर्नु विवाहको राक्षस विधि भनिन्छ[२]।

पैशाच विवाह

छल गरेर (फुस्ल्याएर) अपहरण गरेर विवाह गर्नु पैशाच (पिशाचप्रकृतिको) विवाह हो भन्ने भनाइ याज्ञवल्क्यको छ भने सुतेकी, (मदिराले) बिसुर भएकी अथवा असावधान भएकी कन्यासित एकान्तमा सङ्गम गर्नु पैशाच विवाह हो, जुन विवाहहरूमध्ये सबैभन्दा पापी र नीच प्रकारको हो भन्ने भनाइ मनुको रहेको छ[३]।

वर र वधूका गुण

धर्मशास्त्रमा वर र वधूमा (कन्यामा) हुनुपर्ने गुणहरूको चर्चा गरिएको पाइन्छ। सके दस पुस्ता नभए पनि तीन पुस्तासम्म त चिनिएकै कुलमा विवाहसम्बन्ध गर्नु राम्रो मानिन्छ[४]। गृह्यसूत्रकार आपस्तम्बका अनुसार उत्तम कुल, उत्तम आचरण (शील), शुभ लक्षण (शुभ चिह्न) र नीरोगिता कन्या र वर दुवैमा हुनुपर्ने

---

१. महाभारतमा राजा दुष्यन्त र शकुन्तलाको गान्धर्व विवाह भएको वर्णन गर्दा 'दुष्यन्तले पहिला विधिवत् पाणिग्रहण गरे, त्यसपछि मात्रै उनले शकुन्तलासित सहवास गरे' भन्ने उल्लेख गरिएको छ– "जग्राह विधिवत् पाणावुवास च तया सह।"–(आदिपर्व ७३।२०)।

२. • राक्षसो युद्धहरणात् ... ॥–याज्ञवल्क्यस्मृति १।६१।
   • हत्वा छित्वा च भित्वा च क्रोशन्तीं रुदतीं गृहात्।
   प्रसह्य कन्याहरणं राक्षसो विधिरुच्यते॥–मनुस्मृति ३।३३।

३. • ...पैशाचः कन्यकाछलात्॥–याज्ञवल्क्यस्मृति १।६१।
   • सुप्तां मत्तां प्रमत्तां वा रहो यत्रोपगच्छति।
   स पापिष्ठो विवाहानां पैशाचश् चाऽष्टमोऽधमः॥–मनुस्मृति ३।३४।

४. • दशपूरुषविख्याताच् छ्रोत्रियाणां महाकुलात्।–याज्ञवल्क्यस्मृति १।५४।
   • यस्य देशं न जानाति नामगोत्रे त्रिपूरुषम्।
   कन्यादानं पितृश्राद्धं नमस्कारं च वर्जयेत्॥–इतिहासोपनिषद् (उप. सं., द्वि.भा., पृ.१६)।

गुण हुन् भने वेदाध्ययन वरमा हुनुपर्ने थप गुण हो[१]। गृह्यसूत्रकार आश्वलायनले चाहिँ वरमा बुद्धि तथा कन्यामा बुद्धि, रूप, शील, लक्षण (शुभ चिह्न) र नीरोगिता मुख्य रूपले हुनुपर्ने बताएका छन्[२]। याज्ञवल्क्यले वर उच्चकुलीन, वेदाध्ययनले सम्पन्न, सवर्ण (कन्याकै वर्णको [जातिको]), युवा, पुंस्त्वयुक्त (नपुंसक नभएको), बुद्धिमान् र जनप्रिय हुनुपर्ने उल्लेख गरेका छन्[३]। साथै उनले नीरोगी, दाजुभाइ भएकी, असमान (फरक) गोत्र तथा प्रवरकी[४] र बाबुबाट सात पुस्ता तथा आमाबाट पाँच पुस्ताभन्दा परकी (बाहिरकी) [नाता नलाग्ने] कन्या विवाह गर्नुपर्ने बताएका छन्[५]। मनुले निर्दोष अङ्ग, सुन्दर नाम, हाँस वा हात्तीको जस्तो हिँडाइ, मसिना-मस्याइला रौँ केश र दाँत तथा कोमल अङ्ग भएकी कन्यासित विवाह गर्ने निर्देश दिएका छन्[६]। अरू पनि धेरै धर्मशास्त्रीय ग्रन्थहरूमा वर र वधूका (विवाहार्थी केटा र केटीका) गुणहरूको उल्लेख भएको देखिन्छ।

वर र कन्याको विवाहयोग्य उमेर

विवाह गर्दा वर र कन्याको उमेर कतिकति हुनुपर्छ भन्ने विषयमा धर्मशास्त्रमा एकरूपता भेटिँदैन। ऋग्वेदमा आएका विवाहसम्बन्धी मन्त्रहरूको विचार गर्दा विवाहार्थिनी (विवाहका निम्ति तयार भएकी) कन्या बालिका नभएर युवती हुने कुरा स्पष्ट बुझिन्छ[७]। गृह्यसूत्रहरूमा विवाहपछि कम्तीमा तीन दिनसम्म भने पनि पति र पत्नीले ब्रह्मचर्यमा बस्नुपर्ने (सम्भोग गर्न नहुने) विधान देखिएकाले यौवनावस्थामा नै वर र कन्याको विवाह हुने कुरा झल्कन्छ[८]। पुरुषले त

---

१. बन्धुशीललक्षणसम्पन्नामरोगामुपयच्छेत।
बन्धुशीललक्षणसम्पन्नः श्रुतवानरोग इति वरसम्पत्।–आपस्तम्ब गृ.सू. (१)।३।१९–२०।

२. बुद्धिमते कन्यां प्रयच्छेत्।
बुद्धिरूपशीललक्षणसम्पन्नामरोगामुपयच्छेत।–आश्वलायन-गृह्यसूत्र १।५।२–३।

३. एतैरेव गुणैर् युक्तः सवर्णः श्रोत्रियो वरः।
यत्नात् परीक्षितः पुंस्त्वे युवा धीमान् जनप्रियः॥–याज्ञवल्क्यस्मृति १।५५।

४. समान गोत्रकी, समान प्रवरकी र मातृगोत्रकी (मावलीका गोत्रकी) कन्यासित द्विजातिले विवाह गर्न नहुने वैदिक हिन्दु विधि र मान्यताको विशेष विवेचना वैदिक धर्म मूल रूपमा भन्ने ग्रन्थमा द्रष्टव्य छ (प्र.स.२०४५, पृ.१०१–१०२, द्वि.सं.२०६२, पृ.३७२–३७४)।

५. अरोगिणीं भ्रातृमतीमसमानार्षगोत्रजाम्।
पञ्चमात् सप्तमादूर्ध्वं मातृतः पितृतस् तथा॥–याज्ञवल्क्यस्मृति १।५३।

६. अव्यङ्गाङ्गीं सौम्यनाम्नीं हंसवारणगामिनीम्।
तनुलोमकेशदशनां मृद्वङ्गीमुद्वहेत् स्त्रियम्॥–मनुस्मृति ३।१०।

७. द्र.– ऋग्वेदसंहिता १०।८५।९,२६,२७,४६ इत्यादि।

८. अधः शयीयातां संवत्सरं न मिथुनमुपेयातां द्वादशरात्रं षड्रात्रं त्रिरात्रमन्ततः।
–पारस्कर-गृह्यसूत्र १।८।१६।

उपनयनपछि अनिवार्य रूपमै सामान्यतया कम्तीमा बाह्र वर्षसम्म ब्रह्मचर्य व्रतको पालन गर्दै वेद-वेदाङ्गादि शास्त्र पढ्नुपर्ने[1] र सो अध्ययन पूर्ण भएपछि समावर्तन गरेर मात्रै विवाह गर्नुपर्ने शास्त्रीय विधान भएकाले वरको विवाह निःसन्देह रूपले यौवनावस्थामा नै हुनुपर्ने कुरा स्पष्ट हुन्छ। त्यसैले सामान्यतया पच्चीस वर्ष पुगेपछि मात्र वरको विवाह हुनुपर्ने देखिन्छ। यसप्रकार विचार गर्दा वैदिक धर्मअनुसार बाध्यात्मक रूपमा नै बालविवाह गर्नुपर्ने भन्ने कुरा यथार्थ देखिँदैन।

मनुस्मृतिमा उल्लिखित ३० वर्षका वरले १२ वर्षकी कन्या वा गृहस्थधर्म टुट्दै गरेका अवस्थामा गृहस्थधर्म सम्हाल्न हतार गर्न परेका २४ वर्षका वरले ८ वर्षकी कन्या विवाह गर्नुपर्ने[2] भन्ने कुराले रजस्वला नहुँदै कन्यादान गर्नुपर्ने पक्षलाई महत्त्व दिएको देखिन्छ। धर्मसूत्रहरूमा पनि कन्या रजस्वला नहुँदै विवाह गरिदिने कुरा उल्लिखित देखिन्छ[3]।

तथापि पुराणहरूमा र इतिहासग्रन्थहरूमा त कन्याको विवाह यौवनावस्थामा नै हुने कुराका साङ्केतिक वचनहरू पाइन्छन्[4]। यसबाट कन्या सानैमा विवाह गर्न इच्छुक भएमा वा छोडिनसक्नुका अत्यन्त विशिष्ट वर पाइएमा कन्या रजस्वला नहुँदै र कन्या वेद-वेदाङ्गादि शास्त्र पढ्ने अध्ययनशील विचारशील भएमा रजस्वला भएपछि धेरै समयपछि पनि विवाह गर्न सकिने वा विवाह गर्न हुने तात्पर्य शास्त्रको भएको बुझिन्छ[5]। रजस्वला भएपछि विवाह गर्दा

• द्र.– कौषीतकि-गृह्यसूत्र १।१०।१८–१९; आपस्तम्ब-गृह्यसूत्र (३)।८।८।

१. द्र.– यसै ग्रन्थको ५७–५८ पृष्ठको प्रतिपादन।

२. त्रिंशद्वर्षोद्वहेत् कन्यां हृद्यां द्वादशवार्षिकीम्।
त्र्यष्टवर्षोऽष्टवर्षां वा धर्मे सीदति सत्वरः॥–मनुस्मृति ९।९४।

३. • प्रदानं प्रागृतोः।–गौतम-धर्मसूत्र २।९।२१।

• द्र.– बौधायन-धर्मसूत्र ४।१।१२; वासिष्ठ धर्मशास्त्र (वसिष्ठ-धर्मसूत्र) १७।७०।

४. • ऊनविंशतिकोऽसि त्वमेषा *षोडशवार्षिकी* ।
तव पत्नी गुणनिधे साध्वी मधुरभाषिणी॥
एतां संवृणु सद्वृत्तां पितृभक्तियुतो भव।–स्कन्दपुराण, काशीखण्ड १३।५५–५६।

• मुनीनां प्रेयसीं नारीं *युवतीं* रूपशालिनीम्।
साऽलङ्कारां सशय्यां च दत्त्वाऽनन्तफलं लभेत्॥–पद्मपुराण, सृष्टिखण्ड ५२।९७–९८।

• पुत्रि प्रदानकालोऽयं *यौवनं व्यतिवर्तते* ।
प्रत्याख्यानाच्च भीतैस् त्वं न वरैः प्रतिगृह्यसे॥–वाल्मीकि-रामायण, उत्तरकाण्ड ९।७।

• *सम्प्राप्तयौवनां* पश्यन् देयां दुहितरं तु ताम्।
नोपलेभे ततः शान्तिं सम्प्रदानं विचिन्तयन्॥–महाभारत, आदिपर्व १७१।११।

५. यसै ग्रन्थको 'स्त्रीशिक्षा' भन्ने प्रकरण पनि (पृ.११०–१२२) हेर्नुहोस्।

प्रायश्चित्त गरेर विवाह गर्नुपर्ने शास्त्रीय व्यवस्थाले पनि रजस्वला नहुँदै वा भएपछि पनि दुवै अवस्थामा विवाह गर्न सकिने कुरालाई नै समर्थन गरेको कुरा बुझिन्छ। गुणवान् वर नपाइएमा त कन्याहरू आफूसुहाउँदो वर नपाइन्जेल त्यस्ता वरको प्रतीक्षा गरेर बस्न वा बूढीकन्या बस्न पनि सक्ने कुरा श्रुति, स्मृति, पुराण र इतिहासबाट पनि पुष्ट हुन्छ। 'कन्या रजस्वला भए पनि बरु नमरुन्जेल घरैमा बसोस्, किन्तु गुणहीन वरलाई कन्या कहिल्यै पनि नदिनू' भन्ने मनुस्मृतिको वचन[१] पनि यस सन्दर्भमा स्मरणीय छ।

सोह्र वर्ष नपुगेकी स्त्रीमा पच्चीस वर्ष नपुगेको पुरुषले गर्भाधान गरेमा त्यो गर्भ पेटमै मर्दछ, कदाचित् जन्मिहाल्यो भने पनि धेरै समयसम्म बाँच्दैन, बाँचिहाल्यो भने पनि दुर्बल हुन्छ, त्यसैले साह्रै सानी बालिकामा गर्भाधान नगर्नू नगराउनू[२] भन्ने आयुर्वेदका आचार्य सुश्रुतले गरेको उल्लेखबाट पनि वर र कन्याको विवाहयोग्य उमेरलाई शरीरविज्ञानका दृष्टिले राम्रोसँग विवेचन गर्न सकिने देखिन्छ। यसबाट वरको भन्दा कन्याको उमेर कम हुनुपर्छ भन्ने धर्मशास्त्रीय विधानको पुष्टि र वरका तथा कन्याका उमेरमा सामान्यतया कति वर्षसम्मको अन्तर उचित हुन्छ भन्ने कुराको दिग्दर्शन पनि भएको देखिन्छ[३]। यौवनावस्थामा नपुगेकी नाबालिग कन्यासित सङ्गम गर्ने व्यक्ति अर्को जुनीमा सर्प भएर जन्मन्छ, यस्तो कुरा श्रुतिमा बताइएको छ[४] भनी गरुडपुराणले भनेको हुनाले पनि साह्रै सानी बालिकासित सहवास गर्ने धारणा हिन्दु धर्मशास्त्रमा नभएको बुझिन्छ। तसर्थ परिस्थितिवश गृहस्थधर्मको पालनाका निम्ति सानै

---

१. काममा मरणात् तिष्ठेद् गृहे कन्यर्तुमत्यपि।
न चैवैनां प्रयच्छेत् तु गुणहीनाय कर्हिचित्॥—मनुस्मृति ९।८९।

२. ऊनषोडशवर्षायामप्राप्तः पञ्चविंशतिम्।
यद्याधत्ते पुमान् गर्भं कुक्षिस्थः स विपद्यते॥
जातो वा न चिरं जीवेज् जीवेद् वा दुर्बलेन्द्रियः।
तस्मादत्यन्तबालायां गर्भाधानं न कारयेत्॥—सुश्रुतसंहिता, शारीरस्थान १०।५४–५५।

३. धर्मशास्त्रको र प्राकृतिक वस्तुस्थितिको समेत अनुसरण गरेर विवाह गर्ने पुरुषको भन्दा महिलाको उमेर केही कम हुन सक्ने अवस्थालाई प्रचलित मुलुकी ऐनले लामो समयसम्म अङ्गीकार गरिरहेको थियो। अहिले आएर भने मुलुकी ऐनले (२०५९ सालको एघारौं संशोधनले) विवाह गर्ने केटा र केटीको न्यूनतम उमेर बराबर (संरक्षकको मन्जुरी भए १८ वर्ष र नभए २० वर्ष) कायम गरेको देखिन्छ (द्र.– बिहावरीको महलको २ नं.)। यसबाट अहिलेको मुलुकी ऐनले केटाका तुलनामा केही कम उमेरमै परिपक्व भैसक्ने केटीका र केटीका तुलनामा केही बढी उमेरमा मात्रै परिपक्व हुन सक्ने केटाका अपरिवर्तनीय मनोवैज्ञानिक तथा शरीरवैज्ञानिक वस्तुतथ्यलाई समेत बेवास्ता गरी महिला र पुरुषमा अप्राकृतिक रूपले कानुनी समानता ल्याउन खोजेको देखिन्छ। तसर्थ यो कार्य प्राकृतिक वस्तुस्थितिको प्रतिकूल वा विपरीत हुन पुगेको छ।

४. अप्राप्तयौवनां सेवन् भवेत् सर्प इति श्रुतिः॥—गरुडपुराण, प्रेतकल्प ४६।२० (पृ.४६६)।

बालिकासित विवाह गर्न परे तापनि यौवनावस्थामा नपुगिन्जेल आफ्नी पत्नीसित पनि सहवास गर्न नहुने आशय धर्मशास्त्रको रहेको देखिन्छ।

यी सबै कुराको मनन गर्दा देश, काल, परिस्थिति, कन्याको मानसिक अवस्था इत्यादि धेरै कुराको विचार गरेर कन्या रजस्वला नहुँदै वा रजस्वला भएपछि केही वर्षपछि पनि विवाह गर्ने कुरा वैदिक धर्ममा अनुमत भएको निष्कर्ष निकाल्न सकिने देखिन्छ[१]।

अन्तर्जातीय विवाह र बहुविवाह

वैदिक धर्मशास्त्रले विशेष अवस्थामा अनुलोम (उपल्ला जातिका पुरुषद्वारा तल्ला जातिकी स्त्रीसित गरिने) अन्तर्जातीय विवाहलाई केही हदसम्म छुट दिएको देखिन्छ। गृह्यसूत्रकार पारस्करले ब्राह्मणका निम्ति ब्राह्मणी, क्षत्रिया र वैश्या; क्षत्रियका निम्ति क्षत्रिया र वैश्या तथा वैश्यका निम्ति वैश्या स्त्री विवाहयोग्य हुन्छन् भनेका छन्। सबै वर्णका निम्ति शूद्रा (उच्च तहकी शूद्रा) स्त्री पनि मन्त्रप्रयोगविना विवाह गर्न योग्य हुने मत अरू आचार्यहरूको रहेको कुरा पनि उनले बताएका छन्[२]। किन्तु धार्मिक कार्यको सहकारिताका निम्ति सवर्णा (समान जातिकी) स्त्री विवाह गरिसकेपछि मात्र अरू स्त्रीसित अनुलोम अन्तर्जातीय विवाह गर्न हुने तथा प्रतिलोम (तल्ला जातिका पुरुषद्वारा उपल्ला जातिकी स्त्रीसित गरिने) अन्तर्जातीय विवाहचाहिँ गर्न नहुने धर्मशास्त्रको निर्देश देखिन्छ। यसरी विशिष्ट प्रकारको अन्तर्जातीय विवाह र बहुविवाह हिन्दु धर्मशास्त्रमा उल्लिखित देखिन्छ। पुत्रप्राप्तिका निम्ति र सन्तानवृद्धिका निम्ति बहुविवाह गर्ने कुराका वचन पनि धर्मशास्त्रमा यत्रतत्र पाइन्छन्।

अन्तर्जातीय विवाहको निषेध

धर्मशास्त्रनिबन्धकारहरूले कुनै प्रकारको अन्तर्जातीय विवाहलाई कलियुगमा निषिद्ध कार्यहरूमध्ये गणना गरेको पाइन्छ। मनुस्मृतिले नै पनि शूद्र स्त्रीसित द्विजातिको विवाहलाई निन्दा गरेर निषेध गरेको छ[३]। याज्ञवल्क्यले पनि

---

१. • **वैदिक धर्म मूल रूपमा** भन्ने ग्रन्थको 'कन्याको विवाहयोग्य प्रायु (उमेर)' भन्ने शीर्षकमा सम्बद्ध विषयका धेरै प्रमाणवचनहरू दिई यस विषयको विस्तृत रूपमा विवेचन गरिएको र विभिन्न निष्कर्ष निकालिएको देखिन्छ (द्वि.सं.२०६२, पृ.३८०–३८४)।

• कन्याको विवाह गर्ने समयका विषयमा **कन्योद्वाहसमयमीमांसा विधवोद्वाह-तिमिरालोकश् च** (पं. डिल्लीराज शर्मा, प्रका. अच्युतराज रेग्मी, काठमाडौँ, वि.सं.२०५२) भन्ने संस्कृतको ग्रन्थमा पनि विचार गरिएको देखिन्छ।

२. **तिस्रो ब्राह्मणस्य वर्णाऽनुपूर्व्येण, द्वे राजन्यस्य, एका वैश्यस्य, सर्वेषां शूद्रामप्येके मन्त्रवर्जम्।**–पारस्कर-गृह्यसूत्र १।४।८–११।

३. द्र.– **मनुस्मृति** ३।१४–१९।

यस कार्यमा आफ्नो पूर्ण असहमति भएको जनाएका छन्[1]। अतः यसप्रकारको विवाह प्रशंसनीय नभएको कुराको पुष्टि हुन्छ। त्यसैले सबै जाति तथा वर्गका स्त्री र पुरुषहरूले आआफ्नै जाति तथा वर्गका पुरुष र स्त्रीहरूसित विवाह गर्ने कुरा नै कल्याणकारी हुने भएकाले[2] त्यसैलाई सबैले अपनाउन उचित हुने देखिन्छ। यसबाट नै सबै जाति तथा वर्गको आआफ्नो वैशिष्ट्य सुरक्षित हुन सक्ने र सबैले आआफ्नै जाति, वर्ग तथा परम्परामा गौरवानुभूति गर्न सक्ने परिस्थिति पनि खडा हुने देखिएकाले यस्तो विवाह अहिले पनि सबैका निम्ति अनुसरणीय हो भन्ने मान्न सकिन्छ। श्रीमद्भगवद्गीतामा वर्णसङ्करको (दुई अलग जातिका बाबुआमाबाट जन्मिएका सन्तानको) निन्दा गर्दै यस्तो भनिएको छ–

सङ्करो नरकायैव कुलघ्नानां कुलस्य च।
पतन्ति पितरो ह्येषां लुप्तपिण्डोदकक्रियाः ॥–(गीता १।४२)

(वर्णसङ्कर सन्तान पूरै कुललाई [वंशलाई] र वर्णसङ्करता ल्याएर कुललाई विनाश गर्ने व्यक्तिलाई पनि नरक प्राप्त गराउने हुन्छ, यस्ता व्यक्तिका पितृहरू पिण्डपानीको लोप हुनाले नरकमा पर्दछन्।)

अतः वैदिक धर्ममा अलिकति पनि आस्था र श्रद्धा भएका व्यक्तिहरूले तथा आफ्नो जातीय पहिचान सुरक्षित गर्न चाहने जुनसुकै जातिका व्यक्तिहरूले पनि आफ्नै जातिमा तथा आफ्नै वर्गमा मात्र विवाह गर्न उचित हुने देखिन्छ।

वैज्ञानिक दृष्टिमा अन्तर्जातीय विवाह

वैज्ञानिकहरूले विभिन्न जातिका मानिसहरूको डी.एन्.ए.(DNA)को र जीन्(Gene)को सूक्ष्म रूपले अध्ययन गर्दा तिनमा छुट्टाछुट्टै विशेषताहरू पनि रहने र अन्तर्जातीय विवाह गर्दा मानव-जीन्मा क्षति पुग्ने तथा त्यसबाट मानवस्वास्थ्यमा नै असर पर्ने कुरा पत्ता लगाएको तथ्य पनि सार्वजनिक भैसकेको देखिन्छ[3]। तसर्थ यस परिप्रेक्ष्यमा अन्तर्जातीय विवाहलाई आधुनिक

---

१. **यदुच्यते द्विजातीनां शूद्राद् दारोपसङ्ग्रहः।**
नैतन् मम मतं यस्मात् तत्राऽयं जायते स्वयम् ॥–याज्ञवल्क्यस्मृति १।५६।

२. **ब्राह्मण-क्षत्रिय-विशां शूद्राणां च परिग्रहे।**
स्वजात्या श्रेयसी भार्या स्वजात्यश्च पतिः स्त्रियाः ॥
–नारदीय-मनुस्मृति, स्त्रीपुंसयोग, श्लो.४ (स्मृतिसन्दर्भ, प्रथम भाग, पृ.२९७)।

३. विस्तृत विवरण र प्रमाणका निम्ति तल उल्लिखित सन्दर्भसामग्री हेर्नुहोस्–

- **क्या करें क्या न करें** (आचार-संहिता), राजेन्द्रकुमार धवन, गीता प्रेस, गोरखपुर, तेह्रौं संस्करण, वि.सं.२०६१, पृ.१५१–१५४।
- 'इन्डियन् साइन्स् कङ्ग्रेस'को ८६औं सम्मेलनमा भाग लिन आउँदा जेम्ज् वँट्सन्ले अङ्ग्रेजी समाचारपत्र द टाइम्ज् अव् इन्डियासित कुरा गर्दै भनेका कुरा पनि स्मरणीय छन् (द्र.– **The Times of India**, 7-1-1999)।

दृष्टिकोणबाट पनि निरुत्साहित गर्नुपर्ने कुरा देखिन आएको छ। डी.एन्.ए. प्रविधिका पिता कहलाएका सन् १९६२को चिकित्साशास्त्रतर्फको नोबेल्पुरस्कार प्राप्त गर्ने प्रसिद्ध अमेरिकी वैज्ञानिक जेम्ज् ड्यूइ वॅट्सन्-(James Dewey Watson, जन्म सन् १९२८ अप्रिल ६)-ले[1] आआफ्नै जाति र समूहभित्र विवाह गर्ने परम्परागत प्रथाको समर्थन गरेको कुरा पनि यहाँ स्मरणीय देखिन्छ। तसर्थ सामाजिक, धार्मिक, सांस्कृतिक, आध्यात्मिक, वैज्ञानिक यी सबै दृष्टिकोणबाट विचार गर्दा सबैले आआफ्नै जाति र वर्गभित्र मात्र विवाह गर्नु श्रेयस्कर हुने निष्कर्ष निकाल्न सकिन्छ।

धनको उपयोगसम्बन्धी मूल आदर्श

न्यायपूर्वक आर्जन गरिएको धनको उपयोग (उपभोग) गर्दा धेरै कुरामा विचार पुऱ्याउनुपर्ने कुरा हिन्दु धर्मशास्त्रले औँल्याएको छ। आफूले आर्जन गरेका धनलाई पाँच भाग लगाएर धर्म, यश, धनवृद्धि, कामोपभोग (भौतिक सुखको उपभोग) र स्वजनको भरणपोषण यी कार्यका निम्ति एक-एक भाग उपयोग गर्नाले यस लोक र परलोक दुवैमा सुख प्राप्त हुन्छ भन्ने उल्लेख श्रीमद्भागवतमा पाइन्छ[2]। धनको सदुपयोग गर्ने विषयमा स्मृति-पुराणहरूमा स्पष्ट मार्गनिर्देशन गरिएको देखिन्छ। सूक्ष्म रूपले विचार गर्दा वैदिक परम्परामा मूलतः धर्मका निम्ति र धर्मपूर्वकको उपभोगका निम्ति धनको उपयोग गर्ने सिद्धान्त स्वीकृत गरिएको देखिन्छ।

धर्मका निमित्त धनको उपयोग

स्वधर्ममा बसेर न्याय्य (न्यायको अनुकूल) चेष्टा गर्दागर्दै कतैबाट ब्राह्मणलाई धन प्राप्त भएमा उसले धर्म्य (धर्मको अनुकूल) सन्तानोत्पादन, तिनको भरणपोषण, दान र यज्ञयागादि गर्नुपर्ने कुरा शास्त्रमा बताइएको छ[3]। वैदिक परम्परामा विवाह, सन्तानोत्पादन, तिनको भरणपोषण इत्यादि कार्य पनि धर्मार्थ (धर्मका निम्ति) वा धर्मपूर्वक गर्नुपर्ने हुँदा धनको उपभोग केवल भोगविलासका निम्ति मात्र गर्ने कुरा प्रशंसनीय मानिँदैन। त्यसैले अर्थोपार्जन (धन कमाउने काम) र कामोपभोग (सुखको उपभोग गर्ने काम) पनि धर्मको

---

१. द्र.– www.nobelprize.org\James Watson\James Watson–Biography.htm

२. धर्माय यशसेऽर्थाय कामाय स्वजनाय च।
पञ्चधा विभजन् वित्तमिहाऽमुत्र च मोदते॥–श्रीमद्भागवत ८।१९।३७।

३. तं चेद् द्विज(वित्त?)मुपागच्छेद् वर्तमानं स्वकर्मणि।
अकुर्वाणं विकर्माणि शान्तं प्रज्ञानतर्पितम्॥
कुर्वीताऽपत्यसन्तानमथो दद्याद् यजेत च।
संविभज्य च भोक्तव्यं धनं सद्भिरितीयति॥–महाभारत, शान्तिपर्व, ६०।१०–११।

अविरोधी रूपमा मात्र गर्न शास्त्रले निर्देश दिएको देखिन्छ[१]। यो कुरा धर्म, अर्थ, काम, मोक्ष यी चारै पुरुषार्थप्रति सन्तुलित दृष्टि राखेर चलाइने वैदिक जीवनपद्धतिको निर्देशक सिद्धान्तको अनुकूल देखिन्छ।

स्वास्नी, छोराछोरी, बाबुआमा इत्यादिको भरणपोषण गर्नु पनि गृहस्थको एउटा प्रमुख धर्म भएकाले यस कार्यमा बाधा पर्ने गरी अन्य धर्मकार्यमा धनको उपयोग गर्न नहुने कुरा शास्त्रले बताएको छ। दान दिँदा आफ्नो कुटुम्बको भरणपोषणमा कठिनाइ नपर्ने गरी यथोचित रूपमा मात्र दान दिनुपर्ने कुरा याज्ञवल्क्यस्मृतिमा बताइएको छ[२]। यस्तै आशय मनुस्मृतिको पनि छ[३]।

वैदिक धर्ममा गृहस्थधर्मको पालन गरेर धर्म्य सन्तानोत्पादन गर्ने, तिनको समुचित भरणपोषण र शिक्षण गर्ने तथा तिनलाई सुसंस्कृत पार्ने कामलाई पहिलो प्राथमिकता दिइएको देखिन्छ। सदाचारी छोरानातिहरूले बाबुबाजेको काजकिरिया गर्ने, पिण्डपानी दिने, श्राद्धादि कार्य गर्ने र बाबुबाजेको कीर्तिसमेत बढाउने भएकाले, यस्ता कार्यहरूबाट परलोकमा पितृहरूको उद्धार, सद्गति र तृप्तिसमेत हुने शास्त्रीय मान्यता रहेकाले तथा औरस छोरा सन्ततिबाट नै मुख्यतया[४] कुलपरम्परा चल्ने भएकाले समेत धार्मिक सन्तानको महत्त्व वैदिक परम्परामा विशेष रूपमा मानिएको देखिन्छ।

आर्थिक रूपले सम्पन्न गृहस्थको एउटा प्रमुख र अत्यन्तै महत्त्वपूर्ण धर्म यज्ञ गर्नु भएकाले समर्थ गृहस्थले यज्ञका निम्ति नै आफ्नो धन व्यय गर्नुपर्ने शास्त्रीय विधान पाइन्छ[५]। यज्ञ[६] केवल कर्मकाण्ड मात्र नभएर प्रकृतिसंरक्षणका,

---

१. • परित्यजेदर्थकामौ यौ स्यातां धर्मवर्जितौ।
धर्मं चाऽप्यसुखोदर्कं लोकविक्रुष्टमेव च॥–मनुस्मृति ४।१७६।
• धर्मो राजन् गुणः श्रेष्ठो मध्यमो ह्यर्थ उच्यते।
कामो यवीयानिति च प्रवदन्ति मनीषिणः॥–महाभारत, शान्तिपर्व १६७।८।

२. स्वं कुटुम्बाऽविरोधेन देयं दारसुतादृते।
नाऽन्वये सति सर्वस्वं यच् चाऽन्यस्मै प्रतिश्रुतम्॥–याज्ञवल्क्यस्मृति २।१७५।

३. द्र.– मनुस्मृति ११।९–१०।

४. छोरा नभएका व्यक्तिको काजकिरिया पुत्रिकापुत्रले (छोरीका छोराले) गर्नुपर्ने व्यवस्था शास्त्रले गरेकाले छोरीबाट पनि पिण्डपानी र गौण रूपमा कुलपरम्परासमेत चल्ने नै देखिन्छ (यसै ग्रन्थका १६५(टि.३,४,६) र १६६(टि.२) पृष्ठहरू हेर्नुहोस्।

५. त्रैवार्षिकाऽधिकान्नो यः स हि सोमं पिबेद् द्विजः।
प्राक्सौमिकीः क्रियाः कुर्याद् यस्याऽन्नं वार्षिकं भवेत्॥
प्रतिसंवत्सरं सोमः पशुः प्रत्ययनं तथा।
कर्तव्याऽऽग्रयणेष्टिश्च चातुर्मास्यानि चैव हि॥–याज्ञवल्क्यस्मृति १।१२४–१२५।

६. अग्नि, इन्द्र, सूर्य इत्यादि देवतालाई लक्षित गरेर चरु, घिउ, पुरोडाश इत्यादि हविको (अग्निमा हवन गरेर) त्याग गर्नुलाई यज्ञ भन्दछन् (यज्ञं व्याख्यास्यामः, द्रव्यं देवता त्यागः।–कात्यायन-श्रौतसूत्र १।२।१–२)।

समाजव्यवस्थापनका र आत्मज्ञानका निम्ति पनि उपयोगी विशिष्ट मार्गसमेत भएकाले यज्ञलाई सबैभन्दा श्रेष्ठ कर्म मानिएको छ[१]। यज्ञका निम्ति नै धनको व्यवस्था वा सृष्टि भएको हुनाले यज्ञमा नै धनको उपयोग गर्नुपर्ने शास्त्रीय निर्देश पनि पाइन्छ[२]।

यसप्रकार हिन्दु धर्मशास्त्रले गृहस्थाश्रमको पालनका निम्ति धर्म्य सन्तानोत्पादन र तिनको उचित शिक्षादीक्षा तथा भरणपोषणका साथै दानपुण्य र यज्ञका निम्ति धनको उपयोग गर्न प्रेरणा दिएको देखिन्छ।

दायभाग-(अंशबण्डा-)सम्बन्धी मूल सिद्धान्त र आदर्श

वैदिक परम्परामा धर्मका निम्ति वा यज्ञका निम्ति धनको उपयोग गर्नुपर्छ भन्ने जुन सिद्धान्त छ, त्यसै सिद्धान्तलाई अनुसरण गरेर नै दायभाग (सम्पत्तिविभाजन, अंशबण्डा) गर्नुपर्ने शास्त्रनिर्देश पाइन्छ। अर्थात् अंशमा प्राप्त धनको यज्ञ, धर्मकार्य र धर्मको अभिवृद्धिमा उपयोग हुन सक्ने वा नसक्ने कुरालाई विचार गरी कसैले अंश पाउने वा नपाउने अथवा घटी वा बढी पाउने व्यवस्था शास्त्रले गरेको देखिन्छ। त्यसैले नपुंसक, पतित इत्यादिले अंश नै नपाउने, विभिन्न प्रकारका छोराले विभिन्न प्रकारले घटी-बढी अंश पाउने, कुनै प्रकारका छोराले अंशै नपाउने इत्यादि व्यवस्था स्मृतिहरूमा गरिएको पाइन्छ।

यस विषयको मूल सिद्धान्त प्रतिपादन गर्दै कात्यायन भन्दछन्– अंशबण्डाको धन जुन प्रकारले जति यज्ञमा उपयोग हुन सक्छ, त्यसप्रकारले नै घटीबढी अंश विद्वान्ले लगाउनुपर्दछ[३]। अर्थात् जसले यज्ञमा कम वा बढी जति धन उपयोग गर्न पाउँछ वा सक्छ, त्यसले तदनुसार नै दायभाग (धनभाग) पनि घटी वा बढी पाउँछ। नपुंसक, पतित (धार्मिक वा चारित्रिक दृष्टिले भ्रष्ट), पतितको सन्तान, जन्मान्ध, बहिरो, उन्मत्त (बौलाहा), जड (बुद्धिको विकास नभएको), लाटो र इन्द्रियहीन (दर्शनेन्द्रिय, श्रवणेन्द्रिय, हात, पाउ इत्यादि कुनै अङ्ग नभएको) व्यक्ति भरणपोषणको मात्र अधिकारी हुन सक्छ, अंशको अधिकारी हुन सक्तैन[४]।

---

१. यज्ञो वै श्रेष्ठतमं कर्म।–मा.वा.शतपथब्राह्मण १।७।१।५।

२. • यज्ञाय सृष्टानि धनानि धात्रा यज्ञाय सृष्टः पुरुषो रक्षिता च।
तस्मात् सर्वं यज्ञ एवोपयोज्यं धनं न कामाय हितं प्रशस्तम्॥–शान्तिपर्व २६।२५।

• यज्ञार्थं विहितं वित्तं तस्मात् तद् विनियोजयेत्।
स्थानेषु धर्मजुष्टेषु न स्त्री-मूर्ख-विधर्मिषु॥–द्र.– मिताक्षरा २।१३५-१३६ (पृ.२९१)।

३. यथायथा विभागोत्थधनं यागार्थतामियात्।
तथातथा विधातव्यं विद्वद्भिर् भागगौरवम्॥–द्र.– पाराशरमा., व्य.का., पृ.३३५।

४. • अनंशौ क्लीब-पतितौ जात्यन्ध-बधिरौ तथा।
उन्मत्त-जड-मूकाश् च ये च केचिन् निरिन्द्रियाः॥–मनुस्मृति ९।२०१।

किनभने त्यस्ताको यज्ञमा अधिकार हुँदैन[1]। यज्ञका निम्ति धनको सृष्टि भएको हुनाले यज्ञमा अधिकार नभएकाहरूले दाय (धन) नपाउने, केवल खान-लाउन मात्र पाउने व्यवस्था शास्त्रले गरेको छ[2]। तसर्थ अशक्त, पतित इत्यादिलाई पनि खान-लाउन दिनुपर्छ, अन्यथा नदिने व्यक्ति नै पतित हुन्छ भन्ने शास्त्रीय निर्देशन पाइन्छ[3]।

अंशबण्डासम्बन्धी उपर्युक्त सिद्धान्तले अंसियारहरूमा अनावश्यक र अनुचित रूपमा पक्षपात गरेको हो कि भन्ने शङ्का यहाँ उब्जन सक्छ। किन्तु सामान्य रूपमा खाएर-लाएर बाँकी रहेको सबै धन अधिकारी व्यक्तिले यज्ञार्थ (यज्ञका निम्ति) वा धर्मार्थ (धर्मका निम्ति) नै व्यय गर्नुपर्ने र यज्ञमा अनधिकारी (अधिकार नभएका) व्यक्तिलाई पनि खान-लाउन चाहिँ दिनुपर्ने व्यवस्थासमेत शास्त्रमा गरिएकाले उपर्युक्त दुवैथरी व्यक्तिहरूमध्ये कसैप्रति पनि पक्षपात नगरी धर्मार्थ धनको उपयोग गर्ने सिद्धान्त वा आदर्श शास्त्रले देखाएको प्रमाणित हुन्छ। यस विषयमा सबै धर्मशास्त्रीहरूको एकै प्रकारको भनाइ पाइन्छ, जसअनुसार वैदिक यज्ञमा अधिकार नभएका विकलाङ्ग, पतित इत्यादि र गृहस्थबाहेकका अरू आश्रमीहरूले[4] दायभाग (धनभाग, अंश) पाउँदैनन्, किन्तु नपुंसक, अशक्त इत्यादिले पनि खान-लाउन भने पाउँछन्[5]। स्वधर्मबाट च्युत

• क्लीबोऽथ पतितस् तज्जः पङ्गुरुन्मत्तको जडः।
अन्धोऽचिकित्स्यरोगाद्या भर्तव्याः स्युर् निरंशकाः॥—याज्ञवल्क्यस्मृति २।१४०।

१. अङ्गहीना-ऽश्रोत्रिय-षण्ढ-शूद्रवर्जम्।—कात्यायन-श्रौतसूत्र १।१।५।

२. यज्ञार्थे द्रव्यमुत्पन्नं तत्राऽनधिकृतास् तु ये।
अरिक्थभाजस् ते सर्वे ग्रासाऽऽच्छादनभाजनाः॥—द्र.– मिताक्षरा २।१३५–१३६ (पृ.२९१)।

३. सर्वेषामपि तु न्याय्यं दातुं शक्त्या मनीषिणा।
ग्रासाऽऽच्छादनमत्यन्तं पतितो ह्यददद् भवेत्॥—मनुस्मृति ९।२०२।

४. "मुडिई विजयाहोम गर्नेले अंशमा दावा गर्न पाउँदैन" भनेर सन्न्यासीले चाहिँ अंश नपाउने कुरासम्म त मुलुकी ऐनमा (अंशबण्डाको महलको ९ नं.मा) पनि गरिएको छ। सन्न्यास लिंदा गरिने होमको नाम विजयाहोम नभै विरजाहोम हो। संसारबाट विरक्त भएका व्यक्तिले गर्ने भएकाले यस होमको नाम विरजाहोम हुन गएको बुझिन्छ। यस शब्दको प्राचीन प्रयोग नारदपरिव्राजकोपनिषद्मा (४।३८, उपनिषत्सङ्ग्रह, पृ.३१५) र परमहंसपरिव्राजकोपनिषद्मा (उप.सं., पृ.४८३) भएको देखिन्छ। तथापि नेपालका पुरानादेखि अहिलेसम्मका सबै नै ऐनहरूमा यस शब्दको अन्यथा (गलत) रूपको प्रयोग गरिराखिएको र त्यसैलाई नेपाली बृहत् शब्दकोशले (२०४०, २०५०, २०५२, २०५५, २०५८), अरू नेपाली शब्दकोशहरूले तथा कानूनी शब्दकोषले (टोपबहादुर सिंह) पनि विनाविवेचना अनुसरण गरिरहेको देखिन्छ। तसर्थ उक्त शब्दको प्रयोगका संशोधनमा भाषाविद्हरूको र कानुनविद्हरूको पनि ध्यान जानुपर्ने देखिन्छ।

५.• अनंशास् त्वाश्रमान्तरगताः, क्लीबोन्मत्तपतिताश् च, भरणं क्लीबोन्मत्तानाम्।
—वासिष्ठ धर्मशास्त्र (वसिष्ठ-धर्मसूत्र) १७।५२–५४।

(पतित) हुनेलाई (अनाचारीलाई) जसले धन-सम्पत्ति दिन्छन्, तिनले आफू मरेपछि सय वर्षसम्म विष्ठा (दिसा) खानुपर्छ भन्ने भनाइबाट[1] पनि आफ्नो धर्मानुसारको आचरणमा नरहने छोराले नै पनि पैतृक अंश नपाउने कुरा स्पष्ट हुन्छ। औरस, क्षेत्रज इत्यादि विभिन्न प्रकारका[2] छोराहरूमध्ये कसैले बढी र कसैले

- अतीतव्यवहारान् ग्रासाऽऽच्छादनैर् बिभृयुः, अन्ध-जड-क्लीब-व्यसनि-व्याधितादींश्च, अकर्मिणः, पतित-तज्जातवर्जम्।—बौधायन-धर्मसूत्र २।२(३)।३८–४१।
- नैव भागं वनस्थानां यतीनां ब्रह्मचारिणाम्।
पाषण्ड-पतितानां च न चाऽवैदिककर्मणाम्॥—वृद्धहारीतस्मृति ७।२५९ (स्मृति-समुच्चय, पृ.२७७), ४।२५० (स्मृतिसन्दर्भ–२, पृ.१०७३)।

१. ये स्वधर्मादपेतेभ्यः प्रयच्छन्त्यल्पबुद्धयः।
शतं वर्षाणि ते प्रेत्य पुरीषं भुञ्जते जनाः॥—महाभारत, शान्तिपर्व २६।२९।

२. पुत्र भन्नाले मूलतः औरस पुत्र नै लिइन्छ। तथापि परिस्थितिवश उत्पन्न अन्य प्रकार पनि विभिन्न व्यवहारका निम्ति मान्नुपर्ने हुँदा धर्मशास्त्रले पुत्रको वर्गीकरण गरी तिनको मर्यादाक्रम पनि छुट्याएको देखिन्छ। (१) **औरस** (विवाहिता आफ्नै वर्णकी [जातिकी] पत्नीमा आफैँले उत्पन्न गरेको छोरो), (२) **क्षेत्रज** (मृत, नपुंसक वा रोगग्रस्त पुरुषकी पत्नीमा शास्त्रानुसार देवरादिले नियोगधर्मले उत्पन्न गरेको छोरो, यस्तो छोरो जसकी पत्नीमा जन्माइएको हो, त्यसैको मानिन्छ), (३) **दत्त वा दत्तक वा दत्रिम** (बाबु-आमाले आफ्नै वर्णका व्यक्तिलाई सङ्कल्प गरेर दान दिएको छोरो, यस्तो छोरो दान लिनेको मानिन्छ), (४) **कृत्रिम** (धर्मपुत्र बनाइएको सवर्ण [आफ्नै वर्णको] छोरो), (५) **गूढज वा गूढोत्पन्न** (आफ्नै घरमा अज्ञात सवर्ण जारबाट उत्पन्न छोरो), (६) **अपविद्ध** (बाबुआमाले त्यागेकालाई जुन सवर्ण व्यक्तिले ग्रहण गर्छ, त्यसको छोरो), (७) **कानीन** (बाबुकै घरमा कन्याले सवर्ण पुरुषद्वारा जन्माएको छोरो, यस्तो छोरो कन्या अविवाहितै रहेमा मातामहको [आमाका बाबुको] र कन्या विवाहित भएमा विवाह गर्नेको हुन्छ), (८) **सहोढ** (जानेर वा नजानेर गर्भवती कन्यासित विवाह गरेपछि जन्मेको छोरो), (९) **क्रीत वा क्रीतक** (बाबु-आमालाई पैसा दिएर किनेको सवर्ण छोरो), (१०) **पौनर्भव** (पतिद्वारा त्यागिएकी स्त्रीमा वा विधवा स्त्रीमा सवर्ण पुरुषद्वारा उत्पादित छोरो), (११) **स्वयंदत्त** (बाबु-आमा नभएको वा उनीहरूद्वारा विनाकारण त्यागिएको छोराले आफू स्वयंलाई जो सवर्ण व्यक्तिलाई दिन्छ, ऊ त्यसको स्वयंदत्त छोरो हुन्छ) र (१२) **शौद्र** (ब्राह्मणद्वारा [उच्च तहकी] शूद्रस्त्रीमा [सच्छूद्रामा] उत्पन्न छोरो, जसलाई पारशव पनि भन्दछन्) गरी बाह्र प्रकारका छोराहरूको उल्लेख मनुस्मृतिमा (९।१६६–१७८) गरिएको छ। तीमध्ये अघिल्ला छ प्रकारका छोराहरूले घटी-बढी भए पनि कुनै प्रकारले पैतृक अंश सामान्यतया पाउने र पछिल्ला छ प्रकारका छोराहरूले कुनै प्रकारले पनि पैतृक अंश सामान्यतया नपाउने कुरा मनुस्मृतिमा (९।१५९–१६०) उल्लिखित छ। याज्ञवल्क्यस्मृतिमा (२।१२८–१३२) चाहिँ पुत्रिकापुत्रको (छोराजस्तै गरेर राखिएकी [यी छोरीमा जन्मने छोरो मेरो छोरो हुन्छ भनेर कन्यादान गरिएकी] छोरीका छोराको) गणना बाह्र प्रकारका छोराहरूमा गरिएको देखिन्छ, जसलाई औरसपुत्रसमान मानिएको छ (२।१२८)। त्यहाँ शौद्र पुत्रलाई चाहिँ १२ प्रकारका पुत्रहरूमा गणना गरिएको छैन।

घटी अंश पाउने तथा कसैले अंशै नपाउने व्यवस्था पनि शाश्वत धर्मका आधारमा हिन्दु धर्मशास्त्रले गरेको देखिन्छ[1]।

हिन्दु धर्मशास्त्रअनुसार पति र पत्नीले एकै जीउ भएर धर्मकर्म गर्ने र भौतिक सुखसुविधाको उपभोग गर्ने हुँदा स्त्रीको धर्माधिकार र धनाधिकार पतिसित अविभाज्य रूपमा गाँसिएको मानिन्छ। तसर्थ छोरीलाई पैतृक सम्पत्तिबाट अधिकारका रूपमा दायभाग (अंश) भने नदिने तर अनुग्रहराशिका (स्नेहले दिइने भागका) वा प्रेमोपहारका रूपमा केही धन भने दिने सिद्धान्त वैदिक विधिसंहिताहरूमा निर्दिष्ट गरिएको छ। पतिका धनमा भने पतिव्रता पत्नीको अधिकार हुने कुरा धर्मशास्त्रबाट नै देखिन्छ।

संक्षेपमा भन्ने हो भने वैदिक परम्परामा धर्मका लागि वा यज्ञका लागि नै प्रजापतिद्वारा धनको र मनुष्य, पशु, ओषधि, वनस्पति इत्यादिको सृष्टि भएको मानिएकाले तदनुकूल रूपमा नै धनको उपयोग गर्ने सिद्धान्त र आदर्श स्वीकार गरिएको पाइन्छ।

यस सन्दर्भमा नेपालको वर्तमान मुलुकी ऐनको अध्ययन गर्दा यसले धनको उपयोग वा अंशबण्डाको उपर्युक्त सिद्धान्त र आदर्शलाई अनुसरण गरेको देखिँदैन। त्यसैले मुलुकी ऐनअनुसार वर्णाश्रमधर्मको मर्यादाबाहिरका धर्मशास्त्रले अंश पाउँदैन भनेर निर्दिष्ट गरेका पतितादि छोराले समेत पैतृक अंश पूरै पाउँछन्[2]। यसरी तुलनात्मक रूपले हेर्ने हो भने वैदिक विधिसंहिताहरूले धनको उपयोग गर्ने मूल सिद्धान्त धर्मका र अध्यात्मका आधारमा निर्धारित गरेको देखिन्छ भने आधुनिक ऐनकानुनले धनको उपयोग गर्ने मूल सिद्धान्त भौतिक दृष्टि मात्र राखेर मानवीय तर्क र बुद्धिले ठम्याएको समानताका आधारमा गरेको देखिन्छ। त्यसैले वैदिक धर्मशास्त्र र आधुनिक ऐनकानुनमा मौलिक अन्तर रहेको कुरा स्पष्ट हुन्छ।

१. द्र.– मनुस्मृति ९।१४१–१६०।

२. द्र.– मुलुकी ऐन, भाग ३, महल १३, अंशबण्डाको।

तृतीय अध्याय

वैदिक (हिन्दु) धर्ममा स्त्रीको स्थान

वैदिक धर्ममा लैङ्गिक अवधारणा

वैदिक धर्मअनुसार परब्रह्म वा परमात्माबाट सम्पूर्ण चराचर[1] जगत्को सृष्टि भएको मानिन्छ। परब्रह्म पुरुष, स्त्री वा नपुंसक कुनै पनि लिङ्गका विशेषताले युक्त मानिँदैन। परब्रह्मबाटै सृष्टिकर्ता ब्रह्माजी वा प्रजापतिको उत्पत्ति भएको र प्रजापतिले आफ्नै एउटै देहलाई (शरीरलाई) चिर्दा आधाले पतिहरू (पुरुषहरू) र आधाले पत्नीहरू (स्त्रीहरू) उत्पन्न भएका हुन्[2] भन्ने वैदिक मान्यता रहिआएको छ[3]। त्यसैले पति र पत्नी एउटै शरीरका आधा-आधा अङ्ग मानिन्छन् र पत्नीलाई अर्धाङ्गिनी[4] पनि भन्ने गरिन्छ। 'प्रजापति एक्लै भएकाले रमाएनन् र उनले आफ्नै शरीरलाई स्त्री र पुरुषका रूपमा विभाजित गरे' भन्ने कुरा बृहदारण्यकोपनिषद्मा वर्णन गरिएको छ[5]।

---

१. चराचरको अर्थ पाणिनीयव्याकरणका वार्तिककार कात्यायनले सदा चरणशील वा परिवर्तनशील भन्ने गरेका छन् (द्र.– पाणिनीय-व्याकरण-भाष्य ६।१।१२[६])।

२. वाम (देब्रे) भागबाट स्त्री र दक्षिण (दाहिने) भागबाट पुरुषको उत्पत्ति भएको मानिएकाले धर्मकर्म गर्दा पत्नीलाई पतिको प्रायः बायाँ भागमा राख्ने प्रचलन छ।

३. पाटितोऽयं द्विजाः पूर्वमेकदेहः स्वयम्भुवा।
पतयोऽर्द्धे(र्धे)न चाऽर्द्धे(र्धे)न पत्न्योऽभूवन्निति श्रुतिः॥
–(वेद)व्यासस्मृति २।१३ (स्मृतिसन्दर्भ–३, पृ.१६३६)।

४. पत्नीलाई अर्धाङ्गिनी भन्ने मानेपछि पतिलाई पनि अर्धाङ्गी भन्न सकिने देखिन्छ।

५. स वै नैव रेमे, तस्मादेकाकी न रमते स द्वितीयमैच्छत्। स हैतावानास यथा स्त्रीपुमांसौ सम्परिष्वक्तौ, स इममेवाऽऽत्मानं द्वेधाऽपातयत्, ततः पतिश्च पत्नी चाऽभवताम्, तस्मादिदमर्धबृगलमिव स्व इति ह स्माऽऽह याज्ञवल्क्यः, तस्मादयमाकाशः स्त्रिया पूर्यत एव, तां समभवत्, ततो मनुष्या अजायन्त। (प्रजापति केही गरे पनि रमाउँदै रमाएनन्।

मनुस्मृतिमा पनि ब्रह्माजीले आफ्नै देहलाई दुई भाग लगाएर उनी आधाले पुरुष र आधाले स्त्री भएको कुरा बताइएको छ[१]। यसरी पुरुष र स्त्रीको उत्पत्ति एक-अर्काको पूरकका रूपमा भएको कुरा वैदिक वाङ्मयका धेरै ग्रन्थहरूमा पाइन्छ। साथै त्यहाँ पुरुषको मात्रै होइन स्त्रीहरूको पनि महत्त्व र विशेषता उल्लेख गरिएको छ[२]। प्रजननकार्यका दृष्टिले पुरुषलाई बीज (बीउ) र स्त्रीलाई क्षेत्र (खेत, उत्पत्तिस्थान) मानिएको छ[३]।

यसरी हाम्रा परम्परामा पुरुष र स्त्रीको समान महत्त्व सृष्टिका प्रारम्भदेखि नै मानिँदै आएको छ। आधुनिक विश्वका अति विकसित मानिएका राष्ट्र अमेरिका र बेलायतमा भने महिलालाई मतदान गर्ने अधिकार दिइएको सय वर्ष पनि भएको छैन[४]। अमेरिका-बेलायतमा महिलाको आत्मा हुन्छहुँदैन भनेर निकट भूतकालसम्म पनि विवाद चलिरहेको इतिहास छ। हाम्रा धर्मशास्त्रले भने मानवको त कुरै छाडौं पशुहरूमा मात्र पनि हैन, घाँस-पात र लता-वृक्षहरूमा समेत चेतना (आत्मा) हुने भएकाले विनाकारण तृण (घाँस) पनि चुँड्न हुँदैन भनेर उहिल्यै भनिसकेका थिए।

त्यसैले [आजभोलि पनि] एक्लो मान्छे रमाउँदैन। [अनि] उनले [प्रजापतिले] दोस्रोलाई [स्त्रीलाई] चाहे। उनी त्यत्रा भए जत्रा परस्पर आलिङ्गन गरेका स्त्री र पुरुष हुन्छन्। [अनि] प्रजापतिले यही शरीरलाई दुई भागमा विभाजित गरे। त्यसबाट पति र पत्नी भए। त्यस कारण [विवाहभन्दा अघि पुरुष] आफ्नो आधा फग्ल्याँटो[भाग]जस्तो हो। यस्तो कुरा याज्ञवल्क्यले भनेका थिए। तसर्थ पुरुषको यो आधा भाग [विवाहभन्दा अघि] शून्य छ। यो भाग [विवाहभन्दा पछि] स्त्रीले पूर्ण हुन्छ। प्रजापति ती स्त्रीसित संयुक्त भए [सहवास गरे]। त्यसबाट मनुष्यहरू जन्मिए।)

—का.वा.बृ.उ.१।४।३ (नेराप्रप्र.सं., पृ.४१); **मा.वा.शतपथब्राह्मण १४।४।२।४–५।**

१. **द्विधा कृत्वाऽऽत्मनो देहमर्धेन पुरुषोऽभवत्।**
अर्धेन नारी तस्यां स विराजमसृजत् प्रभुः॥—मनुस्मृति १।३२।

२. यसै ग्रन्थका 'पत्नी र पतिपत्नीसम्बन्ध' भन्ने प्रकरण (पृ.९२–) र अन्य प्रकरणहरू पनि (पृ.८७–९२, इत्यादि) हेर्नुहोस्।

३. **क्षेत्रभूता स्मृता नारी बीजभूतः स्मृतः पुमान्।**
क्षेत्रबीजसमायोगात् सम्भवः सर्वदेहिनाम्॥—मनुस्मृति ९।३३।

४. न्युजिल्यान्डमा सन् १८९३मा, अस्ट्रेलियामा सन् १९०२मा, फिन्ल्यान्डमा सन् १९०६मा, नर्वेमा सन् १९१३मा, (सोभियत) रूसमा सन् १९१७मा, क्यानडामा सन् १९१८मा, जर्मनी, अस्ट्रिया, पोल्यान्ड र चेकोस्लोभाकियामा सन् १९१९मा, संयुक्त राज्य अमेरिकामा र हङ्गेरीमा सन् १९२०मा, ग्रेट ब्रिटेन्मा (बेलायतमा) सन् १९१८मा र १९२८मा, बर्मामा (म्यान्मारमा) सन् १९२२मा तथा त्यसपछि विभिन्न सालमा अरू कतिपय राष्ट्रहरूमा (जस्तै– स्विजर्ल्यान्डमा सन् १९७१मा) पनि महिलालाई पुरुषसरह वा राष्ट्रिय तहमा मतदान गर्ने अधिकार दिइएको थियो (द्र.– **Encyclopaedia Britannica,** Deluxe Edition, 2003, CD-ROM, woman suffrage.)।

वैदिक धर्ममा स्त्रीको महत्त्व

सम्पूर्ण स्त्रीसमाजलाई चार वर्गमा विभक्त गर्न सकिन्छ। सर्वप्रथम माताका (आमाका) रूपमा, अनि भगिनी (दिदीबहिनी) र पुत्रीका (छोरीका) वा कन्याका रूपमा, अनि बुहारी(पुत्रवधू, भ्रातृवधू)का रूपमा र त्यसपछि पत्नीका रूपमा स्त्रीका विशेषतालाई केलाई वैदिक धर्ममा स्त्रीको महत्त्व देखाउन सकिन्छ।

माता (आमा)

माताका रूपमा स्त्रीको सर्वाधिक महत्त्व हुने देखिन्छ। आफ्ना गर्भमा राखेर कुनै पनि व्यक्तिलाई आकृति दिएर निर्माण गर्ने हुनाले आमालाई माता[१] (निर्मात्री) भनिएको हो। व्यक्तिलाई साकार रूप दिएर जन्माउने मात्र नभै आफ्नै शरीरको दूध चुसाएर हुर्काउने-बढाउने कार्यसमेत गर्ने स्त्रीको मातृरूपको महिमा वर्णनातीत छ। वेदका मन्त्रसंहिता र ब्राह्मणग्रन्थमा पनि माताको उल्लेख विभिन्न रूपमा गरिएको देखिन्छ। ऋग्वेद, यजुर्वेद र अथर्ववेदका धेरै ठाउँमा **"मातेव पुत्रम्"** (आमाले छोराछोरीलाई झैँ) भन्ने पदावलीको प्रयोग भएको देखिन्छ। त्यहाँ 'जसरी आमाले आफ्ना छोराछोरीलाई अत्यन्त स्नेहले काखमा लिन्छिन्, पालनपोषण गर्छिन्, सुख दिन्छिन्, त्यसरी नै...' इत्यादि भनिएको देखिन्छ[२]। आमाले झैँ अन्नपानी खुवाएर तथा बस्नका निम्ति शरण (आश्रय) दिएर पालनपोषण गर्ने हुनाले पृथ्वीलाई (जन्मभूमिलाई) पनि वेदमा माता भनिएको छ– **"माता भूमिः पुत्रो अहं पृथिव्याः"**[३] (जन्मभूमि माता हुन्, म पृथिवीको छोरो हुँ)। त्यसैले नेपाली समाजमा पनि **"जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी** (जन्म दिने आमा र जन्मभूमि स्वर्गभन्दा पनि ठूली वा गौरवपूर्ण हुन्)"[४] भन्ने उक्ति अत्यन्त प्रसिद्ध भएको देखिन्छ।

---

१. मातृशब्दको अपभ्रंश रूप 'माउ' भन्ने पद नेपाली भाषामा प्रचलित छ।

२. • मातेव पुत्रं बिभृतामुपस्थे।–ऋग्वेद ६।७५।६; मा.वा.शुक्लयजुर्वेदसंहिता २९।४१; इ.।
- मातेव पुत्रं पिपृतेह युक्ताः।–अथर्ववेद-संहिता ५।२६।५।
- मातेव पुत्रेभ्यो मृड।–अथर्ववेद-संहिता ६।३०।३।

३. शौनकीहरूको अथर्ववेदसंहिता (भूमिसूक्त) १२।१।१२।

४. यो उक्ति वाल्मीकि-रामायणको हो भन्ने धेरैले ठानेको देखिन्छ। **"अपि स्वर्णमयी लङ्का न मे लक्ष्मण रोचते** (हे लक्ष्मण, सुनैसुनले बनेको भए तापनि मलाई लङ्का प्रिय लाग्दैन)" भन्ने अघिल्ला श्लोकार्धकका आधारमा त्यस्तो ठानिएको हुन सक्छ। तर रामायणमा यो श्लोक भेटिँदैन। वाचस्पत्य भन्ने संस्कृतकोशमा 'जन्मभूमि' भन्ने शब्दमा यो उक्ति संस्कृतका अलङ्कारशास्त्रकार उद्भटको हो भनिएको छ।

वेदमा आमा, बाबु, आचार्य र अतिथिलाई[१] देवतासमान सम्मान गर्नुपर्छ भन्दा आमाको उल्लेख सर्वप्रथम गरिएको छ[२]। यसबाट संसारमा सबैभन्दा ठूली वा पूजनीय व्यक्ति माता नै हुन् भन्ने स्पष्ट हुन्छ। धर्मसूत्रहरूमा, स्मृतिहरूमा र पुराणहरूमा पनि माताको महत्त्व वा गौरवलाई व्यक्त गर्ने धेरै प्रसङ्ग आएका छन्। बाबु पतित (आचारभ्रष्ट) भएमा त्याग्नुपर्ने, तर आमा पतित भएमा पनि त्याग्न नहुने तथा बोलचाल नगरीकन भने पनि त्यस्ती आमाको भरणपोषण गर्नुपर्ने[३] भन्ने धर्मशास्त्रका व्यवस्थाबाट पनि आमाको महत्त्व र रक्षणीयता अत्यधिक भएको कुरा स्पष्ट हुन्छ। 'पिताभन्दा माता हजार गुना बढी गौरवपूर्ण हुन्छिन्'[४] भन्ने उक्तिले पनि आमाको महत्त्वलाई अरु स्पष्ट पारेको छ।

(क) भगिनी (दिदीबहिनी)

दिदीबहिनीको दाजुभाइसित स्नेहपूर्ण व्यवहार स्वाभाविक रूपले हुने कुरा वेदका मन्त्रहरूबाटै देखिन्छ। ऋग्वेदको एउटा ऋचामा (१।६५।७) आएको **"भ्रातेव स्वस्राम्"** भन्ने पदावलीको व्याख्या गर्दा सायणले 'दिदीबहिनीको हितकर (हित गर्ने) दाजुभाइ हुने'[५] कुरा बताएका छन्। त्यसै गरी **"जामिवदस्मे ते सन्तु सख्या शिवानि** (हाम्रो र तिम्रो मित्रता दाजुभाइ र दिदीबहिनीका बीचको मित्रताजस्तो कल्याणकारी होस्)" भन्ने (ऋग्वेद १०।२३।७) उक्तिले पनि दाजुभाइ र दिदीबहिनीका बीच परस्पर स्नेह प्राकृतिक रूपले नै हुने कुरालाई र विशेषतः दाजुभाइको दिदीबहिनीका प्रति हुने स्नेहपूर्ण बुद्धिलाई र व्यवहारलाई अभिव्यक्त गरेको छ। समाजमा पनि दिदीबहिनी र दाजुभाइको सम्बन्ध प्रायः सौहार्दपूर्ण नै रहेको देखिन्छ।

दिदीबहिनीलाई गृहस्थधर्म निर्वहण गर्न सजिलो होस् भनेर नै विवाहका बेलामा र त्यसभन्दा अघिपछिसमेत दाजुभाइहरूले पनि आफ्ना विवाहिता वा अविवाहिता दिदीबहिनीहरूलाई धनसम्पत्ति दिने कुरा हिन्दु विधिसंहिताहरूमा उल्लिखित देखिन्छ[६]। तसर्थ करबलले वा बाध्यताले आफ्ना क्षमताभन्दा बाहिर

---

१. अतिथि कस्ता व्यक्तिलाई भन्छन् र अतिथिको लक्षण कस्तो हुन्छ भन्ने कुरा **वैदिक धर्म मूल रूपमा** भन्ने ग्रन्थमा द्रष्टव्य छ (प्र.सं.२०४५, पृ.११९, द्वि.सं.२०६२, पृ.४३४–४३५)।

२. मातृदेवो भव, पितृदेवो भव, आचार्यदेवो भव, अतिथिदेवो भव।–तैत्तिरीय उप.१।११।२।

३. • पतितः पिता परित्याज्यो माता तु पुत्रे न पतति।–वासिष्ठ धर्मशास्त्र (ध.सू.) १३।४७।
   • पतितामपि तु मातरं बिभृयादनभिभाषमाणः।–बौधायन-धर्मसूत्र २।२(३)।४३।
   • पतिता गुरवस् त्याज्या माता च न कथञ्चन।
   गर्भधारण-पोषाभ्यां तेन माता गरीयसी॥–स्कन्दपुराण, माहेश्वरखण्ड २।६।१०७।

४. सहस्रं तु पितृन् माता गौरवेणाऽतिरिच्यते॥–मनुस्मृति २।१४५।

५. तत्र दृष्टान्तः, स्वस्रां स्वसृणां भ्रातेव, यथा भ्राताऽतिशयेन हितकरो भवति तद्वत्।–सायण।

६. यसै ग्रन्थका १४४(टि.३), १४५(टि.२,४,५), १४६(टि.५) पृष्ठहरू पनि हेर्नुहोस्।

गएर हैन, स्वेच्छाले प्रसन्नतापूर्वक आफ्ना शक्तिअनुसार आफ्ना छोरीबेटी र दिदीबहिनीलाई दाइजोका रूपमा धनसम्पत्ति दिने काम वैदिक धर्मको अनुकूल कार्य र उनीहरूप्रतिको स्नेहको तथा सहयोगी भावनाको अभिव्यक्तिसमेत हो। यसमा विकृति आउनुचाहिँ समाजमा धार्मिक भावना कमजोर हुँदै गएर अर्थकामपरायणता (धनका र मोजमजाका सुरमा मात्र चल्ने प्रवृत्ति) बढ्दै गएको चिह्न वा लक्षण हो[1]। मान्यजनप्रति सम्मान प्रकट गर्दा र स्नेहपात्रप्रति स्नेह प्रकट गर्दा पनि धनसम्पत्ति दिने जुन प्रचलन हाम्रा परम्परामा छ, त्यसको तात्पर्य त्यो धनसम्पत्ति पाउने व्यक्तिलाई आफ्नो धर्म र कर्तव्य पालन गर्न त्यस धनले सहयोग पुगोस् भन्ने हो। तसर्थ यस्तो प्रचलन धर्मको अनुकूल भएको मानिन्छ। धर्म र कर्तव्यप्रति वास्ता नगरीकन केवल धनसम्पत्ति कमाउन र त्यसबाट भौतिक सुखसुविधा मात्र बढाउन चाहने तथा त्यसैका आधारमा अनावश्यक तडकभडक गर्न खोज्ने प्रवृत्तिले चाहिँ समाजमा अनाचार, दुराचार, भ्रष्टाचार, शोषण, हिंसा इत्यादिलाई मात्र प्रोत्साहित गर्ने हुँदा त्यस्तो प्रवृत्ति भने वर्जनीय (त्याज्य) देखिन्छ।

(ख) कन्या वा छोरी

कन्या वा छोरीका विषयमा पनि वेदमा धेरै ठाउँमा उल्लेख पाइन्छ। एउटा ऋचामा[2] भुवनका केन्द्र स्वरूप आफ्ना बाबुआमाका काखमा रहेका द्युलोक र पृथिवीलोकलाई दुई दिदीबहिनीका रूपमा वर्णन गरिएको छ। जो दुई युवती आपसमा मिलेर भुवनको केन्द्रलाई स्पर्श गर्दै हिँड्दछन्, तिनले हामीलाई आपद्‌बाट रक्षा गरून् भन्ने भाव त्यहाँ व्यक्त गरिएको पाइन्छ। वैदिक वाङ्मयमा धेरै ठाउँमा छोराको कामना गरिएका प्रसङ्गहरू पाइन्छन्। तथापि कहीँकहीँ छोरीका सम्बन्धमा पनि त्यस्तो उल्लेख भेटिन्छ। शतपथब्राह्मणका (बृहदारण्यकोपनिषद्का) अन्त्यतिर उत्तम पुत्र जन्माउन चाहने व्यक्तिले गर्भाधानभन्दा अघि गर्नुपर्ने कर्मको (पुत्रमन्थकर्मको) निर्देश गर्दा 'यदि कसैले मेरी विदुषी छोरी जन्मियोस् र पूरा आयुसम्म बाँचोस् भन्ने चाहना राख्दछ भने उसका दम्पतीले तिलचामल पकाएर घिउसित मुछेर खाऊन्, उनीहरू त्यस्तै

---

१. विवाह, व्रतबन्ध इत्यादि महत्त्वपूर्ण वैदिक संस्कारहरूका शास्त्रीय विधिहरू घरायसी रूपमा पवित्रतापूर्वक जोसुकैले पनि आआफ्ना शक्ति, श्रद्धा र भक्तिअनुसार सजिलै सम्पन्न गर्न सक्छन्। संस्कार सम्पन्न गर्न श्रद्धा आवश्यक तत्त्व हो, विकृतिका रूपमा देखा पर्न थालेका तडकभडक, फूर्तीफार्ती र ठूला भोजभतेरचाहिँ अनावश्यक हुन् भन्ने कुरा बुझ्नुपर्छ। यस सन्दर्भमा गुरुकुलमा बसेर अध्ययन पूरा गर्ने धनी, मानी, राजा, महाराजा इत्यादिका छोराहरूले र अकिञ्चन ब्राह्मणका छोराहरूले समेत गुरुलाई गुरुदक्षिणा दिनै पर्ने भए पनि ती दुईथरी व्यक्तिले दिने गुरुदक्षिणाका स्वरूपमा र धनसम्पत्तिका परिमाणमा भने आकाशजमिनको अन्तर हुने गर्थ्यो भन्ने कुरा स्मरणीय छ।

२. सङ्गच्छमाने युवती समन्ते स्वसारा जामी पित्रोरुपस्थे।
अभिजिघ्रन्ती भुवनस्य नाभिं द्यावा रक्षतं पृथिवी नो अभ्वात्॥–ऋग्वेद १।१८५।५।

छोरीलाई जन्म दिन समर्थ हुन्छन्' भन्ने उल्लेख छ[1]। विवाहमा कन्याको पाणिग्रहण गर्दा (हात समाउँदा) छोरीको मात्र चाहना राख्नेले बूढीऔंलो नसमाएर अरू औंला मात्र समाउन पर्ने निर्देश गृह्यसूत्रहरूमा दिइएको छ[2]।

प्रजापतिद्वारा सञ्चालित सृष्टिचक्रलाई निरन्तरता दिन जति पुरुषको आवश्यकता हुन्छ, त्यति नै स्त्रीको पनि आवश्यकता हुने हुनाले र छोरा मात्रै जन्माएमा सृष्टिक्रम रोकिने हुनाले ईश्वरको सृष्टिचक्र चलोस् भन्ने वैदिक धर्मले छोरालाई मात्र महत्त्व दिएको, छोरीलाई नदिएको भन्ने मान्न मिल्दैन[3]। त्यसैले पनि होला हाम्रा परम्परामा शुद्ध कुमारी कन्यालाई पवित्र मानेर शुभकर्महरूमा अग्रसर गराउने र दक्षिणा दिएर सत्कार गर्ने गरिन्छ। सती साध्वी पाँच जना आदर्श नारीलाई विवाहितै भए पनि हिन्दुपरम्परामा पञ्चकन्या[4] मान्ने र उनीहरूलाई सम्मान गर्ने प्रचलन छ। बाबुले आफ्ना छोरालाई आफ्नो आत्मा वा आफू नै मान्ने कुरा **"आत्मा वै पुत्रनामाऽसि"** भन्ने वेदवाक्यबाट (शतपथ ब्रा.१४।९।४।२६, इ.) बुझिन्छ तापनि यसै वाक्यका पुत्रशब्दबाट गौण रूपमा पुत्रीको पनि बोध हुन सक्ने हुनाले छोरीलाई पनि आफ्नै आत्मा मान्न सकिने व्याख्या गरिएको पनि देखिन्छ। चारित्रिक रूपले शुद्ध कन्याबाट नै असल सन्तान जन्मन सक्ने र त्यसैबाट वंश शुद्ध हुने हुनाले वैदिक धर्मले पुरुषको चारित्रिक शुद्धताका साथै कन्याहरूको चारित्रिक शुद्धतालाई अत्यन्त महत्त्व दिएको देखिन्छ।

कन्यादानको महत्त्व

योग्य गुणवान् वरलाई कन्यादान दिने कुराको शास्त्रमा धेरै महिमा गाइएको छ। सृष्टिचक्र चलाउन यस कार्यको व्यावहारिक महत्त्व पनि सर्वविदितै छ। कन्यादानभित्र अन्तर्निहित गूढ भावना र त्यस कार्यको महत्त्व नबुझ्नाले तथा पतिपत्नीसम्बन्धलाई केवल भौतिकवादी दृष्टिकोणले मात्रै हेर्ने एकाङ्गी दृष्टिकोण

---

१. अथ य इच्छेद् दुहिता मे पण्डिता जायेत सर्वमायुरियादिति तिलौदनं पाचयित्वा सर्पिष्मन्तमश्नीयातामीश्वरौ जनयितवै।–का.वा.बृ.उ. ६।४।१७; मा.वा.श.ब्रा.१४।९।४।१६।

२. • अङ्गुलीरेव स्त्रीकामः।–आश्वलायन-गृह्यसूत्र १।७।४।
• यदि कामयेत स्त्रीरेव जनयेयमित्यङ्गुलीरेव गृह्णीयात्।–आपस्तम्बगृह्यसूत्र (२)।४।१२।
• यदि कामयेत स्त्रीरित्यङ्गुलीः।–हिरण्यकेशि गृ.सू. (सत्याषाढ गृ.सू. [श्रौ.सू.])१९।६।७।

३. यो कुरा अगाडिका प्रसङ्गबाट (पृ.९१–९७, ९९–१०४) अरू स्पष्टसँग अभिव्यक्त हुन्छ।

४. गौतम ऋषिकी पत्नी अहल्या, पञ्चपाण्डवकी (युधिष्ठिर, भीम, अर्जुन, सहदेव र नकुलकी) पत्नी द्रौपदी, वानरहरूका राजा वालीकी पत्नी तारा, राजा पाण्डुकी पत्नी कुन्ती र लङ्काका अधिपति (राजा) रावणकी पत्नी मन्दोदरीलाई पञ्चकन्या भन्दछन्। यी पञ्चकन्याको नाम स्मरण गर्नाले पाप नाश हुन्छ भन्ने कुनै पौराणिक श्लोक भेटिन्छ–
अहल्या द्रौपदी तारा कुन्ती मन्दोदरी तथा।
पञ्च कन्याः स्मरेन् नित्यं महापातकनाशनम्॥

बढ्नाले[1] आजभोलि हिन्दु समाजका कतिपय आधुनिक विचारकहरूले कन्यादानलाई अन्यथा लिन थालेको देखिन्छ। त्यो कुरा उचित हैन। भौतिकवादी दृष्टिबाट मात्र लोककल्याणकारी राष्ट्रव्यवस्था र समाजव्यवस्था चल्न नसक्ने हुँदा लोकको दिगो कल्याणका निम्ति धार्मिक, आध्यात्मिक र नैतिक पक्षलाई समेत समेटेर हिन्दु धर्मशास्त्रमा विविध व्यवस्था गरिएको हो। कन्यादानभित्र अन्तर्निहित धार्मिक-आध्यात्मिक भावनाले पारिवारिक संरचनामा पवित्रता र दृढता ल्याउन सक्ने देखिन्छ। साथै यसले विवाह-विच्छेदतिर उन्मुख गराउन सक्ने स्त्रीपुरुषका गलत भावनालाई हटाउन सहायता पनि पुऱ्याउन सक्ने देखिन्छ। यसबाट पतिपत्नीलाई, समाजलाई र अन्ततः राष्ट्रलाई पनि भौतिक लाभसमेत हुन्छ। मन लागे सँगै बस्ने, मन नलागे छुट्टिने पश्चिमी संस्कृतिलाई निरन्तरता दिँदा हुने ठूलो हानिबाट आजभोलि पश्चिमी समाज नै आत्तिइसकेको परिप्रेक्ष्यमा हामीले हाम्रा परमकल्याणकारी परम्परालाई अरू सुदृढ गर्नुको सट्टा बदल्ने चेष्टा गर्ने हो भने त्यस्तो काम आफ्ना खुट्टामा आफैँले बन्चरो हानेजस्तो हुन जान्छ। तसर्थ यस्ता विषयमा हामी सबै बेलैमा सावधान हुनुपर्ने देखिन्छ।

बुहारी (पुत्रवधू, भ्रातृवधू)

बुहारीमाथि सासू-ससुरा, देवर-जेठाजु र नन्द-अमाजूहरूले थिचोमिचो गर्ने प्रवृत्ति हिन्दुधर्मले ल्याएको हो भन्ने धेरैलाई भ्रम छ। किन्तु वैदिक (हिन्दु) धर्मशास्त्रमा बुहारीले सासू-ससुराहरू मान्यजनको सेवा-शुश्रूषा र सम्मान गर्नुपर्ने निर्देश भए पनि ऊ उनीरूका अगाडि दासीका रूपमा वा दीनहीन व्यक्तिका रूपमा हैन, गृहलक्ष्मीका रूपमा आदरणीय भएर रहने कुरा विभिन्न वैदिक मन्त्रले र धर्मशास्त्रीय वचनले पनि देखाएका छन्। जस्तै—

सम्राज्ञी श्वशुरे भव सम्राज्ञी श्वश्र्वां भव।
ननान्दरि सम्राज्ञी भव सम्राज्ञी अधि देवृषु॥

—ऋग्वेद १०।८५।४६, छान्दोग्य-ब्राह्मण १।२।२०, इत्यादि।

(हे वधू, तिमी ससुराका सामु राम्ररी विराजमान (दीप्तिमती) होऊ, तिमी सासूका सामु राम्ररी विराजमान होऊ, तिमी नन्दका सामु राम्ररी विराजमान होऊ, तिमी देवरहरूका सामु राम्ररी विराजमान होऊ; [तिमी आफ्ना घरमा सबैका अघिल्तिर दीप्तियुक्त, स्नेहपात्र, आदरणीय र अपरिहार्य सहयोगिनी भएर रहू।])

मनुस्मृतिले पनि पत्नी, छोरी र बुहारीलाई सधैँ प्रसन्न राख्नुपर्ने र उनीहरूलाई आदरसत्कार गर्नुपर्ने तथा उनीहरू प्रफुल्ल हुँदा कुलै (वंशै) उज्यालो हुने र उनीहरू शोकग्रस्त हुँदा कुलै नष्ट हुने इत्यादि कुराहरू बताएको छ[2]।

---

१. यसै ग्रन्थको 'विवाहसम्बन्धी हिन्दु अवधारणा' भन्ने प्रकरण (पृ.६९–७०) पनि हेरेपछि यो विषय अरू राम्ररी हृदयङ्गम हुन सक्ला।

२. मनुस्मृतिका यस्ता वचनहरू र तिनका नेपाली अनुवाद यसै ग्रन्थका परिशिष्टमा (पृ.१९७–१९८) दिइएका छन्।

शुक्रनीतिमा पनि बुहारीलाई च्वास्स बिझ्ने दुर्वचनले पीडित गर्न हुँदैन भनिएको छ। साथै त्यहाँ छोरीलाई भन्दा पनि बढी आदर गरेर बुहारीको पालनपोषण गर्नुपर्छ पनि भनिएको छ[1]। यसरी वैदिक धर्ममा बुहारीहरूको धेरै महत्त्वपूर्ण र आदरणीय स्थान रहेको कुरा देखिन्छ। तसर्थ वैदिक धर्मको मर्म र यथार्थ स्वरूप नबुझेका व्यक्तिले वा वैदिक धर्मका विरोधीहरूले मात्र प्रस्तुत सन्दर्भमा यसको आलोचना गर्ने गरेका हुन् भन्ने देखिन्छ।

पत्नी र पतिपत्नीसम्बन्ध

पत्नी शब्द पति शब्दकै स्त्रीलिङ्गी रूप हो। त्यसैले 'गृहपति' भन्दा 'घरका मालिक' भन्ने बुझिएजस्तै 'गृहपत्नी' भन्दा पनि 'घरकी मालिक्नी' भन्ने बुझिन्छ। पत्नीलाई बुझाउने भार्या, जाया, सहधर्मिणी, गृहिणी[2] इत्यादि धेरै शब्दहरू संस्कृत भाषामा प्रयुक्त भएका देखिन्छन्। स्त्रीका विभिन्न रूपमध्ये पत्नीरूपको वैदिक वाङ्मयमा व्यापक रूपले चर्चा गरिएको पाइन्छ।

ऋग्वेदका धेरै स्थानमा पत्नीको उल्लेख भेटिन्छ। त्यहाँ पतिलाई पत्नीको इच्छा गर्ने र पत्नीलाई पनि पतिको इच्छा गर्ने परस्पर अनुरागीका रूपमा पनि उल्लेख गरिएको छ[3]। पत्नी नै घरकी मालिक्नी हुने, पवित्र नारी पतिकी प्यारी हुने, युवती स्त्रीले युवक पति चाहने इत्यादि धेरै कुरा ऋग्वेदमा वर्णित छन्।

वैदिक धर्मअनुसार धर्मविवाहद्वारा संयुक्त भएका पति र पत्नी सर्वथा फरकफरक व्यक्ति मानिँदैनन्[4]। अपि तु प्रजापतिद्वारा सञ्चालित प्रजननयज्ञलाई प्रवर्तन गर्ने एक-अर्काका पूरक अङ्ग वा तत्त्व मानिन्छन्। त्यसैले नै पतिपत्नीलाई एक रथका दुई पाङ्ग्रासित तुलना पनि गर्ने गरिन्छ। गृहस्थधर्मको पालन गर्न पतिपत्नीको साहचर्य (सँगसँगै मिलेर सम्पूर्ण कार्य गर्ने प्रवृत्ति) आवश्यक मानिन्छ। तसर्थ पति र पत्नी दुवै जनाको आचार, विचार, संस्कार, प्रवृत्ति इत्यादि सबै कुरा एकै प्रकारको हुन आवश्यक देखिन्छ। वैदिक विवाहमा प्रयोग हुने मन्त्रहरूमा[5]

---

१. यसै ग्रन्थको परिशिष्टमा (पृ.१९७) हेर्नुहोस्।

२. पतिद्वारा भरणीया [भरण (पोषण) गर्नुपर्ने] हुनाले भार्या, पति नै पुनः पुत्रका रूपमा पत्नीबाट जन्मने हुनाले जाया, पतिसँग मिलेर धर्मकर्म गर्ने हुनाले सहधर्मिणी, घरकी (गृहकी) मालिक्नी हुनाले गृहिणी इत्यादि विभिन्न शब्दहरू विविध अर्थमा पत्नीका वाचक शब्दहरू हुन्। यी शब्दहरूले व्युत्पत्तिअनुसार विभिन्न प्रकारका पत्नीलाई बुझाउँदछन् भन्ने कसैको धारणा देखिन्छ। किन्तु त्यस्तो धारणा ठीक हैन। यी सबै शब्दले मुख्य रूपमा धर्मपत्नीलाई नै बुझाउँदछन्। पत्नीको वर्गीकरण गर्ने र तदनुसार प्रयुक्त हुने यी शब्द हैनन्।

३. पतिं न पत्नीरुशतीरुशन्तं स्पृशन्ति त्वा शवसावन् मनीषाः।–ऋग्वेदसंहिता १।६२।११।

४. यसै ग्रन्थको 'विवाहसम्बन्धी हिन्दु अवधारणा' भन्ने प्रकरण (पृ.६९–७०) पनि हेर्नुहोस्।

५. • यसै ग्रन्थका परिशिष्टमा (पृ.१९८–२००) पनि केही मन्त्रहरू अनुवादसहित प्रस्तुत छन्।
• द्र.– वैदिक-मन्त्र-सङ्ग्रह, स्वाद्ध्यायशाला, वि.सं.२०५२, मन्त्रसङ्ख्या ६२१–७२५।

यस्तै आकाङ्क्षा र भाव व्यक्त गरिएको पाइन्छ। यस्तो भएमा नै दाम्पत्यजीवन सुखमय हुनुका साथै सन्ततिहरू पनि असल हुन सक्छन्। त्यसैले वैदिक मन्त्रहरूमा पतिकी अनुगामिनी पतिव्रता नारीहरूको चर्चा धेरै स्थानमा गरिएको पाइन्छ[१]।

गृहस्थधर्मको परम्परा चलाउनका निम्ति धर्म्य (धर्मको अनुकूल) सन्तति जन्माउन पर्ने शास्त्रीय निर्देश छ। त्यसका लागि पति र पत्नीको साहचर्य (साथ) अत्यावश्यक भएकाले पत्नीविनाका पुरुषलाई अपूर्ण वा आधा मात्र मान्ने वैदिक सिद्धान्त छ[२]। वैदिक परम्परामा स्त्रीलाई पुरुष र पुरुषलाई स्त्री पनि धर्म, अर्थ र काम यी तीन पुरुषार्थ सिद्ध गर्नका निम्ति आवश्यक मानिन्छन्। मोक्ष प्राप्त गर्न यी दुईको परस्पर साहचर्य आवश्यक हुँदैन। तथापि स्त्रीपुरुषका सम्बन्धबाट चल्ने आदर्श गृहस्थधर्मबाट पनि मोक्ष प्राप्त हुन भने सक्ने नै देखिन्छ[३]। पत्नी नभएको पुरुष यज्ञ गर्न वा अरू गृहस्थधर्मकर्म गर्न पनि मुख्य रूपमा अयोग्य मानिन्छ[४]।

सन्तानका निम्ति, धर्मकार्यका निम्ति, परस्पर सहयोगका निम्ति, उत्तम तथा निरापद रतिका निम्ति र आफ्नो तथा पितृको स्वर्गप्राप्तिका निम्ति पनि पतिपत्नीको साहचर्य आवश्यक हुन्छ[५]। वेदले नै पनि पत्नीलाई पतिकी मित्र र सखा (साथी) मानेको छ[६]। अन्यत्र पनि त्यस्तो उल्लेख भेटिन्छ[७]। पति र पत्नीका

---

१. पतिव्रताधर्मको चर्चा छुट्टै प्रकरणमा अगाडि गरिएको छ (पृ.१२४)।

२. • अर्धो ह वा एष आत्मनो यज् जाया तस्माद् यावज् जायां न विन्दते नैव तावत् प्रजायतेऽसर्वो हि तावद् भवति।—मा.वा.शतपथब्राह्मण ५।२।१।१०।

• द्र.– तैत्तिरीय-संहिता ६।१।८।५, मा.वा.शतपथ-ब्राह्मण ८।६।१।१२, ८।७।२।३, १०।५।२।८; ताण्डि(ताण्ड्य)-ब्राह्मण ७।१०।१; तैत्तिरीय-ब्राह्मण २।२।२।६।

• यावन् न विन्दते जायां तावदर्द्धो(र्धो) भवेत् पुमान्।
नाऽर्द्धं(र्धं) प्रजायते सर्वं प्रजायेतेत्यपि श्रुतिः॥—व्यास.२।१४ (स्मृतिसन्.–३, पृ.१६२६)।

• यसै ग्रन्थका ८५–८६, १७४(टि.३), १७६(टि.१) पृष्ठहरू पनि हेर्नुहोस्।

३. द्र.– वैदिक धर्म मूल रूपमा, द्वि.सं.२०६२, पृ.३६६।

४. • अयज्ञो वा एषः। योऽपत्नीकः। न प्रजाः प्रजायेरन्।—तैत्तिरीयब्राह्मण २।२।२।६, ३।३।३।१।

• यसै ग्रन्थको १७६औं पृष्ठको दोस्रो टिप्पणी पनि हेर्नुहोस्।

५. अपत्यं धर्मकार्याणि शुश्रूषा रतिरुत्तमा।
दाराधीनस् तथा स्वर्गः पितॄणामात्मनश् च ह॥—मनुस्मृति ९।२८।

६. • पत्नी हि सर्वस्य मित्रम्।—तैत्तिरीय-संहिता ६।२।९।२।

• सखा ह जाया।—ऐतरेयि(ऐतरेय)ब्राह्मण ३३।१।

७. • सखे सप्तपदा भव (विवाहमा दुलहीलाई सप्तपदीप्रक्रमण गराउँदा [सात पाइला हिँडाउँदा] पढिने मन्त्र)।—पारस्करगृह्यसूत्र १।८।१।

• अर्धं भार्या मनुष्यस्य भार्या श्रेष्ठतमः सखा।—महाभारत, आदिपर्व ७४।४१।

सम्बन्धमा आठौँ शताब्दीतिरका संस्कृतका प्रसिद्ध नाटककार महाकवि भवभूतिद्वारा कामन्दकीका मुखबाट व्यक्त गराइएको अत्यन्त हृदयस्पर्शी अभिव्यक्तिले वैदिक धर्मशास्त्रमा प्रतिपादित पतिपत्नीसम्बन्धको आदर्श दृष्टिकोणलाई राम्ररी प्रस्तुत गरेको देखिन्छ–

प्रेयो मित्रं बन्धुता वा समग्रा सर्वे कामाः शेवधिर् जीवितं वा।
स्त्रीणां भर्ता धर्मदाराश् च पुंसामित्यन्योन्यं वत्सयोर् ज्ञातमस्तु॥

–(मालतीमाधव [संस्कृतनाटक] ६।१८)

(स्त्रीका निम्ति पति र पुरुषका निम्ति धर्मपत्नी प्रियतम [सबैभन्दा प्यारो] मित्र, बन्धुहरूको पुञ्ज [समूह], सम्पूर्ण काम्य [अभिलाषा गरिएका] वस्तुहरूको राशि, सम्पूर्ण सम्पत्तिको निधि [खजाना] र जीवन [जीवनको आधार] पनि हो भन्ने कुरा नानीबाबु [मालती र माधव] तिमीहरू दुईलाई परस्परमा ज्ञात होस्।)

उपर्युक्त वैदिक धर्मानुकूल पद्यले पति र पत्नीका परस्पर सम्बन्धमा जुन दृष्टिकोण प्रस्तुत गरेको छ, त्यसबाट वैदिक धर्मशास्त्रले पुरुषलाई वा पतिलाई स्त्रीप्रति वा पत्नीप्रति अन्यायपूर्ण थिचोमिचो गर्न छुट दिएको छ भन्ने कतिपय आधुनिक व्यक्तिले वैदिक धर्मशास्त्रप्रति लगाउने गरेको आरोप मिथ्या (झूटो वा भ्रमपूर्ण) भएको कुरा प्रमाणित हुन्छ[1]। त्यसैले हिन्दु परम्पराले पत्नीलाई दासीका रूपमा हेरेको भन्ने भनाइ पनि वस्तुस्थितिको विपरीत देखिन्छ।

पत्नीवाचक जायाशब्दको व्युत्पत्ति र अर्थ

पत्नीमा गर्भका रूपमा प्रवेश गरेर पुत्रका रूपमा पतिको पुनर्जन्म हुन्छ भन्ने वैदिक सिद्धान्तले कुनै अवस्थामा त पतिले धर्मपत्नीलाई माताका रूपमा पनि हेर्ने कुरा स्पष्ट पारेको छ। पत्नीको पर्यायवाची शब्द 'जाया'को व्युत्पत्ति देखाउँदै ऐतरेयि(ऐतरेय)ब्राह्मणमा यस्तो भनिएको छ–

पतिर् जायां प्रविशति गर्भो भूत्वा स मातरम्।
तस्यां पुनर् नवो भूत्वा दशमे मासि जायते।
तज् जाया जाया भवति यदस्यां जायते पुनः॥–(ऐतरेय ब्रा.३३।१)

(गर्भको रूप लिएर पति माताको रूप लिएकी पत्नीमा प्रवेश गर्छ। फेरि त्यहाँ नयाँ स्वरूप ग्रहण गरेर दशौँ महिनामा जन्मन्छ। पति नै फेरि पत्नीबाट जन्मने हुनाले पत्नीलाई जाया भनिएको हो।)

---

१. यस विषयको विस्तृत विवेचना 'नारीका विषयमा वैदिक शास्त्रीय वस्तुस्थिति (मोदनाथ प्रश्रितजीका लेखको पर्यालोचन)' भन्ने लेखमा गरिएको छ (आमोदवर्धन कौण्डिन्न्यायन, उन्नयन त्रैमासिक, काठमाडौँ, अङ्क ५५, २०६२)। यस विषयको विवेचनाका निम्ति 'ऋग्वेदमा नारी जातिकै निन्दा गरिएको छ त?' भन्ने शीर्षकको लेख (शिवराज आचार्य कौण्डिन्न्यायन, गोरखापत्र, २०४७।१२।९।७ [शनिवासरीय] पनि पठनीय देखिन्छ।

मनुस्मृतिमा[१] र महाभारतमा[२] पनि यस्तै वर्णन पाइन्छ। पुत्रवती धर्मपत्नीलाई पतिले मातालाई झैँ आदरपूर्ण दृष्टिले हेर्न आवश्यक छ भन्ने कुरासमेत महाभारतमा आएको छ[३]।

गृहिणीको अर्थ र महत्त्व

विवाह भएका पत्नीसहितका व्यक्तिलाई पत्नीकै आधारमा गृहस्थ (गृहमा=पत्नीमा रहने) भनिएको हो। वेदमा पनि 'पत्नी नै घर हो'[४] भनिएको छ। तसर्थ वैदिक धर्मशास्त्रमा ढुङ्गामाटाका घरलाई घर नमानेर पत्नीलाई नै घर मान्ने कुरा गरिएको देखिन्छ। त्यसैले नेपाली समाजमा पनि विवाह गर्नुलाई घरजम गर्नु भन्ने गरिएको छ। यस सम्बन्धमा महाभारतका तल लेखिएका वचनहरू विशेष मननीय छन्–

न गृहं गृहमित्याहुर् गृहिणी गृहमुच्यते।
गृहं तु गृहिणीहीनमरण्यसदृशं मतम्॥–(शान्तिपर्व १४४।६)

(वास्तवमा गृहलाई [घरलाई] गृह भनिँदैन, गृहिणीलाई [पत्नीलाई] गृह भनिन्छ, गृहिणी नभएको गृह त वनजस्तै हो।)

वृक्षमूलेऽपि दयिता यस्य तिष्ठति तद् गृहम्।
प्रासादोऽपि तया हीनः कान्तार इति निश्चितम्॥–(शान्ति.१४४।१२)

(रूखमुनि पनि जसकी दयिता [पत्नी] रहन्छे, त्यो घर हो। दयिता नभएको विशाल भवन [दर्बार] पनि वन हो भन्ने कुरा निश्चित छ।)

पत्नी सम्पूर्ण गृहसामग्रीकी मालिक्नी हुने वेदले बताएको व्यवस्थाले[५] पनि उक्त कुरालाई नै पुष्टि गर्दछ। पत्नी नभएका पुरुषलाई अथवा पत्नी भएकै भए पनि पत्नी साथमा नलिएका पुरुषलाई यज्ञयागादि गृहस्थधर्मकर्म गर्ने र

---

१. पतिर् भार्यां सम्प्रविश्य गर्भो भूत्वेह जायते।
जायायास् तद् धि जायात्वं यदस्यां जायते पुनः॥–मनुस्मृति ९।८।

२. भार्यां पतिः सम्प्रविश्य स यस्माज् जायते पुनः।
जायायास् तद् धि जायात्वं पौराणाः कवयो विदुः॥–महाभारत, आदिपर्व ७४।३७।

३. आत्माऽऽत्मनैव जनितः पुत्र इत्युच्यते बुधैः।
तस्माद् भार्यां पतिः पश्येन् मातृवत् पुत्रमातरम्॥–महाभारत, आदिपर्व ७४।४८।
(आफैँले जन्माएको आफू विद्वान्हरूबाट पुत्र [छोरो] भनिन्छ। त्यसैले पुत्रकी माता [आमा] भएकी [पुत्रवती] धर्मपत्नीलाई पतिले आफ्नै मातालाई झैँ हेरोस्।)

४. जायेदस्तम् (जाया=पत्नी, इत्=एव, अस्तम्=गृहम्, अस्यन्ते क्षिप्यन्ते पदार्था अत्र इति अस्तम्=गृहम्)।–ऋग्वेदसंहिता ३।५३।४।

५. पत्नी हि (वै) पारीणह्यस्येशे।–तैत्तिरीयसंहिता ६।२।१।१, मैत्रायणीयसंहिता ३।७।९, इ.।

तीर्थव्रत गर्ने अधिकार सामान्यतया हुँदैन। त्यसै गरी पत्नीले पनि पतिका साथमा रहेर नै धर्मकर्म र तीर्थव्रत गर्नुपर्ने व्यवस्था छ[१]।

धर्मपत्नीको पालनपोषण

पतिव्रता (सती)[२] र धर्मशीला विवाहिता पत्नीलाई जसले त्याग गर्छ, त्यसले सधैँ नरकको वैतरणी नदीमा वास गर्नुपर्छ[३]; पत्नी आफ्ना इच्छाले पाइने होइन, देवताले दिएर मात्र पाइने हो, त्यसैले देवतालाई खुसी पार्न पनि आफ्नी धर्मपत्नीलाई राम्रो व्यवहार गरेर भरणपोषण गर्नुपर्छ[४]; धर्म, अर्थ र काम पुरुषार्थका त्रिवर्गको गह्रुङ्गो भार वहन गर्न एक्लैले सकिँदैन, त्यसैले स्वच्छन्द भएर होइन, शास्त्रको निर्देश पालन गरेर सधैँ पत्नीको भरणपोषण गर्नुपर्छ[५] इत्यादि भनेर शास्त्रले धर्मपत्नीप्रति राम्रो व्यवहार गर्न पतिहरूलाई सम्झाएको देखिन्छ।

गृहस्थधर्मको अत्यन्त महत्त्वपूर्ण र ठूलो भार उठाउन तयार भएर वधूवर धर्मविवाहका बन्धनमा बाँधिने हुनाले विवाहका अवसरमा तिनको साह्रै ठूलो सम्मान पनि गर्ने गरिन्छ। तिनलाई गृहस्थधर्म पालन गर्न सहयोग पुऱ्याउने उद्देश्यले नै त्यति बेला आफ्नो गच्छेअनुसार लुगाफाटा, गरगहना, धनदौलत, घरखेत इत्यादि द्रव्यहरू उपहारका रूपमा दिने गरिन्छ। धर्मविवाहमा संलग्न वधूलाई (दुलहीलाई) राजाले र स्नातकले पनि सम्मान गरेर बाटो छाड्न पर्छ भन्ने व्यवस्था धर्मशास्त्रले गरेको छ[६]। धर्मविवाहका वरयात्रामा (जन्तीमा) सम्मिलित

---

१. यसै ग्रन्थको १७६औँ पृष्ठको दोस्रो टिप्पणी हेर्नुहोस्।

२. वैदिक धर्मशास्त्रले पतिव्रता सती साध्वी नारीलाई देवतातुल्य मानेको छ। धर्मराजले (यमराजले) पनि सती सावित्रीसित हार खानुपरेको सत्यवान् र सावित्रीको पौराणिक आख्यानले पनि यही कुरा पुष्ट गर्दछ। सती स्त्रीमा दैवी शक्ति हुने र त्यस्ती स्त्रीलाई अनादर गर्दा वा दुःख दिँदा अनिष्ट आइलाग्ने भन्ने वैदिक धर्मशास्त्रले मानेको सिद्धान्त नेपाली समाजमा पनि मान्य देखिन्छ। पतिव्रताका धर्मका विषयमा अगाडि छुट्टै चर्चा गरिएको छ (पृ.१२४)।

३. पतिव्रतां साधुशीलामूढां धर्मेषु निश्चलाम्।
परित्यजन्ति ये मूढास्तेषां वासस्तु सन्ततम्॥–गरुडपुराण, प्रेतकल्प ४७।१० (पृ.४७१)।

४. देवदत्तां पतिर् भार्यां विन्दते नेच्छयाऽऽत्मनः।
तां साध्वीं बिभृयात् नित्यं देवानां प्रियमाचरन्॥–मनुस्मृति ९।९५।

५. गुर्वी सा भूस् (धूस्?) त्रिवर्गस्य वोढुं नाऽन्येन (नैकेन?) शक्यते।
यतस् ततोऽन्वहं भूत्वा(ऽ?)स्ववशो बिभृयाच् च ताम्॥
–(वेद)व्यासस्मृति २।१५ (स्मृतिसन्दर्भ–३, पृ.१६३६)।

६. स्थविर-बाला-ऽऽतुर-भारिक-स्त्री-चक्रीवतां पन्थाः समागमे परस्मैपरस्मै देयः, राजस्नातकयोः समागमे राज्ञा स्नातकाय देयः, *सर्वैरेव वध्वा उह्यमानायै*।
–वासिष्ठ धर्मशास्त्र (वसिष्ठ-धर्मसूत्र) १३।५८–६०।

हुँदा राजा नै पनि वरको पछि हिँड्ने, अगाडि नहिँड्ने हिन्दुहरूका परम्पराले[१] पनि गृहस्थधर्मको भार बोक्न तत्पर भएर धर्मविवाहमा प्रवृत्त हुनु कतिसम्म सम्मानित कुरा मानिएको रहेछ भन्ने कुरालाई स्पष्ट पारेको देखिन्छ।

आधुनिक दृष्टिमा स्त्रीपुरुषसम्बन्ध

आजभोलि विवाहलाई केवल पुरुष र स्त्रीका भौतिक आवश्यकता पूर्ति गर्ने माध्यमका रूपमा मात्र हेर्ने तथाकथित आधुनिक दृष्टिकोण क्रमशः प्रचारित हुँदै गएकाले तथा उपर्युक्त प्रकारको आदर्श धार्मिक भावनाको चर्चा नहुनाले त्यस्तो भावना समाजबाट हराउँदै गएकाले समेत पतिपत्नीसम्बन्धमा शिथिलता आएको देखिन्छ। यसबाट आफ्नी पत्नीलाई छोडेर अर्की स्वास्नी ल्याउने र आफ्ना पतिलाई छोडेर परपुरुषसित पोइल जाने तथा परस्परमा कटुता उत्पन्न भएर विवाह विच्छिन्न हुने अवस्थामा पुग्नेजस्ता विकराल सामाजिक समस्यासमेत हिन्दु समाजमै पनि बढ्दै गएको देखिन्छ। यस्ता प्रवृत्तिले धर्मभावनाको विनाश हुने मात्र होइन, आधुनिक, भौतिकवादी र विकासवादी भनिएका व्यक्तिले खोजेको भौतिक सुखसुविधामा पनि ठूलो अवरोध आउने देखिन्छ। अनियन्त्रित खुला यौनव्यवहार भएका वा यौनस्वतन्त्रताका पक्षमा वकालत गर्ने पश्चिमी समाजका अनुचित प्रभावमा आएर यौनशिक्षाका नाममा हाम्रा धर्म, संस्कृति र परम्पराका उच्च नैतिक मूल्यमान्यता र परम कल्याणकारी संस्कारलाई परिवर्तन गर्न खोज्दा[२] अन्ततोगत्वा समाजलाई हानि पुग्न जाने अवस्था आउँदै गरेको प्रत्यक्ष

---

१. राजाऽनुगतविवाहप्रवृत्तभृत्यवत् (जसरी राजा विवाहमा वरका रूपमा प्रस्तुत आफ्नै सेवकका पनि पछि लाग्छन्, त्यसरी नै...)।—काव्यप्रकाश ४।३५ (वृत्तिभाग, पृ.१३५)।

२. • सर्वोच्च अदालतले पनि यस्तै कार्यलाई मान्यता दिएको छ। त्यहाँका न्यायाधीशहरूले एउटा रिटका सम्बन्धमा दिएका उत्प्रेषणका आदेशमा नेपाली समाजमा स्वीकृत नमानिएको अनैतिक खुला यौनव्यवहारलाई आधुनिक स्त्रीपुरुषसम्बन्धका रूपमा स्वीकृत मानिएझैँ गरेर बोलेको देखिन्छ (द्र.– यसै ग्रन्थको पृ.७०, टि.१)।

• मुलुकी ऐनमा गरिएको एघारौँ संशोधनले (२०५९) पनि अर्काकी स्वास्नीसित उसका सहमतिले करणी गरेमा जारी गरेको नठहर्ने, स्वास्नी बनाउन लगेपछि मात्र जारी गरेको ठहर्ने नयाँ व्यवस्था गरेर अनैतिक यौनसम्बन्धलाई अप्रत्यक्ष रूपमा मान्यता दिएको देखिन्छ। एघारौँ संशोधन हुनुभन्दा अघिको र पछिको मुलुकी ऐनको जारीको महलको १ नं.को व्यवस्थालाई र त्यहाँ प्रयुक्त वाक्यांशलाई तुलना गरेर हेर्दा उक्त कुरा देखिन्छ। "अर्काकी स्वास्नी हो भन्ने कुरा जानी जानी वा सो थाहा पाउने मनासिव कारण भई कसैले त्यस्तो स्वास्नी मानिसलाई *(निजको मन्जूरीले करणी गरेमा वा)* स्वास्नी बनाउन *(भगाई)* लगेमा जारी गरेको ठहर्छ" भन्ने जारीको १ नं.को व्यवस्थामा कोष्ठकमा दिइएको अंश एघारौँ संशोधनले झिकेकाले उक्त कुरा देखिन आएको हो। मुलुकी ऐनको एघारौँ संशोधनले मुलुकी ऐनका विभिन्न महलहरूमा गरेका संशोधनले विविध प्रकारका अनैतिक यौनसम्बन्धलाई मान्यता दिएको देखिन्छ। यस विषयको राम्रोसँग विवेचना गर्न मुलुकी ऐनका तल लेखिएका महलका

नै देखिन थालेको छ। साँच्चैको हिन्दुपरम्पराको अनुकूल यौनशिक्षा दिने हो भने ब्रह्मचारी तथा कन्याका नैतिक मर्यादा र कर्तव्यहरू, इन्द्रियसंयमका उपायहरू, अनियन्त्रित खुला यौनव्यवहारका दुष्परिणामहरू[1], पति र पत्नीका पवित्र व्यवहारहरू, हिन्दु जीवनपद्धतिका उदात्त मूल्य र मान्यताहरू इत्यादि विषयको राम्रो ज्ञान किशोरकिशोरीहरूलाई र युवकयुवतीहरूलाई दिन आवश्यक छ।

अनैतिक यौनसम्बन्ध

हिन्दुधर्ममा पुरुषको परस्त्रीसितको सम्बन्धलाई र स्त्रीको परपुरुषसितको सम्बन्धलाई (दुवै प्रकारको व्यभिचारलाई) अत्यन्त निन्दा गरिएको र त्यसबाट मानवसमाज पशुसमाजमा परिणत हुने कुरा व्यक्त गरिएको पाइन्छ। साथै अविवाहित पुरुष र कन्याका बीचको यौनसम्बन्धलाई पनि सबैको परम कल्याण चाहने ऋषिमुनिहरूले धेरै कुराको विचार गरेर अनुचित ठहऱ्याएको देखिन्छ। तसर्थ राम्ररी विचार गर्दा अनियन्त्रित खुला यौनव्यवहार र वेश्यावृत्ति तथा वेश्यागमनमा त्यति धेरै अन्तर देखिँदैन। उक्त प्रकारको व्यवस्था नमानेमा पशुसमाजमा र मानवसमाजमा भेद हुँदैन भन्ने आर्ष दृष्टिकोण (ऋषिमुनिहरूको योगज प्रज्ञाले उपयुक्त ठहऱ्याएको दृष्टिकोण) रहेको बुझिन्छ। त्यसैले हिन्दु

नम्बरहरूमा एघारौँ संशोधन हुनुभन्दा अघि र पछि गरिएका व्यवस्थाहरूको र त्यहाँ प्रयुक्त भएका शब्द, शब्दावली तथा वाक्यहरूको तुलना गरेर हेर्नुपर्ने हुन्छ—

(१) लोग्ने-स्वास्नीको महलको २ नं.को व्यवस्था, ३ नं.का दफा २ र ४ मा तथा ४ नं.मा प्रयुक्त शब्दावली,

(२) अंशबण्डाको महलको ५ नं.को र १२ नं.को व्यवस्था (यसै ग्रन्थको १७०औँ पृष्ठका दुवै टिप्पणी पनि द्रष्टव्य छन्),

(३) स्त्री-अंश-धनको महलको ६, ७ र ८ नं.को व्यवस्था र त्यहाँ प्रयुक्त शब्दावली,

(४) जारीको महलको १ नं.को व्यवस्था; इत्यादि।

१. पश्चिमी देशमा प्रचलित खुला यौनव्यवहारका अनुसरणबाट विश्वव्यापी रूपमा फैलिएको एड्स् रोग, पश्चिमी समाजमा देखा परेको कतिखेर लोग्नेले स्वास्नीलाई र कतिखेर स्वास्नीले लोग्नेलाई छोड्ने हो भन्ने आशङ्काका वातावरणमा अघि बढ्ने लोग्नेस्वास्नीको सम्बन्ध, त्यसबाट छोराछोरीमा पर्न सक्ने कुप्रभाव, सानै उमेरमा जन्माइएका कुमारी आमाका बाबुविहीन सन्ततिको विचल्ली, पारिवारिक सम्बन्धमा शिथिलता, वृद्ध आमा-बाबुको आश्रयविहीनता इत्यादि कुराको विवेचना गरेर त्यस्ता विकृतिबाट बच्न हिन्दु धार्मिक मान्यताअनुरूपका जीवनपद्धतिलाई र त्यसका उच्च नैतिक मूल्य तथा मान्यतालाई अनुसरण गर्न किशोरकिशोरीलाई तथा युवकयुवतीहरूलाई प्रेरणा दिन आवश्यक देखिन्छ। तसर्थ केवल एड्स् रोगबाट बच्ने उपाय मात्र सिकाउने यौनशिक्षाले समाजमा दुराचार र बलात्कारका घटना मात्रै बढाएर सिङ्गो समाजलाई नै हानि पुऱ्याउन सक्ने कुरामा राष्ट्रका अभिभावकहरूको तथा विचारशील शिक्षाविद् र समाजशास्त्रीहरूको ध्यान जानुपर्ने देखिन्छ।

विधिसंहिताहरूले धर्मविवाहलाई अत्यन्त महत्त्व दिएका हुन्[1]। धर्मविवाहद्वारा संयुक्त भएका पतिपत्नीको कहिल्यै पनि शास्त्रीय रूपमा विवाहविच्छेद हुँदैन भन्ने कुरा कौटलीय अर्थशास्त्रमा समेत भनिएको छ[2]।

पतिको पत्नीप्रति र पत्नीको पतिप्रति कर्तव्य

यदि कसैले विधिपूर्वक विवाह गरिएकी धर्मपत्नीलाई त्याग गर्छ भने ऊ स्वयं नै पितृ तथा देवताद्वारा त्यागिन्छ र देवताद्वारा त्यागिएको त्यो व्यक्ति तल्लो तहको व्यक्तिभन्दा पनि झनै तल्लो मानिन्छ भन्ने शास्त्रवचन पाइन्छ[3]। त्यसैले कसैले पनि आफ्नी धर्मपत्नीलाई त्याग गर्न हुँदैन भन्ने सन्देश यसबाट प्राप्त हुन्छ। कतिपय आधुनिक व्यक्तिहरूले अग्निपरीक्षाबाट समेत पवित्र ठहरिसकेकी आफ्नी पतिव्रता पत्नी सीतालाई त्याग गर्ने मर्यादापुरुषोत्तम मानिएका रामचन्द्रका कार्यलाई अनुचित भन्दै त्यसलाई पुरुषले आफ्नी पत्नीप्रति गर्ने थिचोमिचोका रूपमा लिएको पनि देखिन्छ। किन्तु यस प्रसङ्गबाट एउटा साधारण धोबीका अनुचित आलोचनालाई समेत राजा रामचन्द्रले कदर गरेको देखाएर लोकतान्त्रिक आदर्श राज्यका राजाले प्रजाको भावनालाई कसरी र कतिसम्म महत्त्व दिनुपर्ने रहेछ त भन्ने कुराप्रति हिन्दु राजाहरूको ध्यान आकृष्ट गर्न खोजिएको मात्र हो, पतिव्रता पत्नीलाई पनि त्याग्न हुन्छ भनेर सन्देश दिन खोजिएको हैन भन्ने बुझ्नुपर्दछ। जसरी असुशील पतिप्रति पनि पत्नीले अनुकूलै व्यवहार गर्नुपर्छ, त्यसरी नै विवाहिता धर्मपत्नी दुःशीला नै भए पनि उसको भरणपोषण गर्नै पर्छ, घरबाट निकाल्न हुँदैन[4] भन्ने र असल चरित्र भएकी पत्नीलाई त्याग्दा पुरुष पतित हुन्छ (धर्मबाट गिर्छ) तथा पत्नीले पनि जस्तै पातकी भए पनि पतिलाई प्रायश्चित्त नगरिन्जेल प्रतीक्षा गर्नुपर्छ, त्याग्न हुँदैन[5] भन्ने शास्त्रीय निर्देश भएकाले वाल्मीकिरामायणको उपर्युक्त प्रसङ्गको तात्पर्य पत्नीलाई त्याग्नुमा नरहेको, राजाको प्रजारञ्जनरूप विशेष कर्तव्य देखाउनुमा रहेको स्पष्ट हुन्छ।

---

१. हिन्दु विवाहका सम्बन्धमा थप अरू कुराहरू 'विवाहसम्बन्धी हिन्दु अवधारणा' भन्ने शीर्षकअन्तर्गत दिइएको छ (पृ.६९–७०)।

२. अमोक्षो धर्मविवाहानाम्।–कौटलीय अर्थशास्त्र ३।३ (नेराप्रप्र.सं., पृ.२७२)।

३. त्यक्ता येनोढभार्या तु त्यक्तः स पितृदैवतैः।
त्यक्तो देवैः स पापीयाञ् छूद्रादप्यधमः स्मृतः॥
–बृहत्पराशरस्मृति ६।२८९ (स्मृतिसन्दर्भ–२, पृ.७८२)।

४. पत्न्याऽनुकूलया भाव्यं यथा(ऽ)शीलेऽपि भर्तरि।
दुश्शीलाऽपि तथा (दुर्भगा) भार्या पोषणीया नरेश्वर॥
–मार्कण्डेयपुराण ६६।६३; स्कन्दपुराण, आवन्त्यखण्ड २।६१।४५।

५. सद्वृत्तचारिणीं पत्नीं त्यक्त्वा पतति धर्मतः।
महापातकदुष्टेऽपि नाऽप्रतीक्ष्यस् तया पतिः॥–व्यास.२।४७-४८ (स्मृतिसन्.-३,पृ.१६३९)।

जब पति र पत्नीमध्ये दुवै नै एकले अर्कालाई लङ्घन (अतिक्रमण) नगर्ने हुन्छन्, तब नै धर्म, अर्थ र काम यी तीनै पुरुषार्थको सङ्गति (सम्प्राप्ति) हुन्छ[1]; पति-पत्नीले परस्परमा अतिक्रमण गर्न हुँदैन, समुचित कारणविना पत्नीमाथि सौता हाल्नुहुँदैन[2]; पतिपत्नीको एकआपसमा अनुराग (प्रेम) हुनु स्वर्गमा पनि पाइनसक्नु साह्रै ठूलो कुरा हो, दुईमध्ये एकको अर्कामा अनुराग हुनु तर अर्को ऊप्रति विरक्त हुनुचाहिँ अत्यन्त कष्टकर कुरा हो, तसर्थ पतिपत्नीले परस्पर अनुराग बढ्ने व्यवहार गर्नुपर्छ[3]; पतिले पत्नीलाई राम्रो भोजन (खाना), वस्त्र (लुगाफाटो), पुष्प (फूल), आभूषण (गरगहना) इत्यादि दिएर र रसिला बातचित गरेर सधैँ सन्तुष्ट राख्न पर्छ, सराप्न हुँदैन[4]; आवश्यक पर्दा पत्नीलाई कहिलेकाहीँ ताडन (हप्की) पनि गर्नुपर्छ, साथै लालन पनि गर्नुपर्छ (ताडन र लालन दुवै गरेर सन्मार्गमा हिँडाउनुपर्छ), यस्तै स्त्री नै श्री (गृहलक्ष्मी[5]) हुन सक्छन्[6], इत्यादि धेरै कुराहरू पतिपत्नीका विषयमा शास्त्रमा बताइएका छन्। शास्त्रमा बताइएका यी

---

१. या च (यदा?) भार्या च भर्ता च परस्परमनुव्रतौ।
तदा धर्मार्थकामानां त्रयाणामपि सङ्गतम्॥—मार्कण्डेय-पुराण १९।७०–७१।

२. परस्पराऽतिक्रमणं दम्पत्योः परिवर्जयेत्।
निष्कारणं तथा राम न कार्यमधिवेदनम्॥—विष्णुधर्मोत्तरपुराण २।८७।४१।

३. • स्वर्गेऽपि दुर्लभं ह्येतदनुरागः परस्परम्।
रक्तमेकं विरक्तं तु (रक्त एको विरक्तोऽन्यस्) तस्मात् कष्टतरं नु किम्॥
—दक्षस्मृति ४।५ (स्मृतिसमुच्चय, पृ.७९)।

• अभीष्टा कस्यचित् कान्ता कान्तः कस्याश्चिदीप्सितः।
परस्पराऽनुरागाढ्यं दाम्पत्यमतिदुर्लभम्॥—स्कन्दपुराण, आवन्त्यखण्ड २।६१।१७।

४. भोजनाऽऽच्छादनैः पुष्पभूषणाद्यैर् निजस्त्रियम्।
आलापैस् सरसैर् नित्यं तोषयेत् तां सयेन् (शपेन्?) न च॥
—शाण्डिल्यस्मृति ३।१५६ (स्मृतिसन्दर्भ–५, पृ.२८२७)।

५. शास्त्रमा विभिन्न गुणले युक्त पत्नीलाई साक्षात् श्री(लक्ष्मी)का रूपमा वर्णन गरिएको छ। जस्तै—

श्रियै वा एतद् रूपं यत् पत्न्यः।—मा.वा. शतपथ-ब्राह्मण १३।२।६।७,

श्रिया वा एतद् रूपम्, यत् पत्नयः।—तैत्तिरीय-ब्राह्मण ३।९।४।७–८,

एतावद्गुणसंयुक्ता श्रीरेव स्त्री न संशयः॥—दक्षस्मृति ४।११ (स्मृतिसमुच्चय, पृ.७९)।

त्यसैले नेपाली समाजमा पनि पत्नीलाई गृहलक्ष्मी भन्ने प्रचलन छ र पत्नी नै घरकी शोभा हुन्, पत्नी नभएका घरको शोभा हुँदैन इत्यादि भन्ने पनि गरिन्छ। यसबाट हाम्रा शास्त्रले पत्नीलाई कति महत्त्व दिएको छ भन्ने कुरा स्पष्ट हुन्छ।

६. लालनीया सदा भार्या ताडनीया तथैव च।
लालिता ताडिता चैव स्त्री श्रीर् भवति नान्यथा॥—शङ्ख.४।१५ (स्मृतिसन्.–३, पृ.१४२१)।

र यस्तै प्रकारका अरू कुराहरू पनि[1] आदर्श दाम्पत्यजीवनका महत्त्वपूर्ण सूत्रहरू हुन्। यस्ता शास्त्रीय निर्देशहरूको पतिपत्नी दुवैले धर्मभावनाका साथ पालन गरेर जीवनयात्रा चलाउने हो भने दाम्पत्यजीवन सुखमय हुनुका साथै कहिल्यै पनि विवाहविच्छेद हुने अवस्था नआउने पनि देखिन्छ।

पत्नीको सत्कार, रक्षा र कामोपभोग

आफ्नो सन्तानको, चरित्रको, कुलको, धर्मको र आफ्नो पनि रक्षा धर्मपत्नीको रक्षा भएमा मात्र हुन सक्ने हुनाले[2] तथा सन्तति, धर्मकार्य, आफ्नो सेवा, उत्तम र निरापद रति तथा आफ्नो र पितृहरूको स्वर्गभोग पनि धर्मपत्नीका अधीनमा हुने हुनाले[3] पतिले पत्नीको सत्कारपूर्वक रक्षा गर्ने विषयमा वैदिक धर्मशास्त्रले जोड दिएको देखिन्छ। धर्मपत्नीलाई अन्न, पान, वस्त्र, भूषण (गहना) इत्यादिले सत्कार गर्नु लक्ष्मीको पूजा गर्नुसरह मानिएको छ। बलजफत होइन, युक्तिपूर्वक सत्कर्ममा तथा सदाचारमा संलग्न गराएर र त्यस्तै कार्यमा रमाउने बनाएर धर्मपत्नीको रक्षा गर्नुपर्ने र रक्षा गर्न सकिने कुरा धर्मशास्त्रमा बताइएको छ। जहाँ नारीहरूको सत्कार गरिन्छ, त्यहाँ देवताहरू रमाउँछन्; जहाँ उनीहरूको सत्कार गरिँदैन, त्यहाँ गरिएका सम्पूर्ण धार्मिक कार्यहरू विफल हुन्छन्[4] भनेर मनुस्मृतिले नारीलाई सदा प्रसन्न राख्नुपर्ने र उनीहरूलाई पीडित गर्न नहुने कुरामा जोड दिएको छ[5]। यस्तो कुरा शास्त्रमा धेरै ठाउँमा गरिएको देखिन्छ।

संयमी हुनु, सामान्यतया ब्रह्मचर्यको पालन गर्नु र औँसी, एकछाकी, श्राद्ध, व्रत, पर्व इत्यादिका दिन छाडी अन्य दिनमा रात्रीमा पत्नीसित सहवास गर्नु वैदिक धर्मको अनुकूल कुरा हो[6]। यद्यपि पत्नीले पतिका कामनाका पूर्तिमा सकभर अवरोध गर्न हुँदैन, तथापि पतिले पत्नीसित बलात् सहवास भने गर्न हुँदैन भन्ने शास्त्रीय (स्कन्दपुराणको) वचन पाइन्छ। जस्तै—

---

१. यसै ग्रन्थका 'पत्नी र पतिपत्नीसम्बन्ध' (पृ.९२), 'धर्मपत्नीको पालनपोषण' (पृ.९६), 'पत्नीको सत्कार, रक्षा र कामोपभोग' (पृ.१०१), 'पतिव्रताधर्म' (पृ.१२४) इत्यादि प्रकरण पनि हेर्नुहोस्।

२. स्वां प्रसूतिं चरित्रं च कुलमात्मानमेव च।
स्वं च धर्मं प्रयत्नेन जायां रक्षन् हि रक्षति॥—मनुस्मृति ९।७।

३. अपत्यं धर्मकार्याणि शुश्रूषा रतिरुत्तमा।
दाराधीनस् तथा स्वर्गः पितॄणामात्मनश् च ह॥—मनुस्मृति ९।२८।

४. यत्र नार्यस् तु पूज्यन्ते रमन्ते तत्र देवताः।
यत्रैतास् तु न पूज्यन्ते सर्वास् तत्राऽफलाः क्रियाः॥—मनुस्मृति ३।५६।

५. यसै ग्रन्थको परिशिष्ट (पृ.१९७–१९८) पनि हेर्नुहोस्।

६. द्र.– वैदिक धर्म मूल रूपमा, द्वि.सं.२०६२, पृ.४८५।

अप्रीतां रोगिणीं नारीमन्तर्वत्नीं धृतव्रताम्।
रजस्वलामकामां च न कामेत बलात् पुमान्॥–(ब्राह्मखण्ड ३।१।३९)

(रिसाएकी [अप्रसन्न], रोगी, गर्भवती, व्रत बसेकी, रजस्वला [पर सरेकी] र पतिसित सहवासको इच्छा नभएकी नारीसित पुरुषले बलात् सहवास नगर्नू।)

यसरी हाम्रा धर्मशास्त्रले पत्नीको इच्छाविना पतिले उसित बलात् सहवास गर्न नहुने कुरालाई स्पष्ट पारेको देखिन्छ। यस्तै धर्मशास्त्रीय वचनका प्रेरणाले गर्दा धर्मभावना भएका पतिहरूले पत्नीप्रति स्नेहपूर्ण व्यवहार गर्ने र पत्नीहरूले आफ्ना पतिप्रति अभिभावकका रूपमा श्रद्धा गर्ने परम्परा आएको हो। धर्म र नैतिकतालाई कुनै स्थान नदिई केवल दण्डको त्रास देखाएर मात्र समाजलाई व्यवस्थित वा सदाचारी बनाउन सकिँदैन। हिन्दु धर्मले नारीमाथि थिचोमिचो गरेको छ भन्दै धार्मिकसामाजिक भावना परिवर्तन गर्न प्रोत्साहित गर्ने शिक्षादीक्षा र विचारका प्रचारप्रसारका प्रभावले समेत जसरीतसरी कामवासना पूरा गर्न खोज्ने पशुतुल्य पुरुषहरूले आफ्नी स्वास्नीसित धर्मशास्त्रले निषेध गरेको अप्राकृतिक मैथुन वा बलात् सहवास गर्ने गरेको पनि कताकति सुनिन्छ। यस्तो अवस्था समाजमा आउनमा धर्मशिक्षाको अभाव, धर्मभावनाको ह्रास, नैतिक मूल्य र मान्यताको उपेक्षा, केवल भौतिकवादी शिक्षादीक्षाको अन्धाधुन्ध रूपमा प्रचारप्रसार, उपभोगवादी संस्कृतिको अभ्यास, पाश्चात्त्य संस्कृतिको प्रभाव इत्यादि कुराहरू मूल कारण देखिन्छन्। त्यसैले पतिले पत्नीसित नै पनि बलात् सहवास गर्दा अधर्म हुन्छ, तसर्थ त्यस्तो कार्य गर्न हुँदैन भनेर धार्मिक जनसमुदायलाई त्यस्तो कार्य गर्नबाट निवृत्त गराउन खोज्ने धर्मशास्त्रको उपदेशसमेत उच्चशिक्षा पाएका व्यक्तिले पनि सुन्नै नपाउने स्थिति हाम्रा समाजमा आइसकेको छ[1]। पाश्चात्त्य मुलुकहरूमा प्रचलित खुला यौनव्यवहारलाई नै आधुनिकताका नाममा हाम्रा राष्ट्रमा पनि मान्यता दिई तदनुसार शिक्षादीक्षा दिन र ऐनकानुन बनाउन थालिएपछि[2] अधिकांश अर्थकामपरायण (धनका र मोजमजाका सुरमा मात्र चल्ने) व्यक्तिलाई अनुचित वा अनैतिक कामवासना नियन्त्रण गर्न पनि त्यति

---

१. लोग्नेले आफ्नी स्वास्नीलाई नै जबर्जस्ती करणी गरेमा त्यसलाई पनि अपराध मान्नुपर्नेमा मुलुकी ऐनले त्यस्तो व्यवस्था नगरेको हुनाले नेपालको संविधानसित बाझिएको मुलुकी ऐनको जबर्जस्ती करणीको १ नं.को व्यवस्था अमान्य घोषित गरी पाऊँ भनी अधिवक्ता मीरा ढुङ्गानाले कानून न्याय तथा संसदीय व्यवस्था मन्त्रालयसमेतका विरुद्ध दिएको रिट-निवेदनमा सरकारका तर्फबाट बहस गर्दा नायब-महान्यायाधिवक्ता नरेन्द्रकुमार श्रेष्ठ र सह-न्यायाधिवक्ता नरेन्द्रप्रसाद पाठकले "आफ्नो पत्नी उपर यौन क्रिया गर्न मन्जुरी सहमती आवश्यक छ भन्नु हिन्दु धर्म र परम्परा अनुकूल हुदैन" भन्ने आशय व्यक्त गरेको देखिन्छ (द्र.– **संवैधानिक विवादमा सर्वोच्च अदालतका फैसला** [२०६०], भाग २, सम्. नरेन्द्रप्रसाद पाठक र नरेन्द्रप्रकाश खनाल, पैरवी बुक्स एन्ड स्टेसनरी सेन्टर, पुतलीसडक, २०६०, पृ.२८)।

२. यसै ग्रन्थका ७०औं पृष्ठ (टि.१) र ९७–९८ पृष्ठहरू (टिप्पणीसमेत) पनि हेर्नुहोस्।

बाध्यता हुने भएन र त्यस्ता पशुतुल्य हिंस्रक व्यक्तिले अन्य स्त्रीलाई वा आफ्नै स्वास्नीलाई पनि बलात्कार गर्न सक्ने भए। धर्म, कर्तव्य, नैतिकता, अनुशासन इत्यादि सद्‌गुणहरू, जसले व्यक्तिलाई स्वतः नै खराब आचरणबाट निवृत्त गराएर असल आचरणतिर सधैँ डोऱ्याएर लगिरहन्छन्, तिनैलाई बन्धन भन्दै हटाउन खोजेपछि मानिस स्वभावतः निरङ्कुश, स्वेच्छाचारी र अविवेकी पनि हुन पुग्दछ। त्यसैको परिणामस्वरूप आज समाजमा अनाचार, दुराचार, भ्रष्टाचार, हिंसा, चोरी, ठगी, डकैती, बलात्कार इत्यादिका घटनाहरू बढिरहेका छन्। समाजलाई सही बाटोमा हिँडाउने धर्म र नैतिकताको भावनालाई चुँडालेर फालेपछि केवल दण्डले मात्र वा दण्डका भयले मात्र व्यक्तिलाई राम्ररी अनुशासित गर्न सकिँदैन। समाजको आँखा छलेर वा मौका पाउनासाथ शक्तिको दुरुपयोग गरेर खराब प्रवृत्ति भएका व्यक्तिले दुराचार गर्न सक्छन्। व्यक्तिव्यक्तिभित्र रहेको दानवी प्रवृत्तिलाई जरैदेखि उखलेर फाल्न उनीहरूमा धर्मभावना जगाउन आवश्यक छ। अन्यथा राजदण्डका (शासकले दिने दण्डका) मात्रै आधारमा समाजमा हुने दुराचार रोक्न सकिँदैन। त्यसैले महाभारतमा मुख्य रूपमा धर्मभावना दह्रो नभएको लोकलाई लिएर भनिएको पनि छ–

> **राजदण्डभयादेके पापाः पापं न कुर्वते।**
> **यमदण्डभयादेके परलोकभयादपि॥**
> **परस्परभयादेके पापाः पापं न कुर्वते।**
> **एवं सांसिद्धिके लोके सर्वं दण्डे प्रतिष्ठितम्॥**–(शान्तिपर्व १५।५–६)

(कोही पापीहरू [अपराधीहरू] राजदण्डका भयले पाप [अपराध] गर्दैनन्, कोही यमराजले दिने दण्डका भयले अपराध गर्दैनन्, कोही यस लोकमा गरेका अपराधको फल [दण्ड] परलोकमा पाइन्छ भन्ने डरले अपराध गर्दैनन्, कोही परस्परका भयले अपराध गर्दैनन्। यसप्रकारले अभीष्ट कार्य सिद्ध हुने यस लोकमा सबै कुरा दण्डमै प्रतिष्ठित छ [विभिन्न प्रकारका दण्डका आधारमा टिकेको छ]।) यी श्लोकबाट धर्मभावना प्रबल भएका उत्तम कोटिका व्यक्ति स्वतः नै, धर्मभावना त्यति प्रबल नभएका दोस्रो कोटिका व्यक्ति यमदण्डका भयले र कत्ति पनि धर्मभावना नभएका तेस्रो कोटिका व्यक्ति राजदण्डका वा समाजका वा दोसर व्यक्तिका भयले अनुशासित हुन सक्छन् भन्ने कुरा पनि बुझिन्छ।

तसर्थ पतिले पत्नीसित बलात् सहवास गरेमा त्यसलाई कुनै पुरुषले परस्त्रीमाथि बलात्कार गरेसरह मानेर[1] न्यायालयले दण्ड-सजाय तोक्ने व्यवस्था

---

१. "यसैगरी Peoples V. Liberta (1984) को मुद्दामा Court of Appeals of Newyork ले वैवाहिक बलात्कार र गैर वैवाहिक बलात्कार विच भिन्नता गर्नुको कुनै औचित्य छैन, विवाह पतिले पत्नीलाई जबरजस्ती करणी गर्ने लाइसेन्स होइन भन्ने व्याख्या गर्दै वैवाहिक बलात्कारलाई अपवाद गर्ने न्यूयोर्क कानूनलाई असंवैधानिक ठहर गरेको पाइन्छ।...." इत्यादि भन्दै नेपालका सन्दर्भमा पनि वैवाहिक बलात्कारसम्बन्धी कानुनी व्यवस्था गर्नका निम्ति प्रक्रिया थाल्न सर्वोच्च न्यायालयले

गरेपछि समस्या-समाधान हुन सक्छ भन्ने मान्यता व्यावहारिक देखिँदैन। पतिपत्नीबीचको अत्यन्त वैयक्तिक र गोपनीय सम्बन्धका विषयमा न्यायालयले निर्णय दिन खोज्नु एकातर्फ अति नै अव्यावहारिक र कठिन कार्य हुन जान्छ भने अर्कातर्फ त्यस कार्यले पतिपत्नीका बीच सौमनस्य स्थापित गर्नुको सट्टा उनीहरूका बीचको सम्बन्धलाई निश्चित रूपले विवाहविच्छेदतिर धकेल्ने पनि देखिन्छ। यस्तो व्यवस्थाबाट अन्ततोगत्वा लाभ कम र हानि बढी हुने सम्भावना देखिएकाले यसलाई महिलाका निमित्त पनि सकारात्मक निर्णय भन्न सकिँदैन। यस्तो व्यवस्थाले परपुरुषसित सम्बन्ध राख्न चाहने स्त्रीलाई आफ्ना पतिसित सम्बन्धविच्छेद गर्नका निम्ति अनुचित रूपले सजिलो वातावरण बनाइदिन पनि सक्छ। अतः हिन्दुधर्मानुयायीहरूले धर्मशास्त्रमा बताइएको पतिपत्नीधर्मलाई[१] पालन गरेर आफ्नो दाम्पत्यजीवन सुमधुर बनाउन प्रयास गर्नुपर्छ। अन्यथा त्यसमा कटुता उत्पन्न हुन गई कौटुम्बिक (पारिवारिक) जीवन छिन्नभिन्न हुन पनि सक्छ।

स्त्रीको विशेष सुरक्षा

हिंसा, चोरी, डकैती इत्यादि अपराधपूर्ण कार्यबाट सम्पूर्ण राष्ट्रवासीको रक्षा गर्ने कार्य जति महत्त्वपूर्ण हुन्छ, त्यसै गरी अविवाहिता कन्या र विवाहिता सधवा-विधवा स्त्रीहरूलाई बलात्कृत हुनबाट रक्षा गर्ने कार्य पनि त्यत्तिकै महत्त्वपूर्ण हुन्छ। यदि कदाचित् कुनै महिला बलात्कृत भइहालेमा उसको लुटिएको सतीत्व कसैले पनि फर्काउन नसक्ने र उसमाथि पर्न गएको मानसिक र शारीरिक आघातको केही गरेर पनि क्षतिपूर्ति हुन नसक्ने हुनाले त्यस्तो अपराध भएपछि अपराधीलाई दण्ड दिनुभन्दा पनि बढी सतर्कता त्यस्तो अपराध हुनै नदिनमा अपनाउन पर्ने देखिन्छ[२]। त्यसैले सकेसम्म त्यस्तो अपराध हुन सक्ने अवस्थै नआओस् भनेर मनुस्मृतिले स्त्रीका सुरक्षाका निम्ति विशेष निर्देश दिएको देखिन्छ। जस्तै—

सम्बद्ध मन्त्रालयलाई निर्देशात्मक आदेश २०५९।१।१९।५ मितिमा दिएको देखिन्छ (यसै ग्रन्थको १०२ पृष्ठको पहिलो टिप्पणीको सन्दर्भ र सन्दर्भग्रन्थ हेर्नुहोस्, पृ.३१)। त्यसैअनुसार हालै प्रतिनिधिसभाले बनाएको 'लैङ्गिक समानता कायम गर्न केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६३'मा 'लोग्नेले स्वास्नीलाई जबर्जस्ती करणी गरेमा तीन महिनादेखि छ महिनासम्म कैद सजाय हुनेछ' भन्ने व्यवस्था गरिएको देखिन्छ।

१. यसै ग्रन्थका 'पत्नी र पतिपत्नीसम्बन्ध' (पृ.९२), 'पतिको पत्नीप्रति र पत्नीको पतिप्रति कर्तव्य' (पृ.९९) इत्यादि प्रकरण पनि हेर्नुहोस्।

२. धर्मशास्त्रले यस्तो सतर्कता अपनाउन अत्यन्त जोड दिएको छ र कदाचित् त्यस्तो अपराध कसैबाट भैहालेमा अवस्था हेरेर अपराधीलाई मृत्युदण्डजस्तो कडा दण्ड दिने व्यवस्थासमेत गरेको देखिन्छ। मुलुकी ऐनले जबर्जस्ती करणीका महलमा गरेको दण्डसजायका व्यवस्थालाई र यस सम्बन्धमा धर्मशास्त्रले गरेको दण्डसजायका व्यवस्थालाई तुलना गरेर हेर्दा महिलाप्रति धर्मशास्त्रले नै बढी न्याय गरेको कुरा स्पष्ट हुन्छ। यस सम्बन्धमा मनुस्मृतिको एउटा श्लोकलाई उदाहरणका रूपमा हेरौं—

पिता रक्षति कौमारे भर्ता रक्षति यौवने।
रक्षन्ति स्थविरे पुत्रा न स्त्री स्वातन्त्र्यमर्हति ॥–९।३ (द्र.–अनुशा.४६।१४, इ.)

(बाल्यावस्थामा बाबुले, युवावस्थामा पतिले र वृद्धावस्थामा छोराहरूले स्त्रीको रक्षा गर्छन्। स्त्री कहिल्यै पनि स्वतन्त्र [अरू कसैबाट पनि रक्षित नभैकन एक्लै] रहन हुँदैन [स्त्री स्वतन्त्र रहेर आफ्नो रक्षा गर्न प्रायः सम्भव हुँदैन।])

अहिले पनि समाजमा साह्रै साना बालिकादेखि साठी-पैँसठ्ठी वर्षसम्मका वृद्धाहरूसमेत बलात्कारको सिकार भैरहेको बारम्बार सुनिन्छ। महिलाबाट पुरुष बलात्कृत भएको घटना भने विश्वभरिमै अत्यन्त कम हुने गरेको सुनिन्छ। स्त्री र पुरुषका केही गरे पनि परिवर्तन गर्न वा समानतामा ल्याउन नसकिने (अपरिवर्तनीय) स्वाभाविक प्रकृतिसम्मत भेदका कारणले नै यस्तो परिस्थिति खडा भएको तथ्य अस्वीकार गर्न सकिँदैन। त्यसैले मुलुकी ऐनमा पनि महिलाबाट पुरुष बलात्कृत भएमा यस्तो दण्ड गर्ने भन्ने व्यवस्थासम्म पनि गरिएको छैन। तर महिलाका सम्बन्धमा भने उसले आफ्नो धर्म बचाउन (सतीत्व रक्षा गर्न) जबर्जस्ती करणी (बलात्कार) गर्न खोज्नेलाई करणी नगर्दै प्रतिकार गर्दा वा करणी लीसकेपछि (बलात्कार भैसकेपछि) रिस थाम्न नसकी एक घण्टाभित्र बलात्कारीलाई मार्दा ज्यान मारेको बात (दोष) लाग्दैन भनी मुलुकी ऐनले पनि महिलाको सतीत्व जोगाउन विशेष व्यवस्थासमेत गरेर महिलालाई विशिष्ट प्रकारको सुरक्षाको अधिकार दिएको देखिन्छ[1]। तसर्थ राम्ररी विचार गर्दा मनुस्मृतिको उक्त व्यवस्थालाई स्त्रीप्रति भेदभाव गरेर नियन्त्रण गर्न खोजेको भनेर कतिपय आधुनिक आलोचकले दोषारोपण गर्ने गरेको कुरा तर्कसङ्गत र उचित देखिँदैन।

आजभोलि आफ्नै नातेदार पुरुषबाट समेत महिलाप्रति दुर्व्यवहार हुने गरेको र कतै त तिनैबाट उनैका छोरीचेलीहरू बलात्कृत हुनुपरेको घटना पनि बारम्बार सुनिँदै आएको छ[2]। त्यसै कारण पनि महिलाका रक्षाका दृष्टिले

योऽकामां दूषयेत् कन्यां स सद्यो वधमर्हति।
सकामां दूषयँस् तुल्यो न वधं प्राप्नुयान् नरः ॥–(मनुस्मृति ८।३६४)

(समान जातिकै पुरुष भए पनि यदि उसले अनिच्छुक कन्यालाई दूषित पार्छ [बलात्कार गर्छ] भने ऊ तत्कालै मृत्युदण्ड पाउन योग्य हुन्छ। कन्याका राजीखुसीले उसलाई दूषित [ऊसँग करणी] गर्ने पुरुषले भने मृत्युदण्ड पाउँदैन।)

१. द्र.– मुलुकी ऐन, भाग ४, महल १४, जबर्जस्ती करणीको ८ नं.।

२. आजभोलि बाबु-छोरीका बीचमा समेत करणी भएका घटनाहरू सार्वजनिक सञ्चारमाध्यममा प्रकाशित भैरहेका देखिन्छन् (द्र.– कान्तिपुर २०५६।१।२०; अन्नपूर्ण पोष्ट २०६०।३।१०, गोरखापत्र २०६१।४।९, हिमाल खबरपत्रिका २०६१, कार्तिक १–३०, पृ. ८१; इत्यादि)। यस्तो स्थिति आउँदै नआओस् भनेर आमा, दिदीबहिनी र छोरीसित पनि एकान्तमा एक्लै नबस्न पुरुषलाई धर्मशास्त्रले निर्देश दिएको छ। अन्यथा बलिया इन्द्रियहरूले विद्वान्लाई नै पनि आफ्ना वशमा पारेर कुकर्म गर्न प्रेरित गर्न सक्छन्। मनुस्मृतिमा यस्तै भनिएको छ–

मनुस्मृतिमा गरिएको **"न स्त्री स्वातन्त्र्यमर्हति"** भन्ने कुरालाई लिएर कतिपय आधुनिक विचारकले गरेको आलोचना ठीक देखिँदैन। आफ्ना अभिभावकका रेखदेखमा वा उनीहरूको अनुमति लिएर आफ्नो चरित्र जोगाउँदै कार्य गर्न धर्मशास्त्रले स्त्रीलाई पनि छुट दिएकै छ। पुरुषले पनि धर्मशास्त्रको अनुशासन मान्न पर्ने नै हुँदा स्त्रीपुरुषका बीच अनुचित भेदभाव धर्मशास्त्रले गरेको भन्न मिल्दैन। महिलाको चरित्रको वा सतीत्वको रक्षा गर्न ऊ आफैँ स्वयं चरित्रवती वा अव्यभिचारिणी भएर मात्र पनि नपुग्ने र कदाचित् कुनै पुरुषबाट बलात्कृत भएमा पनि उसको सतीत्व नष्ट भएको मानिन सक्ने देखिएकाले तथा पुरुषको चारित्रिक शुद्धताचाहिँ ऊ आफू स्वयं चरित्रवान् वा अव्यभिचारी भए मात्र पनि रहन सक्ने देखिएकाले धर्मशास्त्रले पुरुषलाई भन्दा महिलालाई बढी नियन्त्रण वा रक्षा गर्न खोजको हो। यौनदुराचारको वा बलात्कारको दुष्परिणाम विशेष रूपले स्त्रीले भोग्नुपर्ने हुनाले पनि स्त्रीलाई बढी नियन्त्रण (रक्षा) गर्नुपर्ने आवश्यकता स्वाभाविक रूपले नै अनुभव गर्न सकिन्छ। राति एक्लै हिँड्दा पुरुषभन्दा महिला बढी असुरक्षित हुने कुरा अहिले पनि सबैले अनुभव गरिरहेकै छन्। त्यसैले धर्मशास्त्रमा महिलाका प्राकृतिक अवस्थालाई दृष्टिमा राखेर गरिएका यस्ता विशेष व्यवस्थालाई महिलाकै हितका निम्ति गरिएको सकारात्मक विभेदका रूपमा हेर्नुपर्ने देखिन्छ[1]। पुरुषलाई पनि धर्मशास्त्रले सदाचारी वा चरित्रवान् बनाउन धेरै बन्धन वा नियमहरूको व्यवस्था गरेको छ, जसको चर्चा त्यति धेरै गरिएको देखिँदैन[2]। यसबाट धर्मशास्त्रले पुरुषलाई चाहिँ स्वेच्छाचारी हुन नै छुट दिएको छ भन्ने भ्रम पनि समाजमा व्याप्त भएको देखिन्छ। किन्तु धर्मशास्त्रले अविवाहित वा विवाहित स्त्री र पुरुषका बीचमा परस्पर हुन सक्ने अनैतिक यौनसम्बन्धलाई पनि कडाइका साथ निषेध गरेको हुनाले त्यस्तो कार्य हुन नदिन पुरुषलाई समेत नियन्त्रण गर्न खोजेकै छ। पुरुष व्यभिचारी (परस्त्रीगमन गर्ने) खालको नभएमा महिला व्यभिचारिणी (परपुरुषसित सम्पर्क गर्ने खालकी) हुनै नसक्ने कुरा राजा अश्वपतिको भनाइका रूपमा आएको 'मेरा देशमा चोर, कन्जुस, जँड्याहा (द्विजाति), अग्निको आधान नगरेको (द्विजाति), अविद्वान् (विद्या नपढेको) र

मात्रा स्वस्रा दुहित्रा वा न विविक्तासनो भवेत्।
बलवानिन्द्रियग्रामो विद्वांसमपि कर्षति ॥–(मनुस्मृति २।२१५)

१. शिक्षा, स्वास्थ्य, रोजगारी, न्याय, सतीत्वरक्षा इत्यादि विषयहरूमा नेपालका ऐनकानुनले महिलालाई पुरुषलाई भन्दा विशिष्ट (बढी) अधिकार दिएका कुरालाई आधुनिक महिलाअधिकारवादीहरूले 'विशेष कानूनी व्यवस्था' भनेर सकारात्मक विभेदका रूपमा स्वीकार गरेको देखिन्छ (द्र.– महिलाको लागि भएका विशेष कानूनी व्यवस्थाहरू, प्रकाशन नं.६९, महिला, कानून र विकास मञ्च [FWLD], २०६० भाद्र)।

२. यस्ता विषयको जानकारीका निम्ति वैदिक धर्म मूल रूपमा (२०६२) भन्ने ग्रन्थ द्रष्टव्य छ।

परस्त्रीगामी कोही पनि छैन, अनि व्यभिचारिणी स्त्री कहाँबाट होस्?'[1] भन्ने छान्दोग्योपनिषद्का कुराबाट पनि स्पष्ट बुझिन्छ। यसबाट धर्मशास्त्रले स्त्रीपुरुष दुवैलाई अनुशासनमा राख्न नियन्त्रण गरेकै कुराको पुष्टि हुन्छ। त्यसैले पुरुषलाई स्वेच्छाचारी हुन छुट दिएको तर स्त्रीलाई भने अनेक बन्धनले नियन्त्रण गरेको भनेर धर्मशास्त्रलाई अर्घेलो देखाउन खोज्ने आधुनिक आलोचकको प्रवृत्ति अनुचित देखिन्छ। जसरी स्त्रीका निम्ति पतिव्रता धर्मको महिमा शास्त्रमा अत्यन्त धेरै बताइएको छ[2], त्यसरी नै पुरुषका निम्ति पनि कन्यादूषण गर्ने र परस्त्रीगमन गर्ने कार्यको अत्यन्त निन्दा गरेर[3] तथा त्यसो गर्दा अत्यन्त कडा दण्ड दिने व्यवस्था गरेर[4] समेत ब्रह्मचर्यमा बस्न वा एकपत्नीव्रतमा रहन कडा निर्देश दिइएको देखिन्छ। यसबाट पनि महिला र पुरुषमा धर्मशास्त्रले अनावश्यक भेदभाव राखेको छैन भन्ने कुरा नै पुष्ट हुन्छ[5]। जसरी गर्भाधान गर्ने पुरुषको कार्य महिलाले र गर्भधारणपोषण गर्ने महिलाको कार्य पुरुषले गर्न मिल्दैन, त्यसै गरी महिला र पुरुषमा रहने अपरिवर्तनीय प्राकृतिक लैङ्गिक असमानतालाई बदल्न सकिँदैन भन्ने कुरा पनि बिर्सनुहुँदैन। आवश्यकता र औचित्य हेरेर धर्मशास्त्रले स्त्रीप्रतिभन्दा पुरुषप्रति बढी कठोरता अपनाएको कुराको चर्चा भने त्यति गरिएको देखिँदैन। पुरुषलाई गम्भीर अपराधमा मृत्युदण्डसम्म दिने व्यवस्था धर्मशास्त्रले गरेको देखिन्छ[6]। उस्तै पापकर्म गर्दा स्त्रीलाई कम पाप लाग्ने तर

---

१. न मे स्तेनो जनपदे न कदर्यो न मद्यपः (पो)
नाऽनाहिताग्निर् नाऽविद्वान् न स्वैरी स्वैरिणी कुतः (तो..)॥–छान्दोग्योपनिषद् ५।११।५।

२. यो कुरा यसै ग्रन्थको 'पतिव्रताधर्म' भन्ने शीर्षकमा (पृ.१२४–१२५) स्पष्ट पारिएको छ।

३. • न हीदृशमनायुष्यं लोके किञ्चन विद्यते।
यादृशं पुरुषस्येह *परदारोपसेवनम्* ॥–मनुस्मृति ४।१३४।

• एकतः सर्वमांसानि मत्स्यमांसं तथैकतः।
एकतः सर्वपापानि *परदारास् तथैकतः*॥–स्कन्दपुराण, प्रभासखण्ड १।२९।५२।

४. • परदाराऽभिमर्शेषु प्रवृत्तान् नॄन् महीपतिः।
उद्वेजनकरैर् दण्डैश् चिह्नयित्वा प्रवासयेत्॥–मनुस्मृति ८।३५२।

• यसै ग्रन्थको १०४ पृष्ठको दोस्रो टिप्पणी हेर्नुहोस्।

५. यसै ग्रन्थका 'पत्नी र पतिपत्नीसम्बन्ध' भन्ने प्रकरणमा गरिएको यससम्बन्धी विवेचनाबाट (पृ.९२–१०४) पनि प्रकृतिले दिएसम्म धर्मशास्त्रले पति र पत्नीमध्ये कसैप्रति पनि अनुचित भेदभाव राखेको छैन भन्ने कुरा नै पुष्ट हुन्छ।

६. • यसै ग्रन्थको १०४ पृष्ठको दोस्रो टिप्पणी पनि हेर्नुहोस्।

• स्त्रीलाई भने सामान्यतया दण्डका रूपमा पनि वध गर्न र विरूप (कुरूप) पार्न उसको अङ्ग काट्न पनि हुँदैन भन्ने धर्मशास्त्रकारको वचन छ– **'न चैव स्त्रीवधं कुर्यान् न चैवाऽङ्गविकर्तनम्'**–यम (द्र.– धर्मकोश, व्यवहारकाण्ड, पृ.१११३)।

पुरुषलाई भने बढी पाप लाग्ने कुरासमेत शास्त्रमा पाइन्छ[1]। उपर्युक्त र अन्य धेरै कुराको समेत विचार गर्दा सबैको परम कल्याण चाहने ऋषिमुनिहरूका अलौकिक दिव्य दृष्टिद्वारा सूक्ष्मभन्दा सूक्ष्म कुराको समेत विचार गरेर बताइएका आचारसंहिताका लोककल्याणकारी भावनालाई आकलन गर्न नसकेर तथा केवल भौतिकतावादी दृष्टिकोण मात्रै राखेर धर्मशास्त्रको आलोचना गर्न खोज्नु युक्तियुक्त कार्य देखिँदैन।

स्वतन्त्रताको पनि मर्यादित र अनुशासित रूपमा नै उपभोग गर्नुपर्छ। धर्मशास्त्र, राज्यको कानुन तथा सामाजिक मूल्य र मान्यताअनुसार नै सबै शासित हुनुपर्छ। स्त्रीपुरुष कसैले पनि मर्यादाको उल्लङ्घन गर्नुहुँदैन। वैदिक धर्मशास्त्र सूक्ष्म भएको हुनाले यसले स्त्री र पुरुषका शाश्वत लैङ्गिक प्रकृतिलाई विचार गरेर स्त्री र पुरुषलाई विभिन्न बन्धन वा अनुशासनद्वारा सन्मार्गमा हिँडाउन र यौनदुराचारबाट रोक्न प्रयास गरेको देखिन्छ। त्यसैले कतिपय बन्धन वा अनुशासन पुरुष र महिलाका निम्ति उनीहरूका फरक-फरक प्राकृतिक अवस्थाका कारणले पृथक्-पृथक् निर्दिष्ट भएका पनि छन्। यस्तो कार्य लोककल्याणकारी भावनाबाट नै भएको हो। यौनस्वतन्त्रता स्त्रीलाई वा पुरुषलाई कसैलाई पनि दिइएको छैन[2]। धर्मशास्त्रले बलात्कारका अपराधमा अपराधीलाई अत्यन्त कडा दण्ड दिने[3] र वास्तवमा निष्काम हुँदाहुँदै बलात्कृत हुन पुगेका महिलालाई शास्त्रीय विधिले प्रायश्चित्त गराएर चोख्याउने समेत व्यवस्था[4] गरेर महिलाप्रति न्यायपूर्ण व्यवहार गरेको छ। किन्तु बलात्कृत भएकी महिलालाई प्रायश्चित्त गराएर चोख्याउने परिपाटी हाम्रा समाजमा उपाध्याय ब्राह्मणहरूमा नभएकाले र अरूहरूले पनि त्यसैको अनुसरण गर्न खोजेकाले यस्तो प्रचलन नदेखिएको मात्र हो। अतः शास्त्रीय वस्तुस्थितिको र त्यसको औचित्यको चर्चा समाजमा यथार्थ रूपमा प्रस्तुत गर्नुपर्ने आवश्यकता अनुभव हुन्छ। धर्मशास्त्रले महिलालाई दिएका विशिष्ट सुविधा र अधिकारको चर्चा यसै ग्रन्थमा छुट्टै प्रकरणमा गरिएको छ (पृ.१३८–१३९)।

---

१. विवाह नभएकी कन्यालाई उसकै सहमतिमा दूषित गरे (करणी गरे) पनि पुरुषलाई बढी (ब्रह्महत्याको तीन भागको दुई भाग) र कन्यालाई कम (ब्रह्महत्याको तीन भागको एक भाग) दोष लाग्छ भन्ने कुरा महाभारतमा आएको छ। जस्तै–

त्रिभागं ब्रह्महत्यायाः कन्या प्राप्नोति दूष्यती।
यस् तु दूषयिता तस्याः शेषं प्राप्नोति पाप्मनः॥–शान्तिपर्व १६५।४२–४३।

२. नेपालको सर्वोच्च न्यायालयले चाहिँ खुला यौनव्यवहारलाई अनुमोदन गरेको देखिन्छ (यसै ग्रन्थको ७०औँ पृष्ठको पहिलो टिप्पणी हेर्नुहोस्)। तथापि त्यो कार्य धर्मशास्त्रीय दृष्टिबाट र नेपाली सामाजिक मूल्य तथा मान्यताका दृष्टिबाट अस्वीकार्य देखिन्छ।

३. यसै ग्रन्थको १०४ पृष्ठको दोस्रो टिप्पणी हेर्नुहोस्।

४. दुर्बला बलिना ग्रस्ता निष्कामा न च्युता भवेत्।
प्रायश्चित्तेन शुद्धा सा न स्त्री जारेण दुष्यति॥–ब्रह्मवैवर्तपुराण, प्रकृतिखण्ड ६१।८१।

वैदिक वाङ्मयमा स्त्रीको स्थिति

वैदिक समाजमा स्त्रीको स्थान उच्च रहने कुरा वैदिक वाङ्मयका अध्ययनबाट स्पष्ट बुझ्न सकिन्छ। पुरुषसरह नै द्विजातिस्त्रीहरूले पनि वेदवेदाङ्गादि शास्त्रको अध्ययन गर्ने मान्यता देखिन्छ। कतिपय स्त्रीहरूले त आफ्ना अलौकिक दिव्य दृष्टिद्वारा वैदिक मन्त्रहरूको साक्षात्कारसमेत गरेको उल्लेख पाइन्छ। यसरी मन्त्र देख्ने स्त्रीहरूलाई मन्त्रद्रष्ट्री वा ऋषि (महिला ऋषि) भन्दछन्। ऋग्वेदका कतिपय सूक्तहरूको (ऋचाहरूका समुदायको) दर्शन गर्ने ऋषिहरूमा अदिति[१], अपाला[२], इन्द्राणी, उर्वशी[३], गोधा, घोषा[४], जुहू, यमी, रोमशा, लोपामुद्रा[५], वाक्[६], विश्ववारा, शची, शश्वती, सरमा, सूर्या इत्यादि प्रमुख छन्। वेदवेदाङ्गादि शास्त्र पढेका र त्यसैमा रमाउने प्रवृत्ति भएका कन्या वा विवाहिता स्त्रीलाई ब्रह्मवादिनी भन्ने कुरा शास्त्रबाट देखिन्छ। त्यसैले मन्त्रद्रष्ट्री ऋषिहरूलाई पनि ब्रह्मवादिनी भन्न सकिन्छ। कतिपय विचारकहरूले आजीवन विवाह नगरी ब्रह्मचर्यमा बस्दै शास्त्र पढ्ने स्त्रीहरू मात्रै ब्रह्मवादिनी भनिन्छन् भन्ने ठानेको देखिन्छ[७]। किन्तु "याज्ञवल्क्यका दुई पत्नीहरू थिए– मैत्रेयी र कात्यायनी, तिनमा मैत्रेयी ब्रह्मवादिनी थिइन् भने कात्यायनीचाहिँ स्त्रीप्रज्ञा (राम्रो लाउन-खान पाए खुसी हुने खालकी) नै थिइन्" भन्ने वेदवाक्यबाट[८] यस्तो धारणा गलत रहेको स्पष्ट हुन्छ।

वैदिक वाङ्मयमा उक्त प्रकारका ब्रह्मवादिनी स्त्रीहरू धेरै उल्लिखित छन् र उनीहरूको ज्ञान तथा चेतनाको स्तर निकै उच्च रहेको भन्ने कुरा स्पष्ट

---

१. अदिति अगस्त्य ऋषिकी भगिनी हुन्।

२. अत्रि ऋषिकी छोरी अपाला चर्मरोगले ग्रस्त भएकीले उनलाई पतिको प्रेम प्राप्त भएको थिएन। पछि इन्द्रको वरदानबाट उनको रोग निको भएको थियो (द्र.– बृहद्देवता ६।९९–)।

३. उर्वशी स्वर्गकी अप्सरा हुन्। ऋग्वेदको दसौँ मण्डलको ९५औँ सूक्तमा पुरूरवा र उर्वशीको संवाद छ।

४. कक्षीवान् ऋषिकी छोरी घोषा (काक्षीवती) कुष्ठरोगले ग्रस्त थिइन्। त्यसैले उनको धेरै समय(६० वर्ष)सम्म विवाह हुन सकेको थिएन। पछि देवताका चिकित्सक अश्विनीकुमारहरूका कृपाले उनको शरीर सुन्दर भयो र विवाह पनि भयो (द्र.– बृहद्देवता ७।४२–४८)। घोषाका छोरा सुहस्त्य (घौषेय) पनि मन्त्रद्रष्टा ऋषि हुन्।

५. विदर्भराजकी कन्या लोपामुद्रा अगस्त्य ऋषिकी पत्नी हुन्।

६. अम्भृण ऋषिकी छोरी वाक्(आम्भृणी)द्वारा दृष्ट (साक्षात्कार गरिएको) वागाम्भृणीसूक्त (१०।१२५।१–८) दार्शनिक दृष्टिले महत्त्वपूर्ण मानिन्छ।

७. द्र.– चातुर्वर्ण्यसंस्कृतिविमर्श, हरिहरानन्द करपात्री, प्रथम भाग, गोवर्धनमठ, पुरी, उडीसा, वि.सं.२०३०, पृ.२८७, ३०१।

८. अथ ह याज्ञवल्क्यस्य द्वे भार्ये बभूवतुर् मैत्रेयी च कात्यायनी च। तयोर् ह मैत्रेयी ब्रह्मवादिनी बभूव स्त्रीप्रज्ञैव तर्हि कात्यायनी।—का.वा.बृहदारण्यकोपनिषद् ४।५।१।

देखिन्छ। याज्ञवल्क्यकी पत्नी मैत्रेयी धनसम्पत्तिका उपभोगमा नरमाएर अमरत्व प्राप्त गर्ने ब्रह्मविद्याको जिज्ञासा गर्ने खालकी भएको कुरा बृहदारण्यकोपनिषद्मा[१] आएका प्रसङ्गबाट ज्ञात हुन्छ। बृहदारण्यकोपनिषद्मा वचक्नु मुनिकी विदुषी छोरी गार्गीले[२] याज्ञवल्क्य ऋषिसित गरेका आत्मज्ञान विषयका प्रश्नबाट पनि वैदिक समाजका स्त्रीहरू वेदवेदाङ्गादि शास्त्रको विशिष्ट ज्ञानले सम्पन्न हुने मान्यता रहेको देखिन्छ। राजर्षि धर्मध्वज जनकसित 'प्रधान'नामका राजर्षिका कुलमा जन्मेकी सुलभाको संवाद महाभारतको शान्तिपर्वमा आएको छ। त्यहाँ सुलभाले आफूसुहाउँदो पति नपाएकाले आफू मोक्षधर्ममा लागेको बताएकी छन्[३]। यसबाट एकातिर नैष्ठिक ब्रह्मचर्यमा रहेर वा सन्न्यास ग्रहण गरेर मोक्षधर्ममा लाग्ने उच्च आदर्श बोकेका विशिष्ट स्त्रीहरू पनि समाजमा हुन्थे भन्ने देखिन्छ भने अर्कातिर स्त्रीहरू पनि अत्यन्त उच्च कोटिको आचार, विचार, संस्कार र आदर्शलाई अनुसरण गर्ने भएकाले आफूसुहाउँदो (अत्यन्त उच्च कोटिको) वर (पति) नै नपाएर आजीवन विवाह नगरी बस्दथे भन्ने पनि देखिन्छ। घोषाजस्ता रोगग्रस्त स्त्रीको वरले मन नपराएर विवाह हुन नसकेको र सुलभाजस्ता सुन्दरी[४] गुणवती स्त्रीको पनि गुणवान् योग्य वरका अभावमा कन्याले नै कुनै पनि वरलाई मन नपराएर विवाह हुन नसकेको भन्ने कुरा उपर्युक्त विवरणबाट स्पष्ट हुन्छ। तसर्थ वैदिक समाजमा स्त्रीहरूलाई पनि उच्च अध्ययन गर्ने अवसर प्राप्त हुन सक्ने नै सिद्धान्त मान्य देखिन्छ। उनीहरूको समाजमा र कुटुम्बमा (परिवारमा) आदरणीय स्थान रहने कुरा पनि विभिन्न प्राचीन ग्रन्थका प्रसङ्गबाट स्पष्ट रूपमा अवगत हुन्छ[५]।

स्त्रीशिक्षा

वैदिक समाजमा पुरुषसरह नै द्विजातिस्त्रीहरूले पनि वेदवेदाङ्गादि शास्त्रको अध्ययन गर्ने गर्थे भन्ने कुरा त माथि नै पनि भनिसकियो। उनीहरूको शिक्षादीक्षाको व्यवस्था केकसरी गरिन्थ्यो भन्ने चर्चा अब यहाँ गरिन्छ।

---

१. सा होवाच मैत्रेयी येनाऽहं नाऽमृता स्यां किमहं तेन कुर्यां यदेव भगवान् वेद तदेव मे ब्रूहीति।—काण्व-वाजसनेयि-बृहदारण्यकोपनिषद् ४।५।४ (नेराप्रप्र.सं., पृ.३२८)।

२. मोदनाथ प्रश्रितले चाहिँ गार्गीलाई याज्ञवल्क्यकी पत्नी ठानेको देखिन्छ ("याज्ञवल्क्य र उनकी विदुषी पत्नी गार्गीको ..."— कुमारी मासिक, २०६० पुस, वर्ष १, अङ्क १०, पृ.१९)।

३. प्रधानो नाम राजर्षिर्व्यक्तं ते श्रोत्रमागतः। कुले तस्य समुत्पन्नां सुलभां नाम विद्धि माम्॥..
साऽहं तस्मिन् कुले जाता भर्तर्यसति मद्विधे। विनीता मोक्षधर्मेषु चराम्येका मुनिव्रतम्॥
नाऽस्मि सत्रप्रतिच्छन्ना न परस्वापहारिणी। न धर्मसङ्करकरी स्वधर्मेऽस्मि धृतव्रता॥
—महाभारत, शान्तिपर्व ३२०।१८१, १८३–१८४।

४. राजा तस्याः परं दृष्ट्वा सौकुमार्यं वपुस् तदा।
केयं कस्य कुतो वेति बभूवाऽऽगतविस्मयः॥—महाभारत, शान्तिपर्व ३२०।१३।

५. यसै ग्रन्थका 'वैदिक धर्ममा स्त्रीको महत्त्व' (पृ.८७) 'स्त्रीशिक्षा' (पृ.११०) इत्यादि प्रकरणबाट पनि यो कुरा अझ राम्ररी बुझ्न सकिन्छ।

कन्याको उपनयन (व्रतबन्ध)

द्विजातिकन्याहरूको पनि प्राचीन कालमा उपनयन (व्रतबन्ध) संस्कार गरिन्थ्यो र त्यसपछि उनीहरूलाई पनि वेदादि शास्त्रको शिक्षा दिइन्थ्यो भन्ने कुरा वैदिक वाङ्मयका अध्ययनबाट स्पष्ट बुझिन्छ[१]। विवाहमा लाजहवन गर्दा (लाबा होम्दा) कन्याले नै वैदिक मन्त्रहरू[२] पढ्ने विधान छ। सीतायज्ञमा स्त्रीहरूले पनि इन्द्रादि देवतालाई बलिहरण गरेर (अन्नभाग दिएर) पूजा गर्ने विधान देखिन्छ[३]। वैदिक यज्ञका कतिपय कर्ममा स्त्रीहरूद्वारा वैदिक मन्त्रको उच्चारण गर्नुपर्ने शास्त्रीय व्यवस्था पाइन्छ। वैदिक यज्ञहरूमा पत्नीको पनि पतिसँगसँगै अधिकार हुने र वैदिक यज्ञको अनुष्ठान गर्दा त्यसको राम्ररी ज्ञान पनि गर्नै पर्ने देखिएकाले[४] समेत द्विजातिस्त्रीहरूको वेदाध्ययनमा अधिकार हुँदैन भन्ने कुरा युक्तियुक्त देखिँदैन। स्त्रीको विवाहलाई उपनयनको स्थानापन्न (व्रतबन्धको सट्टामा गरिने) संस्कार पनि मानिएको[५] र स्त्रीको उपनयन संस्कार नगरे पनि हुने मानिएको देखिन्छ। तथापि विवाहपछि द्विजातिस्त्रीलाई वेद नै पढ्ने पनि अधिकार हुने देखिन्छ[६]। उच्च तहका शूद्रलाई पनि रामायण, महाभारत, पुराण

---

१. यस विषयको विस्तृत विवेचना संस्कृतभाषामा **द्विजातिकन्योपनयनविचार** (शिवराज आचार्य कौण्डिन्न्यायन, सारस्वती सुषमा [अनुसन्धानपत्रिका], सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय, वाराणसी, वि.सं.२०४७, मार्गशीर्ष-फाल्गुनपूर्णिमा, ४५।३-४, पृ.१७७-१९२) भन्ने लेखमा र नेपाली भाषामा **'वेदाध्ययनार्थक उपसदन(उपनयन)मा द्विजातिस्त्रीको अधिकारको विवेचना'** (प्रियवँवदाम्बा कौण्डिन्न्यायनी, **दीपशिखा,** स्वतन्त्र विद्यार्थी युनियन, पद्मकन्या बहुमुखी क्याम्पस, बागबजार, काठमाडौँ, पूर्णाङ्क ३, २०५१, पृ.५४-७३) भन्ने लेखमा गरिएको देखिन्छ। कुमारिल भट्ट, पार्थसारथि मिश्र, वासुदेव दीक्षित, खण्डदेव इत्यादि प्रसिद्ध मीमांसकहरूले ब्राह्मणको उपनयनको विधान गर्ने मूल वचनबाट ब्राह्मणी कन्याको उपनयन प्राप्त नै छैन भन्न नसकेका कुरामा आधुनिक वाक्संयमरहित व्यक्ति कसैले पूर्वाग्रहपीडित भै उपनयनविधायक मूल वचनबाट ब्राह्मणी कन्याको उपनयन प्राप्त नै छैन भनेर भन्छ भने त्यो कुरा श्रद्धेय हुन सक्ने कत्ति पनि देखिँदैन।

२. लाजहवनका मन्त्रहरू अर्थसहित यसै ग्रन्थका परिशिष्टमा (पृ.१९९-२००) प्रस्तुत छन्।

३. **स्त्रियश् चोपयजेरन्नाचरितत्वात्।**—पारस्कर-गृह्यसूत्र २।१७।१९।

४. • **स्त्री चाऽविशेषात्** (स्त्री पनि वैदिक यज्ञमा अधिकारिणी हुन्छे, यज्ञका अधिकारका विषयमा स्त्री र पुरुषमा केही विशेष [फरक] नहुनाले)।—कात्यायन-श्रौतसूत्र १।१।७।

• **अर्थी विद्वान् अधिक्रियते** (फलको इच्छा राख्ने र त्यो फल प्राप्त गर्न गर्नुपर्ने कर्मको ज्ञान भएको व्यक्ति अधिकारी हुन्छ)।—वस्तुस्थितिप्रकाशक शिष्टहरूको उक्ति।

५. **वैवाहिको विधिः स्त्रीणां संस्कारो वैदिकः स्मृतः।**
पतिसेवा गुरौ वासो गृहार्थोऽग्निपरिक्रिया॥—मनुस्मृति २।६७।

६. द्र.– **वैदिक धर्म मूल रूपमा**, स्वाद्ध्यायशाला, द्वि.सं.२०६२, पृ.३१७।

इत्यादि ग्रन्थको अध्ययन गर्ने शास्त्रीय अधिकार भएकाले[1] सच्छूद्रस्त्रीलाई (उच्च तहका शूद्रस्त्रीलाई) पनि ती ग्रन्थहरूको अध्ययन गर्ने अधिकार भएकै देखिन्छ। यस्तो वस्तुस्थितिलाई हृदयङ्गम गर्न नसकेर कतिपय आधुनिक व्यक्तिहरूले द्विजातिस्त्रीहरूलाई वेद पढ्न नदिएर शूद्रका थान्कामा पुऱ्याइयो भनेर प्रचार गरिरहेको पनि देखिन्छ[2]। किन्तु वस्तुस्थिति उनीहरूले भनेजस्तो हैन। द्विजातिस्त्रीको स्थान र शूद्रको स्थान समान भएको देखिँदैन।

स्त्रीशिक्षामा समस्या

एकथरी व्यक्तिहरू कन्याको सानै उमेरमा विवाह गरिदिने व्यवस्था बाँधेर शास्त्रले स्त्रीलाई अशिक्षित राख्ने काम गऱ्यो भनी शास्त्रमाथि नै सबै दोष थोपर्न अग्रसर देखिन्छन् भने अर्काथरी व्यक्तिहरू पुरुषले नै स्त्रीमाथि थिचोमिचो गर्न त्यस्तो गर्ने गरेको भन्न पनि पछि पर्दैनन्। किन्तु सम्पूर्ण समाज नै अशिक्षित र कुशिक्षित भएकाले त्यस्तो हुन गएको वस्तुस्थितिलाई भने कसैले उजागर गरेको देखिँदैन। स्त्रीलाई भोग्याका (उपभोग्य वस्तुका) रूपमा मात्र हेरियो भनेर वैदिक परम्परामाथि मिथ्या (झूटो) आरोप[3] लेगाउने कतिपय व्यक्तिले अहिलेको

---

१. • यसै ग्रन्थको ५५औं पृष्ठ र त्यसको तेस्रो टिप्पणी पनि हेर्नुहोस्।

• मल्लकालमा (राय मल्लको शासनकालमा [वि.सं.१५३८–१५५३?] अभयराजका छोरा शुभराज भन्ने शूद्रले आफ्नो वर्ण(शूद्रत्व)मा गौरवानुभूति गर्दै यस्तो उल्लेख गरेका छन्–

> **अस्ति शूद्राऽन्वये जातोऽभयराजकवीश्वरः।**
> **तत्पुत्रः शुभराजोऽसौ तेनेदं रचितं शुभम्॥**–('पाण्डवविजय'– नाटक)

उनले संस्कृत भाषामा 'पाण्डवविजय'-नामक र 'रूपमञ्जरीपरिणय'-नामक नाटक रचेका छन् (द्र.– कतिपय-नैपालसंस्कृतग्रन्थकार-परिचय, स्वाद्ध्यायशाला, २०४८, पृ.१०)। यसबाट पनि उच्च तहका शूद्रले समेत संस्कृत भाषाको ज्ञान गरेर पुराणादि वाङ्मयको अध्ययन गर्ने गरेको र संस्कृत भाषामै पनि लेख्ने गरेको नेपाली परम्पराको झलक मिल्दछ।

२. "Women were given the position of *sudras,* and therefore they were considered inferior. They were also denied the right to study the vedas."
–**Religion and Rights of Children and Women in South Asia,** by Mabelle Arole, UNICEF, Regional Office for South Asia, Kathmandu, 1998, p.26.

३. • मदनमणि दीक्षितको माधवी उपन्यासमा महाभारतमा आएको एउटा कथालाई भाँचकुच पारेर माधवीलाई भोग्या स्त्रीका रूपमा उपस्थापित गरिएको हुनाले त्यसैका आधारमा धेरै लेखकहरू भ्रान्त भै माधवी उपन्यासको वर्णनलाई नै धर्मशास्त्रको प्रतिपादनजस्तो मान्न पुगी त्यसलाई प्रमाणका रूपमा उल्लेख गर्ने गरेको पनि देखिन्छ। किन्तु उक्त उपन्यासमा अत्यन्त काल्पनिक र अयथार्थ वैदिक समाजको चित्र प्रस्तुत गरिएको छ।

• यस्तो आरोप मिथ्या हो भन्ने कुरा यसै ग्रन्थको 'पत्नी र पतिपत्नीसम्बन्ध' भन्ने प्रकरणबाट (पृ.९२) र अन्य प्रकरणबाट (पृ.१०९ इ.) पनि स्पष्ट रूपले बुझ्न सकिन्छ।

आधुनिक शिक्षाले नै शिक्षितै भनिएका स्त्रीलाई पनि व्यापारिक वस्तुका रूपमा वा विज्ञापनका साधनका रूपमा प्रयोग गरिने वस्तुका रूपमा परिणत गरेको कुरालाई भने त्यति उठाउने गरेको देखिँदैन। पश्चिमी समाजबाट हाम्रा देशमा भित्रिएको यस्तो उपभोगवादी संस्कृतिले स्त्रीको अत्यधिक शोषण गरिरहेको कुरामा चाहिँ हामी सबै विशेष सावधान हुन आवश्यक देखिन्छ।

वैदिक धर्मशास्त्रमा कन्याको सानै उमेरमा नै विवाह गरिदिनुपर्ने कुरा बाध्यात्मक रूपमा आएको छैन[1]। एकातिर पुरुष र स्त्री पनि आजीवन अविवाहित रही अध्ययनमननमा समर्पित रहन सक्ने व्यवस्था पनि शास्त्रैमा गरिएको पाइन्छ भने अर्कातिर ब्रह्मचर्यमा रही अध्ययन पूर्ण गरेर स्त्री र पुरुष दुवै गृहस्थाश्रममा प्रवेश गर्न सक्ने व्यवस्था पनि शास्त्रैमा गरिएको देखिन्छ। केवल स्त्रीले मात्रै हैन, पुरुषले समेत सबैले त अध्ययन पूर्ण गरेर मात्रै गृहस्थाश्रममा प्रवेश गर्ने भन्ने देखिँदैन। ब्रह्मचर्यको व्रत मात्रै पूरा गरेर व्रतस्नातक भै[2] गृहस्थाश्रममा प्रवेश गर्ने पुरुषले गृहस्थ भएपछि पनि अनुकूल परिस्थिति आएमा वेदवेदाङ्गादि शास्त्र पढ्न सक्तछन्। यस्तो व्यवस्था उपनयन गरेर वा विवाहलाई नै उपनयनस्थानापन्न संस्कार मानेर गृहस्थाश्रममा प्रवेश गर्ने स्त्रीमा पनि लागू हुन सक्ने नै देखिन्छ। तसर्थ अध्ययन गर्ने कुरा व्यक्ति-व्यक्तिको रुचि, क्षमता, परिस्थिति इत्यादि विभिन्न कारणबाट प्रभावित हुन्छ। धेरैजसो पुरुषै अशिक्षित भएका समाजमा स्त्रीहरूको शिक्षाको समुचित व्यवस्था हुन नसकेको स्वाभाविक कुरालाई धर्मशास्त्रले स्त्रीलाई पिछड्याएको हो भन्नु युक्तिसङ्गत कुरा देखिँदैन। याज्ञवल्क्यका दुई पत्नीमध्ये कात्यायनी धनसम्पत्तिका उपभोगमा रमाउने खालकी भएको र मैत्रेयीचाहिँ त्यसले सन्तुष्ट नभएर अमरत्व प्राप्त गर्ने ब्रह्मविद्याको जिज्ञासा गर्ने खालकी भएको भन्ने कुरा बृहदारण्यकोपनिषद्मा उल्लिखित छ[3]। यसबाट स्वभावैले अध्ययन गर्न चाहने र नचाहने दुईथरी स्त्री सबै कालमा लोकमा हुन्छन् भन्ने कुरा स्पष्ट हुन्छ। विशेष अध्ययन गर्न नचाहने र विवाह गर्न चाहने खालका स्त्रीहरूको नै कम उमेरमा विवाह गरिदिनुपर्ने भन्ने शास्त्रको आशय रहेको देखिन्छ। यसबाट स्त्रीलाई अध्ययनमा निषेध गरेको वा पिछड्याएको भन्ने कुरा सिद्ध हुन सक्ने देखिँदैन।

कन्याको ब्रह्मचर्य र अध्ययन

कन्यालाई अरूले अध्यापन गर्दा आजभोलि देखिएकोजस्तै शिक्षक शिक्षार्थिनीमा फस्ने वा शिक्षकले शिक्षार्थिनीलाई बिगार्ने इत्यादि ठूला दोष देखिन सक्ने हुनाले कन्यालाई गुरुकुलमा नपठाई घरमै बाबु, ठूलाबाबु, सानाबाबु, दाजु

---

१. यसै ग्रन्थको 'वर र कन्याको विवाहयोग्य उमेर' भन्ने प्रकरण (पृ.७४-७७) हेर्नुहोस्।

२. स्नातकको परिभाषा र स्नातकका तीनथरी भेद यसै ग्रन्थको ६८ पृष्ठमा देखाइएका छन्।

३. यसै ग्रन्थका १०९ पृष्ठ (टि.८) र ११० पृष्ठ (टि.१) हेर्नुहोस्।

इत्यादि मान्यजनले अध्यापन गर्नुपर्ने भन्नेसम्म शास्त्रको तात्पर्य रहेको देखिन्छ। उपनयन गरेका पक्षमा ब्रह्मचारिणी कन्याले आफ्नै घरमा मात्र भिक्षा माग्नुपर्ने, तर छालाको लुगा लगाउन र जटाधारण गर्न नपर्ने इत्यादि शास्त्रीय नियमको पालन गर्नुपर्ने कुरा हारीतस्मृतिका र यमस्मृतिका वचनबाट देखिन्छ[1]।

यी हारीतका र यमका वचनलाई स्मृतिचन्द्रिकाकार देवण्ण भट्ट (तेह्रौँ शताब्दी), पाराशरमाधवीयकार माधवाचार्य (पन्ध्रौँ श.), वीरमित्रोदयकार मित्र मिश्र (सत्रौँ श.), निर्णयसिन्धुकार कमलाकर भट्ट (सत्रौँ श.), संस्काररत्नमालाकार गोपीनाथ भट्ट (अठारौँ श.), धर्मसिन्धुकार काशीनाथ उपाध्याय (उन्नाइसौँ श.) इत्यादि प्राचीन-अर्वाचीन धेरै धर्मशास्त्रनिबन्धकारहरूले प्रामाणिक मानेर विचारमा ल्याएका छन्। आजभोलि शास्त्र र शिष्टका अनुशासनमा नरहने कोही व्यक्तिले यी वचनलाई प्रमाण नमानेर गरेका कुराहरू युक्तियुक्त देखिँदैनन्। साथै चर्चित आधुनिक धर्मशास्त्रविचारक हरिहरानन्द करपात्रीको २०३० संवत्मा पुरीको गोवर्धनमठले प्रकाशित गरेको **चातुर्वर्ण्य-संस्कृति-विमर्श** भन्ने ग्रन्थमा पनि उक्त वचनलाई अप्रामाणिक नभनी त्यसलाई प्रामाणिकै मानी विचार गरिएको कुरासमेत यस सन्दर्भमा स्मरणीय छ। यस्तो विषय पनि पत्तै नपाई कलम चलाउनु आधुनिक लेखकको ठूलो कमजोरी देखिन्छ।

उपनयन गरेपछि स्नान, सन्ध्योपासन, पवित्रजपयज्ञ, स्वाध्यायाध्ययन, अग्निसेवा इत्यादि नियमको पनि ब्रह्मचारी पुरुषले झैँ नै माणविकाले (ब्रह्मचारिणीले) समेत पालना गर्नुपर्ने देखिन्छ। कन्याले पनि ब्रह्मचर्यको पालना गर्नुपर्ने कुराको स्पष्ट उल्लेख शास्त्रमा गरिएको छ[2]। वेद पढेर तथा तपस्या गरेर अविवाहित नै बसेकी वेदवती नामकी कन्याको प्रसङ्ग रामायणमा आएको छ[3]।

प्राचीन कालमा स्त्रीशिक्षाको अवस्था

प्राचीन कालमा स्त्रीहरूलाई पनि वेदवेदाङ्गादि शास्त्रको शिक्षा दिइन्थ्यो भन्ने कुरा अन्य विभिन्न ग्रन्थहरूको साक्ष्यबाट पनि बुझिन्छ। पाणिनीय व्याकरणको भाष्यमा (व्याख्यामा) 'काशकृत्स्नि(आचार्य)द्वारा प्रोक्त (प्रवचन गरिएको) मीमांसा काशकृत्स्नी (मीमांसा) भनिन्छ, काशकृत्स्नी मीमांसा जो पढ्छे, त्यो ब्राह्मणी

---

१. • तत्र ब्रह्मवादिनीनामुपनयनमग्नीन्धनं वेदाध्ययनं स्वगृहे च भिक्षाचर्या।
—हारीतको वचन (द्र.– स्मृतिचन्द्रिका, संस्कारकाण्ड, पृ.६२; इ.)।

• पुराकल्पे तु नारीणां मौञ्जीबन्धनमिष्यते। अध्यापनं च वेदानां सावित्रीव(वा)चनं तथा॥ पिता पितृव्यो भ्राता वा नैनामध्यापयेत् परः। स्वगृहे चैव कन्याया भैक्षचर्या विधीयते॥ वर्जयेदजिनं चीरं जटाधारणमेव च।—यमको वचन (द्र.–स्मृतिच., संस्कार., पृ.६२;इ.)।

२. दशवार्षिकं ब्रह्मचर्यं कुमारीणां द्वादशवार्षिकं वा।–काठकगृह्यसूत्र (लौगाक्षि गृ.सू.)१९।२।

३. तस्याऽहं कुर्वतो नित्यं वेदाभ्यासं महात्मनः।
सम्भूता वाङ्मयी कन्या नाम्ना वेदवती स्मृता॥—वाल्मीकिरामायण, उत्तरकाण्ड १७।९।

काशकृत्स्ना भनिन्छे'[१] भन्ने उदाहरण बारम्बार दिइएकाले पतञ्जलिका समयमा (वि.पू. दोस्रो शताब्दीतिर) उक्त व्यवहार अत्यन्त प्रचलित भएको कुरा झल्कन्छ। मीमांसाको अध्ययन वेदको अध्ययन गरेपछि मात्रै गर्न सकिने हुँदा कतिपय ब्राह्मणीहरूले त्यस बेला वेद र मीमांसाको अध्ययन गर्ने गरेको कुरा बुझिन्छ।

वेद-वेदाङ्गको कुनै भाग पढाउने ब्राह्मणीलाई उपाध्यायी र उपाध्याया भनिने कुरा पाणिनीय व्याकरणका वार्तिककार कात्यायनका वार्तिकबाट[२] र भाष्यकार (व्याख्याता) पतञ्जलिका भाष्यबाट[३] पनि देखिन्छ। यसबाट ब्राह्मणीहरूले त वेदादि शास्त्र पढ्ने मात्र नभै ती शास्त्र पढाउने समेत गरेको कुरा पुष्ट हुन्छ। 'आपिशलिको व्याकरण पढ्ने स्त्री आपिशला ब्राह्मणी भनिन्छे'[४], 'औदमेघ्या भनिने स्त्रीका छात्रहरू औदमेघ भनिन्छन्'[५] इत्यादि पाणिनीयव्याकरणभाष्यका प्रयोगहरूबाट पनि ब्राह्मणी स्त्रीहरू अध्ययन र अध्यापनमा राम्रैसित संलग्न हुने गरेको देखिन्छ[६]। पतञ्जलिका समयमा क्षत्रिय र वैश्यका स्त्रीहरूमा भने अध्ययन प्रचलित नभएको छनक उनको भाष्यबाट मिल्दछ। ब्राह्मणहरूले धर्मका निम्ति मात्रै भने पनि वेदादि शास्त्र पढ्नुपर्ने शास्त्रीय कडा निर्देश भएकाले[७] ब्राह्मणहरूमा लामो समयदेखि अध्ययन-अध्यापन गर्ने प्रवृत्ति स्वाभाविक रूपमा आइरहेको देखिन्छ भने क्षत्रियादि जातिहरूमा त्यस्तो देखिँदैन। तथापि शुद्धकुलीन क्षत्रिय-वैश्यहरूलाई पनि वेद पढ्ने अधिकार भएकाले क्षत्रिय स्त्रीहरूले पनि वैदिक मन्त्रहरू पढ्ने मान्यता रहेको उदाहरण प्राचीन ग्रन्थहरूमा पाइन्छ।

दशरथकी जेठी रानी कौशल्याले रामको युवराज पदमा अभिषेकका दिन प्रातःकालमा अग्निमा हवन (होम) गरेको उल्लेख रामायणमा पाइन्छ[८]। वानरराज वाली सुग्रीवसित युद्ध गर्न प्रस्थान गर्ने बेलामा उनकी पत्नी ताराले मन्त्रहरू पढेर स्वस्तिवाचन गरेको उल्लेख पनि त्यहीँ गरिएको छ[९]। यी दुवै

---

१. काशकृत्स्निना प्रोक्ता मीमांसा काशकृत्स्नी, काशकृत्स्नीमधीते (तामधीते) काशकृत्स्ना ब्राह्मणी।–पाणिनीयव्याकरणभाष्य ४।१।१४(५) [कीलहोर्न्‌को संस्करण, पृ.२०६], ४।१।९३(९) [पृ.२४९], ४।३।१५५(५) [पृ.३२५]।

२. इङश् चेत्यपादाने स्त्रियामुपसङ्ख्यानं तदन्ताच् च वा ङीष्।–३।३।२१(१), [पृ.१४७]।

३. उपेत्याऽधीयते तस्या उपाध्यायी उपाध्याया।–पाणिनीय व्या.भा.३।३।२१(१), [पृ.१४७]।

४. आपिशलमधीते ब्राह्मणी आपिशला ब्राह्मणी।–पा.व्या.भा.४।१।१४(३), [पृ.२०५]।

५. औदमेघ्यायाश् छात्रा औदमेघाः।–पाणिनीयव्याकरणभाष्य ४।१।७८(१), [पृ.२२९]।

६. स्त्रीहरूको अध्ययन-अध्यापनका विषयमा प्राचीन ग्रन्थहरूमा अन्यत्र पनि ठाउँ-ठाउँमा उल्लेख गरिएको पाइन्छ।

७. ब्राह्मणेन निष्कारणो धर्मः षडङ्गो वेदोऽध्येयो ज्ञेय इति।–पा.व्या.भा.(पस्पशाह्निक, पृ.१)।

८. सा क्षौमवसना हृष्टा नित्यं व्रतपरायणा।
अग्निं जुहोति स्म तदा मन्त्रवत् कृतमङ्गला॥–वा.रामायण, अयोध्याकाण्ड २०।१५।

९. ततः स्वस्त्ययनं कृत्वा मन्त्रव(वि)द् विजयैषिणी।–वा.रामायण, किष्किन्धाकाण्ड१६।१२।

उल्लेखमा **'मन्त्रवत्'** भनिएकाले वैदिक मन्त्रहरूको प्रयोग गरेर भन्ने अर्थ प्रसङ्गले निस्कन्छ। अतः उक्त प्रसङ्गबाट कौशल्या र तारालाई वैदिक मन्त्रहरूको ज्ञान भएको कुरा बुझिन्छ। रामायणमा सीता, राम र लक्ष्मणले सँगसँगै सन्ध्योपासन गरेको कुरा एउटै वाक्यले एउटै क्रियापदले देखाइएकाले सीताको र रामको सन्ध्योपासन उस्तै नै भएको कुरा स्पष्ट हुन्छ[१]। रावणद्वारा हरिएर लङ्का पुऱ्याइएकी सीताद्वारा पनि सन्ध्योपासन गरिने गरेको कुराको उल्लेख पनि रामायणमा आएको छ[२]। सन्ध्योपासनमा वैदिक मन्त्रहरूको प्रयोग हुने कुरा पनि गृह्यसूत्रादिमा उल्लिखित देखिन्छ।

महाभारतमा राजा पाण्डुकी पत्नी कुन्तीलाई ब्राह्मणले अथर्ववेदोपनिषद्को मन्त्र पढाएर कण्ठस्थ गर्न लगाएको भन्ने उल्लेख पाइन्छ[३]। साथै त्यहाँ शकुन्तलाले वेदमन्त्रको उच्चारण गरेर त्यसका आधारमा आफ्नो पक्षको पुष्टि गरेको कुरा पनि देखाइएको छ[४]। पाण्डवहरूकी पत्नी द्रौपदीलाई पनि ब्रह्मवादिनी (वेदवेदाङ्गादि शास्त्र पढेकी विदुषी) भनेर विशेषित गरिएको छ[५]। पद्मपुराणमा पतिले नै आफ्नी पत्नीलाई विद्वान् पिताबाट धर्ममार्ग बुझेकी ब्रह्मवादिनी भनेर आदर गरेर व्यवहार गरेको पनि देखिन्छ[६]। गन्धर्वराज विश्वावसुकी छोरी मदालसाले आफ्ना छोरालाई राजधर्म, वर्णाश्रमधर्म, गार्हस्थ्यधर्म इत्यादि धेरै विषयको विस्तृत रूपले उपदेश गरेको कुरा मार्कण्डेयपुराणको मदालसोपाख्यानमा (२४।१–) आएको छ। यसबाट मदालसाको विद्वत्ता स्पष्ट बुझ्न सकिन्छ। क्षत्रिय वीराङ्गना तथा विदुषी विदुलाले युद्धबाट भागेर आएका आफ्ना छोरालाई क्षत्रियधर्मका विविध कुराहरू देखाएर युद्धका निम्ति उत्साहित गरेको आख्यान महाभारतको उद्योगपर्वमा (१३३।१–१३६।२२) आएको छ। यसबाट विदुला एक सुशिक्षित, विशिष्ट तथा क्षत्रियधर्मज्ञ नारी भएको पुष्टि हुन्छ।

---

१. वाग्यतास् ते त्रयः सन्ध्यां समुपासन्त संहिताः॥–वा.रामायण, अयोध्याकाण्ड ८७।१९।

२. सन्ध्याकालमनाः श्यामा ध्रुवमेष्यति जानकी।
नदीं चेमां शुभजलां सन्ध्यार्थे वरवर्णिनी॥–वाल्मीकि-रामायण, सुन्दरकाण्ड १४।४९।

३. ततस् तामनवद्याङ्गीं ग्राहयामास स द्विजः।
मन्त्रग्रामं तदा राजन्नथर्वशिरसि श्रुतम्॥–महाभारत, वनपर्व ३०५।२०।

४. वेदेष्वपि वदन्तीमं मन्त्रग्रामं द्विजातयः।
जातकर्मणि पुत्राणां तवाऽपि विदितं तथा॥–महाभारत, आदिपर्व ७४।६२।

अङ्गादङ्गात् सम्भवसि हृदयादधि जायसे।
आत्मा वै पुत्रनामाऽसि स जीव शरदः शतम्॥–आदि.७४।६३, शतपथ ब्रा.१४।९।४।८,२६।

५. पतिव्रता महाभागा सततं ब्रह्मवादिनी।
द्रौपदी च कथं ब्रह्मन्नज्ञाता दुःखिताऽवसत्॥–महाभारत, विराटपर्व १।३।

६. धर्ममार्गस् त्वया सर्वः पितुः प्राप्तः पुराऽनघे।
ममैतद् विदितं कान्ते भवती ब्रह्मवादिनी॥–पद्मपुराण, पातालखण्ड ८९।१३–१४।

उपर्युक्त उदाहरणहरूको राम्ररी विवेचना गर्दा वैदिक समाजमा द्विजातिस्त्रीहरूलाई वेद-वेदाङ्गादि शास्त्रको समुचित शिक्षा दिन पर्ने मान्यता थियो भन्ने कुरा पुष्ट हुन्छ। पछिपछि विभिन्न सामाजिक परिस्थितिले गर्दा उनीहरूमा शिक्षाको कमी हुन गएको देखिन्छ। पति-पत्नी मिलेर यज्ञ गर्ने र धर्मकर्म गर्ने वैदिक सिद्धान्तको अनुसरण अहिलेसम्म नै त्यस्तो व्यवहार गरेर गरिराखिएको हुनाले द्विजातिस्त्रीहरूलाई पछिपछि शूद्रझैं व्यवहार गरिन थालियो भन्ने आधुनिक समीक्षकको आरोप अयथार्थ नै देखिन्छ।

वैदिक समाजमा शास्त्रीय शिक्षाका साथै स्त्रीहरूलाई व्यावहारिक शिक्षा पनि दिइने कुरा वैदिक मन्त्रहरूबाट र अन्य ग्रन्थहरूबाट पनि स्पष्ट रूपमा बुझ्न सकिन्छ। पत्नीले पतिका निम्ति[१] र आमाले छोराका निम्ति वस्त्र बुन्ने कुरा[२] वैदिक मन्त्रहरूमा आएको छ। स्त्रीहरूले धागो कात्ने, वस्त्र बुन्ने, लुगा सिउने[३], जाँतो पिन्ने[४] इत्यादि धेरै घरगृहस्थीका कार्यहरू गर्ने मान्यता रहेको कुरा पनि वैदिक मन्त्रहरूबाट अवगत हुन्छ। आपत्कालमा स्त्रीहरूले धागो कातेर र वस्त्र बुनेर जीविका चलाउने गरेको पनि देखिन्छ। कौटलीय अर्थशास्त्रमा बाहिर ननिस्कने, पति परदेश गएकाले पति साथमा नभएका, विकलाङ्ग इत्यादि प्रकारका स्त्रीहरूका निम्ति राज्यले उनीहरूका घरमै दासीहरूद्वारा सामग्री पठाएर धागो कात्ने काम दिनुपर्ने व्यवस्था गरिएको छ[५]।

वात्स्यायनको कामसूत्रबाट स्त्रीहरूलाई वेदवेदाङ्गादि शास्त्रका साथमा गृहविज्ञान र ललितकलाको शिक्षा पनि दिइन्थ्यो भन्ने देखिन्छ। विविध परिस्थितिले गर्दा स्त्रीहरूमा वैदिक अध्ययनको कमी हुन थालेपछि पनि सम्पन्न र सुसंस्कृत परिवारमा तथा राजघरानाहरूमा गृहविज्ञान तथा ललितकलाको शिक्षाचाहिँ पछिसम्म पनि छोरीहरूलाई दिइने गरिन्थ्यो भन्ने कुरा पनि

---

१. ये अन्ता यावतीः सिचो य ओतवो ये च तन्तवः।
वासो यत् पत्नीभिरुतं तन् नः स्योनमुप स्पृशात्॥—अथर्ववेद-संहिता १४।२।५१।

२. ..... वस्त्रा पुत्राय मातरो वयन्ति।—ऋग्वेद-संहिता ५।४७।६।

३. विवाहमा वरले वधूलाई उत्तरीय वस्त्र (पछ्यौरा) दिंदा पढ्ने मन्त्र—
या अकृन्तन्नवयन् या अतन्वत। याश् च देवीस् तन्तूनभितो ततन्थ।
तास् त्वा देवीर् जरसे संव्ययस्वाऽऽयुष्मतीदं परिधत्स्व वासः॥
(जुन देवीहरूले यस वस्त्रको धागो काते, जसले वस्त्र बुने, जसले धागो फैलाए, ती देवीले तिमीलाई दीर्घजीवनका निम्ति यो वस्त्र पहिऱ्याइदिऊन्, हे आयुष्मती, यो वस्त्र पहिरिय।) —पारस्कर-गृह्यसूत्र १।४।१३; द्र.– अथर्ववेद-संहिता १४।१।४५; इत्यादि।

४. .... उपलप्रक्षिणी नना।—ऋग्वेद-संहिता ९।११२।३।

५. याश्चाऽनिष्कासिन्यः प्रोषितविधवा न्यङ्गाः कन्यका वाऽऽत्मानं बिभृयुस् ताः स्वदासीभिरनुसार्य सोपग्रहं कर्म कारयितव्याः।—कौ.अ.२।२३ (नेराप्रप्र.सं., पृ.१९९)।

कामसूत्रबाट झल्कन्छ। स्त्रीहरूमा सङ्गीत[1]प्रति विशेष झुकाव रहने स्वभाव भएको कुरा शतपथब्राह्मणमा पनि आएको छ[2]। कामसूत्रकार वात्स्यायनले[3] कन्याहरूलाई ६४ कला सिकाउन शिक्षिकाको व्यवस्था गर्नुपर्ने निर्देश गरेका छन्। उनले उल्लेख गरेका ६४ कलाहरूको परिचय तल दिइएको छ[4]।

चौसट्ठी कला

१. **गीत**, २. **वाद्य**, ३. **नृत्य**, ४. **आलेख्य** (चित्रकला), ५. **विशेषकच्छेद्य** (नाना प्रकारका तिलकका आकृतिमा भोजपत्र काट्ने [काटेर सिताराजस्ता टीका बनाउने] कला), ६. **तण्डुलकुसुमवलिविकार** (चामल तथा फूलहरूको अनेक प्रकारका विन्यासविशेषद्वारा भूमि सजाउने कला), ७. **पुष्पास्तरण** (अनेक प्रकारका फूलहरूद्वारा शय्या, शयनगृह, मण्डप इत्यादि सजाउने कला), ८. **दशनवसनाङ्गराग** (दाँत रँगाउने [बिरी इत्यादि लगाउने], वस्त्र [लुगा] रँगाउने तथा लाक्षादिले शरीरका विभिन्न अङ्ग रञ्जन गर्ने कला), ९. **मणिभूमिकाकर्म** (मणिहरूद्वारा विशेष गुणवान् भुइँ बनाउने कला), १०. **शयनरचना** (शय्या [बिछ्याउना] लगाउने-सजाउने कला), ११. **उदकवाद्य** (जलतरङ्ग इत्यादि वाद्य बजाउने कला), १२. **उदकाघात** (जलक्रीडा गर्दा पानी छ्याप्ने [पिचकारीले पानी फ्याँक्ने] कला), १३. **चित्रयोग** (युवकलाई बूढोजस्तो देखाउने इत्यादि प्रकारको अनौठो कला), १४. **माल्यग्रथनविकल्प** (माला गाँस्ने विभिन्न रीतिहरू) १५. **शेखरकापीडयोजन** (शिरमा पगरी वा शिरस्त्राण इत्यादिमा विविध प्रकारका झुम्काहरू र मण्डलाकार शिरोमाला जुरोमा राखी काष्ठिकाले [सुइराले] व्यवस्थित गर्ने कला), १६. **नेपथ्यप्रयोग** (विभिन्न वस्त्र र आभूषणद्वारा शरीरलाई भूषित गर्ने कला), १७. **कर्णपत्रभङ्ग** (हात्तीको दाँत, शङ्ख इत्यादिद्वारा कानमा लगाउने कर्णपत्र [टप, ढुङ्ग्री इत्यादि] बनाउने कला), १८. **गन्धयुक्ति** (सुगन्धित द्रव्य [अत्तर] बनाउने र लगाउने कला), १९. **भूषणयोजन** (आभूषण [गरगहना] जोड्ने-बनाउने [पोते उन्ने इत्यादि] कला), २०. **ऐन्द्रजाल** (इन्द्रजाल [जादुगरी, चटक] देखाउने

---

१. गान, वाद्य र नृत्य यी तीनै थोकको संयुक्त नाम सङ्गीत हो। भनिएको पनि छ—
"गीतं वाद्यं तथा नृत्यं त्रयं सङ्गीतमुच्यते॥"—सङ्गीतरत्नाकर १।१।२१।

२. तस्माद् य एव नृत्यति यो गायति तस्मिन्नेवैता निमिश्लतमा इव।—शतपथ ब्रा.३।२।४।६।

३. वात्स्यायनको समयको पछिल्लो सीमा चौथो शताब्दी मानिएको छ। अर्थात् वात्स्यायन चौथो शताब्दीभन्दा पछिका मानिएका छैनन्।

४. यहाँ कामसूत्रको (१।३।१५) 'जयमङ्गला' व्याख्या र काव्यप्रकाशको 'हैमवती' व्याख्या (पृ.८-९) पनि हेरेर ६४ कलाका नामको अर्थ दिने प्रयास गरिएको छ। नेपाली बृहत् शब्दकोशमा (नेराप्रप्र., २०४०, २०५०, २०५२, २०५५, २०५८) चाहिँ शास्त्रोक्त ६४ कलामध्ये धेरैको नाम र अर्थ अयथार्थ रूपमा प्रस्तुत गरिएको देखिन्छ।

कला), २१. **कौचुमारयोग** (कुचुमार मुनिद्वारा बताइएको सौभाग्यवर्धकादि-प्रयोगको कला), २२. **हस्तलाघव** (सबै काममा हातको छिटोछरितोपन), २३. **विचित्र-शाक-यूष-भक्ष्य-विकारक्रिया** (नाना प्रकारका खाद्यान्न, व्यञ्जन र झोलिला पदार्थ पकाउने कला [पाकशास्त्रकला]) र **पानक-रस-रागाऽऽसव-योजन** (विभिन्न प्रकारका सर्बत, पेय, अचार, चटनी र आसव बनाउने कला), २४. **सूचीवानकर्म** (सिउने, रफ्फु भर्ने र बुन्ने कला), २५. **सूत्रक्रीडा** (हातको सफाइद्वारा खेलिने डोरी वा धागोको एक प्रकारको खेल), २६. **वीणा-डमरुकवाद्य** (वीणा, डमरु इत्यादि बजाउने कला), २७. **प्रहेलिका** (पहेली [गाउँखाने कथाजस्तो समस्यात्मक कुराहरू] प्रस्तुत गर्ने र समाधान गर्ने कला), २८. **प्रतिमाला** (अन्त्याक्षरी मिलाएर श्लोक भन्ने कला), २९. **दुर्वाचकयोग** (शब्दका दृष्टिले र अर्थका दृष्टिले पनि भन्न कठिन रचनाको [गद्यपद्यको] निर्माण गर्ने कला), ३०. **पुस्तक-वाचन** (राम्रोसँग रस-भावअनुसार स्वर मिलाएर पुस्तक वा गद्य-पद्य रचना पढ्ने कला), ३१. **नाटकाऽऽख्यायिकादर्शन** (नाटक र आख्यायिका[कथा]को पारख गर्ने कला), ३२. **काव्यसमस्यापूरण** (अपूर्ण श्लोकमा यथोचित भाग थपेर पूरण गर्ने [समस्यापूर्ति गर्ने] कला), ३३. **पट्टिकावेत्रवानविकल्प** (बेत-बाँसद्वारा चकटी, मेच, खाट इत्यादि बुन्ने कला), ३४. **तक्षकर्म** (कामक्रीडाका निम्ति उपयोगी वस्तुहरूको ताछतुछ पारेर निर्माण गर्ने कला), ३५. **तक्षण** (सिकर्मीको कला), ३६. **वास्तुविद्या** (गृहनिर्माणको योजना [घरको आकार-प्रकारको परिकल्पना]), ३७. **रूप्यरत्नपरीक्षा** (सुन-चाँदीका मुद्रा र रत्नहरूको परीक्षणको तथा पहिचानको कला), ३८. **धातुवाद** (=क्षेत्रवाद=धातुकला; विभिन्न धातुलाई [मृत्तिकाविशेष, पत्थर, रत्न र धातुलाई] ढाल्ने, शोधन गर्ने र तिनलाई मिलाउने कला), ३९. **मणिरागाऽऽकरज्ञान** (स्फटिकलाई रङ्गाउने तथा पद्मरागादि मणिहरूको उत्पत्तिस्थानको ज्ञान गर्ने कला), ४०. **वृक्षाऽऽयुर्वेदयोग** (विभिन्न बिरुवा रोप्ने, तिनलाई हुर्काउने, कलमी गर्ने, तिनको रोगको उपचार गर्ने, रूखहरूद्वारा बगैंचा बनाउने इत्यादिको कला), ४१. **मेष-कुक्कुट-लावक-युद्धविधि** (भेडा, कुखुरा र बट्टैलाई लडाउने कला), ४२. **शुकसारिका-प्रलापन** (सुगा र मैनालाई बोल्न-पढ्न सिकाउने कला), ४३. **उत्सादनसंवाहनकेशमर्दनकौशल** (बुकुवा लगाउने-नुहाइदिने, गोडा-पिठ्यूँ इत्यादि मिच्ने र केश माड्ने कला), ४४. **अक्षरमुष्टिकाकथन** (शब्दहरूका बीच-बीचका अक्षरहरू छोडेर शब्दोच्चारण गरी छोटकरीमा अर्थ बुझाउने कला), ४५. **म्लेच्छितविकल्प** (गोप्य विषयमा सल्लाह गर्न पर्दा प्रयोग गरिने गुप्तभाषाको परिकल्पना गर्ने कला), ४६. **देशभाषाविज्ञान** (विभिन्न देशहरूको भाषाको ज्ञान) ४७. **पुष्पशकटिका** (फूलबारीको आकर्षक रचना गर्ने कला), ४८. **निमित्तज्ञान** (प्राकृतिक घटनाद्वारा शुभ र अशुभ कुराको ज्ञान गर्ने कला), ४९. **यन्त्रमातृका** (विभिन्न प्रकारका यन्त्रहरूको निर्माण गर्ने कला), ५०. **धारणमातृका** (स्मरणशक्ति दृढ बनाउने कला), ५१. **सम्पाठ्य** (धेरै जना मिलेर

सँगसँगै स्वर मिलाएर पाठ गर्ने [पढ्ने] कला), ५२. **मानसी** (मनले कल्पना गरेर श्लोकरचनाका निम्ति अनुकूल केही व्यञ्जन-वर्णहरू एउटाले लेख्ने र अर्काले ती व्यञ्जनमा यथोचित स्वरमात्राको संयोजन गरी पहिलो व्यक्तिले कल्पना गरेको अर्थ खुल्ने गरी श्लोक स्पष्ट गर्ने कला), ५३. **काव्यक्रिया** (कविता-काव्य-नाटकादि बनाउने कला), ५४. **अभिधानकोश** (शब्दकोशको ज्ञान) ५५. **छन्दोज्ञान** (विभिन्न छन्द र वृत्तहरूको ज्ञान), ५६. **क्रियाकल्प** (रमणीय काव्यरचनाको विधि बताउने शास्त्रको ज्ञान), ५७. **छलितकयोग** (वेष [रूप] बदलेर छल्ने कला), ५८. **वस्त्रगोपन** (वस्त्रको संरक्षण गर्ने कला, विशेष प्रकारले लुगा लगाउने कला र फाटेको लुगा पनि नफाटेकोझैँ मिलाएर लगाउने कला), ५९. **द्यूतविशेष** (विभिन्न प्रकारको जुवा खेल्ने कला), ६०. **आकर्षक्रीडा** (पासा खेल्ने कला), ६१. **बालक्रीडनक** (बच्चाका खेलौना बनाउने कला), ६२. **वैनयिकविद्याज्ञान** (मान्छेलाई विनयी बनाउन चाहिने आचारशास्त्रको [नीतिशास्त्रको] र हात्तीघोडालाई सधाउन चाहिने त्यसत्यस शास्त्रको ज्ञान), ६३. **वैजयिकविद्याज्ञान** (विजय दिलाउने विद्याको ज्ञान [अपराजिता इत्यादि दैवी विद्या र शस्त्रास्त्रसम्बन्धी लौकिक विद्या दुवैको ज्ञान]), ६४. **व्यायामिकविद्याज्ञान** (शिकार खेल्ने, कुस्ती खेल्ने, कसरत गर्ने, सैनिकव्यायाम गर्ने र युद्ध गर्ने विद्याको ज्ञान)।

स्त्रीशिक्षाको आवश्यकता

उक्त ६४ कलाहरूमा गृहविज्ञान र ललितकलाका विषयभन्दा बाहिरका अन्य विषयहरू पनि परेका देखिन्छन्। एउटै व्यक्ति ६४ नै कलामा पारङ्गत हुन कठिन हुने देखिए पनि कन्याहरूको रुचि र क्षमताअनुसार व्यावहारिकतालाई हेरेर उक्त कलामध्ये यथासम्भव अधिकतम कला उनीहरूलाई सिकाउन सकिने देखिन्छ। यसबाट उनीहरू घरगृहस्थीका सञ्चालनमा सिपालु हुनुका साथै व्यावहारिक विद्यामा पनि कुशल भएर उनीहरूले आफ्नो जीवनपद्धतिलाई सरल, सुखमय र निरापद बनाउन सक्ने देखिन्छ। समाज र विज्ञान जतिसुकै उन्नत भए पनि तथा स्त्री र पुरुषका कार्यक्षेत्रमा जतिसुकै समानता आए पनि पुरुष र स्त्रीका शिक्षासम्बन्धी आवश्यकतामा तथा त्यसको पूर्तिका साधनमा केही-न-केही अन्तर अवश्य आउँदछ। यस्तो अन्तर स्त्रीहरूको स्वाभाविक प्रकृतिको भिन्नताले र शारीरिक अवस्थाका भिन्नताले पनि आउने देखिन्छ। तसर्थ यस्ता विषयलाई पनि ध्यान दिएर स्त्रीशिक्षाको विशेष व्यवस्था गर्नुपर्ने विचार आधुनिक शिक्षाविद्हरूको समेत रहेको पाइन्छ[1]।

शिक्षाको वास्तविक उद्देश्य व्यक्तिलाई क्रियाशील, दक्ष, चेतनशील, विवेकशील, नैतिक, चरित्रवान्, स्वतन्त्रताप्रेमी, स्वदेशप्रेमी, आत्मगौरवशाली र

---

१. द्र.– शिक्षा-दर्शन, पं. सीताराम चतुर्वेदी, हिन्दी समिति, सूचना विभाग, उत्तर प्रदेश, लखनऊ, सन् १९७०, पृ.४७०।

लोककल्याणकारी भावनाले युक्त पनि बनाउने हुनुपर्ने हो। किन्तु आजभोलिको शिक्षाले व्यक्तिलाई अरू सबै कुरा छोडेर केवल कसरी बढीभन्दा बढी अर्थोपार्जन गर्ने र अधिकतम भौतिक सुविधा उपभोग गर्ने भन्ने विषयमा मात्र केन्द्रित बनाएको देखिन्छ। देशमा जतिजति आधुनिक शिक्षाको प्रचार-प्रसार बढ्दै गयो, त्यतित्यति समाजमा त्यस्तै प्रवृत्ति बढ्दै गएको देखिन्छ। त्यस्तो प्रवृत्ति बढ्नाले समाजमा अनाचार, दुराचार, भ्रष्टाचार र अन्य धेरै प्रकारका विकृतिले समेत जरा गाड्दै गरेको अनुभव हुन्छ। तथापि यस विषयमा राष्ट्रका अभिभावकहरूको तथा आधुनिक शिक्षाविद् र समाजशास्त्रीहरूको ध्यान गएको भने देखिँदैन। तसर्थ साधारण शिक्षा र स्त्रीशिक्षाको नीतिनिर्माण गर्दा यस्ता विषयमा ध्यान दिनुपर्ने आवश्यकता देखिन्छ।

हिन्दु धर्मशास्त्रलाई र व्यावहारिकतालाई दृष्टिमा राखी ऐतिहासिक मकैपर्वका नायक नायबसुब्बा कृष्णलाल उपाध्याय अधिकारी (वि.सं.१९४४–१९८०)द्वारा रचिएको स्त्रीशिक्षासम्बन्धी ग्रन्थ[1] यस सन्दर्भमा स्मरणीय देखिन्छ।

नेपाली भाषाका आदिकवि भानुभक्त आचार्य(वि.सं.१८७१–१९२५)द्वारा उच्चकुलीन हिन्दुहरूका बुहारीहरूलाई धर्मकर्मको, आचारविचारको र घरगृहस्थीको व्यावहारिक शिक्षा दिन रचिएको **वधूशिक्षा**लाई पनि समसामयिक स्त्रीशिक्षाको ग्रन्थका रूपमा हेर्न सकिन्छ। हिन्दुस्त्रीहरूलाई पनि पाश्चात्त्य मुलुकका आधुनिक स्त्रीहरूलाई झैँ सबै कुरामा स्वतन्त्र वा उन्मुक्त हुन दिनुपर्छ भन्ने कतिपय आधुनिकतावादी व्यक्तिहरूका दृष्टिमा मात्र उक्त ग्रन्थ आलोचनीय हुन पुगेको हो भन्ने देखिन्छ। त्यस्ता व्यक्तिहरूको आलोचनाको सटीक प्रत्यालोचना पण्डित कविराज नरनाथ आचार्य(वि.सं.१९६२–२०४५)द्वारा गरिएको पनि देखिन्छ[2]। कतिपय अशिक्षित र अविवेकी सासूहरूले बुहारीमाथि गर्ने गरेको थिचोमिचोलाई त **'वधूरक्षा'** भन्ने पद्यबद्ध आफ्ना रचनामा उहाँले अनुचित ठह-याई आलोचना गर्नुभएको पनि देखिन्छ[3]।

निष्कर्षमा भन्नुपर्दा आजभोलिका परिस्थितिमा पनि हिन्दुधर्मका उच्च आदर्श र नैतिक मूल्यको अनुसरण गर्दै स्त्रीहरूलाई धार्मिक, नैतिक, चारित्रिक[4],

---

१. धर्मकुमारी शिक्षा, सम्. गणेश भण्डारी, प्रका. नवराज सुवेदी, काठमाडौं, वि.सं.२०४५।

२. आदिकवि भानुभक्त आचार्यको सच्चा जीवनचरित्र, द्वि.सं., वि.सं.२०३६, पृ.१७६–१८२।

३. सासूहरूलाई उपदेश दिइएको वधूरक्षाको एउटा श्लोक–

सासूले रसको बचन् गरिदिदा मूखै उज्यालो गरी,
कोरीवाटि टिका र वस्त्र गहना निर्मल् शरीर्‌मा धरी।
गर्छन् काम् वधु फूर्तिले त घरमा यै हो सुलक्षिन् भनी,
द्यौता पित्र र इष्टमित्र खुसि भै आएर वस्छन् पनी॥

–वधूरक्षा, हरिश्चन्द्र कथा र सुभाषितसङ्ग्रह, २०१६, श्लो.४८, पृ.१३।

४. धार्मिक, नैतिक र चारित्रिक शिक्षामा समेत अत्यन्त महत्त्वपूर्ण योगदान दिन सक्ने संस्कृतशिक्षालाई संस्कृतकै ठूला पण्डित मानिएका सोमनाथ सिग्देल र पद्मप्रसाद

व्यावहारिक, व्यावसायिक तथा प्राविधिक शिक्षा पनि यथोचित रूपमा दिनुपर्छ भन्न सकिन्छ।

माथिको विवेचनाबाट वैदिक(हिन्दु)धर्मशास्त्रले स्त्रीशिक्षामा रोकतोक लगाएको छैन, अपि तु प्रोत्साहित नै गरेको छ भन्ने पनि देखिन्छ।

स्त्रीधर्म

वेद-वेदाङ्गादि शास्त्रको राम्ररी अध्ययन-मनन गरेको पुरुषको भन्दा स्त्रीको धर्म-मोक्ष-भावना कमजोर हुनसक्ने भए पनि स्त्री र पुरुष दुवैको शास्त्रीय अध्ययन-मनन कमजोर भएका अवस्थामा चाहिँ पुरुषको भन्दा स्त्रीको धार्मिक भावना केही प्रबल हुन पनि सक्ने देखिन्छ। तुलनात्मक रूपमा पुरुषभन्दा बढी अध्ययनशील, मननशील र विचारशील स्त्रीको त धर्म-मोक्ष-भावना प्रबल हुन सक्ने कुरा शास्त्रीय ग्रन्थका उदाहरणबाटै पनि स्पष्ट हुन्छ। प्रत्येक वर्णका निम्ति कतिपय धर्म र कर्तव्य अलग भएजस्तै विभिन्न अवस्थाका स्त्रीहरूको पनि कतिपय धर्म पुरुषको भन्दा केही फरक हुनु स्वाभाविक नै देखिन्छ। पतिपत्नी एकजीउ भएर पालन गर्नुपर्ने गृहस्थधर्मबाहेक स्त्रीले छुट्टै पालन गर्नुपर्ने केही विशेष धर्म पनि छन्। याज्ञवल्क्यले 'आफूभन्दा तल्लो जातिको पुरुषसित सम्भोग गर्नु, गर्भपतन गराउनु तथा पतिको हत्या गर्नु सबै स्त्रीका निम्ति साह्रै ठूला पातक (पापकर्म) हुन् र त्यस्तो काम गर्ने स्त्री विशेष रूपले पतित हुन्छन्' भनेका छन्[1]। स्त्रीधर्मका विषयमा शास्त्रमा धेरै ठाउँमा निर्देश गरिएको पाइन्छ। त्यसको संक्षिप्त चर्चा यहाँ गरिँदै छ।

भट्टराईलाई पनि सहमतं गराएर नेपाल राष्ट्रिय शिक्षा आयोगले अमेरिकी शैक्षिक सल्लाहकार ह्यू बी.उड् (Hugh B. Wood) का निर्देशनमा अन्धविश्वासी र अनावश्यक शिक्षाका रूपमा चित्रण गरेर राष्ट्रिय शिक्षाको मूल धारबाट हटाउने सिफारिस गरेको थियो (द्र.– कलेज् अव् एजुकेशन्को शिक्षा विभागद्वारा प्रकाशित विवरण नेपालमा शिक्षा [नेपाली संस्करण], **Education in Nepal** [अङ्ग्रेजी संस्करण], सम्. रुद्रराज पाण्डे र अन्य, सन् १९५६, पृ.५१, ७३, ८५ इ., pp. 66, 68, 76 etc.)। त्यसको फलस्वरूप सरकारले संस्कृतशिक्षालाई क्रमशः जनसाधारणको पहुँचभन्दा बाहिर लैजाने नीति लागू गर्दै आएको र गर्दै रहेको देखिन्छ। तथापि सबै नै हिन्दु बालबालिकालाई आधुनिक शिक्षाका साथमा संस्कृतका अत्यन्त उच्च कोटिका रामायण, महाभारत, गीता, हितोपदेश, पञ्चतन्त्र इत्यादि ग्रन्थहरूका प्रमुख अंशहरूको पनि जीवनोपयोगी शिक्षाका रूपमा नै अध्ययन गराउनु लाभदायक र बुद्धिमत्तापूर्ण कार्य हुने देखिन्छ। देववाणी (देवताको भाषा) पनि मानिएको संस्कृत भाषाको ज्ञानबाट वञ्चित हुनु भनेको धनले कहिल्यै पनि प्राप्त गर्न नसकिने दुर्लभ आनन्दको (सुखको) अनुभूतिबाट र विशिष्ट प्रकारको ज्ञानविज्ञानको भण्डारबाट तथा आत्मगौरवानुभूतिको सुदृढ आधारबाट वञ्चित हुनु हो भन्ने कुरा विचारशील व्यक्तिले बुझ्नुपर्ने देखिन्छ।

१. नीचाऽभिगमनं गर्भपातनं भर्तृहिंसनम्।
विशेषपतनीयानि स्त्रीणामेतान्यपि ध्रुवम्॥–याज्ञवल्क्यस्मृति ३।२९७।

कन्याधर्म

द्विजातिकन्याको पनि उपनयन (व्रतबन्ध) हुन सक्ने, उपनयनपछि वेदादि शास्त्र नपढीकन तुरुन्तै विवाह गर्न सकिने, नियमानुसार वेद-वेदाङ्गादि शास्त्रको केही अध्ययनसमेत गरेपछि त्यस्ता ब्रह्मवादिनी कन्याको विवाह गर्न सकिने र त्यस्ता कन्या विवाह नै नगरीकन आजीवन ब्रह्मचर्यमा (नैष्ठिक-ब्रह्मचर्यमा) रहन सक्ने वा प्रव्रज्यामा (सन्न्यासमा) जान सक्ने पक्ष पनि शास्त्रबाट देखिन्छ[१]। वात्स्यायनको कामसूत्रमा चाहिँ यथासम्भव कन्याहरूले ६४ कलाको शिक्षा पनि लिनुपर्ने कुरा बताइएको छ। तथापि व्यावहारिक रूपमा त्यस्तो शिक्षा कुलीन, सम्पन्न, राजा, मन्त्री इत्यादिका छोरीहरूलाई मात्र सुलभ हुन सक्ने देखिन्छ। ६४ कलामध्ये अत्यन्त आवश्यक र उपयोगी कतिपय कलाको शिक्षाचाहिँ सबै कन्याहरूले लिन आवश्यक मानिएको बुझिन्छ। आजभोलि पनि ब्रह्मचर्यमा बसेर आफ्नो चरित्ररक्षा गर्दै धार्मिक तथा व्यावहारिक दुवै प्रकारको शिक्षा कन्याहरूले लिनु उचितै देखिन्छ। यसमा वैदिक धर्मशास्त्रले कुनै रोक लगाएको देखिँदैन। पितामाताको आज्ञा र अनुमति लिएर द्विजसेवा, देवपूजा र काम्य (विशेष फलका लागि मात्र गरिने ऐच्छिक) व्रत, उपवास इत्यादि पनि कन्याहरू गर्न सक्छन्। भ्रातृद्वितीयामा (भाइतिहारमा) दाजुभाइको सत्कार दिदीबहिनीहरूले गर्न सक्ने कुरा पनि पुराणहरूमा आएको देखिन्छ।

ब्रह्मवादिनी नैष्ठिकब्रह्मचारिणीको (बूढीकन्याको) वा प्रव्रजिताको (सन्न्यासिनीको) धर्म

ब्रह्मवादिनी अर्थात् वेद-वेदाङ्गादि शास्त्र पढेका कन्याहरू आफूसुहाउँदो वर (पति) पाए विवाह गरी गृहस्थाश्रममा प्रवेश गर्न सक्छन्। तर त्यस्ता वर नपाइनाले वा वैराग्यादि अन्य कारणले गृहस्थधर्ममा जान अनिच्छुक भए नैष्ठिक-ब्रह्मचर्यमा (आजीवन ब्रह्मचर्यमा) बसेर बूढीकन्याका रूपमा जीवनयापन गर्न पनि सक्छन्। अथवा उनीहरू प्रव्रज्या (सन्न्यास) लिएर भिक्षुणी बन्न पनि सक्छन्[२] भन्ने कुरा शास्त्रको पर्यालोचनात्मक अध्ययनबाट बुझ्न सकिन्छ। विवाहसंस्कार गरेर गृहस्थधर्ममा प्रवेश नगर्ने बूढीकन्याको स्वर्गलोकको प्राप्तिका लागि धर्मकर्म गर्ने अधिकार नभएको मानिए पनि ब्रह्मलोकको प्राप्तिद्वारा मोक्ष प्राप्त गर्न साधनारत हुने अधिकार भएकै मानिएको बुझिन्छ[३]। महाभारतमा आएको सुलभाको आख्यानबाट[४] र बृहदारण्यकोपनिषद्मा आएको गार्गी र याज्ञवल्क्यका बीच भएको आत्मज्ञानसम्बन्धी संवादको प्रसङ्गबाट पनि यो कुरा स्पष्ट हुन्छ।

---

१. यसै ग्रन्थका ६१(टि.४), ७५, १०९–११४ पृष्ठहरू हेर्नुहोस्।

२. यसै ग्रन्थको ६१औँ पृष्ठ र त्यसको चौथो टिप्पणी पनि हेर्नुहोस्।

३. द्र.– **वैदिक धर्म मूल रूपमा**, प्र.सं.२०४५, पृ.२४१; द्वि.सं.२०६२, पृ.६८६।

४. यसै ग्रन्थको ११०औँ पृष्ठ र त्यसको तेस्रो टिप्पणी हेर्नुहोस्।

विवाहिता सधवा स्त्रीका धर्म

विवाहिता सधवा स्त्रीको प्रमुख धर्म पतिका साथमा रही गृहस्थधर्मको पालन गर्नु नै हो। तथापि त्यस्ता स्त्रीले पनि स्त्रीका रूपमा आफ्नो विशेष धर्मको र कर्तव्यको समेत पालन गर्नुपर्ने देखिन्छ। ती धर्म र कर्तव्य मुख्य रूपमा के-के हुन् भन्ने कुरा संक्षेपमा तल उल्लेख गरिन्छ।

पतिव्रताधर्म

पतिव्रता स्त्री, पतिव्रताधर्म, पतिव्रतात्व, पातिव्रत्य इत्यादि शब्द हाम्रा लौकिक व्यवहारमा समेत प्रचलित छन्। त्यसै गरी सती, सतीत्व, साध्वी, पतिका सत्मा (सत्यमा) रहेकी स्त्री इत्यादि प्रयोग पनि हुने गर्दछन्। पतिव्रतात्व भन्दा साधारणतया पत्नीको पतिप्रति अत्यधिक भक्ति भन्ने बुझ्ने गरिएको छ र त्यसलाई आजभोलि पुरुषहरूको स्त्रीप्रति थिचोमिचोको अन्यायपूर्ण रूप पनि भन्न थालिएको छ। किन्तु राम्ररी विचार गर्दा पतिव्रतात्व[1] भन्नाले धर्मविवाहका सम्बन्धले कहिल्यै पनि नछुट्टिने गरेर पतिसित एकजीउ भएकी पत्नीको पतिको शास्त्रोक्त जेजस्तो व्रत (नियम) छ, त्यस्तै व्रत पालन गर्ने काम हो भन्ने बुझिन्छ। पतिले पनि स्वेच्छाले हैन, धर्मशास्त्रको निर्देशनअनुसार नै सबैथरी धर्मकर्म[2] र व्यवहार गर्नुपर्ने तथा पत्नी-पुत्रादिको पालनपोषण गर्नुपर्ने[3] हुनाले पतिका धर्मकर्ममा र व्रत-नियममा पत्नीले सर्वथा साथ दिनुपर्ने भन्ने पतिव्रताधर्मलाई पतिले पत्नीप्रति गर्ने थिचोमिचो भन्न सुहाउने देखिँदैन[4]। यस्तो पतिव्रताधर्मबाट पति र पत्नी दुवैको धर्म, अर्थ र काम यी तीन पुरुषार्थसम्बन्धी सम्पूर्ण कार्यमा

---

१. पतिव्रतमेव व्रतं यस्याः सा (पत्युर् व्रतमिव व्रतं यस्याः सा) पतिव्रता (पतिको व्रत नै व्रत भएकी पत्नीलाई पतिव्रता र त्यस्ती पत्नीको धर्मलाई पतिव्रतात्व भन्दछन्)।

२. यसै ग्रन्थको 'दायभाग-(अंशबण्डा)सम्बन्धी मूल सिद्धान्त र आदर्श' भन्ने शीर्षकको तेस्रो अनुच्छेदमा (पृ.८२) गरिएको शङ्कासमाधान पनि हेरेपछि यो विषय अरू राम्ररी हृदयङ्गम हुन सक्ला।

३. पतिले पत्नीप्रति केकस्तो व्यवहार गर्नुपर्छ भनेर देखाइएको शास्त्रीय व्यवस्था यसै ग्रन्थका ९२–९६, ९९–१०२ पृष्ठहरूमा हेर्नुहोस्।

४. वैदिक धर्ममा पतिलाई प्रमुख र पत्नीलाई उसकी सहायिका मानेर व्यवहार गरिएकाले 'पत्नीव्रत पति' नभनेर 'पतिव्रता पत्नी' भनिएको हो। स्त्री र पुरुषमध्ये एकलाई मुख्य वा नेता मान्नुपर्दा धेरै कुराको विचार गरेर स्त्री र पुरुषका अपरिवर्तनीय प्रकृतिमा पनि ध्यान दिई पुरुषलाई प्रमुख तथा स्त्रीलाई उसकी सहचारिणी वा सहधर्मिणी मानिएको हो भन्ने बुझिन्छ। यस सन्दर्भमा **'अनायका विनश्यन्ति नश्यन्ति बहुनायकाः'** (नेता नै नभएका वा धेरै जना नेता भएका समूहहरू [अव्यवस्था हुनाले] नष्ट हुन्छन्) भन्ने नीतिवाक्य पनि स्मरणीय छ। विभिन्न व्यावहारिक विषयमा पतिले नेतृत्व लिन नमिलेका र नसकेका अवस्थामा त पत्नीले नै नेतृत्व लिएर घरगृहस्थी चलाउने गरेका उदाहरण पनि हाम्रा समाजमा देखिएकै छन्।

समान रूपले पूर्ण सहभागिता हुने र हुन पर्ने भन्ने नै मुख्य रूपमा बुझिन्छ[1]। यो कुरा श्रुति (वेद), स्मृति र पुराणका वचनहरूबाट[2] स्पष्ट रूपमा बुझ्न सकिन्छ। यसै धर्मबाट यस लोकमा र परलोकमा पनि सुखशान्ति मिल्ने कुरा शास्त्रमा बताइएको छ। पति दुराचारी भएमा उसको दुराचारको पनि पत्नीले अनुसरण गर्नुपर्ने भन्ने छैन। त्यसको उल्टो पत्नीले नै पनि पतिलाई दुराचार-दुर्व्यसनबाट निवृत्त गराउन प्रयास गर्नुपर्दछ।

पति-पत्नीसम्बन्धलाई कुनै हालतमा पनि असफल हुन नदिन नै वैदिक ऋषिमुनिहरूले पतिव्रताधर्मको बाटो देखाएका हुन्। शास्त्रमा पतिव्रताधर्मको र पतिव्रता स्त्रीको अत्यन्त धेरै महिमा गाइएको पाइन्छ[3]। पतिपत्नीसम्बन्धलाई सफल र सुमधुर बनाउन पतिव्रताधर्मको ठूलो भूमिका रहने देखिन्छ। पतिव्रता पत्नीप्रति जस्तै वज्रकठोर पतिको हृदय पनि पग्लन्छ। त्यसबाट जति नै मन्द र अदक्ष स्त्रीले पनि पतिसित आफ्नो सम्बन्ध सुमधुर बनाउन सक्ने अवस्था आउँछ। पुरुषहरूले आफ्नो धर्म नछोड्ने[4] र स्त्रीहरूले पनि पतिव्रताधर्म नछोड्ने हो भने सबै दम्पतीको जीवन पूर्ण रूपले सफल हुन सक्तछ। आजभोलि पुरुषमा पनि धार्मिकता, नैतिकता, सदाचार इत्यादि उच्च गुणहरू दुर्लभ हुन थालेकाले र स्त्रीहरूमा पनि सतीत्व, पतिव्रतात्व इत्यादि गुणहरू कम हुँदै गएकाले दाम्पत्यजीवन सुखमय र आदर्श हुन नसकेर विवाहविच्छेदको समस्या विकराल रूपमा देखिन थालेको छ। तसर्थ सबै दम्पतीले तल उल्लिखित मनुस्मृतिको वचन पनि सदा स्मरण र मनन गरी व्यवहार गर्न उचित हुने देखिन्छ–

अन्योऽन्यस्याऽव्यभीचारो भवेदामरणाऽन्तिकः।
एष धर्मः समासेन ज्ञेयः स्त्रीपुंसयोः परः॥
तथा नित्यं यतेयातां स्त्रीपुंसौ तु कृतक्रियौ।
यथा नाऽतिचरेतां तौ वियुक्तावितरेतरम्॥–(मनु.९।१०१–१०२)

(पत्नी र पति आजीवन धर्म, अर्थ र काम यी तीन पुरुषार्थ सिद्ध गर्ने कार्यमा कहिल्यै नछुट्टियून्, यही नै संक्षेपमा पतिपत्नीको परम धर्म [कर्तव्य] हो। विवाहित स्त्री र पुरुष छुट्टाछुट्टै बस्न परेका अवस्थामा पनि कुनै पनि कार्य गर्दा परस्परमा व्यभिचार [एक-अर्काको अतिक्रमण] नगर्ने जसो गर्दा हुन्छन्, त्यसै गर्न सधैँ प्रयत्नशील रहून्।)

---

१. धर्मे चाऽर्थे च कामे च नाऽतिचरितव्या (पतिले धर्म-अर्थ-काम यी तीनै पुरुषार्थको सेवन गर्दा पत्नीको अतिक्रमण गर्न हुँदैन)।–आपस्तम्बको वचन (द्र.– मेधातिथिको मनुभाष्य, मनुस्मृति ९।१०१)।

२. यस्ता वचनहरू यसै ग्रन्थका विभिन्न प्रकरणमा (पृ.९३–९६, ९९–१०२) र परिशिष्टमा (पृ.१९५, १९६, २०१ र २०३) पनि देखाइएका छन्।

३. प्रमाणका निम्ति वैदिक धर्म मूल रूपमा भन्ने ग्रन्थ द्रष्टव्य छ (२०६२, पृ.६८७–६८९)।

४. यसै ग्रन्थका ९९–१०२ पृष्ठहरू र तिनका टिप्पणीहरू पनि हेर्नुहोस्।

गृहव्यवस्थापन

प्रातःकालमा उठेर मलमूत्रत्याग गर्ने, स्नान, प्रातःसन्ध्योपासन इत्यादि गर्ने, घरको सुघर-सफाइ तथा लिपपोत गर्ने, गृहसामग्रीहरूको स्याहार-सम्भार र राखन-धरन गर्ने, पकाउने-खुवाउने, बालबच्चाको पालन-पोषण गर्ने, आफू पनि कोरीबाटी सिँगार-पटार गरी अलङ्कृत हुने, सन्ध्याकालमा (साँझमा) सायंसन्ध्योपासन गर्ने, दीप बाल्ने, गृहदेवतालाई पूजा गर्ने इत्यादि कार्य पनि गृहिणीका प्रमुख धर्म हुन्। उक्त प्रकारका कार्यहरू गर्दा पतिलाई मन पर्ने किसिमले गर्नुपर्ने शास्त्रनिर्देश पाइन्छ। घरको आय र व्ययको जिम्मेवारी पनि पत्नीलाई नै सुम्पनुपर्ने भनाइ मनुस्मृतिको रहेको छ। त्यहाँ पत्नीको कर्तव्य यसप्रकार बताइको छ–

अर्थस्य सङ्ग्रहे चैनां व्यये चैव नियोजयेत्।
शौचे धर्मेऽन्नपक्त्यां च पारिणाह्यस्य वेक्षणे॥–(मनुस्मृति ९।११)

(धनको सङ्ग्रहमा र व्ययमा, शरीरादिको शुद्धिमा, धर्मकार्यमा, भोजन बनाउनमा र घरेलु सामग्रीको रेखदेख गर्नमा पनि पत्नीलाई नियुक्त गर्नू।)

स्त्रीलाई विभिन्न कुराले दूषित पार्न सक्ने हुनाले तिनबाट स्त्री बच्न पर्ने वा स्त्रीलाई बचाउन पर्ने कुरा पनि मनुस्मृतिमा बताइएको छ। जस्तै–

पानं दुर्जनसंसर्गः पत्या च विरहोऽटनम्।
स्वप्नोऽन्यगेहवासश् च नारीसन्दूषणानि षट्॥–(मनुस्मृति ९।१३)

(मद्यपान[१] [मद पिउने काम], दुर्जनहरूको सङ्गत, पतिसित [लामो समयसम्मको] वियोग, असुरक्षित [एक्लै] भ्रमण, असुरक्षित स्थानमा शयन [सुत्ने काम] र अरूका घरको वास यी छ थोक नारीलाई दूषित पार्ने कुरा हुन्।)

अतिरिक्त व्रत उपवास र धर्मको आचरण

सधवा स्त्रीहरूले उपर्युक्त धर्मका अतिरिक्त आफ्नो शक्तिले भ्याएमा पतिको अनुमति लिएर मात्र पतिका सेवामा र नित्यकर्ममा हानि नहुने गरेर अतिरिक्त पूजाआजा र व्रतउपवास गर्न पनि हुने कुरा शास्त्रमा बताइएको छ। रजस्वला भैसकेका विवाहिता स्त्रीहरूले सकेसम्म आआफ्ना पतिसित मिलेर, नसके पतिको अनुमति लिएर एक्लै पनि ऋषिपञ्चमीमा व्रत बसी अरुन्धतीसहित सप्तर्षिको (कश्यप, अत्रि, भरद्वाज, विश्वामित्र, गौतम, जमदग्नि र वसिष्ठको) पूजा गर्नुपर्ने देखिन्छ। यसबाट रजस्वला भएका बेलामा भूलचूकले घरका सामग्रीहरू छुनाले भएको पाप कटनी भै उनीहरूका आध्यात्मिक, आधिदैविक र आधिभौतिक तीनै प्रकारका दुःख हट्ने र विविध सौभाग्य बढ्ने कुरा पुराणमा बताइएको पाइन्छ। उपर्युक्त गृहस्थधर्म पालन गरेर फुर्सद नमिले त विभिन्न

---

१. मद्यपान, जुवा, वेश्यागमन र परस्त्रीगमन पुरुषका निम्ति पनि साह्रै ठूला दुर्व्यसन वा पातक मानिन्छन्। ब्राह्मणका निम्ति मद्यपान ठूलो पातकसमेत मानिन्छ।

पूजाआजा र व्रतउपवास गर्नुपर्दैन भन्ने आशय शास्त्रको रहेको देखिन्छ। यस विषयमा शास्त्रको भनाइ यस्तो पाइन्छ–

पत्यौ जीवति या नारी उपोष्य व्रतमाचरेत्।
आयुष्यं हरते भर्तुः सा नारी नरकं व्रजेत्॥[1]–(पराशरस्मृति ४।१७)

अर्थात्– 'पति जीवित छँदाछँदै जुन नारी उपवास गरेर व्रत गर्छे, त्यस नारीले पतिको आयुलाई हरण गर्छे (घटाउँछे) र आफू स्वयंचाहिँ नरक जान्छे।'

यसबाट सदाचारी धार्मिक पतिको सेवा (पतिका कार्यमा सहयोग) गरेर नै पत्नीको यस लोकमा र परलोकमा पनि कल्याण हुने, अन्यथा उसको दुवै लोक बिग्रने कुरा स्पष्ट हुन्छ। यस विषयलाई गम्भीरताका साथ मनन गरेमा यस सिद्धान्तको पछाडि लुकेको परम कल्याणकारी रहस्यलाई बुझ्न सकिन्छ। घरलाई उज्यालो, लक्ष्मीको वासस्थान र सुखमय बनाउन गृहलक्ष्मी मानिएका गृहिणीहरूको मुख्य भूमिका रहने कुरामा सबै विवाहिता महिलाहरूले वैदिक(हिन्दु)धर्मशास्त्रअनुसार ध्यान दिनुपर्ने देखिन्छ।

विधवाधर्म

पतिवियोग सहन सक्ने वा अरू कारणले गर्दा अन्वारोहण गर्न (सती जान)[2] नपाउने, कुनै अवस्थामा पनि विच्छेद नहुने धर्मविवाहका बन्धनमा संलग्न भएका विधवाका निम्ति धर्मशास्त्रमा विशेष धर्म र कर्तव्यको निर्देश गरिएको देखिन्छ। छोरा नभएका विधवाले प्रतिदिन नुहाएर पतिलाई, पतिका पितालाई र पितामहलाई (बाबुका बाबुलाई) तिल मिसाएर अञ्जलिले पानी दिनुपर्ने (तर्पण गर्नुपर्ने) भन्ने स्मृतिका वचन पाइन्छन्। सामान्यतया हिन्दु विधवाहरूले आफ्ना इन्द्रियहरूलाई संयममा (आफ्ना नियन्त्रणमा) राखी सदाचारमा रहेर मान्यजनका अधीनमा पतिकुलमा बस्नुपर्दछ र व्रत-उपवासहरू गरेर वानप्रस्थ तथा परिव्राजकका (सन्न्यासीका) भोजनादिका नियमहरूको पालन गरेर ब्रह्मचर्यमा व्यवस्थित भै तपोमय जीवन बिताउनुपर्दछ भन्ने शास्त्रको निर्देश पाइन्छ[3]।

धन भएका विधवाहरूले पूर्तकर्म (लोककल्याणकारी कार्यहरू)[4] गर्ने, वेदको र वैदिक धर्मको रक्षा गरी सम्पूर्ण लोकको कल्याणमा कटिबद्ध हुने सदाचारी शुद्धकुलीन ब्राह्मणलाई आफ्ना बन्धुका अनुमतिले भूमिदान, गृहदान,

---

१. द्र.– विष्णुस्मृति २५।१६; अत्रिसंहिता, श्लो.१३६–१३७, (स्मृतिसन्दर्भ–१, पृ.३६४); शिवपुराण २।३।५४।२९; स्कन्दपुराण, ब्राह्मखण्ड २।७।३७; स्कन्द पु., काशीखण्ड ४।३५।

२. यस विषयमा अगाडि छुट्टै चर्चा गरिएको छ (पृ.१२९–१३२)।

३. विधवाका कर्तव्यहरूको छिटफुट उल्लेख यसै ग्रन्थका १७२, १७४, १७५ पृष्ठहरूमा पनि प्रासङ्गिक रूपमा गरिएको छ।

४. पूर्तकर्म कस्ता कार्यलाई भन्दछन् भन्ने कुरा यसै ग्रन्थको १७५औँ पृष्ठमा हेर्नुहोस्।

स्वर्णदान, गोदान, अन्नदान इत्यादि दान दिने र वेद पढेका, गृहस्थाश्रममा प्रवेश गर्न इच्छुक, शुद्धकुलीन तथा सदाचारी ब्राह्मणस्नातकहरूलाई शुद्धकुलीन उत्तम ब्राह्मणकन्या खोजी घरखेतका साथ दान दिई विवाह गराइदिने[1] कार्य पनि गर्न सक्छन्। ब्रह्मवादिनी (वेदवेदाङ्गादि शास्त्र पढेका) निर्धन विधवा ब्राह्मणीहरूले त आफूले गर्न पर्ने नित्यकर्म गरी बचेका समयमा आफूले पनि शास्त्र पढ्ने र ब्रह्मवादिनी द्विजातिकुमारीहरूलाई पनि शास्त्र पढाउने काम गर्न सक्छन् भन्ने कुरा पुराणमा उल्लिखित देखिन्छ[2]।

उक्त प्रकारले जीवनयापन गर्ने विधवाहरू छोरा नभए पनि नैष्ठिक ब्रह्मचारीझैँ नै स्वर्ग जान्छन् भन्ने मनुस्मृतिको भनाइ पाइन्छ[3]। पतिव्रता विधवा स्त्रीले आफ्ना तपस्या र पुण्यद्वारा पतिलाई पनि सद्गतिमा पुऱ्याउन र आफू पनि सद्गतिमा पुग्न सक्छन्, साथै अन्त्यमा आत्मज्ञान गरेर मुक्त पनि हुन सक्छन् भन्ने शास्त्रको आशय रहेको छ। बाबु, आमा, छोरा, नाति, दाजु, भाइ इत्यादिले परलोकमा साथ दिँदैनन्, किन्तु पतिव्रता पत्नीले परलोकमा पनि साथ दिन्छन् भन्ने कुरा महाभारतमा आएको छ[4]। पतिको सत्मा (सत्यमा) नरहने सधवा वा विधवा स्त्रीले त यस लोकमा पनि निन्दा र अपयश प्राप्त गर्ने कुरा लोकव्यवहारबाट तथा परलोकमा पनि नरकको वास गर्नुपर्ने कुरा शास्त्रप्रमाणबाट बुझ्न सकिन्छ[5]। परस्त्रीगमन गर्ने पुरुष पनि अत्यन्त निन्दनीय हुन्छ भन्ने कुरा पनि शास्त्रैमा बताइएको छ[6]। तसर्थ पवित्र आचरणद्वारा नै कौटुम्बिक र सामाजिक संरचना सुदृढ हुने कुरामा सबैले ध्यान दिन आवश्यक देखिन्छ।

---

१. यस्तो कार्यबाट साह्रै नै ठूलो पुण्य प्राप्त हुन्छ भन्ने कुरा स्मृतिपुराणहरूमा बताइएको पाइन्छ। नेपालकै बारा जिल्लामा पर्ने सिम्रौनगढका राजा हरिसिंहदेवका मन्त्री, अनेक धर्मशास्त्रनिबन्धग्रन्थका रचयिता चौधौँ शताब्दीका चण्डेश्वर ठक्कुर(ठाकुर)ले यस्तै कार्य गरेको इतिहास पाइन्छ (यसै ग्रन्थको ३०औँ पृष्ठको तेस्रो टिप्पणी पनि हेर्नुहोस्)। वेद पढेका, शुद्धकुलीन, सदाचारी, सत्यनिष्ठ र धार्मिक ब्राह्मणबाट समग्र लोकको कल्याणमा योगदान हुन सक्ने हुनाले समेत त्यस्ता ब्राह्मणलाई दान दिँदा पुण्य हुन्छ भन्ने सिद्धान्त शास्त्रले देखाएको हो भन्ने कुरा लौकिक दृष्टिले पनि बुझ्न सकिन्छ।

२. द्र.– ब्रह्मवैवर्तपुराण, कृष्णजन्मखण्ड ८३।९४, १०६–११०।

३. मृते भर्तरि साध्वी स्त्री ब्रह्मचर्ये व्यवस्थिता।
स्वर्गं गच्छत्यपुत्राऽपि यथा ते ब्रह्मचारिणः ॥–मनुस्मृति ५।१६०।

४. यसै ग्रन्थको ६९औँ पृष्ठको तेस्रो टिप्पणी हेर्नुहोस्।

५. पतिव्रतानां गृहमेधिनीनां सत्यव्रतानां च शुचिव्रतानाम्।
तासां तु लोकाः पतिभिः समाना गोमायुलोका व्यभिचारिणीनाम् ॥–वसिष्ठ ध.सू.२१।१४।

६. कन्यालाई दूषित गर्ने (बिटुल्याउने) पुरुषलाई तथा परस्त्रीगमन गर्ने पुरुषलाई पनि शास्त्रमा अत्यन्त धेरै निन्दा गरिएको छ र त्यस्ता पुरुषलाई राजाले कडा दण्ड दिनुपर्ने कुरा बताइएको छ (यसै ग्रन्थका पृ.१०४[टि.२] र पृ.१०७[टि.३,४] हेर्नुहोस्)।

नियोगप्रथा

(सन्तानवृद्धिका निम्ति होइन) वंशको विच्छेद हुन लाग्दा प्रजननकाल बितिनसकेका छोरा नभएका विधवाले र पति असमर्थ (रोगी, नपुंसक) भएका सधवा स्त्रीले पनि पतिका आज्ञाले कुलवृद्ध मान्यजनका निर्देशनअनुसार विधिपूर्वक[1] नियोगद्वारा देवर इत्यादिबाट छोरा पाउन प्रयास गर्न हुने कुरा श्रुति (वेद), स्मृति र इतिहासबाट देखिन्छ। इतिहासमा यस धर्मको अनुसरण क्षत्रियहरूले, विशेष गरेर गुणयुक्त राजकुलको वंशपरम्परा नटुटोस् भनेर राजकुलका क्षत्रियहरूले गरेको कुरा वर्णन गरिएको पाइन्छ। ब्राह्मणहरूले यस धर्मको अनुसरण गरेको वर्णन पाइँदैन। मनुस्मृतिमा (९।६४–६८) नियोगधर्मको निन्दा पनि गरिएको छ। यो निन्दा विशेष गरी ब्राह्मणका दृष्टिले गरिएको बुझिन्छ। याज्ञवल्क्यस्मृतिका व्याख्याता विश्वरूपले यो धर्म शूद्रका लागि मात्रै हो भनेका छन् ('बालक्रीडा' व्याख्या १।६९, पृ.७५–७६)। पुराणमा भने नियोगलाई कलियुगमा गर्न नहुने कार्यमध्ये गणना गरिएको पाइन्छ। सुव्यवस्थित नियोगधर्मलाई वैदिक धर्मका विरोधीले अव्यवस्थित रूपमा देखाएर जथाभावी प्रचार गरिरहेको पनि देखिन्छ।

अन्वारोहण (सती जाने कार्य)

पति मर्दा पतिको शवलाई चितामा राखेपछि पत्नीद्वारा चितामा चढ्ने कामलाई शास्त्रीय भाषामा अन्वारोहण (अनु [पछि]+आरोहण [चढ्ने काम]) भन्दछन्। यसै कार्यलाई नेपाली भाषामा सती जाने भन्ने गरिएको छ। पति मर्दा पतिव्रता पत्नीलाई शवदाह गर्ने ठाउँमा पतिका साथ सुताउने कुरा विभिन्न गृह्यसूत्र,

---

१. जीउभरि घिउ वा केही पनि नमिसाइएको तेल घसेर मुखले मुख नछोईकन (चुम्बन नगरीकन) र अन्य अङ्गले अन्य अङ्ग पनि नछोईकन (कामवासनाले प्रेरित भएर आलिङ्गन इत्यादि गर्ने नगरीकन) गर्भाधानका उद्देश्यले मात्र समागम (सहवास) गर्ने कुरा नारदीयमनुस्मृतिमा बताइएको छ। जस्तै–

घृतेनाऽभ्यज्य गात्राणि तैलेनाऽविकृतेन वा।
मुखान् मुखं *परिहरन्* गात्रैर् गात्राण्यसंस्पृशन्॥–१२।८२ (स्मृतिसन्.–१, पृ.३०४)।

यो श्लोक मानवन्यायशास्त्रमा (न्यायविकासिनीमा [२०४४, पृ.६२]) पनि केही अक्षराऽशुद्धिका साथ मुद्रित देखिन्छ। अतः यस श्लोकको "मुख-मुख र शरीर-शरीर छोएर समागम गर्नू" भनी गरिएको अर्थ (नेपालको कानूनी इतिहासको रूपरेखा, रेवतीरमण खनाल, २०५९, पृ.२७५) सर्वथा उल्टो हो भन्ने कुरा स्पष्ट हुन्छ। 'परिहरन्' भन्ने पदको सट्टा 'परिदलन्' भन्ने काल्पनिक अशुद्ध पाठ देखाएर तथा 'असंस्पृशन्' (नछोईकन) भन्ने पदको 'छोएर' भनी सोँफै उल्टो अर्थ देखाएर नियोगको मूल भावनाको प्रतिकूल हुने गरी उल्टो अर्थ गर्न कत्ति पनि उचित देखिँदैन। पत्रकार पनि यस्ता गम्भीर कुराको समीक्षा गर्दा विशेष सचेत हुनुपर्नेमा नियोगको समागम-प्रकारको त्रुटिपूर्ण प्रतिपादनलाई नै प्रशंसा गर्न पुगेको पनि देखिन्छ (द्र.– कान्तिपुर, कोसेली, देवेन्द्र भट्टराई, २०६०।५।१३, पृ. ख)।

पितृमेधसूत्र र श्रौतसूत्रहरूमा आएको छ[1]। यसरी सुताउँदा अथर्ववेदको एउटा मन्त्र पढ्ने निर्देश पनि पाइन्छ, जुन मन्त्रमा 'पतिको लोक रोज्ने यी नारी प्राचीन धर्मको अनुपालन गर्दै तिम्रा समीपमा सुत्छिन्, तिनलाई यहाँ प्रजा र धन देऊ'[2] भनिएको छ। तर यस प्रसङ्गमा पत्नीलाई पतिसितै पोल्ने कुराचाहिँ उपर्युक्त ग्रन्थहरूमा कहीँ पनि छैन। मृत पतिसित सुतेकी ब्राह्मण, क्षत्रिय र वैश्य मृतककी पत्नीलाई वेदमन्त्र[3] पढेर देवरले वा शिष्यले (चेलाले) वा बूढो दासले उठाउने कुरा ती ग्रन्थहरूमा उल्लिखित देखिन्छ। माध्यन्दिनीय-वाजसनेयि-शुक्लयजुर्वेद-शाखाका शतपथब्राह्मणमा (१२।५।२।१–१५) र कात्यायनश्रौतसूत्रमा (२५।७।१–३९) भने यस प्रसङ्गमा उपर्युक्त प्रकारले मृतकसित उसकी पत्नीलाई सुताउने र देवरादिले उठाउने कुरा छँदै छैन। मृतककी पत्नीले वर्षदिनसम्म र जीवनभर पालन गर्नुपर्ने नियमहरूको पनि पितृमेधसूत्रहरूमा उल्लेख पाइन्छ। यसबाट वैदिक धर्मअनुसार विधवा स्त्रीले अनिवार्य रूपले नै सती जानुपर्थ्यो भनी ठान्ने कतिपय व्यक्तिको धारणा गलत रहेको कुरा स्पष्ट हुन्छ।

स्मृति, पुराण र इतिहासमा यस विषयमा विभिन्न प्रकारका व्यवस्था पाइन्छन्। विष्णुस्मृतिमा सती जाने कुरा वैकल्पिक रूपमा मात्र गरिएको देखिन्छ[4]। पराशरस्मृतिमा (४।३२–३३) सती जाने कुराको प्रशंसा गरिएको छ। स्मृति-पुराणहरूमा अन्यत्र पनि सती जाने कुराको प्रशंसा गरिएका वचनहरू धेरै पाइन्छन्। तथापि आफ्नो परम्परागत वेदशाखासूत्रको व्यवस्था प्रबल हुने हुनाले त्यसैअनुसार यथासम्भव आचरण गर्नु मुख्य धर्म हो भन्ने कुरा बुझ्नुपर्छ।

पूर्णतया समान चित्तवृत्ति भएका पतिपत्नीको विभिन्न कालमा मृत्यु हुने व्यवस्था गर्ने विधाताको निष्ठुरतालाई संशोधन गर्न ऋषि-मुनिहरूद्वारा नारीप्रतिको उपकारभावनाले नै पतिका साथ जलेर मर्न पाउने व्यवस्था पनि स्मृतिशास्त्रमा गरिएको हो भन्ने कुरा देवीभागवतमा बताइएको छ[5]। यसबाट पनि सती जाने वा

---

१. द्र.– आश्वलायन-गृह्यसूत्र ४।२।१६–१८, कौषीतकि-गृह्यसूत्र ५।३।६, बौधायन-पितृमेधसूत्र १।७।७–१।८।२, हिरण्यकेशि-पितृमेधसूत्र (सत्याषाढ-पितृमेधसूत्र [श्रौतसूत्र]) २८।२।१४–१५, भारद्वाज पि.सू.१।५।६–७, कौशिकसूत्र ८०।४४–४५।

२. इयं नारी पतिलोकं वृणाना नि पद्यत उप त्वा मर्त्य प्रेतम्।
धर्मं पुराणमनुपालयन्ती तस्यै प्रजां द्रविणं चेह धेहि॥–अथर्ववेदसंहिता १८।३।१।

३. उदीर्ष्व नार्यभि जीवलोकं गतासुमेतमुप शेष एहि।
हस्तग्राभस्य दिधिषोस् तवेदं पत्युर् जनित्वमभि सं बभूथ॥
–ऋग्वेद १०।१८।८, अथर्ववेद १८।३।२; द्र.– तैत्तिरीयारण्यक ६।१।३।

४. मृते भर्तरि ब्रह्मचर्यं तदन्वारोहणं वा।–विष्णुस्मृति (विष्णुधर्मसूत्र) २५।१४।

५. विधिना निष्ठुरेणाऽत्र विपरीतं कृतं भुवि। दम्पत्योर् मरणं भिन्नं सर्वथा समचित्तयोः॥
उपकारस् तु नारीणां मुनिभिर् विहितः किल। यदुक्तं धर्मशास्त्रेषु ज्वलनं पतिना सह॥
–देवीभागवत ६।३०।११–१२।

नजाने कुरा नारीका इच्छामा निर्भर रहने कुरा बुझिन्छ। तसर्थ नारीलाई सती जान बाध्य बनाएर वैदिक धर्मशास्त्रले साह्रै अमानवीय र अन्यायपूर्ण कार्य गरेको छ भनी वैदिक धर्मका विरोधीहरूले गरेको प्रचार निराधार भएको कुरा स्पष्ट हुन्छ। साह्रै कलिला बालबच्चा भएकी, गर्भिणी, रजस्वला हुनै (पर सर्नै) नथालेकी किशोरी, रजस्वला, चरित्रभ्रष्ट, विशेष प्रकारको रोग लागेकी र अपतिव्रता स्त्रीलाई त पतिका चितामा चढेर जल्ने अनुमति शास्त्रले दिएको पनि छैन[1]।

प्राचीन ग्रन्थमा सती गएका र नगएका दुवैथरी उदाहरण पाइन्छन्। रामायणमा राजा दशरथका पत्नीहरू दशरथसित सती गएको उल्लेख पाइँदैन। महाभारतमा पाण्डुका चितामा कान्छी पत्नी माद्री चढेको र जेठी पत्नी कुन्तीचाहिँ सती नगएर छोराहरूको हेरचाह गर्न बसेको उल्लेख पाइन्छ[2]। श्रीकृष्णका पत्नीहरूमध्ये केही सती गएका थिए र केहीचाहिँ तपस्या गर्न वन पसेका थिए भन्ने कुरा पनि महाभारतमा उल्लिखित छ[3]। यसबाट पनि सती जाने काम ऐच्छिकै हो भन्ने कुरा बुझिन्छ। एघारौँ शताब्दीमा भारतमा आएका मुसलमान विज्ञ अल्बेरूनीले पनि 'भारतमा विधवा पुनर्विवाह गर्दैनन्, या त अग्निमा डढेर मर्दछन् या आमरण वैधव्यजीवन व्यतीत गर्दछन्' भन्ने कुरा गरेका छन्[4]। नेपालका इतिहासमा पनि सती गएका र नगएका दुवैथरी घटना देखिन्छन्।

यसप्रकार सती जाने कुरा ऐच्छिक भएकाले र वैधव्य सहेर बाँच्नुभन्दा बरु मर्न जाति भनेर मान्ने स्त्रीलाई सती जान अनुमति दिइएकाले वैदिक धर्मशास्त्रले कुनै अमानवीय कार्य गरेको भन्न मिल्ने देखिँदैन। जीवन र जगत्को तथा मृत्युको पनि तत्त्व र रहस्य बुझेका तीव्र वैराग्य भएका ज्ञानवान् स्त्रीपुरुषलाई अग्निमा वा जलमा प्रवेश गरेर, अथवा महाप्रस्थान गरेर (नमरिन्जेल उत्तर दिशातर्फ गैरहेर), अथवा भृगुपतनद्वारा (भीरबाट हाम फालेर) स्वेच्छाले देह(शरीर)त्याग गर्न वैदिक धर्मशास्त्रले अनुमति दिएजस्तै गरी सती जाने अनुमति पनि दिएको हो। गूढ तत्त्व बुझ्न नसक्ने जनसाधारणका दृष्टिमा उक्त प्रकारले देहत्याग गर्नु र जीवनदेखि हारेर विषपान इत्यादिद्वारा आत्महत्या गर्नु एकै प्रकारको कार्य हुन सक्ला। किन्तु यिनमा आकाश-पातालको अन्तर छ। शास्त्रको विधानअनुसार

---

१. बालापत्याश् च गर्भिण्यो ह्यदृष्टऋतवस् तथा। रजस्वला च कुलटा गलितव्याधिसंयुता॥
पतिसेवाविहीना या ह्यभक्ता कटुभाषिणी। एता गच्छन्ति चेद् दैवान् न कान्तं प्राप्नुवन्ति ताः॥
—ब्रह्मवैवर्तपुराण, गणपतिखण्ड २८।११-१२।

२. तत्रैनं चिताग्निस्थं माद्री समन्वारुरोह, उवाच कुन्तीं यमयोरप्रमत्तया भवितव्यमिति।
—महाभारत, आदिपर्व ९५।६५।

३. रुक्मिणी त्वथ गान्धारी शैब्या हैमवतीत्यपि।
देवी जाम्बवती चैव विविशुर् जातवेदसम्॥
सत्यभामा तथैवाऽन्या देव्यः कृष्णस्य सम्मताः।
वनं प्रविविशू राजँस् तापस्ये कृतनिश्चयाः॥—महाभारत, मौसलपर्व ७।७३-७४।

४. द्र.- भारतवर्ष का नवीन इतिहास, ईश्वरीप्रसाद, प्रयाग, सन् १९५५, पृ.११६-११७।

वैराग्यले देहत्याग गर्ने ज्ञानवान् व्यक्ति आफ्नो कर्मअनुसार स्वर्गलोकादिमा जान्छ भने आत्महत्या गर्ने मूढ व्यक्ति नरकमा पर्छ भन्ने सिद्धान्त शास्त्रले देखाएको छ। यो रहस्यपूर्ण र सूक्ष्म विषय भएकाले सबैले यसमा अन्तर्निहित गूढ तत्त्व बुझ्न र छ्यान-पहिचान गर्न नसक्ने पनि हुन सक्छ[1]।

स्त्रीको पुनर्विवाहको शास्त्रीय दृष्टिले विचार

वैदिक धर्मशास्त्रमा स्त्रीको पुनर्विवाह हुन सक्छ भन्ने कुरा अथर्ववेदसंहितादेखि (९।५।२८) नै पाइने **'पुनर्भू'** (पुनर्विवाह गर्ने स्त्री) शब्दका र वासिष्ठधर्मशास्त्र (१७।१८), बौधायनधर्मसूत्र (२।२[३]।२७, २।२[३]।३२, ४।१।१८), विष्णुधर्मसूत्र (१५।७) इत्यादि ग्रन्थमा पाइने 'पौनर्भव' शब्दका प्रयोगबाट बुझिन्छ। किन्तु स्त्रीको पुनर्विवाहकार्यको धार्मिक र जातीय मान्यता तथा गौरव भने निकै कम रहेको कुरा वैदिक धर्मशास्त्रको अध्ययनबाट स्पष्ट बुझिन्छ।

विवाहसंस्कारको विधिविधान देखाउने मूल वैदिक ग्रन्थ गृह्यसूत्रहरूमा कुमारी केटीको नै पाणिग्रहण (विवाह) गर्ने विधान गरिएको[2] हुनाले मुख्य रूपमा विवाह अनन्यपूर्वा (अरू कसैसँग पहिला विवाह नभएकी) कुमारीको नै हुने कुरा स्पष्ट हुन्छ। यसबाट धर्मविवाहका रूपमा स्त्रीको पुनर्विवाह हुन नसक्ने, केवल कामचलाउ व्यावहारिक विवाह मात्र हुन सक्ने भन्ने शास्त्रको व्यवस्था बुझ्न सकिन्छ। त्यस्तो विवाहको र त्यसबाट जन्मेका सन्ततिको वैदिक समाजमा त्यति सम्मानित स्थान नरहने कुरा पनि स्मृति-पुराणहरूका अध्ययनबाट स्पष्ट हुन्छ। याज्ञवल्क्यस्मृतिमा (२।१२८-१३२) बाह्रथरी छोराहरूको[3] मर्यादाक्रम देखाउँदा पुनर्भू(पुनर्विवाह गर्ने स्त्री)बाट जन्मेका पौनर्भव पुत्रलाई औरस, पुत्रिकापुत्र, क्षेत्रज, गूढज र कानीनभन्दा पनि पछि छैटौं क्रममा राखिएकाले र मनुस्मृतिमा (९।१५८-१६०) त्यस्ता छोरालाई दसौं स्थानमा राखेर बाबुको अंश पनि नपाउने भनी उल्लेख गरिएकाले समेत यो कुरा स्पष्ट हुन्छ। तसर्थ धर्मविवाह गर्ने वरले एक पुरुषसित विवाह भैसकेकी स्त्रीसित विवाह गर्न नहुने भन्ने वैदिक धर्मशास्त्रको र वैदिकपरम्पराको मूल समाजको मान्यता रहिआएको देखिन्छ।

धेरै स्मृतिकारहरूले अक्षतयोनि (पुरुषबाट सम्भोग नगरिएकी) स्त्रीको मात्र पुनर्विवाह हुन सक्ने कुरा बताएका छन्[4]। कतिपय धर्मशास्त्रकारका मतमा

---

१. भारतमा वि.सं.१८८६मा र नेपालमा वि.सं.१९७७मा सती जान कानुनद्वारा निषेध गरिएको देखिन्छ।

२. • ..... पुण्याहे कुमार्याः पाणिं गृह्णीयात्।–पारस्कर-गृह्यसूत्र १।४।५, द्र.– १।६।१।
   • द्र.– कौषीतकि गृ.सू. १।७।१, १।८।१,१३; आश्वलायन गृ.सू. १।५।२, १।६।१; इत्यादि।

३. बाह्र प्रकारका पुत्रको परिचय यसै ग्रन्थको ८३औं पृष्ठको दोस्रो टिप्पणीमा दिइएको छ।

४. • पाणिग्राहे मृते बाला केवलं मन्त्रसंस्कृता।
   सा चेदक्षतयोनिः स्यात् पुनः संस्कारमर्हति॥–वासिष्ठधर्मशास्त्र (वसिष्ठ ध.सू.) १७।७४।

भने क्षतयोनि स्त्रीको पनि पुनर्विवाह हुन सक्छ। तर उक्त दुवै अवस्थामा गरिएको विवाह धर्मविवाह नभएर हीन कोटिको व्यावहारिक विवाह मात्र मानिने शास्त्रकारको आशय रहेको देखिन्छ। यस विषयमा विस्तृत रूपमा विवेचना गरी विधवाको पुनर्विवाह गर्नु शास्त्रसम्मत हैन भन्ने निष्कर्ष '**कन्योद्वाहसमयमीमांसा विधवोद्वाहतिमिरालोकश् च**'[1] भन्ने ग्रन्थमा पनि निकालिएको देखिन्छ।

तसर्थ वेदादिशास्त्रमा र धर्मविवाहमा श्रद्धा र आस्था भएका, धर्मलाई यस लोक र परलोक दुवै सुधार्ने तत्त्व मान्ने, धर्म-मोक्ष-परायण शुद्धकुलीन ब्राह्मणी विधवाहरूले र तिनैको आदर्शको अनुसरण गर्दै त्यागतपस्यामय जीवन नै बिताउन चाहने अरू विधवाहरूले समेत पुनर्विवाह गर्ने कुरा सोच्न पनि हुँदैन[2] भन्ने विद्वान्हरूको निष्कर्ष देखिन्छ। वेदादिशास्त्रमा र धर्मविवाहमा श्रद्धा तथा आस्था नभएका, विवाहलाई यस लोकको व्यवहारका निम्ति भएको जहिले मन लाग्यो त्यही बेला भङ्ग गर्न सकिने एउटा साधारण सम्झौता मात्र मान्ने तथा धर्मलाई यस लोकको व्यवहारव्यवस्थापक तत्त्व मात्र मान्ने, धर्ममा र लौकिक व्यवहारमा भेद नदेख्ने, धर्ममोक्षबाट विमुख, अर्थकामपरायण (धनका र मोजमजाका सुरमा मात्र चल्ने) विधवा स्त्रीहरूले चाहिँ पुनर्विवाह गरे हुन्छ भन्ने वैदिक समाज-चिन्तकहरूको दृष्टि देखिन्छ। तर त्यसरी पुनर्विवाह गर्ने विधवाले वा विवाहित पतिलाई छोडेर दोस्रो पुरुषसित पोइल जाने सधवाले पनि समाजबाट एकपत्नीव्रत पालन गर्ने सधवा वा विधवा नारीले पाएजस्तो आदर र मान्यता भने पाउन नसक्ने देखिन्छ। त्याग र तपस्याले परिपूर्ण जीवन बिताउने जितेन्द्रिय आदर्श स्त्रीलाई र भोगविलासपूर्ण जीवन बिताउने अर्थकामपरायण स्त्रीलाई कसैले पनि

- **सा चेदक्षतयोनिः स्याद् गतप्रत्यागताऽपि वा।**
  पौनर्भवेन भर्त्रा सा पुनः संस्कारमर्हति॥—मनु.९।१७६; (द्र.– बौधायन ध.सू.४।१।१८)।
- **नष्टे मृते प्रव्रजिते क्लीबे च पतिते पतौ।**
  पञ्चस्वापत्सु नारीणां पतिरन्यो विधीयते॥—पराशरस्मृति ४।३०।

१. पं. डिल्लीराज शर्मा, प्रका. अच्युतराज रेग्मी, बानेश्वर, काठमाडौं, वि.सं.२०५२।

२. • यस विषयको विशेष विवेचना **वैदिक धर्म मूल रूपमा** भन्ने ग्रन्थमा (द्वि.सं.२०६२, पृ.६९८–७०३) र 'वेदादिशास्त्रमा स्त्रीको पुनर्विवाहको व्यवस्था' भन्ने लेखमा (सुमोदवर्धन कौण्डिन्न्यायन, गोरखापत्र, २०५४।११।९ [शनिवासरीय]) पनि द्रष्टव्य छ।

- वैदिक समाजमा पुरुषका अनेक पत्नी हुन सक्ने कुरा श्रुति-स्मृति-पुराणले देखाएकाले पुरुषले विधिपूर्वक अनेक पत्नी विवाह गर्ने कुरा वैदिक मर्यादाभित्रै पर्दछ। तर स्त्रीले अनेक पतिसित विवाह गर्ने वा एक पतिको मृत्यु भएपछि अर्को पुरुषसित पुनर्विवाह गर्ने कुरा शास्त्रमा एकमुखले बताइएको मूल धर्ममा नपर्ने हुँदा वैदिक शास्त्रीय मूल मर्यादाभित्र पर्दैन। वेदमा भनिएको पनि छ– **"तस्मादेकस्य बह्व्यो जाया भवन्ति नैकस्यै (न हैकस्या) बहवः सह पतयः"** (ऐतरेय-ब्राह्मण १२।१२; गोपथ-ब्राह्मण २।३।२०)। यस सिद्धान्तमा लुकेको गूढ तत्त्वको वा रहस्यको विवेचन विस्तृत रूपले गर्नुपर्ने देखिन्छ।

एउटै दृष्टिले हेर्दैन र हेर्न पनि मिल्दैन भन्ने कुरा लोकव्यवहारबाट देखिन्छ। विधवाका त्याग-तपस्यामय जीवनले कौटुम्बिक (पारिवारिक) संरचनामा पवित्रता र दृढतासमेत आउन सक्ने सूक्ष्म विषयतर्फ पनि समाजको ध्यान गएको देखिन्छ। विधवाले पुनर्विवाह गर्दा बालबच्चाको संरक्षणमा बाधा पर्ने वा अन्य व्यावहारिक समस्या आउने कुरालाई समेत विचार गर्ने हो भने धर्मविवाहमा विश्वास नभएका विधवाहरूकै पनि पुनर्विवाहलाई सहज रूपमा लिन गाह्रै पर्ने देखिन्छ।

वेषभूषाको धर्मशास्त्रीय मर्यादा

आजभोलि हाम्रा जीवनपद्धतिका विभिन्न पक्षका शास्त्रीय मर्यादाहरूको र तिनमा अन्तर्निहित दृष्टिकोणको वास्तविक व्याख्या र प्रचारप्रसार अत्यन्त कम हुन जानाले, त्यस्ता व्याख्यालाई पत्रपत्रिका-रेडियो-टेलिभिजनहरूमा पनि स्थान नमिल्ने हुनाले तथा पाश्चात्त्य शिक्षा-संस्कृतिका अत्यधिक प्रचारप्रसारले समेत शास्त्रीय मर्यादाका विषयमा धेरै भ्रम फैलन थालेको पाइन्छ। यसबाट सबैथरी शास्त्रीय मर्यादामा ह्रास आई हाम्रो समाज र अन्ततः राष्ट्र नै अधोगतितिर गैरहेको कुरामा सबै सचेत हुन आवश्यक देखिन आएको छ। यस सन्दर्भमा केवल स्त्रीहरूको मात्र वेषभूषाको मर्यादाका सम्बन्धमा विवेचना गर्दा यो विषय अधुरै रहने हुनाले यहाँ समग्र रूपले यस विषयको संक्षिप्त चर्चा गर्न लागिएको छ। वेषभूषाका विषयमा धर्मशास्त्रीय मर्यादा युक्तियुक्त, मननीय र अनुसरण गर्न योग्य पनि छ भन्ने कुरा मनुस्मृतिको तल लेखिएको एउटा श्लोकको तात्पर्य बुझे मात्रै पनि स्पष्ट हुन सक्छ–

वयसः कर्मणोऽर्थस्य श्रुतस्याऽभिजनस्य च।
वेष-वाग्-बुद्धि-सारूप्यमाचरन् विचरेदिह॥–(मनुस्मृति ४।१८)

(आफ्नो उमेर, काम [पेसा], धन वा प्रयोजन, अध्ययन वा ज्ञान, कुलघरान इत्यादिका अनुकूल वेषभूषा, बोलीचाली र बुद्धिविचार अँगालेर लोकमा व्यवहार गर्दै चल्नू।)

उक्त सिद्धान्तअनुसार गुरु, पुरोहित, पण्डित, विद्वान् र शिक्षकहरूका तथा योद्धा, रक्षक, चिकित्सक, कृषक, पशुपालक र सेवकहरूका, स्त्री र पुरुषका, कुलवधू, नर्तकी, गायिका, नायिका र वेश्याहरूका, बालक, युवक र वृद्धहरूका, बालिका, युवती र वृद्धाहरूका, सधवा स्त्री र विधवा स्त्रीहरूका, विवाहार्थिनी कन्या र अध्ययनरत कन्याका तथा ब्रह्मचारी, गृहस्थ, वानप्रस्थ र सन्यासीहरूका वेषभूषामा पनि तिनीहरूका उमेर, काम, प्रयोजन, धन, अध्ययन, कुलघरान, चित्तवृत्ति, भावना इत्यादिका आधारमा विभिन्न विशेषताहरू रहनु स्वाभाविक, उचित र आवश्यकसमेत हुन्छ भन्ने कुरा बुझ्न सकिन्छ।

घरमा पूजापाठ गर्दा लगाउने धोती-उपर्ना अन्य काम गर्दा लगाउन समुचित नहुन सक्छ। 'सादा जीवन उच्च विचार' भन्ने आदर्शरूप सिद्धान्तलाई

हृदयबाटै आत्मसात् गर्न सक्ने विचारशील स्त्री-पुरुषका निम्ति सादा, सौम्य, शिष्ट र अल्पमूल्यको परिधान (वस्त्र, पहिरन) नै पर्याप्त हुन सक्छ भने चिकित्सकले रोगीमा अनुकूल भाव जगाउने खालको वेष गर्न पर्ने हुन्छ। त्यस्तै गायक-गायिका र नर्तक-नर्तकीहरूले श्रोता र दर्शकमा प्रभाव पार्न अलि आकर्षक वेषभूषा गर्नुपर्ने हुन जान्छ। रक्षक र योद्धाले आफ्नो काम गर्न विशेष सजिलो पनि पार्ने अलिक डरलाग्दो वेषभूषा गर्नुपर्ने हुन्छ भने बालचिकित्सकले बालबच्चा आकृष्ट हुने रमणीय वेषभूषा नै अपनाउन पर्ने हुन्छ। उनीहरू जुँगेमुठे हुन पनि उचित हुँदैन। धर्म, अर्थ, काम, मोक्ष यी चारै पुरुषार्थप्रति सन्तुलित दृष्टि राखेर जीवनयात्रा चलाउनुपर्ने स्नातक-गृहस्थहरूले लोकव्यवहारमा समुचित सफलता प्राप्त गर्न र लोकमा प्रभाव पार्न जेजस्तो खानपान र वेषभूषा गर्न आवश्यक र उचित हुन्छ[१], केवल मोक्षपरक दृष्टि राखेर चल्नुपर्ने सन्न्यासीले त्यस्तो खानपान र वेषभूषा गर्न उचित हुँदैन[२]।

आजभोलि पाश्चात्त्य नग्न संस्कृतिले शालीन हिन्दु संस्कृतिमाथि अतिक्रमण गरेको हुनाले त्यसले विभिन्न अवस्थाका पुरुष र स्त्रीहरूका परिधानमा पनि धेरै कुप्रभाव पारेको देखिन्छ। युवतीहरूले भड्किला र उत्ताउला पहिरन लगाउँदा समाजमा विकृति र बलात्कारजस्तो जघन्य अपराधलाई प्रोत्साहन मिल्न गएको पनि देखिन्छ। टेलिभिजनमा वा चलचित्रमा प्रस्तुत हुने नायिका, अभिनेत्री र नर्तकीका परिधानलाई आदर्श मानेर अर्धनग्न वेषभूषामा वा उत्ताउला पहिरनमा सार्वजनिक स्थानमा उपस्थित हुने आधुनिक महिलालाई सुसभ्य हिन्दु समाजले सुसंस्कृत शिष्ट कन्या वा शालीन कुलवधूका रूपमा आदर गर्न मिल्ने देखिँदैन। शरीरका ढाक्नुपर्ने अङ्गहरू प्रदर्शन गरेर तथा शरीरै बेचेर पनि जीविका चलाउनुपर्ने बाध्यता भएका नायिका, नर्तकी, मोडेल र वेश्याहरूको वेषभूषाको अनुकरण कुलवधू र सुसभ्य नारीहरूले गर्न आवश्यक र उचित देखिँदैन। आधुनिकताका नाममा भित्रिएको यस्तो नग्न संस्कृतिलाई निरुत्साहित गर्न आवश्यक देखिन्छ[३]। कुलीन साध्वी स्त्रीहरूले शिरदेखि गोलीगाँठासम्म ढाक्ने गरी धोती (साडी) लगाउन र उपर्ना (पछ्यौरा, मजेत्रो) ओढ्न पर्ने निर्देश शङ्ख-लिखित-धर्मसूत्रमा पाइन्छ[४]। स्त्रीहरूले स्तन र नाभि (नाइटो) त देखाउनै नहुने कुरा पनि त्यहाँ उल्लिखित छ[५]। संस्कृतका प्रसिद्ध कवि तथा काव्यशास्त्री

---

१. न सीदेत् स्नातको विप्रः क्षुधा शक्तः कथञ्चन।
न जीर्णमलवद्वासा भवेच् च विभवे सति॥—मनुस्मृति ४।३४।

२. सन्न्यासीको आचरण र वेषभूषाको विषय यसै ग्रन्थका ६०–६१ पृष्ठहरूमा द्रष्टव्य छ।

३. पत्रपत्रिकाहरूले र टेलिभिजनहरूले पनि यस विषयमा विचार पुऱ्याउनुपर्ने देखिन्छ।

४. कुलवधूरागुल्फं वासः परिदध्यात्। नाऽनुत्तरीया परिधावेत्।—शङ्ख.७८, पृ.११५।

५. न स्तनौ विवृतौ कुर्यात्। न नाभिं दर्शयेत्।—शङ्ख-लिखित-धर्मसूत्र ७८, पृ.११५।

राजशेखर(दशौँ शताब्दी)ले कान्यकुब्जका स्त्रीहरूको गोलीगाँठासम्म ढाक्ने गरी वस्त्र पहिरने प्रचलनलाई स्तुत्य भनी वर्णन गरेका छन्[१]। यस सन्दर्भमा मुस्लिम राष्ट्रहरूमा प्रचलित बुर्काप्रथालाई अव्यावहारिक र अनुचित माने तापनि महिलाले आफ्ना अधिकांश अङ्ग ढाक्ने गरी शालीन पहिरन लगाउनुपर्ने त्यहाँको प्रचलनलाई भने अव्यावहारिक मान्न उचित हुँदैन। अध्ययनमा संलग्न हुनुपर्ने छात्राले त भड्किलो र उत्ताउलो वेषभूषा गर्नु अत्यन्त अनुचित र मर्यादाहीन तथा आपत्ति बोलाउने कार्य हो भन्ने बुझ्नुपर्दछ।

सधवा र विधवा स्त्रीका वेषभूषामा हुने अन्तर पनि उनीहरूका प्रयोजन, मनोभाव र अवस्थाका भिन्नताले हुने गरेको हो भन्ने देखिन्छ। तथापि यस सम्बन्धमा समाजमा केही भ्रम पनि रहेको देखिन्छ। धर्मविवाह गर्नेले विवाहसम्बन्धी शास्त्रोक्त नियमहरूको[२] पालन गर्नुपर्ने हुन्छ। खास गरी नेपाली समाजमा उपाध्याय ब्राह्मणमा मात्र विधवाले पुनर्विवाह नगर्ने र अर्काकी सधवा वा विधवा स्त्रीलाई स्वास्नी बनाएमा त्यस्ती स्त्रीलाई र उसबाट जन्मेका सन्तानलाई आफ्ना श्रेणीमा नमिलाउने नियम कट्टरताका साथ पालन गर्ने गरिएको पाइन्छ। अन्य जातिमा भने पोइल जाने वा स्वास्नी ल्याउने चलन चलिआएकै छ। तथापि उपाध्याय ब्राह्मणको विवाहसम्बन्धी मर्यादालाई नै सम्पूर्ण हिन्दु समाजले गौरवपूर्ण र कल्याणकारी मानेर त्यसको अनुसरण गर्ने प्रयास गरिहेको पनि देखिन्छ। सबै नै हिन्दु सधवा स्त्रीहरूले प्रायः राता लुगा, चुरा, पोते, टीका र सिन्दूरलाई सौभाग्यको प्रतीक मानेर लगाउने गर्दछन्। सधवा स्त्रीका परिधानका विषयमा पुराणमा विशेष व्यवस्था पनि देखाइएको पाइन्छ। पतिव्रता नारीले हरिद्रा, कुङ्कुम, सिन्दूर, गाजल, चोली तथा मङ्गलकारक कुण्डल, बाला (चुरा) इत्यादि आभूषणहरू लगाउनुका साथै कोरीबाटी गरेर केशलाई सुसज्जित पनि गर्नुपर्छ भन्ने कुरा स्कन्दपुराणमा भनिएको छ[३]। सधवा स्त्रीले अरूलाई हैन, पतिलाई आफूप्रति आकर्षित गर्न सिँगारपटार गर्ने कार्य (पतिले मन पराएका खण्डमा) धर्मको अनुकूल कुरो हो। तसर्थ पति परदेश जाँदा पत्नीले सिँगारपटार गर्न हुँदैन भनेर धर्मशास्त्रमा भनिएको छ[४]।

---

१. ताटङ्कवल्गनतरङ्गितगण्डलेखमानाभिलम्बिदरदोलिततारहारम्।
आश्रोणिगुल्फपरिमण्डलितान्तरीयं वेषं नमस्यत महोदयसुन्दरीणाम्॥
—काव्यमीमांसा (तृतीय अध्याय)।

२. यसै ग्रन्थका 'विवाहसम्बन्धी हिन्दु अवधारणा' (पृ.६९–७०), 'विधवाधर्म' (पृ.१२७), 'स्त्रीको पुनर्विवाहको ...विचार' (पृ.१३२) इत्यादि अन्य सम्बद्ध प्रकरण पनि हेर्नुहोस्।

३. हरिद्रां कुङ्कुमं चैव सिन्दूरं कज्जलं तथा। कूर्पासकं च ताम्बूलं माङ्गल्याभरणं शुभम्॥
केशसंस्कारकं चैव करकर्णादिभूषणम्। भर्तुरायुष्यमिच्छन्ती दूरयेन् न पतिव्रता॥
—स्कन्दपुराण, ब्राह्मखण्ड २।७।२८–२९।

४. क्रीडां शरीरसंस्कारं समाजोत्सवदर्शनम्।
हास्यं परगृहे यानं त्यजेत् प्रोषितभर्तृका॥—याज्ञवल्क्यस्मृति १।८४।

विधवा स्त्रीले पुनर्विवाह गरेमा वा पोइल गएका खण्डमा उनीहरूले पनि सधवा स्त्रीले झैँ रातो लुगा, चुरा, पोते इत्यादि लगाउने गरेको सबैले देखेकै छन्। तसर्थ उनीहरूले राता लुगा र चुरा पोते लगाउन पाउनुपर्छ भन्नु निष्प्रयोजन देखिन्छ। उपाध्याय ब्राह्मणका विधवाका चरित्रको अनुकरण र अनुसरण गरेर पुनर्विवाह नगर्ने वा पोइल नजाने र राता लुगा, चुरा, पोते इत्यादि त्याग्ने सबै जातिका विधवाहरूले उक्त कुरा लगाउन पाउनुपर्छ भन्नु पनि निरर्थक देखिन्छ। किनभने स्वेच्छाले त्यागेका विषयमा अरूले बोल्नु उचित देखिँदैन।

शास्त्रमा विधवा स्त्रीले सन्न्यासीका जस्ता अनाकर्षक गेरुवा वस्त्र लगाएर धर्मकर्म गर्नुपर्ने बताइएको छ। जस्तै—

धारयेदथ रक्तानि नारी चेदथ संयता।
विधवा धातुरक्तानि कुमारी शुक्लवाससी॥—(मत्स्यपुराण ६२।७–८)

(सधवा नारीले राता-पहेँला रङ्गीन लुगा लगाउनू, संयममा रहने विधवा नारीले गेरुवा रङ्गका अनाकर्षक लुगा लगाउनू, कुमारी कन्याले नरङ्गाएका सेता लुगा लगाउनू।)

स्त्रीजातिका वेषभूषका सम्बन्धमा गरिएको यस व्यवस्थाले उनीहरूको अवस्थाविशेषको चित्तवृत्ति र मनोभावलाई अभिव्यक्त गरेको देखिन्छ। याज्ञवल्क्यका दुई पत्नीमध्ये कात्यायनी अंशधन पाउँदा सन्तुष्ट भइन् भने मैत्रेयीले चाहिँ अमर हुन सहयोग नपुऱ्याउने अंशधनमा वितृष्णा व्यक्त गर्दै अमरत्व प्राप्त गर्ने साधन ज्ञानको खोजी गरिन् भन्ने आख्यायिका बृहदारण्यकोपनिषद्मा आएको छ[1]। गरगहनाप्रतिको मोह वा प्रेम पनि चित्तवृत्तिमा भर पर्ने कुरा हो भन्ने तथ्य दक्षस्मृतिमा बताइएको छ। जस्तै—

बुधा ह्याभरणं भारं मलमालेपनं तथा।
मन्यन्ते स्त्री च मूर्खश् च तदेव बहु मन्यते॥—(७।२६, स्मृतिस., पृ.८३)

(विचारशील व्यक्तिहरू अलङ्कारलाई [गरगहनालाई] भार र आलेपनलाई [क्रीम, पाउडर, अत्तर इत्यादि शरीरमा लेपिने वस्तुलाई] मल ठान्दछन्, मूर्ख व्यक्ति र स्त्री तिनैलाई ठूलो कुरा ठान्दछन्।)

लोकको चरित्रलाई यथार्थ रूपमा अभिव्यक्त गर्ने यो उक्ति आजभोलि बेसरी चरितार्थ भैरहेको देखिन्छ। यस प्रसङ्गमा **'नाऽकामी मण्डनप्रियः'** (काम-वासना नभएको व्यक्ति सिँगारपटारलाई प्रिय मान्नेवाला हुँदैन) भन्ने पञ्चतन्त्रमा आएको उक्ति पनि मननीय छ। पतिवियोग हुनाले कामवासना हटेकी अथवा कामवासनालाई जित्ने प्रयासमा लागेकी (ब्रह्मचर्यका नियममा रहेकी) विधवा स्त्रीका लागि राता लुगा, चुरा, पोते, टीका इत्यादि पुरुषको चित्तलाई आकर्षित

---

१. यसै ग्रन्थका १०९(टि.८) र ११०(टि.१) पृष्ठ हेर्नुहोस्।

गर्ने र अनुरागलाई बढाउने उत्तेजक वेषभूषा गर्न अनुचित मानिनु तर्कसङ्गत देखिन्छ। कामवासना नहटेकी वा कामवासनालाई जित्ने प्रयासमै नलागेकी विधवा स्त्री भए उसलाई स्वेच्छाले पोइल जान वा पुनर्विवाह गर्न छुट छँदैछ।

निष्कर्षमा भन्नुपर्दा हाम्रा धर्मशास्त्रीय ग्रन्थले निर्देश गरेको वेषभूषाको सिद्धान्त युक्तियुक्त र वैज्ञानिक पनि छ भन्न सकिन्छ[१]।

स्त्रीका कतिपय विशेष अधिकारहरू

धर्मशास्त्रले धेरै कुरामा स्त्रीहरूलाई विशेष अधिकार दिएको पनि देखिन्छ। सामान्यतया दण्डका रूपमा पनि स्त्रीलाई मृत्युदण्ड दिइँदैन[२]। ब्रह्महत्याभन्दा पनि स्त्रीहत्या घृणास्पद पापकर्म मानिन्छ। त्यसैले ब्रह्महत्या गर्नेसित प्रायश्चित्त गरेपछि पनि सँगै नबस्नू भन्ने शास्त्र छैन भने स्त्रीहत्या गर्नेसित त प्रायश्चित्त गरे पनि सँगै नबस्नू भन्ने शास्त्रनिर्देश पाइन्छ[३]। व्यभिचारिणी (चरित्रभ्रष्ट) स्त्रीलाई पनि खान-लाउनसम्म त दिनुपर्ने नियम शास्त्रमा देखाइएको छ[४]। उस्तै पापकर्म गर्दा पुरुषलाई भन्दा स्त्रीलाई कम पाप लाग्ने[५] र पुरुषको भन्दा आधा प्रायश्चित्त गरे हुने व्यवस्था धर्मशास्त्रले गरेको देखिन्छ[६]। सामान्यतया पतित (आचारभ्रष्ट) व्यक्तिको छोरो पतित मानिए तापनि पतितकी छोरी पतित मानिन्न[७]। पतित बाबुलाई त्याग गर्नुपर्ने भए पनि पतिता आमालाई छोराले त्यागै गरिहाल्न नहुने कुरा धर्मशास्त्रमा बताइएको छ[८]। कम उमेरकी वा अशिक्षित स्त्री भए पनि उसलाई उसको पतिको अवस्थाअनुसार आदरसत्कार मिल्ने देखिन्छ[९]। वेदका विद्वान् ब्राह्मणलाई झैँ नै सबै वर्णका स्त्रीलाई पनि राज्यले कर तिर्नबाट मुक्ति दिने

---

१. यस विषयको विवेचना 'वेषभूषाको शास्त्रीय मर्यादा' (आमोदवर्धन कौण्डिन्न्यायन, गोरखापत्र, २०६०।६।२५) भन्ने लेखमा पनि गरिएको छ।

२. यसै ग्रन्थको १०७औँ पृष्ठको ६ नं. को दोस्रो टिप्पणी हेर्नुहोस्।

३. बालघ्नांश् च कृतघ्नांश् च विशुद्धानपि धर्मतः।
शरणाऽगतहन्तॄंश् च *स्त्रीहन्तॄंश् च न संवसेत्* ॥–मनुस्मृति ११।१९०।

४. यसै ग्रन्थका १८१–१८२ पृष्ठ र १८२औँ पृष्ठका १ र २ नं.का टिप्पणी हेर्नुहोस्।

५. यसै ग्रन्थको १०८औँ पृष्ठको पहिलो टिप्पणी हेर्नुहोस्।

६. अशीतिर् यस्य वर्षाणि बालो वाऽप्यूनषोडशः।
प्रायश्चित्तार्धमर्हन्ति स्त्रियो रोगिण एव च॥–विष्णुस्मृति (विष्णु ध.सू.) ५४।३३।

७. पतितेनोत्पन्नः पतितो भवतीत्याहुरन्यत्र स्त्रियाः, सा हि परगामिनी, तामरिक्थामुपेयात्।
–वासिष्ठ धर्मशास्त्र (वसिष्ठ-धर्मसूत्र) १३।५१–५३।

८. यसै ग्रन्थका ८८(टि.३) र १७९ पृष्ठहरू हेर्नुहोस्।

९. पतिवयसः स्त्रियः।–आपस्तम्ब-धर्मसूत्र १।४।३(१४)।१८।

व्यवस्था गरेको देखिन्छ[1]। यस्तो सुविधा प्रतिलोम जातिका[2] स्त्रीबाहेक[3] ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्र यी चारै वर्णका स्त्रीलाई राज्यबाट प्राप्त हुनुपर्ने कुरा शास्त्रमा बताइएको छ। यसबाट धर्मशास्त्रले महिलालाई आर्थिक रूपले सबल बनाउन खोजेको कुरा स्पष्ट रूपमा बुझ्न सकिन्छ। यस्तो सुविधा महिलालाई राज्यबाट अहिले प्राप्त हुन सकेको देखिँदैन।

बाटोमा हिंड्दा स्त्रीलाई पहिला अगाडि जान दिनुपर्ने नियम देखिन्छ[4]। धर्मविवाहमा संलग्न वधू(दुलही)लाई राजाले र स्नातकले पनि सम्मान गरेर बाटो छोड्न पर्छ भन्ने व्यवस्था धर्मशास्त्रमा गरिएको छ[5]। दुई महिनाभन्दा बढीकी गर्भवती स्त्रीलाई नदी पार गर्न डुङ्गामा वा नाउमा चढ्दा लाग्ने भाडा लाग्दैन भन्ने व्यवस्था गरिएको देखिन्छ (मनु.८।४०७)। बूढीकन्या, सानी कन्या, रोगी र गर्भिणीलाई (तथा सुत्केरीलाई) अतिथिभन्दा पनि अघि नै (अथवा अतिथिपछि लगत्तै) भोजन गराउनुपर्ने निर्देश कतै पाइन्छ[6]। न्याय प्रदान गर्ने विषयसित सम्बद्ध कतिपय कुरामा पनि महिलालाई विशेष सुविधा र सहुलियत दिइएको देखिन्छ। स्त्रीधनका उत्तराधिकारमा पनि छोरालाई भन्दा छोरीलाई प्राथमिकता दिइएको छ[7]। उपर्युक्त विषयभन्दा बाहेक अन्य कतिपय विषयमा पनि पुरुषलाई भन्दा महिलालाई धर्मशास्त्रले सुविधा र सहुलियत दिएको देखिन्छ।

यसरी हिन्दु धर्मशास्त्रले आवश्यकता र औचित्य हेरेर धेरै नै कुरामा स्त्रीलाई विशिष्ट अधिकार र सुविधा दिएको देखिन्छ। तर यस्ता कुराको चर्चा हाम्रा समाजमा गरिएको त्यति देखिँदैन। यस विषयमा विवेकशील व्यक्तिहरूको ध्यान जान आवश्यक छ।

❁

---

१. अकरः श्रोत्रियः, सर्ववर्णानां च स्त्रियः।—आपस्तम्ब-धर्मसूत्र २।१०।२(२६)।१०–११।

२. प्रतिलोम-विवाहलाई धर्मशास्त्रले कडाइका साथ निषेध गरेको हुनाले प्रतिलोम जातिकी स्त्रीलाई धर्मशास्त्रले यस्तो सुविधा नदिएको हो भन्ने देखिन्छ (प्रतिलोमविवाह कस्तालाई भन्दछन् भन्ने कुरा यसै ग्रन्थको ७७औं पृष्ठमा हेर्नुहोस्)।

३. वर्णग्रहणात् प्रतिलोमादिस्त्रियो दाप्याः।—आपस्तम्ब-धर्मसूत्रको हरदत्तमिश्ररचित 'उज्ज्वला'वृत्ति २।१०।२(२६)।११।

४. यसै ग्रन्थको ९६औं पृष्ठको छैटौं टिप्पणी हेर्नुहोस्।

५. यसै ग्रन्थको ९६औं पृष्ठको छैटौं टिप्पणी हेर्नुहोस्।

६. सुवासिनीः कुमारीश् च रोगिणो गर्भिणीः स्त्रियः।
अतिथिभ्योऽग्र(ऽन्वग्) एवैतान् भोजयेदविचारयन्॥—मनु.३।११४; द्र.– विष्णु.६७।३९।

७. यसै ग्रन्थका १८३–१८८ पृष्ठहरू र तिनका टिप्पणी पनि हेर्नुहोस्।

चतुर्थ अध्याय

वैदिक धर्मशास्त्रमा स्त्रीधनसम्बन्धी व्यवस्था

विषय-प्रवेश

नेपाली समाजमा आजभोलि महिलाअधिकारवादीहरूले र तिनैका अनुगामी कतिपय शिक्षित महिलाहरूले पनि महिलाका विभिन्न अधिकारका सम्बन्धमा कुरा उठाउँदा सम्पत्तिमाथि उनीहरूका अधिकारका विषयमा पनि जोडतोडका साथ चर्चा गरिरहेको पाइन्छ। यस प्रसङ्गमा उनीहरूले वैदिक धर्मशास्त्रले महिलालाई विभेद गरेको भनेर दोषारोपण गर्ने गरेको पनि देखिन्छ। तसर्थ वैदिक धर्मशास्त्रले सम्पत्तिमा महिलाको केकस्तो स्वामित्व वा अधिकार मानेको छ र त्यो कतिसम्म न्यायपूर्ण छ भन्ने विषयमा यहाँ विवेचना गर्न लागिएको छ[1]।

धर्मशास्त्रमा र नेपालमा प्रचलित मुलुकी ऐनमा पनि महिलाका सम्पत्तिलाई मुख्य रूपमा क्रमशः स्त्रीधन र स्त्रीअंशधन भनी उल्लेख गरिएको पाइएकाले यस प्रकरणमा 'महिला' भन्ने शब्दको प्रयोग नगरी स्त्री शब्दको प्रयोग गरिएको छ।

स्त्रीधन र स्त्रीअंशधनको अर्थ वा परिभाषा

स्त्रीधनको यौगिक अर्थ हुन्छ– स्त्रीको धन। किन्तु धर्मशास्त्रकारहरूले स्त्रीधनलाई पारिभाषिक मानेको देखिन्छ। मनु, नारद, कात्यायन इत्यादि धर्मशास्त्रकारहरूले स्त्रीले जीवनका विशेष अवस्थाहरूमा पाएका केही निश्चित प्रकारका धनलाई स्त्रीधन भनेका छन्, जसको चर्चा अगाडि गरिँदै छ।

---

१. प्रस्तुत विषयका सम्बन्धमा प्रासङ्गिक अरू धेरै कुराहरूको उल्लेख यसै ग्रन्थको भूमिकाभागमा गरिएको छ (पृ.२,३,४,७,८)।

किन्तु याज्ञवल्क्यस्मृतिको टीका (व्याख्या) 'मिताक्षरा'मा विज्ञानेश्वरले स्त्रीधनलाई विस्तृत अर्थमा अर्थात् यौगिक (स्त्रीको धन भन्ने व्युत्पत्तिबाट बुझिने) अर्थमा व्याख्या गरेका छन्। उनी भन्छन्– 'स्त्रीधन' शब्द यौगिक हो, पारिभाषिक हैन। जबसम्म यौगिक अर्थ गर्न सम्भव हुन्छ, तबसम्म पारिभाषिक अर्थ गर्न उचित हुँदैन[१]। अतः विज्ञानेश्वरका मतमा स्त्रीले जुनसुकै प्रकारले पाएको भए पनि त्यो धन स्त्रीधन हो। यस व्याख्याका अनुसार कुनै पनि स्त्रीले उत्तराधिकारका रूपमा पाएको अंशसमेत स्त्रीधनभित्रै पर्ने देखिन्छ[२]। यस मतलाई कतिपय धर्मशास्त्रीय निबन्धग्रन्थले पनि स्वीकार गरेको सङ्केत पाइन्छ[३]।

तथापि अन्य कतिपय धर्मशास्त्रनिबन्धकारहरूले भने स्त्रीधनलाई स्मृतिहरूमा उल्लिखित पारिभाषिक अर्थमा लिएको पनि देखिन्छ। बङ्गालका प्रसिद्ध धर्मशास्त्री जीमूतवाहनले आफ्नो दायभाग भन्ने ग्रन्थमा यस्तो लेखेका छन्– 'जुन धनलाई पतिको नियन्त्रणविना दान दिन, बेच्न र उपभोग गर्न स्त्री स्वतन्त्र हुन्छे, त्यही धन स्त्रीधन हो'[४]। यसबाट स्त्रीधन दुई प्रकारका हुन्छन्, जसमध्ये एउटामा स्त्रीको स्वतन्त्र वा पूर्ण अधिकार हुन्छ र अर्कामा परनियन्त्रित वा सीमित अधिकार हुन्छ भन्ने कुरा बुझिन्छ।

स्मृतिहरूमा स्त्रीधन भन्ने शब्दको उल्लेख भए तापनि स्त्रीअंशधन भन्ने शब्दको चाहिँ उल्लेख भएको देखिँदैन। स्त्रीले अंशका रूपमा ससुरा, पति, देवर, जेठाजु इत्यादिबाट पाउने धनलाई दाय, रिक्थ इत्यादि शब्दले नै स्मृतिहरूमा व्यवहार गरिएको पाइन्छ। नेपालमा प्रचलित मुलुकी ऐनमा स्त्रीधन र स्त्रीअंशधनको स्पष्टसँग परिभाषा गरिएको छैन। किन्तु स्मृतिहरूमा स्त्रीधन भनिएको सम्पत्तिलाई पनि मुलुकी ऐनमा स्त्रीअंशधन भनिएको देखिन्छ[५]।

---

१. 'स्त्रीधन'-शब्दश्च यौगिको न पारिभाषिकः। योगसम्भवे परिभाषाया अयुक्तत्वात्।
—मिताक्षरा (याज्ञवल्क्यस्मृतिव्याख्या) २।१४३।

२. याज्ञवल्क्यस्मृतिमा (२।१४३) 'आधिवेदनिकाद्यम्' भन्ने पदमा आद्य शब्दको प्रयोग गरिएकाले स्त्रीको जुनसुकै सम्पत्तिलाई पनि याज्ञवल्क्यले स्त्रीधन मानेको बुझिन्छ। अर्थात् उनका मतमा उत्तराधिकारका रूपमा स्त्रीले पाएको धनभाग (अंश) पनि स्त्रीधन नै हो। यसरी उनले स्त्रीधनको यौगिक अर्थलाई नै ग्रहण गरेको देखिन्छ (यसै ग्रन्थको १४५औं पृष्ठ र त्यहाँको तेस्रो टिप्पणी पनि हेर्नुहोस्)।

३. द्र.– वीरमित्रोदय, व्यवहारप्रकाश, मित्र मिश्र, सम्. विष्णुप्रसाद भण्डारी, चौखम्बा संस्कृत सिरिज, बनारस, (Vol. vii, Fasciculus 6) सन् १९३२, पृ.५४२।

४. तदेव च स्त्रीधनं यत्र भर्तृतः स्वातन्त्र्येण दानविक्रयभोगान् कर्तुमधिकरोति।
—दायभाग, जीमूतवाहन, सम्. तथा प्रका. जीवानन्द विद्यासागर भट्टाचार्य, कलकत्ता, द्वि.सं., सन् १८९३, ४।१।१८, पृ.७६।

५. द्र.– मुलुकी ऐन (२०५९), भाग ३, महल १४, स्त्री-अंश-धनको (श्री ५ को सरकार, कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय, कानून किताब व्यवस्था समिति, २०६१)।

सामान्यतया धर्मशास्त्रमा स्त्रीधन भनेर स्त्रीको पूर्ण अधिकार भएको[1] सम्पत्तिलाई बुझाइएको छ भने अंश, दाय, रिक्थ इत्यादि भनेर उत्तराधिकारका रूपमा स्त्रीले पाएको सम्पत्तिलाई बुझाइएको छ, जसमध्ये दोस्रो प्रकारको सम्पत्तिमा अवस्थानुसार स्त्रीको सीमित अधिकार मात्रै पनि हुन सक्छ। यस ग्रन्थमा स्त्रीका दुवैथरी धनका विषयमा चर्चा गरिंदै छ।

स्त्रीधन

स्त्रीधनका विषयमा वैदिक वाङ्मयका विभिन्न स्थलमा स्पष्टसँग उल्लेख भएको पाइन्छ। **ऋग्वेद**का विवाहसम्बन्धी मन्त्रहरूमा वधूलाई (दुलहीलाई) वरगृह (दुलहाको घर) पठाउँदा उपहारसमेत दिएर पठाउने कुराको उल्लेख छ। सविताकी छोरी सूर्याको सोमसित विवाह हुँदा उनलाई पिताले (बाबुले) उपहार दिएको कुरा त्यहाँ उल्लिखित छ। जस्तै—

'सविताले आफ्नी छोरी सूर्यालाई दिएको गाई इत्यादि द्रव्य (वहतु) सूर्याभन्दा पहिल्यै वरगृहमा गयो (पठाइयो)...।'[2]

'हे अग्नि, गन्धर्वहरूले तिमीलाई उपहार(वहतु)सहित सूर्या दिए...।'[3]

यी दुई मन्त्रमध्ये पहिलो मन्त्र ऋग्वेदमा र अथर्ववेदमा तथा दोस्रो मन्त्र ऋग्वेद, अथर्ववेद, पारस्करगृह्यसूत्र, मानवगृह्यसूत्र इत्यादि धेरै वैदिक ग्रन्थहरूमा समेत उल्लिखित छ। विवाहिता वधूलाई गृहस्थधर्मको वहन गर्नका लागि उत्साहित गर्न उपहारका रूपमा पिताद्वारा दिइने गाई इत्यादि द्रव्यलाई बुझाउने वहतु शब्द ऋग्वेदमा अन्यत्र पनि आएको छ[4]। विवाहका समयमा पिताले कन्यालाई वस्त्र (लुगाफाटो) अलङ्कार (गरगहना) इत्यादि द्रव्यका साथ वरगृह पठाउने कुरा अथर्ववेदको एउटा मन्त्रका[5] व्याख्यामा सायणले स्पष्टसँग लेखेका छन्[6]।

---

१. धर्मशास्त्रमा कुनै प्रकारका स्त्रीधनमा महिलाको पूर्ण वा स्वतन्त्र अधिकार हुने र कुनै प्रकारका स्त्रीधनमा सीमित वा परनियन्त्रित अधिकार हुने कुरा बताइएको छ (द्र.– यसै ग्रन्थका १५४–१५९ पृष्ठहरू)।

२. सूर्याया वहतुः प्रागात् सविता यमवासृजत्।
(अघासु हन्यन्ते गावोऽर्जुन्योः पर्युह्यते॥)—ऋग्वेद १०।८५।१३, अथर्ववेद १४।१।१३।

३. तुभ्यमग्रे पर्यवहन् सूर्यां वहतुना सह।
पुनः (स नः) पतिभ्यो जायां दा अग्ने (दाऽग्ने) प्रजया सह॥—ऋग्वेद १०।८५।३८, अथर्ववेद १४।२।१, पारस्कर-गृह्यसूत्र १।७।३, मानव-गृह्यसूत्र १।११।१२; इत्यादि।

४. जायां पतिं वहति वग्नुना सुमत् पुंस इद् भद्रो वहतुः परिष्कृतः।—ऋग्वेद १०।३२।३।

५. त्वष्टा दुहित्रे वहतुं युनक्तीतीदं विश्वं भुवनं वियाति।—अथर्ववेद ३।३१।५।

६. त्वष्टा देवो दुहित्रे विवाहकाले स्वदुहितृप्रीत्यर्थं वहतुम्। पुरुषैरुह्यते जामातृगृहं प्राप्यत इति वहतुः। दुहित्रा सह प्रीत्या प्रस्थापनीयं वस्त्राऽलङ्कारादि द्रव्यं वहतुशब्देन विवक्षितम्।—सायण (अथर्ववेद-व्याख्या ३।३१।५)।

कृष्णयजुर्वेदका तैत्तिरीयसंहिता, मैत्रायणीयसंहिता, काठकसंहिता र कपिष्ठलकठसंहिताअनुसार विवाहिता स्त्री गृहसामग्रीकी (पारीणह्यकी[1]) स्वामिनी (मालिक्नी) हुने देखिन्छ[2]। यस कुराको पुष्टि धर्ममीमांसक जैमिनिले पनि गरेका छन्[3]। यसरी वेदले नै स्त्रीको सम्पत्ति हुने कुरा निर्देशित गरेको देखिन्छ।

धर्मसूत्रकार **आपस्तम्ब**ले आभूषण (गरगहना) पत्नीको धन हुने कुरा र केही पूर्ववर्ती आचार्यका मतमा बाबु, दाजुभाइ इत्यादि माइतीका तर्फबाट दिइएको धन पनि पत्नीकै हुने कुरा उल्लेख गरेका छन्[4]। धर्मसूत्रकार **बौधायन**का मतमा छोरीहरूले आफ्नी आमाका परम्परागत गरगहना मात्र वा परम्परागत अन्य वस्तुसमेत पनि पाउँछन्[5]। **वसिष्ठधर्मसूत्र**मा आमालाई विवाहका समयमा प्राप्त वस्तु छोरीहरूले बाँडेर लिऊन् भनिएको छ[6]।

---

१. मुद्रित तैत्तिरीयसंहिता, काठकसंहिता र कपिष्ठलकठसंहितामा **'पारीणह्य'** भन्ने पदको प्रयोग देखिन्छ। मुद्रित मैत्रायणीयसंहितामा भने **'पारेणह्य'** भन्ने पदको प्रयोग भएको छ। किन्तु वैदिकपदानुक्रमकोषले उक्त सबै मन्त्रसंहिताहरूमा **'पारीणह्य'** भन्ने पदकै प्रयोग भएको मानेको छ। धर्मकोशले चाहिँ तैत्तिरीयसंहितामा **'पारिणाह्य'** भन्ने पाठ, काठकसंहितामा र कपिष्ठलकठसंहितामा **'पारिणह्य'** भन्ने पाठ तथा मैत्रायणीयसंहितामा **'पारेणह्य'** भन्ने पाठ मुद्रित भएको देखाएको छ। तैत्तिरीयप्रातिशाख्यका व्याख्याहरूले (३।७, ७।४) तैत्तिरीयसंहितामा **'पारीणह्य'** भन्ने पाठ भएको देखाएका छन्। पारीणह्यको अर्थ वैदिकपदानुक्रमकोषले गृहसामग्री भन्ने दिएको छ। धर्मकोशले पनि पारिणाह्य र पारिणाय्यको अर्थ 'घरेलु प्रयोगका सामग्रीहरू' (articles of household use) भनेर दिएको छ। वासिष्ठधर्मशास्त्रमा (१७।४६) **'पारिणेय'** भन्ने पद मुद्रित छ। किन्तु विभिन्न व्याख्याता र निबन्धकारहरूले यस पदलाई विभिन्न रूपमा उद्धृत गरेका छन्। तदनुसार यस पदका पाठहरूमा परिणाह्य, परीणाह्य, परिणाय्य, पारिणाय्य इत्यादि विभिन्न भेदहरू देखिन्छन्। तथापि तैत्तिरीयसंहितामा मुद्रित **'पारीणह्य'** भन्ने पाठ नै गृहसामग्री भन्ने अर्थमा वेदमा प्रयुक्त भएको देखिएकाले यसै पाठलाई उक्त अर्थमा समुचित मान्नुपर्ने देखिन्छ। मनुस्मृतिमा आएको (९।११) **'पारिणह्य'** भन्ने पदका विभिन्न पाठभेदहरूमा पनि उपर्युक्त प्रायः सबै पाठहरू देखिन्छन् (द्र.– **Manu's Code of Law**, ed. by Patrick Olivelle, Oxford University Press, New Delhi, 2006)। तीमध्ये एउटा पाठ 'पारीणह्य' पनि छ। जैमिनीयधर्ममीमांसासूत्रको व्याख्या शाबरभाष्यमा (६।१।१६) आएको **'पत्नी वै पारिणय्यस्येष्टे'** भन्ने वाक्यले कुनै लुप्त वेदशाखामा 'पारिणय्य' भन्ने पद पनि प्रयुक्त हुँदो हो भन्ने अनुमान पनि गर्न सकिन्छ।

२. **पत्नी हि (वै) पारीणह्यस्येशे।**–तैत्तिरीय-संहिता ६।२।१।१, मैत्रायणीय-संहिता ३।७।९, काठक-संहिता २४।८।(१८), कपिष्ठलकठ-संहिता ३८।१।(१)।

३. **स्ववत्तामपि दर्शयति।**–जैमिनीय-ध.मी.सू.६।१।१६ (द्र.– जै.ध.मी.सू.६।१।१०–१५)।

४. **अलङ्कारो भार्याया ज्ञातिधनं चेत्येके।**–आपस्तम्ब-धर्मसूत्र २।६।२(१४)।९।

५. **मातुरलङ्कारं दुहितरः साम्प्रदायिकं लभेरन्नन्यद् वा।**–बौधायनधर्मसूत्र २।२(३)।४४।

६. **मातुः पारिणेयं स्त्रियो विभजेरन्।**–वासिष्ठ धर्मशास्त्र (वसिष्ठ-धर्मसूत्र) १७।४६।

यसप्रकार वैदिक धर्मशास्त्रले आमाका धनमा (दाइजो, पेवा इत्यादिमा) छोरीका उत्तराधिकारलाई प्राथमिकता दिएको देखिन्छ। नेपालमा प्रचलित मुलुकी ऐनले भने छोरा र छोरी दुवैलाई आमाका स्त्रीधनमा (दाइजो-पेवामा) समान अधिकार हुन्छ भन्ने मानेकाले[1] छोरीलाई विशेष प्राथमिकता दिएको देखिँदैन[2]। यसबाट मुलुकी ऐनमा आमाको दाइजो-पेवाका उत्तराधिकारमा छोरीलाई अग्राधिकार दिने अवधारणा नै नरहेको कुरा स्पष्ट रूपमा देखिन्छ।

स्त्रीधनका प्रकार

उक्त प्रकारले वेद तथा धर्मसूत्रहरूमा स्त्रीको केही निश्चित धन हुने कुराको उल्लेख स्पष्टसँग गरिएको छ भने स्मृतिहरूमा चाहिँ स्त्रीधनको राम्रोसँग व्याख्या नै गरिएको छ। **मनुस्मृति**मा छ प्रकारका धनलाई स्त्रीधन भनिएको छ[3]। जस्तै–

१. विवाहका समयमा अग्निका समीपमा (विवाहमण्डपमा अग्निलाई साक्षी राखी) पिता, मामा इत्यादिले दिएको धन (अध्यग्नि स्त्रीधन),

२. पिताका घरबाट पतिका घर जाने बेलामा दिइएको धन (अध्यावाहनिक स्त्रीधन)[4],

३. पतिद्वारा प्रीतिकार्यमा (पतिलाई विशेष रूपले प्यारो लाग्ने काम गरेकामा पति प्रसन्न भएर) दिइएको धन (प्रीतिदत्त स्त्रीधन),

४. दाजुभाइले दिएको स्त्रीधन,

५. आमाले दिएको स्त्रीधन,

६. बाबुले दिएको स्त्रीधन।

याज्ञवल्क्यस्मृतिका अनुसार बाबु, आमा, लोग्ने तथा दाजुभाइद्वारा दिइएको धन, विवाहका बेलामा अग्निसमक्ष (मामा इत्यादिद्वारा[5]) दिइएको धन (अध्यग्नि स्त्रीधन), लोग्नेद्वारा कान्छी स्वास्नी विवाह गर्दा जेठी स्वास्नीलाई दिइएको धन (आधिवेदनिक स्त्रीधन), स्त्रीका आमाका तथा बाबुका

---

१. • द्र.– मुलुकी ऐन, भाग ३, महल १४, स्त्री-अंश-धनको ५ नं.।
   • द्र.– यसै ग्रन्थको १८८औँ पृष्ठ।

२. एघारौँ संशोधन (२०५९) हुनुभन्दा अघिसम्म त मुलुकी ऐनले आमाको दाइजो-पेवाका उत्तराधिकारमा छोरीलाई निकै नै पछाडि राखेको थियो (द्र.– मुलुकी ऐन [२०५२ आषाढ], स्त्री-अंश-धनको ५ नं.)।

३. अध्यग्न्यध्यावाहनिकं दत्तं च प्रीतिकर्मणि।
   भ्रातृमातृपितृप्राप्तं षड्विधं स्त्रीधनं स्मृतम्॥–मनुस्मृति ९।१९४।

४. पतिपट्टिकाले दिएको धन मात्र अध्यावाहनिक स्त्रीधन भनिनुपर्नेजस्तो देखिन्छ।

५. यच् च विवाहकालेऽग्नावधिकृत्य मातुलादिभिर् दत्तम्।–मिताक्षरा २।१४३।

बन्धुहरूद्वारा दिइएको धन, शुल्कका रूपमा[1] लिइएको धन र विवाहपछि बन्धुहरूद्वारा (नातेदारहरूद्वारा) दिइएको धन (अन्वाधेयक स्त्रीधन) पनि स्त्रीधन भनिन्छ[2]। साथै **"आधिवेदनिकाद्यम्"** भन्ने पदमा आद्यशब्दको प्रयोग गरिएकाले अंशका (दायका) रूपमा प्राप्त धन, किनेर प्राप्त गरेको धन (भूमि इत्यादि), भागसान्ती पाएको कुनै प्रकारको धन, आफूले सङ्ग्रह गरेको धन र कतैबाट उपहार, पुरस्कार इत्यादिका रूपमा प्राप्त भएको धनसमेत स्त्रीधन हुन सक्ने कुरा याज्ञवल्क्यस्मृतिबाटै बुझिन्छ[3]।

यस्तैयस्तै मत **विष्णुस्मृति**को पनि छ[4]। यस स्मृतिमा छोराले दिएको सम्पत्ति पनि स्त्रीधन हुने कुरासमेत उल्लिखित छ।

कात्यायनले अध्यग्नि, अध्यावाहनिक, प्रीतिदत्त, सौदायिक, अन्वाधेय र शुल्क गरी छ प्रकारका स्त्रीधनको उल्लेख गरेका छन्[5]। यी छ प्रकारका स्त्रीधनको परिभाषासमेत उनले दिएका छन्।—

---

१. • जे लिएर कन्या दिइन्छ त्यसलाई शुल्क भन्दछन् (**शुल्कं यद् गृहीत्वा कन्या दीयते** —मिताक्षरा [याज्ञवल्क्यस्मृतिको व्याख्या] २।१४३)।

• आठ प्रकारका विवाहमध्ये आसुर विवाहमा वरबाट धन (शुल्क) लिएर कन्यादान गरिन्छ (द्र.– मनुस्मृति ३।३१, याज्ञवल्क्यस्मृति १।६१ र यसै ग्रन्थको ७२औँ पृष्ठ)।

• कात्यायनले, व्यासले र कौटलीय अर्थशास्त्रले देखाएका शुल्कका परिभाषाहरू यसै ग्रन्थको १४७औँ पृष्ठमा (र त्यसका २–४ टिप्पणीहरूमा) हेर्नुहोस्।

२. **पितृमातृपतिभ्रातृदत्तमध्यग्न्युपागतम्। आधिवेदनिकाद्यं च स्त्रीधनं परिकीर्तितम्॥ बन्धुदत्तं तथा शुल्कमन्वाधेयकमेव च।**—याज्ञवल्क्यस्मृति २।१४३–१४४।

३. • **'आद्य'शब्देन रिक्थ-क्रय-संविभाग-परिग्रहा-ऽधिगमप्राप्तमेतत् स्त्रीधनं मन्वादिभिरुक्तम्।** —मिताक्षरा (याज्ञवल्क्यस्मृतिको व्याख्या) २।१४३।

• याज्ञवल्क्यस्मृतिको विश्वरूपद्वारा रचिएको बालक्रीडाव्याख्याका पाठमा 'आद्य' शब्दको प्रयोग गरिएको छैन (२।१४७)। त्यहाँ **'चैव'** (च+एव) भन्ने पाठ छ। त्यहाँ **'आधिवेदनिकं चैव'** यस वाक्यांशको 'च' शब्दबाटै अरूथरी पनि स्त्रीधन बुझाइएका छन्।

४. **पितृमातृसुतभ्रातृदत्तम्, अध्यग्न्युपागतम्, आधिवेदनिकं, बन्धुदत्तं, शुल्कम्, अन्वाधेयकमिति स्त्रीधनम्।**—विष्णुस्मृति (विष्णुधर्मसूत्र) १७।१८।

५. **अध्यग्न्यध्यावाहनिकं दत्तं च प्रीतितः स्त्रियै।**
भ्रातृमातृपितृप्राप्तं षड्विधं स्त्रीधनं स्मृतम्॥—द्र.– दायभाग ४।१।४, पृ.७२; इत्यादि।

कात्यायनका वचन भनी धर्मशास्त्रनिबन्धग्रन्थहरूमा उल्लिखित श्लोकहरूमध्ये छ प्रकारका स्त्रीधनको संक्षिप्त उल्लेख भएको यस श्लोकमा मनुस्मृतिको श्लोकमा (द्र.– पृ.१४४, टि.३) भन्दा फरक उल्लेख केही देखिँदैन भने छ प्रकारका स्त्रीधनको छुट्टाछुट्टै परिभाषा दिइएका कात्यायनका अरू श्लोकहरूमा चाहिँ मनुस्मृतिमा भन्दा फरक उल्लेख पाइन्छ। तसर्थ कात्यायनको भनिएको मनुस्मृतिको जस्तो यो श्लोक कात्यायनको नहुन पनि सक्छ भन्ने सम्भावना हुन्छ।

१. अध्यग्नि स्त्रीधन– विवाहका अवसरमा अग्निका समीपमा (विवाहमण्डपमा अग्निलाई साक्षी राखेर) जुन धन स्त्रीलाई दिइन्छ त्यो धन सज्जनहरूद्वारा अध्यग्नि स्त्रीधन भनिन्छ[१]।

२. अध्यावाहनिक स्त्रीधन[२]– बाबुका घरबाट पतिका घरमा लगिँदा स्त्रीले (दुलहीले) जुन धन पाउँछे, त्यो धन अध्यावाहनिक स्त्रीधन भनिन्छ[३]।

३. प्रीतिदत्त स्त्रीधन– सासूससुराले प्रेमपूर्वक दिएको र अन्य मान्यजनलाई पाउमा ढोग्दा आशीर्वादका साथ प्राप्त भएको धन प्रीतिदत्त स्त्रीधन भनिन्छ[४]।

४. सौदायिक स्त्रीधन– विवाहिता स्त्री वा कन्याले पतिका घरमा वा पिताका घरमा पाएको तथा मातापिताबाट र दाजुभाइबाट पाएको धन सौदायिक स्त्रीधन भनिन्छ[५]। व्यासको पनि यस्तै भनाइ छ[६]। सुदायबाट (बाबु, आमा र पतिका कुलका बन्धुहरूबाट) प्राप्त भएको हुनाले यो धन सौदायिक भनिन्छ[७]।

---

१. विवाहकाले यत् स्त्रीभ्यो दीयते ह्यग्निसन्निधौ।
तदध्यग्निकृतं सद्भिः स्त्रीधनं परिकीर्तितम्॥–द्र.– मिता.२।१४३; दाय.४।१।५, पृ.७३; इ.।

२. मनुस्मृतिको व्याख्या मन्वर्थमुक्तावली, धर्मशास्त्रीय निबन्धग्रन्थ दायभाग इत्यादि धेरै ग्रन्थमा 'अध्यावाहनिक' भन्ने पद मुद्रित देखिन्छ भने याज्ञवल्क्यस्मृतिको व्याख्या मिताक्षरा, धर्मशास्त्रनिबन्धग्रन्थ वीरमित्रोदय, भगवन्तभास्कर इत्यादि ग्रन्थहरूमा 'अध्यावहनिक' भन्ने पाठ मुद्रित देखिन्छ। साथै कतिपय अन्य ग्रन्थमा 'अध्याहवनिक' इत्यादि पाठ पनि मुद्रित भएका पाइन्छन् (द्र.– नारदस्मृति १३।८, इ.)। मनुस्मृतिमा आएको (९।१९४) यस पदका 'अध्यावहिनिक', 'अध्यावहानिक' इत्यादि अरू पनि धेरै पाठभेदहरू देखिन्छन् (द्र.– **Manu's Code of Law,** 2006)। तथापि 'अध्यावाहनिक' र 'अध्यावहनिक' पाठ बढी युक्तियुक्त देखिन्छन्।

३. यत् पुनर् लभते नारी नीयमाना पितुर् गृहात् (हि पैतृकात्)।
अध्याव(वा)हनिकं नाम स्त्रीधनं तदुदाहृतम्॥–द्र.– मिता.२।१४३; दाय.४।१।५, पृ.७३; इ.।

४. प्रीत्या दत्तं तु (च) यत्किञ्चित् श्वश्र्वा वा श्वशुरेण वा।
पादवन्दनिकं चैव प्रीतिदत्तं तदुच्यते॥–द्र.– मिता.२।१४३; सरस्वती., व्य.का., पृ.३७९।

५. ऊढया कन्यया वाऽपि पत्युः पितृगृहेऽपि वा (ऽथवा)।
भ्रातुः (भर्तुः) सकाशात् पित्रोर् वा लब्धं सौदायिकं स्मृतम्॥
–द्र.– मिताक्षरा २।१४३; दायभाग ४।१।२२, पृ.७६; इत्यादि।

६. यत् कन्यया विवाहे च विवाहात् परतश्च यत्।
पितृभर्तृगृहात् प्राप्यं धनं सौदायिकं स्मृतम्॥–द्र.– स्मृतिचन्द्रिका, व्य.का., पृ.६५५; इ.।

७.• सुदायेभ्यः पितृमातृभर्तृकुलसम्बन्धिभ्यो लब्धं सौदायिकम्।
–दायतत्त्व (स्मृतितत्त्व, द्वि.भा., पृ.१८४)।

• सौदायिक स्त्रीधनको परिभाषा दिइएका वचनहरूमा पतिपट्टिकाले दिएको धन पनि सौदायिक स्त्रीधनअन्तर्गत उल्लेख गरिएको भए तापनि माइतीपट्टिकाले दिएको धन मात्र सौदायिक स्त्रीधन हुनुपर्नेजस्तो देखिएको हुँदा यो विषय विशेष रूपमा विवेचनीय

५. **अन्वाधेय स्त्रीधन**— विवाहपछि पतिकुलका (घरपट्टिका) र पितृकुलका (माइतीपट्टिका) बन्धुहरूबाट स्त्रीले पाएको धन अन्वाधेय स्त्रीधन भनिन्छ[1]।

६. **शुल्क स्त्रीधन**— भाँडाकुँडा (गृहसामग्री), भारवाहक गोरु इत्यादि पशु, दुहुनू गाई-भैँसी इत्यादि पशु, गरगहना र नोकर-चाकरहरूका मूल्यका रूपमा स्त्रीले पाएको धन शुल्क स्त्रीधन भनिन्छ[2]।

व्यासका वचनअनुसार तथा दायभागका व्याख्याअनुसार वधूलाई (दुलहीलाई) पतिगृह (लोग्नेको घर) जान फकाउनका निम्ति दिइने धन शुल्क भनिन्छ[3]। **कौटलीय अर्थशास्त्र**का परिभाषाअनुसार पतिले विवाहभन्दा अघि दिएको धन शुल्क भनिन्छ[4]। **मिताक्षरा**अनुसार जे लिएर कन्या दिइन्छ, त्यसलाई शुल्क भन्दछन्[5]।

कात्यायनका उपर्युक्त वचनहरूले मनुस्मृति, याज्ञवल्क्यस्मृति इत्यादि धेरै धर्मशास्त्रीय ग्रन्थहरूको मतलाई समेटेकाले मिताक्षरा, अपरार्क, कृत्यकल्पतरु, दायभाग, स्मृतिचन्द्रिका, मन्वर्थमुक्तावली, विवादरत्नाकर, सरस्वतीविलास, पाराशरमाधवीय, मदनपारिजात, नृसिंहप्रसाद इत्यादि अनेक धर्मशास्त्रनिबन्धग्रन्थमा र धर्मशास्त्रव्याख्याग्रन्थमा उक्त वचनहरू उद्धृत देखिन्छन्। तसर्थ कात्यायनका स्त्रीधनसम्बन्धी व्यवस्थाहरूलाई धेरै धर्मशास्त्रीहरूले आदरका साथ मान्यता दिएको स्पष्ट हुन्छ।

देखिन्छ। यस प्रसङ्गमा दाइजोलाई 'सुदाय' भनेर उल्लेख गरिएको अमरकोशको "यौतकादि तु यद् देयं सुदायो हरणं च तत्" (क्षत्रियवर्ग, श्लो.२८) भन्ने वचन पनि स्मरणीय छ।

१. • विवाहात् परतो यच् च (यत् तु) लब्धं भर्तृकुलात् स्त्रिया।
अन्वाधेयं तु तद् द्रव्यं (तदुक्तं तु) लब्धं पितृ(बन्धु)कुलात् तथा॥
—द्र.– मिताक्षरा २।१४४; दायभाग ४।१।२, पृ.७१, ४।३।१६, पृ.९३; इत्यादि।

• ऊर्ध्वं लब्धं तु यत्किञ्चित् संस्कारात् प्रीतितः स्त्रियाः।
भर्तुः पित्रोः सकाशाद् वा (सकाशात् पित्रोर् वा) अन्वाधेयं तु तद् भृगुः॥
—द्र.– दायभाग ४।१।२, पृ.७१–७२; ४।३।१६, ९३; इत्यादि।

२. गृहोपस्करवाह्यानां दोह्याभरणकर्मिणाम्।
मूल्यं लब्धं तु यत्किञ्चिच् छुल्कं तत् परिकीर्तितम्॥
—द्र.– दायभाग ४।३।१९, पृ.९३; स्मृतिचन्द्रिका, व्यवहारकाण्ड, पृ.६५२; इत्यादि।

३. • यदा नेतुं भर्तृगृहे शुल्कं तत् परिकीर्तितम्।—व्यास (द्र.– दायभाग ४।३।२१, पृ.९३; इ.)।

• भर्तृगृहगमनार्थमुत्कोचादि यद् दत्तम्।—दायभाग ४।३।२२, पृ.९३।

४. यसै ग्रन्थको १४८औँ पृष्ठको चौथो टिप्पणी हेर्नुहोस्।

५. यसै ग्रन्थको १४५औँ पृष्ठको पहिलो टिप्पणी हेर्नुहोस्।

नारदको स्त्रीधनसम्बन्धी वर्गीकरण पनि कात्यायनको वर्गीकरणसित मिल्दोजुल्दो नै देखिन्छ। उनका मतमा अध्यग्नि (अग्निका समक्ष दिइएको) धन, अध्यावाहनिक (पतिगृह लगिँदा दिइएको) धन, पतिदत्त (लोग्नेले दिएको) धन, भ्रातृदत्त (दाजुभाइले दिएको) धन, मातृदत्त (आमाले दिएको) धन र पितृदत्त (बाबुले दिएको) धनसमेत छ प्रकारका धन स्त्रीधन मानिन्छन्[1]।

स्मृतिकार देवलले स्त्रीधनलाई चार भागमा बाँडेका छन्– (१) वृत्ति (जीवनवृत्ति), (२) आभरण (गरगहना), (३) शुल्क[2] र (४) लाभ (स्त्रीलाई उपहारका रूपमा बन्धुबाट वा अरू नै व्यक्तिबाट प्राप्त सम्पत्ति)[3]।

कौटलीय अर्थशास्त्रमा पतिले विवाहभन्दा अघि दिएको शुल्क[4], बन्धुहरूले दिएको आभूषण (गरगहना) इत्यादि द्रव्य[5], आधिवेदनिक[6] धन (लोग्नेले कान्छी स्वास्नी बिहा गर्दा जेठी स्वास्नीलाई दिएको धन) र अन्वाधेय[7] (विवाहपछि बन्धुहरूबाट प्राप्त) धन पनि स्त्रीधन हुन्छ भनिएको छ। कौटल्यले स्त्रीधनलाई दुई भागमा बाँडेका छन्– वृत्ति (जीविकाका निम्ति भूमि, नगद इत्यांदि द्रव्य) र आबन्ध्य (आभूषणादि द्रव्य)[8]।

यसरी धर्मशास्त्रका ग्रन्थहरूमा र अर्थशास्त्रका ग्रन्थमा पनि स्त्रीले विवाहभन्दा अघि र पछि विभिन्न अवस्थामा पाउने धनलाई वर्गीकरण गरी स्त्रीधनअन्तर्गत देखाइएको छ।

---

१. अध्यग्न्यध्याहवनिकं(वाहनिकं?) भर्तृदायस्तथैव च।
भ्रात्रा दत्तं (भ्रातृदत्तं) पितृभ्यां च षड्विधं स्त्रीधनं स्मृतम्॥
—नारदीय-मनुस्मृति १३।८ (स्मृतिसन्दर्भ–१, पृ.३०९)।

२. शुल्कको परिभाषा यसै ग्रन्थको १४७औं पृष्ठमा र त्यसका २–५ टिप्पणीहरूमा हेर्नुहोस्।

३. वृत्तिराभरणं शुल्कं लाभश् च स्त्रीधनं भवेत्।—द्र.– दायभाग ४।१।१५, पृ.७५; इ.।

४. • द्वितीयं शुल्कं स्त्री हरेत।—कौटलीय अर्थशास्त्र ३।२ (नेराप्रप्र.सं., पृ.२६६)।
• द्वितीयं शुल्कं वरसकाशग्राह्यपरिभाषितशुल्कव्यतिरिक्तं शुल्कं प्रीतिवशाद् दत्तं, स्त्री कन्यैव हरेत, न तु पितरौ।—कौ.अ.को (३।२) श्रीमूला व्याख्या (द्वि.भा., पृ.१३)।

५. • सर्वेषां प्रीत्यारोपणमप्रतिषिद्धम्।—कौटलीय अर्थशास्त्र ३।२ (नेराप्रप्र.सं., पृ.२६६)।
• वरेण न केवलं वरबन्ध्वादिभिः सर्वैरपि कन्याया देहे भूषणादिनिवेशनम् अप्रतिषिद्धम् अनिवारितम्। अर्थात् तदपि कन्यैव हरेत।—कौटलीय अर्थशास्त्रको (३।२) श्रीमूला व्याख्या (द्वि.भा., पृ.१३)।

६. ... तस्याऽतिक्रमे शुल्कं स्त्रीधनमर्धं चाऽऽधिवेदनिकं दद्यात्।—कौ.अ.३।२ (पृ.२६७)।

७. शुल्कमन्वाधेयमन्यद् वा बन्धुभिर् दत्तं (बान्धवा हरेयुः)।—कौ.अ.३।२ (पृ.२६७)।

८. वृत्तिराबन्ध्यं वा स्त्रीधनम्।—कौटलीय अर्थशास्त्र ३।२ (नेराप्रप्र.सं, पृ.२६६)।

स्त्रीधनका प्रकारहरूको तुलना

मनुस्मृति	याज्ञवल्क्यस्मृति	विष्णुस्मृति	नारदस्मृति	कात्यायन(स्मृति)	देवल(स्मृति)	कौटलीय अर्थशास्त्र
१. अध्यग्नि	५. अध्यग्नि	५. अध्यग्नि	१. अध्यग्नि	१. अध्यग्नि		
२. अध्यावाहनिक			२. अध्यावाहनिक	२. अध्यावाहनिक		
३. प्रीतिदत्त	३. पतिदत्त		३. भर्तृदाय	३. प्रीतिदत्त		
४. भ्रातृदत्त	४. भ्रातृदत्त	४. भ्रातृदत्त	४. भ्रातृदत्त	४. सौदायिक: भ्रातृदत्त	४. लाभ (बन्धु	
५. मातृदत्त	२. मातृदत्त	२. मातृदत्त	५. मातृदत्त	मातृदत्त	वा अरूबाट	
६. पितृदत्त	१. पितृदत्त	१. पितृदत्त	६. पितृदत्त	पितृदत्त	प्राप्त)	
		३. पुत्रदत्त		पतिदत्त		
				बन्धुदत्त		२. बन्धुदत्त
	६. आधिवेदनिक	६. आधिवेदनिक				३. आधिवेदनिक
	७. बन्धुदत्त	७. बन्धुदत्त				
	८. शुल्क	८. शुल्क		६. शुल्क	३. शुल्क	१. शुल्क
	९. अन्वाधेयक	९. अन्वाधेयक		५. अन्वाधेय		४. अन्वाधेय
					१. वृत्ति	
					२. आभरण	
					(गरगहना)	
(६ प्रकार)	(९ प्रकार)	(९ प्रकार)	(६ प्रकार)	(६ प्रकार)	(४ प्रकार)	(४ प्रकार)

नेपालमा प्रचलित **मुलुकी ऐन**मा पनि स्त्रीले आफूखुसी गर्न पाउने र आफूखुसी गर्न नपाउने गरी स्त्रीको दुईथरी सम्पत्ति मानिएको छ। पहिलो वर्गमा स्त्रीको स्वार्जित चल-अचल सम्पत्ति, माइती-मावलीले दिएको दाइजो, पति वा पतिपट्टिकाले राजीखुसीले दिएको चल-अचल पेवा, अपुतालीबाट पाएको धन र कसैबाट प्राप्त भएको दान वा बकसस्वरूप सम्पत्ति पर्दछ भने दोस्रो वर्गमा स्त्रीले पति वा सासू-ससुरा वा देवर-जेठाजु वा पिताबाट पाएको अंशधन पर्दछ। छोरीले दोलाजी भएर बाबुबाट पाएको सम्पत्ति पनि उसको निजी सम्पत्ति हुने देखिन्छ[1]।

धर्मशास्त्रीय ग्रन्थहरूमा गरिएका उपर्युक्त परिभाषाअनुसारका स्त्रीधनका धेरैजसो प्रकार नेपाली सामाजिक र कानुनी मान्यताअनुरूपको दाइजो र पेवाअन्तर्गत पर्ने देखिन्छन्। मुलुकी ऐनअनुसार सामान्यतया स्त्रीधनको (अंशधनबाहेकको) वर्गीकरण तल लेखिएअनुसार गर्न सकिन्छ–

१. दाइजो– स्त्रीअंशधनको महलको ४ नं.मा दाइजोको परिभाषा गरिएको देखिन्छ, जसमा "स्वास्नीमानिसलाई माइती मावलीपट्टिका नातेदार इष्टमित्रहरूले दिएको चल अचल र त्यसबाट बढे बढाएको सम्पत्ति स्त्रीको दाइजो ठहर्छ" भनिएको छ।

२. पेवा– स्त्रीअंशधनको महलको ४ नं.मा नै स्वास्नीमानिसको पेवाको पनि परिभाषा गरिएको छ, जसमा "लोग्ने वा लोग्नेपट्टिका अंशियारले सबै अंशियारहरुको मन्जूरीको लिखत गरी दिएको र लोग्नेपट्टिका अरु नातेदार वा इष्टमित्रले दिएको चल अचल र त्यसबाट बढे बढाएको सम्पत्ति पेवा ठहर्छ" भनिएको छ।

३. स्वार्जन– स्त्रीअंशधनको महलको १ नं.मा "कन्या, सधवा वा विधवा स्वास्नीमानिसले आफ्नो आर्जनको चल अचल आफ्नो खुश गर्न पाउँछन्" भनिएकाले स्त्रीले आफ्नो ज्ञान, सीप र प्रयासबाट स्वतन्त्र रूपमा आर्जन गरेको सम्पत्ति पनि स्त्रीको सम्पत्तिभित्र पर्ने देखिन्छ।

४. अपुतालीबाट प्राप्त सम्पत्ति– अपुतालीको महलअनुसार विभिन्न अवस्थामा स्त्रीले अपुताली पाउन सक्ने देखिन्छ। त्यसअनुसार पाएको सम्पत्ति पनि स्त्रीको निजी सम्पत्ति मानिन्छ[2]।

---

१. मुलुकी ऐनको एघारौं संशोधन (२०४९) हुनुभन्दा अघिसम्म धर्मपुत्रको महलको ५ नं.अनुसार छोरा नहुनेले धर्मपुत्र नराखी विवाह नहुँदै छोरीलाई नै छोरासरहको कानुनी मान्यता दिएर पनि राख्न सक्थे। त्यस्ती छोरीलाई दोलाजी वा डोलाजी भनिन्थ्यो। दोलाजी भएकी स्त्रीले बाबुबाट पाएको सम्पत्ति पनि स्त्रीको निजी सम्पत्ति हुन्थ्यो। यस्ता सम्पत्तिमा दोलाजी हुनेको लोग्नेले हक दावी गर्न पाउँदैनथ्यो। स्वास्नीले खुसीले दिएको मात्र पाउँथ्यो। तर अहिले यस्तो व्यवस्था खारेज भैसकेको छ।

२. यसको विवरण 'स्त्रीले स्त्रीधन पाउने अवस्था' भन्ने शीर्षकभित्र दिइएको छ (पृ.१५४)।

५. दान-बकसबाट प्राप्त सम्पत्ति– दान-बकसको महलअनुसार कसैले कुनै स्त्रीलाई आफ्नो हक पुग्ने सम्पत्ति दान वा बकस गरी दिन सक्ने भएकाले स्त्रीले त्यसरी पाएको सम्पत्ति पनि स्त्रीको निजी सम्पत्ति हुन सक्ने देखिन्छ।

मुलुकी ऐनले गरेका स्त्रीधनसम्बन्धी उपर्युक्त व्यवस्थाहरू सामान्यतया धर्मशास्त्रीय व्यवस्थाका अनुकूल नै देखिन्छन्। किन्तु सूक्ष्म रूपले विवेचना गरेर हेर्ने हो भने कतै धर्मशास्त्रीय व्यवस्थासित विरोध परेको पनि देखिन्छ। मुलुकी ऐनले स्त्रीका आर्जनलाई स्त्रीले आफूखुसी गर्न पाउने भनेको भए पनि धर्मशास्त्रले घरकै खाएर-लाएर पतिसँगै बसेकी स्त्रीका आर्जनमा पतिको पनि स्वामित्व रहने कुरा बताएको देखिन्छ। यस सम्बन्धमा कात्यायनको वचन यस्तो छ– 'स्त्रीले आफ्ना सीपले आर्जन गरेका सम्पत्तिमा[१] र आफ्ना बन्धुदेखि बाहेकका अन्य व्यक्तिहरूबाट प्रीतिपूर्वक पाएका सम्पत्तिमा पनि पतिको स्वामित्व हुन्छ, यसदेखि बाहेक अरू सम्पत्ति मात्र स्त्रीधन हुन्छ'[२]। यस वचनबाट स्त्रीले दान वा बकस पाएका सम्पत्तिमा समेत अवस्था हेरी पतिको पनि स्वामित्व हुन सक्ने देखिन्छ।

स्त्रीले स्त्रीधन पाउने अवस्था

मनुस्मृति, याज्ञवल्क्यस्मृति इत्यादि धर्मशास्त्रीय ग्रन्थहरूमा स्त्रीधनका विषयमा धेरै ठाउँमा उल्लेख भएको र त्यसअनुसार अध्यग्नि (अध्यग्निक), अध्यावाहनिक, प्रीतिदत्त, भ्रातृदत्त, मातृदत्त, पितृदत्त, आधिवेदनिक, बन्धुदत्त, शुल्क, सौदायिक, अन्वाधेय इत्यादि विभिन्न प्रकारका धन स्त्रीधन हुने कुरा माथि नै 'स्त्रीधनका प्रकार' भन्ने शीर्षकअन्तर्गत चर्चा गरिसकिएको छ। तसर्थ कुनै पनि स्त्रीले विवाहभन्दा अघि र पछि जीवनका विभिन्न अवस्थाहरूमा स्त्रीधनका रूपमा केही धन पाउने कुरा माथिका चर्चाबाट पनि स्पष्ट भैसकेको छ। त्यसैले यहाँ त्यसभन्दा अतिरिक्त केही व्यवहारविषयक शास्त्रीय वचनहरूको मात्र विवेचना गरिँदै छ।

---

१. पत्नी, छोराछोरी इत्यादि आश्रित व्यक्तिको भरणपोषण गर्ने मुख्य दायित्व पुरुषको हुने सिद्धान्त धर्मशास्त्रले स्थापित गरेकाले त्यस प्रयोजनका निम्ति खर्च गर्न नै पत्नीको आर्जन पनि पतिको हुन्छ भन्ने सिद्धान्त स्वीकृत गरिएको हो भन्ने बुझिन्छ। यदि पत्नीका आर्जनमा पत्नीकै मात्र स्वामित्व रहन्छ भनेर मान्ने हो भने धर्मशास्त्रको सिद्धान्तअनुसार त्यो धन स्त्रीधन हुने र त्यसलाई पतिले पत्नीकै र छोराछोरीकै भरणपोषणका निम्ति पनि खर्च गर्न नपाउने अवस्थासमेत पर्न सक्ने देखिन्छ। त्यस्तो अवस्थालाई न्यायपूर्ण मान्न सकिँदैन। त्यस्तो अवस्था नै नआओस् भन्ने आशयले धर्मशास्त्रमा उक्त प्रकारको व्यवस्था गरिएको हो भन्ने बुझिन्छ। तसर्थ उक्त व्यवस्था न्यायपूर्ण हो भन्ने देखिन्छ।

२. प्राप्तं शिल्पैस् तु यद् वित्तं प्रीत्या चैव यदन्यतः।
भर्तुः स्वाम्यं भवेत् तत्र शेषं तु स्त्रीधनं स्मृतम्॥–द्र.– दायभाग ४।१।१९, पृ.७६; इ.।

कौटल्यले स्त्रीधनको दुई विभाग गरेर जीवनवृत्तिका (जीविकाका) निम्ति स्त्रीलाई दुई हजार कार्षापणसम्म[1] दिन योग्य भएको र आभूषणमा (गरगहनामा) केही सङ्ख्यानियम वा सीमा नभएको बताएका छन्[2]। यसबाट माइतीको र घरको क्षमताअनुसार स्त्रीलाई जति पनि गरगहना दिन सकिने कुरा स्पष्ट हुन्छ।

कात्यायनले पनि पिता, माता, दाजुभाइ, ससुरा, देवर-जेठाजु, पति इत्यादि बन्धुहरूले स्त्रीलाई आफ्नो गच्छेअनुसार अचल सम्पत्तिका अतिरिक्त दुई हजार कार्षापणसम्म जति सक्यो त्यति व्यवहारका निम्ति धन दिनुपर्ने बताएका छन्[3]। यसबाट बूढीकन्या बसेका चेलीहरूको चाहिँ जीविकाको पूरा जिम्मेवारी माइतीले नै लिनुपर्ने कुरा पनि बुझिन आउँछ। साथै कुनै कारणविशेषले पतिसित छुट्टिएर बसेकी स्त्रीको भरणपोषणका निम्ति पतिले त्यस्तो धन पत्नीलाई दिनुपर्ने नियम पनि रहेको देखिन्छ[4]।

पतिले त्यस्ती स्त्रीलाई दुई हजार कार्षापणसम्म व्यवहारका निम्ति धन दिनुपर्ने र त्यसमा पतिले आफूखुसी थपिदिएको धनसमेत स्त्रीले उपभोग गर्न पाउने कुरा **व्यास**का वचनबाट पनि देखिन्छ[5]। यस वचनको व्याख्या गर्दा कतिपय धर्मशास्त्रनिबन्धकारहरूले पतिसित छुट्टिएर बसेकी स्त्रीलाई यस्तो धन प्रतिवर्ष दिनुपर्छ पनि भनेका छन्[6]।

व्यासको भनाइजस्तै भनाइ **महाभारत**को पनि छ। किन्तु त्यहाँ दुई हजारको सट्टा तीन हजार कार्षापणसम्म स्त्रीलाई दिनुपर्ने उल्लेख छ[7]।

---

१. प्राचीनकालमा एक तोलाको (अहिले प्रचलित तोलाभन्दा [११.६६४ ग्रामभन्दा] चार रती कम तौलको) तामाको पैसालाई कार्षापण भनिन्थ्यो। तथापि त्यो कार्षापण अहिलेको एक तोला तामाभन्दा साह्रै धेरै मूल्यवान् हुन्थ्यो अर्थात् त्यसमा अहिलेको एक तोला तामामा भन्दा साह्रै धेरै क्रयशक्ति हुन्थ्यो भन्ने कुरा प्राचीन ग्रन्थहरूका अध्ययनबाट बुझिन्छ।

२. वृत्तिराबन्ध्यं वा स्त्रीधनम्। परद्विसाहस्रा स्थाप्या वृत्तिः। आबन्ध्याऽनियमः।—कौ.अ.३।२।

३. पितृमातृपतिभ्रातृज्ञातिभिः स्त्रीधनं स्त्रियै।
यथाशक्त्या द्विसाहस्राद् दातव्यं स्थावरादृते॥—द्र.– स्मृतिचन्द्रिका, व्य.का., पृ.६५२; इ.।

४. या अयोग्यभर्तृका भर्तव्यत्वेन श्रुताः पृथक् क्रियन्ते, ताभ्यः पणसहस्राधिकमदेयमिति।
—द्र.– विवादरत्नाकर, ५८औं तरङ्ग, पृ.५१२।

५. द्विसहस्रपरो दायः स्त्रियै देयो धनस्य तु।
यच् च भर्त्रा धनं दत्तं सा यथाकाम*मश्नुयात्*॥—द्र.– दायभाग ४।१।१०, पृ.७४; इत्यादि।

६. • द्र.– वीरमित्रोदय, व्यवहारप्रकाश, मित्र मिश्र, सम्. विष्णुप्रसाद भण्डारी, पृ.५४४।
• द्र.– भगवन्तभास्कर, व्यवहारमयूख, नीलकण्ठ भट्ट, पुनर्मुद्रण चौखम्बा संस्कृत प्रतिष्ठान, दिल्ली, सन् १९८६, पृ.९६।

७. त्रिसहस्रपरो दायः स्त्रियै देयो धनस्य वै।
भर्त्रा तच् च धनं दत्तं यथार्हं भोक्तुमर्हति॥—अनुशासनपर्व ४७।२३ (चित्रशाला सं.)।

यदि पतिले दोस्रो विवाह गर्नुपर्ने परिस्थिति आएमा त्यति बेला अघिल्ली पत्नीलाई केही धन दिनुपर्ने कुरा धर्मशास्त्रमा उल्लिखित छ। त्यस प्रकारको धनलाई **आधिवेदनिक स्त्रीधन** भन्दछन्। जुन स्त्रीलाई पति वा ससुराले स्त्रीधन दिएका छैनन्, त्यस्ती स्त्रीमाथि सौता हालेमा विवाह गर्दा जति धन व्यय हुन्छ, त्यति नै धन अघिल्ली पत्नीलाई दिनुपर्ने, यदि अघिल्ली पत्नीलाई स्त्रीधन दिइसकिएको छ भने दोस्रो विवाह गर्दा उसलाई विवाहखर्चको आधा जति धन मात्रै दिनुपर्ने व्यवस्था याज्ञवल्क्यस्मृतिमा गरिएको छ[१]।

कस्ता परिस्थितिमा दोस्री स्त्री विवाह गर्ने भन्ने कुरा **मनुस्मृतिमा**[२] र **कौटलीय अर्थशास्त्र**मा पनि लेखिएको छ। कौटलीय अर्थशास्त्रमा यस्तो भनिएको छ[३]– 'सग्लो सन्तान नजन्माएमा, गर्भपात हुँदाखेरि पनि पुत्रसन्तान नदेखिएमा र गर्भधारणै नगरेमा पनि पत्नी रजस्वला भएदेखि आठ वर्षसम्म बाटो हेरोस्, सन्तान भएर पनि मर्दै गरेमा दश वर्षसम्म तथा छोरी मात्रै जन्माएमा बाह्र[४] वर्षसम्म पर्खियोस्, त्यसपछि छोराको इच्छा गर्नेले दोस्री स्त्री विवाह गरोस्, पर्खिनुपर्ने समयसम्म नपर्खीकन दोस्री स्त्री विवाह गरेका खण्डमा अघिल्ली पत्नीलाई **शुल्करूप स्त्रीधन** र विवाहखर्चको आधा जति **आधिवेदनिक** धन पनि देओस्, नियमको उल्लङ्घन गरेकाले दण्डका रूपमा बढीमा चौबीस कार्षापणसम्म राजालाई देओस्, शुल्करूप स्त्रीधन नदिइएकी अघिल्ली पत्नीलाई शुल्क स्त्रीधन र त्यसको बराबर आधिवेदनिक धन (सौता हाल्दा अघिल्ली पत्नीलाई दिनुपर्ने धन) तथा उचित जीवनवृत्ति पनि दिएर धेरै स्त्री पनि विवाह गर्न हुन्छ, किन भने छोरा पाउनका लागि नै स्त्रीहरू चाहिन्छन्[५]।

---

१. अधिविन्नस्त्रियै दद्यादाधिवेदनिकं समम्।
न दत्तं स्त्रीधनं यस्यै दत्ते त्वर्धं प्रकल्पयेत्॥–याज्ञवल्क्यस्मृति २।१४८।

२. द्र.– मनुस्मृति ९।८०–८२।

३. वर्षाण्यष्टावप्रजायमानामपुत्रां वन्ध्यां चाऽऽकाङ्क्षेत, दश बिन्दुं, द्वादश कन्याप्रसविनीम्। ततः पुत्रार्थी द्वितीयां विन्देत। तस्याऽतिक्रमे शुल्कं स्त्रीधनमर्धं चाऽऽधिवेदनिकं दद्यात्। चतुर्विंशतिपणपरं च दण्डम्। शुल्कं स्त्रीधनमशुल्कस्त्रीधनायास् तत्प्रमाणमाधिवेदनिक-मनुरूपां च वृत्तिं दत्त्वा बह्वीरपि विन्देत। पुत्रार्था हि स्त्रियः।–कौ.अ.३।२ (पृ.२६७)।

४. मनुस्मृतिमा पहिली पत्नीले छोरी मात्रै पाएमा एघारौं वर्षमा अर्की कन्यासित विवाह गर्न हुने कुरा उल्लिखित छ (९।८१)।

५. मनुस्मृतिमा यस कुरालाई अरू राम्ररी प्रस्ट्याइएको छ। त्यहाँ प्रजननका निम्ति नै स्त्री र पुरुष दुवैको (गर्भधारणपोषण गर्न स्त्रीको र गर्भाधान गर्न पुरुषको) सृष्टि भएकाले पतिपत्नी दुवै मिलेर धर्मकर्म गर्नुपर्ने कुरा बताइएको छ–

प्रजनार्थं स्त्रियः सृष्टाः सन्तानार्थं च मानवाः।
तस्मात् साधारणो धर्मः श्रुतौ पत्न्या सहोदितः॥–(मनुस्मृति ९।९६)

कौटल्यका उपर्युक्त वचनबाट धनवान् समर्थ पुरुषले छोराका निम्ति दोस्री-तेस्री स्त्री विवाह गर्न पनि हुने र त्यसो गरेमा अघिल्ला पत्नीहरूलाई धन तथा जीविकाको व्यवस्थासमेत उसले गरिदिनुपर्ने कुरा स्पष्ट हुन्छ।

नेपालमा प्रचलित **मुलुकी ऐन**को बिहावरीको महलको ९ नं.ले पनि स्वास्नीका कारणबाट सन्तान नभएको कुरा प्रामाणिक रूपले ठहरेमा लोग्नेले अर्की स्वास्नीमानिससँग जहिलेसुकै पनि विवाह गर्न सक्ने व्यवस्था गरेको छ।

मुलुकी ऐनको अपुतालीको महलअनुसार केही निश्चित अवस्थामा स्त्रीले अपुतालीबाट पनि सम्पत्ति पाउन सक्ने देखिन्छ, जसअनुसार आमा-बाबुको अपुताली छोरीले, सासू-ससुराको अपुताली बुहारीले र दाजुभाइको अपुताली दिदी-बहिनीले पाउने स्थिति पनि हुन सक्दछ। स्त्रीअंशधनको महलको ५ नं. अनुसार आफ्नी आमाको दाइजो र पेवा छोरीले पनि पाउने देखिन्छ। सामान्यतया स्त्रीले स्त्रीधन पाउने धर्मशास्त्रीय, कानुनी र सामाजिक अवस्थाहरू यिनै हुन्[1]।

उपर्युक्त शास्त्रीय वचनअनुसार र वर्तमान मुलुकी ऐनअनुसार पनि स्त्रीले स्त्रीधनका रूपमा पाउने सम्पत्तिका विषयमा गरिएका यस संक्षिप्त चर्चाबाट वैदिक विधिसंहिताहरूको (धर्मसंहिताहरूको) यस विषयको व्यवस्था न्यायोचित नै भएको पुष्टि हुन्छ। आधुनिक कालका भारतीय न्यायालयले पनि धर्मशास्त्रीय ग्रन्थहरूका स्त्रीधनसम्बन्धी व्यवस्थालाई मान्यता दिई प्रमाणका रूपमा लिने गरेको तथा भारतका विभिन्न प्रान्तहरूमा धर्मसंहिताका भिन्नभिन्न टीका(व्याख्या)ग्रन्थलाई र धर्मशास्त्रनिबन्धग्रन्थलाई मान्यता दिइएअनुसार नै निर्णय गर्ने गरेको पनि बुझिन्छ[2]।

स्त्रीधनमा स्त्रीको स्वामित्वको स्थिति

स्त्रीधनमा स्त्रीको केकस्तो स्वामित्व रहन्छ भन्ने कुरा स्त्रीको अवस्था र सम्पत्तिको स्रोतमा मुख्यतः आधारित देखिन्छ। अर्थात् कन्या, सधवा वा विधवा

यसबाट सृष्टिचक्रलाई निरन्तरता दिन पति-पत्नी दुवैको समान सहभागिता हुनुपर्ने कुरा पनि स्पष्ट हुन्छ। तसर्थ हिन्दु धर्मले वा धर्मशास्त्रले स्त्रीलाई कम महत्त्व दिएको वा स्त्रीलाई सन्तान जन्माउने उपकरण मात्र मानेको भनी ठान्ने कतिपय आधुनिक व्यक्तिको भ्रम निराधार भएको कुरा पुष्ट हुन्छ। स्त्रीको प्रजननस्वास्थ्यलाई आयुर्वेदमा धेरै महत्त्व दिइएको छ। वैदिक धर्मशास्त्रले प्राकृतिक नियमका आधारमा नेता वा निर्णायकका स्थानमा एक जनालाई मान्नुपर्ने अवस्थामा पुरुषलाई त्यो स्थान दिएको भए तापनि पतिसित पत्नीको सहअस्तित्व र धार्मिक-आर्थिक तथा सुखभोगका व्यवहारमा समान सहभागिता पूर्ण रूपले स्वीकार गरेको छ (यसै ग्रन्थका पृ.९२–९७,९९–१०२ हेर्नुहोस्)।

१. स्त्रीले विवाहभन्दा अघि र पछि पाउन सक्ने धेरैजसो स्त्रीधनको चर्चा 'स्त्रीधनका प्रकार' भन्ने शीर्षकअन्तर्गत (पृ.१४४–१५१) गरिएको छ।

२. द्र.– **हिन्दू विधि**, पं. गिरिजाशङ्कर मिश्र, हिन्दी समिति, सूचना विभाग, उत्तर प्रदेश, लखनऊ, सन् १९७०, प्रकरण १२, नारीसम्पदा (क) स्त्रीधन, पृ.२१६–२३२।

कुन अवस्थाकी स्त्रीले कुन प्रकारको स्त्रीधन प्राप्त गरेकी हो, त्यस आधारमा स्त्रीधनमा उसको केकस्तो अधिकार हुन्छ भन्ने कुरा निर्धारित हुन्छ। साथै त्यसत्यस क्षेत्रमा प्रचलित विधिसंहिताका (धर्मसंहिताका) शाखा वा सम्प्रदायअनुसार पनि यस विषयमा केही तलमाथि पर्न सक्ने देखिन्छ।

मनुस्मृतिले सगोलको सम्पत्तिबाट स्त्रीहरूले स्वतन्त्र रूपले आफ्ना निम्ति गरगहना नजोडून् भनेको छ। साथै पतिकै धन पनि स्त्रीले आफ्ना गरगहनाका निम्ति पतिका आज्ञाविना खर्च गर्न हुँदैन भनी त्यहाँ भनिएको छ[१]। किन्तु पति जीवित हुँदै पत्नीहरूले लगाइराखेका गरगहनाहरूमा भने पतिको मृत्युपछि पनि अंसियारहरूको अधिकार नहुने कुरा त्यहाँ बताइएको छ[२]।

कात्यायनका वचनअनुसार **सौदायिक** धनमा स्त्रीको पूर्ण अधिकार हुने देखिन्छ। उनको भनाइ यसप्रकारको छ– सौदायिक धन पाएपछि त्यसमा स्त्रीको स्वतन्त्र अधिकार हुन्छ; किनभने त्यो धन उसका सम्बन्धीहरूले ऊ दुर्दशामा नपरोस् भनी जीविकाका निम्ति दिएको हो[३]। सौदायिक धनमा सधैँ (पति जीवित भए पनि नभए पनि) स्त्रीको स्वतन्त्रता मानिएको छ। सौदायिक धन अचलसमेत आफ्नो इच्छाअनुसार बेच्न र दान दिन पनि स्त्री स्वतन्त्र हुन्छे[४]। पतिले दिएको चल सम्पत्ति पति जीवित छँदासम्म स्त्रीले संरक्षण गर्नुपर्छ, अथवा आफ्ना कुलका निमित्त व्यय गर्नुपर्छ, विधवा भएमा त्यो धन आफ्ना इच्छाअनुसार खर्च गर्न हुन्छ[५]। आमाबाबुसित वा दाजुभाइसित छुट्टिइसकेका पति मरेमा पतिका सत्मा (सत्यमा) बसेकी छोरा नभएकी स्त्रीले सासू-ससुरा इत्यादि मान्यजनका अधीनमा रहेर नमरिन्जेल पतिको धनको उपभोग गर्न पाउने र स्त्रीको मृत्युपछि भने त्यो धन नियमानुसार अंसियारहरूले पाउने कुरा पनि कात्यायनले बताएका छन्[६]।

---

१. न निर्हारं स्त्रियः कुर्युः कुटुम्बाद् बहुमध्यगात्।
स्वकादपि च वित्ताद् धि स्वस्य भर्तुरनाज्ञया॥–मनुस्मृति ९।१९९।

२. पत्यौ जीवति यः स्त्रीभिरलङ्कारो धृतो भवेत्।
न तं भजेरन् दायादा भजमानाः पतन्ति ते॥–मनुस्मृति ९।२००।

३. सौदायिकं धनं प्राप्य स्त्रीणां स्वातन्त्र्यमिष्यते।
यस्मात् तदानृशंस्यार्थं तैर् दत्तं तत्प्रजीविनम् (दत्तमुपजीवनम्)॥
–द्र.– दायभाग ४।१।२२, पृ.७६; स्मृतिचन्द्रिका, व्यवहारकाण्ड, पृ.६५४; इत्यादि।

४. सौदायिके सदा स्त्रीणां स्वातन्त्र्यं परिकीर्तितम्।
विक्रये चैव दाने च यथेष्टं स्थावरेष्वपि॥
–द्र.– दायभाग ४।१।२२, पृ.७६; स्मृतिचन्द्रिका, व्यवहारकाण्ड, पृ.६५५; इत्यादि।

५. भर्तृदायं मृते पत्यौ विन्यसेत् स्त्री यथेष्टतः।
विद्यमाने तु संरक्षेत् क्षपयेत् तत्कुलेऽन्यथा॥–द्र.– विवादर., ५८औं तरङ्ग, पृ.५१३; इ.।

६. अपुत्रा शयनं भर्तुः पालयन्ती गुरौ स्थिता।
भुञ्जीतामरणात् क्षान्ता दायादा ऊर्ध्वमाप्नुयुः॥–द्र.– विवादर., ५८औं तरङ्ग, पृ.५१३; इ.।

महाभारतमा पनि स्त्रीहरूले आफ्ना पतिको अंशधन उपभोग गर्न पाउने, तर त्यसलाई स्वतन्त्रतापूर्वक खर्च गरेर सिद्ध्याउन नपाउने कुरा बताइएको छ[१]। पतिले दिएको स्त्रीधनचाहिँ पत्नीले आफ्ना इच्छाअनुसार उपभोग गर्न पाउने कुरा व्यासका वचनबाट स्पष्ट बुझिन्छ[२]।

यदि स्त्री अपराधपूर्ण कार्य गर्ने, निर्लज्ज, सम्पत्ति नाश गर्ने तथा व्यभिचार गर्ने (परपुरुषसित सम्बन्ध राख्ने) छ भने ऊ कुनै प्रकारका स्त्रीधनको पनि योग्य हुन्न[३]; अन्यथा पति, छोरा, बाबु र दाजुभाइले पनि अध्यग्नि धन इत्यादि स्त्रीधन लिन वा खर्च गर्न सक्तैनन्[४]; यदि उनीहरूमध्ये कसैले बलपूर्वक त्यस्तो स्त्रीधन खान्छ भने व्याजसहित त्यो धन उसले फर्काउनुपर्छ र उसले दण्डसमेत पाउँछ[५]; स्त्री बाँचुन्जेल पति, छोरा, देवर-जेठाजु र पिताका बन्धुहरू अध्यग्नि धन इत्यादि स्त्रीधनका स्वामी हुन सक्तैनन्; जसले स्त्रीधन हर्छन्, ती दण्डनीय पनि हुन्छन्[६] भन्ने कुरा पनि कात्यायनले नै बताएका छन्।

कात्यायनका उपर्युक्त वचनअनुसार कन्या स्त्रीले सबैथरी स्त्रीधनको उपभोग र खर्च आफ्ना इच्छाअनुसार गर्न पाउने, विधवा स्त्रीले पतिले दिएको अचल सम्पत्तिबाहेक अन्य स्त्रीधन आफूखुसी गर्न पाउने र सधवा स्त्रीले पतिले दिएको सम्पत्तिबाहेक अरूबाट दान, बकस, दाइजो, पेवा इत्यादिका रूपमा पाएको सौदायिक धन स्वतन्त्रतापूर्वक उपभोग गर्न तथा खर्च गर्न पाउने देखिन्छ। साथै अध्यग्नि धन इत्यादि स्त्रीधनमा पति-पुत्रादिको अधिकार नभएको कुरा पनि उपर्युक्त वचनहरूबाट स्पष्ट बुझिन्छ।

नेपालमा प्रचलित मुलुकी ऐनले स्त्रीले आफूले आर्जन गरेको चलअचल सम्पत्ति आफूखुसी गर्न पाउने कुरा मानेको छ[७]। कात्यायनले चाहिँ स्त्रीका यस्ता

---

१. स्त्रीणां तु पतिदायाद्यमुपभोगफलं स्मृतम्।
नाऽपहारं स्त्रियः कुर्युः पतिवित्तात् कथञ्चन॥—महाभारत, अनुशासनपर्व ४७।२४।

२. यच्च भर्त्रा धनं दत्तं सा यथाकाममश्नुयात् ॥—द्र.– दायभाग ४।१।१०, पृ.७४; इत्यादि।

३. अपकारक्रियायुक्ता निर्लज्जाऽर्थविनाशिका।
व्यभिचाररता या च स्त्रीधनं न च साऽर्हति॥—द्र.– विवादर., ५८औं तरङ्ग, पृ.५१६; इ.।

४. न भर्ता नैव च सुतो न पिता भ्रातरो न च।
आदाने वा विसर्गे वा स्त्रीधने प्रभविष्णवः॥
—द्र.– दायभाग ४।१।२४, पृ.७८; पाराशरमाधवीय, व्य.का., पृ.३७५; इत्यादि।

५. यदि ह्येकतरस् त्वेषां (चैकतरोऽप्येषां) स्त्रीधनं भक्षयेद् बलात्।
स वृद्धिं प्रतिदाप्यः (सवृद्धिकं प्रदाप्यः) स्याद् दण्डं चैव समाप्नुयात्॥
—द्र.– दायभाग ४।१।२४, पृ.७८; पाराशरमा., व्यवहारकाण्ड, पृ.३७५; इत्यादि।

६. जीवन्त्याः पतिपुत्रास् तु देवराः पितृबान्धवाः।
अनीशाः स्त्रीधनस्योक्ता दण्ड्यास् त्वपहरन्ति ये॥—द्र.– धर्मको., व्य.का., पृ.१४५८; इ.।

७. मुलुकी ऐन, भाग ३, महल १४, स्त्री-अंश-धनको १ नं.।

धनमा र आफ्ना बन्धुबाहेक अरूबाट पाएका धनमा पनि पतिको अधिकार हुने कुरा बताएका छन्[1]। कात्यायनको यस वचनको व्याख्या गर्दै दायभागले यस मतको समर्थन गरेको देखिन्छ[2]। यस्ता धनमा पतिबाहेक अरूको अधिकार हुँदैन। पतिको मृत्युपछि भने पत्नीले सौदायिक धनका अतिरिक्त अरू स्त्रीधन पनि आफूखुसी गर्न पाउने देखिन्छ।

पतिले दिएको चल सम्पत्ति मात्रै र अरूले दिएको अचल सम्पत्तिसमेत पतिको मृत्यु भएपछि पनि पत्नीले आफ्ना इच्छाअनुसार उपभोग गर्न र खर्च गर्न पाउने कुरा नारदले भनेका छन्[3]। सामान्यतया स्त्रीले आफू बाचुन्जेल सम्पत्तिको उपभोग गर्न मात्र पाउँछे, उसलाई दान दिने र बिक्री गर्ने अधिकार हुँदैन भन्ने कुरा पनि नारदले उल्लेख गरेका छन्[4]। यसरी उनले केही निश्चित स्त्रीधनमा स्त्रीको स्वतन्त्र अधिकार हुने र केहीमा त्यस्तो अधिकार नहुने कुरा प्रस्ट्याएको देखिन्छ।

धर्मशास्त्रकार (स्मृतिकार) देवलका अनुसार वृत्ति (जीवनवृत्ति), आभरण (गरगहना), शुल्क[5] र लाभ (स्त्रीले बन्धुबाट वा अरूबाट उपहारका रूपमा पाएको सम्पत्ति) स्त्रीधन हुने र त्यसको उपभोग स्वयं स्त्रीले नै गर्ने तथा आपत्ति नपरीकन पतिले त्यसको उपभोग गर्न नपाउने देखिन्छ[6]। आपत्तिविना पतिले स्त्रीधनको व्यय वा भोग गरेमा त्यो धन व्याजसहित स्त्रीलाई बुझाउन पर्ने तथा धनका अभावले छोराछोरीहरूलाई आपत् परेमा त्यसको निवारणका निम्ति भने स्त्रीधनको व्यय गर्न हुने कुरा पनि देवलले बताएका छन्[7]।

केही निश्चित परिस्थितिमा खर्च गरेको स्त्रीधन पतिले फर्काउन नपर्ने मत याज्ञवल्क्यले राखेका छन्। जस्तै– दुर्भिक्ष हुँदा (अनिकाल पर्दा), (अनिवार्य

---

१. प्राप्तं शिल्पैस् तु यद् वित्तं प्रीत्या चैव यदन्यतः।
भर्तुः स्वाम्यं भवेत् तत्र शेषं तु स्त्रीधनं स्मृतम्॥–द्र.– दायभाग ४।१।१९, पृ.७६; इ.।

२. • द्र.– दायभाग, जीमूतवाहन, सम्. तथा प्रका. जीवानन्द विद्यासागर, ४।१।२०, पृ.७६।
• यसै ग्रन्थको १५१औँ पृष्ठको पहिलो टिप्पणी पनि हेर्नुहोस्।

३. भर्त्रा प्रीतेन यद् दत्तं स्त्रियै तस्मिन् मृतेऽपि तत्।
सा यथाकाममश्नीयाद् दद्याद् वा स्थावराद्दते॥–नारद.१।२४ (स्मृतिसन्.–१, पृ.२६०)।

४. नाऽधिकारो भवेत् स्त्रीणां दानविक्रयकर्मसु।
यावत् सञ्जीवमाना स्यात् तावद् भोगस्य सा प्रभुः॥–द्र.– धर्मको., व्य.का., पृ.१४४९।

५. शुल्कको परिभाषा यसै ग्रन्थको १४७औँ पृष्ठमा (टि.२–५मा समेत) हेर्नुहोस्।

६. वृत्तिराभरणं शुल्कं लाभश् च स्त्रीधनं भवेत्।
भोक्त्री तत् (च) स्वयमेवेदं पतिर् नाऽर्हत्यनापदि॥
–द्र.– दायभाग ४।१।१५, पृ.७५; विवादरत्नाकर, ५८औँ तरङ्ग, पृ.५१४; इ.।

७. वृथा मोक्षे च भोगे च स्त्रियै दद्यात् सवृद्धिकम्।
पुत्रार्तिहरणे वाऽपि स्त्रीधनं भोक्तुमर्हति॥–द्र.– विवादर., ५८औँ तरङ्ग, पृ.५१४; इ.।

रूपमा गर्नुपर्ने) धार्मिक कार्य गर्दा, रोग लाग्दा र बन्दी अवस्थामा रहँदा पतिले लिएको स्त्रीधन पत्नीलाई फर्काउन पर्दैन[१]। याज्ञवल्क्यका यस वचनको व्याख्या गर्दा टीकाकार र निबन्धकारहरूले यस्ता अवस्थामा लिएको स्त्रीधन नसके फर्काउन पर्दैन, सके फर्काउनै पर्छ भनेका छन्। स्त्रीधनको उपयोग वा उपभोगका सम्बन्धमा कौटलीय अर्थशास्त्रमा[२] र अरू स्मृतिहरूमा पनि चर्चा गरिएको छ।

यसरी धर्मशास्त्रकार र टीकाकारहरूले स्त्रीधनमा परिस्थिति हेरी स्त्रीको स्वतन्त्र अधिकार हुने वा नहुने कुराको निर्णय गरेका छन्। यसबाट स्त्रीको जीविका र सुखसुविधाको पनि राम्रोसँग विचार गर्नुपर्ने कुराको पुष्टि हुन्छ। भारतीय न्यायालयहरूले आधुनिक कालमा गरेका स्त्रीधनसम्बन्धी निर्णयहरू पनि धर्मशास्त्रका प्रायः अनुकूल नै रहेका बुझिन्छन्[३]।

मुलुकी ऐनका स्त्रीअंशधनका महलमा गरिएका व्यवस्थाहरूमध्ये धेरैजसो धर्मशास्त्रका अनुकूल नै देखिन्छन्। मुलुकी ऐनअनुसार सामान्यतः स्वार्जन, दाइजो, पेवा, दान, बकस र अपुतालीबाट पाएका धनमा स्त्रीलाई पूर्ण अधिकार वा आफूखुसी गर्न पाउने अधिकार भएको र अन्य प्रकारका धनमा आंशिक वा सीमित अधिकार मात्र भएको देखिन्छ[४]। मुलुकी ऐनको स्त्रीअंशधनको महलको ७ नं.को व्यवस्थाले व्यभिचारिणी स्त्रीको त दाइजो र पेवामा मात्र पूर्ण अधिकार हुने, अरूमा नहुने विशेष व्यवस्था गरेजस्तो पनि देखिन्छ[५]।

स्त्रीधनका सम्बन्धमा अरू धर्मशास्त्रकारहरूको व्याख्याभन्दा **कात्यायन**को व्याख्या बढी विस्तृत र व्यापक दृष्टिकोण राखेर गरिएको देखिन्छ। त्यसैले उनले विभिन्न परिस्थितिमा सम्पत्तिमाथि स्त्रीका अधिकारलाई राम्ररी प्रस्ट्याएका छन्। दुई पत्नी भएको व्यक्तिले यदि एउटी पत्नीलाई उपेक्षा गऱ्यो भने उपेक्षित भएकी पत्नीले अघि प्रेमपूर्वकै आफ्नो स्त्रीधन पतिलाई दिएको भए पनि त्यो स्त्रीधन राजाले बलपूर्वकै पनि उपेक्षिता पत्नीलाई नै दिलाइदिनुपर्छ भन्ने कात्यायनको

---

१. **दुर्भिक्षे धर्मकार्ये च व्याधौ सम्प्रतिरोधके।**
गृहीतं स्त्रीधनं भर्ता न स्त्रियै दातुमर्हति॥–याज्ञवल्क्यस्मृति २।१४७।

२. द्र.– **कौटलीय अर्थशास्त्र** ३।२।

३. द्र.– **हिन्दू विधि,** पं.गिरिजाशङ्कर मिश्र, सन् १९७०, पृ.२२४, २२५।

४. द्र.– **पारिवारिक कानून,** ज्ञाइन्द्रबहादुर श्रेष्ठ, पैरवी प्रकाशन, तृ.सं.२०४९, पृ.१५२–१५४।

५. स्वास्नीमानिसले दाइजो पेवा बाहेक आफ्नो हक पुग्ने अरु सम्पत्ति कसैलाई अघिबाट दान बकस बिक्री समेत केही व्यहोरासंग दिइछ र जसलाई दान बकस बिक्री गरिदिएको हो उसैसित *करणीमा विग्रीछ* (विवाह गरिछ [२०५९]) भने सो दिई (दिए?) लिएको सदर हुँदैन। हक पुग्नेले फिर्ता गरिलिन पाउँछ।– **मुलुकी ऐन** (२०५२, आषाढ), भाग ३, महल १४, स्त्री-अंश-धनको ७ नं. (यसलाई हालै सर्वोच्च अदालतले बदर गरेको देखिन्छ [द्र.– **अन्नपूर्ण पोष्ट,** २०६३।८।८, पृ.५)।

भनाइ छ[1]। साथै स्त्रीको खाने, लाउने र बस्ने व्यवस्था नगर्ने पतिबाट पनि बलपूर्वक ती व्यवस्था स्त्रीले गराउन सक्ने कुरासमेत उनले औँल्याएका छन्[2]।

कात्यायनले अर्को विशेष नियम पनि देखाएका छन्। यदि पतिले स्त्रीधन दिने प्रतिज्ञा गरेको भए उसको (पतिको) मृत्युपछि पनि छोराहरूले त्यो धन ऋणझैं नै आमालाई तिर्नुपर्छ, किन्तु त्यस्ती विधवाले पतिकुलमै बस्नुपर्छ, माइत जानुहुँदैन भन्ने उनको भनाइ छ[3]।

यसप्रकार धर्मशास्त्रले र आधुनिक ऐनकानुनले पनि स्त्रीधनको र त्यसमा अवस्थानुसार स्त्रीको पूर्ण वा निरपेक्ष तथा आंशिक वा सापेक्ष अधिकारको व्यवस्था गरेका छन्।

अंशमा (दायमा) स्त्रीको अधिकार

उत्तराधिकारका रूपमा परम्परागत सामूहिक धनबाट व्यक्तिविशेषले पाउने भागलाई **अंश, दाय** वा **रिक्थ** भनी वैदिक धर्मशास्त्रमा व्यवहार गरिएको पाइन्छ। कस्ताकस्ता व्यक्तिले केकति अंश कुन रूपमा पाउने भन्ने कुरा शास्त्रमा व्यवस्थित गरिएको देखिन्छ। वैदिक धर्मशास्त्रमा प्रतिपादित स्त्रीधन र स्त्रीअंशसम्बन्धी व्यवस्थाको विवेचन गर्नु नै यस ग्रन्थको मुख्य उद्देश्य भएकाले अब स्त्रीअंशका विषयमा केन्द्रित भएर त्यससम्बन्धी चर्चा विभिन्न शीर्षकमा गरिँदै छ। यस प्रसङ्गमा सर्वप्रथम पैतृक धनमा छोरीको केकस्तो अधिकार हुन्छ भन्ने विषयमा विचार गरिन्छ।

पैतृक धनमा छोरीको अधिकार

नेपाल अत्यधिक सङ्ख्यामा रहेका हिन्दुहरूको बसोबास भएको देश हुनाले यस देशका प्रायः सबैजसो ऐनकानुन हिन्दु विधिसंहिताहरूका[4] अनुकूल वा अप्रतिकूल नै हुनुपर्ने हो। तथापि कतिपय अंशमा अहिलेको ऐनकानुन हिन्दु विधिसंहिताहरूको प्रतिकूल पनि भएको छ। तर पनि सबै अंशमा त्यस्तो भैसकेको भने देखिँदैन। त्यसैले अंशबण्डासम्बन्धी कानुनमा पनि हिन्दु विधिसंहिताहरूको

---

१. अथ चेत् स द्विभार्यः स्यान् न च तां भजते पुनः।
प्रीत्या विसृष्टमपि चेत् प्रतिदाप्यः स तद् बलात्॥–द्र.– दायभाग ४।१।२४, पृ.७८; इ.।

२. ग्रासाऽऽच्छादनवासानामुच्छेदो यत्र योषितः।
तत्र स्वमाददीत स्त्री विभागं रिक्थिनां तथा॥–द्र.– दायभाग ४।१।२४, पृ.७८; इत्यादि।

३. भर्त्रा प्रतिश्रुतं देयमृणवत् स्त्रीधनं सुतैः।
तिष्ठेद् भर्तृकुले या तु (जातु) न सा (या) पितृकुले वसेत्॥–द्र.– धर्मकोश, व्यवहारकाण्ड, पृ.१४५८; विवादरत्नाकर, ५८औँ तरङ्ग, पृ.५१६; इत्यादि।

४. हिन्दु विधिशास्त्र र हिन्दु विधिसंहिताको परिभाषा यसै ग्रन्थका ४,७ र ८ पृष्ठहरूमा हेर्नुहोस्।

प्रभावले गर्दा नै अहिलेसम्म विवाहिता छोरीलाई छोरासरह पैतृक सम्पत्तिको अधिकार दिइएको देखिँदैन।

वैदिक वाङ्मयमा कहाँकहाँ छोरीको दायाधिकारका (अंशका अधिकारका) विषयमा उल्लेख पाइन्छ, त्यसको चर्चा यस प्रकरणमा गरिँदै छ।

ऋग्वेदसंहिताका विभिन्न ऋचामा अविवाहिता कन्याले पिताबाट अंश पाउने कुराको स्पष्ट सङ्केत पाइन्छ। एउटा ऋचामा[१] यस्तो उल्लेख गरिएको छ– 'हे इन्द्र, बूढीकन्याका रूपमा बसेर बाबुआमाको सेवा गर्दै उनीहरूसित पितृगृहमा (बाबुका घरमा) बसेकी छोरीले जसरी बाबुआमाबाट आफ्नो भाग (अंश) माग्छे, त्यसरी नै म (स्तुतिकर्ता) पनि तिमीसँग धन माग्दछु...।' यस उल्लेखबाट पैतृक सम्पत्तिमा कुनै रूपले बूढीकन्याको अधिकार हुने कुरा स्पष्ट हुन्छ।

यास्कद्वारा रचित **निरुक्तमा**[२] छोरीलाई पनि पैतृक धनमा छोरासरह अधिकार छ कि छैन भन्ने विषयमा ऊहापोह (तर्क-वितर्क) गरिएको देखिन्छ। त्यहाँ ऋग्वेदका मन्त्रहरूको उद्धरण गरेर पक्ष-विपक्ष दुवैतर्फका तर्कहरूको विवेचना गरी निष्कर्ष निकालिएको छ।

यस प्रसङ्गमा त्यहाँ ऋग्वेदको एउटा ऋचालाई (मन्त्रलाई) कोही आचार्य छोरीको अंशाधिकार भएको प्रमाणका रूपमा लिन्छन् भने कोही आचार्य छोराको मात्र अंशाधिकार भएको प्रमाणका रूपमा लिन्छन् भनिएको छ[३]। त्यस ऋचाको[४] अर्थ यसप्रकारको छ– 'विवाहित पुरुष प्रजननयज्ञको विधान जानेर त्यसलाई आदर गर्दै छोरीका छोरालाई पनि आफ्नै छोरो मान्दछ र उसित जान्छ। जब पिताले कन्यालाई पतिको व्यवस्था गर्दछ, तब सुखी मनले आफूलाई सम्हाल्दछ। अर्थात् छोरा र छोरी दुवैका निम्ति प्रजननप्रक्रिया एकै प्रकारको भएकाले पिताले छोरीलाई पनि छोरासरह नै मान्दछ र दौहित्रबाट (छोरीका छोराबाट) पनि छोरासरह पिण्डपानी पाउने हुनाले छोरीको विवाह गरेपछि ऊ अपूतो (पुत्रहीन) भएको सन्तापबाट पनि मुक्त हुन्छ।' यसबाट छोरालाई झैँ छोरीलाई पनि उत्तराधिकार प्राप्त हुने कुराको पुष्टि हुन्छ।

निरुक्तका व्याख्याता **दुर्ग सिंह**का अनुसार पुत्रीको (दुहिताको) पुत्र (छोरो) दौहित्र हुन्छ, यदि कसैको पुत्र (छोरो) नभए पौत्र (छोराको छोरो) पनि हुँदैन, किन्तु दौहित्रलाई (छोरीपट्टिका नातिलाई) नै उसले पौत्रका (छोरापट्टिका

---

१. अमाजूरिव पित्रोः सचा सती समानादा सदसस् त्वामिये भगम्।
कृधि प्रकेतमुप मास्या भर दद्धि भागं तन्वो येन मामहः ॥–ऋग्वेद-संहिता २।१७।७।

२. निरुक्तको परिचय यसै ग्रन्थको १९औँ पृष्ठमा हेर्नुहोस्।

३. अथैनां दुहितृदायाद्य उदाहरन्ति, पुत्रदायाद्य इत्येके।–निरुक्त ३।३।

४. शासद् वह्निर् दुहितुर् नप्त्यं गाद् विद्वाँ ऋतस्य दीधितिं सपर्यन्।
पिता यत्र दुहितुः सेकमृञ्जन् सं शग्म्येन मनसा दधन्वे ॥–ऋग्वेद-संहिता ३।३१।१।

नातिका) रूपमा लिन्छ। यसप्रकार दौहित्रलाई पौत्र मान्न सकिन्छ भने पुत्रीलाई पनि पुत्र मान्न सकिने देखिन्छ[1]। दुर्ग सिंहको यस्तो भनाइ पुत्रहीन व्यक्तिमा मात्र सार्थक हुन सक्छ। किनभने पौत्र नभए मात्र दौहित्रलाई पौत्र मानेर मातामहले (आमाका बाबुले) दौहित्रबाट पिण्डपानी प्राप्त गर्दछ। यस अवस्थामा दौहित्रले नै मातामहको उत्तराधिकारी भै सम्पत्तिसमेत उपभोग गर्न पाउँछ। किन्तु छोरीलाई पैतृक सम्पत्तिको उत्तराधिकार छोरा भए पनि नभए पनि दुवै अवस्थामा प्राप्त भएमा मात्र छोरीको पनि छोरासरह पैतृक धनमा अधिकार भएको ठहर्छ। अन्यथा छोरीको पैतृक सम्पत्तिमाथि अधिकार छोरा नभएका अवस्थामा मात्र हुने ठहर्छ। छोरा हुँदाहुँदै विवाहिता छोरीले पनि छोराले सरह बाबुको अंश पाउने कुरा हिन्दुहरूका परम्परामा प्रचलित देखिँदैन। विवाहिता स्त्रीले सामान्यतया आफ्ना पतिबाट वा सासू-ससुरा-देवर-जेठाजुहरूबाट मात्र अंश पाउने प्रचलन छ।

दुर्ग सिंहले छोरा र छोरी दुवैको प्रजननविधि र संस्कार समान भएको तथा एकै मन्त्रले दुवैको संस्कार गरिने भएको हुनाले छोराझैं छोरी पनि पैतृक धनका उत्तराधिकारी हुन सक्छन् भन्ने सिद्धान्तको उल्लेख गरेका छन्[२]।

निरुक्तकार यास्कले नै छलफलका निम्ति दुवै पक्षमा प्रमाणहरू प्रस्तुत गरेका छन्। छोरीको उत्तराधिकारको पुष्टिका निम्ति एउटा ऋचा र एउटा श्लोकको उद्धरण गर्दै उनी भन्छन्– 'विनाभेदभाव दुवै सन्तान (छोरा र छोरी) दायभागका (अंशका) अधिकारी हुन्छन्'[३]। यही कुरा एउटा ऋचामा र एउटा श्लोकमा पनि भनिएको छ[४]–

'हे पुत्र, तिमी प्रत्येक अङ्गबाट जन्मिन्छौ, हृदयबाट निस्कन्छौ, तिमी पुत्र नामका मेरा आत्मा नै ह्वौ, त्यस्ता तिमी सय वर्षसम्म बाँच।'–(ऋचा)[५]।

---

१. दौहित्रं दुहितृपुत्रं पौत्रमिति पौत्रो ममाऽयमित्येवमुपाऽऽगच्छति। न चाऽपुत्रस्य पुत्रः पौत्रः स्यात्। उपाऽऽगच्छति च दुहितुः पिता पौत्रो ममाऽयमिति दौहित्रम्। तस्माद् दुहिताऽपि पुत्र एव यस्याः पुत्रः पौत्रो ममाऽयमित्येव चेतसोपगम्यते।
–दुर्गवृत्ति (निरुक्तको टीका [व्याख्या]) ३।४, आनन्दाश्रम-संस्करण, पृ.२०८।

२. यथैव हि पुत्रजनने प्रजननयज्ञस् तन्यते तथैव हि दुहितृजननेऽपि। यैरेव हि मन्त्रैर् येनैव च विधानेन पुत्रगर्भ आधीयते तैरेव मन्त्रैस् तेनैव च विधानेन दुहितृगर्भोऽपि। ... येनैव हि विधानेन पुत्रजनने रेत उत्सृज्यते तेनैव हि दुहितृजननेऽपि। तत्रैवं सति रेतउत्सर्ग-विध्यविशेषात् प्रजननयज्ञाऽविशेषाद् वा 'अविशेषेण मिथुनाः' पुरुषाः स्त्रियश् चोभयेऽपि 'दायादा' इत्येवमेके धर्मविदो मन्यन्ते।–दुर्गवृत्ति ३।४, आनन्दाश्रम-संस्करण, पृ.२०९।

३. अविशेषेण मिथुनाः पुत्रा दायादा इति।–निरुक्त ३।४।

४. तदेतदृक्श्लोकाभ्यामभ्युक्तम्।–निरुक्त ३।४।

५. अङ्गादङ्गात् सम्भवसि हृदयादधि जायसे।
आत्मा वै पुत्रनामाऽसि स जीव शरदः शतम्॥–निरुक्त ३।४ (द्र.– शतपथ-ब्राह्मण [पहिलो पङ्क्ति] १४।९।४।८, [दोस्रो पङ्क्ति] १४।९।४।२६; छान्दोग्य ब्रा.१।५।१७; आश्वलायन गृ.सू.१।१५।११; पारस्कर गृ.सू.१।१८।२; आदिपर्व ७४।६३; इत्यादि।

'स्त्री तथा पुरुष दुवै प्रकारका सन्तानको समान रूपले धर्मानुसार दायाधिकार (अंशाधिकार) हुन्छ, यो कुरा सृष्टिका प्रारम्भमा स्वायम्भुव (आफैँ उत्पन्न भएका ब्रह्माका छोरा) मनुले भनेका थिए।'–(श्लोक)[1]।

उक्त ऋचा शतपथब्राह्मण, छान्दोग्यब्राह्मण (मन्त्रब्राह्मण), आश्वलायनगृह्यसूत्र, पारस्करगृह्यसूत्र, महाभारत इत्यादि धेरै ग्रन्थहरूमा (कतैकतै थोरै पाठभेदका साथ) आएको छ भने उक्त श्लोकचाहिँ अन्यत्र कतै आएको छैन। किन्तु उपर्युक्त श्लोकका भावसित मिल्दाजुल्दा भाव भएका श्लोकहरू भने मनुस्मृतिमा पाइन्छन्। ती श्लोकका अर्थ यसप्रकार छन्–

'जसरी छोरो आत्मतुल्य हो, त्यसरी नै छोरी पनि छोरासमान हो। त्यसैले आत्मस्वरूपा छोरी हुँदाहुँदै अन्य पुरुषले कसरी धन ग्रहण गर्न सक्ला?'[2]

'लोकमा पौत्र (छोराको छोरो) र दौहित्रमा (छोरीका छोरामा) धार्मिक दृष्टिले केही भेद छैन। किनभने उनीहरूका (दौहित्रकी) आमा र (पौत्रको) बाबु एकै देहबाट (शरीरबाट) उत्पन्न भएका हुन्'[3]।

लोकमा पौत्र र दौहित्रमा केही भिन्न विशेषता भेटिँदैन। किनभने दौहित्रले पनि पौत्रले झैँ नै मातामहलाई (आमाका बाबुलाई) परलोकमा तार्दछ'[4]।

किन्तु मनुस्मृतिका यी श्लोकका आधारमा पनि छोरीलाई सबै अवस्थामा पैतृक सम्पत्तिकी उत्तराधिकारिणी मान्न सकिने देखिँदैन। यी श्लोकबाट दाजुभाइ नभएकी छोरी छोरासरह हुने र उसबाट जन्मेका छोराले (दौहित्रले) मातामह-मातामहीलाई पिण्डपानी दिने हुँदा त्यस्ती छोरी मात्र बाबुको सम्पत्तिकी उत्तराधिकारिणी हुने कुरा देखिन्छ।

अर्कातर्फ शास्त्रीय वचनकै आधारमा पैतृक सम्पत्तिमा छोरीको अधिकार नहुने कुरा एकथरी आचार्यहरू गर्दछन्[5]। त्यसका निमित्त उनीहरूले ब्राह्मणग्रन्थका वचनहरू उद्धृत गरेका छन्। जस्तै– 'त्यसै कारणले पुरुष अंशाधिकारी हुन्छ,

---

१. अविशेषेण पुत्राणां दायो भवति धर्मतः।
मिथुनानां विसर्गाऽऽदौ मनुः स्वायम्भुवोऽब्रवीत्॥–निरुक्त ३।४।

२. यथैवाऽऽत्मा तथा पुत्रः पुत्रेण दुहिता समा।
तस्यामात्मनि तिष्ठन्त्यां कथमन्यो धनं हरेत्॥–मनुस्मृति ९।१३०।

३. पौत्रदौहित्रयोर् लोके न विशेषोऽस्ति धर्मतः।
तयोर् हि मातापितरौ सम्भूतौ तस्य देहतः॥–मनुस्मृति ९।१३३।

४. पौत्रदौहित्रयोर् लोके विशेषो नोपपद्यते।
दौहित्रोऽपि ह्यमुत्रैनं सन्तारयति पौत्रवत्॥–मनुस्मृति ९।१३९।

५. न दुहितर इत्येके।–निरुक्त ३।४।

स्त्री हुन्न'[1]; 'त्यसैले जन्मेकी छोरी पराइलाई दिन्छन्, छोरा दिँदैनन्'[2]। निरुक्तमा उद्धरण गरिएका यी वाक्यहरू कृष्णयजुर्वेदको मैत्रायणीय-संहितामा भेटिन्छन्[3]। यी वाक्यहरूको व्याख्या गर्दा दुर्ग सिंहले स्त्रीलाई माटाको यज्ञिय (यज्ञमा प्रयोग गरिने) पात्र (भाँडो) जस्तो र पुरुषलाई काठको यज्ञिय पात्रजस्तो मानिएको हुँदा र माटाको पात्र हटाइने, किन्तु काठका पात्रले हवन गरिने भएको हुँदा छोरो मात्रै पैतृक सम्पत्तिको उत्तराधिकारी हुने कुरा बताएका छन्[4]।

स्त्रीको कन्यादानरूप दान, वैवाहिक शुल्कद्वारा बिक्री र (स्वयंवरमा) परित्यागसमेत हुने, तर पुरुषको त्यस्तो नहुने हुनाले पुरुषको मात्र अंशाधिकार हुन्छ भन्ने कसैको मत पाइन्छ भने पुरुषको पनि दान, विक्रय (बिक्री) र त्याग हुने हुँदा छोराछोरी दुवैमा केही फरक नभएकाले यी दुवैको अंशाधिकार हुन्छ भन्ने कसैको मत देखिन्छ[5]। छोराका दत्तक, क्रीतक, कृत्रिम, क्षेत्रज, औरस इत्यादि प्रकार मानिएकाले[6], शुनःशेपका आख्यानमा (कथामा) बाबु-आमाले शुनःशेपको बिक्री गरेको देखिएकाले र विश्वामित्र ऋषिले आफ्ना छोरा मधुच्छन्दा इत्यादिको परित्याग गरेको[7] सुनिएकाले पनि पुरुषको समेत दान, विक्रय र परित्याग हुन सक्ने शास्त्रीय तथा ऐतिहासिक प्रमाण मिल्दछ। त्यसैले छोरा र छोरीमा भेद छैन भन्ने यस पक्षको तर्क देखिन्छ।

पैतृक धनमा दाजुभाइ नभएकी स्त्रीको अधिकार

छोराले मात्र बाबुको अंश पाउने र छोराछोरी दुवैले बाबुको अंश पाउने यी दुईथरी मतलाई समन्वय गरेर अर्को तेस्रो मत प्रबल रूपमा निरुक्तमा देखाइएको छ[8]। यस मतअनुसार जुन स्त्रीका दाजुभाइ छैनन्, त्यस्ती स्त्रीको

---

१. 'तस्मात् पुमान् दायादोऽदायादा स्त्री' इति विज्ञायते।—निरुक्त ३।४।

२. 'तस्मात् स्त्रियं जातां परास्यन्ति न पुमांसम्' इति च।
—निरुक्त ३।४ (द्र.– कृष्णयजुर्वेदको काठक-संहिता २७।९ [२९])।

३. अथ यत् स्थालीं रिञ्चन्ति न दारुमयं तस्मात् पुमान् दायादः स्त्र्यदायादथ यत् स्थालीं परास्यन्ति न दारुमयं तस्मात् स्त्रियं जातां परास्यन्ति न पुमांसम्।—मै.सं.४।६।४(१८)।

४. अथ यत् स्थालीं परास्यन्ति हवनकर्मणो न तया जुह्वति, न दारुमयं परास्यन्ति हवनकर्मणो दारुमयेनैव जुह्वति, तस्मात् (कारणात्) स्त्रियं जातां परास्यन्ति परस्मै प्रयच्छन्ति न पुमांसम्। तस्मात् पुमानेव पैतृकस्य वित्तस्येष्टे, न दुहिता।—दुर्गवृत्ति (निरुक्तको व्याख्या) ३।४, आनन्दाश्रम सं., पृ.२११; मोर सं. पृ.२४५–२४६।

५. स्त्रीणां दानविक्रयाऽतिसर्गा विद्यन्ते न पुंसः। पुंसोऽपीत्येके, शौनःशेपे दर्शनात्।—नि.३।४।

६. छोराका प्रकारहरू यसै ग्रन्थको ८३औं पृष्ठको दोस्रो टिप्पणीमा देखाइएका छन्।

७. द्र.– ऐतरेयि(ऐतरेय)ब्राह्मण, ३३औं अध्यायका तेस्रो र छैटौं खण्ड।

८. अभ्रातृमतीवाद इत्यपरम्।—निरुक्त ३।४।

विवाह भएमा पनि उसले बाबुको अंश पाउने कुरा शास्त्रसम्मत भएको निष्कर्ष देखिन्छ। अथर्ववेदको एउटा मन्त्रमा दाजुभाइ नभएकी स्त्री पितृकुलमै (माइतीमै) बस्ने उल्लेख गरिएको छ भने ऋग्वेदको एउटा मन्त्रमा त्यस्ती स्त्री पितृकुलको (बाबुबाजेका कुलको) पिण्डदानादि कार्यका निम्ति पतिगृहबाट पितृगृहतिर (बाबुका घरतिर) आउने कुरा उल्लिखित छ। यी मन्त्रहरूको व्याख्या पनि निरुक्तमा गरिएको छ[1]। यसबाट भ्रातृहीन (दाजुभाइ नभएकी) स्त्रीले मात्र पैतृक सम्पत्ति पाउने कुरा स्पष्ट हुन्छ।

दाजुभाइ भएकी स्त्रीले पैतृक अंश नपाउने कुराको प्रमाणका रूपमा ऋग्वेदको एउटा ऋचालाई उद्धृत गर्दै निरुक्तमा यस्तो भनिएको छ– यस ऋचालाई कसैले पुत्रीको (भगिनीको=दिदीबहिनीको) अंशाधिकार-निषेधका रूपमा उदाहरण दिन्छन् भने कसैले पुत्रवत् (छोरोझैँ) मानिएकी छोरीलाई (यी छोरीमा जन्मने छोरो मेरो हुन्छ भनेर कन्यादान गरिएकी पुत्रिकालाई) पछि छोरा जन्मे पनि श्रेष्ठ (ठूलो) भाग दिनुपर्ने नियमका रूपमा मानेका छन्[2]। ऋचाको[3] अर्थ यस्तो छ– 'औरस पुत्रले दिदीबहिनीलाई अंशधन दिएन, किन्तु उसलाई पतिको गर्भधारण गर्न समर्थ हुने गरी पालनपोषण गऱ्यो; बाबुआमाले छोराछोरी दुवैलाई जन्माउँछन्, किन्तु एकै प्रकारले जन्माइएका सन्तानमध्ये छोरोचाहिँ सन्तानकर्ता हुन्छ, छोरीचाहिँ पालनपोषण गरेर हुर्काई अर्कालाई दिइन्छे'। यस ऋचाको आशय प्रस्ट्याउँदै भ्रातृमती (दाजुभाइ भएकी) स्त्रीले अंश नपाउने कुरा निरुक्तमा बताइको छ[4]।

---

१. • अमूर् या यन्ति योषितो (जामयः) हिरा (सर्वा) लोहितवाससः।
अभ्रातर इव जामयस् (योषास्) तिष्ठन्तु(न्ति) हतवर्चसः(-वर्त्मनः)॥
—अथर्ववेद-संहिता १।१७।१ (द्र.– निरुक्त ३।४)।
अभ्रातृका इव योषास् तिष्ठन्ति सन्तानकर्मणे पिण्डदानाय हतवर्त्मानः।
इत्यभ्रातृकाया अनिर्वाह औपमिकः। (तस्योत्तरा भूयसे निर्वचनाय।)—निरुक्त ३।४।

• अभ्रातेव पुंस एति प्रतीची गर्तारुगिव सनये धनानाम्।
जायेव पत्य उशती सुवासा उषा हस्रेव नि रिणीते अप्सः॥—ऋ.सं.१।१२४।७ (नि.३।५)।
अभ्रातृकेव पुंसः पितॄनेत्यभिमुखी सन्तानकर्मणे पिण्डदानाय, न पतिम्।—नि.३।५।

२. • अथैतां जाम्या रिक्थप्रतिषेध उदाहरन्ति। ज्येष्ठं पुत्रिकाया इत्येके।—निरुक्त ३।५।

• मनुस्मृतिमा भने यस्ता स्थितिमा (पुत्रिका बनाएपछि छोरो जन्मेमा) छोरा र छोरी दुवैले बाबुबाट बराबर अंश पाउने, पुत्रिकाले (छोरीले) बढी अंश नपाउने कुरा बताइएको छ—

पुत्रिकायां कृतायां तु यदि पुत्रोऽनुजायते।
समस् तत्र विभागः स्याज् ज्येष्ठता नाऽस्ति हि स्त्रियाः॥—मनुस्मृति ९।१३४।

३. न जामये तान्वो रिक्थमारैक् चकार गर्भं सनितुर् निधानम्।
यदी मातरो जनयन्त वह्निमन्यः कर्ता सुकृतोरन्य ऋन्धन्॥—ऋ.सं.३।३१।२ (नि.३।६)।

४. न जामये भगिन्यै ..... तान्व आत्मजः पुत्रो रिक्थं प्रारिचत् प्रादात्। ..... अन्यतरः सन्तानकर्ता भवति, पुमान् दायादोऽन्यतरोऽर्धयित्वा जामिः प्रदीयते परस्मै।—निरुक्त ३।६।

स्मृतिहरूमा पनि दाजुभाइ नभएकी स्त्रीले पैतृक अंश पाउने कुरा उल्लिखित छ। **आपस्तम्बधर्मसूत्र**मा छोरो नभएमा नजिकको सपिण्ड (सात पुस्ताभित्रको एउटै गोत्रको बन्धु) अंसियारले, ऊ नभएमा आचार्यले (साङ्गोपाङ्ग वेद पढाउने गुरुले) र ऊ पनि नभएमा उसको शिष्यले अंश पाउने अथवा छोरो नभएमा छोरीले नै अंश पाउने कुरा उल्लिखित देखिन्छ[1]। **विष्णुस्मृति**अनुसार छोरो नभएका व्यक्तिको सम्पत्ति पत्नीले पाउने र पत्नी नभएमा त्यो धन छोरीले पाउने देखिन्छ[2]। **महाभारत**मा पनि छोराले झैँ छोरीले पुत्रहीन बाबुको सम्पत्ति आफ्ना छोराका निम्ति पाउने र दौहित्रले (छोरीका छोराले) मातामहलाई (आमाका बाबुलाई) पिण्डपानी दिने कुरा आएको छ[3]। युधिष्ठिर र भीष्मका संवादबाट स्पष्ट पारिएको यो कुरा **मनुस्मृति**मा पनि प्रायः उस्तै रूपमा आएको छ[4]। **याज्ञवल्क्यस्मृति**मा पनि पुत्रहीन व्यक्तिका सम्पत्तिमा पत्नीपछिको अधिकार छोरीको भएको उल्लेख छ[5]। छोराले झैँ नै छोरीले पनि पिताका कुललाई विस्तार गर्ने हुनाले पुत्रहीन बाबुको सम्पत्ति छोरीले पाउने कुरा **नारदीयमनुस्मृति**मा उल्लिखित छ[6]। एउटै अङ्गबाट उत्पन्न हुने हुनाले पत्नीपछि छोरीले पनि छोराले झैँ नै पितृधन पाउने कुरा **बृहस्पति**ले पनि उल्लेख गरेका छन्[7]। यस विषयमा

---

१. पुत्राभावे यः प्रत्यासन्नः सपिण्डः, तदभावे आचार्य आचार्याऽभावेऽन्तेवासी हृत्वा तदर्थेषु धर्मकृत्येषु वोपयोजयेत्, दुहिता वा।—आपस्तम्ब-धर्मसूत्र २।६।२(१४)।२-४।

२. अपुत्रधनं पत्न्यभिगामि, तदभावे दुहितृगामि।—विष्णुस्मृति (विष्णु-धर्मसूत्र) १७।४-५।

३. **युधिष्ठिर उवाच—**
अथ केन प्रमाणेन पुंसामादीयते धनम्। पुत्रवद् धि पितुस् तस्य कन्या भवितुमर्हति॥
भीष्म उवाच—
यथैवात्मा तथा पुत्रः पुत्रेण दुहिता समा। तस्यामात्मनि तिष्ठन्त्यां कथमन्यो धनं हरेत्॥
मातुस्तु यौतकं यत् स्यात् कुमारीभाग एव सः। दौहित्र एव तद्रिक्थमपुत्रस्य पितुर्हरेत्॥
ददाति हि स पिण्डान् वै पितुर् मातामहस्य च। पुत्रदौहित्रयोरेव विशेषो नाऽस्ति धर्मतः॥
—महाभारत, अनुशासनपर्व ४५।१०-१३।

४. • द्र.– मनु.९।१३०, ९।१३३, ९।१३९ (यसै ग्रन्थका १६२ पृष्ठका २-४ टिप्पणीहरू हेर्नुहोस्)।
• मातुस्तु यौतकं यत् स्यात् कुमारीभाग एव सः। दौहित्र एव च हरेदपुत्रस्याऽखिलं धनम्॥
दौहित्रो ह्यखिलं रिक्थमपुत्रस्य पितुर्हरेत्। स एव दद्याद् द्वौ पिण्डौ पित्रे मातामहाय च॥
—मनुस्मृति ९।१३१-१३२।

५. पत्नी दुहितरश्चैव पितरौ भ्रातरस् तथा। तत्सुता गोत्रजा बन्धुशिष्यसब्रह्मचारिणः॥
एषामभावे पूर्वस्य धनभागुत्तरोत्तरः। स्वर् यातस्य ह्यपुत्रस्य सर्ववर्णेष्वयं विधिः॥
—याज्ञवल्क्यस्मृति २।१३५-१३६।

६. पुत्राभावे तु दुहिता तुल्यसन्तानदर्शनात्।
पुत्रश्च दुहिता चोक्तौ पितुः सन्तानकारकौ॥—नारद.१३।४७ (स्मृतिसन्.-१, पृ.३१२)।

७. भर्तुर् धनहरी पत्नी तां विना दुहिता स्मृता। अङ्गादङ्गात् सम्भवति पुत्रवद् दुहिता नृणाम्॥
तस्मात् पितृधनं त्वन्यः कथं गृह्णीत मानवः॥—द्र.– मिताक्षरा २।१३५-१३६, पृ.२९४; इ.।

अन्य धेरै स्मृतिकारहरूको वा धर्मशास्त्रकारहरूको पनि मतैक्य (एकै मत) भएको कुरा धर्मशास्त्रनिबन्धग्रन्थहरूका अध्ययनबाट स्पष्ट हुन्छ।

धर्मशास्त्रीय ग्रन्थहरूका अध्ययन-मननबाट मुख्य रूपमा पुरुष नै अंशाधिकारी हुने कुरा देखिन्छ। छोरा नभएमा छोरीले अंश पाउने कुरा पनि उसबाट जन्मेका छोराका आधारमा नै गरिएको बुझिन्छ। दौहित्रले (छोरीका छोराले) मातामहको (आमाका बाबुको) र मातामहीको (आमाकी आमाको) काजकिरिया गर्ने, मातामह-मातामहीलाई पिण्डपानी दिने र मातामहकै पनि कुलविस्तार गर्ने हुँदा उसलाई मातामहका सम्पत्तिमा अधिकार दिइएको मान्न सकिन्छ। यो कुरा **श्रीमद्भागवत**मा आएको प्रसङ्गबाट पनि राम्ररी स्पष्ट हुन्छ। त्यहाँ सत्राजित्सँग रहेको स्यमन्तक मणि उनको हत्या भएपछि कसले पाउनुपर्ने हो भन्ने प्रसङ्गमा श्रीकृष्णका मुखबाट 'सत्राजित्का छोरा नभएकाले उनकी छोरीका (सत्यभामाका[१]) छोराहरूले आफ्ना मातामहलाई पिण्डपानी दिएर मातामहले लिए-खाएको ऋण तिरेर बाँकी रहेको उनको धन लिऊन्'[२] भन्ने शास्त्रीय व्यवस्था देखाएर यस विषयलाई प्रस्ट्याइएको छ। बाबुलाई पिण्डपानी नदिने वा अनाचारी छोरा भएमा त छोरैलाई पनि वैदिक धर्मशास्त्रअनुसार बाबुको धन पाउने कुनै अधिकार हुँदैन[३]। बाबुले गर्नुपर्ने सम्पूर्ण धर्मकर्मको अभिभारा वहन गर्ने हुनाले नै छोरालाई बाबुका धनको उत्तराधिकार प्राप्त हुने कुरा वेदवेदाङ्गादि शास्त्रबाट स्पष्ट हुन्छ।

पैतृक धनमा अविवाहिता कन्याको अधिकार

धर्मशास्त्रानुसार अविवाहिता कन्याले वा बूढीकन्याले पनि केही निश्चित पैतृक धन पाउने देखिन्छ। कन्यालाई विवाहखर्चका निम्ति वा आजीविकाका (जीवनवृत्तिका) निम्ति नै सम्पत्तिमाथि केही सीमित अधिकार दिइएको बुझिन्छ।

धर्मशास्त्रकार **पराशर**का मतमा अपूतो (पुत्रहीन) व्यक्तिको धन अविवाहिता छोरीले पाउने र ऊ नभए विवाहिता छोरीले पाउने कुरा दायभागमा उल्लिखित देखिन्छ[४]। **कौटल्य**का अनुसार पुत्रहीन बाबुका सम्पत्तिमा धर्मविवाहबाट जन्मेकी छोरीको पनि अधिकार हुने देखिन्छ[५]। कौटल्यका मतमा

---

१. सत्राजित्की छोरी सत्यभामा श्रीकृष्णकी पत्नी हुन्।

२. सत्राजितोऽनपत्यत्वाद् गृह्णीयुर् दुहितुः सुताः।
दायं निनीयाऽपः पिण्डान् विमुच्यर्णं च शेषितम्॥—श्रीमद्भागवत १०।५७।३७।

३. द्र.– **वैदिक धर्म मूल रूपमा**, प्र.सं.२०४५, पृ.१९०-१९२; द्वि.सं.२०६२, पृ.५६७-५७०।

४.• अपुत्रस्य मृतस्य कुमारी रिक्थं गृह्णीयात् तदभावे चोढा।—द्र.– दाय.११।२।४, पृ.१७५ ।

• अहिले विवाह नभैसकेकी भए तापनि पछि विवाह गरेर छोरा पाउने सम्भावना भएकी छोरीलाई लिएर यस्तो भनिएको हो भन्ने दायभागकार जीमूतवाहनको आशय देखिन्छ।

५. द्रव्यमपुत्रस्य सोदर्या भ्रातरः सहजीविनो वा हरेयुः कन्याश् च। रिक्थं पुत्रवतः पुत्रा दुहितरो वा धर्मिष्ठेषु विवाहेषु जाताः।—कौ.अ.३।५ (नेराप्रप्र.सं., पृ.२८०)।

लौकिक व्यवहारका निम्ति धर्मविवाह भन्नाले पिताबाट प्रमाणित भएका अघिल्ला चार प्रकारका विवाह र पितामाता दुवैबाट प्रमाणित भएका खण्डमा चाहिँ पछिल्ला चार प्रकारका विवाह पनि बुझिन्छन्[१]।

धर्मशास्त्रकार **देवलले** पनि पैतृक धनबाट कन्याले विवाहका निम्ति आवश्यक धन पाउने कुरा र छोरा नभएका बाबुको धन त छोराले झैँ नै धर्मविवाहबाट जन्मेकी कन्याले पाउने कुरा बताएका छन्[२]।

मनुस्मृतिअनुसार दाजुभाइले पाएको अंशको एक चौथाइ अंश कन्या दिदीबहिनीलाई दिनुपर्ने, नदिएमा नदिनेहरू पतित (कुलधर्मबाट च्युत) हुने कुरा देखिन्छ[३]। **याज्ञवल्क्यस्मृतिले** पनि आआफ्ना भागको चतुर्थांश (चार भागमा एक भाग) दिएर दिदीबहिनीहरूको विवाह दाजुभाइहरूले गरिदिनुपर्ने कुरा उल्लेख गरेको छ[४]। **कात्यायनले** पनि दाजुभाइको भागको चतुर्थांश अविवाहिता दिदीबहिनीहरूले पाउने र दाजुभाइले तीन भाग पाउने कुरा बताएका छन्[५]।

नारदका मतमा भने जेठा दाजुले अरूले भन्दा केही बढी अंश पाउने तथा अविवाहिता बहिनीहरूले र अरू भाइले बराबर अंश पाउने देखिन्छ[६]। **विष्णुस्मृतिअनुसार** अविवाहिता छोरीहरूले बाबुको अंश दाजुभाइसरह नै पाउने देखिन्छ[७]। थोरै धन भएमा यस्तो व्यवस्था उचित मानिएको बुझिन्छ।

धर्मशास्त्रका विभिन्न वचनहरूमा फरकफरक व्यवस्था दिइएका विषयमा आआफ्ना शाखासूत्र र परम्पराअनुसार प्राकृतिक न्यायलाई पनि विचार गरेर परिस्थितिअनुसार निर्णय गर्नुपर्ने देखिन्छ[८]।

---

१. पितृप्रमाणाश् चत्वारः पूर्वे धर्म्याः। मातृपितृप्रमाणाः शेषाः।—कौटलीय अर्थशास्त्र ३।२।

२. कन्याभ्यश् च पितृद्रव्यं देयं वैवाहिकं वसु।
अपुत्रस्य च कन्या स्वं धर्मजा पुत्रवद् धरेत्॥—द्र.– विवादर.; ५५औँ तरङ्ग, पृ.४९५; इ.।

३. स्वेभ्योऽशेभ्यस्तु कन्याभ्यः प्रदद्युर् भ्रातरः पृथक्।
स्वात्स्वादंशाच् चतुर्भागं पतिताः स्युरदित्सवः॥—मनुस्मृति ९।११८।

४. असंस्कृतास् तु संस्कार्या भ्रातृभिः पूर्वसंस्कृतैः।
भगिन्यश् च निजादंशाद् दत्त्वाऽशं तु तुरीयकम्॥—याज्ञवल्क्यस्मृति २।१२४।

५. कन्यकानां त्वदत्तानां चतुर्थो भाग इष्यते।
पुत्राणां च त्रयो भागाः स्वाम्यं (साम्यं) स्वल्पधने स्मृतम्॥—द्र.– दाय.३।२।३५, पृ.६९; इ.।

६. ज्येष्ठायाऽशोऽधिको देयो ज्येष्ठाय तु वरः स्मृतः।
समाऽशभाजः शेषाः स्युरप्रत्ता भगिनी तथा॥—नारद.१३।१३ (स्मृतिसन्दर्भ–१, पृ.३०९)।

७. मातरः पुत्रभागानुसारेण भागाऽपहारिण्यः, अनूढाश् च दुहितरः।—विष्णु.१८।३४–३५।

८. स्मृत्योर् विरोधे न्यायस् तु बलवान् व्यवहारतः।—याज्ञवल्क्यस्मृति २।२१।

निष्कर्षात्मक सारांश

वैदिक परम्पराका धर्मशास्त्रसम्बन्धी उपर्युक्त वचनहरूको अध्ययन गर्दा तल लेखिएअनुसारको निष्कर्ष देखा पर्दछ—

- दाजुभाइ भएका विवाहिता दिदीबहिनीहरूले पैतृक धन उत्तराधिकारका रूपमा पाउँदैनन्। उनीहरूले केवल विवाहका समयमा वा विवाहभन्दा अघिपछि स्वेच्छाले स्नेहपूर्वक बाबुआमा र दाजुभाइले दिएको धन मात्र स्त्रीधनका रूपमा पाउँछन्।
- दाजुभाइ नभएका विवाहिता वा अविवाहिता स्त्रीहरूले बाबुको सम्पत्तिको उत्तराधिकार पाउँछन्। किन्तु यस अवस्थामा विवाहिता छोरीको पितृकुलप्रति पूर्ण उत्तरदायित्व हुन्छ र उसबाट जन्मेको छोराले (दौहित्रले) मातामह-मातामहीको काजकिरिया तथा श्राद्धादिसमेत गर्नुपर्दछ र सबै रिनधन बेहोर्नुपर्छ। यस्तो कर्तव्य र उत्तराधिकार औचित्य र सम्भावना हेरेर एउटी छोरीको मात्र हुन्छ।
- दाजुभाइ भएका अविवाहिता कन्याहरूले पिताको निधन भै अंशबण्डा हुँदा विवाहका निम्ति वा जीविकाका निम्ति थोरै सम्पत्ति भए दाजुभाइहरूसरह नै र धेरै सम्पत्ति भए दाजुभाइहरूको भागको चौथाइ भाग अंश पाउँछन्। यो कुरा प्राकृतिक न्यायका तथा युक्ति-उपपत्तिका विचारबाट र **'साम्यं स्वल्पधने स्मृतम्'** भन्ने माथि उल्लिखित कात्यायनका वचनबाट पनि स्पष्ट बुझिन्छ।

उपर्युक्त तीनथरी धर्मशास्त्रीय व्यवस्थाहरूमध्ये पहिलो व्यवस्थामा र नेपालमा प्रचलित मुलुकी ऐनले गरेको व्यवस्थामा पूर्णतः समानता छ भने उक्त तेस्रो व्यवस्थामा र मुलुकी ऐनको व्यवस्थामा केही अन्तर देखिन्छ। धर्मशास्त्रमा अविवाहिता कन्याले विवाहखर्चस्वरूप तथा बूढीकन्याले जीविकास्वरूप पैतृक अंश पाउने कुरा उल्लिखित छ भने मुलुकी ऐनको अंशबण्डाको महलको १ नं.मा अंशबण्डा हुँदा अविवाहिता कन्याले पनि दाजुभाइसरह नै बाबुको अंश पाउने व्यवस्था गरिएको छ। यदि अंश पाइसकेपछि उसको विवाह भयो भने उसले खाईलाई बाँकी रहेको सम्पत्ति माइतीपट्टिका अंसियारहरूले नै पाउने व्यवस्थासमेत मुलुकी ऐनले गरेको थियो[1]। २०३३ सालमा छैटौं संशोधन हुनुभन्दा

१. द्र.– **अंशबण्डाको महलको १६ नं.**। हालसालै प्रतिनिधिसभाले बनाएको 'लैङ्गिक समानता कायम गर्न केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६३'ले चाहिं अंशबण्डाको महलको १६ नं.लाई खारेज गरेको हुनाले विवाह नहुँदै बाबुबाट दाजुभाइसरह अंशधन पाएकी कन्याको विवाह भएका खण्डमा उसको बाँकी सम्पत्ति माइतीपट्टिका अंसियारले नपाउने, कन्याले नै लैजान पाउने अवस्था आएको छ। तर यस ऐनले पनि अंशबण्डा हुँदा विवाह भैसकेका छोरीहरूलाई चाहिं बाबुपट्टिको अंश दिनुपर्ने व्यवस्था नगरेको हुनाले विवाह भैसकेका र विवाह हुन बाँकी रहेका छोरीहरूमध्ये विवाह भैसकेका

अघिसम्म मुलुकी ऐनले पैंतीस वर्ष पुगेकी कन्याले पाउने अंश दाजुभाइको भन्दा आधा मात्र हुने व्यवस्था गरेको थियो भने २०३३ सालको छैटौँ संशोधनले त्यस्तो अंश दाजुभाइको सरह बनाएको थियो। २०५९ सालको एघारौँ संशोधनले चाहिँ अंश पाउन कन्याको उमेर ३५ वर्ष पुग्नुपर्ने प्रावधानलाई समेत हटाएको छ।

बूढीकन्या बसेका दिदीबहिनीहरूले आफ्नो मात्र भरणपोषण गरे पुग्ने र उनीहरूले कुलविस्तार तथा पितृकार्य गर्नु नपर्ने, तर दाजुभाइले भने स्वास्नीछोराछोरीहरूको पनि भरणपोषण गर्नुपर्ने र उनीहरूले कुलविस्तार तथा पितृकार्य पनि गर्नुपर्ने हुँदा दाजुभाइका तुलनामा कन्यालाई कम अंश दिने मुलुकी ऐनले पहिला गरेको व्यवस्था नै धर्मशास्त्रको र प्राकृतिक न्यायको पनि अनुकूल थियो। तथापि त्यस व्यवस्थामा परिवर्तन गरी संशोधित मुलुकी ऐनले स्त्रीलाई बढी अधिकार दिएको देखिन्छ। धर्मशास्त्रले त विवाह गरेर कुलको विस्तार नगर्ने छोरालाई पनि भरणपोषणका निम्ति आवश्यक धनभाग मात्र दिने व्यवस्था गरेको देखिन्छ[1]। यसप्रकार विवाहित छोराको दायित्व पनि बढी हुने र उसले अंश पनि बढी पाउने तथा अविवाहित छोरा वा छोरीको दायित्व पनि कम हुने र उनीहरूले अंश पनि कम पाउने धर्मशास्त्रीय व्यवस्था नै प्राकृतिक न्यायको पनि अनुकूल हुनाले तार्किक दृष्टिले समेत समर्थन गर्न सकिने खालको देखिन्छ।

छोरीको उत्तराधिकारसम्बन्धी उपर्युक्त धर्मशास्त्रीय दोस्रो व्यवस्थामा र नेपालमा प्रचलित मुलुकी ऐनको व्यवस्थामा केही अन्तर पाइन्छ। छोरा नभएका व्यक्तिको सम्पत्ति विवाहिता छोरीले पाउने स्पष्ट शास्त्रीय व्यवस्था भएकामा मुलुकी ऐनले त्यस्ता व्यक्तिका सम्पत्तिमा विवाहिता छोरीका अधिकारलाई अलि

छोरीहरूप्रति भेदभाव नै गरेको देखिन्छ। दुवैथरी छोरीहरूका बीच समानता ल्याउने हो भने कि त विवाहिता छोरीलाई पनि बाबुको अंश दिने व्यवस्था गर्नुपर्छ, कि त विवाह हुनुभन्दा अगाडि छोरीलाई अंश दिएर मात्र विवाह गरिदिनुपर्ने व्यवस्था गर्नुपर्छ। अन्यथा अंशबण्डा नहुँदै विवाह हुने छोरीलाई अंशबण्डा भएपछि विवाह हुने छोरीका तुलनामा अन्याय परेको नै मान्नुपर्ने हुन्छ। हालै जारी गरिएको 'नेपालको अन्तरिम संविधान, २०६३'को भाग ३को 'मौलिक हक'अन्तर्गत २०औँ धाराको 'महिलाको हक' भन्ने शीर्षकको चौथो उपधारामा रहेको "पैतृक सम्पत्तिमा छोरा र छोरीलाई समान हक हुनेछ" भन्ने वाक्यबाट पनि विवाहिता छोरीले बाबुबाट अंश पाउने हो कि हैन स्पष्ट खुल्दैन। यदि उक्त प्रकारले बाबुपट्टिको समेत अंश दुवैथरी छोरीहरूले पाउने व्यवस्था गर्ने हो भने पनि पतिपट्टिको र बाबुपट्टिको गरेर दुई अंश उनीहरूलाई प्राप्त हुने, छोरालाई चाहिँ बाबुपट्टिको एक अंश मात्र प्राप्त हुने हुँदा उक्त प्रकारको व्यवस्था पनि प्राकृतिक न्यायको विरुद्ध नै हुन जाने देखिन्छ।

१. यज्ञमा वा गृहस्थधर्ममा अधिकार नभएको व्यक्तिले अंश पाउन नसक्ने केवल भरणपोषण (भरणपोषणका निम्ति आवश्यक धनभाग) मात्र पाउन सक्ने हुनाले (यसै ग्रन्थको ८१–८२ पृष्ठ हेर्नुहोस्) तथा विवाहित सपत्नीक व्यक्तिले चाहिँ यज्ञयागादि र विशेष धर्मकर्म पनि गर्न सक्ने हुनाले (१७६ पृष्ठ [टि.२] हेर्नुहोस्) उक्त कुराको पुष्टि हुन्छ।

पछाडि पारेको देखिन्छ[1]। मुलुकी ऐनको छैटौं संशोधन (२०३३ साल) हुनुभन्दा अघिसम्म त बाबुको अपुताली सँगै बसेका अरू हकवालाले पाउने, तर छोरीले नपाउने नै व्यवस्था थियो। छोरी मात्रै भए धर्मशास्त्रअनुसार पुत्रिकाका रूपमा विवाह भएकी एउटी छोरीले पूरा उत्तराधिकार पाउने, अविवाहिता कन्याले जीवनवृत्ति वा विवाहखर्च मात्र पाउने र अरू विवाहिता छोरीले अंश नपाउने कुरा स्पष्ट देखिन्छ भने मुलुकी ऐनअनुसार अविवाहिता बूढीकन्या भएसम्म विवाहिता छोरीले अंशै नपाउने व्यवस्था देखिन्छ। कुलविस्तार गर्ने विवाहिता छोरीले अंशै नपाउने तर वंशविस्तारमा कुनै योगदान दिन नसक्ने बूढीकन्याले भने बाबुको पूरै अंश पाउन सक्ने मुलुकी ऐनले गरेको व्यवस्था धर्मशास्त्रका सिद्धान्तको प्रतिकूल देखिन्छ।

पुत्रिका (छोरीका छोरा[दौहित्र]लाई नै छोरा मान्ने गरी विवाह गरेर दिइने छोरी) बनाउने शास्त्रीय व्यवस्थाझैँ छोरा नहुने छोरी मात्रै हुने व्यक्तिले विवाह नहुँदै छोरीलाई दोलाजी (डोलाजी) राखेका खण्डमा छोरीले समेत बाबुको सम्पत्ति पाउने व्यवस्था पनि मुलुकी ऐनमा पहिला गरिएको थियो। तर मुलुकी ऐनको एघारौँ संशोधनले (२०५९ सालमा) यस्तो व्यवस्थासमेत हटाएकाले बाबुका सम्पत्तिमा विवाहिता छोरीको अधिकारलाई वर्तमान मुलुकी ऐनले पछाडि पारेको नै देखिन्छ।

---

१. • "......अपुताली पर्दा मर्नेको लोग्ने, स्वास्नी, छोरा, अविवाहिता छोरी, छोराको छोरा वा निजको अविवाहिता छोरी भएसम्म अरुले अपुताली पाउँदैन। मर्नेको छोरा नभई बिधवा बुहारी भएमा निजले छोरा सरह अपुताली पाउँछे। त्यस्ता कोही नभएमा विवाहिता छोरी, विवाहिता छोरी पनि नभए निजका छोरा वा अविवाहिता छोरी ...ले पाउँछन्।"

—मुलुकी ऐन (२०५९), भाग ३, महल १६, अपुतालीको २ नं.।

• २०५९ सालमा संशोधित मुलुकी ऐनको अंशबण्डाको महलको १२ नं.ले निःसन्तान विधवालाई आफ्नो मृत लोग्नेको अंशसमेत लिएर पुनर्विवाह गर्ने (पोइल जाने) कानुनी अधिकार दिएकाले उसलाई ससुराको अपुतालीसमेत लिएर पोइल जान पाउने छुट प्राप्त भएको देखिन्छ। यसबाट विवाहिता छोरीले चाहिँ बाबुको सम्पत्ति उपभोग गर्न नपाउने तर परस्त्रीले र उसका (परपुरुषद्वारा उत्पन्न) सन्ततिले (पराईले) भने त्यस्तो सम्पत्ति उपभोग गर्न पाउनेजस्तो अत्यन्त अनुचित र अन्यायपूर्ण स्थितिसमेत आउन सक्ने देखिन्छ। मातामह-मातामहीको (आमाका बाबु-आमाको) काजकिरिया गर्नुपर्ने तथा तिनलाई पिण्डपानी दिनुपर्ने धर्मशास्त्रीय दायित्व भएका दौहित्रले (छोरीका छोराले) नै मातामहको सम्पत्ति पाउनुपर्ने अवस्थामा त्यसो गर्नुको सट्टा उल्टो परपुरुषसित पोइल गएकी हुनाले पहिलेका ससुरासित पनि धर्मशास्त्रीय तथा कानुनी कुनै सम्बन्ध नभएकी परस्त्रीले (पराईले) उसको सम्पत्ति उपभोग गर्न पाउने कानुनी व्यवस्था बाँधेर मुलुकी ऐनले (२०५९ सालको एघारौँ संशोधनले) साह्रै अनुचित कार्य गरेको देखिन्छ। यसबाट रक्तसम्बन्धका आधारमा नैसर्गिक रूपले नै आफ्ना बाबुको सम्पत्ति उपभोग गर्न पाउने विवाहिता छोरीको अधिकार हननसमेत हुने देखिन्छ।

यसप्रकार वर्तमान मुलुकी ऐनअनुसार अहिलेसम्म छोरीले पैतृक सम्पत्ति पाउने जुन व्यवस्थाहरू छन्, ती सबै हिन्दु विधिसंहिताहरूका वा वैदिक धर्मशास्त्रका पूर्णतः प्रतिकूल नभए पनि आंशिक रूपमा प्रतिकूल नै देखिन्छन्।

पतिका धनमा पत्नीको अधिकार

वैदिक धर्मशास्त्रानुसार धर्मविवाहद्वारा पतिपत्नी भएका व्यक्तिको सम्बन्ध अविच्छेद्य हुने[1] र पत्नीद्वारा नै पति पूर्ण मानव हुने, अन्यथा ऊ अपूर्ण वा अर्धो[2] हुने हुनाले समेत पति र पत्नीलाई धर्म, अर्थ र काम यी तीन पुरुषार्थका दृष्टिले अत्यन्तै पृथक्-पृथक् व्यक्ति मात्र पनि उपयुक्त हुने देखिँदैन। पतिको आधा अङ्ग नै पत्नी भएकाले उसलाई अर्धाङ्गिनी पनि भनिन्छ। त्यसैले पतिको धन पत्नीको समेत धन मानिन्छ। यस सन्दर्भमा युधिष्ठिरले दान गर्दा उनकी पत्नी द्रौपदीले पनि सहमति दिएको भन्ने महाभारतमा उल्लिखित कुरा स्मरणीय देखिन्छ[3]।

कृष्णयजुर्वेदका **तैत्तिरीयसंहिता, मैत्रायणीयसंहिता, काठकसंहिता** इत्यादि मन्त्रसंहिताहरूमा पत्नीलाई गृहसामग्रीकी स्वामिनी मानिएको छ[4] र यसको पुष्टि धर्ममीमांसासूत्रकार जैमिनिले समेत गरेका छन्[5]। धन भएका अधिकारसम्पन्न व्यक्तिले सपत्नीक भएर (पत्नी साथमा लिएर) वैदिक यज्ञ गर्नुपर्ने र त्यसको फल दुवैलाई प्राप्त हुने हुँदा पतिका धनमा पत्नीको अधिकार हुने कुरा स्वतः स्पष्ट हुन्छ। धर्मविवाहद्वारा संस्कृत (संस्कार गरिएकी) यज्ञमा पतिसित सहभागिनी हुन योग्य स्त्रीलाई मात्र मुख्य अर्थमा 'पत्नी' मानिने कुरा पाणिनिको व्याकरणग्रन्थ अष्टाध्यायीबाट अवगत हुन्छ[6]। अतः अन्य प्रकारका स्वास्नीलाई पत्नी भनिएको त ऊ पनि पत्नीजस्ती भएकाले मात्र हो भन्ने बुझिन्छ।

पतिका धनमा पत्नीको पनि अधिकार हुने कुरा बृहदारण्यकोपनिषद्बाट (शतपथब्राह्मणबाट)[7] देखिन्छ। याज्ञवल्क्यले आफू गृहस्थाश्रमबाट सन्यासाश्रममा

---

१. **अमोक्षो धर्मविवाहानाम्।**—कौटलीय अर्थशास्त्र ३।३ (नेराप्रप्र. सं., पृ.२७२)।

२.• **अर्धो ह वा एष आत्मनो यज् जाया तस्माद् यावज् जायां न विन्दते नैव तावत् प्रजायतेऽसर्वो हि तावद् भवति।**—मा.वा.शतपथब्राह्मण ५।२।१।१०।

• यसै ग्रन्थको ९३औँ पृष्ठ र त्यसको दोस्रो टिप्पणी तथा १७६औँ पृष्ठ (टि.१) पनि हेर्नुहोस्।

३. द्र.– आश्वमेधिकपर्व ८९।१२–१५ (चित्रशाला-संस्करण)।

४. **पत्नी हि (वै) पारीणह्यस्येशे।**—तैत्तिरीय-संहिता ६।२।१।१, मैत्रायणीय-संहिता ३।७।९, काठक-संहिता २४।८।(१८), कपिष्ठलकठ-संहिता ३८।१।(१)।

५. **स्ववत्तामपि दर्शयति।**—जैमिनीय ध.मी.सू.६।१।१६ (द्र.– जै.ध.मी.सू.६।१।१०–१५)।

६. **पत्युर् नो यज्ञसंयोगे।**—अष्टाध्यायी (पाणिनीय व्याकरण) ४।१।३३।

७. काण्वशाखाको शतपथब्राह्मणको सत्रौँ काण्डअन्तर्गत (माध्यन्दिनीयशाखाको शतपथब्राह्मणको चौधौँ काण्डअन्तर्गत) बृहदारण्यकोपनिषद् पर्दछ।

जाने बेलामा[1] आफ्नो सबै सम्पत्ति आफ्ना दुई पत्नी मैत्रेयी र कात्यायनीलाई बाँड्ने मनसाय व्यक्त गरेको कुरा त्यहाँ आएको छ[2]। यसबाट पतिका धनमा पत्नीको समेत स्वामित्व रहने कुरा वेदमा पनि मानिएको तथ्य स्पष्ट हुन्छ।

याज्ञवल्क्यस्मृतिले छोरा नभएका व्यक्तिका धनमा सबैभन्दा पहिल्यै पत्नीको अधिकार हुने कुरा बताएको छ[3]। याज्ञवल्क्यस्मृतिको व्याख्या मिताक्षरामा उद्धृत **वृद्धमनु**को वचनअनुसार पतिको मृत्युपछि उसकै सत्मा (सत्यमा) बस्ने निःसन्तान स्त्रीले पतिको सबै अंश पाउने र पतिलाई उसले पिण्डपानी दिनुपर्ने समेत देखिन्छ[4]।

विष्णुस्मृतिमा धनको उत्तराधिकारको क्रम स्पष्टसँग बताइको छ। तदनुसार पुत्रहीन व्यक्तिको धन पत्नी भए उसले पाउने, पत्नी नभए छोरीले पाउने, छोरी नभए बाबुले पाउने, बाबु नभए आमाले पाउने, आमा नभए दाजुभाइले पाउने, दाजुभाइ नभए दाजुभाइका छोराले पाउने, दाजुभाइका छोरा नभए नजिकका बन्धुले पाउने, नजिकका बन्धु नभए एउटै कुलका टाढाका बन्धुले पाउने, ती नभए सँगै वेद पढेका सहपाठीहरूले पाउने, ती पनि नभए ब्राह्मणको धनबाहेक अरूको धन राजाले (सरकारले) पाउने देखिन्छ। ब्राह्मणको धनचाहिँ वेदाध्यायी ब्राह्मणहरूले पाउँछन्, राजाले पाउँदैनन्[5]।

कात्यायनले पनि पुत्रहीन पतिको धन पाउने अधिकार सर्वप्रथम अव्यभिचारिणी (चारित्रिक रूपले भ्रष्ट नभएकी, पतिका सत्मा [सत्यमा]

---

१. गृहस्थाश्रमबाट वानप्रस्थाश्रममा नगईकन सोझै सन्यासाश्रममा पनि जान सकिने कुरा शास्त्रमा देखिन्छ (द्र.– यसै ग्रन्थको ५९औं पृष्ठको पहिलो टिप्पणी)।

२. • मैत्रेयीति होवाच याज्ञवल्क्य उद्यास्यन् वा अरेऽहमस्मात् स्थानादस्मि हन्त तेऽनया कात्यायन्याऽन्तं करवाणीति।–मा.वा.श.ब्रा.१४।५।४।१ (का.वा.बृ.उ.२।४।१)।

• अथ ह याज्ञवल्क्यस्य द्वे भार्ये बभूवतुर् मैत्रेयी च कात्यायनी च तयोर् ह मैत्रेयी ब्रह्मवादिनी बभूव स्त्रीप्रज्ञेव तर्हि कात्यायन्यथ ह याज्ञवल्क्योऽन्यद् वृत्तमुपाकरिष्यन्। मैत्रेयीति होवाच याज्ञवल्क्यः प्रव्रजिष्यन् वा अरेऽहमस्मात् स्थानादस्मि हन्त तेऽनया कात्यायन्याऽन्तं करवाणीति।–मा.वा.श.ब्रा.१४।७।३।१-२ (द्र.– का.वा.बृ.उ.४।५।१-२)।

३. पत्नी दुहितरश् चैव पितरौ भ्रातरस् तथा। तत्सुता गोत्रजा बन्धुशिष्यसब्रह्मचारिणः॥
एषामभावे पूर्वस्य धनभागुत्तरोत्तरः। स्वर् यातस्य ह्यपुत्रस्य सर्ववर्णेष्वयं विधिः॥
—याज्ञवल्क्यस्मृति २।१३५–१३६।

४. अपुत्रा शयनं भर्तुः पालयन्ती व्रते स्थिता।
पत्न्येव दद्यात् तत्पिण्डं कृत्स्नमंशं लभेत च॥–द्र.– मिता.२।१३५–१३६ (पृ.२९०); इ.।

५. अपुत्रधनं पत्न्यभिगामि, तदभावे दुहितृगामि, तदभावे पितृगामि, तदभावे मातृगामि, तदभावे भ्रातृगामि, तदभावे भ्रातृपुत्रगामि, तदभावे बन्धुगामि, तदभावे सकुल्यगामि, तदभावे सहाध्यायिगामि, तदभावे ब्राह्मणधनवर्जं राजगामि, ब्राह्मणाऽर्थो ब्राह्मणानाम्।
—विष्णुस्मृति (विष्णुधर्मसूत्र) १७।४–१४।

रहेकी) पत्नीलाई नै भएको र पत्नी नभए मात्र अविवाहिता छोरी, बाबु, आमा इत्यादिलाई त्यो धन पाउने अधिकार भएको कुरा बताएका छन्[१]।

मनुस्मृति र अन्य कतिपय धर्मशास्त्रीय ग्रन्थअनुसारचाहिँ पतिका धनमा पत्नीको अधिकार नभएको वा सीमित अधिकार मात्र भएकोजस्तो देखिन्छ। किन्तु कुल्लूक भट्टले मनुस्मृतिको 'निःसन्तान व्यक्तिको धन पिता र दाजुभाइले लिऊन्' भन्ने भनाइको[२] व्याख्या गर्दा "मुख्य पुत्र, पत्नी र पुत्री पनि नभएका व्यक्तिको धन पिताले लिनू"[३] भनेकाले र अर्को ठाउँमा 'तेह्र (बाह्र?) प्रकारका छोराहरू नभएमा पत्नी नै पतिको सम्पूर्ण धनकी भागिनी (हकदार) हुन्छे'[४] भनेकाले समेत मनुस्मृतिले नै पनि पुत्रहीन पतिका धनमा पत्नीको नै पहिलो अधिकार हुन्छ भन्ने स्वीकार गरेको मानिएकोजस्तो देखिन्छ।

मनुद्वारा नै अर्का ठाउँमा उल्लिखित 'निःसन्तान छोराको धन आमाले पाउँछे, आमा पनि मरिसकेकी भए बाबुकी आमाले (पितामहीले) त्यो धन पाउँछे'[५] भन्ने कुराको पनि उपर्युक्त तरिकाबाटै व्याख्या गर्न सकिन्छ, अर्थात् पत्नी नभएमा मात्र निःसन्तान व्यक्तिको धन आमाले पाउँछे भन्न सकिन्छ।

नारदीयमनुस्मृतिमा 'दाजुभाइहरूमध्ये कोही निःसन्तान भै मरेमा वा सन्यासाश्रममा गएमा उसका दाजुभाइले उसकी पत्नीको स्त्रीधनबाहेक उसको अरू सबै धन बाँडून् र उसकी (व्यभिचारिणी पत्नीलाई छोडेर) पतिव्रता पत्नीको मात्र आजीवन भरणपोषण गरून्' भनिएको छ[६]। यसप्रकार नारदका मतमा सन्तति नभएकी पत्नी जीवित भएमा पनि पतिको धन दाजुभाइले पाउने र पत्नीले केवल देवर-जेठाजुबाट मानाचामल भराउन मात्र पाउने देखिन्छ।

त्यसै गरी अरू कतिपय स्मृतिहरूमा पनि पत्नीको अधिकार सीमित हुने कुरा बताइएको छ। पिता-पितामहादिको श्राद्ध पुत्र-पौत्रादिले गर्नुपर्ने, उनीहरू

---

१. पत्नी पत्युर् धनहरी या स्यादव्यभिचारिणी। तदभावे तु दुहिता यद्यनूढा भवेत् तदा॥
अपुत्रस्याथ कुलजा पत्नी दुहितरोऽपि वा। तदभावे पिता माता भ्राता पुत्राश्च कीर्तिताः॥
—द्र.– मिताक्षरा २।१३५–१३६ (पृ.२९०); इ.।

२. पिता हरेदपुत्रस्य रिक्थं भ्रातर एव च॥—मनुस्मृति ९।१८५।

३. अविद्यमानपुत्रस्य पत्नीदुहितृरहितस्य च पिता धनं गृह्णीयात्।—मन्वर्थ. (मनु.९।१८५)।

४. त्रयोदश(द्वादश?)विधपुत्राऽभावे पत्नी सर्वभर्तृधनभागिनी।—मन्वर्थ. (मनु.९।१८७)।

५. अनपत्यस्य पुत्रस्य माता दायमवाप्नुयात्।
मातर्यपि च वृत्तायां पितुर् माता हरेद् धनम्॥—मनुस्मृति ९।२१७।

६. भ्रातॄणामप्रजः प्रेयात् कश्चिच् चेत् प्रव्रजेत् तथा।
विभजेयुर् धनं तस्य शेषास् ते स्त्रीधनं विना॥
भरणं चाऽश्य(स्य?) कुर्वीरँस्(रन्?) स्त्रीणामा जीवितक्षयात्।
रक्षन्ति शय्यां भर्तुश्चेदाच्छिन्द्युरितरासु तु॥—नारद.१३।२४–२५ (स्मृतिसन्.–१, पृ.३१०)।

भएसम्म पतिकै श्राद्ध पनि पत्नीले गर्न नपर्ने-नपाउने भएकाले **वीरमित्रोदयमा** पनातिसम्म (प्रपौत्रसम्म) पनि नभएमा मात्र मृत पतिका सम्पूर्ण धनमा पत्नीको अधिकार हुने कुरा बताइएको बुझिन्छ। त्यो पनि स्त्रीधनझैँ स्वतन्त्रतापूर्वक भोग नगरी पतिका निम्ति दानपुण्यादि कार्यसमेत गरेर शरीररक्षाका (जीवन धान्नका) निम्ति मात्र खर्च गर्नुपर्छ भनी त्यहाँ उल्लेख गरिएको छ[1]।

निःसन्तान स्त्रीले आफ्नो मात्र भरणपोषण गरे पुग्ने तर उसका देवरजेठाजुहरूले आफ्ना सन्ततिहरूको समेत शिक्षादीक्षा र भरणपोषण गरी कुलपरम्परा धान्न पर्ने हुनाले सगोलको सम्पत्तिको अंशबण्डा हुँदा निःसन्तान स्त्रीलाई जीविकाका निम्ति मात्र धनभाग दिने वा उसको भरणपोषण मात्र गर्ने उक्त प्रकारको शास्त्रीय व्यवस्था पनि अन्यायपूर्ण वा अनुचित भने देखिँदैन।

यसप्रकार कतिपय धर्मशास्त्रीय ग्रन्थमा विभिन्न परिस्थितिमा विभिन्न अभिप्रायले पतिका धनमा पत्नीको अधिकार सीमित गरिएको वा गौण (अमुख्य) रूपमा बताइएकोजस्तो देखिए तापनि उपर्युक्त वचनहरूको तथा अन्य धेरै धर्मशास्त्रीय वचनहरूको पनि उल्लेख गरेर ऊहापोहसमेत गरी अन्त्यमा **मिताक्षराले** बाबुआमा-दाजुभाइहरूसित सगोलमा नबसेका छुट्टिएका निःसन्तान मृत पतिको सबै नै धन पतिव्रता धर्मपत्नीले पाउने निष्कर्ष निकालेको छ[2]।

यस विषयमा **बृहस्पतिले** आफ्नो मत स्पष्टसँग राख्दै यस्तो भनेका छन्– 'वेदमा, स्मृतिहरूमा र लोकाचारमा पनि विद्वान्‌हरूले पत्नीलाई पतिको शरीरको आधा भाग मानेका छन्, पुण्य तथा अपुण्यको फल बराबर पाउने पनि मानेका छन्[3]; जसकी पत्नी मरेकी छैन, उसको आधा देह (शरीर) बाँचिरहेको हुन्छ, आधा देह बाँचिरहेका अवस्थामा उसको धन कसरी अर्काले पाउला?[4] आफ्ना कुलका

---

१. याज्ञवल्क्यस्मृतिको मिताक्षरा टीकाका सम्पादक नारायण राम आचार्यले यस विषयमा वीरमित्रोदयको प्रतिपादनको सारलाई सङ्ग्रह गरी याज्ञवल्क्यस्मृतिको टीकाका टिप्पणीमा (निर्णयसागर प्रेस, पृ.२४६) यसप्रकार उल्लेख गरेका छन्–

वीरमित्रोदये तु– अत्राऽयं मृतपुंधनाऽधिकारक्रमः। तत्र प्रथमं पुत्रः, तदभावे पौत्रः, तदभावे प्रपौत्रः। मृतपितृकपौत्र-मृतपितृपितामहकप्रपौत्रयोस्तु पुत्रेण सह युगपदधिकारः। प्रपौत्रपर्यन्ताभावे पत्नी। सा च प्राप्तभर्तृदाया भर्तृकुलं तदभावे पितृकुलं वा समाश्रिता सती शरीररक्षार्थं भर्तृदायं भुञ्जीत। तथा भर्तुरुपकारार्थं यथाकथञ्चिद् दानादिकमपि कुर्वीत। न तु स्त्रीधनवत् स्वच्छन्दं विनियुञ्जीत।

२. **तस्मादपुत्रस्य स्वर् यातस्य विभक्तस्याऽसंसृष्टिनो धनं परिणीता स्त्री संयता सकलमेव गृह्णातीति स्थितम्।**–मिताक्षरा (याज्ञवल्क्यस्मृतिको व्याख्या) २।१३५–१३६ (पृ.२९४)।

३. **आम्नाये स्मृतितन्त्रे च लोकाचारे च सूरिभिः।**
शरीरार्धं स्मृता जाया पुण्याऽपुण्यफले समा॥–द्र.– दायभाग ११।१।२, पृ.१४९; इत्यादि।

४. **यस्य नोपरता भार्या देहार्धं तस्य जीवति।**
जीवत्यर्धशरीरेऽर्थं कथमन्यः समाप्नुयात्॥–द्र.– दायभाग ११।१।२, पृ.१४९; इत्यादि।

पिता, दाजुभाइ इत्यादि सपिण्ड व्यक्तिहरू भए पनि (छुट्टिएकाले स्वतन्त्र धन भएका) निःसन्तान मृत व्यक्तिको धन उसकी पत्नीले नै पाउँछे[1]; पतिव्रता नारीले पतिभन्दा पहिल्यै आफू मरेमा अग्निहोत्रको अग्नि (-द्वारा संस्कार गरिने सौभाग्य) पाउँछे, पति पहिल्यै मरेमा पतिको धन पाउँछे, यही सनातन धर्म हो[2]; चल तथा अचल सम्पत्ति, सुन, अन्य धातु, अन्न, वस्त्र, रथ इत्यादि सम्पत्ति लिएर पत्नीले आफ्ना वेदशाखासूत्रमा बताइएअनुसार पतिको मासिक (प्रत्येक महिनाको), षाण्मासिक (छैटौँ महिनाको), वार्षिक (वर्षदिन पुगेपछिको) इत्यादि श्राद्ध गराउनुपर्दछ[3]; पतिको सम्पत्ति पाउने पत्नीले पितृकार्यद्वारा (श्राद्ध, तर्पण इत्यादि कार्यद्वारा) तथा (सम्पत्तिले पुगेमा) पूर्तकर्मद्वारा (कुवा-धारो, पाटी-पौवा, बाटो-घाटो, बगैँचा, पुस्तकालय, विद्यालय, अस्वस्थालय [अस्पताल] इत्यादि बनाउनेजस्ता लोककल्याणकारी कार्यद्वारा) पतिका पितृव्य (सानाबा-ठूलाबा), गुरुजन, दौहित्र (छोरीका छोरा) भानिज, मामा र वृद्ध, अनाथ, अतिथि तथा स्त्रीहरूको सम्मान र यथोचित संरक्षण पनि गर्नुपर्दछ[4]; उक्त प्रकारका पुरुषकी जीवित पत्नीका विरोधी हुन गएका सपिण्ड वा बान्धवहरूले उसको सम्पत्ति हडपेका खण्डमा राजाले तिनलाई चोरलाई झैँ दण्डित गरेर सन्मार्गमा लगाउन पर्दछ'[5]। यस्तै आशय मनुस्मृतिको पनि रहेको छ[6]।

यसप्रकार मृत व्यक्तिका सहोदर दाजुभाइ, सानाबा-ठूलाबा इत्यादि भए पनि निःसन्तान मृत पतिका सम्पत्तिमा सर्वप्रथम पत्नीकै अधिकार हुने कुरा बृहस्पतिका मतमा देखिन्छ।

संक्षेपमा भन्दा धर्मविवाहद्वारा संस्कार गरिएकी पत्नी पतिव्रता भएर शास्त्रोक्त विधिअनुसार जीवनयापन गर्ने भएमा दिवङ्गत निःसन्तान पतिका धनमा उसको पूर्ण अधिकार हुन्छ भन्ने तात्पर्य वैदिक विधिसंहिताहरूको रहेको

---

१. सकुल्यैर् विद्यमानैस् तु पितृभ्रातृसनाभिभिः।
(कुल्येषु विद्यमानेषु पितृभ्रातृसनाभिषु।–द्र.– सरस्वतीविलास, व्य.का., पृ.४०६।)
असुतस्य प्रमीतस्य पत्नी तद्भागहारिणी॥–द्र.– दायभाग ११।१।२, पृ.१४९–१५०; इ.।

२. पूर्वं प्रणी(मी)ताऽग्निहोत्रं मृते भर्तरि तद्धनम्।
विन्देत् पतिव्रता साध्वी (नारी) धर्म एष सनातनः॥–द्र.– दायभाग ११।१।२, पृ.१५०; इ.।

३. जङ्गमं स्थावरं हेम कुप्यं धान्यं रसा(था)म्बरम्।
आदाय दापयेच् छ्राद्धं मासषाण्मासिकादिकम्॥–द्र.– दायभाग ११।१।२, पृ.१५०; इ.।

४. पितृव्यगुरुदौहित्रान् भर्तुः स्वस्रीयमातुलान्।
पूजयेत् कव्यपूर्ताभ्यां वृद्धाऽनाथाऽतिथीन् स्त्रियः॥–द्र.– दायभाग ११।१।२, पृ.१५०; इ.।

५. तत्सपिण्डा बान्धवा वा ये तस्याः परिपन्थिनः।
हिंस्युर् धनानि तान् राजा चोरदण्डेन शासयेत्॥–द्र.– दायभाग ११।१।२, पृ.१५०; इ.।

६. जीवन्तीनां तु तासां ये तद् धरेयुः स्वबान्धवाः।
ताञ् छिष्याच् चौरदण्डेन धार्मिकः पृथिवीपतिः॥–मनुस्मृति ८।२९।

छ भन्न सकिन्छ। पति पत्नीद्वारा नै पूर्ण हुने[1], त्यसपछि मात्र उसलाई वैदिक यज्ञमा अधिकार हुने[2] र यज्ञमा नै धनको उपयोग गर्नुपर्ने विधान शास्त्रमा पाइने[3] हुनाले तथा पत्नीका सुकर्मले पतिलाई समेत स्वर्गफल दिन सक्ने मानिएको हुनाले समेत पतिका धनमा पत्नीको नैसर्गिक (स्वाभाविक) रूपले नै अधिकार हुनुपर्ने देखिन्छ। त्यसैले धर्मसूत्रकार आपस्तम्बले यस्तो भनेका छन्– 'पत्नी र पतिको विभाजन हुँदैन, उनीहरूको पाणिग्रहणबाट (विवाहबाट) नै सबै काममा, पुण्यजनक कर्मका फलमा र धनका स्वामित्वमा समेत सहभागिता हुन्छ, त्यसैले पति विदेश गएका बेलामा पत्नीले उचित निमित्त खडा हुँदा कसैलाई उचित दान दिएका खण्डमा कसैले त्यसलाई चोरी भन्दैन'[4]। यसबाट पनि पति र पत्नी एकीभूत व्यक्ति भएकाले उनीहरूको सम्बन्ध अविच्छेद्य र मुख्य धन अविभाज्य रहने कुरा नै पुष्ट हुन्छ। यस अवस्थामा पतिका धनमा पत्नीको सर्वाधिक अधिकार हुनु स्वाभाविक नै देखिन्छ। यस्ती पत्नी पतिका सत्‌मा (सत्यमा) बस्ने र पतिको धर्मको अनुसरण गर्ने खालकीचाहिँ अवश्य हुनुपर्दछ। साथै उसले पतिका धनले पतिका निम्ति पनि दानपुण्य गर्नुपर्ने र पतिको कीर्तिको संरक्षण गर्नुपर्ने पनि देखिन्छ। अन्यथा उसलाई पतिको धन उपभोग गर्ने कुनै अधिकार हुँदैन।

नेपालमा प्रचलित मुलुकी ऐनले पनि सगोलमा रहेको धनको अंशबण्डा गर्दा आमा र स्वास्नीले समेत अंश पाउने व्यवस्था गरेको छ[5]। यदि कसैका धेरै पत्नी मात्र रहेछन्, छोराछोरी रहेनछन् भने पतिको निधनपछि आफ्ना पतिको अंश बाँडी खान पाउने व्यवस्था पनि मुलुकी ऐनले गरेको छ[6], जुन व्यवस्था शास्त्रको

---

१. यदा वै सह मिथुनेनाऽथ सर्वोऽथ कृत्स्नः।–मा.वा.शतपथब्राह्मण ८।६।१।१२, ८।७।२।३ इ.।

२. • क्षौमे वसाना अग्निमादधीयाताम्।–मैत्रायणीय-संहिता १।६।४।
  • अयज्ञो वा एषः। योऽपत्नीकः। न प्रजाः प्रजायेरन्।–तैत्तिरीय-ब्राह्मण २।२।२।६, ३।३।३।१।
  • क्षौमे वसानौ जायापती अग्निमादधीयाताम्।–आपस्तम्ब-श्रौतसूत्र ५।४।१०।
  • क्षौमे वस्तेऽहते पत्नी च।–कात्यायन-श्रौतसूत्र ४।७।१२।

३. यज्ञार्थं द्रव्यमुत्पन्नं तत्राऽनधिकृतास्तु ये। अरिक्थभाजस् ते सर्वे ग्रासाऽऽच्छादनभाजनाः॥ यज्ञार्थं विहितं वित्तं तस्मात् तद् विनियोजयेत्। स्थानेषु धर्मजुष्टेषु न स्त्री-मूर्ख-विधर्मिषु॥
–द्र.– मिताक्षरा २।१३५–१३६ (पृ.२९१)।

४. जायापत्योर् न विभागो विद्यते, पाणिग्रहणाद् धि सहत्वं कर्मसु, तथा पुण्यफलेषु, द्रव्यपरिग्रहेषु च, न हि भर्तुर् विप्रवासे नैमित्तिके दाने स्तेयमुपदिशन्ति।
–आपस्तम्ब-धर्मसूत्र २।६।२(१४)।१६–२०।

५. ... अंशबण्डा गर्दा ... बाबु, आमा, लोग्ने, स्वास्नी, छोरा, छोरीहरुको जीयजीयैको अंश गर्नु पर्छ।–मुलुकी ऐन, भाग ३, महल १३, अंशबण्डाको १ नं.।

६. कसैका सौता सौता स्वास्नीमात्र रहेछन् भने सबै सौताले आफ्ना लोग्नेका अंशमा ऐन बमोजिम बाँडी खान पाउँछन्।–मुलुकी ऐन, अंशबण्डाको ४ नं.।

अनुकूल पनि देखिन्छ[1]। पतिका सत्मा (सत्यमा) नबस्ने पत्नीले अंश नपाउने वैदिक विधिसंहिताहरूका व्यवस्थालाई[2] नै एघारौं संशोधन हुनुभन्दा अघिसम्म मुलुकी ऐनले पनि अनुसरण गरेको थियो[3]। अहिले भने उक्त व्यवस्था हटाई पुनर्विवाह गर्ने विधवाले पनि अघिल्ला लोग्नेतर्फको अंशसमेत लिएर जान पाउने व्यवस्था[4] मुलुकी ऐनले गरेको छ[5], जुन धर्मशास्त्रको सिद्धान्तको विपरीत देखिन्छ।

यसप्रकार पतिका धनमा पत्नीको अधिकारका विषयमा हिन्दु विधिसंहिताहरूको दृष्टिकोणमा र मुलुकी ऐनका व्यवस्थामा पहिला बढी समानता थियो भने अहिले त्यसमा परिवर्तन भएर सैद्धान्तिक अन्तर वा भिन्नता पनि आइसकेको देखिन्छ।

सामूहिक धनमा आमाको अधिकार

वैदिक धर्मशास्त्रमा पुरुषको जति अधिकार स्त्रीको नभएको बताइए पनि जीविकाका लागि स्त्रीलाई पनि धन आवश्यक हुने हुनाले त्यसको व्यवस्था भने गरिएको पाइन्छ। पैतृक धनमा छोरीको र पतिका धनमा पत्नीको अधिकार अवस्थानुसार हुन सक्ने देखिएजस्तै सामूहिक (सगोलका) धनमा आमाको पनि अधिकार हुने कुरा विभिन्न स्मृतिहरूका अध्ययनबाट स्पष्ट हुन्छ।

अंशबण्डा गर्दा सामूहिक धनबाट छोराले जति नै अंश आमाले पनि पाउने कुरा **विष्णुस्मृति**मा बताइएको छ[6]। **याज्ञवल्क्य**का अनुसार पिताको निधन

---

१. **ताश् च बह्व्यश् चेत् सजातीया विजातीयाश् च तदा यथांशं विभज्य गृह्णन्ति।**
—मिताक्षरा (याज्ञवल्क्यस्मृतिको व्याख्या) २।१३५-१३६ (पृ.२९०)।

२. **"... रक्षन्ति शय्यां भर्तुश् चेदाच्छिद्युरितरासु तु"** (नारदस्मृति १३।२५), **"... परिणीता स्त्री संयता सकलमेव गृह्णातीति स्थितम्"** (मिताक्षरा २।१३५-१३६ [पृ.२९४]), **"... मृते भर्तरि तद्धनम्, विन्देत् पतिव्रता साध्वी धर्म एष सनातनः"** (बृहस्पति, द्र.- दाय.११।१।२, पृ.१५०)
इत्यादि धर्मशास्त्रीय वचनहरूको मनन गर्दा पतिका सत्मा (सत्यमा) रहने पत्नीले मात्र पतिको धन पाउन सक्ने देखिन्छ।

३. • ... लोग्नेको सत्य डगाउने स्वास्नीले सो लोग्ने तर्फको अंश पाउँदिन।
—**मुलुकी ऐन** (२०५२), अंशबण्डाको ५ नं.।

• मुलुकी ऐनको एघारौं संशोधनले (२०५९) उक्त वाक्य हटाएकाले अबदेखि लोग्नेको सत्य डगाउने स्वास्नीले पनि सो लोग्नेतर्फको अंश पाउँछे भन्न खोजेको हो कि कसो हो उक्त संशोधन गर्नेहरूले नै व्याख्या गर्लान्।

४. यसै ग्रन्थको १७०औं पृष्ठको १नं.को दोस्रो टिप्पणीमा यस व्यवस्थाको असरको विवेचना गरिएको छ।

५. द्र.- **मुलुकी ऐन** (२०५९), अंशबण्डाको १२ नं.।

६. **मातरः पुत्रभागानुसारेण भागहारिण्यः**।—विष्णुस्मृति (विष्णुधर्मसूत्र) १८।३४।

भएपछि अंशबण्डा गर्दा आमाले पनि छोरासरह नै अंश पाउने देखिन्छ[1]। किन्तु जसलाई पतिले वा ससुराले स्त्रीधन दिएका छैनन्, त्यस्ता पत्नीले मात्र पति जीवित छँदै अंशबण्डा हुँदा छोरासरह पूरा अंश पाउने[2], स्त्रीधन पाइसकेकाले त आधा अंश मात्र पाउने[3] उल्लेख पनि याज्ञवल्क्यले गरेका छन्। यसबाट पतिले पत्नीलाई र छोराले आमालाई जीविकाका निम्ति अंश दिनुपर्ने कुरा स्पष्ट हुन्छ।

पतिको निधनपछि अंशबण्डा गर्दा अंशमा आमाको पनि छोरासरह नै अधिकार हुने कुरा **नारद**ले पनि बताएका छन्[4]। यस्तै आशय **बृहस्पति**ले र **कात्यायन**ले पनि व्यक्त गरेका छन्[5]। अतः वैदिक विधिसंहिताहरूका अध्ययनबाट सगोलको सम्पत्ति अंशबण्डा गर्दा आमाले पनि छोरासरह एक भाग अंश पाउने निष्कर्ष देखा पर्दछ। यस सन्दर्भमा पुत्रवती (छोरा भएकी) स्त्रीबाट पितृकार्य हुन नसक्ने भए पनि उसबाट पूर्तकार्य[6] हुन सक्ने र पुत्रबाट माताको विशेष सम्मान हुन पर्ने देखिएकाले आमाछोरालाई बराबर अंशका भागी मानिएको बुझिन्छ।

यदि कसैका छोरा भएनन् भने त्यस्ता व्यक्तिको धन छोरी, आमा, बाबु इत्यादिले पाउने व्यवस्था पनि वैदिक धर्मशास्त्रमा गरिएको पाइन्छ। तसर्थ आमा जीवित हुँदै स्वास्नी र छोराछोरी नभएका छोराको निधन भएमा अपुतालीको त्यो धन आमाले पनि पाउन सक्ने देखिन्छ। अपुताली परेको धन कसले पाउँछ भन्ने विषयमा **स्मृतिसङ्ग्रहकार**को भनाइ यस्तो पाइन्छ[7]– 'छोरा नभएको जोसुकै धनी व्यक्ति मरेमा उसको धन कसले लिने भन्ने विषयमा अब भनिन्छ[8]– कुनै पुत्रहीन मृत व्यक्तिका दाजुभाइ सगोलमा नरहेर छुट्टिसकेका अवस्थामा यस्तो

---

१. पितुरूर्ध्वं विभजतां माताऽप्यंशं समं हरेत्॥–याज्ञवल्क्यस्मृति २।१२३।

२. यदि कुर्यात् समानंशान् पत्न्यः कार्याः समाऽंशिकाः।
न दत्तं स्त्रीधनं यासां भर्त्रा वा श्वसुरेण वा॥–याज्ञवल्क्यस्मृति २।११५।

३. दत्ते तु स्त्रीधने अर्धाऽंशं वक्ष्यति 'दत्ते त्वर्धं प्रकल्पयेत्' (२।१४८) इति।–मिता.२।११५।

४. समाऽंशभागिनी माता पुत्राणां स्यान् मृते धवे।–नारद.१३।१२ (स्मृतिसन्.–१, पृ.३०९)।

५. • तदभावे तु जननी तनयानां समाऽंशिनी।
समाऽंशा मातरस् तेषां तुरीयाऽंशा च कन्यका॥–द्र.– विवादर., ५४औं तरङ्ग, पृ.४८५।
• मातापि पितरि प्रेते पुत्रतुल्यांशभागिनी॥–कात्यायन (द्र.– दाय.२।(१)।६५, पृ.४९; इ.)।

६. पूर्तकार्य (पूर्तकर्म) केलाई भन्दछन् भन्ने कुरा यसै ग्रन्थको १७५औं पृष्ठमा हेर्नुहोस्।

७. अपुताली परेको धनको उत्तराधिकारका सम्बन्धमा स्मृतिसङ्ग्रहकारका मतलाई स्मृतिचन्द्रिकाकार देवण्ण भट्टले खण्डन गरेका छन्– यत् तु सङ्ग्रहकारेणोक्तं– 'तादृगदुहित्र ... पिता धनमवाप्नुयात्।' इति। ...तदेतद् धारेश्वरोत्प्रेक्षितन्यायमूलत्वाद् विश्वरूपादिभिस् तन्न्यायनिराकरणान् मूलभूतन्याये असत्यनादृत्यमेव।–स्मृतिच., व्य.का., पृ.६९३–६९४।

८. अ(वि)शेषात्मजहीनस्य मृतस्य धनिनो धनम्।
केनेदानीं ग्रहीतव्यमित्येतदधुनोच्यते॥–द्र.– सरस्वतीविलास, व्यवहारकाण्ड, पृ.४०५।

धन गुरुका आदेशबाट नियोग लिएकी उसकी पत्नीले पाउँछे[1]; त्यस्ती पत्नी नभएमा मृत व्यक्तिकी पुत्रिकाले (परिभाषित प्रकारकी छोरीले) त्यो धन पाउँछे[2]; पुत्रपत्नीहीन मृत व्यक्तिका अर्की आमापट्टि छोराछोरी भएका बाबु हुँदाहुँदै पनि यदि उसकी पुत्रिका धर्मवाली छोरीचाहिँ छैन भने त्यो धन मृत व्यक्तिकी आमाले पाउँछे[3], बाबुले पाउँदैन; अर्की क्षत्रिया आमामा मात्र अरू छोराछोरी भएका (ब्राह्मण) बाबु हुँदाहुँदै पनि यदि मृत पुरुषकी आमाचाहिँ छैन भने त्यो धन बाबुकी आमाले (पितामहीले) पाउँछे[4]; पितामही पनि नभएमा मात्र त्यो धन क्षत्रिया पत्नीमा छोराछोरी भएको भए पनि बाबुले पाउँछ'[5]।

यसप्रकार सगोलमा नबसेका छुट्टिएका व्यक्तिका धनमा छोरा नभएमा क्रमशः पत्नी, छोरी (पुत्रिका), आमा, पितामही (बाबुकी आमा) र बाबुको अधिकार हुने कुरा उपर्युक्त वचनहरूबाट देखिन्छ। धनाधिकारका यस क्रमले पितृकार्यका निमित्त सन्ततिका प्रजननलाई र वर्णधर्मलाई बढी महत्त्व दिइएको देखिन्छ। निःसन्तान मृत छोराका सम्पत्तिमा आमाको अधिकार हुने कुरा उल्लिखित एउटा अज्ञातकर्तृक (अज्ञात स्मृतिकारको) वचन वीरमित्रोदयको व्यवहारप्रकाशमा पनि उद्धृत देखिन्छ[6]। यसरी धर्मशास्त्रले छोराका अपुतालीमा आमालाई अधिकार दिएर आमाले छोरालाई जन्माउन-हुर्काउन गरेको अतुलनीय शारीरिक र मानसिक परिश्रमसमेतका आधारमा आमाको छोरामा अत्यधिक स्नेह हुने हुनाले छोराको परलोक सुधार्न त्यस सम्पत्तिबाट काम हुन सक्ने पक्षलाई महत्त्व दिइएको बुझिन्छ। यस कुरालाई आमा पतित (धार्मिक, चारित्रिक इत्यादि रूपले भ्रष्ट) भएकी भए पनि आमाको छोराप्रतिको अतुलनीय स्नेहका दृष्टिले गर्दा छोराले बोलचाल नगरीकन पनि आमाको पालनपोषण गर्नै पर्छ भन्ने बौधायनधर्मसूत्रको वचनले पनि स्पष्ट सङ्केत गरेको देखिन्छ[7]।

मनुस्मृतिका वचनहरूबाट पनि निःसन्तान मृत व्यक्तिको धन उसका बाबुआमा दुवैले पाउन सक्ने देखिन्छ[8]। यस्ता अवस्थामा शास्त्रमा कतै

---

१. भ्रातृषु प्रविभक्तेषु संसृष्टेष्वप्यसत्सु च।
गुर्वादेशान् नियोगस्था पत्नी धनमवाप्नुयात्॥—द्र.– स्मृतिचन्द्रिका, व्य.का., पृ.६८१।

२. तादृक्पत्न्या अभावेऽपि पुत्रिका धनमर्हति।—द्र.– स्मृतिचन्द्रिका, व्य.का., पृ.६८६।

३. तादृग्दुहित्रभावेऽपि माता धनमवाप्नुयात्।
विद्यमानेऽपि पितरि सपत्नीसुतसन्ततौ॥—द्र.– स्मृतिचन्द्रिका, व्यवहारकाण्ड, पृ.६९३।

४. तादृङ्मातुरभावेऽपि पितुर् माता हरेद् धनम्।
विद्यमानेऽपि पितरि क्षत्रियासुतसन्ततौ॥—द्र.– स्मृतिचन्द्रिका, व्यवहारकाण्ड, पृ.६९३।

५. पितामह्या अभावेऽपि पिता धनमवाप्नुयात्।—द्र.– स्मृतिचन्द्रिका, व्यवहारकाण्ड, पृ.६९३।

६. स्वर् यातस्य ह्यपुत्रस्य माता दायमवाप्नुयात्।—वीरमित्रोदय, व्य.प्र., पृ.५२३; इ.।

७. पतितामपि मातरं बिभृयादनभिभाषमाणः।—बौधायन-धर्मसूत्र २।२(३)।४४।

८.• पिता हरेदपुत्रस्य रिक्थं भ्रातर एव च॥—मनुस्मृति ९।१८५।

आमालाई, कतै बाबुलाई र कतै संयुक्त रूपमा दुवैलाई अग्राधिकार दिइएको देखिएकाले अवस्था हेरेर निर्णय गर्नुपर्ने कुरा वीरमित्रोदयको व्यवहारप्रकाशमा स्पष्ट पारिएको छ[१]। निःसन्तान मृत व्यक्तिको धन पतिव्रता पत्नी नभए मात्र आमाबाबुले पाउन सक्ने देखिन्छ[२]।

कात्यायनले चाहिँ कसैको अपुताली परेमा क्रमशः उसका धर्मपत्नी, छोरी, पिता, माता, दाजुभाइ र दाजुभाइका छोराहरूले उक्त अपुतालीको सम्पत्ति पाउने व्यवस्था देखाएका छन्[३]। यदि मृत व्यक्ति सगोलमा नरहेर छुट्टिसकेको छ र उसका पत्नी-पुत्री छैनन् वा व्यभिचारिणी छन् भने उसको धन क्रमशः बाबु, दाजुभाइ, आमा र बाबुकी आमाले पाउँछन् भन्ने भनाइ पनि उनको देखिन्छ[४]। किन्तु मनुले विवाह भएका, अंश पनि पाएका, तथापि पत्नीपुत्रादिरहित भै मरेका पुरुषको धन आमा भए छोरालाई लिएर सगोलमा बस्ने आमाले र आमा नभए कुनै टुहुरो नाति साथमा लिएर कुलतन्तुको रक्षा गरी बस्ने बाबुकी आमाले पाउने व्यवस्था दिएको बुझिन्छ[५]।

यसप्रकार हिन्दु विधिसंहिताहरूले सामूहिक धनमा र छोराका अपुतालीमा समेत आमाको अधिकार हुने कुरा प्रस्ट्याएको देखिन्छ। मुलुकी ऐनले पनि "..अंशबण्डा गर्दा ... बाबु, आमा, लोग्ने, स्वास्नी, छोरा, छोरीहरुको जीयजीयैको अंश गर्नु पर्छ"[६] भनी सामूहिक धनमा आमाको छोरासरह अधिकार देखाएको छ।

- अनपत्यस्य पुत्रस्य माता दायमवाप्नुयात्।—मनुस्मृति ९।२१७।
- ... विष्णुना च- 'अपुत्रस्य धनं (अपुत्रधनं?) पत्न्यभिगामि, तदभावे दुहितृगामि, तदभावे पितृगामि' (विष्णु.१७।४-६) इत्येकशेषस्यैव कृतत्वात्, मातापितरौ विभज्य गृह्णीयाताम्।—मन्वर्थमुक्तावली (मनुस्मृतिको [९।२१७] व्याख्या)।

'तदभावे मातृगामि' पनि विष्णुस्मृतिको अहिले प्राप्त पाठमा (१७।७) भएकाले कुल्लूक भट्टको उक्त भनाइ विचारणीय देखिन्छ। तथापि याज्ञवल्क्यस्मृतिका 'पत्नी दुहितरश् चैव पितरौ' (२।१३५) इत्यादि वचनमा माता र पितालाई संयुक्त रूपमा बुझाउने 'पितरौ' भन्ने शब्दको प्रयोग भएकाले 'आमा र बाबुले बाँडेर लिऊन्' भन्ने कुल्लूक भट्टको उक्त कुरा पुष्ट हुने नै देखिन्छ।

१. द्र.– वीरमित्रोदय, व्यवहारप्रकाश, मित्र मिश्र, पृ.५२६।

२. यसै ग्रन्थको १७३औँ पृष्ठ (र त्यसका ३ र ४ नं.का टिप्पणीहरू) पनि हेर्नुहोस्।

३. अपुत्रस्याऽथ कुलजा पत्नी दुहितरोऽपि वा।
तदभावे पिता माता भ्राता पुत्राश्च कीर्तिताः॥—द्र.– मिता.२।१३५-१३६ (पृ.२९०); इ.।

४. विभक्ते संस्थिते द्रव्यं पुत्राऽभावे पिता हरेत्।
भ्राता वा जननी वाऽथ माता वा तत्पितुः क्रमात्॥—द्र.–मिता.२।१३५-१३६ (पृ.२९०); इ.।

५. अनपत्यस्य पुत्रस्य माता दायमवाप्नुयात्।
मातर्यपि च वृत्तायां पितुर् माता हरेद् धनम्॥—मनुस्मृति ९।२१७।

६. मुलुकी ऐन (२०५९), भाग ३, महल १३, अंशबण्डाको १ नं.।

स्त्रीको जीविकाको अधिकार वा व्यवस्था

पिताका धनमा छोरीको, पतिका धनमा पत्नीको र मातापुत्रादिका सगोलका धनमा आमाको अधिकार केकस्तो रूपमा हुन सक्छ भन्ने कुरा धर्मशास्त्रीय व्यवस्थाअनुसार माथि विवेचना गरियो। अपुतालीका सम्पत्तिमा कुनकुन अवस्थामा पत्नी, छोरी, आमा र बाबुकी आमाको केकस्तो अधिकार हुन्छ भन्ने विषयमा पनि माथि नै चर्चा गरिसकियो। तसर्थ यस प्रकरणमा त्यसभन्दा अतिरिक्त व्यवस्थाको चर्चा गरिँदै छ।

वैदिक धर्मशास्त्रले सती साध्वी स्त्रीहरूलाई जीविकाको सङ्कट नपरोस् भनेर उनीहरूको पालनपोषण गर्नुपर्ने कर्तव्य पति, देवर-जेठाजु, ससुरा इत्यादिको हुन्छ भन्ने व्यवस्था बाँधिदिएको देखिन्छ।

वैदिक धर्मशास्त्रले सती साध्वी स्त्रीलाई अत्यन्त महत्त्व दिएर उनीहरूको उच्च सम्मान गरेको देखिन्छ। त्यसैले त्यस्ता धर्मपत्नीहरूलाई राम्ररी पालनपोषण गर्न पतिहरूलाई निर्देश दिँदै मनुस्मृतिमा यस्तो भनिएको छ–

देवदत्तां पतिर् भार्यां विन्दते नेच्छयाऽऽत्मनः।
तां साध्वीं बिभृयान् नित्यं देवानां प्रियमाचरन्॥–(मनुस्मृति ९।९५)

(अर्थात्– पतिले आफ्ना इच्छाले पत्नी पाउँदैन, देवताले दिएकी पत्नी मात्र उसले पाउँछ। त्यस कारण पतिले देवतालाई प्रिय लाग्ने आचरण गर्दै सधैँ सती साध्वी पत्नीलाई भरणपोषण गर्नुपर्छ।)

यसबाट देवताहरूलाई प्रसन्न राख्न पनि आफ्नी धर्मपत्नीको पालनपोषण गर्न आवश्यक मानिएको कुरा स्पष्ट हुन्छ।

यस विषयमा नारदले भनेका छन्– जेजति विधवा साध्वी (सदाचारमा रहेका) नारीहरू छन्, तिनीहरूलाई अन्नवस्त्र दिएर देवर-जेठाजु, ससुरा वा त्यही गोत्रमा जन्मेका अन्य व्यक्तिले पनि भरणपोषण गर्नुपर्छ[1]। कात्यायनले पनि त्यस्ती विधवाले ससुरा, जेठाजु इत्यादि मान्यजनको सेवा गरेर बसेमा उसले अंशसमेत पाउने र त्यसो नगरेमा उसलाई लाउन-खान मात्र दिए पुग्ने कुरा बताएका छन्[2]। यसबाट पतिका सत्मा बसेका विधवालाई देवर-जेठाजु, ससुरा इत्यादिबाट अवस्थानुसार अंश प्राप्त गर्ने वा मानाचामल भराउने अधिकार भएको बुझिन्छ।

हिन्दु विधिसंहिताहरूले स्त्रीप्रति उदार दृष्टिकोण राखेर कुनै बेला व्यभिचारिणी (चरित्रभ्रष्ट) भएकी भए पनि अन्य पुरुषसित पोइल नगएकी

---

१. यावत्यो विधवाः साध्व्यो ज्येष्ठेन श्वशुरेण वा।
गोत्रजेनाऽपि वाऽन्येन भर्तव्याश् छादनाऽशनैः॥–नारद (द्र.– वी.मि., व्य.प्र., पृ.५१६)।

२. भोक्तुमर्हति क्लृप्ताऽंशं गुरुशुश्रूषणे रता।
न कुर्याद् यदि शुश्रूषां चेलपिण्डे नियोजयेत्॥–द्र.– सरस्वती., व्य.का., पृ.४११; इ.।

स्त्रीलाई समेत (अंश होइन) खान-लाउनसम्म त दिनुपर्ने व्यवस्था गरेको छ। **यस विषयमा याज्ञवल्क्य**को भनाइ यस्तो छ– 'व्यभिचारिणी स्त्रीलाई उसका सबै अधिकार खोसेर; शृङ्गार, गरगहना र राम्रा-सुकिला वस्त्रबाट वञ्चित गरेर; खान मात्र दिएर, तिरस्कार गरेर तथा खाटमा हैन भूमिमा ओछ्याएका ओछ्यानमा सुत्न दिएर आफ्नै घरमा राख्नुपर्छ'[१]। **नारद**ले पनि स्त्रीले व्यभिचार गरेमा उसलाई मुण्डन (कपाल-खौराइ), भूमिशयन, नराम्रो अन्न, नराम्रो वस्त्र र फोहोरमैला हटाउने धुने तथा पखाल्ने काम इत्यादिद्वारा दण्डित गर्नुपर्ने कुरा निर्दिष्ट गरेका छन्[२]। नेपालमा प्रचलित मुलुकी ऐनले भने एघारौँ संशोधन (२०५९ साल) हुनुभन्दा अघिसम्म यस्ता अवस्थामा स्वास्नीको लोग्नेसित स्वतः सम्बन्धविच्छेद नै हुने मानेको थियो[३]।

पतिपुत्रादि कोही पनि नभएकी आश्रयविहीन स्त्रीले जीविकाका लागि बन्धुका तर्फबाट धन पाउने व्यवस्था पनि वैदिक धर्मशास्त्रले निर्दिष्ट गरेको सङ्केत पाइन्छ। ऋग्वेदको एउटा ऋचामा यस्तो भनिएको छ– 'धनप्राप्तिका लागि सार्वजनिक सभास्थलका मञ्चमा आरोहण गर्ने स्त्रीझैँ दाजुभाइ (ज्ञाति) नभएकी स्त्री पनि बाबुका घरमा फर्केर आउँछे ..'[४]। यस ऋचाको व्याख्या गर्दा निरुक्तमा यास्कले भनेका छन्– 'पति र पुत्र नभएकी कोही दाक्षिणात्य (दक्षिणदेशकी) स्त्री धनप्राप्तिका लागि सभामञ्चमा चढ्छे, त्यस मञ्चमा चढेपछि सत्यसत्य बोल्नुपर्ने हुन्छ, त्यहाँ उसलाई सत्य बकाउन धेरै प्रश्नोत्तर गरिन्छ, यदि साँच्चै नै ऊ आश्रयविहीन भएकी हो भने बन्धुहरूको तर्फबाट उसले धन पाउँछे'[५]। यस्ता प्रचलनबाट स्त्रीको जीविकाको व्यवस्था समाजले पनि गर्नुपर्ने कुरा स्पष्ट हुन्छ।

संक्षेपमा भन्ने हो भने सदाचारमा रहेकी कुनै पनि स्त्री वृत्तिहीन हुन नपरोस् भनी उसको जीविकाको व्यवस्था पति, ससुरा, देवर-जेठाजु इत्यादिले वा बन्धुले वा समाजले वा राष्ट्रले गर्नुपर्छ भन्ने निर्देश हिन्दु धर्मशास्त्रले दिएको देखिन्छ।

---

१. हृताऽधिकारां मलिनां पिण्डमात्रोपजीविनीम्।
परिभूतामधःशय्यां वासयेद् व्यभिचारिणीम्॥—याज्ञवल्क्यस्मृति १।७०।

२. व्यभिचारे स्त्रिया मौण्ड्यमधःशयनमेव च।
कदन्नं च कुवासश् च कर्म चाऽवस्करोज्छ(ज्झ?)नम्॥—नारदीय-मनुस्मृति १२।९३।

३. स्वास्नीले अर्कोसित करणी गराएको ठहरेमा वा पोइल गएमा लोग्ने स्वास्नीको सम्बन्ध स्वतः विच्छेद हुन्छ।—मुलुकी ऐन (२०५२), भाग ३, महल १२, लोग्ने-स्वास्नीको २ नं.।

४. अभ्रातेव पुंस एति प्रतीची गर्तारुगिव सनये धनानाम्।—ऋ.सं.१।१२४।७ (निरुक्त ३।५)।

५.• ... गर्तारोहिणीव धनलाभाय दाक्षिणाजी। गर्तः सभास्थाणुः, ... सत्यसङ्गरो भवति। तं तत्र याऽपुत्रा याऽपतिका साऽऽरोहति। तां तत्राऽक्षैरा(ऽक्षेणाऽऽ)घ्नन्ति। सा रिक्थं लभते।
—निरुक्त ३।५।

• द्र.– निरुक्तको दुर्ग सिंहद्वारा विरचित वृत्ति (व्याख्या) ३।५, आनन्दाश्रम सं., पृ.२१५।

स्त्रीधनको उत्तराधिकार

वैदिक धर्मशास्त्रमा स्त्रीधनका विषयमा विविधता देखिएजस्तै स्त्रीधनको उत्तराधिकारका विषयमा पनि विभिन्न धर्मशास्त्रीय ग्रन्थमा केही भिन्नता भेटिन्छ। किन्तु प्रायः सबै धर्मशास्त्रकारहरूले स्त्रीधनको उत्तराधिकार पाउने व्यक्तिहरूमा छोरीहरूलाई नै प्राथमिकता दिएको देखिन्छ। यस विषयमा ककसको कस्तो दृष्टिकोण छ भन्ने चर्चा यस प्रकरणमा गरिँदै छ।

धर्मसूत्रकार **गौतम**ले स्त्रीधनको उत्तराधिकार छोरीहरूले पाउने बताएका छन्। छोरीहरूमध्ये पनि पहिलो प्राथमिकता अविवाहिता कन्यालाई र दोस्रो प्राथमिकता विवाह भएकी भए पनि घर खाइनसकेकीलाई उनले दिएका छन्[१]। **बौधायनधर्मसूत्र**अनुसार आमाका गरगहना र परम्परागत अन्य वस्तु पनि छोरीहरूले पाउँछन्[२]। धर्मशास्त्रकार **वसिष्ठ**ले आमाका गरगहना इत्यादि वैवाहिक सामग्री छोरीहरूले बाँडेर लिऊन् भनेका छन्[३]। आठथरी विवाहहरूमध्ये जुनसुकै विवाहद्वारा विवाहिता भएकी स्त्री भए पनि उसका सन्तान जन्मिएमा छोरीहरूले उसको स्त्रीधन पाउने कुरा **विष्णुस्मृति**मा उल्लिखित देखिन्छ[४]। स्मृतिकार **पारस्कर**का मतमा पनि आमाका स्त्रीधनमा अविवाहिता छोरीको नै अधिकार हुने, छोराको अधिकार नहुने देखिन्छ। यदि छोरीको विवाह भैसकेको छ भने छोरा र छोरी दुवैथरीले स्त्रीधन बराबर बाँडेर लिन पाउँछन् भन्ने उनको भनाइ छ[५]। अविवाहिता ब्राह्मणी कन्याले आमाको अंश र परिस्थितिअनुसार (अपुताली परेमा) बाबुको, सौताने आमाको र दाजुभाइको समेत अंश पाउने **स्मृतिसङ्ग्रहकार**को भनाइ देखिन्छ[६]।

यसप्रकार आमाका स्त्रीधनमा पहिलो अधिकार अविवाहिता छोरीको मात्र हुने निष्कर्ष धेरै धर्मशास्त्रकारले दिएको देखिन्छ। उनीहरूका मतमा अविवाहिता छोरी नभए मात्र छोराहरूले आमाको स्त्रीधन पाउन सक्ने देखिन्छ। धर्मशास्त्रकार **कात्यायन**ले र **उशना**ले पनि छोरी नभए मात्र आमाको धन छोराले पाउने उल्लेख गरेका छन्[७]। कात्यायनले विवाहिता छोरीहरूले समेत दाजुभाइसरह

---

१. स्त्रीधनं दुहितॄणामप्रत्तानामप्रतिष्ठितानां च।–गौतम-धर्मसूत्र ३।१०।२२।

२. मातुरलङ्कारं दुहितरः साम्प्रदायिकं लभेरन्नन्यद् वा।–बौधायन-धर्मसूत्र २।२(३)।४४।

३. मातुः पारिणेयं (पारिणाय्यं) स्त्रियो विभजेरन्।–वसिष्ठ ध.सू.१७।४६ (द्र.– दाय., पृ.८२)।

४. सर्वेष्वेव प्रसूतायां यद् धनं तद् दुहितृगामि।–विष्णुस्मृति (विष्णुधर्मसूत्र) १७।२१।

५. अप्रत्तायास् तु दुहितुः स्त्रीधनं परिकीर्तितम्।
पुत्रस्तु नैव लभते प्रत्तायां तु समांऽशभाक्॥–द्र.– पाराशरमाधवीय, व्य.का., पृ.३७२;इ.।

६. ब्राह्मणी तु भवेत् कन्या हरेद् रिक्थं तु मातृकम्।
पितुः सापत्नमातुश्च भ्रातुश्चापि हरेद् धनम्॥–द्र.– बालम्भट्टी २।१४५, (१७), पृ.७४८।

७. दुहितॄणामभावे तु रिक्थं पुत्रेषु तद् भवेत्।–द्र.– धर्मकोश, व्य.का., पृ.१४५९, १४६२।

आमाको स्त्रीधन पाउने थप कुरा पनि गरेका छन्[1]। **नारद**ले त छोरी जीवित नभए पनि आमाको धन छोराले नपाई छोरीका सन्तानले पाउने व्यवस्था दिएका छन्[2]।

मनुस्मृतिले चाहिँ आमाका धनमा छोरा र छोरी (विवाहिता र अविवाहिता) दुवैको समान अधिकार हुने कुरा बताएको छ। त्यहाँ भनिएको छ– 'आमाको निधन भएमा सहोदर दाजुभाइ र सहोदर दिदीबहिनीले आमाको धन बाँडेर लिऊन्[3]; यदि छोरीका छोरीहरू छन् भने उनीहरूलाई पनि मातामहीका (आमाकी आमाका) धनबाट प्रसन्नतापूर्वक यथोचित रूपमा केही धन दिनुपर्दछ[4]; अन्वाधेय स्त्रीधन र प्रीतिपूर्वक पतिले दिएको धन पनि पति जीवित छँदै पत्नी मरेमा उसका छोराछोरीले पाउँछन्'[5]।

स्त्रीधनको उत्तराधिकारका विषयमा मनुको जस्तै दृष्टिकोण **बृहस्पति**को पनि देखिन्छ। यदि छोरी अविवाहिता छ भने आमाको स्त्रीधन छोराछोरी दुवैले समान रूपले पाउने र यदि छोरी विवाहिता छ भने त उसले थोरै मात्र भाग पाउने व्यवस्था उनले देखाएका छन्[6]। **शङ्ख** र **लिखित**का मतमा पनि आमाको धन सहोदर दाजुभाइ र कुमारी दिदीबहिनीहरूले समान रूपले पाउने देखिन्छ[7]।

दाइजोका रूपमा आमाले पाएका स्त्रीधनमा त छोरीको मात्रै अधिकार हुने कुरा **मनुस्मृति**मा पनि बताइएको छ। **महाभारत**मा पनि यस्तै उल्लेख पाइन्छ[8]। 'आमाको रिन तिरेर बचेको धन छोरीहरूले बाँडून्, छोरी नभए छोराहरूले बाँडून्' भन्ने **याज्ञवल्क्यस्मृति**को[9] वचनको व्याख्या गर्दा मिताक्षराकारले छोरीमा आमाको शरीरको अंश बढी हुने भएकाले आमाको धन छोरीले पाउने र छोरामा बाबुको

---

१. भगिन्यो बान्धवैः सार्धं विभजेरन् सभर्तृकाः।–द्र.– वीरमित्रोदय, व्य.प्र., पृ.५४७; इ.।

२. मातुर् दुहितरोऽभावे दुहितॄणां तदन्वयः।–नारद.१३।२ (स्मृतिसन्दर्भ–१, पृ.३०८)।

३. जनन्यां संस्थितायां तु समं सर्वे सहोदराः।
भजेरन् मातृकं रिक्थं भगिन्यश् च सनाभयः॥–मनुस्मृति ९।१९२।

४. यास् तासां स्युर् दुहितरस् तासामपि यथाऽर्हतः।
मातामह्या धनात् किञ्चित् प्रदेयं प्रीतिपूर्वकम्॥–मनुस्मृति ९।१९३।

५. अन्वाधेयं च यद् दत्तं पत्या प्रीतेन चैव यत्।
पत्यौ जीवति वृत्तायाः प्रजायास् तद् धनं भवेत्॥–मनुस्मृति ९।१९५।

६. स्त्रीधनं स्यादपत्यानां दुहिता च तदंशिनी।
अप्रत्ता चेत् समूढा तु लभते मानमात्रकम्॥–द्र.– वीरमित्रोदय, व्य.प्र., पृ.५४७; इ.।

७. समं सर्वे सोदर्या मातृकं रिक्थमर्हन्ति कुमार्यश्च।–द्र.– धर्मकोश, व्य.का., पृ.१४२९;इ.।

८. मातुस् तु यौतकं यत् स्यात् कुमारीभाग एव सः।–मनु.९।१३१; अनुशासनपर्व ४५।१२।

९. (विभजेरन् सुताः पित्रोरूर्ध्वं रिक्थमृणं समम्।)
मातुर् दुहितरः शेषमृणात् ताभ्य ऋतेऽन्वयः॥–याज्ञवल्क्यस्मृति २।११७।

शरीरको अंश बढी हुने भएकाले बाबुको धन छोराले पाउने निष्कर्ष निकालेको देखिन्छ[१]। यसबाट आमाको धनका उत्तराधिकारमा छोरीले प्राथमिकता पाउने कुरा स्पष्ट हुन्छ।

कौटलीय अर्थशास्त्रले पति जीवित छँदै मरेकी स्त्रीको स्त्रीधन छोरा र छोरीले समान रूपमा पाउने, छोरा नभएमा छोरीले मात्र पाउने, छोरी पनि नभएमा पतिले पाउने व्यवस्था गरेको छ। साथै निःसन्तान स्त्रीका शुल्क, अन्वाधेय धन र पितृबन्धुद्वारा दिइएका अरू स्त्रीधन मर्ने स्त्रीका दाजुभाइ, आमाबाबु इत्यादि बन्धुहरूले पाउने व्यवस्था पनि त्यहाँ गरिएको छ[२]। यस्तै व्यवस्था **याज्ञवल्क्यस्मृति**ले पनि गरेको देखिन्छ[३]। कन्याशुल्करूप स्त्रीधनचाहिँ आमाले पाउने र आमा नभए सहोदर दाजुभाइले पाउने व्यवस्था धर्मशास्त्रकार **गौतम, बौधायन** र **विष्णु**ले पनि दिएको देखिन्छ[४]।

धर्मविवाहद्वारा (ब्राह्म, दैव, आर्ष र प्राजापत्य विवाहद्वारा) विवाहिता स्त्री निःसन्तान नै मरेमा पत्नीको स्त्रीधन पतिले पाउने र आसुर, गान्धर्व, राक्षस तथा पैशाच विवाहद्वारा विवाहिता स्त्री निःसन्तान मरेमा चाहिँ उसको स्त्रीधन उसका आमाबाबुले पाउने कुरा **याज्ञवल्क्यस्मृति, विष्णुस्मृति** र **नारदस्मृति**मा उल्लिखित देखिन्छ[५]। यस विषयमा **मनु, कात्यायन** र **यम**को पनि प्रायः उस्तै मत रहेको छ। उनीहरूले गान्धर्वसमेत पाँच प्रकारका विवाहलाई पहिलो

---

१. 'पुमान् पुंसोऽधिके शुक्रे स्त्री भवत्यधिके स्त्रियाः' (मनुस्मृति ३।४९) इति स्त्र्यवयवानां दुहितृषु बाहुल्यात् स्त्रीधनं दुहितृगामि, पितृधनं पुत्रगामि; पित्रवयवानां पुत्रेषु बाहुल्यादिति।–मिताक्षरा (याज्ञवल्क्यस्मृति २।११७, तेस्रो पाउको व्याख्यामा)।

२. जीवति भर्तरि मृतायाः पुत्रा दुहितरश्च स्त्रीधनं विभजेरन्। अपुत्रायाः दुहितरः। तदभावे भर्ता। शुल्कमन्वाधेयमन्यद् वा बन्धुभिर् दत्तं बान्धवा हरेयुः।–कौ.अ.३।२ (पृ.२६७)।

३. बन्धुदत्तं तथा शुल्कमन्वाधेयकमेव च।
अतीतायामप्रजसि बान्धवास् तदवाप्नुयुः॥–याज्ञवल्क्यस्मृति २।१४४।

४. • भगिनीशुल्कः(कं) सोदर्याणामूर्ध्वं मातुः।–गौतमधर्मसूत्र ३।१०।२३।
• स्त्रीधनं मातृगामि तदभावे सोदरभ्रातृगामि।–बोधायन (द्र.- सरस्वती., व्य.का., पृ.३८४)।
• भगिनीशुल्कं मातुः सोदराणामेव।–विष्णु (द्र.– सरस्वतीविलास, व्य.का., पृ.३८४)।

५. • अप्रजस्त्रीधनं भर्तुर् ब्राह्मादिषु चतुर्ष्वपि।
दुहितॄणां प्रसूता चेच् छेषेषु पितृगामि तत्॥–याज्ञवल्क्यस्मृति २।१४५।
• माता च पिता च पितरौ तौ गच्छतीति पितृगामि।–मिताक्षरा २।१४५।
• ब्राह्मादिषु चतुर्षु विवाहेष्वप्रजायामतीतायां तद्भर्तुः, शेषेषु च पिता हरेत् ("..अप्रजःस्त्रीधनं पिता, चकारात् माता च हरेत्"–केशववैजयन्ती)।–विष्णुस्मृति १७।१९–२०।
• स्त्रीधनं तदपत्यानां भर्तृगाम्यप्रजासु च।
ब्राह्मादिषु चतुर्ष्वाहुः पितृगामीतरेषु तु॥–नारदस्मृति १३।९ (स्मृतिसन्दर्भ–१, पृ.३०९)।

व्यवस्थाअन्तर्गत र आसुरादि तीन प्रकारका विवाहलाई दोस्रो व्यवस्थाअन्तर्गत उल्लेख गरेका छन्[1]। यमले चाहिँ उक्त प्रकारका स्त्रीधनमा बाबुआमाको सट्टा बाबुको मात्र अधिकार हुने कुरा बताएका छन्। चार प्रकारका धर्मविवाहको नियम ब्राह्मणका निम्ति र पाँच प्रकारका धर्मविवाहको नियम क्षत्रियादिका निम्ति लागू हुने कुरा धर्मशास्त्रनिबन्धकारका व्याख्याबाट[2] बुझिन्छ।

अविवाहिता कन्या मरेमा उसको धन सहोदर दाजुभाइले पाउने, उनीहरू नभए आमाले पाउने र आमा पनि नभए बाबुले पाउने व्यवस्था बौधायनले दिएका छन्[3]। देवलले बाबुको सट्टा बाबुकी आमालाई अधिकारिणी मान्नेबाहेक अरू कुरामा उक्त भनाइसितै आफ्नो सहमति प्रकट गरेका छन्[4]।

स्त्रीधनको उत्तराधिकारका विषयमा धर्मशास्त्रनिबन्धग्रन्थहरूमा अरू पनि धेरै स्मृतिकारका वचनहरूको विवेचना गरिएको देखिन्छ।

यसरी स्त्रीधनको उत्तराधिकारका विषयमा धेरै धर्मशास्त्रकारहरूले विचार व्यक्त गरेका छन्। यी विचारमा कहीँकहीँ परस्परमा विरोध परेको देखिए तापनि मीमांसाशास्त्रका न्याय लगाएर परिस्थितिअनुसार निर्णय गर्न सकिन्छ। सामान्य रूपले विचार गर्दा स्त्रीधनका उत्तराधिकारमा छोरीलाई नै प्राथमिकता दिनुपर्ने देखिन्छ। याज्ञवल्क्यस्मृतिका व्याख्याकार विज्ञानेश्वरले स्त्रीधनको (शुल्कबाहेकको) उत्तराधिकारको क्रम सामान्यतः तल लेखिएअनुसार देखाएका छन्[5]—

---

१. • ब्राह्मदैवाऽऽर्षगान्धर्वप्राजापत्येषु यद् वसु।
अप्रजायामतीतायां भर्तुरेव तदिष्यते॥
यत् त्वस्याः स्याद् धनं दत्तं विवाहेष्वासुरादिषु।
अप्रजायामतीतायां मातापित्रोस् तदिष्यते॥—मनुस्मृति ९।१९६–१९७।

• आसुरादिषु यल् लब्धं स्त्रीधनं पैतृकं स्त्रियाः।
अभावे तदपत्यानां मातापित्रोस् तदिष्यते॥—कात्या.(द्र.– स्मृतिच., व्य.का., पृ.६६५;इ.)।

• आसुरादिषु यद् द्रव्यं विवाहेषु प्रदीयते।
अप्रजायामतीतायां पितैव तु धनं हरेत्॥—यम (द्र.– स्मृतिच., व्य.का., पृ.६६५; इ.)।

२. ब्राह्मादिषु चतुर्ष्वपीति विप्रपरम्। तेषामेव तं प्रति धर्म्यत्त्वात्। यस्य तु क्षत्रियादेर्गान्धिर्वोऽपि धर्म्यस् तस्य तदूढाधनमपि भर्तुरेव।—भगवन्तभास्कर, व्यवहारमयूख, पृ.१००।

३. ऋक्थं मृतायाः कन्याया गृह्णीयुः सोदराः स्वयम्।
तदभावे भवेन् मातुस् तदभावे पितुर् भवेत्॥—द्र.– विवादरत्नाकर, ६०औँ तरङ्ग, पृ.५२४।

४. रिक्थं मृतायां कन्यायां गृह्णीयुः सोदराः समम्।
तदभावे भवेन् मातुः पितुर् मातुश् च तत्क्रमात्॥—द्र.– धर्मकोश, व्य.का., पृ.१४६२।

५. • अतश् च मातृधनं मातरि वृत्तायां प्रथमं दुहितरो गृह्णन्ति; तत्र चोढाऽनूढासमवायेऽनूढैव गृह्णाति, तदभावे च परिणीता, तत्राऽपि प्रतिष्ठिताऽप्रतिष्ठितासमवायेऽप्रतिष्ठिता गृह्णाति,

१. छोरी

(क) अविवाहिता छोरी,

(ख) विवाहिता छोरी,

(१) विवाहिता घर खाइनसकेकी वा सन्तान भैनसकेकी छोरी,

(२) विवाहिता घर खाइसकेकी वा सन्तान भैसकेकी छोरी,

२. छोरीकी छोरी (दौहित्री),

३. छोरीका छोरा (दौहित्र),

४. छोरा,

५. नाति (पौत्र),

(ब्राह्मादि विवाह भएकामा),

६. पति,

७. पतिका नजिकका सपिण्डहरू (समान गोत्रका दाजुभाइहरू),

अथवा

([आसुरादि विवाह भएकामा]

६. माता,

७. पिता,

८. पिताका नजिकका सपिण्डहरू)।

दायभागमा पनि अध्यग्नि धन इत्यादि स्त्रीधनका उत्तराधिकारका विषयमा विस्तृत चर्चा गरिएको छ। निःसन्तान स्त्रीका त्यस्ता धनका उत्तराधिकारलाई त्यहाँ अत्यन्त गहन विषय मानिएको छ[1]। अन्य धर्मशास्त्रीय निबन्धग्रन्थहरूमा पनि यस विषयको प्रतिपादन गरिएको पाइन्छ।

संक्षेपमा भन्नु पर्दा वैदिक धर्मशास्त्रानुसार अध्यग्नि धनादि स्त्रीधनका उत्तराधिकारमा स्त्रीसन्तानले प्राथमिकता पाउँछन् भन्न सकिन्छ। अर्थात् धर्मशास्त्रमा आमाको दाइजो-पेवाका उत्तराधिकारमा छोरीहरूले अग्राधिकार पाउने सिद्धान्त

तदभावे प्रतिष्ठिता, .. सर्वासां दुहितॄणामभावे दुहितृदुहितरो गृह्णन्ति, .. दौहित्रीणामप्यभावे दौहित्रा धनहारिणः, .. दौहित्राणामप्यभावे पुत्रा गृह्णन्ति, .. पुत्राणामप्यभावे पौत्राः पितामही-धनहारिणः, .. पौत्राणामप्यभावे पूर्वोक्ता भर्त्रादयो बान्धवा धनहारिणः।–मिता.२।१४५।

• ब्राह्मदैवाऽऽर्षप्राजापत्येषु चतुर्षु विवाहेषु भार्यात्वं प्राप्ताया अतीतायाः पूर्वोक्तं धनं प्रथमं भर्तुर्भवति। तदभावे तत्प्रत्यासन्नानां सपिण्डानां भवति। शेषेष्वासुरगान्धर्वराक्षसपैशाचेषु विवाहेषु तदप्रजस्त्रीधनं पितृगामि। माता च पिता च पितरौ तौ गच्छतीति पितृगामि। एकशेषनिर्दिष्टाया अपि मातुः प्रथमं धनग्रहणं पूर्वमेवोक्तम्। तदभावे तत्प्रत्यासन्नानां धनग्रहणम्।—मिताक्षरा २।१४५।

१. इत्यतिगहनमुक्तमप्रजःस्त्रीधनम्।—दायभाग ४।३।४२, पृ.९९।

स्थापित गरिएको देखिन्छ। नेपालका ऐनकानुनले भने धर्मशास्त्रको यस्तो सिद्धान्तको अनुसरण गरेको देखिँदैन। त्यसैले नेपालका ऐनकानुनले त्यस्ता स्त्रीधनमा स्त्रीसन्तानका उत्तराधिकारलाई निकै पछाडि पारेको देखिन्छ।

१९१० सालका मुलुकी ऐनले, १९९२ सालका ऐनले र २०२० देखि २०५८ सालसम्मका मुलुकी ऐनले पनि आमाका स्त्रीधनका उत्तराधिकारीमा छोरा र पतिपछि मात्र छोरीलाई राखेको थियो[1]। संशोधित वर्तमान मुलुकी ऐनमा भने यस सम्बन्धमा यस्तो भनिएको छ– 'स्वास्नी मानिसले आफ्नो दाइजो पेवा आफूखुस गर्न पाउँछन्। ऊ मरेपछि यसले खानु भनी लिखत गरी दिएको रहेछ भने लिखतै बमोजिम हुन्छ। लिखत रहेनछ भने *उत्तराधिकारको क्रम तल लेखिएअनुसार हुन्छ*'[2]–

१. सँगै बसेका छोराछोरी,

२. त्यस्ता छोराछोरी नभए भिन्न बसेका छोराछोरी,

३. त्यस्ता छोराछोरी पनि नभए लोग्ने,

४. लोग्ने पनि नभए विवाह भएकी छोरी,

५. विवाह भएकी छोरी पनि नभए छोराका छोरा वा छोराकी अविवाहिता छोरी,

६. उनीहरू पनि नभए हकवाला।

यसप्रकार नेपालको वर्तमान मुलुकी ऐनले पनि आमाका धनमा विवाहिता छोरीलाई चौथा क्रममा मात्र उत्तराधिकार दिएको देखिन्छ। धेरैजसो धर्मशास्त्रकारले भने स्त्रीधनका उत्तराधिकारमा अविवाहिता छोरीको, त्यसपछि विवाहिता छोरीको र त्यसपछि मात्र छोराको तथा लोग्नेको अधिकार देखाएका छन्। त्यसैले अझै पनि यस विषयमा आधुनिक ऐनको व्यवस्थाले भन्दा धर्मशास्त्रीय व्यवस्थाले नै छोरीलाई बढी अधिकार वा अग्राधिकार दिएको स्पष्ट हुन्छ।

---

१. • द्र.– श्री ५ सुरेन्द्रविक्रम शाहदेवका शासनकालमा बनेको मुलुकी ऐन, श्री ५ को सरकार, कानून तथा न्याय मन्त्रालय, २०२२, दाइजो-पेवाको ७ नं. (पृ.१३३)।

• द्र.–ऐन (जुद्धशमशेरका पालामा १९९२ सालमा बनेको), तेस्रो भाग, दानदातव्यको ४ नं.।

• द्र.– मुलुकी ऐन (२०५२ आषाढ), स्त्री-अंश-धनको ५ नं.।

२. मुलुकी ऐन (२०५९), स्त्री-अंश-धनको ५ नं.।

पञ्चम अध्याय

उपसंहार तथा निष्कर्ष

अनादि कालदेखि वा प्राचीन कालदेखि नै हिन्दुहरूको जीवनपद्धति वेद, वेदाङ्ग, स्मृति, पुराण इत्यादि वैदिक वाङ्मयमा प्रतिपादित धर्म, अर्थ, काम, मोक्ष यी चार पुरुषार्थका प्राप्तिका दृष्टिले निर्दिष्ट भैआएको देखिन्छ। अलौकिक दिव्य दृष्टि भएका ऋषिमुनिहरूबाट सबै मानवका कल्याणका निम्ति प्रचारित वैदिक वाङ्मयको निरन्तरता, प्रामाणिकता र प्रभावकारिता आजसम्म पनि अक्षुण्ण रूपमा आइरहेको पाइन्छ।

वैदिक वाङ्मयमा प्रतिपादित जीवनदर्शनलाई नै आफ्नो आदर्श मान्ने हिन्दुहरूको जन्मदेखि मत्युपर्यन्तका सम्पूर्ण क्रियाकलापहरू वेद, वेदाङ्ग, स्मृति, पुराण इत्यादि वाङ्मयबाट निर्दिष्ट भैआएका छन्। वेद-स्मृति-पुराणहरूले निर्दिष्ट गरेका वर्णाश्रमधर्मका आधारमा हिन्दुहरू सङ्घटित भएकाले उनीहरूको धर्म, दर्शन, भाषा, संस्कृति, आचार, विचार, व्यवहार, वेष, भूषा, खानपान, राज्यव्यवस्था, ऐनकानुन इत्यादि जीवनका सम्पूर्ण पक्षलाई सुदीर्घ (धेरै लामो) परम्पराबाट आएको वैदिक वाङ्मयले निरन्तर प्रभावित गरिरहेको देखिन्छ।

निश्चित भूभागमा निवास गर्ने व्यक्तिहरूका सर्वपक्षीय कल्याणका निम्ति राष्ट्र, राजा, विधि, दण्ड इत्यादिको व्यवस्था गरेर न्यायपूर्ण राज्यव्यवस्थाको परिकल्पना वैदिक वाङ्मयमा गरिएको छ। हिन्दु विधिसंहिताहरूले धर्म, अर्थ, काम, मोक्ष यी चारै पुरुषार्थप्रति सन्तुलित दृष्टि राखी शान्तिपूर्ण ढङ्गबाट जीवनयात्रा चलाउँदै जीवनको अन्तिम लक्ष्य मोक्षसम्म पुग्न न्यायपूर्ण ढङ्गबाट सबै व्यक्तिलाई प्रयत्नशील हुने अवसर प्रदान गर्ने मूल उद्देश्य राखेको देखिन्छ। यस विषयमा आधुनिक कानुनका निर्माताहरूको दृष्टिकोणमा मौलिक अन्तर देखिन्छ। उनीरूले राष्ट्रका सबै व्यक्तिलाई भौतिक तथा मानसिक रूपमा शान्तिपूर्ण तरिकाले जीवनयापन गर्न सघाउने लौकिक तत्त्वका रूपमा मात्र विधिको (कानुनको) परिकल्पना गरेको बुझिन्छ। हिन्दु विधिसंहिताका (धर्मशास्त्रका) मूल ग्रन्थ मनुसंहिता (मनुस्मृति), याज्ञवल्क्यसंहिता इत्यादिमा ऐहलौकिक (यस लोकसम्बन्धी)

सुव्यवस्थाको स्थापना र पारलौकिक वा पारमार्थिक (स्वर्गमोक्षसम्बन्धी) सुखप्राप्ति दुवै उद्देश्यका निम्ति उपयोगी विधानहरू भएको, किन्तु आधुनिक कानुनमा ऐहलौकिक सुव्यवस्थालाई मात्र ध्यान दिइएको हुनाले हिन्दु विधि र आधुनिक कानुनमा मौलिक भिन्नता रहन गएको देखिन्छ। हिन्दु विधिको व्याख्या हिन्दु विधिशास्त्रमा अर्थात् मीमांसामा (जैमिनीय धर्ममीमांसामा) प्रतिपादित न्यायका आधारमा गर्ने गरिन्छ।

यसप्रकार वैदिक वाङ्मयमा मानवजीवनका सम्पूर्ण पक्षलाई समेटेर त्यसलाई अगाडि बढाउने पद्धति अन्तर्निहित भएको पाइन्छ। तसर्थ अहिले पनि भारत र नेपालका राज्यव्यवस्थामा समेत वैदिक परम्पराको प्रभाव विभिन्न प्रकारले धेरथोर मात्रामा परिरहेको देखिन्छ। वैदिक धर्मशास्त्रमा वा विधिसंहिताहरूमा गरिएका व्यवस्थालाई समेत आधार मानी ऐनकानुन बनाउने परम्परा नेपालमा पनि उहिल्यैदेखि रहिआएकामा २०२० सालको मुलुकी ऐनले भने त्यसमा धेरै नै परिवर्तन गरेको देखिन्छ। वर्णाश्रमव्यवस्थामा सङ्घटित हिन्दु समाजका धार्मिक, सांस्कृतिक र व्यावहारिक पक्षहरूमा यस ऐनले धेरै नै उथलपुथल ल्याएको भए तापनि यसले हिन्दु धर्मशास्त्रमा प्रतिपादित स्त्रीधन र स्त्रीअंशका व्यवस्थामा भने मौलिक रूपमा परिवर्तन गरेको देखिँदैन। अहिलेसम्म पनि मुलुकी ऐनको तत्सम्बन्धी व्यवस्था मूलतः हिन्दु सामाजिक मान्यतामै आधारित रहिरहेको देखिन्छ।

वैदिक परम्परामा धर्मका वा यज्ञका निम्ति र धर्मपूर्वकका उपभोगका निम्ति धनको उपयोग गर्ने सिद्धान्त स्वीकार गरिएकाले तदनुसार गृहस्थधर्मका पालनका निम्ति विवाह, धर्म्य (धर्मको अनुकूल) सन्तानोत्पादन, तिनको भरणपोषण, दानपुण्य, यज्ञयागादि र लोककल्याणकारी कार्यमा धनको उपयोग गर्नुपर्ने मान्यता रहेको देखिन्छ। यसै सिद्धान्तको अनुसरण गरी हिन्दु विधिसंहिताहरूले दायभाग (अंशबण्डा) गर्ने नियमहरू बनाएका हुन्। त्यसैले अंशमा पाएको सम्पत्तिको धर्मकार्यमा वा यज्ञकार्यमा उपयोग हुन सक्ने-नसक्ने विचार गरेर मात्र कसैले अंश पाउने-नपाउने वा घटी-बढी पाउने व्यवस्था विधिसंहिताहरूले देखाएका छन्। यस सिद्धान्तअनुसार विभिन्न प्रकारका छोराहरूले विभिन्न प्रकारले घटीबढी अंश पाउने र कुनै प्रकारका छोराले अंशै नपाउने व्यवस्था पनि विधिसंहिताहरूमा गरिएको पाइन्छ। यस्तो सिद्धान्तलाई र अंशबण्डासम्बन्धी यसप्रकारको आदर्शलाई मुलुकी ऐनले सर्वांशमा (सम्पूर्ण रूपले) अनुसरण गरेको देखिँदैन। तथापि वैदिक धर्मशास्त्रमा प्रतिपादित स्त्रीधनसम्बन्धी व्यवस्थामा र वर्तमान मुलुकी ऐनमा निर्दिष्ट स्त्रीअंशधनसम्बन्धी व्यवस्थामा भने केही समानता रहेको पाइन्छ। यस विषयमा विचार गर्दा वैदिक धर्ममा स्त्रीको स्थान र महत्त्व, स्त्रीशिक्षा, स्त्रीधर्म इत्यादि कुराको पनि विवेचना गर्नुपर्ने देखिन्छ। तसर्थ यस ग्रन्थमा यी विषयको पनि संक्षेपमा चर्चा गरिएको हो।

हिन्दु धर्मसंहिताहरूमा सामान्यतः स्त्रीले उपहारका रूपमा पाउने धनलाई (दाइजो, पेवा इत्यादिलाई) स्त्रीधन र अंशका रूपमा पाउने धनलाई दाय, रिक्थ इत्यादि शब्दबाट व्यवहार गरिएको पाइन्छ। तथापि कतिपय धर्मशास्त्रकारले स्त्रीअंशलाई समेत स्त्रीधनका नामले नै व्यवहार गरेको पनि देखिन्छ। हिन्दु धर्मसंहिताहरूले स्त्रीधनको परिभाषा गरेर त्यसलाई सामान्यतया छ वा त्योभन्दा पनि बढी प्रकारमा वर्गीकरण गरेको भए तापनि त्यसलाई मुख्यतः दुई भागमा बाँडेका छन् तथा तीमध्ये एक प्रकारका धनमा स्त्रीको स्वतन्त्र वा पूर्ण अधिकार रहने र अर्का प्रकारका धनमा परनियन्त्रित वा सीमित अधिकार मात्र रहने व्यवस्था पनि गरेका छन्। स्मृतिहरूमा 'स्त्रीअंशधन' भन्ने पदको (शब्दको) उल्लेख नभै केवल 'स्त्रीधन' भन्ने पदको मात्र उल्लेख भएको देखिन्छ। वर्तमान मुलुकी ऐनमा चाहिँ 'स्त्रीधन' भन्ने पदको प्रयोग नभै 'स्त्रीअंशधन' भन्ने पदको प्रयोग भएको देखिन्छ। उक्त पदले स्मृतिहरूमा स्त्रीधन भनिएको सम्पत्तिलाई र स्त्रीले दायभागका रूपमा पाउने स्त्रीअंशलाई पनि समेट्न खोजेको देखिन्छ।

वैदिक वाङ्मयमा अथवा धर्मसंहिताहरूमा प्रतिपादित स्त्रीधन र दायभागसम्बन्धी व्यवस्थाको अध्ययन गर्दा विभिन्न अवस्थामा उत्तराधिकारका रूपमा स्त्रीले अंश पाउने वा नपाउने कुरा उल्लिखित देखिन्छ, जसको सारसंक्षेपलाई तल लेखिएका सूत्रहरूमा समेटिएको छ–

१. दाजुभाइ भएकी विवाहिता स्त्रीले उत्तराधिकारका रूपमा बाबुबाट अंश पाउँदिन। किन्तु बाबुआमा, दाजुभाइ इत्यादिले स्नेहोपहारका रूपमा दिएको स्त्रीधन पाउँछे।

२. दाजुभाइ नभएकी विवाहिता वा अविवाहिता छोरीले उत्तराधिकारका रूपमा बाबुबाट अपुताली धन पाउँछे। किन्तु यसरी अपुताली धन पाउने विवाहिता एउटी छोरीले पितृकुलको (बाबुका कुलको) पूर्ण दायित्व पनि लिनुपर्छ र उसका छोराले (दौहित्रले) मातामह-मातामहीको (आमाका बाबुआमाको) काजकिरिया र श्राद्ध पनि गर्नुपर्छ।

३. दाजुभाइ भएकी अविवाहिता छोरीले बाबुको निधन भै अंशबण्डा हुँदा थोरै सम्पत्ति भएमा दाजुभाइसरह अंश र धेरै सम्पत्ति भएमा दाजुभाइका अंशको चौथाइ भाग अंश विवाहखर्चका लागि वा जीविकाका लागि पाउँछे।

४. निःसन्तान पतिको धन उत्तराधिकारका रूपमा पतिव्रता पत्नीले पाउने निष्कर्ष धेरै धर्मशास्त्रकारहरूले दिएका छन् तापनि कतिपय धर्मशास्त्रकारले त्यस्ता धनबाट पत्नीलाई खान-लाउन मात्र दिई बाँकी रहेको अरू धन त्यस्ता निःसन्तान व्यक्तिका दाजुभाइहरूले बाँडेर लिन पाउने मत व्यक्त गरेका छन्।

५. पतिका सत्मा (सत्यमा) नबस्ने पत्नीलाई पतिका सम्पत्तिमा अधिकार हुँदैन भन्ने मानिएको छ। तथापि कुनै बेला व्यभिचारिणी (चरित्रभ्रष्ट) भएकी भए पनि अन्य पुरुषसित पोइल नगएकी स्त्रीलाई समेत अवस्थानुसार खान-लाउनसम्म त दिनुपर्ने शास्त्रीय व्यवस्था भएको हुँदा उसले पनि जीवन धान्न खान-लाउनसम्म पाउने मान्यता रहेको छ।

६. बाबुको निधन भै अंशबण्डा हुँदा छोराले सरह एक भाग अंश आमाले पनि जीविकाका निम्ति पाउने व्यवस्था शास्त्रमा गरिएको छ। छोराको अपुतालीमा पनि कुनै अवस्थामा आमाको नै अधिकार हुने देखिन्छ। आमा पतित (धार्मिक आचारविचारका दृष्टिले भ्रष्ट) नै भए पनि छोराले आमालाई जीवन धान्न खान-लाउनसम्म त दिनैपर्ने व्यवस्थासमेत शास्त्रले गरेको छ।

७. जुनसुकै अवस्थामा पनि सती साध्वी विधवा स्त्रीहरूलाई उनीहरूका देवरजेठाजुससुराहरूले आफ्नो धनअनुसार अन्नवस्त्र दिएर भरणपोषण गर्नुपर्ने व्यवस्था धर्मशास्त्रमा छ।

८. आमाको दायभागभन्दा (अंशधनभन्दा) भिन्न स्त्रीधनका उत्तराधिकारमा छोरीहरूले नै प्राथमिकता (अग्राधिकार) पाउने व्यवस्था धर्मशास्त्रमा गरिएको छ।

उक्त प्रकारले वैदिक विधिसंहिताहरूले उत्तराधिकारका रूपमा स्त्रीहरूले दायभाग (अंशधन) पाउने र नपाउने अवस्थाहरूको व्याख्या गरेको देखिन्छ। स्त्रीले दायभाग पाउने वा नपाउने कुरा पनि त्यो धन धर्मकार्यमा र धर्म्य (धर्मानुकूल) कुलसन्ततिका विस्तारका साथमा धर्मकर्ममा लाग्न सक्ने वा नसक्ने कुरामा नै आधारित देखिन्छ। विवाहिता छोरीको धर्माधिकार वा यज्ञाधिकार पनि आफ्नै पतिसित अविच्छेद्य रूपमा गाँसिने हुनाले उसको धनाधिकार पनि बाबुसित वा दाजुभाइसित नजोडिई पतिसित नै जोडिने स्थिति देखिन्छ। तसर्थ मुख्यतया परकुलविस्तार (अर्काका वंशको विस्तार) गर्ने विवाहिता छोरीले बाबुबाट अंश नपाउने व्यवस्था धर्मशास्त्रले गरेको देखिन्छ। यसैलाई वर्तमान मुलुकी ऐनले पनि अनुसरण गरेको छ। यस्तै अवस्थामा पनि यदि बाबुका छोरा छैनन् भने विवाहिता छोरीले पनि बाबुबाट अपुताली धन पाउने र उसबाट जन्मेका छोराले आफ्ना मातामह-मातामहीको (आमाका बाबुआमाको) काजकिरिया र श्राद्धादि कर्म गर्नुपर्ने व्यवस्था धर्मशास्त्रले गरेको पाइन्छ। यस्ती छोरीको पितृकुलप्रति पनि पूर्ण दायित्व रहने र उसबाट जन्मेका सन्तानले मातृकुललाई पनि तार्ने शास्त्रीय मान्यता हुनाले यो व्यवस्था पूर्णतः धर्मकै आधारमा गरिएको हो भन्ने कुरा स्पष्ट बुझिन्छ। यस्तो व्यवस्था वर्तमान मुलुकी ऐनले चाहिँ गरेको छैन। अविवाहिता छोरीले बाबुबाट दाजुभाइसरह अंश

पाउने भन्ने मुलुकी ऐनका व्यवस्थालाई चाहिँ पूर्ण रूपमा नभए पनि आंशिक रूपमा धर्मशास्त्रको अनुकूल मान्न सकिन्छ। पतिका धनमा पत्नीको उत्तराधिकार, अंशबण्डा हुँदा छोराले सरह आमाले पनि अंश पाउने इत्यादि धर्मशास्त्रीय व्यवस्था र तत्सम्बन्धी आधुनिक व्यवस्थाका बीचमा पनि त्यति ठूलो अन्तर पाइँदैन। तथापि पतिका सत्मा (सत्यमा) नरहने स्त्रीले पनि पतिको अंश पाउने मुलुकी ऐनको नयाँ व्यवस्था (२०५९) भने धर्मशास्त्रीय दृष्टिबाट हेर्दा साह्रै अनुचित देखिन्छ। यसरी तुलनात्मक रूपले हेर्दा वैदिक विधिसंहिताहरूको दायभागसम्बन्धी मूल निर्देशक सिद्धान्तको र आदर्शको राम्ररी अनुसरण नेपालको आधुनिक ऐनकानुनले नगरेको देखिन्छ तापनि अंशबण्डासम्बन्धी धेरैजसो आधुनिक व्यवस्थाहरू हिन्दु धर्मशास्त्रमा आधारित परम्परागत सामाजिक संरचनाको प्रायः अनुकूल नै रहेका छन्।

वर्तमान मुलुकी ऐनका अंशबण्डासम्बन्धी नियममा परिवर्तन गरी विवाह गरेर जाने छोरीले पनि बाबुबाट छोराले सरह नै अंश पाउने व्यवस्था गर्नुपर्छ भन्ने पनि भनाइ आजभोलि विविध क्षेत्रबाट उठाइराखिएको देखिन्छ र त्यसबाट प्रभावित भएर ऐनकानुनमा केही परिवर्तन पनि गरिसकिएको छ। तथापि यो कुरा हिन्दु विधिसंहिताहरूको दायभागसम्बन्धी मूल निर्देशक सिद्धान्तको र आदर्शको अत्यन्त प्रतिकूल भएको हुनाले हिन्दुबहुल देशका कानुनमा यस्तो व्यवस्था गर्ने काम हिन्दु सामाजिक संरचनामा ठूलो खलल पार्ने काम हुन जाने देखिन्छ। हिन्दु परम्परामा ब्रह्माजीले धन र मनुष्य, पशु, ओषधि, वनस्पति इत्यादि सबै वस्तु यज्ञका निम्ति सृष्टि गर्नुभएको हो भन्ने सिद्धान्त भएको र स्त्रीहरूले आफ्ना पतिसित मिलेर मात्र प्रजापतिले प्रवर्तन गर्नुभएको सृष्टियज्ञरूप धर्मचक्रको अनुवर्तन (अनुपालन) गर्न सक्ने भएको हुनाले स्त्रीको यज्ञाधिकार र धनाधिकार आफ्नै पतिसित गाँसिएको हुन्छ। यति मात्र होइन, ब्रह्माजीका एउटै देहको आधा भाग पति र आधा भाग पत्नी हुनाले समेत पूर्ण मानव भै सृष्टिचक्र चलाउन र धर्म, अर्थ, काम यी तीन पुरुषार्थ सिद्ध गर्न समेत शास्त्रनिर्दिष्ट प्रकारले पत्नीको धारण, भरण र पोषण गर्ने दायित्व पतिको हुने देखिन्छ। यसरी पति-पत्नी एकजीउ हुने कुरा वेदवाक्य, वैदिक यज्ञप्रक्रिया, स्मृति, पुराण र कहिल्यै पनि परिवर्तन हुन नसक्ने मानवप्रकृतिले पनि स्पष्ट पारेकै छ। यसरी छोरीका धर्म, अर्थ र कामसम्बन्धी सम्पूर्ण क्रियाकलाप अन्य गोत्रका पुरुषका साथ चल्ने र सहोदर दाजुभाइका साथ नचल्ने हुनाले कन्याहरू माइतीबाट छुटकारा पाउने र पतिबाट कहिल्यै पनि नछुट्टिने आकाङ्क्षा राख्छन् भन्ने कुरा वेदले नै बताएको छ[1]। हिन्दु विधिसंहिताहरूले महिलाको जन्मदेखि विवाहसम्मको अवस्थाको र

---

१. त्र्यम्बकं यजामहे सुगन्धिं पतिवेदनम्।
उर्वारुकमिव बन्धनादितो मुक्षीय माऽमुतः ॥–मा.वा. शुक्लयजुर्वेदसंहिता ३।६०।

उसको शिक्षादीक्षाको जिम्मेवारी बाबु र दाजुभाइले ठीक प्रकारले निर्वाह गर्नुपर्ने मानेको देखिन्छ भने विवाहपछिको महिलाको सम्पूर्ण दायित्व पतिले र पतिकुलका बन्धुहरूले लिनुपर्ने मानेको देखिन्छ। यस्तो व्यवस्था नै व्यावहारिक र न्यायपूर्ण पनि हो भन्ने देखिन्छ।

अन्य गोत्रमा दिइएका छोरीहरूले बाबुआमाको काजकिरिया पनि नगर्ने, बाबुआमालाई पिण्डपानी पनि नदिने तथा बाबुआमाले र दाजुभाइले पनि अरूलाई दिइसकेका छोरी-दिदी-बहिनीहरूको काजकिरिया पनि नगर्ने र उनीहरूलाई पिण्डपानी पनि नदिने प्राकृतिक नियमको अनुकूल शास्त्र[1] र प्रायः त्यस्तै प्रचलन रहेको छ। यस्तै अरू पनि धेरै व्यवहारबाट छोरीहरूको विवाहपछि बाबुआमा र दाजुभाइसित कम सम्बन्ध रहने तथा पतिसित र पतिकुलका बन्धुसित बढी सम्बन्ध हुने हुनाले धार्मिक तथा व्यावहारिक दुवै दृष्टिबाट विवाहपछि छोरीले अंश बाबुबाट नपाउने र पतिबाट पाउने व्यवस्था हिन्दु विधिसंहिताहरूमा गरिएको देखिन्छ। यो व्यवस्था अत्यन्त व्यावहारिक र न्यायपूर्ण हुनुका साथै हिन्दु समाजसंरचनाको एउटा वैज्ञानिक आधार पनि भएकाले समुचित व्यवस्थाका अभावमा समस्या र विकृति भोगिरहेका अन्य समुदायले समेत यस व्यवस्थाको अनुसरण गरेर आफ्नो समाजको व्यवस्थापन गर्न सक्ने देखिन्छ। तसर्थ भैरहेको समुचित व्यवस्थालाई पनि हटाउन खोज्नु त झनै अबुद्धिमत्तापूर्ण कार्य हुन जाने देखिन्छ। छोराले भने बाबुको मात्रै अंश पाउने छोरीले भने बाबुको र पतिको गरी दुईतिरको अंश पाउने व्यवस्था गर्नु प्राकृतिक न्यायको र समानताको सिद्धान्तको पनि विरुद्ध नै हुन जाने कुरामा पनि सबैको ध्यान जानुपर्ने देखिन्छ[2]।

१. प्रत्तानामितरे कुर्वीरन्, ताश्च तेषाम्।—पारस्कर-गृह्यसूत्र ३।१०।३९–४०।

२. अधिवक्ता मुकुन्द रेग्मीद्वारा लिखित 'महिला अंशसम्बन्धी संक्षिप्त चर्चा' भन्ने शीर्षकको लेखमा (आजको [नेपाल] समाचारपत्र, २०५३।६।१४, पृ.५) पनि महिलाले बाबुबाट एक अंश र पतिबाट एक अंश गरी जम्मा दुई अंश पाउने हो भने त्यो कुरा समानताको सिद्धान्तविपरीत हुन जाने भएकाले छोरीले बाबुबाट छोरासरह अंश पाउनुपर्छ भन्ने माग व्यावहारिक र न्यायसङ्गत पनि नभएको निष्कर्ष निकालिएको छ। यस विषयमा धर्मशास्त्रीय दृष्टिकोण 'हाम्रो धर्मशास्त्र र छोरीलाई अंशधन' भन्ने शीर्षकको लेखमा (सुमोदवर्धन कौण्डिन्न्यायन, लोकपत्र राष्ट्रिय दैनिक, २०५३।५।१२, पृ.३) पनि प्रस्तुत भएको देखिन्छ।

परिशिष्ट–१

महिलासम्बद्ध तथा पतिपत्नीसम्बन्ध-विषयक केही सूक्तिहरू

पति र पत्नीको उत्पत्ति

पाटितोऽयं द्विजाः पूर्वमेकदेहः स्वयम्भुवा।
पतयोऽर्धेन चाऽर्धेन पत्न्योऽभूवन्निति श्रुतिः॥

–(वेद)व्यासस्मृति २।१३ (स्मृतिसन्दर्भ–३, पृ.१६३६)।

हे द्विजाति हो, सृष्टिका प्रारम्भमा प्रजापतिबाट (ब्रह्माजीबाट) आफ्नै एउटै शरीर चिरियो र आधा भागले पतिहरू भए आधा भागले पत्नीहरू भए भन्ने कुरा वेदमा बताइएको छ।

पत्नी पुरुषको आधा शरीर, पत्नीविना पुरुष अपूर्ण

अर्धो वा एष आत्मनो यत् पत्नी।–तैत्तिरीय-संहिता ६।१।८।५।

पत्नी भनेको आफ्नो आधा (भाग) हो।

अर्धो ह वा एष आत्मनो यज् जाया तस्माद् यावज् जायां न विन्दते नैव तावत् प्रजायतेऽसर्वो हि तावद् भवत्यथ यदैव जायां विन्दतेऽथ प्रजायते तर्हि हि सर्वो भवति।–मा.वा.शतपथब्राह्मण ५।२।१।१०।

पत्नी भनेको आफ्नो आधा (भाग) हो, त्यसैले जबसम्म (पुरुषले) पत्नी प्राप्त गर्दैन तबसम्म प्रजनन गर्न सग्दैन र ऊ अपूर्ण नै रहन्छ। जब पत्नी प्राप्त गर्दछ तब प्रजनन गर्न सक्छ र ऊ पूर्ण पनि हुन्छ।

यदा वै सह मिथुनेनाऽथ सर्वोऽथ कृत्स्नः।–शतपथब्राह्मण ८।६।१।१२, ८।७।२।३, इ.।

जब मनुष्य आफ्नो जोडीका (पत्नीका) साथ हुन्छ तब ऊ सग्लो तथा परिपूर्ण हुन्छ।

पति र पत्नीमा अन्तर छैन, दुवै एकै व्यक्ति हुन्

एतावानेव पुरुषो यज् जायाऽऽत्मा प्रजेति ह।
विप्राः प्राहुस् तथा चैतद् यो भर्ता सा स्मृताऽङ्गना॥–मनुस्मृति ९।४५।

पत्नी, आफू (आफ्नो शरीर) र सन्तान यी तीनै मिलेर सिङ्गो पुरुष बन्दछ भनेर वेदका ज्ञाता विद्वान्हरू भन्दछन्। अर्थात् जो भर्ता (पति) हो, त्यही नै भार्या (पत्नी) हो (यी दुईमा केही पनि भेद [अन्तर] छैन)।

पत्नीविना धर्मकर्म गर्न सकिँदैन

अयज्ञो वा एषः। योऽपत्नीकः। न प्रजाः प्रजायेरन्।—तैत्तिरीय ब्रा.२।२।२।६, ३।३।३।१।

जुन पुरुष पत्नीरहित छ, त्यो पुरुष यज्ञबाट अर्थात् धर्मकार्यबाट रहित हुन्छ। साथै उसका सन्तति पनि उत्पन्न हुँदैनन्।

पत्नी मित्र हो

पत्नी हि सर्वस्य मित्रम्।—तैत्तिरीय-संहिता ६।२।९।२।

पत्नी नै सबैकी मित्र हो।

सखा ह जाया।—ऐतरेयि(य)-ब्राह्मण ३३।१।

पत्नी सखा (साथी) हो।

अर्धं भार्या मनुष्यस्य भार्या श्रेष्ठतमः सखा।
भार्या मूलं त्रिवर्गस्य भार्या मूलं तरिष्यतः॥—महाभारत, आदिपर्व ७४।४१।

पत्नी पुरुषको आधा भाग (शरीर) हो। पत्नी पुरुषको सबैभन्दा उत्तम (श्रेष्ठ) साथी पनि हो। पत्नी धर्म, अर्थ र काम यी तीन पुरुषार्थको मूल कारण पनि हो। पत्नी संसार तर्न चाहने व्यक्तिका कर्महरूको मूल पनि हो।

पत्नीहरू लक्ष्मी हुन्

श्रिया वा एतद् रूपम्, यत् पत्नयः।—तैत्तिरीय-ब्राह्मण ३।९।४।७–८।

श्रियै वा एतद् रूपं यत् पत्न्यः।—मा.वा.शतपथ-ब्राह्मण १३।२।६।७।

पत्नीहरू श्रीका (लक्ष्मीका) रूप हुन् (अर्थात् पत्नीहरू गृहलक्ष्मी हुन्)।

चरित्रवती स्त्रीहरू लक्ष्मी हुन्

श्रिय एताः स्त्रियो नाम सत्कार्या भूतिमिच्छता।
पालिता निगृहीता च स्त्री श्रीर् (श्रीः स्त्री) भवति भारत॥

—महाभारत, अनुशासनपर्व ४६।१५।

स्त्री भनेका लक्ष्मी (श्री) हुन्। ऐश्वर्य (धन-सम्पत्ति) चाहने व्यक्तिबाट यिनीहरू सत्कार गरिन योग्य हुन्। हे युधिष्ठिर, स्नेहले लालन-पालन गरिएकी तथा अनुशासनद्वारा नियन्त्रित (सदाचारमा राखिएकी) स्त्री नै लक्ष्मी (श्री) हुन्छे।

स्त्रीहरू लक्ष्मी हुन्, उनीहरूको सत्कार गर्नुपर्छ

प्रजनार्थं महाभागाः पूजार्हा गृहदीप्तयः।
स्त्रियः श्रियश् च गेहेषु न विशेषोऽस्ति कश्चन॥–मनुस्मृति ९।२६।

प्रजननकार्यजस्तो अत्यन्त महत्त्वपूर्ण कार्य गर्ने सौभाग्यवती स्त्रीहरू सत्कारका हकदार (सत्कारयोग्य) छन् र उनीहरू घरका शोभा (घरलाई उज्यालो पार्ने) पनि हुन्। घरका स्त्री र श्री(लक्ष्मी)मा कुनै फरक (अन्तर) छैन, अर्थात् जसरी लक्ष्मीविना घरको शोभा हुँदैन, त्यसरी नै स्त्री(पत्नी)विना पनि घरको शोभा हुँदैन।

पतिव्रता सती स्त्रीको पावनता

गायत्री तु यथा राम यथा गङ्गा सरिद्वरा।
पावनी कीर्तनादेव तथा साध्वी वराङ्गना॥–विष्णुधर्मोत्तरपुराण २।३३।१५।

हे राम, जसरी गायत्री मन्त्र र नदीहरूमा श्रेष्ठ गङ्गा उच्चारणले मात्र पनि व्यक्तिलाई पवित्र गराउनेवाला हुन्छन्, त्यसरी नै सती साध्वी स्त्री पनि नामोच्चारणले मात्रै पनि व्यक्तिलाई पवित्र गराउनेवाला हुन्छे।

बुहारीलाई आदरका साथ पालनपोषण गर्नुपर्छ

पुत्राधिकाश् च दौहित्रा भागिनेयाश् च भ्रातरः।
कन्याधिकाः पालनीया भ्रातृभार्या स्नुषा स्वसा॥–शुक्रनीति ३।१६८।

छोरीका छोरा, भानिज र भाइहरूलाई आफ्ना छोरालाई भन्दा तथा भाइबुहारी, बुहारी र बहिनीहरूलाई आफ्ना छोरीलाई भन्दा बढी आदर गरेर पालनपोषण गर्नुपर्छ।

छोरी-बुहारीहरूलाई दुर्वचनले पीडित गर्न हुँदैन

षोडशाब्दात् परं पुत्रं द्वादशाब्दात् परं स्त्रियम्।
न ताडयेद् दुष्टवाक्यैः पीडयेन् न स्नुषादिकम्॥–शुक्रनीति ३।१६७।

सोह्र वर्ष पुगेका छोरालाई र बाह्र वर्ष पुगेकी स्त्रीलाई (छोरीलाई) च्वास्स बिझ्ने दुर्वचनले ताडित (पीडित) नगरोस्, त्यसै गरी बुहारी इत्यादिलाई पनि दुर्वचनले पीडित नगरोस्।

पुरुषले नारीको सत्कार गर्नुपर्छ

पितृभिर् भ्रातृभिश् चैताः पतिभिर् देवरैस् तथा।
पूज्या भूषयितव्याश् च बहु कल्याणमीप्सुभिः॥
–मनुस्मृति ३।५५ (द्र.– याज्ञवल्क्य.१।८२, अनुशासनपर्व ४६।३)।

आफ्नो अधिक कल्याण चाहने बाबुबाजेहरूले, दाजुभाइहरूले, पतिससुराहरूले र देवर-जेठाजुहरूले पनि स्त्रीहरूको आदर-सत्कार गर्नुपर्छ तथा उनीहरूलाई वस्त्र र अलङ्कारले (लुगाफाटो र गरगहनाले) भूषित गर्नुपर्छ (सिँगार्नुपर्छ)।

नारीको सत्कार गरे देवता प्रसन्न हुन्छन्

यत्र नार्यस् तु पूज्यन्ते रमन्ते तत्र देवताः।
यत्रैतास् तु न पूज्यन्ते सर्वास् तत्राऽफलाः क्रियाः॥—मनुस्मृति ३।५६।

जहाँ नारीहरूको आदर-सत्कार गरिन्छ, त्यहाँ देवताहरू रमाउँदछन् (प्रसन्न हुन्छन्)। जहाँ यिनीहरूको आदर-सत्कार गरिँदैन, त्यहाँ सम्पूर्ण (धार्मिक) कार्यहरू निष्फल हुन्छन्।

स्त्रीहरूलाई शोकग्रस्त पार्नुहुँदैन

शोचन्ति जामयो यत्र विनश्यत्याशु तत् कुलम्।
न शोचन्ति तु यत्रैता वर्धते तद् धि सर्वदा॥—मनुस्मृति ३।५७।

जुन कुलमा (वंशमा) स्त्रीहरू (पत्नी, दिदीबहिनी, छोरी र बुहारीहरू) शोक गर्दछन्, त्यो कुल छिटै नष्ट हुन्छ। जुन कुलमा यिनीहरू शोक गर्दैनन्, त्यो कुलचाहिँ सधैँ उन्नत हुँदै जान्छ।

पत्नी-दिदीबहिनी-छोरीबुहारीहरूले सरापेका कुल नष्ट हुन्छन्

जामयो यानि गेहानि शपन्त्यप्रतिपूजिताः।
तानि कृत्याहतानीव विनश्यन्ति समन्ततः॥—मनुस्मृति ३।५८।

आदर-सत्कार नगरिएका स्त्रीहरूले (पत्नी-दिदीबहिनी-छोरीबुहारीहरूले) जुन घरहरूलाई (कुलहरूलाई) सराप्छन्, ती घरहरू अभिचारकर्मले नाश भएझैँ चारैतिरबाट नष्ट हुन्छन्।

स्त्रीलाई दीप्तियुक्त पार्नुपर्छ

स्त्रियां तु रोचमानायां सर्वं तद् रोचते कुलम्।
तस्यां त्वरोचमानायां सर्वमेव न रोचते॥—मनुस्मृति ३।६२।

स्त्री शोभित हुँदा (प्रसन्न हुँदा) त्यो पूरै कुल (वंश) शोभित (उज्ज्वल) हुन्छ। स्त्री मलिन (अशोभित) हुँदा त पूरै कुल फिक्का हुन्छ।

विवाहमा वधूलाई सम्मुख राखेर वरबाट पढिने मन्त्र

समञ्जन्तु विश्वेदेवाः समापो हृदयानि नौ।
सं मातरिश्वा सं धाता समु देष्ट्री दधातु नौ॥

—ऋग्वेद १०।८५।४७; पारस्कर-गृह्यसूत्र १।४।१४; इ.।

हे कन्या, सबै देवताले र जलदेवताले पनि हामी दुईको (पति र पत्नी हुन खोजेका हामी दुईको) हृदयलाई (मनलाई) सुसंस्कृत गराऊन्। त्यसै गरी वायु, विधाता (प्रजापति) र सरस्वतीले हामी दुईको हृदयलाई परस्पर जोडून् (अनुकूल गराऊन्)।

विवाहमा पाणिग्रहण गर्दा पढिने मन्त्रहरू

गृभ्णामि ते सौभगत्वाय हस्तं मया पत्या जरदष्टिर् यथाऽसः।
भगोऽर्यमा सविता पुरन्धिर् मह्यं त्वाऽदुर् गार्हपत्याय देवाः॥

—ऋग्वेद-संहिता १०।८५।३६, छान्दोग्य-ब्राह्मण १।२।१६, इत्यादि।

अमोऽहमस्मि सा त्वं सा त्वमस्यमोऽहम्।
सामाऽहमस्मि ऋक् त्वं द्यौरहं पृथिवी त्वम्॥
तावेहि विवहावहै सह रेतो दधावहै।
प्रजां प्रजनयावहै पुत्रान् विन्द्यावहै बहून्। ते सन्तु जरदष्टयः॥
सम्प्रियौ रोचिष्णू सुमनस्यमानौ।
पश्येम शरदः शतं जीवेम शरदः शतं शृणुयाम शरदः शतम्॥

—पारस्कर-गृह्यसूत्र १।६।३।

हे कुमारी, सौभाग्यका निम्ति म तिम्रो (बूढीऔंलोसहित दाहिने) हात समाउँदछु (पाणिग्रहण गर्दछु)। पतिका रूपमा मलाई स्वीकार गरेर तिमी मसित बूढी भइन्जेलसम्म रहू। भग, अर्यमा, सविता र पूषा देवताले तिमीलाई गृहस्थधर्म पालन गर्न मेरा निमित्त दिएका हुन्। म प्राण हुँ तिमी वाक् (वाणी) ह्वौ, म साम हुँ तिमी ऋक् ह्वौ, म द्युलोक हुँ तिमी पृथिवी ह्वौ। आऊ हामी विवाह गरौं, हामी दुई संयुक्त भएर वीर्य(गर्भ)धारण गरौं, सन्तान जन्माऔं, धेरै छोरा-नाति प्राप्त गरौं, ती बूढा भइन्जेलसम्म बाँचून्। हामी पतिपत्नी परस्परमा अनुरक्त भएर दीप्तियुक्त हुँदै तथा सौमनस्य राखेर सय वर्षसम्म हेरौं, सय वर्षसम्म बाचौं, सय वर्षसम्म सुनौं (अर्थात् सय वर्षसम्म मिलेर रहौं)।

कुमारीहरूको माइतीबाट छुटकारा पाउने आकाङ्क्षा

त्र्यम्बकं यजामहे सुगन्धिं पतिवेदनम्।
उर्वारुकमिव बन्धनादितो मुक्षीय माऽमुतः॥—मा.वा.शुक्लयजुर्वेदसंहिता ३।६०।

हामी कुमारी कन्याहरू पति प्राप्त गराइदिने दिव्यगन्धयुक्त त्र्यम्बकलाई (तीन नेत्र भएका रुद्र देवलाई) पूजा गर्दछौं। रुद्रको प्रसादले हामी यताबाट (बाबुआमा र दाजुभाइबाट [माइतीबाट]) पाकेको ऐरेलुले (एक प्रकारको फलले) भेट्नाबाट छुटकारा पाएझैं छुटकारा पाउन सकौं, उताबाट (विवाहपछि हुने भावी पतिकुलबाट) भने कहिल्यै छुट्टिन नपरोस्।

विवाहमा लाबा होम्दा कुमारीले [दुलहीले] पढ्ने मन्त्रहरू

अर्यमणं देवं कन्या अग्निमयक्षत।
स नो अर्यमा देवः प्रेतो मुञ्चतु मा पतेः स्वाहा॥—पारस्कर-गृह्यसूत्र १।६।२।

कन्याहरूले अग्निस्वरूप सूर्यदेवलाई (पति पाउनका निम्ति) पूजा गरे। पूजित सूर्यदेवले हामीलाई यताबाट (पितृकुलबाट [माइतीबाट]) मुक्त गरून्, पतिबाट चाहिँ मुक्त नगरून्। यो हवि अग्निलाई प्रदान गर्छु (समर्पण गर्दछु)।

इयं नार्युपब्रूते लाजानावपन्तिका।
आयुष्मानस्तु मे पतिरेधन्तां ज्ञातयो मम स्वाहा॥—पारस्कर-गृह्यसूत्र १।६।२।

यी नारी (अग्निमा) लाबा होम्दै पतिको नजिकै बसेर बोल्दछिन् (म दुलही बोल्दछु)— मेरा पति आयुष्मान् (चिरञ्जीवी) होऊन्, मेरा बन्धुहरू (इष्टमित्रहरू) बढून्। यो हवि अग्निलाई प्रदान गर्छु (समर्पण गर्दछु)।

इमाल्ँ लाजानावपाम्यग्नौ समृद्धिकरणं तव।
मम तुभ्य च संवननं तदग्निरनुमन्यतामियं स्वाहा॥—पारस्कर-गृह्यसूत्र १।६।२।

हे पति, तपाईंका समृद्धिको कारण भएका यी लाबाहरूलाई म अग्निमा हवन गर्दछु। त्यसैले मेरो र तपाईंको परस्पर अनुरागको कारण भएको यस हवनलाई अग्निदेवले अनुमोदन गरून्। यो हवि अग्निलाई प्रदान गर्छु (समर्पण गर्दछु)।

विवाहमा वरले वधूको हृदय स्पर्श गर्दा पढ्ने मन्त्र

मम व्रते ते हृदयं दधामि मम चित्तमनु चित्तं ते अस्तु।
मम वाचमेकमना जुषस्व प्रजापतिष् ट्वा नियुनक्तु मह्यम्॥

—पारस्कर-गृह्यसूत्र १।८।५।

हे वधू, मेरा व्रतमा (शास्त्रोक्त नियममा) तिम्रो हृदय(मन)लाई स्थापित गर्दछु। मेरो चित्तको पछिपछि तिम्रो चित्त होस् (लागोस्)। मेरो वाणीलाई एकचित्त भएर अनुसरण गर। प्रजापतिले तिमीलाई मेरा निम्ति (मेरा शास्त्रोक्त धर्माचरणका निम्ति) नियुक्त गरून्।

विवाहमा चतुर्थी गर्दा प्रयोग गरिने मन्त्र (पतिपत्नीको एकीकरण)

प्राणैस् ते प्राणान् सन्दधाम्यस्थिभिरस्थीनि मांसैर् मांसानि त्वचा त्वचम्।

—पारस्करगृह्यसूत्र १।११।५।

हे वधू (दुलही), मेरा (पतिका) प्राणसित तिम्रा प्राणलाई, मेरा हाडहरूसित तिम्रा हाडहरूलाई, मेरा मासुसित तिम्रा मासुलाई र मेरा छालासित तिम्रा छालालाई संयुक्त गराउँदछु (मिलाउँदछु, एकीकरण गर्दछु)।

धर्मविवाहको विच्छेद हुँदैन

अमोक्षो धर्मविवाहानाम्।—कौटलीय अर्थशास्त्र ३।३।

धार्मिक विधिले (अग्नि र ब्राह्मणलाई साक्षी राखेर वरवधूका प्राण, हाड, मासु र छालाको एकीकरण हुने गरी शास्त्रोक्त विधि पूर्ण गरेर) गरिएको विवाहको शास्त्रीय रूपमा कहिल्यै पनि विच्छेद हुँदैन।

पतिपत्नीको विभाजन हुँदैन

जायापत्योर् न विभागो विद्यते, पाणिग्रहणाद् धि सहत्वं कर्मसु, तथा पुण्यफलेषु, द्रव्यपरिग्रहेषु च, न हि भर्तुर् विप्रवासे नैमित्तिके दाने स्तेयमुपदिशन्ति।

—आपस्तम्ब-धर्मसूत्र २।६।२(१४)।१६–२०।

पत्नी र पतिको विभाजन हुँदैन, उनीहरूको पाणिग्रहणबाट (विवाहबाट) नै सबै काममा, पुण्यजनक कर्मका फलमा र धनका स्वामित्वमा समेत सहभागिता हुन्छ, त्यसैले पति विदेश गएका वेलामा पत्नीले उचित निमित्त खडा हुँदा कसैलाई दान दिएका खण्डमा कसैले त्यसलाई चोरी भन्दैन।

पतिपत्नीले परस्पर अतिक्रमण गर्न हुँदैन

या च (यदा?) भार्या च भर्ता च परस्परमनुव्रतौ।
तदा धर्मार्थकामानां त्रयाणामपि सङ्गतम्॥—मार्कण्डेयपुराण १९।७०–७१।

जब पत्नी र पति दुवै परस्परमा एक-अर्कालाई उल्लङ्घन (अतिक्रमण) नगर्ने हुन्छन्, तब धर्म, अर्थ र काम यी तीनै पुरुषार्थको सङ्गति (सम्प्राप्ति हुन्छ)।

परस्पराऽतिक्रमणं दम्पत्योः परिवर्जयेत्।
निष्कारणं तथा राम न कार्यमधिवेदनम्॥—विष्णुधर्मोत्तरपुराण २।८७।४१।

हे राम, दम्पतीले परस्परमा अतिक्रमण गर्न हुँदैन, त्यस्तै समुचित कारणविना पत्नीमाथि सौता हाल्न पनि हुँदैन।

पतिपत्नीले परस्पर अनुराग बढ्ने काम गर्नुपर्छ

स्वर्गेऽपि दुर्लभं ह्येतदनुरागः परस्परम्।
रक्तमेकं विरक्तं तु तस्मात् कष्टतरं नु किम्॥

—दक्षस्मृति ४।५ (स्मृतिसमुच्चय, पृ.७९)।

पतिपत्नीको एकआपसमा अनुराग (प्रेम) हुनु स्वर्गमा पनि दुर्लभ (पाइनसक्नु साह्रै ठूलो) कुरा हो। दुईमध्ये एकको अर्कामा अनुराग हुनु तर अर्को ऊप्रति विरक्त हुनुचाहिँ अत्यन्त कष्टकर कुरा हो (तसर्थ पतिपत्नीले परस्पर अनुराग बढ्ने व्यवहार गर्नुपर्छ)।

पतिपत्नी परस्परमा सन्तुष्ट हुँदा कल्याण हुन्छ

यत्र तुष्यति भर्त्रा स्त्री स्त्रिया भर्ता च तुष्यति।
तत्र वेश्मनि कल्याणं सम्पद्येत पदेपदे॥—स्कन्दपुराण, काशीखण्ड ४०।६०।

जुन घरमा पतिबाट पत्नी सन्तुष्ट हुन्छे तथा पत्नीबाट पति पनि सन्तुष्ट हुन्छ, त्यस घरमा पाइलैपिच्छे (सबै कर्मबाट) कल्याण प्राप्त हुन्छ।

गृहिणी नै घर हो

न गृहं गृहमित्याहुर् गृहिणी गृहमुच्यते।
गृहं तु गृहिणीहीनमरण्यसदृशं मतम्॥—महाभारत, शान्तिपर्व १४४।६।

वास्तवमा गृहलाई (घरलाई) गृह भनिँदैन, गृहिणीलाई (पत्नीलाई) गृह भनिन्छ, गृहिणी नभएको गृह त वनजस्तै हो।

गृहिणी भए रूखको फेद पनि घर हो

वृक्षमूलेऽपि दयिता यस्य तिष्ठति तद् गृहम्।
प्रासादोऽपि तया हीनः कान्तार इति निश्चितम्॥—महाभारत, शान्तिपर्व १४४।१२।

रूखमुनि पनि जसकी दयिता (पत्नी) रहन्छे, त्यो घर हो। दयिता नभएको विशाल भवन (दर्बार) पनि वन हो भन्ने कुरा निश्चित छ।

पतिपत्नीसम्बन्धको आदर्श स्वरूप

प्रेयो मित्रं बन्धुता वा समग्रा सर्वे कामाः शेवधिर् जीवितं वा।
स्त्रीणां भर्ता धर्मदाराश् च पुंसामित्यन्योन्यं वत्सयोर् ज्ञातमस्तु॥

—मालतीमाधव (संस्कृत-नाटक) ६।१८।

स्त्रीका निम्ति पति र पुरुषका निम्ति धर्मपत्नी प्रियतम (सबैभन्दा प्यारो) मित्र, बन्धुहरूको पुञ्ज (समूह), सम्पूर्ण काम्य (अभिलाषा गरिएका) वस्तुहरूको राशि, सम्पूर्ण सम्पत्तिको निधि (खजाना) र जीवन (जीवनको आधार) पनि हो भन्ने कुरा नानीबाबु (मालती र माधव) तिमीहरू दुईलाई परस्परमा ज्ञात होस्।

पत्नी देवताले दिएर मात्र पाइन्छ

देवदत्तां पतिर् भार्यां विन्दते नेच्छयाऽऽत्मनः।
तां साध्वीं बिभृयान् नित्यं देवानां प्रियमाचरन्॥—मनुस्मृति ९।९५।

पतिले आफ्ना इच्छाले पत्नी पाउँदैन, देवताले दिएकी पत्नी मात्र उसले पाउँछ। त्यस कारण पतिले देवतालाई प्रिय लाग्ने आचरण गर्दै सधैँ सती साध्वी पत्नीलाई भरणपोषण गरोस्।

पत्नीबाट पतिको पुनर्जन्म

पतिर् जायां प्रविशति गर्भो भूत्वा स मातरम्।
तस्यां पुनर् नवो भूत्वा दशमे मासि जायते।
तज् जाया जाया भवति यदस्यां जायते पुनः॥—ऐतरेयि(य)-ब्राह्मण ३३।१।

गर्भको रूप लिएर पति माताको रूप लिएकी पत्नीमा प्रवेश गर्छ। फेरि त्यहाँ नयाँ स्वरूप ग्रहण गरेर दशौँ महिनामा जन्मन्छ। पति नै फेरि पत्नीबाट जन्मने हुनाले पत्नीलाई जाया भनिएको हो।

पुत्रवती धर्मपत्नीलाई आमालाई झैँ आदर गर्नुपर्छ

आत्माऽऽत्मनैव जनितः पुत्र इत्युच्यते बुधैः।
तस्माद् भार्यां पतिः पश्येन् मातृवत् पुत्रमातरम्॥—महाभारत, आदिपर्व ७४।४८।

आफैँले जन्माएको आफू विद्वान्हरूबाट पुत्र (छोरो) भनिन्छ। त्यसैले पुत्रकी माता (आमा) भएकी (पुत्रवती) धर्मपत्नीलाई पतिले आफ्नै मातालाई जस्तो गरी आदरपूर्ण दृष्टिले हेरोस्।

पत्नीको महत्त्व

भर्तव्या रक्षितव्या च भार्या हि पतिना सदा।
धर्माऽर्थकामसंसिद्ध्यै भार्या भर्तुः सहायिनी॥—मार्कण्डेयपुराण १९।६९–७०।

पतिले पत्नीको भरणपोषण र रक्षा पनि गर्नुपर्दछ। धर्म, अर्थ र काम यी तीन पुरुषार्थ सिद्ध गर्न पत्नी पतिकी सहायिका हुन्छे।

पत्नीविना देवकार्य-पितृकार्य पनि गर्न सकिँदैन

देवता-पितृ-भृत्यानामतिथीनां च पूजनम्।
न पुम्भिः शक्यते कर्तुमृते भार्यां नृपात्मज॥—मार्कण्डेयपुराण १९।७३–७४।

हे राजपुत्र, पत्नीविनाको एक्लो पुरुषद्वारा देवता, पितृ, भृत्य (भरणपोषण गर्नुपर्ने व्यक्ति) र अतिथिहरूको पूजासत्कार गर्न पनि सकिँदैन।

पत्नीसित पतिको व्यवहार

भोजनाऽऽच्छादनैः पुष्पभूषणाद्यैर् निजस्त्रियम्।
आलापैस् सरसैर् नित्यं तोषयेत् तां शपेन् न च॥
—शाण्डिल्यस्मृति ३।१५६ (स्मृतिसन्दर्भ–५, पृ.२८२७)।

पतिले पत्नीलाई राम्रो भोजन (खाना), वस्त्र (लुगाफाटो), पुष्प (फूल), आभूषण (गरगहना) इत्यादि दिएर र रसिला बातचित गरेर सधैँ सन्तुष्ट राख्न पर्छ, सराप्न हुँदैन।

धर्मपत्नीलाई त्याग्न हुँदैन

पतिव्रतां साधुशीलामूढां धर्मेषु निश्चलाम्।
परित्यजन्ति ये मूढास्तेषां वासस्तु सन्ततम्॥—गरुड पु., प्रेतकल्प ४७।१० (पृ.४७१)।

पतिव्रता, साध्वी र धर्मशीला विवाहिता धर्मपत्नीलाई जसले त्याग गर्छ, त्यसको सधैँ नरकको वैतरणी नदीमा वास हुन्छ।

विवाह गरेर पतिगृह जान लागेकी छोरीलाई आशीर्वाद

सम्राज्ञी श्वशुरे भव सम्राज्ञी श्वश्र्वां भव।
ननान्दरि सम्राज्ञी भव सम्राज्ञी अधि देवृषु॥

—ऋग्वेद १०।८५।४६, छान्दोग्य-ब्राह्मण १।२।२०, इत्यादि।

हे वधू, तिमी ससुराका सामु राम्ररी विराजमान (दीप्तिमती) होऊ, तिमी सासूका सामु राम्ररी विराजमान होऊ, तिमी नन्दका सामु राम्ररी विराजमान होऊ, तिमी देवरहरूका सामु राम्ररी विराजमान होऊ; (तिमी आफ्ना घरमा सबैका अघिल्तिर दीप्तियुक्त, स्नेहपात्र, आदरणीय र अपरिहार्य सहयोगिनी भएर रहू)।

वर र वधूलाई आशीर्वाद

इहैव स्तं मा वि यौष्टं विश्वमायुर् व्यश्नुतम्।
क्रीडन्तौ पुत्रैर् नप्तृभिर् मोदमानौ स्वे गृहे॥

—ऋग्वेद १०।८५।४२, द्र.– अथर्ववेद १४।१।२२।

हे वर-वधू, तिमीहरू यहीं (यसै लोकमा) रहे (अर्थात् तिमीहरूले असमयमै परलोक जान नपरोस्)। तिमीहरूको कहिल्यै वियोग (विछोड) नहोओस् (छुट्टिएर कहिल्यै बस्न नपरोस्)। सम्पूर्ण आयु उपभोग गरे (पूर्ण जीवन बाँचे)। आफ्ना घरमा छोराछोरी र नातिनातिनासित खेल्दै-रमाउँदै बसे।

पत्नीको स्वामित्व

पत्नी हि (वै) पारीणह्यस्येशे।—तैत्तिरीय-संहिता ६।२।१।१, मैत्रायणीय सं. ३।७।९, काठक सं.२४।८।(१८), कपिष्ठलकठ सं.३८।१।(१)।

पत्नी सम्पूर्ण घरेलु सामग्रीकी स्वामिनी (मालिक्नी) हो।

ब्रह्मचर्यको महत्त्व

ब्रह्मचर्येण कन्या युवानं विन्दते पतिम्।—अथर्ववेद-संहिता ११।५।१८।

कन्याले ब्रह्मचर्यव्रतको पालन गरेर युवक पति प्राप्त गर्दछे।

दुलहीको सम्मान

... सर्वैरेव वध्वा ऊह्यमानायै।—वासिष्ठ धर्मशास्त्र (वसिष्ठ-धर्मसूत्र) १३।६०।

धर्मविवाहमा संलग्न वधूलाई (दुलहीलाई) सम्मान गरेर सबैले (राजाले पनि) बाटो छोड्न पर्छ।

परिशिष्ट–२

केही महत्त्वपूर्ण विशेष शब्दहरू

अर्थ– अर्थ भनेको धन हो। धनको आर्जन पनि एउटा पुरुषार्थ हो। अर्थविना लौकिक जीवन र धार्मिक कार्य पनि चल्न नसक्ने हुनाले अर्थको महत्त्व धेरै छ। किन्तु धर्मसित विरोध नपर्ने गरेर मात्र अर्थोपार्जन गर्नु वैदिक परम्पराको विशेषता हो। अन्यथा चोरी, डकैती, हिंसा र भ्रष्टाचार गरेर गरिएको अर्थोपार्जन पनि पुरुषार्थ ठहर्न जाला (हेर्नुहोस् 'पुरुषार्थ')।

अर्थकामपरायण– जसरी भए पनि धन कमाउने र त्यसबाट भौतिक सुखसुविधाको उपभोग गर्ने मात्र ध्याउन्न भएका, धर्ममोक्षभावना नभएका व्यक्तिहरू अर्थकामपरायण भनिन्छन्। त्यसैले त्यस्ता व्यक्तिहरू अन्यायपूर्वक धन कमाउन र अनुचित ढङ्गबाट सुखभोग गर्न पनि पछि पर्दैनन्। भ्रष्टाचारी र अनियन्त्रित खुला यौनव्यवहार गर्ने व्यक्ति पनि यसै वर्गभित्र पर्दछन्। आजभोलि समाजमा अर्थकामपरायण व्यक्तिकै बाहुल्य रहेको देखिन्छ। त्यस्ता व्यक्तिबाट समाजमा सत्य, न्याय र सदाचारका पक्षमा वास्तविक काम हुन सक्ने देखिँदैन (हेर्नुहोस् 'धर्ममोक्षपरायण')।

आचार्य– वेद-वेदाङ्गादि सम्पूर्ण वैदिक शास्त्रको शास्त्रीय धार्मिक विधिले अध्यापन गर्ने शास्त्रीय रूपमा अधिकारी विशिष्ट गुरुलाई आचार्य भन्दछन्।

ऋषि– आफ्ना दिव्य (असाधारण, अलौकिक) दृष्टिले वेदमन्त्रको साक्षात्कार गर्ने (धर्मतत्त्वको साक्षात्कार गर्ने) प्राचीन विशिष्ट पुरुष तथा महिलालाई ऋषि भन्दछन्। त्यस्ता ऋषिका उपदेश वास्तवमै लोककल्याणका दृष्टिले महत्त्वपूर्ण देखिन्छन्। तिनका उपदेशमा अन्तर्निहित तत्त्व र भावनाको अनुसरण गरेमा लोककल्याणको अभिवृद्धि हुन सक्ने देखिन्छ।

काम– भौतिक सुविधाको उपभोगबाट र स्त्रीपुरुषको सहवासबाट प्राप्त हुने सुख काम पुरुषार्थ हो। कामविना लौकिक जीवन र सृष्टिचक्र पनि नचल्ने हुनाले काम पुरुषार्थ पनि महत्त्वपूर्ण मानिन्छ। किन्तु धर्मको अविरोधी रूपमा मात्र कामको सेवन गर्नु वैदिक जीवनपद्धतिको विशेषता हो। त्यसैले श्रीमद्भगवद्गीतामा **"धर्माऽविरुद्धो भूतेषु कामोऽस्मि भरतर्षभ"** (७।११) भनिएको हो। अन्यथा अन्यायले आर्जन गरेको धनबाट गरिने सुखभोग र परस्त्रीगमन, वेश्यागमन वा अनियन्त्रित खुला यौनव्यवहार पनि काम पुरुषार्थभित्रै मानिएलान् (हेर्नुहोस् 'पुरुषार्थ')।

कुलवधू– उच्च कुलकी चरित्रवती विवाहिता स्त्रीलाई कुलवधू भन्दछन्। कुलवधूको आचार-विचार र वेषभूषा मर्यादित र शालीन हुने हुनाले उनीहरूको वैदिक समाजमा उच्च र आदरणीय स्थान रहन्छ र उनीहरू उदाहरणीय पनि बन्दछन्।

कुलवृद्ध– आआफ्ना कुलका लोक-शास्त्र-धर्मज्ञ, शास्त्रधर्मरक्षापरायण बूढापाका तथा मान्य व्यक्तिहरूलाई कुलवृद्ध भन्दछन्। आआफ्ना समाजका कुलवृद्धका निर्देशनमा धार्मिकसांस्कृतिक कार्य गर्न उचित मानिन्छ।

जीन् (Gene)– जीवकोषको (सेल्को) केन्द्रिकाको (न्यूक्लिअस्को) रेशामा (क्रोमसोम्मा) रहेको डी.एन्.ए.को एउटा आनुवंशिक एकाइलाई जीन् भन्दछन्। मानव-जीन्ले प्रोटिन्को रचनामा नियन्त्रण गरी बाबु-बाजेहरूबाट आएका आनुवंशिक निश्चित गुणहरूलाई नियन्त्रण गर्दछ (हेर्नुहोस् 'डी.एन्.ए.')।

टीका– कुनै ग्रन्थको अर्थ र तात्पर्य स्पष्ट गर्न सङ्क्षिप्त रूपले गरिएको व्याख्यालाई टीका भन्दछन्।

डी.एन्.ए. (DNA) [Deoxyribonucleic acid]– आनुवंशिक गुणको र जीवकोषको (सेल्को) सम्पूर्ण प्रक्रियाको निर्धारण र नियन्त्रण गर्ने तत्त्वलाई सङ्क्षेपमा डी.एन्.ए. भन्दछन्। यो तत्त्व जीवकोषको केन्द्रिकाको (न्यूक्लिअस्को) रेशामा (क्रोमसोम्मा) रहेको हुन्छ (हेर्नुहोस् 'जीन्')।

दायभाग– अंशभाग, अंशबण्डा वा धनको विभागलाई दायभाग भन्दछन्। अंशबण्डासम्बन्धी विषयको विवेचना गरिएको संस्कृतको एउटा प्रसिद्ध ग्रन्थको नाम पनि दायभाग राखिएको छ।

द्विजाति– एक पटक आमाको गर्भबाट र अर्को पटक उपनयन (व्रतबन्ध) संस्कारबाट गरी दुई पटक जन्म हुने व्यक्ति द्विजाति भनिन्छ। शुद्धकुलीन ब्राह्मण, क्षत्रिय र वैश्यको द्वितीय जन्मका लागि धार्मिक उद्देश्यले वेद पढ्न उपनयन गरिन्छ। यिनलाई द्विजाति र द्विज पनि भन्दछन्। द्विज-शब्दले मुख्य रूपमा ब्राह्मण भन्ने पनि बुझाउँछ।

धर्म– वेदादिशास्त्रले गर्नू भनेको कार्य गर्नु र नगर्नू भनेको कुरा नगर्नु नै धर्म हो भनी वैदिक धर्मको लक्षण ऋषिमुनिहरूले उल्लेख गरेको देखिन्छ। चार पुरुषार्थमध्ये धर्म महत्त्वपूर्ण पुरुषार्थ मानिन्छ। धर्मको आचरणबाट व्यक्तिको मानसिक र आध्यात्मिक उन्नति हुनका साथै सामाजिक व्यवस्था पनि सुदृढ हुने देखिन्छ। तसर्थ धर्मलाई भौतिकवादीहरूले हेर्ने गरेको दृष्टिकोण एकाङ्गी र त्रुटिपूर्ण रहेको कुरा स्पष्ट हुन्छ। धर्मभावनाको अभावमा समाजमा अन्याय, अत्याचार, दुराचार, भ्रष्टाचार, हिंसा, चोरी, डकैती, बलात्कार इत्यादि बढ्ने र त्यसलाई नियन्त्रण गर्न पनि कठिन हुने स्थिति देखिन्छ। त्यसैले नै धर्मको आचरण नगर्ने व्यक्ति पशुतुल्य हुन्छ भनिएको हो। जस्तै–

आहार-निद्रा-भय-मैथुनं च सामान्यमेतत् पशुभिर् नराणाम्।
धर्मो हि तेषामधिको विशेषो ***धर्मेण हीनाः पशुभिः समानाः*** ॥–हितोपदेश, प्रस्ता., श्लो.२५।

धर्मपत्नी– अग्नि र ब्राह्मणलाई साक्षी राखेर वैदिक मन्त्रद्वारा वर-वधूको प्राण, हाड, मासु र छालाको समेत एकीकरण हुने गरेर तथा जन्मजन्मान्तरसम्म पनि साथ रहने (कहिल्यै पनि विच्छेद नहुने) गरेर गरिएको विवाह(धर्मविवाह)द्वारा संस्कार गरिएकी आफ्नै जातिकी पत्नीलाई धर्मपत्नी भन्दछन्। यस्ती पत्नीको वैदिक धर्ममा अत्यन्त आदरणीय स्थान र मान्यता रहेको देखिन्छ।

धर्ममोक्षपरायण– धर्मको आचरणद्वारा मोक्ष प्राप्त गर्ने मुख्य लक्ष्य लिएका तथा अर्थ र काम पुरुषार्थको सेवन धर्मको अविरोधी रूपमा मात्र (बर्ता आसक्त नभैकन) गर्ने व्यक्तिहरू धर्ममोक्षपरायण भनिन्छन्। त्यस्ताको नियम **"परित्यजेदर्थकामौ यौ स्यातां धर्मवर्जितौ"** (मनु.४।१७६) भनी शास्त्रमा देखाइएको छ। त्यस्ता व्यक्ति नै वास्तवमा

सत्य र न्यायका पक्षपाती तथा अन्याय, अत्याचार, शोषण इत्यादिका विरोधी हुन सक्छन्, अर्थकामपरायण व्यक्ति त्यस्ता हुन सक्तैनन् (हेर्नुहोस् 'अर्थकामपरायण')।

नैष्ठिक ब्रह्मचर्य– ब्रह्मचर्य आश्रमबाट अन्य कुनै पनि आश्रममा नजाने (ब्रह्मचर्यमै रहने) गरी आजीवन पालन गरिने ब्रह्मचारीको धर्मलाई नैष्ठिक ब्रह्मचर्य भन्दछन्। यस्तो धर्म पालन गर्ने व्यक्ति नैष्ठिक ब्रह्मचारी भनिन्छ।

पाणिग्रहण– वैदिक विधिले गरिने विवाहलाई पाणिग्रहण भन्दछन्। वरले वधूको दाहिने हात मन्त्रोच्चारण गर्दै समाउने कर्म (पाणि [हात] + ग्रहण [समाउने काम]) विवाहको एउटा प्रमुख कार्य भएकाले विवाहलाई पाणिग्रहण भनिएको हो। तसर्थ पाणिग्रहणका निम्ति कन्या माग्दा 'कन्याको हात मागेको' भन्ने चलन पनि कताकति छ। त्यसैले स्त्रीको हात केवल उसको पतिले मात्र समाउन सक्ने र पाउने हाम्रो परम्परागत मान्यता रहेको हो। साथै जोकोही पुरुषले जोकोही स्त्रीसित हात मिलाउने काम पनि हाम्रा परम्परामा नगर्ने गरिएको पनि उक्त कारणले समेत हो भन्ने देखिन्छ। पुरुषले अन्य स्त्रीलाई आपत्तिबाट आकस्मिक रूपमा बचाउन हात समाउन पर्दा पनि दाहिने हात नसमाई देब्रे हात समाउनुपर्ने तथा स्त्रीले त्यस्ता अवस्थामा पुरुषलाई बचाउन पर्दा दाहिने हात नदिई देब्रे हात दिनुपर्ने भन्ने कुरा पौराणिक आख्यानबाट समेत बुझ्न सकिन्छ।

पुत्रिका– यी छोरीमा जन्मने छोरो मेरो हुन्छ भनेर कन्यादान गरिएकी छोरीलाई पुत्रिका भन्दछन्। त्यसैले पुत्रिका भन्नाले उपर्युक्त प्रकारले परिभाषित छोरी भन्ने बुझिन्छ। पुत्रिकाको छोराले मातामह-मातामहीको (आमाका बाबुआमाको) रिन-धनको उत्तराधिकार र उनीहरूलाई पिण्डपानी दिने जिम्मेवारी पनि लिनुपर्ने देखिन्छ।

पुरुषार्थ– वैदिक परम्परामा जीवनका चारओटा महत्त्वपूर्ण प्राप्तव्य लक्ष्यलाई पुरुषार्थ भन्दछन्। पुरुषार्थ शब्दमा पुरुष शब्दको अर्थ मनुष्य हो, अर्थ भनेको प्रयोजन हो। तसर्थ मनुष्यले आफूलाई प्राप्त होस् भनेर चाहने कुरा पुरुषार्थ हो। धर्म, अर्थ, काम र मोक्ष यी चारै पुरुषार्थलाई सन्तुलित रूपमा सेवन गर्नु वैदिक जीवनपद्धतिको विशेषता हो। यसैबाट मानवजीवन सफल हुन्छ र समाज पनि सुव्यवस्थित हुन्छ भन्ने हाम्रा पूर्वज ऋषिमुनिहरूको उपदेश देखिन्छ (हेर्नुहोस् 'धर्म', 'अर्थ', 'काम' र 'मोक्ष')।

ब्रह्मवादिनी– उपनयन गरेर वा विवाहलाई नै उपनयनसंस्कारको स्थानापन्न संस्कार मानेर त्यसपछि वेद-वेदाङ्गादि शास्त्र पढ्ने र त्यसैमा रमाउने उच्च बौद्धिक स्तर भएका विवाहिता वा अविवाहिता महिला ब्रह्मवादिनी भनिन्छन्।

भाष्य– प्राचीन मूल सूत्रग्रन्थको शङ्का-समाधानसमेत गरेर गरिने व्याख्यालाई भाष्य भन्दछन्। तथापि सायणादिद्वारा गरिएका वेदादिशास्त्रका व्याख्यालाई र अन्य कतिपय ग्रन्थका व्याख्यालाई पनि भाष्य भन्ने गरिएको देखिन्छ।

मोक्ष– जीवात्मा र परमात्माको एकतालाई साक्षात्कार गरेर जन्म र मृत्युको चक्रबाट मुक्त हुनुलाई मोक्ष भन्दछन्। वैदिक धर्मअनुसार मानवको परम वा अन्तिम पुरुषार्थ (लक्ष्य) मोक्षप्राप्ति हो। तसर्थ धर्मको आचरण पनि मोक्षसम्म पुग्ने मार्ग हुनाले सेवनीय भएको हो (हेर्नुहोस् 'पुरुषार्थ')।

वृत्ति– सूत्र वा श्लोकमा रहेका शब्दहरूको अर्थ बताएर गरिएको संक्षिप्त व्याख्यालाई वृत्ति भन्दछन्। साथै जीविकाको साधनलाई (अर्थोपार्जनलाई) पनि वृत्ति भन्दछन्।

वैदिक धर्म– वेदले बताएका धर्मलाई वैदिक धर्म भन्दछन्। वेद पूर्णतया दोषरहित भएकाले वास्तविक वैदिक धर्म परमकल्याणकारी, दोषमुक्त र शाश्वत मानिन्छ। यो धर्म

लोककल्याणकारी जीवनपद्धतिलाई निर्देशित र सञ्चालित गर्ने गहन तत्त्व पनि भएकाले अरू धर्मसित यसको तुलना गर्न मिल्ने देखिँदैन।

व्यभिचार– परस्त्रीगमन गर्ने, वेश्यागमन गर्ने, परपुरुषसित सहवास गर्ने र अनियन्त्रित खुला यौनव्यवहार गर्ने (स्वपतिमा वा स्वपत्नीमा नियत नहुने) कार्यलाई व्यभिचार भन्दछन्।

व्यभिचारिणी– व्यभिचार (परपुरुषगमन) गर्ने स्त्री, जो अत्यन्त निन्दित र धार्मिक दृष्टिले पतित पनि हुन्छे।

व्यभिचारी– व्यभिचार (परस्त्रीगमनादि) गर्ने पुरुष, जो सामाजिक तथा धार्मिक दृष्टिले अत्यन्त निन्दनीय हुन्छ।

श्राद्ध– परलोक गएका व्यक्तिको तृप्ति होस् भनी ब्राह्मणभोजन, पिण्डदान इत्यादि कार्य गरेर गरिने विशेष धर्मकार्य श्रद्धापूर्वक गरिने हुनाले श्राद्ध भनिन्छ। पितापुर्खाप्रतिको भक्ति, अनुराग, कृतज्ञता र आस्थालाई व्यक्त गर्ने श्राद्धले बाबु-बाजे र छोरानातिहरूको सम्बन्धमा दृढता र पवित्रतासमेत ल्याउन सक्ने हुनाले लौकिक दृष्टिले पनि श्राद्धको धेरै महत्त्व छ।

श्रुति– गुरुले शिष्य(चेला)लाई सुनाउने र शिष्यले कण्ठस्थ गर्ने, अनि उसले पनि आफ्ना शिष्यलाई सुनाउने, यस्तो श्रुतिपरम्पराबाट (सुन्ने-सुनाउने परम्पराबाट) आएको हुनाले वेदलाई नै श्रुति भन्ने गरिएको छ।

सगोत्र– समान (एउटै) गोत्रका व्यक्तिहरूलाई सगोत्र भन्दछन्। अत्यन्त प्रसिद्ध विभिन्न ऋषिहरूको वंशपरम्परा गोत्र भनिन्छ। गोत्रप्रवर्तक ऋषिहरूमा जमदग्नि, भरद्वाज, विश्वामित्र, अत्रि, गौतम, वसिष्ठ, कश्यप र अगस्त्य प्रमुख हुन्। नेपालमा प्रसिद्ध अन्य गोत्रहरूमा उपमन्यु, कौण्डिन्य, कौशिक, मौद्गल्य, इत्यादि छन्। सगोत्रमा विवाह गर्न हुँदैन भन्ने धर्मशास्त्रीय व्यवस्था छ। त्यस्ता स्त्रीपुरुषबाट जन्मेको सन्तान अत्यन्त नीच हुने कुरा पनि धर्मशास्त्रमा बताइएको छ। यस विषयमा नित्यानन्द पर्वतीयजस्ता गनिएका विद्वान् पनि भ्रममा परेका र भ्रमात्मक कुराका प्रचारमा सरिक भएका देखिन्छन्।

सती– सधवा वा विधवा अवस्थामा पनि आफ्ना पतिबाहेक अन्य पुरुषको मानसिक रूपले मात्रै पनि कामना नगर्ने साध्वी स्त्रीलाई सती भन्दछन्। सती साध्वी स्त्रीको वैदिक धर्ममा अत्यन्त आदरणीय स्थान रहेको छ।

सपिण्ड– एउटै मूल पुरुषबाट फैलिएका मनुष्यहरूलाई सामान्यतया सपिण्ड भन्दछन्। मुख्य रूपमा सात पुस्ताभित्रका एउटै कुलका मनुष्यलाई सपिण्ड भन्ने प्रसिद्धि छ।

साध्वी– साधु-शब्दको स्त्रीलिङ्गी रूप 'साध्वी' हो। साध्वी भन्नाले सामान्य रूपमा असल स्त्री र विशेष रूपमा पतिव्रता वा सती स्त्री भन्ने बुझिन्छ। बर्ता जोड दिएर भन्नुपर्दा 'सती साध्वी' यी दुई शब्द सँगै प्रयोग गर्ने गरिएको देखिन्छ।

हिमवत्खण्ड– हिमालयका काखमा रहेका भारतवर्षका विभिन्न भौगोलिक खण्ड(भाग)लाई हिमवत्खण्ड भनिएको देखिन्छ। तसर्थ वर्तमान नेपाल देश पनि हिमवत्खण्डभित्रै पर्ने देखिन्छ। हिमवत्खण्डका रूपमा रहेको नेपालको माहात्म्य वर्णन गरिएको स्कन्दपुराणको एक भागलाई पनि हिमवत्खण्ड भन्ने गरिएको छ। किन्तु अहिले प्राप्त मूल मुद्रित स्कन्दपुराणमा भने यो भाग उपलब्ध छैन।

परिशिष्ट–३

प्रमुख आधारग्रन्थ, सन्दर्भग्रन्थ र पत्रपत्रिका

१. वेदमन्त्रसंहिता

१. **ऋग्वेदसंहिता** (शैशिरीय-शाकल-ऋग्वेद-मन्त्रसंहिता), सायणभाष्यसहित (पाँच भाग), सम्. नारायणशर्मा सोनटक्के, चिन्तामणि गणेश काशीकर, वैदिक संशोधन मण्डल, पुणे (पुना), सन् १९३३ (द्वि.सं.१९७२), १९३६, १९४१, १९४६, १९५१।

२. कृष्णयजुर्वेदीय-**तैत्तिरीयसंहिता** (आत्रेय-तैत्तिरीय-कृष्णयजुर्वेदसंहिता), सम्. श्रीपाद दामोदर सातवलेकर, स्वाध्यायमण्डल, पारडी, सन् १९५७।

३. कृष्णयजुर्वेदीय-**तैत्तिरीयसंहिता**, सायणभाष्यसहित (प्रथम भाग), सम्. नरहरि शास्त्री तडेकर, आनन्दाश्रम, पुना, तृ.सं., सन् १९५९।

४. यजुर्वेदीय-**मैत्रायणीसंहिता** (मैत्रायणीय-कृष्णयजुर्वेदसंहिता), सम्. श्रीपाद दामोदर सातवलेकर, स्वाध्यायमण्डल, पारडी, बलसाड, गुजरात, (प्र.सं., सन् १९४२) चतुर्थ संस्करण (प्रकाशनमिति अनुल्लिखित)।

५. यजुर्वेदीय-**काठकसंहिता** (कठकृष्णयजुर्वेदसंहिता), सम्. श्रीपाद दामोदर सातवलेकर, स्वाध्यायमण्डल, पारडी, बलसाड, गुजरात, (प्र.सं., सन् १९४३) चतुर्थ संस्करण।

६. कृष्णयजुर्वेदीया **कपिष्ठलकठसंहिता** (कपिष्ठलकठ-कृष्णयजुर्वेदसंहिता) [अपूर्ण] सम्. रघुवीर, प्रका. मेहरचन्द लछमनदास, (प्र.सं., लाहोर, सन् १९३२) पुनर्मुद्रण दिल्ली, सन् १९६८।

७. वाजसनेयि-माध्यन्दिन-**शुक्लयजुर्वेदसंहिता** (माध्यन्दिनीय-वाजसनेयि-शुक्लयजुर्वेद-[मन्त्रार्ष]संहिता), उवट-महीधरभाष्यसहित, पुनर्मु. सम्. जगदीशलाल शास्त्री, मोतीलाल बनारसीदास, दिल्ली, सन् १९७१।

८. **अथर्ववेद** (शौनकीय) [शौनक्यथर्ववेदमन्त्रसंहिता], सायणभाष्यसहित, (पाँच भाग), सम्. विश्वबन्धु, विश्वेश्वरानन्द वैदिक शोध संस्थान, होशिआरपुर, पन्जाब, सन् १९६०, १९६१, १९६१, १९६२, १९६४।

२. ब्राह्मणग्रन्थ

९. **ऐतरेयब्राह्मण** (ऐतरेयिब्राह्मण), सायणभाष्यसहित (दुई भाग), सम्. काशीनाथ शास्त्री आगाशे, आनन्दाश्रम, पुना; प्रथम भाग नवीन संस्करण, सन् १९७९; द्वितीय भाग, द्वि.सं., सन् १९३१।

१०. **तैत्तिरीयब्राह्मण** (आत्रेय-तैत्तिरीय-कृष्णयजुर्वेदब्राह्मण), सायणभाष्यसहित (तीन भाग), सम्. नारायण शास्त्री गोडबोले, आनन्दाश्रम, पुना; प्र.भा., द्वि.सं., सन् १९३४; द्वि.भा., द्वि.सं., सन् १९३८; तृ.भा., तृ.सं., सन् १९७९।

११. **वाजसनेयि-माध्यन्दिन-शतपथब्राह्मण** (माध्यन्दिनीय-वाजसनेयि-[शुक्लयजुर्वेद]-शतपथब्राह्मण), हरिस्वामि-सायण-वासुदेवभाष्यसहित (यथोपलब्ध) [पाँच भाग], सम्. श्रीधर शर्मा वारे, प्रका. गङ्गाविष्णु श्रीकृष्णदास, कल्याण-बम्बई, वि.सं.१९९७ (पुनर्मु. नाग प्रकाशक, दिल्ली, सन् १९९०)।

१२. **ताण्ड्यमहाब्राह्मण** (=ताण्डि-कौथुम-राणायनीय-सामवेदब्राह्मण=पञ्चविंशब्राह्मण=प्रौढब्राह्मण=महाब्राह्मण), सायणभाष्यसहित (दुई भाग), सम्. चिन्नस्वामी शास्त्री, पट्टाभिराम शास्त्री, चौखम्बा संस्कृत सिरिज अफिस, बनारस, प्र.सं., सन् १९३५, १९३६ (द्वि.सं., चौखम्भा संस्कृत संस्थान, वाराणसी, सन् १९८७)।

१३. **छान्दोग्यब्राह्मण** (=कौथुम-राणायनीय-सामवेदोपनिषद्ब्राह्मण=छान्दोग्यमन्त्रब्राह्मण+छान्दोग्योपनिषद्), मन्त्रब्राह्मणभाग, गुणविष्णु-सायणभाष्ययुक्त, सम्. दुर्गामोहन भट्टाचार्य, कलिकाता-संस्कृत-महाविद्यालय, कलिकाता (कोलकाता) सन् १९५८।

१४. **गोपथब्राह्मण** (पैप्पलादाऽथर्ववेद-गोपथब्राह्मण) [मूलमात्र] सम्. राजेन्द्रलाल मित्र (तथा हरचन्द्र विद्याभूषण, प्र.सं. एसियाटिक् सोसाइटी, कलकत्ता, सन् १८७०–१८७२), पुनः प्रका. इण्डोलोजिकल् बुक् हाउस्, दिल्ली, सन् १९७२।

३. आरण्यक तथा उपनिषद्

१५. **तैत्तिरीय आरण्यक** (आत्रेय-तैत्तिरीय-कृष्णयजुर्वेदारण्यक), सायणभाष्यसहित (दुई भाग), सम्. काशीनाथ वासुदेव शास्त्री अभ्यङ्कर, गणेश शास्त्री जोशी, आनन्दाश्रम, पुना, तृ.सं.,सन् १९६७, १९६९।

१६. **तैत्तिरीयोपनिषद्** (आत्रेय-तैत्तिरीय-कृष्णयजुर्वेदोपनिषद्), शाङ्करभाष्य र हिन्दी-अनुवादसहित, गीता प्रेस, गोरखपुर, (प्र.सं., वि.सं.१९९३), पुनर्मु. वि.सं.२०१४।

१७. **बृहदारण्यकोपनिषद्** (काण्ववाजसनेयि-शुक्लयजुर्वेद-बृहदारण्यकोपनिषद्), शाङ्करभाष्य र हिन्दीअनुवादसहित, गीता प्रेस, गोरखपुर (प्र.सं., वि.सं.१९९९) पुनर्मु., वि.सं.२०१४।

१८. **बृहदारण्यकोपनिषद्**, (नेपाली भाषानुवादसहित), अनु. माधवप्रसाद देवकोटा, नेराप्रप्र., काठमाडौं, वि.सं.२०३१।

१९. **छान्दोग्योपनिषद्**, (नेपाली भाषानुवादसहित), अनु. माधवप्रसाद देवकोटा, नेराप्रप्र., काठमाडौं, वि.सं.२०३५।

२०. **जाबालोपनिषद्**, उपनिषत्-सङ्ग्रह, सम्. जगदीश शास्त्री, मोतीलाल बनारसीदास, दिल्ली, सन् १९७०, पृ.१४४–१४६।

२१. **नारदपरिव्राजकोपनिषद्**, उपनिषत्-सङ्ग्रह (पूर्ववत्), पृ.३०६–३२८।

२२. **परमहंसपरिव्राजकोपनिषद्**, उपनिषत्-सङ्ग्रह (पूर्ववत्), पृ.४८२-४८५।

२३. **इतिहासोपनिषद्**, उपनिषत्-सङ्ग्रह (पूर्ववत्), पृ. (द्वि.भा.) १०–२०।

४. श्रौतसूत्र, गृह्यसूत्र र पितृमेधसूत्र

२४. कात्यायन-श्रौतसूत्र, विद्याधरशर्मगौडविरचित-'सरला'वृत्ति(व्याख्या)युक्त, अच्युत-ग्रन्थमाला-कार्यालय, काशी (वाराणसी), वि.सं.१९८७ (पुनर्मु. चौखम्बा संस्कृत प्रतिष्ठान, दिल्ली, सन् १९९०)।

२५. आपस्तम्ब-श्रौतसूत्र, रुद्रदत्तविरचित-भाष्यसहित (तीन भाग), सम्. रिचार्ड् गार्बे (Richard Garbe) (प्र.सं., कलकत्ता, सन् १८८२-१९०२), पुनर्मु. मुन्शीराम मनोहरलाल पब्लिसर्स प्रा.लि., नयाँ दिल्ली, सन् १९८३।

२६. भारद्वाज-श्रौतसूत्र (पितृमेधसूत्रसमेत), (प्रथम भाग) सम्. चिन्तामणि गणेश काशीकर, वैदिक संशोधन मण्डल, पुना, सन् १९६४।

२७. आश्वलायन-गृह्यसूत्र, गार्ग्यनारायणविरचित-वृत्ति(व्याख्या)युक्त, सम्. जीवानन्द विद्यासागर भट्टाचार्य, कलिकाता, द्वि.सं., सन् १८९३।

२८. आश्वलायन-गृह्यसूत्रभाष्य, देवस्वामी, सम्. के.पी. ऐथाल, दि अड्यार् लाइब्ररि यान्ड् रिसर्च् सेन्टर्, अड्यार, मद्रास, सन् १९८०।

२९. कौषीतकि-गृह्यसूत्र, भवत्रातकृत-व्याख्यासहित, सम्. टी.आर्. चिन्तामणि, (प्र.सं., सन् १९४४), पुनर्मु. पाणिनि, नयाँ दिल्ली, सन् १९८२।

३०. पारस्कर-गृह्यसूत्र, वेणीरामशर्मगौडविरचित-विवृति(व्याख्या)सहित, सम्. विद्याधर शर्मा गौड, माष्टर खेलाडीलाल एन्ड सन्स, बनारस, वि.सं.१९९५।

३१. कात्यायनगृह्यसूत्र, सम्. युधिष्ठिर मीमांसक, रामलाल कपूर ट्रस्ट, सोनीपत, हरयाणा, सन् १९८३।

३२. बो(बौ)धायनगृह्यसूत्र (बोधायनीयपितृमेधसूत्रसमेत), सम्. आर्. शाम शास्त्री (प्र.सं., मैसुर विश्वविद्यालय, सन् १९२०), पुनर्मु. पाणिनि, नयाँ दिल्ली, सन् १९८२।

३३. आपस्तम्बगृह्यसूत्र, हरदत्तमिश्रविरचित 'अनाकुला' वृत्ति र सुदर्शनाचार्यविरचित 'तात्पर्यदर्शन' व्याख्यायुक्त, सम्. चिन्नस्वामी शास्त्री (प्र.सं., सन् १९२८), हिन्दीव्याख्याकार उमेशचन्द्र पाण्डेय, चौ.सं.सि.अ., वाराणसी, द्वि.सं., सन् १९७१।

३४. हिरण्यकेशिगृह्यसूत्र (सत्याषाढगृह्यसूत्र ['सत्याषाढश्रौतसूत्र' भन्ने नामले प्रकाशित ग्रन्थको आठौँ भाग]), (व्याख्यासहित), सम्. शङ्कर शास्त्री मारूलकर, आनन्दाश्रम, पुना, सन् १९२९।

३५. काठकगृह्यसूत्र (लौगाक्षिगृह्यसूत्र), देवपालभाष्यादिसारसहित, सम्. विलेम् क्यालन्ड् (Willem Caland), लाहोर, सन् १९२५।

३६. मैत्रायणीयमानवगृह्यसूत्र (मानवमैत्रायणीयगृह्यसूत्र), अष्टावक्रविरचित-भाष्यसहित, सम्. रामकृष्ण हर्षजी शास्त्री, (प्र.सं., बडोदा, सन् १९२६), पुनर्मु. पाणिनि, दिल्ली, सन् १९८२।

३७. कौशिकसूत्र, (दारिल र केशवका भाष्यहरूको सारांशले युक्त), सम्. मोरिस् ब्लूमफील्ड् (Maurice Bloomfield), प्र.सं., न्यू हेवन्, अमेरिका, सन् १८८९, पुनर्मु. मोतीलाल बनारसीदास, दिल्ली, सन् १९७२।

५. धर्मसूत्र र धर्ममीमांसासूत्र

३८. **वासिष्ठ धर्मशास्त्र** (वसिष्ठ-धर्मसूत्र), सम्. अलोइस् यान्टन् फ्युरर् (Alois Anton Fuhrer), भाण्डारकर् ओरिएन्टल् रिसर्च् इन्स्टिच्युट्, पुना, सन् १९३०।

३९. **आपस्तम्ब-धर्मसूत्र,** हरदत्तमिश्रविरचित-'उज्ज्वला'-वृत्ति(व्याख्या)-युक्त, सम्. चिन्नस्वामी शास्त्री, अ. रामनाथ शास्त्री, (प्र.सं., सन् १९३२), हिन्दी-व्याख्याकार उमेशचन्द्र पाण्डेय, चौ.सं.सि.अ., वाराणसी, द्वि.सं., सन् १९६९।

४०. **बौधायन-धर्मसूत्र,** गोविन्दस्वामीद्वारा विरचित 'विवरण'-नामक व्याख्याले युक्त, सम्. चिन्नस्वामी शास्त्री (प्र.सं., सन् १९३४), हिन्दी-व्याख्याकार उमेशचन्द्र पाण्डेय, चौ.सं.सि.अ., वाराणसी, द्वि.सं., सन् १९७२।

४१. **गौतम-धर्मसूत्र,** हरदत्तविरचित-'मिताक्षरा'वृत्ति(व्याख्या)युक्त, सम्. नरहर शास्त्री, आनन्दाश्रम, पुना, चतुर्थ संस्करण, सन् १९६६।

४२. **शङ्ख-लिखित-धर्मसूत्र** (Dharma-sūtra of Śaṅkha-Likhita, ed. by P.V. Kane, Annals of Bhandarkar Oriental Research Institute, Poona, Vol. VII, VIII)।

४३. **श्रीमज्जैमिनिप्रणीतमीमांसादर्शन** (जैमिनीयधर्ममीमांसासूत्र),शाबरभाष्य-तन्त्रवार्तिक-टुप्टीकासहित (सात भाग), सम्. सुब्बा शास्त्री, काशीनाथ वासुदेव शास्त्री अभ्यङ्कर, गणेश शास्त्री जोशी, आनन्दाश्रम, पुना, सन् १९५३ (तृ.सं.), १९७० (द्वि.सं.), १९७१ (द्वि.सं.), १९७२ (द्वि.सं.), १९३२ (प्र.सं.), १९३३ (प्र.सं.), १९३४ (प्र.सं.)।

४४. **सङ्कर्षकाण्ड** (जैमिनिमुनिविरचित), देवस्वामिविरचित-भाष्यसहित, सम्. एस्. सुब्रह्मण्य शास्त्री, मद्रास विश्वविद्यालय, सन् १९६५।

६. शिक्षाशास्त्र (Phonetics), व्याकरण र निरुक्त

४५. **ऋग्वेदप्रातिशाख्य,** (उवटकृतभाष्य र विष्णुमित्रकृत-वर्गद्वयवृत्तिसमेत), सम्. वीरेन्द्रकुमार वर्मा, काशी हिन्दू विश्वविद्यालय, सन् १९७०।

४६. **कौण्डिन्न्यायनशिक्षा,** संस्कृतव्याख्यासहित, शिवराज आचार्य कौण्डिन्न्यायन, स्वाद्ध्यायशाला, लाजिम्पाट, काठमाडौं, वि.सं.२०४९।

४७. **अष्टाध्यायी** (पाणिनिको सूत्रबद्ध मूल व्याकरणग्रन्थ), सम्. गोपाल शास्त्री 'दर्शनकेशरी', चौखम्बा सुरभारती प्रकाशन, वाराणसी, सन् १९७६।

४८. **काशिका** (पाणिनीयव्याकरणसूत्रवृत्ति), वामन र जयादित्य, सम्. बाल शास्त्री, मेडिकल् हल् प्रेस, बनारस, द्वि.सं., सन् १८९८।

४९. **व्याकरणमहाभाष्य** (पाणिनिको अष्टाध्यायीको र कात्यायनका वार्तिकहरूको व्याख्याको ग्रन्थ), पतञ्जलि मुनि, (प्रथम र द्वितीय भाग), सम्. एफ्. कीलहोर्न् (F. Kielhorn), भाण्डारकर् ओरिएन्टल् रिसर्च् इन्स्टिच्युट्, पुना, (प्र.सं., सन् १८८०, १८८३), तृ.सं., सन् १९६२, १९६५।

५०. **निरुक्त**, यास्कमुनिविरचित (प्रथम भाग), दुर्ग-सिंहविरचित-वृत्ति(व्याख्या)सहित, सम्. वैजनाथ काशीनाथ राजवाडे, आनन्दाश्रम, पुना, सन् १९२१।

५१. **निरुक्त**, (द्वितीय भाग) नैघण्टुक काण्ड, दुर्गवृत्तिसहित, मनसुखराय मोर, ५ क्लाइब रो, कलकत्ता, सन् १९५२।

५२. **बृहद्देवता**, शौनकविरचित, (अङ्ग्रेजीअनुवादसहित), [दुई भाग], सम्. आर्थर् यान्टनि म्याग्डनेल् (Arthur Anthony Macdonell), [प्र.सं., हार्वर्ड् ओरिएन्टल् सिरिज्, अमेरिका, सन् १९०४], पुनर्मु. मोतीलाल बनारसीदास, दिल्ली, सन् १९६५।

५३. **वेदभाषानिघण्टु** (ब्रह्मवर्ग), शिवराज आचार्य कौण्डिन्न्यायन, स्वाद्ध्यायशाला, लाजिम्पाट, काठमाडौं, वि.सं.२०५०।

७. छन्द र ज्योतिष

५४. **छन्दःशास्त्र** (पिङ्गलछन्दःसूत्र), हलायुधभट्टकृत-मृतसञ्जीवनी-वृत्तिसहित, सम्. केदारनाथ, वासुदेव शर्मा पणशीकर, (प्र.सं., निर्णयसागर प्रेस), पुनर्मु. चौखम्बा ओरियन्टालिया, वाराणसी, सन् १९८६।

५५. **वृत्तनक्षत्रमाला** (छन्दोग्रन्थ), शिवराज आचार्य, काठमाडौं, वि.सं.२०२८।

५६. **Vedic Metre in its Historical Development,** by E. Vernon Arnold, Reprinted : Motilal Banarsidass, Delhi, 1967 (First Edition : 1905).

५७. **वेदाङ्गज्योतिष**, लगधमुनिविरचित (सोमाकरभाष्य, कौण्डिन्न्यायनव्याख्या र हिन्दी व्याख्यासहित), शिवराज आचार्य कौण्डिन्न्यायन, चौखम्बा विद्याभवन, वाराणसी, सन् २००५।

५८. **भारतीय ज्योतिष**, शङ्कर बालकृष्ण दीक्षित, अनु. शिवनाथ झारखण्डी, प्रका. हिन्दी समिति, उत्तर प्रदेश शासन, लखनऊ, तृ.सं., सन् १९७५।

५९. **जगन्मोहन**, भट्टश्रीलक्ष्मणाचार्य, (प्रथम भाग), सम्. देवीप्रसाद लंसाल, नेपाल राष्ट्रिय पुस्तकालय, काठमाडौं, वि.सं.२०२०।

८. आयुर्वेद र कामशास्त्र

६०. **चरकसंहिता** (पुनर्वसुद्वारा उपदिष्ट, अग्निवेशद्वारा रचित, चरकद्वारा प्रतिसंस्कृत तथा दृढबलद्वारा पूरित), 'आयुर्वेददीपिका'-नामक-व्याख्यासहित, व्याख्याता चक्रपाणिदत्त, सम्. यादव शर्मा, (प्र.सं., निर्णयसागर प्रेस, मुम्बई, सन् १९४१), पुनर्मु. चौखम्भा संस्कृत संस्थान, वाराणसी, सन् १९८४।

६१. **सुश्रुतसंहिता** (सुश्रुतद्वारा विरचित), डल्हण-विरचित-'निबन्धसङ्ग्रह'-नामक-व्याख्यासहित, सम्. यादव शर्मा, निर्णयसागर प्रेस, मुम्बई, द्वि.सं., सन् १९३१।

६२. **कामसूत्र**, वात्स्यायनमुनिद्वारा प्रणीत, यशोधररचित-'जयमङ्गला'-व्याख्यासहित, हिन्दी-व्याख्याकार पारसनाथ द्विवेदी, चौखम्बा सुरभारती प्रकाशन, वाराणसी, सन् १९९९।

९. स्मृति

६३. **मनुस्मृति**, मेधातिथिविरचित-'मनुभाष्य'-सहित (दुई भाग), सम्. गङ्गानाथ झा, पुनर्मु. परिमल पब्लिकेसन्स, दिल्ली, सन् २००४।

६४. **मनुस्मृति**, कुल्लूक-भट्टविरचित-'मन्वर्थमुक्तावली'-व्याख्यासहित, सम्. नारायण राम आचार्य 'काव्यतीर्थ', निर्णयसागर प्रेस, मुम्बई, दशौं संस्करण, सन् १९४६।

६५. **Manu's Code of Law,** A Critical Edition and Translation of the MĀNAVA-DHARMAŚASTRA, ed. by Patrick Olivelle, Oxford University Press, New Delhi, 2006.

६६. **याज्ञवल्क्यस्मृति**, विश्वरूपविरचित-'बालक्रीडा'-व्याख्यासहित, सम्. त. गणपति शास्त्री, (प्र.सं., त्रिवेन्द्रम्, सन् १९२१–१९२२), पुनर्मु. मुन्शीराम मनोहरलाल पब्लिसर्स प्रा.लि., नयाँ दिल्ली, सन् १९८२।

६७. **याज्ञवल्क्यस्मृति**, विज्ञानेश्वर-(भट्टारक)-विरचित-'*ऋजु*-मिताक्षरा'-व्याख्यायुक्त, सम्. उमेशचन्द्र पाण्डेय, चौखम्बा संस्कृत सिरिज अफिस, वाराणसी, सन् १९६७।

६८. **नारदीय-मनुस्मृति** (नारदस्मृति), स्मृतिसन्दर्भ, प्रथम भाग, मनसुखराय मोर, ५ क्लाइब रो, कलकत्ता, सन् १९५२, पृ.२५०–३३५।

६९. न्यायविकासिनी (मानवन्यायशास्त्र) [नारदस्मृतिको नेपालभाषामा (नेवारी भाषामा) गरिएको टीका वा अनुवाद], अनु. मणिक, सम्. शान्तहर्ष वज्राचार्य, नेपालभाषा-परिषद्, वि.सं.२०४४।

७०. **बृहस्पतिस्मृति** (बार्हस्पत्यमनुस्मृति) [धर्मशास्त्रनिबन्धहरूमा उल्लिखित बृहस्पतिका वचनहरूको प्रकरणानुसारी सङ्ग्रह], सम्. के.वी. रङ्गस्वामी आयङ्गर, बडोदा राजकीय प्राच्यविद्या-विमर्शालय, बडोदा, वि.सं.१९९८।

७१. **कात्यायनमतसङ्ग्रह** (कात्यायनस्मृति) [Kātyāyana-mata-sangraha or A Collection of the Legal Fragments of Kātyāyana], सम्. नारायणचन्द्र वन्ध्योपाध्याय, कलकत्ता विश्वविद्यालय, सन् १९२७।

७२. **विष्णुस्मृति** (विष्णुधर्मसूत्र), नन्दपण्डितविरचित-'केशववैजयन्ती'-टीका(व्याख्या)-सहित (दुई भाग), सम्. वी. कृष्णमाचार्य, दि अड्यार् लाइब्ररि यान्ड् रिसर्च् सेन्टर, अड्यार, मद्रास, सन् १९६४।

७३. **पाराशरस्मृति** (पराशरस्मृति), भाषा-टीकाकार पं. श्यामसुन्दरलाल त्रिपाठी, प्रका. खेमराज श्रीकृष्णदास, बम्बई, सन् १९५८।

७४. **अत्रिसंहिता**, स्मृतिसन्दर्भ, प्रथम भाग, मनसुखराय मोर, ५ क्लाइब रो, कलकत्ता, सन् १९५२, पृ.३५२–३८८।

७५. **बृहत्पराशरस्मृति**, स्मृतिसन्दर्भ, द्वि.भा., (पूर्ववत्), सन् १९५२, पृ.६८२–९७३।

७६. **वृद्धहारीतस्मृति**, स्मृतिसमुच्चय (स्मृतीनां समुच्चयः), आनन्दाश्रम, पुना, द्वि.सं., सन् १९२९, पृ.२३६–२५६।

७७. **वृद्धहारीतस्मृति**, स्मृतिसन्दर्भ, द्वि.भा., कलकत्ता, सन् १९५२, पृ.९९४–१२३३।

७८. (वेद)व्यासस्मृति, स्मृतिसमुच्चय, आनन्दाश्रम, द्वि.सं., सन् १९२९, पृ.३५७–३७१।
७९. (वेद)व्यासस्मृति, स्मृतिसन्दर्भ, तृ.भा., कलकत्ता, सन् १९५२, पृ.१६३१–१६५४।
८०. शङ्खस्मृति, स्मृतिसन्दर्भ, तृतीय भाग, (पूर्ववत्), सन् १९५२ पृ.१४१५–१४५४।
८१. औशनसस्मृति, स्मृतिसन्दर्भ, तृतीय भाग, (पूर्ववत्), सन् १९५२, पृ.१५४९–१६०९।
८२. शाण्डिल्यस्मृति, स्मृतिसन्., पञ्चम भाग, (पूर्ववत्), सन् १९५५, पृ.२७९३–२८५९।
८३. मार्कण्डेयस्मृति, स्मृतिसन्दर्भ, षष्ठ भाग, (पूर्ववत्), सन् १९५७, पृ.१–२२२।
८४. लौगाक्षिस्मृति, स्मृतिसन्दर्भ, षष्ठ भाग (पूर्ववत्), सन् १९५७, पृ.२२३–४११।
८५. दक्षस्मृति, स्मृतिसमुच्चय (स्मृतीनां समुच्चयः), आनन्दाश्रम, पुना, द्वि.सं., सन् १९२९, पृ.७२–८४।

१०. रामायण, महाभारत, गीता र पुराण

८६. श्रीमद्वाल्मीकिरामायण, सम्. शिवराम शर्मा वासिष्ठ, चौखम्बा विद्याभवन, वाराणसी, सन् १९५७।
८७. रामायण (वाल्मीकि मुनिद्वारा प्रणीत), रामरचित-'तिलक'-व्याख्यासहित, (दुई भाग), सम्. वासुदेव लक्ष्मण शास्त्री पणशीकर, (प्र.सं., सन् १९३०, निर्णयसागर मुद्रणालय, मुम्बई), पुनर्मु. इण्डोलोजिकल् बुक् हाउस् वाराणसी, सन् १९८३।
८८. महाभारत, नीलकण्ठकृत-'भारतभावदीप'-व्याख्यासहित, (छ भाग), सम्. रामचन्द्र शास्त्री किञ्जवडेकर, चित्रशाला प्रेस, पुना, सन् १९२९–१९३३।
८९. श्रीमद्भगवद्गीता, शाङ्करभाष्यसहित, पुनर्मु. मोतीलाल बनारसीदास, नयाँ दिल्ली, सन् १९८१।
९०. कूर्ममहापुराण (कूर्मपुराण), [प्र.सं., वेङ्कटेश्वर मुद्रणालय, मुम्बई, वि.सं.१९६२], पुनर्मु. नाग प्रकाशक, दिल्ली, सन् १९८३।
९१. गरुडपुराण (प्रेतकल्प), [हिन्दी अनुवादसहित], सम्. तथा अनु. शिवराज आचार्य कौण्डिन्न्यायन, चौखम्बा विद्याभवन, वाराणसी, सन् २००४।
९२. देवीभागवतमहापुराण (देवीभागवतपुराण), सम्. दौलत राम गौड, ठाकुरप्रसाद एन्ड सन्स, वाराणसी, (प्रकाशनमिति अनुल्लिखित)।
९३. पद्ममहापुराण (पद्मपुराण), [चार भाग] (प्र.सं., वेङ्कटेश्वर मुद्रणालय, मुम्बई, वि.सं.१९५२), पुनर्मु. सम्. चारुदेव शास्त्री, नाग प्रकाशक, दिल्ली, सन् १९८४।
९४. ब्रह्मवैवर्तपुराण [दुई भाग], (प्र.सं., वेङ्कटेश्वर मुद्रणालय, मुम्बई, वि.सं.१९६६), पुनर्मु. सम्. जगदीशलाल शास्त्री, मोतीलाल बनारसीदास, नयाँ दिल्ली, सन् १९८३–१९८६।
९५. ब्रह्माण्डमहापुराण (ब्रह्माण्डपुराण), [प्र.सं., वेङ्कटेश्वर मुद्रणालय, मुम्बई, वि.सं. १९६९], पुनर्मु. सम्. के.वी. शर्मा, कृष्णदास अकादमी, वाराणसी, सन् १९८३।
९६. मत्स्यमहापुराण (मत्स्यपुराण), [प्र.सं., वेङ्कटेश्वर मुद्रणालय, मुम्बई, वि.सं.१९५२], पुनर्मु. सम्. पुष्पेन्द्र शर्मा, मेहरचन्द लछमनदास, नयाँ दिल्ली, सन् १९८४।

९७. मार्कण्डेयमहापुराण (मार्कण्डेयपुराण), [प्र.सं., वेङ्कटेश्वर मुद्रणालय, मुम्बई, सन् १९६७], पुनर्मु. सम्. राजेन्द्रनाथ शर्मा, (हिन्दी अनुवादसहित), नाग प्रकाशक, दिल्ली, (प्रकाशनमिति अनुल्लिखित)।

९८. विष्णुधर्मोत्तरपुराण (प्र.सं., वेङ्कटेश्वर मुद्रणालय, मुम्बई, वि.सं.१९६९), पुनर्मु. सम्. चारुदेव शास्त्री, नाग प्रकाशक, दिल्ली, सन् १९८५।

९९. शिवमहापुराण (शिवपुराण), [दुई भाग], (प्र.सं., वेङ्कटेश्वर मुद्रणालय, मुम्बई, वि.सं.१९६३), पुनर्मु. सम्. पुष्पेन्द्रकुमार, नाग प्रकाशक, दिल्ली, सन् १९८६।

१००. श्रीमद्भागवतपुराण, श्रीधरविरचित-टीकासहित, सम्. जगदीशलाल शास्त्री, मोतीलाल बनारसीदास, दिल्ली, सन् १९८३।

१०१. स्कन्दमहापुराण (स्कन्दपुराण), [आठ भाग], (प्र.सं., वेङ्कटेश्वर मुद्रणालय, मुम्बई, वि.सं.१९६५–१९६७), पुनर्मु. नाग प्रकाशक, दिल्ली, सन् १९८६–१९९०।

११. दण्डनीति (राजशास्त्र)

१०२. कौटलीयार्थशास्त्र, सम्. विद्वान् एन्.एस्. वेङ्कटनाथाचार्य, मैसुर विश्वविद्यालय, चतुर्थ संस्करण, सन् १९६०।

१०३. कौटलीय अर्थशास्त्र (तीन भाग), 'श्रीमूला'-व्याख्यासहित, व्याख्याकार त. गणपति शास्त्री (प्र.सं., सन् १९२४), पुनर्मु. भारतीय विद्या प्रकाशन, दिल्ली, सन् १९९०।

१०४. कौटल्यको अर्थशास्त्र (कौटलीय अर्थशास्त्र), संस्कृत-मूलसहित नेपाली-भाषानुवाद, सम्. सोमनाथ शर्मा, अनु. केशवराज अर्याल, नेराप्रप्र., संस्कृति विभाग, काठमाडौं, वि.सं.२०२४।

१०५. शुक्रनीति (नेपाली भाषामा अनुवादसहित), अनु. डमरुवल्लभ पौड्याल, नेराप्रप्र., संस्कृति विभाग, काठमाडौं, वि.सं.२०२९।

१२. धर्मशास्त्रनिबन्धग्रन्थ

१०६. दायभाग, जीमूतवाहन, श्रीकृष्णतर्कालङ्कारविरचित-व्याख्यासहित, सम्. तथा प्रका. जीवानन्द विद्यासागर भट्टाचार्य, कलिकाता (कोलकाता), द्वि.सं., सन् १८९३।

१०७. स्मृतिचन्द्रिका, (संस्कारकाण्ड तथा व्यवहारकाण्ड), देवण (देवण्ण) भट्ट, सम्. एल्. श्रीनिवासाचार्य, पुनर्मु. नाग प्रकाशक, दिल्ली, सन् १९८८।

१०८. विवादरत्नाकर, चण्डेश्वर ठक्कुर (ठाकुर), सम्. कमलकृष्ण स्मृतितीर्थ, एसियाटिक् सोसाइटी अव् बङ्गाल्, कलकत्ता, प्र.सं., सन् १८८५–१८८७, पुनर्मु. १९३१, पुनर्मु. कृष्णदास अकादमी, वाराणसी, सन् १९८९।

१०९. सरस्वतीविलास (व्यवहारकाण्ड), प्रतापरुद्रमहादेव, सम्. आर्. शाम शास्त्री, मैसुर विश्वविद्यालय, सन् १९२७।

११०. पराशरस्मृति (प[पा]राशरमाधवीय), [द्वितीय-तृतीय भाग], माधवाचार्य, सम्. चन्द्रकान्त तर्कालङ्कार, एसियाटिक् सोसाइटी, कलकत्ता, प्र.सं., सन् १८९९, पुनर्मु., सन् १९७३।

१११. दायतत्त्व (स्मृतितत्त्वको द्वितीय भाग), रघुनन्दन भट्टाचार्य, सम्. जीवानन्द विद्यासागर भट्टाचार्य, कलिकाता (कोलकाता), द्वि.सं., सन् १८९५।

११२. वीरमित्रोदय (परिभाषाप्रकाश तथा संस्कारप्रकाश), मित्र मिश्र, सम्. नित्यानन्द पर्वतीय, चौखम्बा संस्कृत बुक् डिपो, बनारस, सन् १९०६।

११३. वीरमित्रोदय (व्यवहारप्रकाश), मित्र मिश्र, सम्. विष्णुप्रसाद भण्डारी, चौखम्बा संस्कृत सिरिज अफिस, बनारस (Vol. vii, Fasciculus 6), सन् १९३२।

११४. भगवन्तभास्कर [प्रथम खण्ड], (व्यवहारमयूख), नीलकण्ठ भट्ट, सम्. महादेव शर्मा बाक्रे, व्यङ्कटेश शास्त्री लेले, पुनर्मु. चौखम्बा संस्कृत प्रतिष्ठान, दिल्ली, सन् १९८६।

११५. निर्णयसिन्धु, कमलाकर भट्ट, सम्. नारायण राम आचार्य, निर्णयसागर मुद्रणालय, मुम्बई, पञ्चम संस्करण, सन् १९४९।

११६. कन्योद्वाहसमयमीमांसा विधवोद्वाहतिमिरालोकश् च, पं. डिल्लीराज शर्मा, प्रका. अच्युतराज रेग्मी, काठमाडौँ, वि.सं.२०५२।

१३. काव्य, काव्यशास्त्र र नाटक

११७. कुमारसम्भवमहाकाव्य, महाकवि कालिदास, मल्लिनाथकृत-'सञ्जीवनी'-व्याख्या-सहित, सम्. वासुदेव शर्मा पणशीकर, निर्णयसागर प्रेस, मुम्बई, सन् १९१९।

११८. काव्यप्रकाश, मम्मट र अलक, 'हैमवती'-व्याख्यासहित, व्याख्याकार शिवराज आचार्य कौण्डिन्न्यायन, मोतीलाल बनारसीदास, वाराणसी, सन् १९८०।

११९. काव्यमीमांसा, राजशेखर, (संस्कृत-हिन्दी-व्याख्यासहित), व्याख्याकार मधुसूदन मिश्र, चौखम्बा संस्कृत सिरिज अफिस, वाराणसी, द्वि.सं., सन् १९५९।

१२०. सङ्गीतरत्नाकर, शार्ङ्गधरविरचित, (कल्लिनाथकृत-टीकासहित), [प्रथम भाग], आनन्दाश्रम, पुना, नवीन संस्करण, सन् १९८५।

१२१. मालतीमाधव, भवभूति, 'चन्द्रकला'-संस्कृत-हिन्दी-टीकासहित, टीकाकार शेषराज शर्मा (रेग्मी), चौखम्बा संस्कृत सिरिज अफिस, वाराणसी, सन् १९७१।

१४. कानुन

१२२. श्री ५ सुरेन्द्रविक्रम शाहदेवका शासनकालमा बनेको मुलुकी ऐन, श्री ५ को सरकार, कानून तथा न्याय मन्त्रालय, वि.सं.२०२२।

१२३. ऐन (१–५ भाग), [श्री ३ जुद्धशमशेरको पालामा बनेको ऐन], गोरखापत्र छापाखाना, वि.सं.१९९२।

१२४. मुलुकी ऐन (२०२५ सालको खारेजी तथा संशोधनसमेत मिलाइएको रूपमा), साझा प्रकाशन, वि.सं.२०२७।

१२५. मुलुकी ऐन (दशौं संशोधनसहित), श्री ५ को सरकार, कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय, कानून किताब व्यवस्था समिति, २०५२ आषाढ।

१२६. **मुलुकी ऐन** (२०५९) [एघारौं संशोधनसहित], (पूर्ववत्) २०६१ साल, आश्विन।

१२७. **लैङ्गिक समानता कायम गर्न केही नेपाल ऐन संशोधन गर्ने (गर्न बनेको) ऐन**, २०६३, खण्ड ५६, अतिरिक्ताङ्क ४० क, नेपाल राजपत्र भाग २, मिति २०६३।७।१७।

१२८. **नेपालको अन्तरिम संविधान**, २०६३, गोरखापत्र २०६३ पुस २ गते, आइतवार।

१२९. **हिन्दू विधि** (हिन्दुओं के जातीय कानूनों का संग्रह अथवा हिन्दू लॉ), पं. गिरिजाशङ्कर मिश्र, हिन्दी समिति, सूचना विभाग, उत्तर प्रदेश, लखनऊ, सन् १९७०।

१३०. **हिन्दू विधिशास्त्र र नेपालको कानूनी व्यवस्था**, ज्ञाइन्द्रबहादुर श्रेष्ठ, पैरवी प्रकाशन, काठमाडौं, तेस्रो संस्करण, वि.सं.२०५६।

१३१. **पारिवारिक कानून**, ज्ञाइन्द्रबहादुर श्रेष्ठ, पैरवी प्रकाशन, काठमाडौं, तृ.सं.२०४९।

१३२. **नेपालको वैधानिक परम्परा**, जगदीशचन्द्र रेग्मी, पा.वि.के. त्रि.वि.वि., २०३६।

१३३. **नेपालको कानूनी इतिहासको रूपरेखा**, रेवतीरमण खनाल, प्रका. सरस्वती खनाल, वि.सं.२०५९।

१३४. **संवैधानिक विवादमा सर्वोच्च अदालतका फैसला** (२०४७–२०५७, भाग–१; २०६०, भाग–२) सम्. नरेन्द्रप्रसाद पाठक र नरेन्द्रप्रकाश खनाल, पैरवी बुक्स एन्ड स्टेसनरी सेन्टर, पुतलीसडक, २०५८, २०६०।

१३५. **महिलाको लागि भएका विशेष कानूनी व्यवस्थाहरू**, प्रकाशन नं.६९, महिला, कानून र विकास मञ्च [FWLD], काठमाडौं, २०६० भाद्र।

१३६. **संवैधानिक हिन्दुराज्यको चरित्र र आवश्यकता के कस्तो?**, शिवराज आचार्य कौण्डिन्न्यायन, स्वाद्ध्यायशाला, लाजिम्पाट, काठमाडौं, वि.सं.२०४७।

१५. इतिहास

१३७. **वैदिक वाङ्मय का इतिहास** (प्रथम भाग), वेदों की शाखाएं, पण्डित भगवद्दत्त, रामलाल कपूर ट्रस्ट, अमृतसर (प्र.सं., वि.सं.१९९१), द्वि.सं., वि.सं.२०१३।

१३८. **धर्मशास्त्र का इतिहास** (पाँच भाग), पाण्डुरङ्ग वामन काणे, अनु. अर्जुन चौबे काश्यप, हिन्दी समिति, (सूचना विभाग), उत्तर प्रदेश (शासन), लखनऊ, सन् १६०० (१९६०?) [द्वि.सं.]; प्र.सं.– सन् १९६५, १९६६, १९७३, १९७३।

१३९. **नेपालको प्राचीन अभिलेख**, सम्. हरिराम जोशी, नेराप्रप्र., वि.सं.२०३०।

१४०. **श्री ५ बडामहाराज पृथ्वीनारायण शाहको जीवनी**, सम्. बुद्धिसागर पराजुली, वीरपुस्तकालय, वि.सं.२०२०।

१४१. **श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाह** (संक्षिप्त जीवनी), भाग १, बाबुराम आचार्य, राजदरबार, वि.सं.२०२४।

१४२. **दिव्य उपदेश = पृथ्वीको अर्ति**, सम्. योगी नरहरि नाथ, योगप्रचारिणी महासभा, गोरक्षटिल्ला, मन्दाकिनी, वाराणसी, वि.सं.२०१६।

१४३. **नेपालको सांस्कृतिक परम्परा**, बाबुराम आचार्य, सम्. तथा प्रका. श्रीकृष्ण आचार्य, वि.सं.२०५४।

१४४. **नेपाल निरुक्त,** ज्ञानमणि नेपाल, नेराप्रप्र., काठमाडौँ, वि.सं.२०४०।

१४५. **इतिहासप्रकाशमा सन्धिपत्रसंग्रह,** भाग १, सम्. योगी नरहरि नाथ, (वाराणसी), वि.सं.२०२२।

१४६. **कतिपय-नैपालसंस्कृतग्रन्थकार-परिचय,** आमोदवर्धन कौण्डिन्न्यायन र अन्य, स्वाद्ध्यायशाला लाजिम्पाट, काठमाडौँ, वि.सं.२०४८।

१४७. **भारतवर्ष का नवीन इतिहास,** ईश्वरीप्रसाद, इण्डियन प्रेस लि., प्रयाग, सन् १९५५।

१४८. **हिंदू सभ्यता,** ('हिन्दू सिविलाइजेशन्'को) अनूदित संस्करण, अनुवादक वासुदेवशरण अग्रवाल, राजकमल प्रकाशन, नयाँ दिल्ली, सप्तम सं., पुनर्मु. सन् १९९४।

१४९. **Medieval Nepal,** Part 1, by D.R. Regmi, Firma K.L. Mukhopadhyay, Calcutta, 1st Edition 1965.

१६. शिक्षणशास्त्र

१५०. **शिक्षा-दर्शन,** पं. सीताराम चतुर्वेदी, हिन्दी समिति, सूचना विभाग, उत्तर प्रदेश, लखनऊ, सन् १९७०।

१५१. **धर्मकुमारी शिक्षा,** नायबसुब्बा कृष्णलाल उपाध्याय अधिकारी (ऐतिहासिक मकैपर्वका नायक), सम्. गणेश भण्डारी, प्रका. नवराज सुवेदी, काठमाडौँ, वि.सं.२०४५। ।

१५२. **वधूशिक्षा,** आदिकवि भानुभक्त आचार्य (आदिकवि भानुभक्त आचार्यको सच्चा जीवनचरित्र, पं. कविराज नरनाथ आचार्य, द्वि.सं., वि.सं.२०३६, पृ.९३–१०१)।

१५३. **नेपालमा शिक्षा** (नेपाली संस्करण), **Education in Nepal** (अङ्ग्रेजी संस्करण), सम्. रुद्रराज पाण्डे र अन्य, शिक्षा विभाग, कलेज् अव् एजुकेशन्, काठमाडौँ, सन् १९५६।

१७. धर्म, संस्कृति र विविध

१५४. **वैदिक धर्म मूल रूपमा,** शिवराज आचार्य कौण्डिन्न्यायन, स्वाध्यायशाला, लाजिम्पाट, काठमाडौँ, प्र.सं., वि.सं.२०४५; परिष्कृत तथा परिवर्धित द्वि.सं.२०६२।

१५५. **सन्ध्योपासनपद्धति** (विस्तृत नेपाली भूमिकासहित), सम्. शिवराज आचार्य कौण्डिन्न्यायन, (पूर्ववत्), वि.सं.२०५६।

१५६. **ब्रह्मयज्ञपद्धति** (विस्तृत नेपाली भूमिकासहित), सम्. शिवराज आचार्य कौण्डिन्न्यायन, (पूर्ववत्), वि.सं.२०५९।

१५७. **वैदिकमन्त्रसङ्ग्रह,** सम्. शिवराज आचार्य कौण्डिन्न्यायन, (पूर्ववत्), वि.सं.२०५२।

१५८. **नेपालको सामाजिक इतिहास र धार्मिक मतहरू,** प्रेम खत्री, एम.के.पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स, भोटाहिटी, काठमाडौँ, दोस्रो संस्करण, वि.सं.२०४९।

१५९. हिन्दू सामाजिक संगठनको प्रारूप, वासु बराल, साझा प्रकाशन, परिमार्जित दोस्रो संस्करण, वि.सं.२०५०।

१६०. वेदपुराणका केही रत्नहरू, वीणा पौड्याल, साझा प्रकाशन, वि.सं.२०६२।

१६१. वेदमा के छ?, प्रपन्नाचार्य, साझा प्रकाशन, छैटौं संस्करण, वि.सं.२०६०।

१६२. अग्निचयन, विश्वम्भरनाथ त्रिपाठी, सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय, वाराणसी, सन् १९९०।

१६३. वैदिक विश्वदर्शन (भाग ३), हरिशङ्कर जोशी, काशी हिन्दू विश्वविद्यालय, वाराणसी, सन् १९७०।

१६४. वैदिकयज्ञा औपनिषदमात्मज्ञानञ्च, शिवराज आचार्य कौण्डिन्न्यायन, विद्यावारिधि (पीएच्.डी.) उपाधिका निम्ति स्वीकृत अमुद्रित शोधप्रबन्ध, सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय, वाराणसी, सन् १९८६।

१६५. क्या करें क्या न करें (आचार-संहिता) राजेन्द्रकुमार धवन, गीता प्रेस, गोरखपुर, तेह्रौं संस्करण, वि.सं.२०६१।

१६६. क्यों? (धर्म दिग्दर्शन पूर्वार्ध), माधवाचार्य शास्त्री, माधव विद्या भवन, दिल्ली, सप्तम संस्करण, सन् १९९१।

१६७. आदिकवि भानुभक्त आचार्यको सच्चा जीवनचरित्र, पण्डित कविराज नरनाथ आचार्य, (प्र.सं.२०१७), द्वि.सं. (परिष्कृत र परिवर्धित), सम्. शिवराज आचार्य र अन्य, प्रका. लेखक स्वयम्, चुंदी-तामाकोट-बिसी, तनहुँ, वि.सं.२०३६।

१६८. वधूरक्षा, हरिश्चन्द्रकथा र सुभाषितसङ्ग्रह, पण्डित कविराज नरनाथ आचार्य, (प्रका. पूर्ववत्), वि.सं.२०१६।

१६९. माधवी, मदनमणि दीक्षित, साझा प्रकाशन, द्वि.सं., वि.सं.२०४८।

१७०. चरणव्यूहसूत्र (शौनकविरचित), महिदासकृत-भाष्यसहित, सम्. अनन्तराम शास्त्री, चौखम्बा संस्कृत सिरिज अफिस, बनारस, सन् १९३८।

१७१. प्रपञ्चहृदय (अज्ञातकर्तृक), [सम्. त. गणपति शास्त्री, प्र.सं., अनन्तशयन, सन् १९१५], पुनर्मु. सोनीपत, हरयाणा, प्रका. युधिष्ठिर मीमांसक, सन् १९८७।

१७२. सुभाषितरत्नभाण्डागार (सूक्तिसङ्ग्रह), सङ्ग्रहकर्ता काशिनाथ शर्मा, निर्णयसागर प्रेस, मुम्बई, सप्तम संस्करण, सन् १९३५।

१७३. शार्ङ्गधरपद्धति (संस्कृतसुभाषितसङ्ग्रह), सङ्कलक शार्ङ्गधर, सम्. पीटर पीटर्सन, पुनर्मु.सं., चौखम्बा संस्कृत प्रतिष्ठान, दिल्ली, सन् १९८७।

१७४. **Religion and Rights of Children and Women in South Asia,** by Mabelle Arole, UNICEF, Regional Office for South Asia, Kathmandu, 1998.

१७५. **Studies in the Geography of Ancient and Medieval India,** by D.C. Sircar, Motilal Banarsidass, Delhi, 1971.

१८. शब्दकोश

१७६. **अमरकोष**, अमर सिंह, सम्. शक्तिधर शास्त्री शुक्ल, लखनऊ, प्र.सं., सन् १९१९।

१७७. **वैदिकपदानुक्रमकोष** (सोह्र भाग), सम्. विश्वबन्धु र अन्य, विश्वेश्वरानन्द वैदिक शोध संस्थान, साधु आश्रम, होशियारपुर; प्र.सं., (लाहोर), सन् १९३५देखि (होशियारपुर), सन् १९६५सम्म; द्वि.सं., होशियारपुर, सन् १९७३, १९७६, १९७७, ..।

१७८. **वाचस्पत्य** (बृहत् संस्कृताभिधान), [छ भाग], तारानाथ तर्कवाचस्पति भट्टाचार्य, पुनर्मु. चौखम्बा संस्कृत सिरिज अफिस, वाराणसी, सन् १९६२–१९७०।

१७९. **संस्कृत-हिन्दी कोश**, वामन शिवराम आप्टे, मोतीलाल बनारसीदास, दिल्ली, द्वि.सं., पुनर्मु. सन् १९८७।

१८०. **धर्मकोश**, व्यवहारकाण्ड (Vol. I, Part II&III), उत्तरार्ध, विवादपद (Titles of Law), सम्. लक्ष्मण शास्त्री जोशी, प्रज्ञा-पाठशाला-मण्डल, वाइ, सतरा, सन् १९३८, १९४१।

१८१. **हिन्दू धर्मकोश**, राजबली पाण्डेय, उत्तर प्रदेश हिन्दी संस्थान, लखनऊ, द्वि.सं., सन् १९८८।

१८२. **नेपाली शब्द-कोश**, सम्. बालचन्द्र शर्मा, रायल नेपाल एकेडेमी, काठमाडौं, वि.सं.२०१९।

१८३. **नेपाली बृहत् शब्दकोश**, सम्. बालकृष्ण पोखरेल र अन्य, नेराप्रप्र., काठमाडौं, वि.सं. २०४०, पुनर्मु. २०५०, २०५२, २०५५, २०५८।

१८४. **नेपाली शब्दसागर**, वसन्तकुमार शर्म्मा, काठमाडौं, वि.सं.२०५७।

१८५. **नेपाली शब्द परिचय**, महानन्द सापकोटा, विराटनगर, वि.सं.२०३४।

१८६. **कानूनी शब्दकोष**, टोपबहादुर सिंह, पाठ्यक्रम विकास केन्द्र, त्रि.वि.वि., कीर्तिपुर, द्वि.सं.२०४५।

१८७. **भार्गव आदर्श हिन्दी शब्दकोश**, सम्. पण्डित रामचन्द्र पाठक, वाराणसी, षष्ठ संस्करण, सन् १९६४।

१८८. **उर्दू-हिन्दी शब्दकोश**, सङ्कलनकर्ता मुहम्मद मुस्तफा खाँ 'मद्दाह', प्रकाशन शाखा, सूचना विभाग, उत्तर प्रदेश, सन् १९५९।

१८९. **The Student's Sanskrit-English Dictionary,** by Vaman Shivram Apte, Motilal Banarsidass, Delhi, 1968.

१९०. **Chambers's Twentieth Century Dictionary,** ed. by William Geddie, First Indian Edition, 1964.

१९१. **Webster's Encyclopedic Unabridged Dictionary of the English Language,** New Revised Edition, USA, 1996.

१९२. **Encyclopaedia Britannica,** Deluxe Edition, 2003, CD-ROM.

१९. पत्रपत्रिका

१९३. द्विजातिकन्योपनयनविचार, शिवराज आचार्य कौण्डिन्न्यायन, सारस्वती सुषमा (अनुसन्धान-पत्रिका), सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय, वाराणसी, वि.सं.२०४७, मार्गशीर्ष-फाल्गुनपूर्णिमा, वर्ष ४५, अङ्क ३–४।

१९४. वेदाध्ययनार्थक उपसदन(उपनयन)मा द्विजातिस्त्रीको अधिकारको विवेचना प्रियवँवदाम्बा कौण्डिन्न्यायनी, दीपशिखा, स्वतन्त्र विद्यार्थी युनियन, पद्मकन्या बहुमुखी क्याम्पस, बागबजार, काठमाडौं, पूर्णाङ्क ३, २०५१।

१९५. नारीका विषयमा वैदिक शास्त्रीय वस्तुस्थिति (मोदनाथ प्रश्रितजीका लेखको पर्यालोचन), आमोदवर्धन कौण्डिन्न्यायन, उन्नयन त्रैमासिक, काठमाडौं, अङ्क ५५, २०६२।

१९६. हाम्रो धर्मशास्त्र र छोरीलाई अंशधन, सुमोदवर्धन कौण्डिन्न्यायन, लोकपत्र राष्ट्रिय दैनिक, २०५३ भदौ १२।

१९७. महिला अंशसम्बन्धी संक्षिप्त चर्चा, मुकुन्द रेग्मी, आजको (नेपाल) समाचारपत्र, २०५३ असोज १४।

१९८. ऋग्वेदमा नारी जातिकै निन्दा गरिएको छ त?, शिवराज आचार्य कौण्डिन्न्यायन, गोरखापत्र, २०४७ चैत ९ (शनिवासरीय)।

१९९. वेदादिशास्त्रमा स्त्रीको पुनर्विवाहको व्यवस्था, सुमोदवर्धन कौण्डिन्न्यायन, गोरखापत्र, २०५४ फागुन ९ (शनिवासरीय)।

२००. वेषभूषाको शास्त्रीय मर्यादा, आमोदवर्धन कौण्डिन्न्यायन, गोरखापत्र, २०६० असोज २५।

२०१. शास्त्रमा स्त्री-शूद्रशिक्षा र धर्ममा शूद्रको अधिकार, आमोदवर्धन कौण्डिन्न्यायन, गोरखापत्र, २०६० माघ ३।

२०२. वैदिक-सनातन-वर्णाश्रम-धर्ममा सन्न्यासीको धर्म र वेदादिशास्त्रको प्रामाण्य, सुमोदवर्धन कौण्डिन्न्यायन, उन्नयन त्रैमासिक, काठमाडौं, अङ्क ३३, २०५६।

२०३. वैदिकसनातनवर्णाश्रमधर्मे सन्न्यासिधर्मो वेदादिशास्त्रप्रामाण्यं च (नेपालीमा अनुवाद पनि), सुमोदवर्धन कौण्डिन्न्यायन, देववाणी, काठमाडौं, संयुक्ताङ्क ५–६, २०६०।

२०४. वेदाध्ययनविधि, आमोदवर्धन कौण्डिन्न्यायन, मर्यादा पत्रिका, २०५३, वाल्मीकि विद्यापीठ, प्रदर्शनीमार्ग, काठमाडौं।


२०५. ब्राह्मण : वस्तुस्थिति र भ्रम, आमोदवर्धन कौण्डिन्न्यायन, स्पेसटाइम दैनिक, २०५७ कार्तिक ३०।

२०६. **Innerview of Sapana Pradhan Malla, VOW** (Voice of Women), April 2006।

अनुक्रमणिका

(ग्रन्थनाम, व्यक्तिनाम र विषयहरू)

(कोष्ठभन्दा बाहिरका अङ्कले पृष्ठसङ्ख्या र कोष्ठभित्रका अङ्कले टिप्पणीसङ्ख्या जनाउँदछन्।)



आमोदवर्धन कौण्डिन्न्यायन (आमोद आचार्य)

जन्ममिति	:	२०२४ साल, कात्तिक २७ गते ।
जन्मस्थान	:	चुँदी तामाकोट, भानु गा.वि.स.– ३, तनहुँ ।
शिक्षा	:	आचार्य (स्नातकोत्तर), विशिष्ट श्रेणीमा सर्वप्रथम, म. सं. वि. वि., वि. सं. २०४९, विद्यावारिधि (पीएच्. डी.) उपाधिका निम्ति हाल अनुसन्धानकार्यमा संलग्न ।
संयुक्त लेखन	:	**कतिपय-नैपालसंस्कृतग्रन्थकार-परिचयः** (स्वाद्ध्यायशाला, २०४८), **अस्माकं संस्कृत-व्याकरणम्**, कक्षा ७ र ८ का निम्ति (पाठ्यक्रम विकास केन्द्र, सानो ठिमी, २०५३, २०५४) ।
संयुक्त सम्पादन	:	**वैदिक धर्म मूल रूपमा** (सरलीकृत, परिष्कृत र परिवर्धित नवीन कलेवरमा वैदिक धर्मको सङ्क्षिप्त, सर्वाङ्गीण र प्रामाणिक परिचय), स्वाद्ध्यायशाला, २०६२, **वेदाङ्गज्योतिषम्** (संस्कृत तथा हिन्दी व्याख्यासहित), वाराणसी, सन् २००५, **नारदीयशिक्षा** (संस्कृत तथा हिन्दी व्याख्यासहित), वाराणसी, सन् २००२, **वैदिक-मन्त्र-सङ्ग्रहः**, स्वाद्ध्यायशाला, लाजिम्पाट, २०५२, इत्यादि ।
पदक-पुरस्कार	:	स्नातक र स्नातकोत्तर तहका परीक्षाहरूमा विश्वविद्यालय-प्रथम भएर उपकुलपतिपदक, कुलपतिपदक इत्यादि अनेक स्वर्णपदक प्राप्त ।
संलग्नता	:	वैदिक धर्म, संस्कृति, शिक्षा इत्यादिका विषयमा गम्भीर रूपमा अध्ययन, अनुसन्धान, लेखन, प्रकाशन र प्रचारणमा संलग्न स्वाद्ध्यायशालाकुटुम्बसित आवद्ध ।
पेसा	:	अध्यापन, वाल्मीकि विद्यापीठ, नेपाल संस्कृत विश्वविद्यालय ।
सम्पर्क	:	स्वाद्ध्यायशाला, शिवभक्तमार्ग, १६८, लाजिम्पाट, काठमाडौं, फोन : ४४३३३२७, इमेल : svadhyaya@hotmail.com

9 789993 325444

मुद्रक : साझा प्रकाशनको छापाखाना, पुलचोक, ललितपुर, फोन : ५५२१०२३, फ्याक्सः ५५४४२३६